अर्थनीति

सेजन स्मारिका २०७८

दोस्रो चरणको आर्थिक सुधार

CG
WAI WAI
DYNAMITE
दम छ
Extra Spicy
CG
WAI WAI
DYNAMITE
XTRA SPICY CHICKEN
Instant Noodles
with Vegetables
Dehydrated Vegetables

HBL

मुद्दती खाता
१०.०५% वार्षिक

बचतको सुरक्षा, आम्दानीको सुनिश्चितता

उच्च प्रतिफल सहित हिमालयन बैंकको 'मुद्दती खाता'

न्यूनतम मौज्दात रु. १०,००० मा ३ महिना वा बढिको मुद्दती खातामा १०.०५% ब्याज पाइने। अनि आवश्यक परेमा मुद्दती मौज्दातको ९०% सम्म कर्जा पनि पाइने।

*शर्तहरु लागु हुनेछन्।

विस्तृत जानकारीको लागि नजिकको शाखा वा फोन नं ४२२७७४९/४२४६२१८ मा सम्पर्क गर्नुहोस्।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

himal@himalayanbank.com | www.himalayanbank.com

QR SCAN FOR MORE DETAILS.

himalayanbankltd @himalayanbanknp Himalayan Bank Ltd. Himalayan Bank (Viber)



GOLCHHA GROUP

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 5330001/5368088
url: www.golchhagroup.com.np
/PulsarNepal /PulsarNepal

FOR MORE INFORMATION ABOUT YOUR NEAREST DEALER PLEASE CONTACT
Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

एनएमबि इनभेष्टर सेभिङस्

लगानिकर्ताहरुका लागि

एउटा यस्तो बचत खाता जसले दिन्छ सहज लगानीको अवसरसँगै बैकिङको सम्पूर्ण सुविधा र

पाउनुहोस् रु. २५,०००/- सम्मको फाईदा

* सर्तहरु लाग्नु हुनेछन् ।

- एनएमबि क्यापिटल पोर्टफोलियो म्यानेजमेन्ट सेवा
- कर्जा प्रशासनिक शुल्कमा ०.२५% छुट

निःशुल्क सेवाहरू

- Demat खाता तथा Mero Share खाता (५ वर्षका लागि)
- ASBA
- मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, डेबिट कार्ड र क्रेडिट कार्ड (पहिलो वर्ष वा ५ वर्षको जारी शुल्क भुक्तानीमा ५०% छुट)
- अन्तर-बैंकिङ रकम ट्रान्सफर (NMB Omni Channel मार्फत)
- Connect IPS रकम ट्रान्सफर (Outward शुल्क मात्र)

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of Global Alliance for Banking on Values

The Banker Bank of the Year 2017 NEPAL | The Banker Bank of the Year 2018 NEPAL | The Banker Bank of the Year 2020 NEPAL

अर्थनीति

नेपाल आर्थिक पत्रकार समाज
(सेजन) द्वारा
२५औं वार्षिकोत्सवका अवसरमा
प्रकाशित

सम्पादन/व्यवस्थापन
भीमप्रसाद गौतम
आनन्द श्रेष्ठ
गोकुल अर्याल
राजन पौडेल
सुन्दर दाहाल
भानु भट्टराई (कभर)
द्वारिका काफ्ले (तस्बिर)
विश्वराज सापकोटा (लेआउट)

सचिवालय
नेपाल आर्थिक पत्रकार समाज
(सेजन)
अनामनगर, काठमाण्डौ
फोन नं. : ०१-४१०२९७४
इमेल : nepal.sejon@gmail.com
sejon@sejonnepal.org
www.sejonnepal.org
प्रकाशित प्रतिः १०,०००

प्रिन्टिङ
क्रियटिभ आईडियाज
बागबजार,काठमाडौं
९८५१२१९२२८

सम्पादकीय

यसकारण दोस्रो चरणको सुधार

बहुदलीय प्रजातन्त्र स्थापनापछि नेपालले उदारीकरणको नीति अवलम्बन गऱ्यो । पञ्चायतकालीन लाइसेन्स राजबाट मुलुक खुला बजार अर्थतन्त्रमा प्रवेश गऱ्यो । प्रजातन्त्र प्राप्तिको छोटो समयमै मुलुकमा तीव्र रूपमा कानूनी परिर्वतनहरु भए, निजी क्षेत्र तथा लगानीमैत्री कानूनहरु निर्माण गरिए, जसको फलस्वरूप अर्थतन्त्रका धेरै क्षेत्रमा निजी क्षेत्रको प्रवेश भयो । सन् १९९० को दशकबाट शुरू गरिएको आर्थिक सुधारले मुलुकको अर्थतन्त्रलाई अघि बढाउन निकै महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । पहिलो चरणको सुधारकै परिणामस्वरूप सन् १९९४ मा नेपालको आर्थिक वृद्धि ८ प्रतिशतभन्दा माथि पुगेको थियो । पहिलो चरणको सुधार भएको तीन दशक बितिसकेको छ । त्यसो हुँदा मुलुकमा दोस्रो चरणको आर्थिक सुधार आवश्यक छ भनी नीति निर्माताहरू एवम निजी क्षेत्रले आवाज उठाउन थालेको पनि लामो समय भइसक्यो । त्यति हुँदाहुँदै पनि पछिल्लो समय मुलुकमा बनेका कानुनहरू सुधारमुखी देखिँदैनन् ।

तर, यसबीचमा भएका राजनीतिक उथलपुथल, द्वन्द्व एवम् लामो समयको संक्रमणका कारण आर्थिक सुधारको गति रोकियो । त्यसले मुलुकको आर्थिक विस्तारको गति पनि कमजोर भएको छ । अहिले पनि मुलुकको कुल गार्हस्थ उत्पादन (जीडीपी) को आकार ४२ खर्बभन्दा कम छ, प्रतिव्यक्ति आय १२ सय अमेरिकी डलरभन्दा कम छ । यसबीच कुनै पनि वर्षमा आर्थिक वृद्धिदर दोहोरो अंकमा पुगेको छैन । रोजगारी सिर्जनाको अवस्था पनि कमजोर छ । अझै पनि बजारमा दक्ष जनशक्ति अभाव हुने र पढेलेखेका जनशक्ति बेरोजगार हुने अवस्था छ । रोजगारीका लागि बिदेसिनेको ग्राफ बढ्दो छ । यसरी पहिलो चरणको सुधारले धेरै उपलब्धि हासिल गर्दागर्दै पनि विशेषगरी छिमेकी मुलुक र अन्य देशहरूले विकासमा मारेको फड्कोको तुलनामा नेपाल पछि नै पऱ्यो । पहिलो चरणको सुधार सुरू गरेको एक दशकपछि नै दोस्रो चरणको सुधारको बहस सुरू भएको हो । तर, बहस सुरू भएकै समय नेपालमा द्वन्द्व थियो । एक दशकसम्म कायम रहेको द्वन्द्वका कारण सुधारको कुरा छायामा पऱ्यो । द्वन्द्वपछि नेपाल संघीयताको नयाँ संरचनामा गयो तर यसले अझै पूर्ण आकार लिइसकेको छैन । यही बीचमा विनाशकारी भूकम्प गयो भने पछिल्लो समय नेपालसहित विश्व कोभिडको संक्रमणमा पऱ्यो ।

यही बीचमा नेपाललाई अल्पविकसित मुलुकबाट विकासशीलमा स्तरोन्नति गर्ने निर्णय संयुक्त राष्ट्रसंघले गरेको छ । तर, कोभिड-१९ पछिको आर्थिक पुनरूत्थान कसरी अघि बढ्छ, त्यसले मुलुकको विकासशील यात्रा तय गर्ने छ । विकासशीलमा स्तरोन्नति हुँदै गर्दा मुलुक भित्रने अनुदानको मात्रा कम हुने, विश्वबजारमा सहुलियतपूर्ण बजार पहुँच गुम्न सक्ने कारणले विकासको गति सही भएन भने मुलुकको अर्थतन्त्र जोखिमपूर्ण बाटोमा पनि जानसक्छ । त्यो जोखिम कम गर्न पनि थप आर्थिक सुधार जरूरी छ ।

रोजगारी वा अध्ययनको सिलसिलामा नेपालीले विश्वलाई देखेर र भोगेर आएका छन् । अझ अहिले त सेकेन्डभरमै विश्वभर भएका घटना र प्रगति जोकोहीले पनि हेर्न सक्छन् । यसकारण नेपालको विकासले ठूलो परिवर्तन ल्याउन नसकेकामा उनीहरूको गुनासो र आक्रोश दुवै छ । अर्कोतर्फ पछिल्ला राजनीति घटनाक्रम र बारम्बार हुने नीतिगत अस्थिरताका कारण उद्योग व्यवसायदेखि अन्य पूर्वाधार परियोजनामा लगानी गरिरहेको निजी क्षेत्र पनि सन्तुष्ट हुन सकेको छैन । अहिले पनि कुन क्षेत्रमा राज्य बलियो र कुन क्षेत्रमा निजी क्षेत्र बलियो भन्ने स्पष्टता छैन । सरकारी निकाय सकेसम्म बढी नियन्त्रण गर्न खोज्ने र निजी क्षेत्र पनि बढी नै प्रतिफलमुखी हुने प्रवृत्ति देखिएको छ । उचित मुनाफासहितको व्यवसाय, नियमनकारी र सहजकर्ता सरकार तथा न्यायोचित मूल्यसहितको उपभोक्ता अधिकार संरक्षण हुने खालको नीतिगत सुधार आजको आवश्यकता हो । यसका लागि विद्यमान धेरै नीति, कानुन र नियमावलीमा सुधार गर्नुपर्ने आवश्यकता छ । नीतिगत रूपमै बदलाव ल्याउने योजना आवश्यक छ । अहिले पनि नेपालमा रेल, ठूला सडक, गुणस्तरीय खानेपानी, जलाशययुक्त आयोजना, व्यवस्थित सहरीकरणलगायतमा अझै थुप्रै काम गर्नुपर्नेछ । बढ्दो आयातले उद्योग व्यवसायमा समेत ठूलो अवसर छ भन्ने देखाएको छ । अर्थात् ठूलो सम्भावना भएर पनि देश पछाडि परेको छ । हामीले छोटो समयमा ठूलो प्रगति गर्नुपर्ने अवस्था छ । यसकारण पनि दोस्रो चरणको सुधार कार्यक्रम तुरून्तै अघि बढाउनुपर्छ ।

Lifebuoy

UNILEVER NEPAL LIMITED

Fight the virus* with Lifebuoy Virus Fighter

*washing your hands with soap and water is one of the suggested methods for preventing the spread of the infectious virus. ^Kindly follow the instruction given by health officials.

दोस्रो चरणको आर्थिक सुधार आवश्यक छ

– शेरबहादुर देउवा, प्रधानमन्त्री

राजनीतिक रूपमा बहुदलीय प्रजातन्त्रको स्थापनापछि मुलुकमा आर्थिक क्षेत्रमा खुला बजार नीतिको शुरूआत गरियो । अर्थतन्त्रका धेरै क्षेत्रमा सरकारी एकाधिकारको अन्त्य गरी निजी क्षेत्रलाई खुला गरियो, विदेशी लगानी भित्र्याउन पनि सहज कानूनी व्यवस्था भयो । त्यसले लगानीकर्ताको मनोबल बढायो र मुलुकमा आर्थिक गतिविधिहरू बढ्दै गए । मुलुकमा आर्थिक सुधार गरिएका केही वर्षसम्म उत्साहपूर्ण रूपमा निजी लगानी वृद्धि भएको थियो । उद्योग, बैंक तथा वित्तीय संस्थाहरू, वायुसेवा कम्पनी, जलविद्युत्मात्रै होइन, स्कुल, कलेज, विश्वविद्यालय र अस्पतालहरूमा समेत निजी क्षेत्रले उदाहरणीय काम गरेको छ । त्यस्तै, सडक, विद्युत्, खानेपानीलगायत पूर्वाधार विकास पनि उल्लेखनीय रूपमा भयो ।

अर्थतन्त्रको विकास हुँदै जाँदा मुलुकमा यस क्षेत्रमा कलम चलाउने पत्रकारहरू संख्यात्मक र गुणात्मक दुवै हिसाबले बढ्दै गयो । यस परिप्रेक्ष्यमा नेपाल आर्थिक पत्रकार समाज २०५४ सालमा स्थापना भई यस संस्थाले स्थापनाको २५ औं वार्षिकोत्सव मनाउँदै छ । मुलुकको आर्थिक विकासको प्रवर्द्धन गर्न तथा व्यवसायको सहज वातावरण बनाउन विषयगत सीप र दक्षता भएका व्यावसायिक आर्थिक पत्रकारहरूको निकै महत्वपूर्ण योगदान रहेको छ । सरकार तथा निजी क्षेत्रले गरेका कमीकमजोरीलाई उजागर गर्ने तथा राम्रा कामलाई जनसमक्ष ल्याउने काम आर्थिक पत्रकारहरूले गरिरहेका छन् । छाता संस्थाका रूपमा सेजनले आर्थिक पत्रकारहरूको क्षमता विकास एवम् आर्थिक पत्रकारिताको उन्नयनमा गरेको योगदानको नेपाल सरकारले उच्च मूल्यांकन गरेको छ ।

नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने निर्णय हालै संयुक्त राष्ट्रसंघको महासभाले गरिसकेको छ । लामो समयदेखि गरिब मुलुक बनेर बस्नुपर्दाको लघुताभासबाट मुक्ति पाउन पक्कै पनि स्तरोन्नतिको निर्णय महत्वपूर्ण हो । तर, यो एक कक्षाबाट अर्को कक्षामा उक्लेजस्तै हो, पहिलो सिँढीबाट दोस्रो सिँढी चढेजस्तै हो । आर्थिक विकासको हाम्रो लक्ष्य प्राप्त गर्न अझै धेरै कक्षा पास गर्नुपर्नेछ, अरू धेरै सिँढी उक्लनुपर्ने छ । आगामी पाँच वर्ष हामीले विकासशीलमा जाँदा तयारीको अवधि पाएका छौं । यसलाई अधिक प्रयोग गरी आगामी १० वर्षभित्र मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने १५ औं योजनाको दीर्घकालीन लक्ष्य पूर्तिमा केन्द्रित हुनुपर्ने छ । त्यस्तै विसं २१०० भित्र नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन सोच पनि मुलुकले बनाएको छ । आज नेपाली नागरिकको प्रतिव्यक्ति आय १२ सय अमेरिकी डलरमात्रै छ, त्यसलाई कैयौं गुणा बढाउनुपर्ने हुन्छ । त्यसका लागि अर्थतन्त्रको गुणात्मक वृद्धि आवश्यक हुन्छ । त्यसमा सरकारको एकल प्रयासले मात्रै सम्भव हुँदैन । निजी क्षेत्र र अन्य सबै सरोकारवालाको संयुक्त प्रयासबाट मात्रै त्यो सम्भव छ । यस काममा हामीलाई विदेशी विकास साझेदारहरूको सहयोग उत्तिकै जरूरी हुन्छ ।

कोभिड-१९ को दुस्प्रभावबाट अर्थतन्त्रमा निकै गहिरो प्रभाव परेको छ । विगत दुई वर्ष मुलुकको अर्थतन्त्रले निकै अप्ठ्यारो परिस्थिती सामना गर्नुपऱ्यो, आर्थिक वृद्धि न्यून भयो । तर, आउने दिनहरू सधैं कमजोर हुने छैनन्, सधैं अप्ठ्यारा हुने छैनन् । अहिले हामी थोरै अँध्यारोमा होऔंला तर उज्यालोले हामीलाई पर्खिरहेको छ ।

कोभिड- १९ को महामारी नसकिए पनि हामी सामान्य अवस्थातिर आउँदैछौं । अब आर्थिक पुनरूत्थानलाई तीव्रताका साथ अघि बढाउन सरकार प्रतिबद्ध छ । मुलुकमा लगानीको वातावरण अझै सहज बनाउन र व्यवसायको लागत घटाउन सरकारले कुनै कसर बाँकी राख्दैन । त्यसका लागि मुलुकमा बृहद् रूपको दोस्रो चरणको आर्थिक सुधार गर्न आवश्यक छ भन्ने मलाई लाग्छ । दोस्रो चरणको सुधार किन आवश्यक छ र कुन क्षेत्रमा कस्तो सुधार चाहिन्छ भन्ने विषयमा सेजनले वार्षिक स्मारिकासमेत प्रकाशन गरेको विषयलाई म प्रसंशा गर्दछु ।

हामीले अघि बढाएको खुला बजारमुखी अर्थनीतिका कारण हासिल भएका उपलब्धि र यसमा देखिएका कमीकमजोरीको विश्लेषण गरेर समृद्धिको अगाडिको बाटो तय गर्नु हाम्रो प्राथमिकता हो । पहिलो चरणको सुधारले नेपाललाई समृद्ध बनाउने बाटो देखाएको छ । दोस्रो चरणको सुधारले अर्थतन्त्रमा ठूलो बदलाव ल्याउनेछ । यसका लागि आवश्यक नीति, कानुन, रणनीति, योजना तथा संरचनाहरू निर्माणका लागि आवश्यक पूर्वाधारहरू निर्माण हुनेछन् । दोस्रो चरणको सुधारले नेपाललाई विकसित राष्ट्रको रूपमा स्थापित गर्न सहयोग पुऱ्याउनेछ । कतिपय साथीहरूलाई सुधार भन्ने शब्द मन नपर्न सक्छ, तर आधारभूत रूपमा मुलुकका सबै राजनीतिक दलले यो एजेन्डालाई स्वीकार गरेका छन् । र, यसबाट कोही पनि पछि फर्कनसक्ने अवस्था छैन ।

लामो राजनीतिक उतार चढाव द्वन्द्व, संक्रमण एवम् भुकम्पलगायत प्राकृतिक प्रकोपलगायतका कारणबाट हामी केही पछि परेका छौं तर, अब हामीसँग लामो समय छैन । छोटो समयमै मुलुकले मुहार फेर्ने गरी विकास गर्नुछ । सरकार अनावश्यक नियन्त्रणको पक्षमा छैन, बरू आवश्यक नियमन र सहजीकरणको पक्षमा छ । त्यसैले देश तथा विदेशका लगानीकर्तालाई ढुक्क भएर नेपालमा लगानी गर्न म आग्रह गर्दछु । नेपालमा तपाईंको लगानी र सम्पत्तिको सुरक्षा हुन्छ, त्यसको ग्यारेन्टी सरकारले लिन्छ भन्ने कुराको म विश्वास दिलाउन चाहन्छु ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)को रजत जयन्तीका अवसरमा प्रधानमन्त्री सम्माननीय शेरबहादुर देउवाले दिनुभएको मन्तव्य ।

हाम्रा लेखक

डा. अच्यूत वाग्ले
काठमाडौं विश्वविद्यालयका
प्राध्यापक

आशिष गजुरेल
नेपाल इन्टरमोडल यातायात विकास
समितिको कार्यकारी निर्देशक

उमेश श्रेष्ठ
राज्यमन्त्री

डा.कुशुम शाक्य
अर्थशास्त्री

केशव आचार्य
अर्थशास्त्री

खड्क बहादुर बिष्ट
इपानका पूर्वअध्यक्ष

गगन थापा
पूर्वमन्त्री

चन्दन सापकोटा
अर्थशास्त्री

जनार्दन बराल
सेजन अध्यक्ष

डिल्लीराज खनाल
वरिष्ठ अर्थशास्त्री

नरबहादुर थापा
राष्ट्र बैंकका पूर्व कार्यकारी
निर्देशक

पोषराज पाण्डे
अर्थशास्त्री

डा. प्रकाशचन्द्र लोहनी
पूर्वअर्थमन्त्री

प्रतीक प्रधान
सेजनका संस्थापक अध्यक्ष

बाबुराम भट्टराई
पूर्वअर्थमन्त्री

बिन्दु लोहनी
एशियाली विकास बैंकका
पूर्वउपाध्यक्ष

भरतबहादुर थापा
पूर्वसचिव

भवानी राणा
नेपाल उद्योग वाणिज्य
महासंघका निवर्तमान अध्यक्ष

भीम गौतम
सेजनका निवर्तमान अध्यक्ष

मधु मरासिनी
अर्थसचिव

महेश आचार्य
पूर्वअर्थमन्त्री

मुराहरि पराजुली
आर्थिक विश्लेषक

यमुना घले
कृषि विज्ञ

युवराज खतिवडा
पूर्वअर्थमन्त्री

विद्याधर मंल्लिक
पूर्वमन्त्री

विनोद चौधरी
उद्योगी

विमला राई पौडेल
राष्ट्रिय सभा सदस्य

विष्णु अग्रवाल
नेपाल उद्योग परिसंघका अध्यक्ष

विमल वाग्ले
पूर्वसचिव

डा.विश्व पौडेल
राष्ट्रिय योजना आयोगका
उपाध्यक्ष

वीरेन्द्र बस्नेत
उद्यमी

राजेन्द्र मल्ल
नेपाल चेम्वर अफ कमर्शका
अध्यक्ष

राधेश्याम अधिकारी
राष्ट्रिय सभाका सदस्य

रामशरण महत
पूर्वअर्थमन्त्री

रामेश्वर खनाल
पूर्वअर्थसचिव

रूप खड्का
करविज्ञ

डा. शंकर शर्मा
राष्ट्रिय योजना आयोगका पूर्व
उपाध्यक्ष

शेखर गोल्छा
नेपाल उद्योग वाणिज्य
महासंघका अध्यक्ष

स्वर्णिम वाग्ले
राष्ट्रिय योजना आयोगका पूर्व
उपाध्यक्ष



सुरेन्द्र पाण्डे
पूर्वअर्थमन्त्री

सेमन्त दाहाल/सुश्रय नेपाल
अधिवक्ता

यसभित्र

वित्तीय संघीयतासापेक्ष आर्थिक सुधार
प्राडा अच्युत वाग्ले ११

अस्तव्यस्त सार्वजनिक यातायातमा सुधार
आशीष गजुरेल..... १५

ऊर्जा सुरक्षा र चाल्नुपर्ने कदम
उमेश श्रेष्ठ १९

कोभिडपछिको अवसर र अर्थतन्त्र
डा. कुसुम शाक्य २५

समाजवाद र आर्थिक सुधार
केशव आचार्य २९

दोस्रो चरणको सुधार र ऊर्जामा निजी क्षेत्र
खड्गबहादुर विष्ट ३३

बढ्दो विद्युत् उत्पादन र खपत वृद्धि रणनीति
गगन थापा ३७

डिजिटलाइजेसन र सुधार
डा. चन्दन सापकोटा ४१

समाजवादउन्मुख लाइसेन्स राज
जनार्दन बराल ४५

अर्थतन्त्रमा साहसिक सुधारको आवश्यकता
डा. डिल्लीराज खनाल ४९

विदेशी विनिमय र सुधानुपर्ने तीन खम्बे अवधारणा
नरबहादुर थापा ५३

विश्वव्यापी प्रवृत्तिको अवलम्बन र बदल्नुपर्ने व्यापार रणनीति
डा. पोषराज पाण्डे ५७

उदारीकरण र वित्तीय क्षेत्र
डा. प्रकाशचन्द्र लोहनी ६१

उदार अर्थतन्त्रमा धमलिँदो पत्रकारिता
प्रतीक प्रधान ६५

लोकतान्त्रिक गणतन्त्र र आर्थिक समृद्धिको बाटो
डा. बाबुराम भट्टराई ६९

कर र राजस्व प्रणालीमा सुधार
विद्याधर मल्लिक ७३

ज्ञानमा आधारित अर्थतन्त्र विकास र एसियाली अनुभव
डा. बिन्दु लोहनी ७७

दोस्रो चरणको आर्थिक सुधार : समृद्ध नेपाल निर्माणको आधार
विनोद चौधरी ८१

राजनीतिमुक्त सार्वजनिक संस्थान
विमल वाग्ले ८५

अर्थतन्त्र सुधारमा अबको नीति र योजना
डा. विमला राई पौड्याल ८९

कोरोनापछिको उड्डयन क्षेत्र
वीरेन्द्रबहादुर बस्नेत ९५

राज्यको सम्पत्ति र लाभको उपयोग
डा. विश्व पौडेल ९९

दोस्रो चरणको सुधार र निजी क्षेत्र
विष्णुकुमार अग्रवाल १०३

दोस्रो चरणको सुधारअघि समीक्षा
भरतबहादुर थापा १०७

पर्यटनमा अबको रणनीतिक मार्गचित्र
भवानी राणा १११

दोस्रो चरणको सुधारमा मिडियाले बदल्नुपर्ने रूप
भीम गौतम ११५

उदारीकरणपछिको अर्थतन्त्र र सुधानुपर्ने पक्ष
मधुकुमार मरासिनी ११९

तीव्र विकास, व्यापक सुधार र पुँजीको आवश्यकता
महेश आचार्य १२३

अबको बाटोः बजार नपुग्ने ठाउँमा मात्र सरकार
मुराहरि पराजुली १२७

कृषिको आधुनिकीकरण र स्थानीयकरण
डा. यमुना घले १३१

समाजवादको यात्रा र सुधारका रणनीतिहरू
डा. युवराज खतिवडा १३५

यसकारण भित्रिएन वैदेशिक लगानी
राधेश पन्त १४१

तजबिजी अधिकारबिनाको उदारवादी कानुन निर्माण
राधेश्याम अधिकारी १४५

उदारवादको सफलतापछि अब दिगो र गुणात्मक विकास
डा. रामशरण महत १५०

दोस्रो चरणको आर्थिक सुधारको उपादेयता
रामेश्वर खनाल १५५

अब दोस्रो चरणको कर सुधार
रुप खड्का १६०

आर्थिक सुधारका लागि आगामी कदम
डा. शंकरप्रसाद शर्मा १६५

राष्ट्रिय आर्थिक रूपान्तरण २०३० : तीव्र सुधारको मार्गचित्र
शेखर गोल्छा १६९

क्रोनी-क्यापिटालिजम र सुध्रिनुपर्ने अर्थराजनीति
डा. स्वर्णिम वाग्ले १७५

वैदेशिक लगानी र नेपालको आवश्यकता
सुशील भट्ट १७९

मिश्रित अर्थव्यवस्था र समाजवाद
सुरेन्द्र पाण्डे १८३

नेपालमा सुधार : कानुनी दृष्टिकोण
सेमन्त दाहाल/सुश्रेय नेपाल १८७

Mahindra
Rise.

Up the mountain.
Past the river.
On that ridge.
Across the bridge.
A road here.
A field there.
So much to see all around.
If only you could get everywhere.
With a reliable companion,
as driven as you.

DISCOVER
NEPAL
WITH A
SCORPIO

IT WILL GET YOU THERE.
ANYWHERE.

ALL POWERFUL
SCORPIO
NOTHING ELSE WILL DO

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239322, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners:

Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 **Spare Parts Outlet:** Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Kuleshwor, Kathmandu, Tel: 01-5165235 **Authorized Service Center: (Inside Kathmandu Valley)** Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123 **(Outside Kathmandu Valley)** Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157; Dhading Besi, Tel: 010-521024

Authorized Dealers & Service Center: Sakushal Trade Link, Birtamod 023-540696/541114, Phidim 024-521001, Taplejung 024-460495, **Royal Auto Enterprises,** Biratnagar 021-460464/461178, Itahari 025-580025, **Royal Motor Traders,** Dharan 025-523068, 526005, 9852056016, **Manaram Motors,** Khadbari 029-575147, 9807322777, **Rumjatar Auto Mobiles,** Okhaldhunga 037-5400013, 9849443008, **Usha Enterprises,** Rajbiraj 031-522666, 520665, Lahan 033-562411, Katari 035-450399, **Shree Krishna Auto Distributor,** Janakpur 041-424128, 9854028324/9854028010, Sindhuli 047-520094, **Suyansh Auto,** Lalbandi 046-501110, **Karki Multi Trading Concern,** Charikot 049-21402/406, 9854045525, **Shrestha Auto Concern,** Banepa 011-663256/664302, **Central Auto Zone,** Bharatpur 056-522168/52531, 9802821775/76, Hetauda, Makwanpur 057-524953, 9802821781, **Kala Incorporated,** Dhading 010-520660, 521325, **Kala Motor,** Nuwakot 010-560036, 560961/62, 9851160068, **Batas Brothers,** Pokhara 061-522064, 532468, 9856028668, Buddha Chowk Pokhara 061-537009, 9856027278, Baglung 9856033606, Beni 069-521099, 9857621863,9857623544, **Samriddhi Enterprises,** Bhairahawa 071-527254, Ghorahi 082-560272, Birendranagar, Surkhet 083-525270, Dang 082-580163, **Lok Sushila Auto Concern,** Shankarnagar 071-414203, Butwal 071-545986, Tamghas 9802620965, Arghakhanchi 9802620968, Kawasoti 9857040936, Tansen 9857062131, **Bhusal International,** Banke 081-403090/91, **Dakshinkali Incorporated,** Dhangadhi 091-410207/410208, 9858420202/9801723650, Dipayal 094-412281, Kailali 9801700275, **Option Nepal,** Mahendranagar, 099-418165, 418221

Url: agnimahindra.com **Email: marketing@agnigroup.com.np** **Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)**
www.agnigroup.com.np **twitter/AgniGroup** **instagram/AgniGroup** **facebook.com/MahindraAgniGroup**

Corporate Office: Thapathali, Kathmandu. **Tel:** 01-4102143 / 4102188 / 4257670 | **Factory:** Siyari Rural Municipality-2, Nepal. **Tel:** +977 9857015070

वित्तीय संघीयतासापेक्ष आर्थिक सुधार

नेपालको सार्वजनिक खर्च प्रणालीमा विगतदेखि चाङ लागेर बसेका न्यून खर्च क्षमता, आयोजनाको ठेक्कादेखि कार्यान्वयनसम्ममा हुने ढिलासुस्ती र भ्रष्टाचारलगायतका कमजोरीमाथि वित्तीय संघीयताको कार्यान्वयनले थप चुनौती थपेको छ

प्राडा अच्युत वाग्ले

प्रारम्भ

सामान्य अर्थमा सुधार शासकीय पद्धतिको एउटा निरन्तर प्रक्रिया हो । तर, आर्थिक सुधारलाई विशिष्ट प्राविधिक परिभाषा दिइएको छ । यो परिभाषामा वास्तवमा सुधार (रिफम) भनेको उदारीकरण (लिबरलाइजेसन) हो । यसैअनुरूप अवधारणाहरु निर्माण र कार्यान्वयन भएका छन् । कतिपय अवस्थामा आर्थिक सुधार (इकोनोमिक रिफम) र वित्तीय सुधार (फाइनान्सियल रिफम) लाई पर्यायवाची रूपमा बुझ्ने र व्यवहार गर्ने गरिएको छ । खासमा वित्तीय (क्षेत्र) सुधार समग्र आर्थिक सुधारको एउटा तर सम्भवतः सबभन्दा महत्वपूर्ण अवयव हो । र, आर्थिक सुधारको अवधारणा नै सन् १९७० को दशकमा दक्षिण अमेरिकी मुलुकहरु र नौ वटा एसियाली मुलुकको वित्तीय क्षेत्रको सुधारबाट प्रारम्भ भएको हो ।[1] तिनै नौमध्येका चार वटा अर्थतन्त्रपछि 'एसियाली टाइगर' बने । त्यसैले यी दुई सुधारलाई एकअर्काका परिपूरक धेरै सन्दर्भमा समानार्थी रूपले बुझ्ने गरिएको हो ।

आर्थिक सुधारको परिभाषाभित्र समग्र वित्त प्रणाली (फिस्कल सिस्टम) लाई चुस्त, पारदर्शी र आर्थिक वृद्धिमा योगदान गर्न सक्षम बनाउन गरिने नीतिगत, संस्थागत र सञ्चालनगत सुधार पर्दछन् । अर्थतन्त्रलाई खुला, न्यून नियमन गरिएको र विश्व अर्थतन्त्रसँग एकाकार बनाउनु आर्थिक सुधार हो भन्ने परिभाषाले विश्वव्यापी मान्यता पाएको देखिन्छ । हिसाबले, सन् १९८४ देखि आंशिक अभ्यासमा ल्याएर सन् १९८९ मा लिपीवद्ध गरिएको 'बासिङ्टन कन्सेन्सस'ले सूत्रवद्ध गरेका १० बुँदाको कार्यान्वयन नै आर्थिक सुधारको विश्व मानक बनेको छ । केही समाजवादी र बामपन्थी चिन्तकहरूले कहिलेकाहीँ सुधारको यो भाष्य (न्याराटिभ)मा विमति जनाएजस्तो देखिए पनि आर्थिक सुधारको विश्वव्यापी प्रभाव पार्ने औकातको वैकल्पिक भष्य निर्माण भएको छैन । यसर्थ, यो आलेखमा पनि आर्थिक सुधारको सैद्धान्तिक मानक (पिभट) अर्थशास्त्री जोन विलियमसन्सले लेखेको र अमेरिकी अर्थ मन्त्रालय, विश्व बैक अन्तर्राष्ट्रिय मुद्राकोषको सर्वसम्मतीले कार्यान्वयनमा लगिएको त्यही वासिङ्टन कन्सेन्ससलाई मानिएको छ ।[2]

'वासिङ्टन कन्सेन्सस'का १० एजेण्डा

१. वित्तीय नीति अनुशासनः कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को अनुपातमा बजेट घाटा न्युन राख्ने र सरकारले कानुन बनाएर मात्र सार्वजनिक ऋण लिने ।

२. सार्वजनिक खर्चको पुनः अभिमुखीकरणः प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा र पूर्वाधार लगानीजस्ता प्रमुख आर्थिक वृद्धिलाई सघाउने पूर्वाधार, शिक्षा र स्वास्थ्य र गरिबी निवारणका कार्यक्रममा मात्र सरकारले खर्च गर्ने । अनुदान प्रणालीको अन्त्य गर्ने ।

३. कर प्रणालीमा सुधारः करको आधार फराकिलो

1 Khan, Mohsin S. and V. Sundararajan (1991). ,Financial Sector Reforms and Monetary Policy. Interantional Monetary Fund. https://www.elibrary.imf.org/view/books/071/06528-9781557753021-en/ch03.xml
2 Williamson, John (ed.). (1990). Latin American Adjustment: How Much Has Happened? Institute for International Economics, Conference Volume. Washington, D.C.
Williamson, John. (1993). Democracy and the 'Washington Consensus. World Development. Vol. 21, No. 8.

पार्ने तर करका दरहरु घटाउने ।

४. ब्याज दरमा नियामकले हस्तक्षेप नगर्ने र बजारलाई निर्धारण गर्न दिने ।

५. बजार प्रतिस्पर्धाका आधारमा विनिमय दर निर्धारण पद्धति अपनाउने ।

६. व्यापार उदारीकरणः मात्रात्मक प्रतिबन्ध (लाइसेन्स आदि) को अन्त्य गर्ने ।

७. प्रत्यक्ष विदेशी लगानीका लागि उदार नीतिहरु अपनाउने ।

८ सार्वजनिक स्वामित्वका उद्यम-व्यवसायको निजीकरण गर्ने ।

९ .विनियमन (डिरेगुलेसन): बजार प्रवेशमा अवरोध हुने वा प्रतिस्पर्धालाई प्रतिबन्धित गर्ने सबै नियम कानुन हटाउने ।

१०. निजी सम्पत्तिमाथिको अधिकारलाई कानुनले नै सुरक्षित गर्ने ।

'वासिङ्टन कन्सेन्सस'का यी दस बुँदाले आर्थिक र वित्तीय दुवै क्षेत्रका सुधारका मूलभूत आयामलाई समेटेका छन् । नेपाल र संसारभर नै आर्थिक उदारीकरण, बजेट अनुशासन, कर प्रणालीमा सुधार, निजीकरण, अनुदान कटौतीका जति लामा राजनीतिक भाषण गरिए पनि सारमा ती सबैको मिलनबिन्दु यही ' कन्सेन्सस' ले सूत्रबद्ध गरेका दस बुँदाको वरिपरि घुमिरहेको छ । यसपछि आएको 'थप बासिङ्टन कन्सेन्सस' (अग्मेन्टेड वासिङ्टन कन्सेन्सस) ले भ्रष्टाचार नियन्त्रण, सुशासन र केन्द्रीय बैंकको स्वतन्त्रतालगायतका दस विषय समेटेको छ, जुन सुधारको थप मार्गप्रदर्शक दस्तावेज हो ।[३]

आर्थिक सुधारको एउटा आयामले सार्वजनिक वित्त व्यवस्थापन (पब्लिक फाइनान्सियल म्यानेजमेन्ट) लाई प्रभावकारी बनाउने एवं अर्थतन्त्रको उत्पादकत्व अभिवृद्धि गर्ने र अर्को अयामले वित्तीय क्षेत्रको प्रणालीगत जोखिम (सिस्टेमिक रिस्क) न्यून गर्दै अर्थतन्त्र वृद्धिको लक्ष्य हासिल गर्न आवश्यक आर्थिक स्रोत जुटाउन वित्तीय प्रणालीलाई सक्षम बनाउने लक्ष्य राखेको हुन्छ । यसका अतिरिक्त, औपचारिक वित्तीय सेवामा पहुँच वृद्धि र नियामकीय प्रभावकारिता पनि विकसित मुलुकको सुधारबाट अपेक्षित परिणाम हो । यो आलेखले नेपालले अवलम्बन गरेका आर्थिक एवं वित्तीय क्षेत्रका सुधारलाई समुच्चमा राखेर पर्गेल्ने प्रयास गरेको छ । साथमा, मुलुक संघीयता पुनर्संरचित भएको यथार्थमा आर्थिक/वित्तीय सुधारको अबको सम्भावित प्राथमिकताबारे केही प्रस्तावना गर्ने छ ।

नेपालमा आर्थिक सुधार

क) पहिलो चरण (सन् १९८५-२०००)

सन् १९८५ सम्म नेपालको अर्थतन्त्र मूलतः राज्य नियन्त्रित र अर्न्तमुखी थियो । सरकारी स्वामित्वका चार वटा बैंक थिए । सम्पूर्ण वित्तीय सम्पत्तिको झन्डै ७० प्रतिशत हिस्सा नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकले मात्रै ओगट्थे । केन्द्रीय बैंक स्वतन्त्र थिएन । त्यसैले सरकारले चाहेजति आन्तरिक ऋण उठाउँथ्यो । र, समयमा तिर्दैनथ्यो । राजस्वको आधार सानो थियो । परिणामतः आर्थिक वर्ष ०४१/४२ को अन्त्य (सन् १९८५ जुलाई) मा राज्यको भाखा नाघेको ऋण नै जीडीपीको ४०.५ प्रतिशत नाघेको थियो । राज्यको खर्च गर्ने क्षमता कम भएकाले वित्तीय प्रणलीमा व्यावसायिक कर्जाका लागि आवश्यक तरलताको अभाव थियो, जसका कारण निजी क्षेत्र फस्टाउन सकेको थिएन । संरचनागत अलचकता, न्यून आर्थिक वृद्धि र समग्र आर्थिक अस्तव्यस्तताले मुलुकलाई गाँजेको र राज्यको आर्थिक प्रणालीका सबै क्षेत्रमा सुधारको आवश्यकता देखिएको थियो । यिनै सुधारका लागि सन् १९८५ मा सरकारले आर्थिक स्थायित्व कार्यक्रम (इकोनोमिक स्ट्याबिलाइजेसन प्रोग्राम) लागू गऱ्यो । यसका लागि सरकारले विश्व बैंकसँग 'स्ट्रक्चरल एडजस्टमेन्ट प्रोग्राम' (साप) का लागि ऋण सम्झौतामा हस्ताक्षर गऱ्यो । 'साप' को पहिलो चरण (सन् १९८६-१९८९) को सुधारको उद्देश्य अर्थतन्त्रमा सरकारको हस्तक्षेप कम गर्ने, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडमा भएका पोर्टफोलियो व्यवस्थापनको समस्या सल्ट्याउने र बैंकिङ क्षेत्रमा विदेशी लगानी भित्र्याउन आवश्यक कानुनी सुधार गर्नु रहेको थियो । सन् १९८९ मा कर्जा सूचना केन्द्रको स्थापना भयो । नेपाल राष्ट्र बैंक ऐनमा केही संशोधन भयो । अन्तर्राष्ट्रिय मुद्रा कोषको समेत सहयोगमा 'साप-२' (सन् १९८९-१९९२) लागू भयो । यो अवधिमा राष्ट्र बैंकको सुपरीवेक्षकीय क्षमता अभिवृद्धिको कार्य भयो । दुइटा विदेशी लगानीका बैंकहरु, नेपाल अरब बैंक लिमिटेड (नबिल) र नेपाल इन्डोस्वेज बैंक (हालको नेपाल इन्भेष्टमेन्ट बैंक) यही अवधिमा खुले । यी सुधारका कार्यक्रमको सफलता वा असफलताबारे फरक धारणा छन् तापनि 'साप' नै नेपालको आर्थिक र वित्तीय क्षेत्र सुधारको अथवा आर्थिक उदारीकरणको आधारशिला हो भन्ने कुरामा विवाद छैन ।

सन् १९९०को राजनीतिक परिवर्तनपछिको पहिलो निर्वाचित सरकारले उदारीकरणको दिशामा व्यापक कानुनी र संस्थागत सुधार गऱ्यो । मुख्यगरी औद्योगिक व्यवसाय ऐन, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन एवं श्रम ऐनमा गरिएका उदारवादी बजारमैत्री व्यवस्था र सरकारको स्वामित्वमा रहेका कतिपय उद्योग व्यवसायको द्रुत गतिमा गरिएको निजीकरणले नेपाल आर्थिक सुधारको बाटोमा अग्रसर भएको सन्देश दिएको थियो । यिनै सुधारका कारणले शिक्षा, स्वास्थ्य, हवाई र सडक यातायात, जलविद्युत् बैंक तथा वित्तीय संस्था आदिमा निजी लगानीमा उल्लेख्य वृद्धि भयो । अहिले ती क्षेत्रको विस्तारको लाभ अर्थतन्त्रले पाइरहेको छ । यसैबीच सन् १९९६ बाट माओवादी सशस्त्र द्वन्द्व सुरू भयो । अनेकौं अरु कारणले गर्दा पनि आर्थिक सुधारको यो चरण लक्ष्यअनुरूप सफल भएन । खासगरी सरकारी स्वामित्वका बैंकहरूको निजीकरण गर्नेलगायतका कार्ययोजना पूरा भएनन् ।

ख) दोस्रो चरण (सन् २०००-२०१०)

सन् १९९९मा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपालको 'वित्तीय क्षेत्र मूल्यांकन' तयार पारे ।[४] सरकारले यही अध्ययनका आधारमा वित्तीय क्षेत्र रणनीति पत्र (एफएसएसएस) तयार पाऱ्यो र २००० नोभेम्बरमा सार्वजनिक गऱ्यो । यसअन्तर्गत, १. वित्तीय क्षेत्रको कानुनी सुधार, २. राष्ट्र बैंकको सुपरीवेक्षण एवं नियमनको सबलीकरण, ३. राबाबैंक र नेबैंलिको पुनर्संरचना गरी निजीकरण ४. बैंकिङ तालिम केन्द्रको स्थापना, ५. कर्जा सूचना केन्द्रको सबलीकरण, ६. सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना, ७. कृषि विकास बैंकको पुनर्संरचना र सबलीकरण, ८. ग्रामीण विकास बैंकहरूको स्थापना र सबलीकरणलगायत थिए । यी उद्देश्य हासिल गर्न विश्व बैंकले ऋण र अनुदान मिश्रित १ कारोड ६० लाख डलरको आर्थिक सहायता दियो ।

साथै, सरकारले दसौं पञ्चवर्षीय योजना (सन् २००२-२००७) लाई गरिबी निवारण रणनीतिपत्रका रूपमा प्रस्तुत गऱ्यो । यसका ६ वटा विशेष उद्देश्य थिए । १. सार्वजनिक खर्च व्यवस्थापन, २. वित्तीय क्षेत्रको सुधार, ३. वित्त (बजेट) प्रणालीमा सुधार, ४. वैदेशिक व्यापार

3 Rodrik, Dani (2006), Goodbye Washington Consensus, Hello Washington Confusion? A Review of the World Bank's Economic Growth in the 1990s: Learning from a Decade of Reform. Journal of Economic Literature Vol. XLIV.

4 World Bank. 2002. Nepal – Financial Sector Study. Washington, D.C.

र श्रम सम्बन्ध सुधारलगायत निजी क्षेत्रको प्रतिस्पर्धी क्षमतामा सुधार, ५. निजामती सेवामा सुधार, विकेन्द्रीकरणलगायतको शासकीय सुधार, र ६. पूर्वाधार विकासमा निजी क्षेत्रको संलग्नता प्रवर्द्धन ।

यसका लागि 'गरिबी निवारण आर्थिक वृद्धि सहजीकरण' का नाममा विश्व बैंक र मुद्रा कोषले झन्डै सात करोड डलर बराबरको ऋण प्रदान गरेका थिए । यस अतिरिक्त, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र बिमा कम्पनीहरूले गर्ने बैकिङ प्रकृतिको कारोबारलाई मौद्रिक नीतिको अनुगमनमा ल्याउन, पुँजी बजारको विकास र विस्तार गर्ने, आर्थिक प्रगाढता बढाउने र भन्सार प्रणालीलाई आधुनिकीकरणका कार्ययोजना पनि सुधारका योजनामा थिए ।

यो अवधिमा भएका सुधारलाई सबभन्दा व्यापक, प्रगाढ र प्रभावकारी मानिएको छ । राबाबैंक र नेबैलि निजीकरणमा नगए पनि तिनीहरूको आर्थिक स्वास्थ्य सबल बनाइएको छ । राष्ट्र बैंक ऐन र बैक तथा वित्तीय संस्थासम्बन्धी छाता ऐन लागू भएका छन् । ऋण सूचना प्रणाली प्रभावकारी भएको छ । बैकिङ प्रणालीको निस्क्रिय कर्जा उल्लेख्य मात्रामा घटेको छ । तथापि यसका केही कार्ययोजना अझै अपूरा छन् भने केही कार्यक्रम विवादमा पनि परे ।

यसैबीच सन् २००४ मा नेपाल विश्व व्यापार संगठन (डब्लुटिओ) को सदस्य बन्यो । सन् २००६ को शान्ति सम्झौतापछि मुलुकमा द्रुत गतिका राजनीतिक परिवर्तन भए । सन् २०१० को सुरूआतदेखि थोक बैकिङलगायतका ७० प्रकारका सेवाका लागि विदेशी सेवाप्रदायकलाई नेपालाले आफ्नो बजार खुला गरिदिएको छ ।

ग) तेस्रो चरण (सन् २०१० पछि)

अहिले जारी रहेको वित्तीय क्षेत्र विकास रणनीतिलाई तेस्रो चरणको आर्थिक सुधारको कार्यक्रम भनिएको छ । वित्तीय क्षेत्र विकास रणनीतिका लागि विश्व बैंकले दुई चरणमा आर्थिक सहायता दिएकाले कसैले यसलाई चौथो पुस्ताको सुधार पनि भनेका छन् । यसका चार वटा अवयव छन् । १. वित्तीय क्षेत्रको विकासलाई अभिवृद्धि गर्ने (यहाँ 'सुधार' शब्दावलीको सट्टा 'विकास' भनिएको छ । २. वित्तीय प्रणालीको पुनर्संरचना र सुदृढीकरण, ३. विपद् व्यवस्थापन, बैकिङ एवं बिमाको सुपरीवेक्षणका लागि कानूनी र नियामक संरचनालाई सबल बनाउने र ४. बैकिङ प्रणालीको सुशासन र पारदर्शिता अभिवृद्धि गर्ने । यसका लागि विश्व बैंकले १० करोड डलर बराबरको आर्थिक सहायता दिएको छ । राष्ट्र बैंकले कार्यान्वयन गरिरहेको छ ।

वित्तीय संघीयता र आर्थिक सुधार

सन् २०१५ को सेप्टेम्बरमा नेपालले संघीय संविधान लागू गरेको हो । त्यसको दुई वर्षमा यो संविधानअन्तर्गत संघीय, प्रदेश र स्थानीय तीन वटै तहको चुनाव सम्पन्न भयो । यसपछि नै वित्तीय संघीयता पनि कार्यान्वयनमा गएको हो । वित्तीय संघीयता सञ्चालनका हकमा तीनै तहका सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग संस्थागत संरचना हुन् भने संविधानका अतिरिक्त सोही आयोगको ऐन, अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन र स्थानीय शासन सञ्चालन ऐन मूल कानुनी आधार हुन् ।

वित्तीय संघीयतामा आर्थिक अधिकार बाँडफाँटका प्रस्टतः सात वटा सैद्धान्तिक अवयव छन्ः १.राजस्व, २. अनुदान, ३. खर्च, ४. ऋण, ५. रोयल्टी, ६. आर्थिक प्रभावकारिता, र ७. आर्थिक सुशासन ।

यतिखेर नेपालको संघीयताका उपराष्ट्रिय सरकारहरु (सब-न्यासनल गभर्मेन्टस्) अनुदान र खर्च संघीयताको अभ्यासमा मात्र केन्द्रित छन् । उपराष्ट्रिय इकाइहरूको सीमांकन गर्दा तिनको आर्थिक सम्भाव्यताको पाटोलाई पटक्कै वास्ता नगरिएकाले प्रदेशहरूसमेत आफ्नै स्रोतको राजस्व अत्यन्तै कम परिचालन गर्न सक्ने अवस्थामा छन् । गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेश प्रत्येकले राष्ट्रिय राजस्वको एक प्रतिशतको हाराहारी मात्रै संकलन गर्छन् । प्रदेश १ र लुम्बिनी प्रदेश प्रत्येकले ९ प्रतिशत हाराहारी, प्रदेश २ ले भन्सार महसुलसमेत गरी २९ प्रतिशत र बागमती प्रदेशले करिब ५३ प्रतिशत राजस्व संकलन गर्छन् । खर्च त ६० प्रतिशतभन्दा बढी बागमती प्रदेशले नै गर्छ ।

त्यस्तै, उपराष्ट्रिय सरकारहरूले ऋण लिने, प्राकृतिक स्रोतको रोयल्टीको लाभ पाउनेलगायतका व्यवस्था न्यायोचित छैनन् । त्यस्तै, उपराष्ट्रिय सरकारहरूको योजना छनोट र उपलब्ध आर्थिक स्रोतलाई उत्तम प्रतिफल दिने गरी विनियोजन र खर्च गर्ने क्षमता असाध्यै कमजोर देखिएको छ । महालेखा परीक्षक र अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतका प्रतिवेदनमा स्थानीय तहमा ठूलो रकम भ्रष्टाचार भएको औंल्याएका छन् । खासगरी सार्वजनिक खरिद र ठेक्का पद्धतिमा निर्णायक पदाधिकारीको स्वार्थप्रेरित निर्णय हुने गरेका तथ्य बाहिर आएका छन् ।

नेपालको सार्वजनिक खर्च प्रणालीमा विगतदेखि चाङ लागेर बसेका न्यून खर्च क्षमता, आयोजनाको ठेक्कादेखि कार्यान्वयनसम्ममा हुने ढिलासुस्ती र भ्रष्टाचारलगायतका कमजोरीमाथि वित्तीय संघीयताको कार्यान्वयनले थप चुनौती थपेको छ । वास्तवमा यी चुनौती नै अबको आर्थिक सुधारका एजेन्डा पनि हुन् । र, अहिलेसम्मका आर्थिक सुधारका कार्यक्रमले अबको सुधार एजेन्डालाई वित्तीय संघीयताको अर्जुनदृष्टिले हेर्नु आवश्यक छ । तर, त्यसो हुन सकिरहेको छैन । अक्सर आरोप लाग्ने गरेझैं नेपालको आर्थिक सुधारका कार्यक्रम दाताद्वारा परिचालित, दाताद्वारा लगानी भएका र उनीहरूले नै प्राथमिकतामा बनाइएको छ । समस्या पहिचान गर्ने हाम्रो राष्ट्रिय क्षमता पनि यसको कारक हो । यसरी हेर्दा वित्तीय संघीयतामा देखिएका समस्या र चुनौतीमाथि दाताहरूको दृष्टि अझै पुगेको छैन भनेर मान्नुपर्ने हुन्छ । यो एक प्रकारले ठीकै पनि किन हो भने नेपाल आफैंले अबको आर्थिक सुधारको मार्गचित्र निर्माण र कार्यान्वयन गर्ने अवसर पाएको छ । यसलाई सदुपयोग गरेर ' होम ग्रोन' आर्थिक सुधारको कार्यक्रम बनाउन सकिन्छ, जुन प्रस्टतः संघीयतासापेक्ष होस् ।

चौथो चरणको सुधार

अन्त्यमा, वित्तीय संघीयतामा आर्थिक सुधारको मार्गचित्र पनि प्राविधिक रूपमा यसअघिका संस्थागत, कानुनी र सञ्चालनगत अवयवभन्दा फरक छैनन् । तर, लक्ष्य र पक्षहरु भने फरक छन् । संस्थागत सुधारमा यसअघि राष्ट्र बैंकलाई केन्द्रित गरिएजस्तो अब वित्त आयोगको अनुदान आदिको सूत्र निर्माण र आर्थिक विश्लेषणको क्षमता विकासमा लगानी गर्नु आवश्यक छ । स्थानीय र प्रदेश सरकार हरूको बजेट निर्माण, योजना छनोट र आर्थिक सुशासनसम्बद्ध सीपबारे निर्वाचित र सरकारी पदाधिकारीको क्षमता विस्तार अपरिहार्य भएको छ । उपराष्ट्रिय सरकारहरूले ऋण परिचालन गर्न नपाउनेजस्ता रूढीग्रस्त कानुनको परिमार्जनमा ध्यान दिनु आवश्यक छ । स्थानीय सरकार सुहाउँदा आर्थिक पारदर्शिताका नियम र अभ्यास विकसित गर्नुपर्नेछ । मौद्रिक अधिकारीको उपराष्ट्रिय सरकारहरूमा उपस्थिति र नियमन र आर्थिक अपराध नियन्त्रण आदिमा समन्वयका कानुनी र संस्थागत खाकाहरु प्रस्ट हुनु जरूरी छ ।

अबको चौथो चरणको आर्थिक सुधारको केन्द्रबिन्दु वित्तीय संघीयताको निर्विघ्न परिचालन हुनु स्वाभाविक अपेक्षा र आवश्यकता हो ।

नेपालमै पहिलो चोटी
Missed call गरेर मात्र पनि
बिजुलीको बिल तिर्न मिल्दो रहेछ ।
9851273862 मा MISSED CALL
दिनुहोस्, आफनो NEA बिल तिर्नुहोस् ।
Missed call बाट बत्तीको बिल तिर्दा कुनै अतिरिक्त शुल्क लाग्दैन ।
प्राधिकरणले दिने छुट पनि पाइन्छ ।
सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE
हामी संग-संगै
sunrisebanknepal
Toll Free No:
1660 0122 444
www.sunrisebank.com.np

अस्तव्यस्त सार्वजनिक यातायातमा सुधार

महानगर, नगरपालिकादेखि यातायात मन्त्रालय, ट्राफिक प्रहरी र सडक विभागको कार्यक्षेत्रभित्र सार्वजनिक यातायात व्यवस्थापन रहे पनि नागरिकले सधैँ सास्ती पाउने अवस्था अहिलेसम्म हटेको छैन

आशीष गजुरेल

सरकारले पछिल्लो केही वर्षदेखि सडक चौडा, सुधार र विस्तार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । राजधानीका साथै राजधानी बाहिरका सडकमा ठूला-ठूला संरचनासमेत भत्काएर सडक संरचनामा व्यापक सुधार ल्याउने प्रयास गरिएको छ । तर, यो कार्यले यातायात क्षेत्रमा सुधार आएको देखिँदैन । नेपालमा सार्वजनिक यातायातको अवस्था दिनप्रतिदिन निकै नाजुक बन्दै गएको छ । बढ्दो सवारी तथा यात्रुको संख्या, कमजोर संरचना, सडक प्रयोगकर्ताको लापरवाही, ट्राफिक व्यवस्थापन वैज्ञानिक तरिकाले हुन नसक्नु आदि कारणले नेपालको यातायातको अवस्था दयनीय छ ।

यस्तो अवस्थामा सरकारले अगाडि बढाएको सडक विस्तार तथा सुधार योजनाले आशातीत परिणाम ल्याउन सक्दैनन् । राज्यले प्राथमिकतामा राखी सडक चौडा गर्ने कार्य सँगसँगै सार्वजनिक यातायातको विकास अगाडि बढाएको भए आज राजधानीको यातायात व्यवस्थापनमै उल्लेख्य सुधार आउने थियो । सडकको अवस्था राम्रो हुनु भनेको सवारी चलाउन सजिलो हुनु मात्र होइन, कम इन्धन खपत, सवारी जाम कम हुनु हो । सर्वसाधारण यात्रुले सार्वजनिक यातायातमा भोग्नु परेको दुर्दशामा कुनै सुधार आउन सकेको छैन । सडक चौडा पारियो तर सार्वजनिक यातायातमा सुधार गरिएन । सवारी हरेक वर्ष २० प्रतिशतको हाराहारी बढ्यो फलस्वरूप यातायातको सही व्यवस्थापन हुन सकेन । पछिल्लो आर्थिक वर्षमा मात्र ४ लाख ५० हजार सवारीसाधन आयात भएका छन् । त्यसैले सडक जाम पहिलेको भन्दा झन् खराब हुन थाल्यो र सडक दुर्घटना झन् वृद्धि हुन थाल्यो । विगत तीन/चार वर्षमा उपत्यकामा सडक विस्तार तथा सुधारका लागि अर्बौं खर्च भइसकेको छ । हजारौँ संरचना भत्काइएका छन् तर सर्वसाधारणलाई यो कौवालाई बेल पाक्यो हर्ष न विस्मात्जस्तो भएको छ । सार्वजनिक यातायात सुधारका लागि कुनै नीति स्पष्ट नहुनु र यस्ता विषय सरकारको प्राथमिकतामा समेत नपर्नु नै नागरिकको दुर्भाग्य हो । सरकारका जिम्मेवार निकायले यस्ता गम्भीर विषयलाई बेवास्ता गर्दा सर्वसाधारणले सार्वजनिक यातायातमा यात्रा गर्दा सास्ती कहिलेसम्म बेहोर्नुपर्ने हो थाहा छैन ।

यातायातका मूल चुनौतीहरू

ट्राफिक जाम र पार्किङ समस्या, लामो यात्रा समय, सार्वजनिक यातायातको अस्तव्यस्तता, सवारी साधनको मानोमानी सञ्चालन र तिनको व्यवस्थानमा समस्या, मर्मतसम्भार बढ्दो खर्चिलो, बढ्दो वातावरणीय प्रभाव तथा सवारी संख्या बढेसँगै बढ्दो इन्धन खपत, बढ्दो दुर्घटनाजस्ता चुनौती यातायात क्षेत्रमा देखिएका छन् । नेपालका सडक मुख्य त निजी सवारीसाधनलाई दृष्टिकोणमा राखेर योजना गरी निर्माण गरिएका छन् । सहरमा निर्माण हुने संरचनादेखि अन्य योजना तर्जुमा हुने/खाने व्यक्तिको हितमा हुने गरेका कारण सहर निमुखा सर्वसाधारणमैत्री हुन सकेको छैन । योजना तर्जुमा तथा कार्यान्वयनमा जहिले पनि माथिल्लो वर्गका व्यक्ति हावी हुने गरेका कारण निम्न वर्गको आवाज बेवास्ता गरिएको हुन्छ ।

सार्वजनिक यातायातको दुरवस्था न उच्च तहका राजनीतिक नेताहरूले भोगेका हुन्छन्, न त माथिल्लो तहका नीति निर्माताहरु जानकार छन् ।

विभिन्न विकसित देशका उच्च ओहोदाका व्यक्तिले पनि निर्धक्क साथ सार्वजनिक यातायातका साधन प्रयोग गरेर लोकप्रिय भएका थुप्रै उदाहरण छन् । सोही कारणले ती देशमा सार्वजनिक यातायातले महत्व पाउने गरेको छ । नेपालजस्तो विकासोन्मुख देशका नेता, मन्त्रीहरु सार्वजनिक यातायात प्रयोग गर्दैनन् । यसको एउटै कारण हो, यसलाई गरिबको यातायात हो भन्ने बुझाइ । सार्वजनिक यातायात कम आयआर्जन गर्ने समुदायले प्रयोग गरेको देखिन्छ । नेता, धनाढ्य, 'पब्लिक फिगर' जस्ता मानिस सार्वजनिक सवारीको नजिक पर्ने चाहँदैनन् । हुन त हाम्रै देशमा पनि माओवादी नेता तथ पूर्वउप-प्रधानमन्त्री नारायणकाजी श्रेष्ठदेखि जनमोर्चाका नेता तथा पूर्वउप-प्रधानमन्त्री चित्रबहादुर केसीसम्मले सार्वजनिक यातायात प्रयोग गरेको समाचारले सबैमा उत्साह जागेको थियो । तर, नारायणकाजीले यसलाई निरन्तरता दिन सकेनन्, जसबाट हाम्रो सार्वजनिक यातायातमा नीति निर्माण गर्ने व्यक्तिको नै विश्वास छैन । बेलायत, फ्रान्सजस्ता विकसित राष्ट्रका राष्ट्रप्रमुखले सार्वजनिक यातायात प्रयोग गरेको हामीले देखेका छौं । यस्ता कार्यले सार्वजनिक यातायातमा सुधार हुने वातावरण बन्छ ।

सार्वजनिक यातायातको प्रवर्द्धन र एकीकृत सेवा

हरेक मानिसको आवतजावत गर्ने आधारभूत आवश्यकतालाई उचित व्यवस्थापन गर्नु राज्यको दायित्व पनि हो । सार्वजनिक यातायातको यो दुरवस्था लामो समयसम्म रहन दिनुहुँदैन । नेपालमा सार्वजनिक यातायातको विकास, सुधार र व्यवस्थापनका लागि जिम्मेवारीका साथ निकाय तोक्ने र स्पष्ट नीति तर्जुमा गर्ने काममा ढिलाइ गर्नुहुँदैन । अहिले यातायात व्यवस्थापनको जिम्मा यातायात व्यवस्थापन विभागको हो । तर, विभाग मुख्यतः चालक अनुमतिपत्र वितरण, नवीकरण, सवारी दर्तामै व्यस्त भएको देखिन्छ । त्यसबाहेक महानगरपालिका, नगरपालिका, काठमाडौं उपत्यका विकास प्राधिकरण, यातायात मन्त्रालय, ट्राफिक प्रहरी र सडक विभागले पनि सार्वजनिक यातायात व्यवस्थापनलाई आफ्नो कार्यक्षेत्रमा राखेका छन् । यसरी एउटै क्षेत्र हेर्ने आधा दर्जन बढी सरकारी निकायबीच जिम्मेवारी र अधिकार स्पष्ट किटान गरी उनीहरूबीच समन्वय कायम गरे मात्र हालको ट्राफिक समस्या समाधान गर्न सकिने देखिन्छ ।

लगानी बोर्डको कार्यालयलाई काठमाडौं उपत्यका मेट्रोरेल, मोनोरेल, बस र्‍यापिट सिस्टम, केबुलकार, विकास र सञ्चालनका लागि लगानी जुटाई सो काम अगाडि बढाउने अधिकार छ । त्यस्तै, एसियाली विकास बैंकको सहयोगमा काठमाडौं दिगो सहरी यातायात परियोजनाले काम गऱ्यो । जापानी सहयोग नियोग जाइकाले पनि सहरी यातायात सुधारका लागि गुरूयोजना नेपाल सरकारलाई पेस गरेको छ । यातायात क्षेत्रमा यस्ता बग्रेल्ती संस्था संलग्न हुने तर पूर्ण जिम्मेवारी कसैको पनि नहुने पुरानो रोग अहिले पनि कायमै रहेको स्थितिका कारण यस क्षेत्रको व्यवस्थापन चुनौतीपूर्ण र कठिन हुँदै गएको छ । यस क्षेत्रको समसामयिक सुधार गर्न हामीसँग रकम अभाव होइन, केवल स्पष्ट नीति, जिम्मेवार निकाय र समन्वय अभाव प्रमुख समस्या रहँदै आएको छ ।

उदाहरणका लागि सहरी यातायात व्यवस्थापनमा उल्लेख्य काम गरेको जर्मनीको म्युनिख यातायात प्राधिकरणको कार्यसम्पादनबाट पनि हामीले सिक्न सक्छौं । यो प्राधिकरणले सम्पूर्ण यातायातको नीति निर्माण, कार्यान्वयन, सञ्चालन, व्यवस्थापनलगायत काम एक्लैले अगाडि बढाइरहेको छ । यसमा सरकारी र निजी क्षेत्रको संयुक्त लगानी रहेको छ । यो निजी क्षेत्रको मोडलमा संचालन गरिएको छ । दिगो वित्तीय व्यवस्थापनका लागि यो प्राधिकरणलाई सरकारले ५० प्रतिशत अनुदान दिने गरेको छ । म्युनिखमा अपनाइएको एकीकृत यातायात अवधारणाअनुसार बस, ट्राम, लाइट रेल तथा मेट्रोको समन्वयात्मक समयतालिका निर्धारण गरी सार्वजनिक यातायात सञ्चालन गर्न सकिए मात्र नेपालमा सञ्चालनमा आएका बस, मिनीबस, ट्याम्पु, माइक्रोबसलाई एकीकृत परिचालन गरी सार्वजनिक यातायातमा व्यापक सुधार गर्न सकिनेछ । भारतको राजधानी नयाँदिल्लीमा पनि दिल्ली यातायात निगममार्फत सार्वजनिक यातयात सञ्चालन हुन्छ, जसमा निजी र राज्यको लगानी रहेको छ ।

अबका दिनमा नेपालका काठमाडौं, पोखरा, विराटनगर आदि मुख्य सहरको सही सार्वजनिक यातायात व्यवस्थापनमा जर्मनीको म्युनिख यातायात प्राधिकरणजस्तै सबल यातायात व्यवस्थापन संस्था गठन हुनुपर्ने टड्कारो आवश्यकता छ । यो सिस्टमलाई क्रमबद्ध रूपमा नेपालभरि विस्तार गर्नुपर्छ । यातायातसम्बन्धी ज्ञान, सीप भएका सक्षम व्यक्ति नियुक्त गरी यस्तो संस्थाको संठनात्मक संरचना बनाई यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्छ ।

मेट्रोरेल, मोनोरेल, ट्राम, बस र्‍यापिट ट्रान्जिट र केबुलकारमध्येको उत्तम विकल्प

सार्वजनिक यातायात सञ्चालनमा एकीकृत प्रणाली विकास गर्नुपर्छ । यो प्रणालीमा मेट्रोरेल, मोनोरेल, ट्राम, बस र्‍यापिट ट्रान्जिट, केबुलकार सबै हुन सक्छन् वा कुनै दुई वा दुईभन्दा बढी हुन सक्छन् । जस्तै, न्युयोर्क हेऱ्यो भने बस र मेट्रोरेल, बर्लिनमा मेट्रो लाइट रेल, बस र ट्राम लोकप्रिय छन् । यसरी सहरैपिच्छे आ-आफ्नै सिस्टम छन् । हाम्रो देशका लागि पनि उपयुक्त

विकसित देशका उच्च ओहोदाका व्यक्तिले पनि निर्धक्क साथ सार्वजनिक यातायातका साधन प्रयोग गरेर लोकप्रिय भएका थुप्रै उदाहरण छन् । सोही कारणले ती देशमा सार्वजनिक यातायातले महत्व पाउने गरेको छ ।

सार्वजनिक यातायात के हुन सक्छ भन्ने टुक्रे अध्ययन धेरै भएका छन् । यसबाट हामी अगाडि बढ्नन सक्दैनौँ । त्यसैले दक्ष कन्सल्टिङ कम्पनीमार्फत ६ देखि १२ महिना समय लगाई एकीकृत योजना बनाउनुपर्छ । हामीसँग विभिन्न टुक्रे अध्ययन प्रतिवेदन भएकाले छोटो समयमा एकीकृत योजना बनाउन सकिन्छ । लगानी बोर्डले धुलिखेलदेखि नागढुंगासम्म मेट्रो रेल बनाउन अध्ययन गर्ने प्रक्रिया सुरू गरेको छ । एकीकृत योजना बनाउँदा यस परियोजनालाई दृष्टिगत गरी अध्ययन प्रतिवेदन तयार गर्नुपर्छ ।

काठमाडौंका सडकलाई प्राइमरी, सेकेन्डरी र टर्सरी रूटमा विभाजन गरिएको छ । प्राइमरी रूटमा ठूलो क्षमताका सवारीसाधन, सेकेन्डरी रूटमा मझौला ३०/४० सिटेभन्दा माथि र टर्सरीमा साना सवारीसाधन चलाउने व्यवस्था तुरून्तै मिलाउनुपर्ने देखिन्छ । ढिलै भए पनि काठमाडौं महानगर यातायातको हाइटेक बस सञ्चालनमा ल्याइरहेको छ भने साझा यातायातले पनि बस थप्दै छ । तर, बस थप्ने काम योजनाबद्ध तरिकाले हुनु जरूरी छ । अहिले सरकारले बाहिरी चक्रपथ बनाउने योजना अगाडि बढाएको छ, जुन सकारात्मक कदम हो । तर, अहिले सडक विस्तारका योजना सँगसँगै सार्वजनिक यातायातमा सुधार गरिएन भने अहिलेको सवारी समस्या ज्यूँका त्यूँ रहन्छ ।

हाल काठमाडौं उपत्यकामा मात्र १२ लाख हाराहारी सवारी साधन प्रयोगमा आएका छन् । यो संख्या वार्षिक २० प्रतिशत हाराहारी बढ्दो छ । सार्वजनिक सवारीसाधनको समुचित व्यवस्थापन हुन नसक्दा काठमाडौं उपत्यकामा रातीको समय गन्तव्यमा पुग्न सवारी साधन उपलब्ध हुन नसक्नुजस्ता कारणले राजधानीजस्तो अव्यवस्थित सहरमा निजी सवारी साधन चढ्नु रहर नभएर बाध्यता बनेको छ ।

सार्वजनिक सेवा विश्वसनीय बनाउन २४ सै घन्टा उपलब्ध गराउनुपर्छ । आउजाउ गर्न जुनसुकै समय सवारी पाउने भएपछि आर्थिक अवस्था पनि बढेर जान्छ । जुनसुकै ठाउँमा पुगेकाहरु ढुक्कसँग काम सकेर घर फर्कन पाउनेछन् । त्यसैले सरकारले सार्वजनिक सवारी सञ्चालनका लागि विशेष कदम चाल्नु आवश्यक छ । संसारभरिकै उदाहरण हेर्ने हो भने सार्वजनिक यातायात अनुदानमा चलेका हुन्छन् । यदि यसलाई सेवामुखी बनाउने हो भने अनुदानको विकल्प छैन । अनुदान नहुँदा नागरिकले बस सेवाको सुबिस्ता अनुभव गर्न पाएका छैनन् । बस सञ्चालक नाफा कमाउनुपर्ने बाध्यतामा छन् । नाफा कमाउन बस सुरक्षित, आरामदायी, विश्वसनीय बनाउनुपर्ने हो । तर, यी विशेषता ओझेल परेका छन् । यिनै कारणले मानिस सार्वजनिक यातायात गरिबका लागि मात्र हो भन्ने गर्छन् । आज १२ सिटे माइक्रोबसमा २० जनासम्म अटाएर यात्रा गराइरहेको हुन्छ ।

यस्तो गर्दा यात्रीले कष्ट सहनुपर्छ । दुःख, कष्ट गरिबले मात्र भोग्छन् भन्ने मानसिकताले पनि सार्वजनिक यातायात गरिबको सवारी बनेको छ । अर्बौं खर्चेर सडक विस्तार गर्न सक्ने सरकारले सार्वजनिक यातायात सुधारका लागि पनि खर्च जुटाउन सक्छ भन्नेमा दुईमत छैन । कोलम्बियाको बोगार्टा सहरलाई उदाहरणका स्र्यमा लिऔं । यो सहरमा बस सेवाको विकासले त्यहाँको ट्राफिक समस्य सहजै हल भयो । यो निजी-सरकारी साझेदारीमा सञ्चालन गरिएको सार्वजनिक यातायातको सफल उदाहरण हो । यो ट्रान्समिलिनियोको नामले संसारभरि प्रख्यात छ ।

अहिले बोगार्टामा सडक दुर्घटनाबाट हुने मृत्युदर ६० प्रतिशतले कमी आएको छ । त्यसैगरी ट्राफिक जाम न्यूनीकरणमा सहयोग पुगेको छ । नेपालमा पनि निजी र सरकार मिलेर यस्तो उदाहरणीय काममा अघि बढ्नु उचित देखिन्छ । नेपालमा पनि अब यस्तो दिन आउनुपर्छ, प्रधानमन्त्री-राष्ट्रपति गर्वका साथ सार्वजनिक यातायातमा आउजाउ गर्न सकून् ।

नेपालमा सार्वजनिक यातायातको प्रवर्द्धन गर्न अन्य सहरको अनुभवबाट सिक्नुपर्ने खाँचो छ । सार्वजनिक यातायातले मानिसको जीवनस्तर सुधार गर्न र सडक दुर्घटना नियन्त्रण गर्ने क्षमता राख्दछ । नेपालीलाई सफा, सुरक्षित, आरामदायी र सस्तो सार्वजनिक यातायातको खाँचो छ, जसले सबै वर्गका लागि आकर्षक सेवा उपलब्ध होस् । जब सार्वजनिक यातायातको सेवा निजी सवारी साधनको हाराहारी पुग्छ, तब समाजका सबै वर्गका मानिस सार्वजनिक यातायातमा आकर्षित हुनेछन् । विकसित राष्ट्रमा हेर्ने हो भने सार्वजनिक यातायात सबै वर्गले प्रयोग गर्छन् । यो धनीले र गरिबले प्रयोग गर्ने भन्ने मतभेद छैन ।

सार्वजनिक यातायातले मानिसको जीवनस्तर सुधार गर्न र सडक दुर्घटना नियन्त्रण गर्ने क्षमता राख्दछ । नेपालीलाई सफा, सुरक्षित, आरामदायी र सस्तो सार्वजनिक यातायातको खाँचो छ, जसले सबै वर्गका लागि आकर्षक सेवा उपलब्ध होस् ।

यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको वास्तविक वस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मुख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यवस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीक रण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाँउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रमा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्ने । धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

  धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (निःशुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड

पो.व. नं. ९०३१, खुमलटार, ललितपुर

फोन: ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११

फ्याक्स: ०१-५५४१०५८ टोल फ्रि.नं. १६६०-०१-४४४३३

वेबसाइट: **www.sebon.gov.np** ईमेल ठेगाना: **support@sebon.gov.np**

ऊर्जा सुरक्षा र चाल्नुपर्ने कदम

विद्युत्को व्यावसायिक उत्पादन क्षमतालाई आधार मान्दा अहिलेसम्म सम्भावनाको ५ प्रतिशत पनि उपयोग गर्न सकिएको छैन । अहिले सरकारी क्षेत्रबाट निर्माण हुँदै गरेका ६७० मेगावाटका ७ आयोजना र निजी क्षेत्रबाट ३,५०६ मेगावाटका १३८ आयोजना निर्माणाधीन छन् । यी आयोजनाबाट उत्पादित बिजुली नेपालभित्रै खपत गरेर पनि बाहिरी बजार खोज्नैपर्ने अवस्थामा हामी छौँ

उमेश श्रेष्ठ

पछिल्लो पाँच वर्षमा नेपालको प्रतिव्यक्ति ऊर्जा खपत दोब्बरले बढेको छ । आर्थिक वर्ष ०७२/७३ सम्म हाम्रो प्रतिव्यक्ति ऊर्जा खपत १३० किलोवाट प्रतिघन्टा थियो भने ०७७/७८ मा यस्तो खपत शतप्रतिशत वृद्धि भएर २६० किलोवाट प्रतिघन्टा पुगेको छ । यद्यपि हामी दक्षिण एसियाका भारत, भुटान, बंगलादेश, श्रीलंका, पाकिस्तान, मालदिभ्सको तुलनामा अझै पछाडि नै छौँ । विद्युतीय ऊर्जाको सुलभ र गुणस्तरीय आपूर्ति विस्तार भएसँगै ऊर्जा उपभोगमा गुणात्मक वृद्धिका उपायमा अहिले सरकार तथा निजी क्षेत्रले (प्रतिनिधिमूलक संघ-संस्थामार्फत) गृहकार्य गरिरहेका छन् ।

ऊर्जाको उत्पादन, प्रसारण, वितरण र उपभोग सम्पूर्ण इकोसिस्टममा हामीले अनुभूत गर्न सकिने गरी सुधार ल्याउनुपर्नेछ । ऊर्जा क्षेत्र विकास र सुधारसम्बन्धी पछिल्लो दशकमा भएका पटक-पटकका नीतिगत परिवर्तनलाई ख्याल गर्दै भरपर्दो, परिणाममुखी र विश्वसनीयता अभिवृद्धि गर्ने सुधारसम्बन्धी नीतिगत व्यवस्थातर्फ सरकार अघि बढेको छ । यसले यस क्षेत्रका लगानीकर्ताका लागि नीतिगत स्थिरता, स्पष्टता प्रदान गर्नुका साथै लगानी आकर्षण र लगानीको संरक्षणमार्फत नयाँ आशा र उत्साहको सञ्चार गराउनेछ ।

विगतमा खासगरी विद्युतीय ऊर्जाको उपलब्धताको कमीका कारण पनि नेपाली समाजको अभिमुखीकरण विद्युत् खपतमा किफायती हुने ढंगले विकास भयो । विद्युत् उत्पादन र आपूर्तिमा हासिल भएको गुणात्मक फड्कोसँगै नेपाली समाजको यो अभिमुखीकरणलाई परिवर्तन गर्नुपर्नेछ भने सँगसँगै घरायसी उपभोगमा रहेको विद्युत् महसुल संरचना तथा विद्युतीय सामग्रीको उपयोग बढाउन कर, भन्सार छुट तथा उपभोक्तालाई प्रोत्साहन गर्ने अन्य स्किम जरूरी छन् । विद्युत् खपत वास्तवमा जीवनस्तर मापन र समृद्धिको सूचक पनि हो । ठूलो जनसंख्या भएका हाम्रा दुई छिमेकी देश चीन र भारतमा प्रतिव्यक्ति ऊर्जा खपत क्रमशः ५००० किलोवाट प्रतिघन्टा र १००० किलोवाट प्रतिघन्टाभन्दा धेरै छ ।

समग्र विद्युत् क्षेत्रको विकास र सुधारका लागि केही मूलभूत पक्षमा ध्यान दिनुपर्नेछ । यसलाई मुख्यतः निम्न पाँच बुँदामा केन्द्रित गरेको छु ।

विद्युत् क्षेत्रको व्यवस्थापन

नेपालमा जलविद्युत् उत्पादनको ११० वर्षको इतिहासमा सरकार अर्थात् नेपाल विद्युत् प्राधिकरण र यसका सहायक कम्पनीबाट क्रमशः ६४९ मेगावाट र ४७८ मेगावाट तथा स्वतन्त्र ऊर्जा उत्पादक (निजी क्षेत्र) बाट ९१३ मेगावाट उत्पादन भई २०४० मेगावाट विद्युत् उत्पादन भएको छ । नेपालको कुल विद्युत् उत्पादन सम्भाव्यता ८३,००० मेगावाट र ४४ हजार मेगावाट व्यावसायिक उत्पादनको सम्भावना छ । व्यावसायिक उत्पादन क्षमतालाई आधार मान्दा अहिलेसम्म सम्भावनाको ५ प्रतिशत पनि उपयोग गर्न सकिएको छैन । अहिले सरकारी क्षेत्रबाट निर्माण हुँदै गरेको ६७० मेगावाटका ७ आयोजना र निजी क्षेत्रबाट ३,५०६ मेगावाटका १३८ आयोजना निर्माणाधीन छन् । निर्माणाधीन १,८५२ मेगावाटका ९९ आयोजनाबाट विद्युत् खरिद सम्झौता (पीपीए) भएको छ । २,०४५ मेगावाटका ४५ आयोजना ग्रीड कनेक्सन एग्रिमेन्ट गरेर पीपीएको पर्खाइमा छन् ।

निजी क्षेत्रबाट अहिलेसम्म विद्युत् उत्पादनका क्षेत्रमा १० खर्ब रूपैयाँ लगानी भइसकेको स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था (इप्पान) को तथ्यांक

छ । स्वच्छ, हरित र नवीकरणीय ऊर्जाको आवश्यकतालाई दृष्टिगत गर्दा आगामी दशकमा विद्युत् क्षेत्रमा ठूलो लगानी थपिँदै छ । यस सन्दर्भमा विद्युत् क्षेत्रको कुशल व्यवस्थापन महत्वपूर्ण छ ।

यस क्षेत्रको व्यवस्थापन भन्नाले लगानीमा सहजीकरण (वन, वातावरण तथा निर्माण क्षेत्रसँग सम्बन्धित विषय), समयमै प्रसारण लाइन निर्माण, वितरण सञ्जाल, विद्युतीकरणमा तीव्रतामार्फत आपूर्ति प्रणालीलाई चुस्त बनाउन नेपाल विद्युत् प्राधिकरण तथा यसका सहायक कम्पनीको क्षमता विकास आवश्यक छ । एक शताब्दी लामो जलविद्युत् उत्पादनको अनुभव बोकेको नेपालले कार्यानुभव, विज्ञता तथा अनुसन्धान र विकासका हिसाबले एउटा विशिष्टता केन्द्र (सेन्टर अफ एक्सिलेन्स) को रूपमा आफूलाई विकास गर्नुपर्नेछ । केही समयअघि मैले काठमाडौं विश्वविद्यालयको टर्बाइन टेस्टिङ ल्याबको अवलोकनका क्रममा त्यहाँ सिल्टेसनका कारण चाँडै टर्बाइन खिइने समस्या निराकरण हुने गरी लामो आयुका टर्बाइन कसरी विकास गर्न सकिन्छ भन्ने सम्बन्धमा भइरहेको अनुसन्धानबारे बुझ्ने अवसर पाएको थिएँ । विद्युत् क्षेत्रमा नेपालको आफ्नो अनुभव, दक्षता तथा विज्ञतालाई संग्रह गर्ने त्यस्ता 'सेन्टर अफ एक्सिलेन्स' हामीकहाँबाट ज्ञान र प्रविधि विश्वभर प्रसार हुने वातावरण तयार गर्नुपर्छ ।

विद्युत् क्षेत्रको व्यवस्थापनका लागि केही नीतिगत प्रबन्ध आवश्यक छन् । ऊर्जा उपभोगका अतिरिक्त विद्युत् क्षेत्रमा निर्मित संरचनामार्फत हुन सक्ने अन्य आर्थिक गतिविधि पर्यटन, सिँचाइ, कृषिसम्बन्धी गतिविधि सञ्चालन गर्न सकिन्छ । यस सन्दर्भमा हामीले निम्न कार्य गर्न सक्छौँ :

- जलाशययुक्त र बहुउद्देश्यीय जलविद्युत् आयोजना सञ्चालन गरी सिँचाइ, मत्स्यपालनलगायत अन्य पर्यटकीय गतिविधि आकर्षित गर्ने ।
- देशभित्र चुस्त प्रसारण र वितरणको संयन्त्र विकास गर्ने ।
- मुलुकभित्र सबै जनसंख्यालाई दीर्घकालीन ऊर्जा पहुँच (सस्टेनेबल इनर्जी फर अल) प्रदान गर्ने ।
- भारतसँग इनर्जी बैंकिङको अवधारणा प्रभावकारी कार्यान्वयनमा ल्याउने ।
- नेपाल, भारत, बंगलादेश त्रिदेशीय साझेदारीमा नेपालको विद्युत् व्यापारको प्रबन्ध मिलाउने ।
- अन्तरदेशीय विद्युत् प्रसारण लाइनका अतिरिक्त उपक्षेत्रीय र क्षेत्रीय तहमा इनर्जी ग्रीड कनेक्टिभिटी विकासका लागि पैरवी गर्ने र विद्युत् व्यापार मोडालिटी तय गर्ने ।
- विद्युत् व्यापारका लागि निजी क्षेत्रलाई समेत खुला गर्ने ।
- विदेशी लगानीकर्ताले जलाशययुक्त आयोजना विकासका लागि विदेशी मुद्रामा लिएको ऋणको साँवाब्याज भुक्तानी गरिसक्ने अवधिका लागि मात्र परिवर्त्य विदेशी मुद्रामा विद्युत् खरिद सुविधा दिने र बाह्य लगानी आकर्षित गर्ने ।
- पुराना र स-साना जलविद्युत् परियोजनालाई नेपालमा हाइड्रोपावर विकाससम्बन्धी अध्ययनका लागि विश्व विद्यालयलाई दिने र अभ्यासमा आधारित अध्ययनलाई प्रचार-प्रसार गरी त्यहाँ विदेशी विद्यार्थीसमेत आकर्षित गर्ने ।
- मुलुकभित्र विद्युत् खपत बढाउन र हरित प्रविधिमा आधारित उद्योगका लागि विद्युत् महसुलमा छुट दिने, विद्युतीय सवारी साधन र घरयासी उपकरणमा करका दर न्यून गर्ने ।
- विद्युत् कम्पनीहरूको संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत विद्युत् आयोजना क्षेत्रमा र प्रभावित क्षेत्रमा नर्सरी विकास, फलफूल तथा तरकारी खेती, माछापालनलगायतका उत्पादनमूलक कार्यमा प्रोत्साहित गर्ने ।
- विद्युत् आयोजना क्षेत्रका खाली जमिनको सदुपयोग गर्दै ऊर्जा मिश्रणको अवधारणा लागू गरी सम्भाव्यताअनुसार सौर्य र वायु ऊर्जा जडान गरी विद्युत् उत्पादनका सम्भाव्य सबै स्रोतको उच्चतम परिचालन गर्ने ।
- जग्गाको सट्टा भर्ना तथा रूख रोप्ने (१:२५) बन्द गरी जग्गा र रूख कटानको शुल्क निर्धारण गरी राजस्वमा परिणत गर्ने र वन विकासको कार्य सरकारले वा खुला प्रतिस्पर्धाका माध्यमबाट निजी वा सामुदायिक क्षेत्रमार्फत गराउने ।
- नदी बेसिनको संरक्षणका लागि त्यस्ता नदी करिडोरमा रहेका विद्युत् आयोजनालाई प्रोत्साहित गर्ने ।

निजी क्षेत्रबाट निर्माण तथा सञ्चालन भएका जलविद्युत् आयोजना ३० वर्षपछि स्वतः नेपाल सरकारको स्वामित्वमा आउनेछन् । यी आयोजनाको हस्तान्तरणसँगै व्यवस्थापन, मर्मतसम्भारको दायित्व सरकारमा सर्नेछ । यसका अतिरिक्त हामीकहाँ प्राकृतिक विपद्को जोखिम उच्च छ । विपद् पूर्वतयारीदेखि जलवायु परिवर्तनले उत्पन्न गरेका प्रतिकूल प्रभावको सामना गर्दै नदी बेसिनको संरक्षणका क्षेत्रमा पनि काम गर्नुपर्नेछ । समग्रमा हेर्दा विद्युत् क्षेत्रको व्यवस्थापन बृहत्, विभिन्न क्षेत्रसँग आपसमा अन्तरसम्बन्धित र ऊर्जाको दिगो उपभोगको सुनिश्चतता लागि अत्यन्त महत्वपूर्ण छ ।

ऊर्जा किफायती प्रविधिमा आधारित सामग्रीको प्रयोगमार्फत उपभोक्तालाई ठूला भार नपारीकन तिनका दैनिक जीवनमा आवश्यक पर्ने अधिकतम विद्युतीय सामग्री प्रयोग गर्न सक्छन्, यसले विद्युत् खपत पनि वृद्धि हुन्छ ।

बिजुली खपत वृद्धि

यतिबेला मुख्यतः विद्युत् खपत तत्काल वृद्धि गर्न सकिने क्षेत्रमाथि अध्ययन भइरहेको छ । नेपाल आयल निगमका अनुसार खाना पकाउन प्रयोग हुने एलपीजी वार्षिक खपत आर्थिक वर्ष ०७७/७८ मा ५ लाख टन पुगेको छ, जुन ३४ अर्ब रूपैयाँ बराबर छ । एलपीजीको उपभोगलाई क्रमशः विद्युत्ले प्रतिस्थापन गर्दै लैजान सकिन्छ । विद्युतीकरण तथा विद्युत् आपूर्तिमा प्रगति भए पनि खाना पकाउन विद्युत्को प्रयोग निकै कम हुँदै आएको छ । विश्व बैंकले सन् २०१९ मा गरेको सर्वेक्षणअनुसार १० मध्ये २ भन्दा कम घरपरिवारले मात्र खाना पकाउन अत्याधुनिक ऊर्जा प्रयोग गर्छन् । खाना पकाउने कार्यमा अझै पनि ७० प्रतिशतले दाउरा तथा परम्परागत ऊर्जाको प्रयोग गर्छन् । यस्ता ऊर्जा स्रोत स्वास्थ्यका लागि हानिकारक छन् भने वातावरण प्रदूषण पनि त्यत्तिकै गर्छन् । यो वर्गलाई विद्युत् तथा विद्युतीय चुल्होमा सुविधा दिएर विद्युत् उपभोग गर्न प्रोत्साहित गर्नुपर्छ ।

अर्कोतर्फ तत्कालीन अवस्थामा पनि उद्योगहरूले माग्नासाथ विद्युत् दिन सकियो भने विद्युत् खपत बढाउन सकिन्छ । उद्योगीले उद्योगमा जडित थर्मो फ्लुइड हिटिङ सिस्टमको सट्टा विद्युत्मा आधारित हिटिङ सिस्टम राख्न सक्छन् । यसले उद्योगमा तत्काल विद्युत् माग बढ्छ । खाना पकाउन तथा उद्योगमा थर्मल आयल बोइलरको सट्टा विद्युत्को प्रयोगले कार्बन उत्सर्जन कटौती, पेट्रोलियम पदार्थ आयातमा निर्भरता न्यूनीकरण भई मुलुकले विदेशी मुद्रा सञ्चितिको लाभ लिन सक्छ ।

गार्हस्थ क्षेत्रमा विद्युत्को उपभोग बढाउन विद्युत् महसुल संरचनामा परिवर्तन र विद्युतीय उपकरण- रेफ्रिजेरेटर, वासिङ मेसिन, कुलर, एयर कन्डिसन, पंखा, हिटरलगायतको आयातमा भन्सार छुटमार्फत उपभोक्ताले सस्तो मूल्यमा यस्ता वस्तु खरिद गर्न सक्ने प्रबन्ध गर्नुपर्छ ।

विश्वव्यापी तापमान वृद्धिको कारक रहेको कार्बन उत्सर्जन न्यूनीकरणमा नेपालको विश्वव्यापी प्रतिबद्धता पूरा गर्न विद्युतीय सवार ीसाधनलाई प्रवर्द्धन गर्नुपर्छ । सार्वजनिक र निजी सवारीसाधनका लागि चार्जिङ स्टेसन निर्माण, नेपालमै विद्युतीय सवारीसाधन एसेम्ब्लिङ तथा विद्युतीय सवारीसाधन आयातमा प्रोत्साहन, सहरी परिवहन पूर्वाधार, मेट्रो तथा मोनोरेल निर्माण अघि बढाउनुपर्छ ।

विद्युत् आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन

नदी प्रवाही (आरओआर) जलविद्युत् आयोजनामा सुक्खायाममा विद्युत् उत्पादन घट्न जाने हुँदा भारतबाट विद्युत् आयात गर्नुपर्ने बाध्यता छँदै छ । भारत र नेपालमा विद्युतीय लोडको संरचना फरक छ । हामीकहाँ जाडोयाममा बढी विद्युत् खपत हुन्छ भने भारतमा गर्मीयाममा बढी विद्युत् खपत हुन्छ । लोडको यसखालको संरचनाका कारण नेपाल र भारतबीच इनर्जी एक्सचेन्जको अवधारणा लागू गर्न सकिन्छ । गर्मीयाममा हामीसँग बढी भएको विद्युत् भारत पठाउने र जाडोयाममा सोही परिमाणमा विद्युत् आयात गरी गर्मीयाममा खेर जाने विद्युत्को सदुपयोग गर्न सकिन्छ ।

यसका अतिरिक्त मध्य तथा दीर्घकालमा यस समस्याको समाधानका लागि हामीले जलाशययुक्त र अर्धजलाशययुक्त आयोजनाको विकासलाई प्रोत्साहित गर्नुपर्छ । साथै, स्वदेशी उत्पादकलाई प्रसारण लाइन र आयोजना पहुँच सडकमा दिएको सहुलियतसम्बन्धी प्रतिबद्धता कार्यान्वयनमा सरकार प्रतिबद्ध हुनुपर्छ । विद्युत् खेर जाने वर्षायाममा मौसमी उद्योगलाई सस्तो विद्युत् वा समग्र औद्योगिक क्षेत्रलाई सस्तो विद्युत् प्रदान गर्ने नीतिले औद्योगिक उत्पादन तथा रोजगारी वृद्धि भई आर्थिक विस्तारमा टेवा पुग्छ ।

अहिले विद्युत् उत्पादन २ हजार मेगावाट नाघे पनि पिक अवधिको खपत १,५०० मेगावाट मात्र छ । निर्माणाधीन र पाइपलाइनमा रहेका जलविद्युत् अयोजनाको उत्पादन हिसाब गर्दा सन् २०२५ सम्म ७,३०० मेगावाट विद्युत् उत्पादन हुने र माग २,६०० देखि ३,००० मेगावाट हाराहारी रहने प्रक्षेपण छ । स्वदेशमा खपत गरी बचत भएको विद्युत् व्यापारमार्फत हामीले मुलुकको व्यापार असन्तुलन कम गर्न सक्छौं । विद्युत् व्यापारका लागि अन्तरदेशीय विद्युत् प्रसारण लाइन, क्षेत्रीय तथा उपक्षेत्रीय इनर्जी ग्रीड कनेक्टिभिटी तथा भारतसँग इनर्जी बैंकिङ र अन्य देशसँग विद्युत् व्यापार सम्झौता (पावर ट्रेडिङ एग्रिमेन्ट) गर्ने कार्यलाई तदारूकता दिनुपर्नेछ ।

औद्योगिकीकरण तथा व्यापार घाटा न्यूनीकरण

नेपाल कृषि अर्थतन्त्रबाट एकैपटक सेवा क्षेत्रले नेतृत्व गरेको आर्थिक विस्तारमा प्रवेश गऱ्यो । खासगरी वैदेशिक रोजगारी खुला गरी राहदानी वितरणमा गरिएको सुधारले रेमिट्यान्स अर्थतन्त्र टिकाउने प्रमुख आधार बन्न पुगेको हो । तर, मुलुकमा समावेशी आर्थिक विकास तथा आर्थिक स्थायित्वका लागि औद्योगिक क्षेत्रको विकास अपरिहार्य छ । नेपालमा सन् २००० को प्रारम्भदेखि नै औद्योगिक पतन (डिइन्डस्ट्रियलाइजेनस) को अवस्था देखापऱ्यो । उद्योग सञ्चालनमा सशस्त्र द्वन्द्वदेखि श्रम समस्या, पूर्वाधार अभाव, महँगो ढुवानी, वस्तु निर्यात गर्न अनुमानयोग्य वातावरण अभावलगायत अनेकौं समस्यासँगै विद्युत् कटौती (लोडसेडिङ) प्रमुख कारण रह्यो ।

यसले गर्दा पछिल्लो २० वर्षमा सेवा क्षेत्रको अनुपातमा अर्थतन्त्रका कुनै पनि क्षेत्र विस्तार हुन सकेनन् । फलस्वरूप नेपाल आयातमा आधारित उपभोग गर्ने अर्थतन्त्रका रूपमा दरिन पुग्यो । यसखाले अर्थतन्त्रको संरचनात्मक पक्षलाई सुधार गर्न अब उपयुक्त समय आएको छ ।

जीडीपीमा योगदान (प्रतिशत)			
	प्राथमिक क्षेत्र (कृषि, वन)	द्वितीय क्षेत्र (म्यानुफ्याक्चरिङ लगायत)	सेवा क्षेत्र
०५७/५८	३७.६	१४.४	४८
०६७/६८	३४	१३.९	५२.२
०७७/७८	२६.४	१२.५	६१.१
स्रोतः केन्द्रीय तथ्यांक विभाग			

औद्योगिक नीतिमा सुधार गरेर नयाँ उद्योगमा लगानी आकर्षण गर्ने, विद्युत् र श्रम बढी खपत बढी हुने (इनर्जी एण्ड लेबर इन्टेन्सिभ) उद्योगहरू- फलाम उद्योग, ढूला सिमेन्ट उद्योग लगायतलाई प्रोत्साहन गर्नुपर्छ । सरकारले बजेटमार्फत् नेपालमै विद्युतीय सवारीसाधन उत्पादन र एसेम्ब्लिङ्ग प्लान्टलाई जग्गा उपलब्ध गराउने साथै कर छुट दिने व्यवस्था गरेको छ । यसका अतिरिक्त फलामको कच्चा वस्तु (स्पन्ज आइरन) ल्याएर स्वदेशमै बिलेट तथा रड उद्योगलाई प्रोत्साहन गरिएको छ । उर्जा-सघन उद्योगहरूमार्फत् उर्जाको खपत पनि बढाउने र औद्योगिक उत्पादन वृद्धि गर्ने सरकारको यो नीतिले मुलुकमा औद्योगिकरणलाई टेवा दिने अपेक्षा गरिएको छ । औद्योगिकरणका लागि व्यवसायिक वातावरणमा सुधारका विविध पक्षमा प्रवेश गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त सुलभ र विश्वसनीय विद्युत् आपूर्तिको सुनिश्चितताले उद्योगका लागि आधारभूत आवश्यकताको व्यवस्था गर्न सक्षम अवस्थामा हामी आइपुगेका छौं ।

ऊर्जा सुरक्षा र दक्षता

विद्युत् वितरण प्रणालीलाई चुस्त र दुरूस्त बनाई आपूर्तिको विश्वसनीयताले घरायसी र औद्योगिक उपभोग वृद्धि हुन्छ । अहिले ९३ प्रतिशत जनसंख्यामा ग्रीडको विद्युत्को पहुँच पुगेको छ । ऊर्जाको उपभोग वृद्धि गर्न ऊर्जा किफायती सामग्री प्रयोग बढाउन सकिन्छ । यसले उपभोक्तामा ठूलो भार नपरीकन पनि तिनका दैनिक जीवनका ऊर्जा आवश्यकतालाई विद्युतीय ऊर्जाको प्रयोगमार्फत पूरा गर्न सक्छन् ।

ऊर्जा दक्षताका माध्यमबाट अन्य खालका ऊर्जा प्रयोग गरी पुरा गरिने दैनिक आवश्यकतालाई लागत किफायती ढंगले विद्युतीय ऊर्जाको प्रयोगबाट प्रतिस्थापन गर्न सकिन्छ ।

ऊर्जा किफायती प्रविधिमा आधारित सामग्रीको प्रयोगमार्फत उपभोक्तालाई ठूला भार नपारीकन तिनका दैनिक जीवनमा आवश्यक पर्ने अधिकतम विद्युतीय सामग्री प्रयोग गर्न सक्छन्, यसले विद्युत् खपत पनि वृद्धि हुन्छ ।

अर्कोतर्फ ऊर्जा सुरक्षा कुनै पनि मुलुकका लागि अपरिहार्य सर्त हो । सन् २०२३ सम्म हामीले सबै जनसंख्यालाई स्वच्छ, सुलभ र विश्वसनीय ऊर्जा आपूर्ति गरी विगतमा ऊर्जा आपूर्तिमा भोग्दै आएको चुनौतीपूर्ण अवस्थालाई निवारण गर्नेछौं ।

स्वच्छ, नवीकरणीय र दिगो उर्जाको स्रोतको पर्याप्त उपलब्धता तथा प्रसारण र वितरण प्रणाली सुधारले पेट्रोलियम पदार्थको आयात क्रमशः पुनःस्थापन गर्दै स्वदेशी ऊर्जा उपभोगलाई प्राथमिकता दिनुपर्छ । औद्योगिक विकास, सिँचाइ, सवारीसाधन, खाना पकाउन विद्युत्को प्रयोगलगायतले हाम्रो ऊर्जाको उपभोग बढ्ने मात्र नभई हामी ऊर्जा सुरक्षाका हिसाबले पनि सम्पन्न हुन सक्छौं । ऊर्जा सुरक्षाप्रति थप भरपर्दो वातावरण निर्माणका लागि थप नवीकरणीय वैकल्पिक ऊर्जा स्रोत सौर्य तथा वायु ऊर्जालगायतको प्रयोगबाट जलविद्युत् प्लान्टबाट यो स्रोतको अधिकतम उपयोग (अप्टिमाइज) गर्न सकिन्छ ।

दिनको समय सौर्य ऊर्जा चलाउने र रातको समय वा घाम नलागेका बेला जलविद्युत् प्लान्ट चलाएर ऊर्जा-मिश्रण विधिमा जान सकिन्छ । त्यस्तै, हिउँदयाममा जडित क्षमताभन्दा एक तिहाइ मात्र विद्युत् उत्पादन हुने नदी प्रवाही (रन अफ द रिभर) प्रकृतिका आयोजनामा भन्दा पनि पिकिङ र जलाशययुक्त विद्युत् अयोजनालाई प्राथमिकता दिनेतर्फ सरकारले अग्रसरता लिएको छ ।

Dabur
Honey
CHOOSE
WORLD'S NO.1*
HONEY BRAND
STAY FIT, STAY IMMUNE.
Dabur
Honey
PURITY GUARANTEED
Dabur
Honey
SQUEEZY
*As per global syndicate study report of Honey category 2019-2020 by a market research agency. Dabur Honey is the highest selling brand by volume in the world.

www.civilbank.com.np
Toll Free No.: 16600183333

Insurance Partner
MetLife

खुत्रुके खाता

Super Premium
Savings Account

*शर्तहरु लाग्नु हुनेछ।

*Conditions Apply

- सर्वाधिक वार्षिक व्याजदर **८.०५ %**
- आफ्नो चाहना अनुसार **रू ५००** बाट निक्षेप योजना शुरु गर्न सकिने
- न्यूनतम निक्षेप अवधि **२ वर्ष**
- बचतमा सर्वाधिक व्याजदर **७.०५ %**
- ६ घातक रोगहरुको **रू २ लाख** सम्मको नि:शुल्क बीमा
- **नि:शुल्क** डेबिट कार्ड, एस.एम.एस/मोबाईल बैंकिङ्ग र इन्टरनेट बैंकिङ्ग सुविधा

थप जानकारीको लागि 'KK' टाइप गरी ३३९९३ मा SMS गर्नुहोस् ।

थप जानकारीको लागि 'SUPER' टाइप गरी ३३९९३ मा SMS गर्नुहोस् ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Class "A" Institution Licensed by Nepal Rastra Bank

ISO 9001:2015 Certified Financial Institution

प्रधान कार्यालय/मुख्य शाखा
सिभिल ट्रेड सेन्टर, सुन्धारा, काठमाण्डौ,
फोन नं.: ४२५१०८७, ४२५१०१५,फ्याक्स नं.: ४२५१०३६
ई-मेल: info@civilbank.com.np

कोभिडपछिको अवसर र अर्थतन्त्र

अरू देशका अभ्यासमा पनि आफ्ना नागरिकले विदेशमा आर्जन गरेको धन, ज्ञान र सीपको प्रयोगमा सरकार तथा नियामक निकायले सहजीकरण गरेका हुन्छन् । तर, हामीले कोरोना महामारीका कारण विदेशबाट फर्किएकाहरूको श्रम, सीपलाई बेवास्ता गरेर हातमै आएको अवसरबाट पनि चुक्नुपरेको छ

डा. कुसुम शाक्य

छिमेकी मुलुक चीन, युरोप तथा अमेरिकामा कोभिडको प्रभाव केही पहिला सुरू भएपनि नेपालमा भने कोभिडको प्रभाव अलि पछाडि नै देखियो । खासगरी कोभिड महामारीका दुवै लहर छिमेकी भारतसँगै नेपालमा पनि देखियो । आर्थिक, सामाजिक सम्बन्ध भारतसँगै बढी रहेकाले त्यहाँको प्रभाव र असर यहाँ देखिनु स्वाभाविकै हो । खुला सीमा पनि आवश्यक परेका बेला नियमन र नियन्त्रण गर्न सकिने हुनुपर्ने रहेछ भन्ने यसबाट हामीलाई शिक्षा भएको छ ।

महामारी, प्राकृतिक प्रकोप तथा दैवीविपत्तिजस्ता अप्ठ्याराले छिटो प्रभाव पार्ने अर्थतन्त्रलाई नै हो । कृषि, पर्यटन, होटल, पूर्वाधारदेखि नेपालको सबैजसो क्षेत्रमा कोभिडको असर पऱ्यो । केही व्यवसाय अहिलेसम्म तंग्रिन सकेका छैनन् । सबैभन्दा धेरै असर अनौपाचारिक (इन्फरमल) क्षेत्रमा परेको छ । अनौपचारिक क्षेत्रमा महिलाको उच्च सहभागिता छ, त्यसकारण कोभिडबाट महिलामा पनि धेरै नकारात्मक असर परेको देखिन्छ । यस विषयमा राज्य बढी संवेदनशील बन्नु जरूरी देखिन्छ ।

कोभिडपछिको अवसर र सदुपयोग

कोभिड-१९ का कारण धेरै नेपाली विदेशबाट स्वदेश फर्के । कतिले रोजगारी गुमाएर फर्किए भने कतिपय महामारीका बेला ज्यान जोगाउनकै लागि भए पनि मातृभूमि फर्किए । महामारीकै बेला उनीहरू फर्किएको भए पनि विदेशमा सिकेको सीप, ज्ञान र मिहिनेत तथा केही पुँजी पनि नेपाल फर्किएको छ । अर्को अर्थमा भनौँ भने महामारीसँगै हामीलाई विदेशमा सिकेको सीपलाई आफ्नो देशमा प्रयोग गर्ने अवसर पनि आएको छ । यसलाई हामीले बेलैमा बुझ्न सकेनौँ वा बुझ्न चाहेनौँ । त्यो बहसको विषय हो । तर, नेपालमा कोभिड संकटका बेला ठूलो अवसर पनि सँगै आएको थियो ।

नेपाल राष्ट्र बैंक, सरकार सबैले तिनलाई देशमै काम गर्न सक्ने वातावरण बनाइदिन जरूरी छ । मैले धेरै वटा कार्यक्रममा विदेशबाट फर्केका श्रमिकका सम्बन्धमा आवाज उठाउँदै आए पनि सुनुवाइ भएन । उनीहरूका लागि कार्यक्रम नै नभएका होइनन्, तर विदेशबाट फर्केकाका लागि जे-जति व्यावहारिक कार्यक्रम ल्याइनुपर्दथ्यो, त्यो भएको पाइँदैन । यही कारण अहिले पनि केही मानिस नेपालमा अवसर नदेख्दा फेरि श्रम गन्तव्यमै फर्केका छन् र अब यो क्रम बढ्दो क्रममा छ । नेपालमा उचित अवसरको कमीकै कारण सीप भएका व्यक्ति पुनः विदेश फर्किन बाध्य भए, यो हाम्रो तर्फबाट कमजोरी भयो र यसको मूल्य नेपालले फेरि कयौँ वर्षसम्म चुकाइरहनुपर्नेछ । अरु देशका अभ्यासमा पनि आफ्ना नागरिकले विदेशमा आर्जन गरेको धन, ज्ञान र सीपको प्रयोगमा सरकार तथा नियामक निकायले सहजीकरण गरेका हुन्छन् । लगानीमैत्री वातावरण सिर्जना गरी आफनै देशमा पुँजी निर्माणका लागि हरदम प्रयास गरेका हुन्छन् । तर, हामीले भने हातमै आएको अवसरबाट पनि चुक्नुपरेको छ ।

सरकारले विदेशमा सिकेको सीपलाई उचित नीति लिएर त्यस्तो सीप भएका व्यक्तिलाई नेपालमा राख्न सकेन । रोगभन्दा भोक ठूलो भन्दै धेरै मानिस श्रम गन्तव्य फर्किए । केही व्यक्तिले विदेशबाट फर्किएर उदाहरणीय काम पनि गरेका छन्, त्यस्ता व्यक्तिलाई लगानीमा हौसला दिन

जरूरी छ । लगानी मात्र नभई उत्पादनदेखि बजारीकरणसम्मको चक्रमा समस्या रहेकाले सबै पक्षले सहजीकरण गरिदिनुपर्ने अवस्था छ । कोभिडअघि र कोभिडपछि पनि हामी आर्थिक विकासकै सपना देखिरहेका छौं । कोभिडअघिको भन्दा अवस्था फरक भए पनि सपना फरक छैनन् । त्यसैले स्वदेशी साधन-स्रोतसँगै श्रम, सीप र पुँजीको अधिकतम सदुपयोगका लागि राज्यले गम्भीर भएर सोच्नुपर्ने आवश्यकता छ । समस्या सबैको घरसम्म आएको छ । त्यसका लागि अब कसरी अगाडि बढ्न सकिन्छ भन्ने मुख्य सन्दर्भ हो ।

अनौपचारिक अर्थतन्त्रमा महिलाको आबद्धता धेरै छ । कोभिडका कारण भएको ससानो काम पनि रोकियो, त्यसकारण घरेलु हिंसा पनि बढ्यो, जुन विभिन्न अध्ययनले समेत देखाइसकेका छन् । मेन्टल टर्चर, मेन्टल डिसअर्डरजस्ता गतिविधि यो अवधिमा बढेको देखिन्छ ।

सुधारको बाटो

अहिले कोभिड-१९ को प्रभाव केही कम भएकाले उद्योग, व्यवसाय खुल्ने क्रम बढेको छ । यद्यपि जोखिम अझै बाँकी छ । विकसित भनिएका मुलुकमा समेत अहिले कोभिडको चौथो, पाँचौं लहर चलिरहेको छ । तर, अल्पविकसित मुलुकको प्रगति पनि उत्साहजनक छ । अहिले बंगलादेशमा कोभिडबाट मृत्यु हुनेको संख्या शून्य पुगेको छ, नेपालमा पनि निकै कमी आएको छ । कोभिड नियन्त्रण गर्न सरकारले मात्रै गर्ने होइन, सर्वसाधारण पनि उत्तिकै सचेत हुन जरूरी छ । व्यक्तिको मास्क सरकारले आएर लगाइदिने त होइन । हामी नै सचेत हुने हो । विदेशमा बुस्टरसमेत प्रयोग गर्ने भन्ने सुन्नमा आएको छ । कतै नेपालमा पनि यसको प्रयोग गर्नुपर्ने हो कि भन्ने चिन्ता छ । नेपालमा पहिलो चरणमा गरिएको पहल सकारात्मक नै छ । जति मात्रामा हामी 'स्पिड अप' गरेर जानुपर्ने हो, त्यो भने हुन सकेन । विदेशमा अधिकांश बालबालिकाले खोप लगाएर आफ्नो पठनपाठनको काम सुरू गरिसके तर हामी धेरै ढिला भयौं । हामीलाई बालबालिका स्कुल पठाउन अहिलेसम्म पनि डर छ । अधिकांश अभिभावक अहिले पनि बालबालिकालाई खुसी मनले विद्यालय पठाउन चाहेको अवस्था छैन । बालबालिका लाई उच्च प्राथमिकतामा राखेर सरकारले निर्णय गर्नुपर्छ ।

पहिलाको सरकारको तुलनामा वर्तमान सरकारले केही स्पिड अप गरेर काम गरेको देखिन्छ । यद्यपि यसलाई पूरा मान्न सकिन्न । अझै क्षमता बढाउन आवश्यक छ । बालबालिकालाई खोप लगाएर सुरक्षित रूपमा विद्यालय पठाउन भर्खरै सुरू भएको खोप अभियानलाई तीव्र गतिमा अघि बढाउनु आवश्यक छ ।

नीतिगत सुधार

वर्तमान सरकारको ध्यान अन्य क्षेत्रमा कम र कोभिड नियन्त्रणमा बढी हुनुपर्छ । । अर्कोतर्फ हामी सधैं चुक्दै आएको विकास खर्चमा हो । त्यसलाई पनि कोभिड नियन्त्रणमा लगाऔं । 'हेल्थ इज वेल्थ' पहिलो प्राथमिकता होस् भन्ने मेरो मान्यता हो । सरकारले जनताको आवश्यकताको आधारमा काम गर्नुपर्छ । यो सरकारको दायित्व पनि हो । अनावश्यक रूपमा भएको प्रशासनिक खर्च घटाएर स्वाथ्य क्षेत्रमै लगाऊँ । बजेटको साइज मात्रै बढाएर भएन कि जनताको आवश्यकतालाई महत्व दिनुपर्छ । जनतालाई पनि सरकार छ, केही गरेको छ भन्ने आभास हुन्छ । संसारभर फैलिएको रोग भएकाले नेपाल पनि उच्च सतर्कता अपनाउँदै आफ्नो अर्थव्यवस्था सुधारतर्फ ध्यान दिनुपर्छ ।

निजी क्षेत्रसँग सहकार्य

देशको विकास होस् वा संकटका वेला । निजी क्षेत्रलाई छुट्याएर अगाडि बढ्न सक्ने अवस्था छैन । शिक्षा, स्वास्थ्यदेखि पूर्वाधारमा निजी क्षेत्रको सहभागिता बढ्दो छ । सरकार र निजी क्षेत्र एकै सिक्काका दुई पाटा हुन् भन्दा फरक पर्दैन । यी दुवैको सहकार्यमा मात्रै विकास र समृद्धि सम्भव छ । तीन वटा पिलरमध्ये निजी क्षेत्र एउटा दरिलो पिलर हो । सरकारले निजी क्षेत्रबाट हुन सक्ने योगदानका लागि आह्वान नै गरेर जानुपर्छ । जो-जसले अप्ठेरो घडीमा सरकारलाई मन खोलेर सहयोग गरेका छन्, तिनलाई सरकारले धन्यवाद दिनुपर्छ । निजी क्षेत्रको एउटै गुनासो छ, हामीले गरेको योगदानको कदर भएन भनेर । निजी क्षेत्रले स्वाथ्य क्षेत्रमा के-कसरी योगदान दिन सक्छ । त्यसमा सरकारले पनि छलफल गर्नु जरूरी छ भने निजी क्षेत्रले पनि खुलेर आफ्नो क्षमता देखाउनु जरूरी छ । ठूला-ठूला अस्पताल खुलेका छन् । व्यापार मात्रै नभएर सेवाको भावले पनि काम गर्न जरूरी छ ।

कोभिडले सबैभन्दा बढी प्रभाव पारेको पर्यटन तथा साना मझौला उद्योगका सम्बन्धमा अझै नीतिगत साथ सहयोगको खाँचो छ । पर्यटक आगमनको बढ्दो रफ्तारलाई लक्षित गरेर खोलिएका दर्जनौं तारे होटलका लागि पुनर्कर्जाको सुविधा सहयोगको सानो अंश मात्र भएकाले सरकारले सम्भव भएसम्म अझै ठूलो राहत प्याकेज ल्याउन सक्नुपर्छ ।

अनौपचारिक अर्थतन्त्रको मूलप्रवाहीकरण

आमनागरिकको स्वास्थ्यप्रति संवेदनशील र सचेत बन्दै सरकारले अर्थतन्त्रको गति अघि बढाउनु आवश्यक छ । कोभिड नियन्त्रणका लागि गरिएको लकडाउनबाट 'कोमा'मा पुगेको अनौपचारिक अर्थतन्त्रलाई सरकारले पुनर्स्थापना गरी तिनलाई अर्थतन्त्रको मूल प्रवाहमा ल्याउनु आवश्यक छ । सरकारकै तथ्यांकअनुसार साना र मझौला उद्योग (एसएमई) हरूले नेपालको कूल गार्हस्थ उत्पादन (जीडीपी) मा २२ प्रतिशत योगदान पुऱ्याउँछन् र यिनले करिब १७ लाख मानिसलाई रोजगारी दिएका छन् । सरकारी निकाय (उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग र समिति) मा दर्ता भएका यस्ता उद्योगको संख्या ३ लाखभन्दा कम भए पनि अनौपचारिक रूपमा सञ्चालनमा रहेका यस्ता उद्योगको संख्या दोब्बरभन्दा बढी रहेको अनुमान गरिन्छ । यी उद्योग पुनःसञ्चालनका निम्ति सरकारी पहल जरूरी छ । कोभिड प्रोटोकल पालना गर्दै यिनको उत्पादन तथा बिक्री चक्र पुनः सक्रिय बनाउनु आवश्यक छ ।

महामारीपछि अर्थतन्त्र लयमा फर्कन खोजेको छ । चालू वर्षमा विश्व बैंकले ३.९ प्रतिशत र एसियाली विकास बैंकले ४.१ प्रतिशत आर्थिक वृद्धि हासिल हुने प्रक्षेपण गरेका छन् । सरकारको प्रक्षेपणअनुसार वृद्धि हासिल हुन नसके पनि यसबाट हामी निराश भइहाल्ने अवस्था छैन । बरू सरकारले आर्थिक वृद्धिका अन्तरवस्तु केलाएर ती क्षेत्रमा लगानी बढाउन सक्छ ।

राज्यले करको दर र दायरा बढाएर नागरिकलाई सास्ती दिनुभन्दा पनि संकलन गरिएको राजस्वको उत्पादकत्व वृद्धि र अधिकतम रूपमा नागरिकलाई फाइदा पुग्ने क्षेत्रमा खर्च गरिनुपर्छ । अनुत्पादक र फजुल खर्च नियन्त्रण गर्नु अहिलेको आवश्यकता हो । सरकारप्रति नागरिकको विश्वास बढाउन सके मात्र उसका नीति नियम कार्यान्वयन हुनुपर्छ र विश्वास बढाउने माध्यम भनेको पारदर्शी शासन प्रणाली नै हो । राज्यका नीति नियम र कार्यक्रममा नागरिकले अपनत्व ग्रहण गर्न सक्नुपर्छ ।

सगरमाथा
इन्स्योरेन्स कं. लि.

Sagarmatha
INSURANCE COMPANY LTD.

A JOINT VENTURE WITH **CEYLINCO INSURANCE PLC**, SRI LANKA

CORPORATE OFFICE

"Surakshan" Bhawan, Bhagawati Marg, Naxal
P.O. Box 12211, Kathmandu, Nepal
Phone: 01 - 4512367 | Fax: 977 - 1 - 4512378
Email: info@sagarmathainsurance.com.np
Website: www.sagarmathainsurance.com.np

SAGARMATHA
VIP
ON THE SPOT

सम्पत्ति बीमा

घर बीमा

मोटर बीमा

विविध बीमा

सामुद्रिक बीमा

वाली तथा पशु पंक्षी बीमा

इन्जिनियरिङ्ग बीमा

हवाई बीमा

TOLL FREE NUMBER
1660-01-666 66
EMAIL: customer.service@sagarmathainsurance.com.np

"Big or Small - Security for all"

Life is better
when you
celebrate together
Ruslan
VODKA
Ruslan
VODKA
Triple Distilled
FOR OUTSTANDING
SMOOTHNESS
PREMIUM QUALITY
PURE VODKA
PROOF | 750 ML
Celebrate responsibly!

समाजवाद र आर्थिक सुधार

वास्तवमा हाम्रो अर्थतन्त्र समाजवादी अर्थतन्त्र हुन सकेन । हामी समाजवादी हो भने शिक्षा, स्वास्थ्य र आधारभूत विषयमा राज्यको हस्तक्षेप हुनुपर्छ । हामी समाजवादको उल्टो दिशामा गएका छौँ

केशव आचार्य

२०३६ मा जनमतसंग्रह गर्न तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले अनियन्त्रित रूपमा बजेट ल्याए । तीन आर्थिक वर्ष बजेट घाटा धान्नै नसक्ने अवस्थामा पुग्यो । विदेशी मुद्रा सञ्चिति धान्नै नसक्ने अवस्थामा पुग्यो । हामीले अन्तर र्राष्ट्रिय मुद्रा कोषलाई आग्रह गर्‍यौँ । उनीहरूले ऋणका लागि विभिन्न सर्तसँगै संस्थान निजीकरण गर्ने सर्त अघि सारे । सोही कारण निजीकरणको सुरूआत भयो । सरकारलाई व्ययभारको समस्या भएपछि संस्थानको निजीकरण हुन थाल्यो । नेपाल मुद्रा कोषको कार्यक्रममा परेपछि अरु दातृ निकायले पनि ऋण पत्याउँथे । त्यसपछि विश्व बैंक र एसियाली विकास बैंकले ऋण दिन थाले ।

आर्थिक सुधारको विषयमा कुरा गर्दा वित्तीय क्षेत्रको सुधार महत्वपूर्ण छ । वित्तीय क्षेत्रमा सुधार गर्ने नेपाल दक्षिण एसियाकै पहिलो मुलुक हो । ४० को दशकमै सुधारका काम भएका थिए । हामीले राष्ट्र बैंकमा जागिर खाँदा मुद्दती निक्षेपमा ब्याजदर राष्ट्र बैंकले नै तोकिदिन्थ्यो । कर्जामा पनि राष्ट्र बैंककै लगाम थियो । नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगम भन्ने थिए । प्रतिस्पर्धा थिएन । पञ्चायतकालमा डा. प्रकाशचन्द्र लोहनी अर्थमन्त्री हुनुहुन्थ्यो । त्यतिबेला राष्ट्र बैंकले ब्याजदर तोके पनि योभन्दा २ प्रतिशत बढाउन पाइने भन्ने व्यवस्था लागू भयो । लोहनीकै पालामा विदेशी बैंकलाई पनि आउन बाटो खुला भयो । पूर्ण स्वामित्वमा नभई नेपाली लगानीकर्ताको साझेदारीमा भित्रिन दिइयो । सुरूमा ग्रिनलेज बैंक आयो, जसलाई अहिले हामी स्ट्यान्डर्ड चार्टर्ड बैंकका नामले चिन्छौँ । त्यसपछि क्रमशः विदेशी बैंकहरु आउन थाले । त्यतिबेला के अवस्था थियो भने सबै सरकारी बैंकहरु सरकारको दबाबमा कर्जा दिन्थे । अनुशासन पटक्कै थिएन । यो सुधारपछि बैंकहरूबीच प्रतिस्पर्धा सुरू भयो । राष्ट्र बैंकले कर्जा र वचतमा ब्याजदर खुकुलो पार्दै गयो । क्रमशः बहुदलीय व्यवस्था आएपछि सुधार भयो । त्यसपछि हामीले चालू खातामा पूर्ण परिवर्त्य अर्थात् सरकारको नियन्त्रण नहुने व्यवस्था गर्‍यौँ । हामीले सुरू गरेको केही महिनामा भारतको केन्द्रयी बैंकले पनि यो व्यवस्था ल्यायो । अंकुश केमा थियो भने प्राथमिकता प्राप्त क्षेत्रमा निश्चित सीमाभित्र रहेर कर्जा प्रवाह गर्नैपर्ने भनियो ।

जनआन्दोलन र यसपछिको आर्थिक सुधार

नेपालमा २०४६ को जनआन्दोलन भयो । राजनीतिक पृष्ठभूमिमा पनि जानुपर्छ, हामी । गणेशमान सिंहको नेतृत्वमा वाममोर्चासमेत मिलेर पञ्चायत व्यवस्था ढाल्ने संघर्ष चल्यो । गणेशमानलाई इतिहासले जहिले पनि सम्मान गर्नुपर्छ । एक वर्ष कृष्णप्रसाद भट्टराई अन्तरिम प्रधानमन्त्री हुनुभयो । त्यतिबेला त आर्थिक सुधारका विषय आएनन् । त्यतिबेला उहाँलाई म्यान्डेट नै दुई वटा थियो । एउटा, संविधान निर्माण गर्ने र अर्को, निर्वाचन गराउने । त्यतिबेला देवेन्द्रराज पाण्डेलाई अर्थमन्त्री बनाइएको थियो । पाण्डेले पहिलो पटक श्वेतपत्र जारी गर्नुभयो । पछि आएका श्वेतपत्र सबै नक्कली हुन् । व्यवस्था नै परिवर्तन भएपछि आएकाले त्यतिबेलाको श्वेतपत्रको महत्व थियो । उहाँले जनताको हितमा दुई वटा संस्थागत सुधार गर्नुभयो । मुलुकलाई विकास गर्न स्रोत चाहिन्छ । त्यतिबेला हाम्रो बचतको अनुपात निकै कम थियो । कुल गार्हस्थ

उत्पादन (जीडीपी)माबचतको अनुपात ५ प्रतिशत पनि थिएन होला । के गरी लगानी जुटाउने त ? सधैं वैदेशिक सहायतामा मात्रै भर पर्नुहुँदैन भनेर नागरिक लगानी कोष बनाउनुभयो । त्यसपछि ग्रामीण स्वावलम्बन कोष बन्यो । त्यो कोषमा सरकार र नेपाल राष्ट्र बैंकले स्रोत व्यवस्थापन गर्थे । त्यसले ग्रामीण विकासमा संलग्न संस्थाहरूलाई ऋण दिने गर्दथ्यो ।

०४७ मा निर्वाचन भयो । २०५ सदनको निर्वाचन सभा थियो । ११० नेपाली कांग्रेसको आयो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनुभयो । महेश आचार्य अर्थमन्त्री र डा. रामशरण महत योजना आयोगको उपाध्यक्ष बन्नुभयो । त्यो सरकारले धेरै सुधारका काम गऱ्यो । बजारमाथिको नियन्त्रण खुकुलो भयो । राज्यको नचाहिँदो भूमिका, जेमा पनि अनुमति दिनुपर्नेजस्ता झन्झटिलो प्रक्रिया सरलीकरण भयो । थुप्रै ऐनमार्फत नीतिगत सुधार पनि भयो । २०४९ मा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन आयो । औद्योगिक व्यवसाय ऐन, सहकारी ऐन, जलविद्युत्लगायत महत्वपूर्ण ऐन आए । त्यहीँ समय लगानी सम्मेलन पनि भयो ।

आयातका लागि वाणिज्य मन्त्रालयबाट अनुमति लिएर राष्ट्र बैंकलाई जानकारी दिनुपर्ने व्यवस्था गरियो । परिमाण तोकेर आयातको व्यवस्था गरियो । त्यो पनि लिलाम प्रक्रियाबाट आवेदन दिनुपर्ने थियो ।

करको क्षेत्रमा पनि थुप्रै दर थिए । ०५४ अघि बिक्री कर भन्ने थियो । यो मूल्य अभिवृद्धि करको आयमा हो । थुप्रै दरलाई हटाइयो । लगानी अनुमति प्रक्रिया पनि सरलीकृत गरियो । त्यसले गर्दा विदेशी लगानी पनि भित्रिन थाल्यो । बाह्य क्षेत्रको विस्तार भयो ।

०५१ मा भरतमोहन अधिकारी अर्थमन्त्री हुँदा ट्याक्स टू जिडिपी रेसियो मुस्किलले १० प्रतिशत हुन्थ्यो । ०५४ मा विभिन्न करलाई प्रतिस्थापन गरेर मूल्यअभिवृद्धि कर बन्यो ।

त्यसले नेपालको कर प्रशासनमा क्रान्ति ल्यायो । त्यतिबेलामा मूल्य अभिवृद्धि कर १० प्रतिशत थियो । भरतमोहन अधिकारी दोस्रो पटक अर्थमन्त्री भए । कर्मचारीको तलब बढाउनुपर्ने भयो । त्यसपछि मूल्य अभिवृद्धि करलाई १३ प्रतिशत पुऱ्याइयो ।

स्वयं कर घोषणाको व्यवस्था पनि आयो । अहिले त अनलाइनबाटै तिर्ने व्यवस्था बन्यो । जिडिपीको अनुपातमा २५ प्रतिशत कर उठ्न थाल्यो । पञ्चायतकालमा २, ३ प्रतिशतमा सीमित आर्थिक वृद्धिदर आर्थिक सुधारपछि ५ प्रतिशतसम्म पुग्यो ।

धेरैले बिर्सिने विषय, १९९६ डिसेम्बरमा भारतमा इन्द्रकुमार प्रधानमन्त्री हुनुहुन्थो । असाध्य उदारवादी हुनुहुन्थ्यो । उहाँले छिमेकी मुलुकको विकास होस् भन्ने चाहनुहुन्थ्यो । नेपाल-भारत व्यापार तथा पारवहन सन्धि भयो । नेपालको निर्यात व्यापार ह्वात्तै बढ्यो । त्यतिबेला नेपालको निर्यात बंगलादेशभन्दा राम्रो थियो ।

समाजवाद उन्मुख अर्थतन्त्र र अभ्यास

नेपालको राजनीतिक परिवर्तनमा वामपन्थीहरूको ठूलो योगदान छ । ०६४ मा संविधानमाथि व्यापक बहस भयो । एउटाले समाजवाद उन्मुख अर्थतन्त्र र अर्कोले तीनखम्बे अर्थतन्त्रको बहस गरे । समाजवाद भनेको आर्थिक विषयजस्तै उत्पादन र बिक्री वितरणमा समाजको सहभागिता हुनुपर्छ । समाजवादी अर्थतन्त्र भनेको डेनमार्क, स्विडेन र फिनल्यान्डको जस्तो हुनुपर्ने हो । तर, यहाँ रूस र चीनले डिस्टोर्ट गरेको देखिन्छ । न्यूनतम शिक्षा र आधारभूत स्वास्थ्य व्यवस्था राज्यले बेहोर्नुपर्छ भन्ने हो । अहिलेको संविधानमा ३१ वटा हक दिएको छ । तर, हाम्रो मुलुकले दिन सक्ने अवस्था छैन । वास्तवमा हाम्रो अर्थतन्त्र समाजवादी अर्थतन्त्र हुन सकेन । हामी समाजवादी हो भने शिक्षा, स्वास्थ्य र आधारभूत विषयमा राज्यको हस्तक्षेप हुनुपर्छ । हामी समाजवादको उल्टो दिशामा गएका छौं । सरकारी विद्यालय र अस्पतालको अवस्था विजोग छ ।

हाम्रो ४२ खर्बको अर्थतन्त्र पुगेको छ । सेवा क्षेत्र ५२ प्रतिशत छ । ०४९ पछि जति सुधार गरियो, त्यसकारण अहिले अर्थतन्त्रको विस्तार भएको हो । विश्वको आर्थिक विकास हेर्ने हो भने जहिले पनि हरेक मुलुकको क्रान्ति कृषि क्रान्तिबाट हुन्छ । कृषिमा संलग्न व्यक्तिको संख्या घट्छ । कृषि क्रान्तिमा जिडिपीमा कृषि क्षेत्रको सेयर पनि घट्ने हुन्छ ।

उनीहरु उद्योगमा जागिर खान्छन् । त्यसपछि सेवामा जान्छन् । कृषि क्रान्ति, उद्योग क्रान्ति र सेवा क्रान्ति तीन चरणमा हुनुपर्छ । हाम्रो त एकैपटक सेवा क्षेत्रमा फड्को मारेको देखिन्छ । यो ठीक होइन । एकै पटक सेवामा जाँदा कृषिमा विकास कसरी गर्ने ? यसरी सेवा क्षेत्र माथि गयो भने कृषि क्रान्ति सम्भव हुँदैन ।

आर्थिक सुधारको विषयमा कुरा गर्दा वित्तीय क्षेत्रको सुधार महत्वपूर्ण छ । वित्तीय क्षेत्रमा सुधार गर्ने नेपाल दक्षिण एसियाकै पहिलो मुलुक हो । ४० को दशकमै सुधारका काम भए

prabhu Bank
HOME LOAN

www.prabhubank.com

We Bring You Home

• Loan Tenure upto 25 Years • Competitive Interest Rate

prabhu Bank

Prabhu Building, Babarmahal, Post Box No.:19441
+977-1-4788500 +977-1-4780588
info@prabhubank.com www.prabhubank.com
Toll Free No.: **16600107777**

पञ्चकन्या ग्रुप

आवाशको एक मात्र विकल्प

Panchakanya STEEL | Panchakanya WIRES | Panchakanya HDPE PIPES | Panchakanya PVC PIPES & FITTINGS | Panchakanya PP-R PIPES & FITTINGS | Panchakanya CPVC PIPING SYSTEM | Panchakanya FLAME PRO | Panchakanya RMC READYMIX CONCRETE

Panchakanya SS STAINLESS STEEL WATER TANK | Panchakanya SS STRUCTURAL STEEL | Panchakanya PROFILE | EXPLORE INTERNATIONAL | EXPLORE EARTH MOVERS PVT. LTD. | Nepal Bitumen & Barrel Udyog Ltd. | Nepal Cylinders (P) Ltd.

पञ्चकन्या भवन, कृष्णगल्ली, ललितपुर • टोल फ्री नं. १६६०-०१-७०००७ • www.panchakanya.com

दोस्रो चरणको सुधार र ऊर्जामा निजी क्षेत्र

नेपालमा जलविद्युत् उत्पादनका क्षेत्रमा निजी क्षेत्रले राम्रै गरेको छ । सुरूआती दिनमा डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) भयो भनेर निकै आलोचना भए पनि जलविद्युत्बाट फाइदा लिन सक्नुपर्छ भनेर निजी क्षेत्रले नै बाटो देखाइदिएको हो

खड्गबहादुर विष्ट

नेपालमा बजारमुखी उदार अर्थतन्त्रको अहिलेको अवस्था एकैपटक देखिएको होइन । यसको सुरूआत पहिलो चरणको आर्थिक सुधारका रूपमा २०५० को दशकतिर भएको हो । पछिल्लो समय दोस्रो चरणको आर्थिक सुधारमा जाने कि नजाने भनेर व्याख्या/विश्लेषण हुन थालेका छन् । त्यसमा पनि पूर्वाधारका विकासमा तीनखम्बे अर्थनीतिअनुसार कुन क्षेत्रको कस्तो भूमिका रहने भन्ने स्पष्टता खोज्न थालिएको छ । नेपालको हकमा जलविद्युत् तुलनात्मक लाभको वस्तु हो किनकि यसको व्यापारिक र रणनीतिक महत्व छ ।

जलविद्युत् र राष्ट्रिय सुरक्षा

जलविद्युत् तुलनात्मक लाभ (कम्प्यारेटिभ एडभान्टेज) को क्षेत्र रहेकामा दुईमत नरहे पनि यो प्रतिस्पर्धात्मक लाभ (कम्पिटेटिभ एडभान्टेज) को क्षेत्र भने होइन । अरु देशहरूसँग तुलना गर्दा हामीसँग पर्याप्त प्राकृतिक स्रोत छ । नेपालसँग पर्याप्त जलविद्युत् हुनुले यसलाई लाभको क्षेत्रका रूपमा लिन सकिन्छ । अहिले विश्वव्यापी रूपमा राष्ट्रिय सुरक्षालाई दुई-तीन विषयले निर्धारण गर्छ । पहिले भौगोलिक सीमालाई मात्र राष्ट्रिय सुरक्षाको चासोका रूपमा लिने गरेकामा अहिले सँगसँगै वातावरणीय र ऊर्जा सुरक्षालाई पनि हेर्न थालिएको छ । विगतमा पेट्रोलियम इन्धनकै लागि विभिन्न देशहरूबीच युद्धकै अवस्था आएको इतिहास छ । पेट्रोलियम इन्धनको मूल्य बढेका कारण विश्व अर्थतन्त्रमा मन्दी देखिएको र धराशयी भएका उदाहरण पनि छन् । यी र यस्तै कारणले ऊर्जालाई पनि राष्ट्रिय सुरक्षाको महत्वपूर्ण पाटोका रूपमा हेर्न थालिएको हो । पछिल्लो समय जलवायु परिवर्तन र हरित ग्यास उत्सर्जन गर्ने इन्धन कटौतीलाई विश्वव्यापी एजेन्डा बनाइएको छ । कार्बन उत्सर्जन गर्ने जीवास्म इन्धन प्रयोग घटाएर नवीकरणीय ऊर्जा प्रयोगलाई बढावा दिने विषयसमेतलाई हेर्दा जलविद्युत् वातावरणीय सुरक्षासँग पनि जोडिन्छ । यसकारण जलविद्युत् क्षेत्रको रणनीतिक महत्व त छ नै, यसले नेपालको आर्थिक सुरक्षासमेतलाई सकारात्मक प्रभाव पार्न सक्छ ।

जलविद्युत् क्षेत्रले नेपालको ऊर्जा सुरक्षा मात्र होइन, वैदेशिक व्यापारमा पनि राम्रो उपस्थिति देखाउन सक्छ । व्यापार गर्न सकिने वस्तुका रूपमा पनि ऊर्जालाई हेरिनुपर्छ । ०७२ को भूकम्प र त्यसपछिको नाकाबन्दीका कारण हामीले निकै ठूलो इन्धन संकट भोग्यौं । सँगसँगै त्यसले शिक्षा पनि दिएको छ । त्यसपछि सरकारले ऊर्जा सुरक्षालाई केन्द्रमा राखेरै १० वर्षमा १५ हजार र १५ वर्षमा २५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको हो । नेपालले नवीकरणीय ऊर्जा उत्पादनलाई बढावा दिने, सकेसम्म नेपालमै खपत गर्ने र बढी हुने विद्युत् व्यापार पनि गर्ने नीति लिनुपर्छ । नेपालमा सुक्खायाममा मात्रै उत्पादन हुने विद्युत्लाई हेरेर आयोजना बनाउने हो भने हाम्रो क्षमता निकै घट्छ । त्यसकारण वार्षिक औसत पानीको अवस्थालाई हेरेर उत्पादन निर्धारण गर्ने हो । सुक्खायाममा खोलामा पानी घट्ने र वर्षायाममा बढ्ने भएका कारण विद्युत् उत्पादन पनि सोहीअनुसार घट्ने-बढ्ने हुन्छ । थर्मल प्लान्ट र सौर्य ऊर्जाले यसमा सहयोग गर्न सक्छ । जसकारण एकआपसमा जोडिएको (इन्टरकनेक्टेड) प्रसारण लाइन भए विद्युत्को माग र लोड व्यवस्थापन गर्न सकिन्छ ।

पूर्वाधारको हालको अवस्था र त्यसको आर्थिक

सुधारसँगको अन्तरसम्बन्ध निकै गहन विषय हो । नेपालले फरक आर्थिक नीति अवलम्बन गर्दा वा विकासको ढाँचा फेर्दा के हुन्थ्यो भनेर हेर्नुपर्ने हुन्छ । उदाहरणका लागि कुनै विकास आयोजना निर्माण-स्वामित्व-सञ्चालन र हस्तान्तरण (बुट) मोडलमा बनाएको भए त्यसको नतिजा के हुन्थ्यो भनेर हेर्न सक्छौँ । त्यस्तै, अहिले विद्युत् उत्पादनमा मात्र लागेका निजी क्षेत्रलाई प्रसारण लाइन निर्माण, वितरण र विद्युत् व्यापारको पनि अनुमति दिएको भए नतिजा कस्तो देखिन्थ्यो होला ? बहुआयामिक ढंगले हामी त्यसको विश्लेषण गर्न सक्छौँ । पहिलो चरणको आर्थिक सुधारताका यो विषय प्राथमिकतामा नपरेको हुन सक्छ । तर, अब दोस्रो चरणमा यस्ता विषयलाई केन्द्रमा राखिनुपर्छ ।

पूर्वाधारमा निजी क्षेत्र

जलविद्युत् उत्पादनमा निजी क्षेत्रको प्रवेश भएपछि यति धेरै क्षम

तामा आयोजनाहरु बनेका छन् । बैंक तथा वित्तीय क्षेत्र, शिक्षा, स्वास्थ्यलगायत विभिन्न क्षेत्रमा निजी क्षेत्र आएपछिको परिवर्तनलाई हामी हेर्न सक्छौँ । जलविद्युत्मा त्यसरी नै निजी क्षेत्रलाई प्रतिस्पर्धी बनाएर गुणस्तरीय सेवा दिन सकिन्छ । अझ कतिसम्म भने निजी क्षेत्र नछिरेको ठाउँ नै पछाडि परेको छ । यदाकदा निजी क्षेत्र पारदर्शी छैन, कामदारका हकहितमा संवेदनशील छैन, सरकारले तोकेको नीति, नियम कडाइका साथ पालना गर्दैन भन्नेजस्ता कुरा नउठेका होइनन् । तर, समग्रमा यसले फाइदा नै धेरै गरेको छ । यी सुधार गर्दै लग्ने सकिने आयाम हुन् ।

पूर्वाधार निर्माणकै विषयलाई हामी दोस्रो चरणको आर्थिक सुधारसँग जोडेर हेर्दा जलविद्युत् मात्र होइन, सडकको पनि विषय छ । अब क्षेत्र र विधागत रूपमा ठूलो विषयलाई हेर्ने भन्दा पनि स-सानो विषयलाई फरक तरिकाले हेर्न सक्नुपर्छ । निजी क्षेत्रलाई भाडामा दिएर पूर्वाधार बनाउने, निश्चित अवधिसम्मका लागि निजी क्षेत्रले नाफा लिने र त्यसपछि सरकारको स्वामित्वमा आउने व्यवस्था गर्न सकिन्छ । निजी क्षेत्रलाई यसरी काममा लगाउँदा सुरूको चरणमा करबाट र पछिको चरणमा मुनाफा नै पाएर सरकारले फाइदा लिन सक्छ ।

जलविद्युत् उत्पादनका क्षेत्रमा निजी क्षेत्रले राम्रै गरेको छ । सुरूआती दिनमा डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) भयो भनेर निकै आलोचना भयो । तर, नेपालमा जलविद्युत्को सम्भावना छ र त्यसबाट फाइदा लिन सक्नुपर्छ भनेर उनीहरूले नै बाटो देखाइदिएका हुन् । अहिले पनि निजी क्षेत्रबाट १ हजार मेगावाट बराबर उत्पादन सुरू गरिएको, साढे ३ हजार मेगावाट पीपीए भइसकेको र त्योभन्दा बढी पीपीएका लागि पाइपलाइनमा छन् । जलविद्युत् क्षेत्रमा योभन्दा अझै बढी सम्भावना छ । नवीकरणीय ऊर्जाका अरु क्षेत्रहरु सौर्य ऊर्जा (सोलार इनर्जी) मा राम्रो सुरूआत हुँदै छ । तर, वायुऊर्जा (विन्ड इनर्जी) मा भने हामी कमजोरै छौँ ।

हामीले दोस्रो चरणको आर्थिक सुधार अझै देख्न बाँकी छ । अहिले नेपालको विकाससँग सम्बन्धित विषयलाई पहिलो चरणको सुधारकै निरन्तरताका रूपमा बुझ्न सकिन्छ । पहिलो चरणमा सरकारले रूग्ण खाले उद्योगलाई निजीकरण गरेको देखिन्छ । त्यहाँ कामदारको समस्यादेखि अनेक खालका कठिनाइ थिए । त्यसक्रममा ३ दर्जन बढी साना उद्योग सरकारले बेच्यो । तर, पछि नीतिगत रूपमा यसको विरोध भयो । कौडीका भाउमा उद्योगहरु बेचियो भनियो । तर, राम्रो सञ्चालकको हातमा पुगेका कम्पनीहरु अब्बल पनि भएका छन् । तीन-चार वटा उद्योग मात्रै आर्थिक रूपमा सबल भए । त्यसको उदाहरण बुटवल पावर कम्पनी हो । धेरैजसो उद्योगहरु धराशयी नै भए । भृकुटी कागज कारखानाकै कुरा गर्ने हो भने विदेशबाट आयात हुने कागज निकै सस्तोमा आयो । विश्व व्यापार संगठन (डब्ल्युटिओ) को प्रावधानअनुसार नेपालमा सजिलै विदेशमा उत्पादिन वस्तुले प्रवेश पाउन थाले । सोही कारण नेपालको उत्पादनले प्रतिस्पर्धा गर्न सकेन । प्रतिशतका आधारमा भन्दा निजीकरण भएका धेरै उद्योग असफल भए । तर, त्यसलाई नीति नै असफल (पोलिसी फेलियर) भन्न मिल्दैन । त्यो सञ्चालन र व्यवस्थापनमा असफल (अपरेसन फेलियर) हो । अहिले पनि सरकारको स्वामित्वमा सञ्चालिन कम्पनीहरु निकै खराब अवस्थाबाट गुज्रिइरहेका छन् । नेपाल वायुसेवा निगम, टिम्बर कर्पोरेसन, एनसीसीएनजस्ता कम्पनीको अवस्था हेर्न सक्छौँ ।

दोस्रो चरणको सुधारको आवश्यकता

दोस्रो चरणको सुधार भन्दै गर्दा अझै केही क्षेत्रमा सुधार गर्न बाँकी छ । विद्युत्कै कुरा गर्दा हामीले उत्पादन, प्रसारण र वितरण प्रणालीलाई अलग-अलग गर्ने र अलग कम्पनी बनाएर सञ्चालन गर्ने भनेका थियौँ । त्यो गर्न सकिएको छैन । नियामक निकायका रूपमा विद्युत् नियमन आयोग आएको छ । यसलाई पनि दोस्रो चरणको एउटा सुधारकै अंशका रूपमा लिन सकिन्छ । जलविद्युत्को प्रशासनिक संरचना सबै प्रदेशमा फरक-फरक बनाउन सकिन्छ । उत्पादनलाई पूर्ण निजीकरण गर्न सकिन्छ । प्राधिकरण आफैंले पनि कम्पनी मोडलमा काम गर्न थालेको

विद्युत्कै कुरा गर्दा हामीले उत्पादन, प्रसारण र वितरण प्रणालीलाई अलग-अलग गर्ने र अलग कम्पनी बनाएर सञ्चालन गर्ने भनेका थियौँ । त्यो गर्न सकिएको छैन ।

छ । वितरण र प्रसारण लाइनलाई पनि फरक कम्पनीका रूपमा बनाउन आवश्यक छ ।

तीन खम्बे अर्थनीतिअनुसार निजी क्षेत्रलाई मात्रै शक्तिशाली बनाउनेभन्दा पनि सरकार र सहकारी क्षेत्रको पनि भूमिका सँगसँगै खोज्ने नीति सरकारको छ । यसमा दातृ निकायको पनि भूमिका अवस्य हुन्छ । सरकारले ठूला आयोजना, रणनीतिक महत्वका आयोजना र प्राविधिक तथा वातावरणीय हिसाबले ठूलो अर्थ राख्ने आयोजना आफैं बनाउन सक्छ । जलविद्युत्का ठूला जलाशययुक्त आयोजना निजी क्षेत्रबाट भन्दा सरकारी क्षेत्रले नै बनाउन उपयुक्त हुन्छ । बूढीगण्डकी, दूधकोसीजस्ता आयोजना सरकारले आफैं बनाउनुपर्छ । दातृ निकायहरूले नेपालको जलविद्युत् क्षेत्रमा उत्पादन, प्रसारणदेखि वितरणसम्म राम्रो सहयोग गरेको देख्न सक्छौं । संस्थागत रूपमा नियामक निकाय, उत्पादन, प्रसारण तथा वितरणका कम्पनीहरू कसरी सञ्चालन हुन्छन् भनेर नयाँ विद्युत् ऐनमा बन्ने क्रममा छ । ऐन पारित भएर आएपछि यसमा थप स्पष्टता हुनेछ ।

नेपालमा होटल व्यवसाय निकै राम्रो र विश्वस्तरीय छ किनकि यसमा निजी क्षेत्रले राम्रो लगानी गरेको छ । सरकारले आफैं होटल चलाउँछु भनेको भए यसको अवस्था फरक हुन सक्थ्यो । पर्यटन तथा ट्राभल्स एन्ड टुर व्यवसाय सञ्चालनका लागि सरकारले सबै पर्यटकीय क्षेत्रमा बुट मोडलमा विकास गर्न सक्छ ।

दूरदृष्टि नहुँदा हाम्रा उद्योगहरू डुबेका हुन् । अब नेपालले कुन क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्छ र तुलनात्मक रूपमा लाभ लिन सक्छ भनेर छुट्याउन जरूरी छ । जस्तो, कफीको कुरा गर्ने हो भने नेपालभन्दा विदेशको कफी महँगो छ । तर, हामी गुणस्तरमा प्रतिस्पर्धी छौं ।

मदिरामा पनि नेपालको उत्पादन प्रतिस्पर्धी छ । सरकारले पनि केही वस्तुको आयातलाई निरूत्साहित (डिस्करेज) नै गर्नुपर्छ । त्यस्तो गर्न सकिएन भने चीनको औद्योगिक उत्पादन (मास प्रोडक्सन) लाई संसारले नै जित्न नसक्ने अवस्थामा हामीले प्रतिस्पर्धा गर्न सक्दैनौं । त्यसकारण हामीले कुन वस्तु र सेवाको उत्पादनमा प्रतिस्पर्धा गर्न सक्छौं भनेर पहिचान गर्न जरूरी छ ।

विद्युत् व्यापारमा निजी क्षेत्र

विद्युत् व्यापारका लागि पनि खुला बजारको नीति अवलम्बन गरिनुपर्छ । विद्युत् प्राधिकरणका साथै निजी क्षेत्रले पनि यसमा जान पाउनुपर्‍यो । प्राधिकरणको प्रसारण संरचना भाडामा प्रयोग गरेर निजी क्षेत्र आफूले उत्पादन गरेको विद्युत् आफैं बिक्री वितरण गर्न सक्ने क्षमता विकास गरिनुपर्छ । उत्पादक कम्पनीहरू आफैं उपभोक्तासम्म जान सके भने बजार प्रतिस्पर्धी हुन्छ । नेपालभित्रका लागि मात्र नभई अन्तरदेशीय विद्युत् व्यापारका लागि पनि निजी क्षेत्रको भूमिका खोज्न सकिन्छ । विद्युत् र नवीकरणीय ऊर्जा मात्र नभई अरू क्षेत्रमा पनि सरकारले विस्तारै भूमिका खोज्न सक्छ । नेपालको भौगोलिक संरचना भर्टिकल खालको छ । उत्तर-दक्षिण रोपवेहरू सञ्चालन गर्ने विद्युत् खपत बढाउन हामी काम गर्न सक्छौं ।

नेपालले पछिल्लो समय जलविद्युत् क्षेत्रमा राम्रो प्रगति गरेको छ । यसमा भूकम्प र त्यसलगत्तैको नाकाबन्दीपछि सिकेको पाठले पनि काम गर्‍यो । हाम्रो सेवाको गुणस्तरमा भने अझै सुधार गर्नुपर्नेछ । उदाहरणका लागि अहिले हाम्रो वितरण प्रणाली हेर्ने हो भने निकै कमजोर छ । वितरण प्रणाली कसरी सबल बनाउने भनेर काम गर्नुपर्छ ।

उदारीकरणमा अबको मोडल

अरू देशमा आर्थिक उदारीकरण कसरी अवलम्बन गरिएको छ र निजीकरण कसरी भएको छ भनेर हेर्न जरूरी छ । रोनाल्ड रेगन र मार्गरेट थ्याचरको अर्थतन्त्रको उदारवादी अवधारणालाई विश्वभर नै उदाहरणीय रूपमा हेरिन्छ । तर, त्यहाँ पनि निजीकरण असफल भएको छ । यस कारण दोस्रो चरणको आर्थिक सुधार र निजीकरणका लागि सानाभन्दा साना चीजबीजहरू हेरिनुपर्छ । अहिले लगानी बोर्डको कार्यालयले बुट मोडलमा आयोजना बनाइरहेकामा त्यही मोडलमा अरू आयोजना पनि बनाउन सकिन्छ ।

पर्यटन र उत्पादनका क्षेत्र र कृषि उत्पादनमा हामी प्रतिस्पर्धा गर्न सक्छौं । कृषि उत्पादनको ब्रान्डिङ भयो भने हामी प्रतिस्पर्धा गर्न सक्छौं । तर, त्यसमा ठूलो मात्रामा उत्पादन र व्यापार मुखी हुन सक्नुपर्छ । थोरै मात्र उत्पादनले हाम्रो आफ्नै माग धान्न सक्दैन ।

नेपालको ऊर्जा प्रतिस्पर्धी र तुलनात्मक लाभको क्षेत्र हुन सक्ने अर्को आधार भनेको अहिले विश्वको ध्यान वातावरणीयको मुद्दामा जानु हो । जीवास्म इन्धनको कटौती र नवीकरणीय ऊर्जाको मात्रै प्रयोग गर्ने भनिरहँदा नेपालको जलविद्युत्ले दक्षिण एसियामा राम्रो पकड जमाउन सक्छ । इन्धनका रूपमा कोइला र प्राकृतिक ग्यासको प्रयोग कटौती हुँदा स्वाभाविक रूपमा जलविद्युत् क्षेत्र प्राथमिकतामा पर्छ र हामीले लाभ लिन सक्छौं । नेपालले त्यस विषयमा पनि ध्यान पुर्‍याउन जरूरी छ ।

विद्युत् व्यापारका लागि पनि खुला बजारको नीति अवलम्बन गरिनुपर्छ । विद्युत् प्राधिकरणका साथै निजी क्षेत्रले पनि यसमा जान पाउनुपर्‍यो । प्राधिकरणको प्रसारण संरचना भाडामा प्रयोग गरेर निजी क्षेत्र आफूले उत्पादन गरेको विद्युत् आफैं बिक्री वितरण गर्न सक्ने क्षमता विकास गरिनुपर्छ ।

सबै नेपालीको आर्थिक विकास र अझ दिगो जीवन सुनिश्चित गर्न

NABIL Sustainable Banking

सबैका लागि वित्तीय पहुँच

नबिल किसान कर्जा

- रु. २५ लाखसम्मको कर्जा
- कर्जा अवधि: ५ वर्ष
- २ दिन भित्र कर्जा स्वीकृत

नबिल उद्यमशील कर्जा

- रु. १ करोडसम्मको कर्जा
- कर्जा अवधि: ८ वर्ष
- ३ दिन भित्र कर्जा स्वीकृत

विस्तृत जानकारीका लागि बैंकको वेबसाईट **www.nabilbank.com** वा नजिकको बैंकको शाखामा वा **०१-५२५००१५** मा सम्पर्क राख्नुहोला।

NABIL BANK®

TOGETHER AHEAD

बढ्दो विद्युत् उत्पादन र खपत वृद्धि रणनीति

कुनै बेला विद्युत् अभावका कारण बिथोलिएको नागरिकको दैनिकी पछिल्लो समय ऊर्जा संकट हटेपछि कम भएको छ । तर, पछिल्लो समय विद्युत् आयोजनाबाट उत्पादित बिजुली र भारको अनुपातलाई हेर्दा हाल नेपाल उत्पादित ऊर्जाको खपत गर्न नसक्ने अवस्थामा पुगेको छ । यो अवश्य पनि सुखद होइन

गगन थापा

मुलुकमा जलविद्युत् विकासको यात्रा पहिलोपटक ५ सय किलोवाटको फर्पिङ जलविद्युत आयोजना (वि.सं. १९६८) बाट सुरू भएको हो । नेपाल र बेलायती सहयोगमा आयोजना निर्माण भएपछि १९६९ देखि काठमाडौंका जनताले बिजुली बाल्न सुरू गरेका थिए ।

सन् १९६१ मा सरकारले पहिलो पटक नहर तथा विद्युत् ऐन ल्याएपछि जलस्रोत विद्युत् उत्पादनमा प्रयोग गर्ने बाटो खुलेको थियो । सन् १९६४ मा पहिलो पटक नेपालमा विद्युत ऐन जारी भएको थियो । नेपालमा आर्थिक उदारीकरणको सुरूआत सन् १९८० को दशकको मध्यतिर भएको हो ।

विशेषगरी २०४६ मा आएको राजनीतिक परिवर्तनपछि र मुलुकले खुला बजार अर्थनीति अवलम्बन गरेपछि विद्युत् उत्पादनमा निजी क्षेत्र प्रवेश गरेको हो । सरकारले विद्युत् ऐन, २०४९ जारी गरेपछि विद्युत् विकासमा निजी क्षेत्रको सहभागिता बढ्यो । ऐन आएपछि पहिलो पटक ६० मेगावाटको खिम्ती र ४५ मेगावाटको भोटेकोसी जलविद्युत् परियोजना निर्माण गर्न निजी क्षेत्रले अनुमति पायो । यी आयोजनामा विदेशी लगानी पनि भित्रियो । विद्युत् ऐनमा जलविद्युत् विकासमा निजी क्षेत्रलाई पनि ल्याउने नीति लिएपछि यसले मूर्त रूप लियो । यो आर्थिक उदारणीकरणको उपलब्धि हो । बजारमुखी उदार अर्थनीतिअनुरूप कानुन परिमार्जन गरिए, अर्थतन्त्रका अधिकांश क्षेत्रमा निजी लगानी खुला गरियो । यसले जलविद्युत्मा निजी क्षेत्रको विकास तीव्र बन्यो ।

कमजोर विद्युत् खपत

केही वर्ष अगाडिसम्म ऊर्जा संकटबाट गुज्रिरहेको हाम्रो देश आजको स्थितिसम्म आइपुग्दा देशभित्रै उत्पादित बिजुली खेर जाने अवस्थासम्म आइपुगेको छ । बिजुली खेर जाने अवस्था हाम्रा लागि सुखद हैन । तर, ऊर्जा संकटको त्यो कहालीलाग्दो चरणलाई पार गर्नु सुखद नै हो । अहिले दिउँसो २ सय मेगावाट र राती ५ सय मेगावाट हाराहारी विद्युत् खेर गइरहेको छ ।

यो वर्ष लक्ष्मीपूजाको दिन विद्युत्को उच्च माग (पिक डिमान्ड) १२७० मेगावाट पुगेको थियो । नेपाल विद्युत् प्राधिकरणले यस वर्षको लक्ष्मीपूजाका दिन पिक डिमान्ड १५०० मेगावाट हाराहारी पुग्ने प्रक्षेपण गर्दै सोहीअनुसार विद्युत् आपूर्तिको व्यवस्थापन गरेको थियो । तर, उच्च माग प्राधिकरणको अनुमानभन्दा धेरै कम भयो । यस वर्ष संघीय राजधानी काठमाडौं उपत्यकासहित यस आसपासका क्षेत्रको पिक डिमान्ड ३२०.६४ मेगावाट रेकर्ड भयो । गत वर्ष यस क्षेत्रको पिक डिमान्ड २९६ मेगावाट मात्र थियो । ०७४ को तिहारमा भने लक्ष्मीपूजाको अधिकतम डिमान्ड (माग) १५०८ मेगावाट पुगेको अनुमान भयो, खासमा भार नियन्त्रण कक्षमा रेकर्ड गरिएको त्यस दिनको आपूर्ति भने ११६५ मेगावाट मात्र थियो । अर्थात्, अनुमानित ३४३ मेगावाट बराबर लोडसेडिङ गर्नुपरेको थियो । हालसम्म विद्युत् प्राधिकरणले तिहारको लक्ष्मीपूजाको दिनलाई विद्युत् प्राणालीमा सबैभन्दा बढी भार पर्ने दिनका रूपमा हेर्ने गरेको छ । यसरी उत्पादन र भारको अनुपातलाई हेर्दा हाल नेपाल उत्पादित ऊर्जाको खपत गर्न नसक्ने अवस्थामा पुगेको छ । यो अवश्य पनि सुखद होइन । विद्युत् खरिद सम्झौता गरिसकेका आयोजनाबाट विद्युत् खरिद गर्नुपर्ने तर उक्त ऊर्जा खपत हुन नसक्ने अवस्था आयो भने प्राधिकरण घाटामा जाने अवस्था आउँछ ।

जुन कारणले गर्दा सरकारले उत्पादित बिजुलीको खपत कसरी गर्ने भन्ने सन्दर्भमा काम गर्न आवश्यक छ ।

खपत वृद्धिको रणनीति

विद्युत्लाई कच्चा पदार्थका रूपमा प्रयोग गर्नुपर्छ । यसका लागि उत्पादित ऊर्जालाई नेपालभित्रै खपत गर्न सक्ने अवस्थाको निर्माण हुनुपर्छ । तसर्थ नेपालका लागि दीर्घकालीन उपाय भनेको देशभित्र उत्पादित विद्युत्को खपत बढाउने नै हो ।

हाल नेपालमा प्रतिव्यक्ति ऊर्जा खपत २६० युनिटजति मात्र छ, जुन अत्यन्त न्यून हो । भारतको जस्तो प्रतिव्यक्ति खपत १ हजार युनिट पुग्यो भने हामीलाई १२ देखि १५ हजार मेगावाट बिजुली आवश्यक पर्छ । चीनको जस्तो प्रतिव्यक्ति खपत ४ हजार युनिट पुग्यो भने हामीलाई २२ देखि २५ हजार मेगावाट आवश्यक पर्छ । त्यस्तै, दक्षिण कोरियाको जस्तो १३ हजार युनिट पुग्यो भने हामीलाई ९० हजार मेगावाट आवश्यक पर्छ । यद्यपि नेपालको भौगोलिक अवस्थिति र वातावरणीय कारणले नेपालमा प्रतिव्यक्ति खपत यति धेरै भने नपुग्न सक्छ । तर, आजको अवस्थामा हामीले नेपालभित्र विद्युत् खपतको अवस्थालाई भने बदल्नुपर्छ ।

देशभित्र खपत वृद्धिका लागि गर्नुपर्ने प्रयास

विद्युतीय सवारीसाधन प्रयोगलाई प्रोत्साहन

तत्कालीन अर्थमन्त्री युवराज खतिवडाले आर्थिक वर्ष ०७७/७८ को बजेटमार्फत इलेक्ट्रिक तथा हाइब्रिड कारमा ८० प्रतिशतसम्म भन्सार र अन्तःशुल्क लाग्ने व्यवस्था गरेका थिए । यसको आलोचना पनि भयो । त्यसैले आर्थिक वर्ष ०७८/७९ को बजेटमा सरकारले विद्युत्को आन्तरिक खपत वृद्धि गर्न तथा वातावरणमैत्री यातायातका साधनको प्रयोगलाई बढावा दिन विद्युतीय सवारीसाधनको आयातमा अन्तःशुल्क पूरै खारेज गर्नुका साथै भन्सार दर पनि विद्युतीय सवारीको क्षमताका आधारमा १० देखि ४० प्रतिशतसम्म कायम गरियो । यति हुँदा पनि कार बजारको एक प्रतिशत हिस्सा मात्रै विद्युतीय सवारीसाधनले ओगटेको छ । नेपालको बजारको आकार सानो भएकाले कम बिक्री हुँदा धेरै मार्जिन राख्नुपर्ने, नेपालमा आयात गरिने गाडीको ढुवानीदेखि नेपालमा गरिने विज्ञापन, वारेन्टी र निःशुल्क सर्भिसिङजस्ता सुविधा दिनसमेत स्थानीय डिलरले नै लगानी गर्नुपर्ने हुँदा सुरूआती मूल्यमै त्यो सबै समायोजन गर्नुपर्दा मूल्य अत्यधिक रहेको अवस्था छ ।

आर्थिक वर्ष ०७७/७८ मा व्यापार घाटा झन्डै १४ खर्ब रूपैयाँ पुगेको छ । आर्थिक वर्ष ०७६/७७ को तुलनामा यो रकम २७.२६ प्रतिशत बढी हो । जसमा पेट्रोलियम पदार्थ आयातमा मात्रै नेपालले वर्षमा १ खर्ब ६० अर्ब ५३ करोड खर्च गरेको छ । एक अध्ययनअनुसार, ०७४/७५ मा उपलब्ध सवारीसाधनलाई विद्युतीकरण गर्न ४७०७.४९ मेगावाट बराबरको ऊर्जा उत्पादन हुन आवश्यक रहेको देखिन्छ । यसरी हेर्दा नेपालले उत्पादन गरेको ऊर्जाको समुचित उपयोग गर्न सके एक वर्षमा झन्डै डेढ खर्ब रूपैयाँ बढी नेपालले व्यापार घाटा घटाउन सक्ने देखिन्छ । विद्युतीय सवारीसाधनमा आममानिसको आकर्षण बढाउन सरकारले केहीइ नीतिगत सुधार गर्नुपर्ने देखिन्छ । जस्तै, विद्युतीय सवारी साधनमा रहेको भन्सारलाई

पूर्ण स्प्रमा घटाउनुका साथै पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनलाई विद्युतीय सवारीसाधनमा रूपान्तरण गर्दा सरकारले सहुलियत उपलब्ध गराउनुपर्छ । यसका साथै बजारको अनुगमन गर्दै अनुचित मूल्य वृद्धिमा समेत सरकारले अंकुश लगाउन आवश्यक छ । यतिले मात्र पुग्दैन, यसका लागि सरकारले थप व्यवस्थापकीय पाटोमा ध्यान दिनुपर्छ । विद्युतीय सवारी साधनका सन्दर्भमा आममानिसमा केही चेतना अभाव छ । धेरै सवारीसाधनको प्रयोग गर्दा चार्ज सकिने र अलपत्र पर्ने समस्या आउँदैन भन्ने अवस्थाको सिर्जना हुन सकेन भने आममानिसले यसको प्रयोग गर्दैनन् । तसर्थ चार्जिङ स्टेसन पर्याप्त मात्रामा उपलब्ध हुनुपर्छ ।

भान्सामा विद्युतीय उपकरण प्रयोग गर्न प्रोत्साहन

नेपाल आयल निगमले गत आर्थिक वर्षमा मात्रै ग्यास खरिद गर्न ३४ अर्ब २४ करोड रूपैयाँ खर्चिएको छ । एक अध्ययनका अनुसार ४ जनाको एउटा परिवारलाई ग्यासमा खाना पकाउँदा एक दिनमा ७० रूपैयाँ बराबरको ग्यास खर्च हुने देखिन्छ । तर, त्यही परिवारलाई इन्डक्सनमा खाना पकाउँदा भने एक दिनमा बढीमा ३० रूपैयाँसम्मको मात्रै बिजुली खपत हुने अध्ययनले देखाएको छ । उक्त अध्ययनले आधा किलो चामललाई ग्यासमा पकाउँदा करिब १२ मिनेट समय लाग्ने र इन्डक्सनमा पकाउँदा करिब ८ मिनेटमै पकाउन सकिने पनि देखाएको छ । त्यस्तै, ग्यासमा पकाउँदा ०.३२ किलोवाट आवर ऊर्जा खपत भएकामा इन्डक्सनमा पकाउँदा ०.१४ किलोवाट आवर मात्रै ऊर्जा खपत हुन्छ । यसरी विभिन्न अध्ययन हेर्दा फाइदाजनक देखिए पनि आमनेपालीको भान्सा विद्युतीकरण हुन नसकेको देखिन्छ । यसको एउटा मुख्य कारण इन्डक्सनमा खाना पकाउन छुट्टै भाँडा चाहिनु पनि हो । यसका साथै खाना पकाउँदा आगो नदेखिने हुँदा यसको मनोवैज्ञानिक पक्ष पनि त्यति नै सबल रहेको छ । तर, योभन्दा पनि ठूलो डर भनेको नेपालीको लोडसेडिङको अनुभव हो । हामी नेपालीले राइसकुकरमा भात पकाएर नखाएको हैन तर यसका लागि बिहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ६ बजेदेखि ८ बजेसम्म शतप्रतिशत विद्युत् आपूर्ति हुने ग्यारेन्टी प्राधिकरणले गर्नुपर्छ । विद्यमान अवस्थामा सहरी क्षेत्रमा विद्युत् लोड व्यवस्थापन गर्न नसक्दा ट्रान्सफर्मर पड्किने, तार जल्ने, घरमा बिजुलीको लोड धेरै हुँदा मिनियचर सर्किट ब्रेकर (एमसीबी) झर्नेलगायत समस्या छन् । यसका लागि विद्युत् प्राधिकरणले आफ्ना पुराना संरचना र अधिकांश स्थानमा ट्रान्सफर्मरसमेत फेर्नुपर्ने देखिन्छ । अधिकांश घरमा ५ एम्पियरको मिटर जडान भएको छ, जसमा बत्ती बाल्न सकिन्छ तर इन्डक्सन चुल्हो पूर्ण स्प्रमा चलाउन सकिन्न । हिटर र पानी तान्ने पम्प एकैचोटि चलाउँदा एमसीबी झर्छ । साँझ ५ देखि १० सम्म र बिहान ५ देखि १० बजेसम्म विद्युत् माग बढ्ने विद्युत् प्राधिकरणले जनाएको छ । हिटर, वासिङ मेसिन, आइरन, पानी तान्ने पम्प, राइसकुकर, टेलिभिजनलगायत घरायसी विद्युतीय सामग्री यही बेला बढी प्रयोग हुन्छन् । विद्युत् उत्पादन र माग बर्सेनी बढ्दो छ । काठमाडौं उपत्यकाको वितरण प्रणालीलाई ६२३ एमभीए क्षमताका ट्रान्सफर्मरले धानिरहेका छन् । प्राधिकरणको वितरण प्रणालीमा १३२/११ केभी क्षमताका ६ वटा ट्रान्सफर्मरबाट १५० एमभीए र ६६/११ केभी क्षमताका २३ वटा ट्रान्सफर्मरले ४७३ एमभीए लोड धान्न सक्छन । यी ट्रान्सफर्मरबाट ५ सयदेखि साढे ५ सय मेगावाटसम्म विद्युत् लोड गर्न सकिन्छ । प्राधिकरणका अनुसार सामान्य अवस्थामा ४ सय मेगावाटसम्म हुने उपत्यकाको विद्युत् माग हिउँदको पिक आवरमा साढे ४ सयभन्दा माथि पुग्छ । ट्रान्सफर्मरलाई ५० प्रतिशत क्षमतामा मात्रै चार्ज गर्ने हो भने अहिले नै लोड धान्न नसक्ने अवस्था वितरण प्रणालीको देखिन्छ । प्राधिकरणले २ वर्षअघि सार्वजनिक गरेको रणनीतिक योजनाले कुनै पनि वितरण केन्द्रमा ट्रान्सफर्मरको लोड क्षमता ५० प्रतिशतभन्दा बढी नहुने गरी व्यवस्थापन गर्ने उल्लेख गरेको छ । तर, काठमाडौं उपत्यकालगायत मुख्य सहरमा ट्रान्सफर्मर पड्किनुको प्रमुख कारण विद्युत् लोड व्यवस्थापन हुन नसक्नु नै हो । अहिले धेरैजसो घरमा सिंगल फेजमार्फत ५, १५ र ३० एम्पियरबाट विद्युत् प्रयोग भइरहेको छ । एकैपटक दुई/तीन वटा विद्युतीय सामग्री प्रयोग गर्दा यसले लोड धान्न सक्दैन । तर, विद्युत् प्राधिकरणले उपभोक्तालाई थ्री फेज मिटर सहज उपलब्ध गराउन नसकेको देखिन्छ । यद्यपि प्राधिकरणले सूचना प्रकाशित गरी ७ देखि १० दिनमै थ्री फेज मिटर जडान गरिदिने बताएको छ । अहिले सरकारले एउटा सिलिन्डर ग्यासमा करिब ७०० रूपैयाँसम्म अनुदान दिएको छ । दैनिक ९२ हजार सिलिन्डरमा मात्रै साढे ६ करोड रूपैयाँ अनुदानमा गइरहेको छ । एक महिनामा यो रकम झन्डै २ अर्ब रूपैयाँ हुन्छ । यति रकम हुने हो भने प्राधिकरणले आफ्नो विद्युतीय संरचना फेरेर गुणस्तरीय विद्युत् आपूर्ति गर्न सक्ने संरचनाको विकास गर्न सक्छ । योसँगै आममानिसका लागि इन्डक्सन चुल्हो महँगो भएको र एक वर्षभन्दा कममा बिग्रिने भन्ने डरसमेत रहेको देखिन्छ । यसका लागि सरकारले अनुदान उपलब्ध गराएर आममानिसलाई खाली सिलिन्डरको सट्टामा इन्डक्सन चुल्हो दिने कार्यक्रम ल्याउने हो भने सरकारले हाल ग्यासमा दिँदै आएको अनुदानको रकम स्वतः आफैं कम हुन्छ र आममानिसले विद्युतीय ऊर्जा प्रयोग गर्न थाल्छन् । जहाँसम्म आममानिसको विद्युतीय सामग्रीका गुणस्तरका सन्दर्भमा समस्या र गुनासो रहेका छन्, तिनलाई समाधान गर्न नेपालले पनि अस्ट्रेलियामा ब्क/ल्श्क् घडद्दण् स्ट्यान्डर्डले विद्युतीय सामग्रीको विश्वसनीयता र सुरक्षाको सुनिश्चितता गर्दछ । हाम्रै छिमेकी भारतमा समेत Is\ 302–2–14M 200 मा आधारित भई ब्युरो वा क्यूमान्डर्डस्ले तोकेको मापदण्डअनुसार मात्र विद्युतीय सामग्रीको उत्पादन वा बिक्री वितरण गर्न पाइन्छ । यसले उपभोक्तालाई आफूले प्रयोग गरेको साधनको विश्वसनीयतामा ढुक्क बनाउन सक्छ । नेपालमा प्रयोग हुने विद्युतीय सामग्रीमा समेत यस्तै कुनै विश्वसनीय गुणस्तरको मापदण्ड निर्माण गरी त्यसैमार्फत अनुगमन हुन आवश्यक छ । यसले गर्दा आममानिसलाई विद्युतीय उपकरणको प्रयोग गर्न उत्साहित बनाउँदै नेपालमा हाल विद्यमान रहेको ऊर्जा खेर जाने समस्याको समाधान गर्न सकिन्छ । ०७४/७५ मा गरिएको एक अध्ययनअनुसार भान्सामा प्रयोग हुने ऊर्जालाई विद्युतीकरण गर्नुपरे १९३९.०७ मेगावाट बराबरको ऊर्जा आवश्यक पर्ने देखिएको थियो । भान्सामा प्रोग हुने ऊर्जालाई मात्र प्रतिस्थापन गर्दा नेपालले हाल गरिरहेको आयातको २.५% लाई घटाउन सक्ने हुँदा हाम्रा लागि यो अत्यन्त आवश्यक छ ।

औद्योगिकीकरण

छिमेकी चीनले औद्योगिकरणमा ठूलो क्रान्ति गरेको छ । साथै, हाल अर्को छिमेकी भारतले समेत मेक इन इन्डियाको नारासहित औद्योगिकीकरणमा ठूलो फड्को मारेको छ । नेपालले भौगोलिक र राजनीतिक दुवै कारणबाट दुई देशका बीचमा रहेर व्यापार हबका स्प्रमा विकास गर्न सक्ने ठूलो सम्भावना रहेको छ । नेपालले हाल भोगिरहेको व्यापार घाटाको समस्या समाधान गर्न औद्योगिकीकरणको आवश्यकता छ । अहिले पनि कतिपय उद्योगले बिजुलीको भन्दा बढी कोइलालगायत पेट्रोलियम पदार्थको प्रयोग गरेको देख्न सकिन्छ । नेपालको कुल गार्हस्थ

उत्पादन (जीडीपी) मा झन्डै २३ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा विद्युत् प्रयोग हुन सकेको छैन । हामीले विकासको बाटोमा फड्को मार्दै गर्दा कृषिको आधुनिकीकरण र विद्युतीकरण नितान्त आवश्यक छ । यति मात्र हैन, कुल जीडीपीमा ११.८% मात्र योगदान रहेको उत्पादन क्षेत्रको योगदान नबढेसम्म नेपालले समृद्धिको कल्पना गर्न सक्दैन । जब समृद्धि बढ्दै जान्छ, विद्युत्को खपत पनि बढ्दै जान्छ ।

एक अध्ययनलाई आधार मान्दा ०८५/८६ सम्म नेपालमा सवारीसाधन र भन्सालाई विद्युतीकरण गर्दा हामीलाई २२,३८५ मेगावाट ऊर्जा आवश्यक पर्ने देखिन्छ । त्यसैले हाल उत्पादित ऊर्जा धेरै भएर खेर जाने स्थिति हाम्रो कमजोर व्यवस्थापन र जनचेतना अभाव मात्र हो । प्रधानमन्त्री शेरबहादुर देउवाले अन्तर्राष्ट्रिय जलवायु सम्मेलनमा सन् २०४५ सम्म नेपाललाई शून्य कार्बन उत्सर्जन मुलुक बनाउने प्रतिबद्धता जाहेर गर्नुभएको थियो । तसर्थ नेपालले विश्वव्यापी जलवायु परिवर्तनको संकटसित जुध्न तथा नेपाल आफैंले विश्वसामु व्यक्त गरेको सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता पूरा गर्न पनि ग्यास, पेट्रोल, डिजेल र मट्टीतेल प्रयोग घटाउनैपर्छ । यसका लागि हामीले कार्ययोजना निर्माण गर्न आवश्यक छ । यति मात्र हैन, व्यापार घाटाबाट जोगाउन र नेपालको अर्थतन्त्रलाई स्थिर बनाउन पनि यो कार्य अत्यन्त आवश्यक भइसकेको छ ।

विद्युत् खपतको अवसर

हामीले देशभित्र ऊर्जा खपत हुने वातावरण निर्माण गर्न सकेनौँ भने उत्पादित ऊर्जा खेर जाने परिस्थिति निर्माण हुँदै जाँदा निजी क्षेत्रलाई ऊर्जा उत्पादनमा निरूत्साहित बनाउँछ । यसले नेपालको विकास र समृद्धिमा समेत अवरोध सिर्जना गर्नेछ । सरकारले पूर्वाधार सुधार गर्नुका साथै विद्युत् खपतका ठोस योजना-कार्यक्रम पनि अघि सार्नुपर्छ । अन्तर्राष्ट्रिय बजारमा इन्धनमा भइरहेको मूल्यवृद्धिको असर नेपाली उपभोक्तालाई पनि परिरहेको यो बेला नेपालको आफ्नै उत्पादन विद्युत्मा बानी पार्ने उपयुक्त अवसर हो ।

कुनै दिन चरम ऊर्जा संकटका कारणले दिनको २० घन्टाभन्दा बढि लोड सेडिङ खेप्नुपरेको नेपाल हाल यो स्थितिबाट बाहिर निस्केको मात्र हैन, उत्पादित ऊर्जाको खपत गर्न नसक्ने ठाउँमा पुगेको छ । मुलुकका लागि यो सुखद हो । यद्यपि हामीले समयमै देशभित्र ऊर्जा खपत हुने वातावरण निर्माण गर्न सकेनौँ भने उत्पादित ऊर्जा खेर जाने परिस्थिति निर्माण हुनेछ ।

निर्यातको सम्भावना

आन्तरिक खपत नभएर दैनिक करिब ५०० मेगावाट बिजुली खेर गइरहेको अवस्थामा उत्पादित बिजुली अन्तराष्ट्रिय विद्युत् बजारमा बिक्री गर्ने पहिलो विकल्प हुन सक्छ । तर, यो विकल्प दीर्घकालीन हुन सक्दैन किनकि विद्युत् कुनै पनि विकासका लागि आवश्यक पूर्वाधार हो ।

नेपाल र भारतका बीचमा सन् २०१४ मा विद्युत् व्यापार सम्झौता भयो । जसले नेपाल र भारतले एकअर्कासँग बिजुली किनबेच गर्न सक्ने बाटो खोल्यो । यसैगरी सन् २०१६ मा सार्क राष्ट्रबीच ऊर्जा किनबेच हुन सक्ने गरी कार्यढाँचा सम्झौता भयो । यी सम्झौताका बाबजुद पनि भारतले सन् २०१७ मा सीमापार विद्युत् व्यापार निर्देशिका जारी गऱ्यो । यसमा नेपालले भारतमा बिजुली निर्यात गर्न या त पूरै नेपाली लगानी भएको परियोजना हुनुपर्ने वा न्यूनतम ५१ प्रतिशत भारतीय लगानी हुनुपर्ने सर्त राख्यो । यसले विद्युत् व्यापार भारतका लागि रणनीतिक महत्वको विषय भएको पनि उजागर गर्दछ । यद्यपि यो निर्देशिकालाई भारतले सन् २०१८ मा संशोधन गरेर केही सहज भने बनाएको थियो । तर, ०७८ वैशाखमा नेपाल विद्युत् प्राधिकरणलाई भारतीय खुला बजारबाट बिजुली किन्ने स्वीकृति दियो तर बेच्ने स्वीकृति भने दिएन । जबकि गत वर्षदेखि नेपालमा चाहिनेभन्दा धेरै बिजुली उत्पादन भयो । उपयोग नभएर बिजुली खेर गयो । हालको परिस्थितिमा पनि नेपालले माथिल्लो तामाकोसी, मर्स्याङ्दी, माथिल्लो भोटेकोसी, त्रिशूली र देवीघाट परियोजनाबाट ६२१ मेगावाटसम्म बिजुली बेच्ने स्वीकृति मागेको थियो । तर, भारतले त्रिशूली र देवीघाट दुई परियोजनाबाट उत्पादित ३९ मेगावाट मात्र खरिद गरेको छ । बिजुली मात्र किन्ने गरी स्वीकृति दिएको छ । यी दुवै परियोजना भारतीय लगानीमा बनेका हुन् । भारतले अरु परियोजनाबाट बिजुली बेच्ने प्रस्ताव 'अध्ययन गरिरहेको' बताए पनि कहिलेसम्म स्वीकृति दिने हो भन्न सक्ने अवस्था छैन ।

नेपालमा हाल आन्तरिक खपत नभएर दैनिक करिब ५०० मेगावाट बिजुली खेर गइरहेको अवस्थामा उत्पादित बिजुली अन्तराष्ट्रिय विद्युत् बजारमा बिक्री गर्ने पहिलो विकल्प हुन सक्छ ।

डिजिटलाइजेसन र सुधार

सरकारी कर्मचारी र निजी क्षेत्र दुवैले यथास्थितिवाद छाड्न सकेका छैनन् नाफा कमाउनेतिर सबैको ध्यान गएको छ । डिजिटलाइजेसन गरेर कम मूल्यमा जनतालाई सेवा-सुविधा दिनेतिर अझै ध्यान जान सकेको छैन

डा. चन्दन सापकोटा

सन् १९९० को दशकबाट सुरू गरिएको आर्थिक संरचनात्मक सुधारले मुलुकको अर्थतन्त्रलाई अघि बढाउन निकै महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । यस्तो सुधार संस्थागत, नीतिगत, नियमन र कानुनी रूपमा सबै क्षेत्रमा गरिएको थियो । त्यसबेला निजी क्षेत्रलाई अगाडि सारेर सरकारी स्तरमा सुधार ल्याउन खोजिएको थियो । सरकारले घाटामा गएका केही सरकारी संस्थानहरूलाई निजीकरण गरेको थियो तर त्यसमा राजनीति हावी हुँदा प्रभावकारी हुन सकेन । आर्थिक सुधारले भर्खरै जरा गाड्दै थियो । त्यसैबेला २०५२ बाट माओवादी द्वन्द सुरू भयो । हामीले कागजमा गरेको संरचनात्मक परिवर्तनको खाका द्वन्द्व सुरू भएपछि कार्यान्वयनमा लैजान सकेनौँ ।

माओवादी द्वन्द्वका बेला काम गर्न घुस दिनुपर्ने संस्कार मौलायो । यसले विकास निर्माणका काम अगाडि बढ्न सकेनन् । स्वदेशमा रोजगारीका अवसर नहुँदा युवा जमात विदेश पलायन हुन थाल्यो भने देशमा घरजग्गा कारोबार मौलायो । आर्थिक सुधारका काम गर्न नसक्दा त्यसको फाइदा माओवादीलाई पनि पुग्यो । माओवादी द्वन्द्वपछि पुनः सुधारका काम र संस्थागत संरचनामा सुधार हुँदै गर्दा फेरि राजाले शासनसत्ता आफ्नो हातमा लिए । हामीले कागजमा ल्याएको आर्थिक सुधारको काम सन् २००६ सम्मै व्यवहारमा लैजान पाएनौँ ।

देश संघीयतामा गइसकेपछि पनि चुनाव र संविधान निर्माणमा लामो समयसम्म अल्झियौँ । यस बीचमा हामीले दिगो रूपमा आर्थिक सुधारका कामलाई अगाडि बढाउन सकेनौँ । विदेश जानेको संख्या बढिरहेकाले अर्थतन्त्र रेमिट्यान्सले नै धानिरहेको थियो । तर, अहिले कोभिड-१९ पछि भने हामी केही समस्यामा परेका छौँ । अहिले वित्तीय घाटा बढ्नुका साथै विकास निर्माणका लागि राजस्व संकलन कम भएको छ । अहिले विश्वको अर्थतन्त्र पनि संरचनात्मक रूपमै पहिलेको भन्दा फरक हुँदै गएको छ । यस्तो अवस्थामा हाम्रो विकासको रणनीति के ? नयाँ ढंगले सोच्ने बेला आएको छ । अहिले विश्वभर काम गर्ने तरिकाका साथै व्यापारिक दृष्टिकोणमा नै परिवर्तन आएको छ । यस्तो परिप्रेक्ष्यमा हाम्रो विकासको एजेन्डा के हो ? प्रस्ट हुनु आवश्यक छ । पहिलेजस्तो हाइड्रोपावरको निर्यात गर्ने हाम्रो विकासको एजेन्डा हुन सक्दैन । अहिलेसम्म देशले आम्दानी गर्ने भनेको वस्तु निर्यात, पर्यटन, रेमिट्यान्स र अनुदान सहयोगबाट हो । अहिले यी सबै क्षेत्रबाट आउने पैसा घटिरहेको छ । अब यी क्षेत्रबाट आउने पैसाले मात्रै देशको अर्थतन्त्र थेग्दैन ।

डिजिटलाइजेसनको अवसर

अब हामी देशको आर्थिक विकासका लागि नयाँ रणनीति बनाएर अगाडि बढ्नुपर्छ । हाम्रो सोच्ने, सञ्चालन गर्ने र संगठित गर्ने तरिकामा डिजिटलाइजेसनको भूमिका महत्वपूर्ण हुन्छ ।

डिजिटलाइजेसनको मुख्य उद्देश्य छिटो काम हुनाका साथै ग्राहकले राम्रोसँग सेवा पाउन भन्ने नै हो । डिजिटलाइजेसनको उपयोग गरेर उपभोक्ताले सरकारी र निजी क्षेत्रबाट पाउने सेवालाई गुणस्तरीय बनाउने हो । सरकारी क्षेत्रले खर्चको नियमन राम्रोसँग नहुँदा यो बढिरहेको अवस्था छ । सामाजिक सुरक्षा भत्ता मरेका मान्छेका नाममा पनि गइरहेको छ । यस्ता चुहावट नियन्त्रण गर्ने मुख्य उपाय भनेकै डिजिटलाइजेसन हो । प्रत्येक मानिसलाई बायोमेट्रिक राष्ट्रिय परिचयपत्र दिएर त्यसलाई बैंक खाता र फोन नम्बरसँग लिंक गर्नेबित्तिकै राज्यबाट गलत मान्छेले सामाजिक

भत्ता लिन सक्दैन ।

अब एउटा डिजिटल परिचयपत्रको सेरोफेरोमा सबै सेवा दिन मिल्ने बनाउनुपर्छ । जस्तो, भारतमा आधार कार्डका आधारमा बैंकमा केवाईसी भर्नैपर्दैन । एक ठाउँमा भरेपछि त्यो सबै ठाउँमा भर्नुपर्दैन, बैंकले पनि त्यहीबाट लिन्छ । यसले कर छलीलाई पनि धेरै हदसम्म नियन्त्रण गर्छ । डिजिटल आईडीका आधारमा प्यान, भ्याट नम्बर लिइएको हुन्छ । बैंकले डिजिटल आईडी र प्यान, भ्याट नम्बर नभएर खाता खोल्नै दिँदैन । यसरी यी तीनै कुरालाई एकआपसमा लिंक गर्दा कर छलीमा पनि कमी आउँछ । डिजिटलाइजेसनले सबै सर्भिसलाई एकै ठाउँमा ल्याउँछ । यसले गर्दा सरकारी काममा पनि एकरूपता ल्याउँछ । जस्तो, अघि सामाजिक सुरक्षा भत्ताको कुरा गऱ्यौँ । भत्ता पाउनयोग्य व्यक्ति तपाईं हो भने महिना मरेपछि स्वतः तपाईंको खातामा पैसा आउँछ, वडामा वा बैंक कतै हस्ताक्षर गर्न गइरहन पर्दैन । तपाईंले त्यो पैसा मोबाइल फोनबाट प्रयोग गर्न सक्नुहुन्छ ।

डिजिटलाइजेसनको उपयोग गरेर सरकारी र निजी क्षेत्रबाट पाउने सेवालाई प्रभावकारी बनाउँदै खर्च कम गराउने बाटोमा हामी अगाडि बढ्नुपर्छ । तर, हामी यो बाटोमा अगाडि बढ्न सकेका छैनौँ । हामी एउटा क्यूआर कोडबाट भुत्तानी गर्न पाउँदा दंग परिरहेका छौँ । त्यस्तै, कतिपय क्षेत्रमा डिजिटलाइजेसन भएर पनि सेवा प्रभावकारी हुन सकेको छैन । जस्तो, पहिला नेपाल टेलिकमको १ सयको रिचार्ज कार्ड प्रयोग गर्दा कार्ड छाप्न पैसा खर्च हुन्छ भनेर करिब २ रूपैयाँ काटिन्थ्यो । तर, अहिले बैंक तथा पेमेन्ट कम्पनीबाट पैसा राख्दा पनि त्यति नै पैसा काटिरहेको छ । यो सरासर उपभोक्तामाथिको ठगी हो । एउटा बैंकबाट अर्कोमा पैसा पठाउँदा पैसा काटिइरहेको छ । हामी देशव्यापी डिजिटल गेट वे स्टोर बनाउने परिकल्पना गर्दै छौँ र कतिपय सेवा निःशुल्क बनाउनुपर्छ भन्ने हो । तर, यस बाटोमा काम हुन सकिरहेको छैन । सरकारी कर्मचारी र निजी क्षेत्र दुवैले पहिलेको यथास्थितिवाद छाड्न सकेका छैनन् । नाफा कमाउनेतिर सबैको ध्यान गएको छ । डिजिटलाइजेसन गरेर कम मूल्यमा जनतालाई सेवा-सुविधा दिनेतिर अझै ध्यान जान सकेको छैन ।

हामीले दोस्रो चरणको आर्थिक सुधारको कुरा पछिल्लोचोटि डा. रामशरण महत अर्थमन्त्री भएपछि गर्दै आइरहेका छौँ । यो पनि सात/आठ वर्ष भइसक्यो । हामी कोभिडपछि पनि यही आर्थिक सुधारको कुरा गरिरहेका छौँ । यो बीचमा हाम्रा काम र व्यवसायमा धेरै संरचनात्मक परिवर्तन भइसके । त्यसैले हामीले दोस्रो चरणको सुधार गर्दा अबको परिप्रेक्ष्यबाट गर्नुपर्छ । जस्तो, अहिले करका सबै प्रक्रिया अनलाइनबाट हुनुपर्ने हो । हामीले भारतबाट सामान आयात गर्छौँ । मानौँ, हामीले बच्चाको डाइपर आयात गर्दै छौँ । डाइपर एउटा प्याकको खुद्रा मूल्य १ हजार रूपैयाँ लेखेको छ । यो मूल्य भारतको परिप्रेक्ष्यमा लेखेको हो । हाम्रा व्यापारीले एमाजोनबाटै किन्दा पनि १ हजार खुद्रा मूल्य भएको सामान ६ सय रूपैयाँमा पाउँछन् । व्यवसायीले खुद्रा मूल्यमा नभएर होलसेल मूल्यमा सामान खरिद गरेर ल्याउँछन् र त्यही बिल भन्सारमा देखाउँछन् ।

६ सय भारूमा ल्याएको सामान यहाँ १ हजार भारूमा बिक्री हुन्छ । अझ कोहीले त त्यसमा भ्याट पनि थपेर लिन्छन् । बोर्डरमा ल्याएको सामान एचएसएट डिजिटभन्दा माथिको आसिकुडामा तिर्नुपर्ने हुन्छ, त्यसलाई हाम्रो खुद्रा बिक्री मूल्यसँग जोड्न सकियो भने राजस्व छली पनि कम हुन्छ । जनताले पनि कम मूल्यमा सामान पाउँछन् । बजारमा व्यापारीले हचुवाका भरमा मूल्य बढाउन पाउँदैनन् । खरिद गरेको सामानको निश्चित प्रतिशत नाफा मात्र व्यापारीले लिन पाउँछन् । तर, अहिले जतिमा बेचे पनि त्यो सामान ल्याउने व्यापारीको भन्सारसँग लिंक नगराएकाले हामीले सजिलै उसको डाटा हेर्न पाउँदैनौँ । डिजिटलाइजेसनको दोस्रो चरणको सुधारका लागि हामी यो बाटोबाट अगाडि बढ्नुपर्ने हो । तर, हामीले यसरी सोच्ने गर्दैनौँ । प्यान नम्बरलाई बैंक खातासँग लिंक गरेर त्यसलाई राष्ट्रिय परिचयपत्रसँग लिंक गराउनुपर्छ । दोस्रो चरणको आर्थिक सुधार गर्न डिजिटलाइजेसनका माध्यमबाट सेवा-सुविधा जनतालाई छिटो-छरितो तरिकाले कम मूल्यमा उपलब्ध गराउने गरी सोच्नुपर्छ ।

दोस्रो चरणको सुधारका लागि सबैभन्दा पहिले संस्थागत सुधार गर्नुपर्छ । उद्योगको विकास गर्ने हो भने हामीले सेज मात्र बनाएर पुग्दैन, त्यसलाई सञ्चालन गर्नुपर्ने अरु कुरा जस्तो, विभिन्न छुट दिनुपर्ने हुन्छ । त्यसमा कन्जुस्याइँ गर्नुहुँदैन । कुनै लगानीकर्तालाई सेजमा आउन के कारणले सजिलो हुन्छ, त्यो सरकारले मिलाइदिनुपर्छ ।

सस्थागत संयन्त्रको आवश्यकता

डिजिटलाइजेसनको उपयोग गरेर सरकारी र निजी क्षेत्रबाट पाउने सेवालाई प्रभावकारी बनाउँदै खर्च कम गराउने बाटोमा हामी अगाडि बढ्नुपर्छ । तर, हामी यो बाटोमा अगाडि बढ्न सकेका छैनौँ ।

अहिले हामीलाई विकास निर्माणका लागि एउटा सस्थागत संयन्त्र चाहिएको छ । सरकारको बजेट राम्रोसँग खर्च हुन सकिरहेको छैन । विभिन्न विकास निर्माणका काम वातावरणीय प्रभाव मूल्यांकन, जग्गा अधिग्रहण, कर छुटलगायत कारणले लामो समयसम्म कार्यान्वयनमा जान सकिरहेका हुँदैनन् । अर्को समस्या भनेको एउटा मन्त्रालयले भनेको अर्कोले मान्दैन । मानौं, यातायात मन्त्रालयले कुनै सडकको वातावरणीय मूल्यांकनका लागि वातावरण मन्त्रालयमा पठायो भने उसले कडा सर्त तेर्साउँछ किनभने वातावरण मन्त्रालयको काम वातावरण संरक्षण गर्ने हो, लगानी प्रर्वद्धन गर्ने होइन । हो, यसैका लागि सरकारका शक्तिशाली मन्त्रीहरु सम्मिलित एउटा संयन्त्रको आवश्यकता छ र यसले गरेको निर्णय क्याबिनेटले गरेको निर्णयसरह मान्यता दिनुपर्छ । तत्काल कुनै समस्या समाधान गर्नुपरे सरकारको क्याबिनेट मिटिङ नबसे पनि यो संयन्त्रको मिटिङ बसेर समस्या समाधान गर्न सकियोस् । अहिले त सबै निर्णय गर्न प्रधानमन्त्रीकै मातहतमा कमिटी बनाइएको हुन्छ ।

दोस्रोमा राष्ट्रिय योजना आयोगलाई प्रदेशको योजना आयोगसँग समन्वयतात्मक तरिकाले अगाडि बढाउनुपर्छ । अहिले राष्ट्रिय योजना आयोग त्यति शक्तिशाली पनि छैन । यसलाई शक्तिशाली बनाएर भविष्यमा गर्नुपर्ने कामको अध्ययन गरी योजना बनाएर सरकारलाई दिनुपर्छ । कुनै काम हुनुअगाडि भन्दा भइसकेपछि योजना बनाउने काम राष्ट्रिय योजना आयोगले गरिरहेको छ । यसका लागि एउटा संयन्त्र बनाएर अगाडि बढ्नुपर्छ ।

क्षेत्रगत सुधारमा मुख्य हाइड्रोपावरको अहिलेकै नीति नियम र संयन्त्रले पार लगाउन गाह्रो छ । नयाँ तरिकाले सोच्ने बेला आएको छ । उपभोक्ता तथा संस्थागत विद्युत् खपत बढाउन कदम चाल्नुपर्ने देखिन्छ ।

संसद्मा विभिन्न विधेयक पेस हुन्छन् । यस्ता विधेयक संसद्बाट पास हुँदा सरकारको दायित्व तथा भार कति थपिन्छ भनेर पहिले नै अध्ययन भएको हुँदैन । सांसदहरूले पनि केही बौद्धिक व्यक्तिसँग छलफल गरेर पूर्ण जानकारी नलिई त्यसमा राजनीतिक लाभहानि जोडेर निर्णय लिन्छन् । विधेयकको गुणात्मक फाइदालाई गौण राखेर राजनीतिक आधारमा निर्णय लिइन्छ । हामीले यस्ता समस्या समाधान गर्न संसद्भित्रै 'बजेट थिंक ट्यांक' बनाउनुपर्छ । जुनै पार्टीको सरकार आए पनि सरकारको दायित्व घटाउने वा बढाउने विधेयक आएको छ भने सरकार आफैंले यसमा निर्णय लिन सकोस् । 'थिंक ट्यांक' ले यस्ता विधेयकमा आएका कुराको लागत, दायित्व, फाइदा, बेफाइदा तथ्यगत रूपमा बाहिर ल्याउन सकोस् । यसबाट सांसदलाई पनि सही निर्णय लिन मद्दत पुग्छ ।

अहिले धेरै देशहरूले संरचनात्मक परिवर्तन गर्न माथि भनिएजस्तै तरिकाले काम गरिरहेका छन् । यो बेला हामीले बल्ल ती कुराबारेमा सोचिरहेका छौं । अरु देशले बनाएर लागू गरेपछि हामीले बल्ल बनाउन सुरू गर्छौं, जसले गर्दा हामी जहिले पनि पछाडिको पछाडि पर्छौं । अरूले बनाउनुभन्दा पहिले हामीले बनाएर लगानीकर्तालाई कसरी छिटो हामीले ल्याउने भन्नेबारे सोच्नुपर्छ ।

निजी क्षेत्र पुरानै हिसाबले चल्ने, थप नाफा कमाउने, कर छली गर्नेलगायतका काम गरेर चलिरहेको अवस्था छ । तल्लो लेभलमा प्रतिस्पर्धा देखिए पनि माथिल्लो स्तरमा पूर्ण कार्टेलिङ चलिरहेको छ ।

कुनै वस्तुको मूल्य कुनै निश्चित निकायभन्दा पनि ठूला व्यवसायीले तोक्ने गर्छन् । सिमेन्टलगायत विभिन्न वस्तुको मूल्य, बैंकको ब्याजदर । यस्ता कुरा सबै मिलेर एउटै तोक्छन् । यहाँ धेरै ठाउँमा एसोसिएसनका भरमा कार्टेलिङ चलिरहेको छ । यस्ता कुरालाई सरकारले नियम कानुनमा बाँधेर प्रतिस्पर्धात्मक बजारको विकास गराउन सक्नुपर्छ । अर्को, नेपाली व्यवसायीलाई अन्तर्राष्ट्रिय बजारमा सशक्त रूपमा अगाडि बढ्न सरकारले वातावरण बनाइदिनुपर्छ ।

सरकारले पहिले योजना बनाउँछ अनि राजस्वका बारेमा सोच्न थाल्छ । यो प्रक्रिया उल्टो हो । अब हामीले पहिला ५ वर्षे राजस्व संकलन योजना पहिले नै बनाउनुपर्छ । हामीले अहिलेको अवस्थामा कति राजस्व उठाउन सक्छौं, थप कर बढाएर कति उठाउन सक्छौं र करको दर नबढाएर यसको क्षेत्र बढाएर कति राजस्व उठाउन सक्छौं । यसको हिसाब निकाल्नुपर्छ । साथै, यसरी राजस्व संकलन गर्न हामीले के-के संरचनात्मक परिवर्तन गर्नुपर्छ ।

यसमा डिजिटलाइजेसनदेखि सरकारी खर्च घटाउन के-के गर्न सकिन्छ, पहिलो काम त्यो गर्नुपर्छ । यो सबै समेटेर राजस्व संकलन योजना बनाउनुपर्छ । यसको आधारमा हामीले बल्ल ५ वर्षे खर्च योजना बनाउनुपर्छ । अनि, बल्ल बजेटमा राजस्व र खर्चको तालमेल मिल्छ । त्यस्तै, बजेट घोषणा गर्दा सरकारले कुन फ्रेममा बनेको हो भनेर जानकारी दिँदैन । बजेटसँगै त्यो वर्षको सूक्ष्म आर्थिक विश्लेषण पनि अनुसूचीमा राख्दा कुन परिप्रेक्ष्यमा बजेट बनेको हो भनेर बुझ्न सजिलो हुन्छ ।

प्यान नम्बरलाई बैंक खातासँग लिंक गरेर त्यसलाई राष्ट्रिय परिचयपत्रसँग लिंक गराउनुपर्छ । दोस्रो चरणको आर्थिक सुधार गर्न डिजिटलाइजेसनका माध्यमबाट सेवा-सुविधा जनतालाई छिटो-छरितो तरिकाले कम मूल्यमा उपलब्ध गराउने गरी सोच्नुपर्छ ।

सम्बन्ध सधैंभरिलाई

NAGARIK APP

"Government service at your finger tips"

सिद्धार्थ बैंकमा खाता नागरिक एपबाट

नागरिक एपको प्रयोग गरी सिद्धार्थ बैंकमा सजिलैसँग **अनलाइन खाता** खोल्नुहोस् ।



नागरिक एप आजै डाउनलोड गर्नुहोस् ।

Download on the App Store

GET IT ON Google Play

SiddharthaBank

www.siddharthabank.com

समाजवादउन्मुख लाइसेन्स राज

नेपालमा पुँजीवादी र कम्युनिस्ट दुवै विचारधाराका व्यक्तिले सरकारको नेतृत्व गरे तर, उनीहरूले खुला अर्थनीतिलाई आधारभूत रूपमा स्वीकार गरे पनि सुधारका एजेन्डालाई बीचमै विस्थापित गरे । परिणाम स्पष्ट छ– नेपाल बल्ल अतिकम विकसित मुलुकको हैसियतबाट माथि उठ्न घसिँदै छ

जनार्दन बराल

युद्ध सकिएपछि भियतनामले सन् १९७५ मा मुख्य स्रमा केन्द्रीय योजना र राज्यले दिने अनुदानमा आधारित सोभियत मोडलको आर्थिक नीति अवलम्बन गऱ्यो । ठूला उद्योग तथा परियोजना बने तर ती अत्यन्तै अप्रतिस्पर्धी भए र तिनले राज्यको अत्यन्तै धेरै लगानी पचाए । कृषि क्षेत्रमा भएको अत्यधिक सामूहिकीकरणले किसानलाई भूस्वामित्वबाट अलग गरिदियो, राज्यले तोकिदिएको न्यून मूल्यमा कृषि उपज बेच्न बाध्य भए, त्यसैले उनीहरु खेती गर्नुभन्दा औद्योगिक कामदारमा रूपान्तरण भए । त्यसले कृषिमा आधारित मुलुक भियतनाममा धानलगायत खाद्यान्नको ठूलो अभाव सिर्जना भयो र आयातमा भर पर्नुपर्ने अवस्था भयो । त्यसको एक दशक पनि नपुग्दै सन् १९८० को दशकको मध्यतिर भियतनाममा आधारभूत वस्तुको तीव्र अभाव भयो, वार्षिक मूल्यवृद्धिदर १ सय प्रतिशतभन्दा बढी भयो, जनजीवन नाटकीय स्रमा दुःखपूर्ण बन्यो । भियतनामले पाउँदै आएको अन्तर्राष्ट्रिय अनुदानमा भारी कटौती भयो, त्यसले ठूलो मात्रामा बजेट घाटा बेहोर्नुपऱ्यो र विदेशी ऋणको मात्रा बढ्दै गयो । त्यसबेला विश्वको गरिबतम् मुलुकमध्येको एक भियतनामको प्रतिव्यक्ति आय २ सयदेखि ३ सय अमेरिकी डलर हाराहारी थियो ।

भियतमानले बदलेको नीति र सफलता

मुलुकको अर्थतन्त्र असफल हुँदै गएको तथ्यलाई भियतनामको कम्युनिस्ट सरकारले स्वीकार गऱ्यो । उनीहरूले केन्द्रीय योजनामा आधारित अर्थतन्त्रलाई बजारकेन्द्रित बनाउन सामाजिक आर्थिक सुधारको कार्यक्रम कार्यान्वयन गरे, जसलाई 'दोइ मोइ' नीति भनिन्छ । सन् १९८६ बाट शुरू गरिएको यो कार्यक्रमले कृषि क्षेत्रलाई सामूहिकीकरणबाट मुक्त गऱ्यो, मूल्यलाई स्वतन्त्र छाडियो, राज्यको नियन्त्रण अन्त्य गरियो, सम्पत्तिको स्वामित्वको अधिकारलाई विविधीकरण गरियो, दुई तहको बैंकिङ प्रणाली स्थापना भयो र समग्र अर्थतन्त्रलाई स्वतन्त्र बजार प्रणालीमा लगियो ।

आज ३० वर्षपछि भियतनाम उदीयमान अर्थतन्त्रमध्ये सबैभन्दा छिटो तरक्की गर्ने मुलुक बनेको छ । सन् १९९० देखि २०२१ को बीचमा यो मुलुकको प्रतिव्यक्ति आम्दानी २९ गुणाले बढी करिब २८ सय डलर पुगेको छ । सन् १९८६ पछिका अधिकांश वर्षमा उसले ६ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि हासिल गऱ्यो । आज उसको निर्यात कुल गार्हस्थ उत्पादन (जीडीपी) कै हाराहारीमा छ, नाइकीदेखि सामसुङसम्मका विश्वचर्चित ब्रान्ड यही मुलुकमा बन्छन् । विश्वका १० मध्ये एउटा स्मार्टफोन भियतनाममै बनेको हुन्छ ।

आर्थिक वृद्धि, औद्योगिक उत्पादन र व्यापारमा मात्रै होइन, भियतनामले गरिबी र असमानता घटाउन र सामाजिक विकासमा पनि लोभलाग्दो प्रगति गरेको छ । २००२ पछिको अवधिमा गरिबीको रेखामुनि रहेको जनसंख्या ३२ प्रतिशतबाट २ प्रतिशतमा झरेको छ । सन् १९९३ देखि २०१७ को बीचमा शिशु मृत्युदर आधाले घटेको छ । औसत आयु ७६.३ वर्ष पुगेको छ, जुन यो क्षेत्रका समान आयस्तरका मुलुकमध्ये सबैभन्दा धेरै हो । सन् २०१६ मै ९९ प्रतिशत जनतामा विद्युत्को पहुँच पुगेको थियो जबकि सन् १९९३ मा यो १४ प्रतिशत मात्रै थियो । [1]

1 https://www.worldbank.org/en/country/vietnam/overview#1

लाइसेन्स राजमा रजगज गरिरहेकाले नै देशका उद्योग व्यापारमा नाफा हुने अधिकांश क्षेत्रमा कब्जा जमाइरहेका छन् । गाडी-मोटरसाइकलको डिलर, बैंक र बिमा, विदेशबाट आयात हुने उपभोग्य सामानदेखि डन्डी कारखानासम्म उसैको हुन्छ ।

लाइसेन्सराजले गाँजेको नेपालको अर्थतन्त्र

१९८० को अन्त्य र ९० को सुरूआततिर नेपालको अवस्था भियतनामको भन्दा फरक थिएन, भियतनाम अझ कमजोर थियो । सन् १९९० मा नेपालको प्रतिव्यक्ति आय १९२ अमेरिकी डलर थियो, भियतनामको ९५ डलर मात्रै । फरक के थियो भने भियतनामले युद्ध समाप्त भएको एक दशकपछि बजारकेन्द्रित आर्थिक नीति अवलम्बन सुरू गरेको थियो, नेपालमा बजारकेन्द्रित आर्थिक नीति सुरू भएको करिब आधा दशकपछि कम्युनिस्ट पार्टीले युद्ध सुरू गऱ्यो । भियतनाममा १९७६ यता राजनीतिक स्थायित्व छ, त्यही अवधिमा नेपालमा पञ्चायत, बहुदलीय प्रजातन्त्र र अहिलेको गणतन्त्र गरी तीन किसिमका शासन व्यवस्था नै बदलियो । अर्थात्, नेपालको अधिकांश अवधि राजनीतिक व्यवथापनमै खर्च भयो । भियतनाममा राजनीतिक नेतृत्व कम्युनिस्ट भए पनि उत्साहका साथ आर्थिक सुधार गरेको थियो, नेपालमा पुँजीवादी र कम्युनिस्ट दुवै विचारधाराका व्यक्तिले सरकारको नेतृत्व गरे तर, उनीहरूले खुला अर्थनीतिलाई आधारभूत रूपमा स्वीकार गरे पनि सुधारका एजेन्डालाई बीचमै विस्थापित गरे । परिणाम स्पष्ट छ- भियतनाम सन् २०४५ मा विश्वका धनी मुलुकहरूको सूचीमा पर्ने गरी दौडिरहेको छ, नेपाल बल्ल अतिकम विकसित मुलुकको हैसियतबाट माथि उठ्न घस्रिँदै छ ।

यो सबैको पछाडि नेपालमा धेरै लामो समयदेखि अभ्यासमा रहेको 'समाजवादउन्मुख लाइसेन्स राज'को निकै महत्वपूर्ण भूमिका छ । लाइसेन्स राजको कुरा गरिरहँदा वास्तवमा यो के हो भन्नेमा स्पष्ट हुन आवश्यक छ । सन् १९४७ मा भारत स्वतन्त्र भएदेखि सन् १९९० भन्दा अघिको अधिकांश समय त्यहाँ लाइसेन्स राज थियो, नेपालमा पनि २०४७ अघि पञ्चायतकालीन लाइसेन्स राज थियो । लाइसेन्स राज भन्ने शब्द भारतका चर्चित राजनीतिज्ञ चक्रवर्ती राजागोपालाचारी (जो भारतका पहिला गभर्नर जनरल थिए) ले प्रयोगमा ल्याएका हुन् । अर्थतन्त्रका अधिकांश क्षेत्रमा सरकारी संस्थानहरूको एकाधिकार रहने, कुनै नयाँ कम्पनी वा व्यवसाय शुरू गर्न सरकारबाट अनुमति लिनुपर्ने, व्यवसाय बन्द गर्न वा कर्मचारी कटौती गर्न पनि सरकारको स्वीकृति चाहिने, अत्यन्तै उच्च भन्सार दर, आयातमा न्यून कोटा तथा कुनै वस्तुको आयात प्रतिबन्ध नै गरिने तथा बिमा, बैंकलगायत अन्य धेरै व्यवसाय राष्ट्रियकरण गर्ने अवस्था त्यसबेलाको भारतमा थियो, जसलाई राजागोपालाचारीले लाइसेन्स राजको नाम दिए ।

नेपालको नयाँ समाजवादउन्मुख लाइसेन्स राजको चरित्र त्यसबेलाको भारतको १९९० अघिको लाइसेन्सराजसँग मिल्छ । भारतले सन् १९४८ मै गहना, अणुऊर्जा रेलरोड, खानी, टेलिफोनलगायतमा सरकारी एकाधिकार कायम गरेको थियो । नेपालमा आजका दिनमा पनि पेट्रोलियम, विद्युत्को प्रसारण, वितरण र व्यापारलगायत क्षेत्रमा सरकारको एकाधिकार छ । भारतले सन् १९५६ मा जीवनबीमा व्यवसाय, १९६९ मा ठूला बाणिज्य बैंक तथा १९७३ मा निर्जीवन बीमा व्यवसाय राष्ट्रियकरण गऱ्यो । सन् १९८५ मा भारत विश्वकै सबैभन्दा बढी भन्सार दर लगाउने मुलुक थियो । जनताले उपभोग गर्ने तयारी वस्तुमा १४०.९ प्रतिशत भन्सार थियो, कच्चा पदार्थमै १३७.७ प्रतिशत भन्सार थियो ।[२] उद्योग व्यवसाय गर्ने अवसर ठूला नेता तथा उच्च पदस्थ कर्मचारीलाई रिझाउने सीमित व्यापारीले पाउँथे, आयातको कोटा पनि उनीहरूकै हातमा हुन्थ्यो । सरकारले निर्यात प्रवर्द्धन गर्ने होइन, आयात प्रतिस्थापन गर्ने भनेर नीतिहरु बनाउँथ्यो ।

सरकारी एकाधिकार र व्यापारीको रजगज

नेपालमा पञ्चायतकालीन लाइसेन्स राज खारेज गरी खुला बजारमुखी अर्थनीति लागू गरेको तीन दशक भयो । यसबीचमा तीन वटा संविधान बने, पछिल्लो पटकको २०७२ को संविधानले मुलुकले समाजवादउन्मुख अर्थनीति अवलम्बन गर्ने भनेको छ । व्यवहारमा हेर्ने हो भने त्यो नीति 'समाजवादउन्मुख लाइसेन्सराज'मा परिणत भएको छ । आजका दिनमा पनि मुलुकमा विद्युत् उत्पादन, प्रसारण र व्यापार र वितरणमा लाइसेन्स राज छ, उत्पादनबाहेकका क्षेत्रमा त सरकारी एकाधिकार नै छ । लाइसेन्स नलिईकन कुनै पनि व्यवसायीले बैंक तथा वित्तीय संस्था मात्रै होइन, बीमा कम्पनी र सहकारी पनि खोल्न पाउँदैन । यस्ता कम्पनी खोल्ने लाइसेन्स बुढानीलकन्ठ, बालकोट र खुमलटारको खोपीमा रहेकाबाहेक अन्यले पाउने गुञ्जायस नै छैन । आयातमा लाइसेन्स राज छ, सुपारी, मरीच, छोकडा, केराउलगायत वस्तुको आयात कोटा नेताका नजिकका व्यापारीबाहेक अन्यले पाउने सम्भावना दूर छ । नीतिगत रूपमा शिक्षा र स्वास्थ्य क्षेत्र पनि खुला छोडिएको छ, तर अस्पताल र मेडिकल कलेज मात्रै होइन,

2 Indiabefore91.in, stories of life under the license raj, Center for Civil Society, New Delhi.
http://indiabefore91.in/license-raj

स्कुल कलेज खोल्न पनि लाइसेन्स राज छ । त्यस्तो लाइसेन्स पाउनेबारे स्वच्छ र स्वस्थ ढंगले स्वास्थ्य शिक्षा सेवा प्रदान गर्ने उद्देश्य राख्नेले नचिताए पनि हुन्छ ।

सवारीसाधन आयातमा तीन सय प्रतिशतसम्म कर लाग्ने गरेको छ, जसले सवारीसाधनलाई सामान्य जनताको पहुँचभन्दा बाहिर पुऱ्याएको छ । दूरसञ्चार क्षेत्रमा नयाँ अनुमतिलाई रोक लगाइँदा दुई कम्पनी नेपाल टेलिकम र एनसेलको मात्र दबदबाले सीमित प्रतिस्पर्धा छ । ४० खर्बको शेयर बजारको जिम्मा एउटा स्टक एक्सजेञ्ज र ५० जना ब्रोकरको हातमा छ । जलविद्युत् र खानीको क्षेत्रमा लाइसेन्स ओगटेर बस्दा वास्तविक लगानीकर्ता मर्कामा पर्ने गरेका छन् ।

लाइसेन्स राजमा रजगज गरिरहेका सीमित व्यापारीले नै देशका उद्योग व्यापारमा नाफा हुने अधिकांश क्षेत्रमा कब्जा जमाइरहेका छन् । गाडी-मोटर साइकलको डिलर उसैको, बैंक र बीमा कम्पनी उसैको, विदेशबाट आायत हुने उपभोग्य समानमा कब्जा उसैको, सिमेन्ट र डन्डी कारखाना पनि उसैको हुन्छ । त्यति मात्रै होइन, जलविद्युत् आयोजनादेखि स्कुल अस्पतालसम्म उसैले कब्जा गरिरहेको हुन्छ । आफूले लगानी गरेको क्षेत्रमा अरूलाई निषेध गर्न तिनै सीमित व्यापारीले लाइसेन्सराजको किल्ला निर्माण गरिहेका छन्, जुन तोडेर प्रतिस्पर्धीहरु प्रवेश गर्न निकै कठीन छ । नेपालमा निकै ठूलो लगानीसहित सिमेन्ट उद्योग खोल्न आएको डाँगोटेलाई लखेट्ने नेपाली सिमेन्ट उद्योगी नै हुन्, श्री एअरलायन्सले नयाँ जेटस्ट्रिम बिमान ल्याएर आन्तरिक उडान गर्न खोज्दा अनुमति रोक्ने अन्य वायुसेवा नै हुन् ।

ठूला नेता र ठूला व्यापारी 'समाजवादउन्मुख लाइसेन्स' राजका दुई पाङ्ग्रा हुन् । त्यसका सारथी उच्चपदस्थ कर्मचारी बन्ने गरेका छन् । समाजवादउन्मुख लाइसेन्सराजले अर्थतन्त्रको आकारलाई संकुचित बनाएको छ । गत साल पाँच वटा कम्पनीले पुनर्बीमा कम्पनी खोल्ने भनेर प्रस्ताव गरेका थिए । यदि कोही लगानीकर्ता १० अर्ब पुँजी लगानी गरी व्यवसाय गर्न अनुमति माग्छ भने ऊसँग निश्चित रूपमा व्यवसायको योजना हुन्छ, नाफा हुने देखेरै त्यस क्षेत्रमा हात हाल्न खोजेको हो । तर, सरकारले एउटा मात्रै कम्पनीलाई लाइसेन्स दियो, जसका कारण मुलुकमा थप ४० अर्ब लगानी रोकियो । त्यसबाट सिर्जना हुने रोजगारी र व्यवसायको अवसर गुम्यो । यो त सानो उदाहरण मात्रै हो, समाजवादउन्मुख लाइसेन्सराजले अर्थतन्त्रमा हुने खर्बौं लगानीलाई बन्द गरेको, लाखौं रोजगारीको अवसर संकुचित बनेको छ । भ्रष्टाचार मौलाएको छ, छाया अर्थतन्त्रको विस्तारलाई बढावा दिएको छ । अर्थतन्त्रको विस्तारमा बाधा पुगेको छ ।

अबको बाटोः अर्थतन्त्रको तीव्र विस्तार

मुलुक अल्पविकसित मुलुकबाट बल्ल विकासशील मुलुकतर्फ यात्रा गर्दै छ । अझै मुलुकले पाँच वर्षको अवधि अल्पविकसित मुलुककै सुविधा प्राप्त गर्नेछ । यसबीचमा मुलुकले आयस्तरमा विकासशील मुलुकको मापदन्ड हासिल गर्न पनि अर्थतन्त्रको तीव्र विस्तार गर्नु आवश्यक छ । आर्थिक वृद्धिको दर उच्च बनाउनुपर्नेछ, तीव्र रूपमा रोजगारी सिर्जना गर्नुपर्ने छ । त्यसका लागि विनियमन तथा व्यवसायको लागत घटाउन आन्तरिक सुधार तथा बाह्य व्यापारलाई थप उदार बनाउन जरूरी छ । कुनै पनि देश विकास गर्ने त्यहाँका जनताले हो । त्यसो हुँदा मानव पुँजीको विकास गर्न सरकारकै तर्फबाट अत्यन्तै ठूलो लगानी हुन आवश्यक छ ।

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सामाजिक सुरक्षा कोष

बबरमहल काठमाडौं

फोन नं. ४२५५४६४, हटलाइन website : www.ssf.gov.np, email: info@ssf.gov.np

यस कोषमा आवद्ध योगदानकर्ताहरूको योगदान रकम कानून बमोजिम नियमित (प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र) रूपमा अनिवार्य जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

NIBL

NIBL RECURRING FIXED DEPOSIT

STEADY DEPOSIT

HIGHER RETURN

12 months: 8% p.a	33 months: 8.5% p.a

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

01-4228229, 01-4242530 info@nibl.com.np www.nibl.com.np

ICRA NEPAL

अर्थतन्त्रमा साहसिक सुधारको आवश्यकता

आर्थिक र सामाजिक रूपान्तरणका ठूल्ठूला कुरा हुने गरेका छन् तर व्यवहार यथास्थितिमै छ । रूपान्तरणका लागि साहसिक निर्णय गरिनुपर्छ । त्यो निर्णय भनेको राजनीतिक तहबाटै हुनुपर्छ

डा. डिल्लीराज खनाल

पहिलो चरणको विकासको पृष्ठभूमि

२०४६ को जनआन्दोलनपछि प्रजातन्त्रको पुनर्स्थापनापछि एकातर्फ जनअपेक्षा एकदमै बढेर गएको अवस्था थियो भने अर्कोतर्फ सुधारका लागि पुराना आर्थिक नीति बाधक थिए । राज्यको संरक्षणको नाममा सत्तामा बस्ने गरी स्रोत-साधनको दोहन गर्न सहयोग गर्नमै केन्द्रित परिपाटीले गरिबी, असमानता बढाउनुका साथै अर्थतन्त्र नै अप्ठेरो स्थितिमा थियो । त्यसैले यस्तो आर्थिक परिपाटीमा व्यापक सुधार ल्याउनुपर्ने थियो ।

त्यही समयमा छिमेकी भारतको अर्थतन्त्रमा लाइसेन्स राजले ल्याएको संकटबाट उन्मुक्तिका लागि ठोस सुधारका कार्यक्रम अघि बढ्दै थियो । पूर्वी एसियाका मुलुकले राज्य र बजारमा सन्तुलनसहित निजी क्षेत्रको प्रवर्द्धनमा राज्यले खेलेको भूमिकाले चमत्कारिक सुधार आइरहेको थियो । अर्कोतर्फ विश्व बैंक र मुद्रा कोष (आइएमएफ) जस्ता दातृ निकायले ससर्त सुधारका लागि प्रेरित गरे । यही बिन्दुबाट पहिलो चरणको सुधारको सुरूआत भयो ।

यसको समग्र पृष्ठभूमि हेर्दा विश्वव्यापी स्तरमा उदार लोकतान्त्रिक आन्दोलन अगाडि बढेको थियो । नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि बनेको सरकारले उदार आर्थिक परिपाटी अगाडि बढाउन पहल गर्दै विभिन्न आर्थिक उदारीकरण र खुला व्यापारसँग सम्बन्धित नीतिमा पनि फेरबदलको नीति अगाडि बढ्यो । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले त्यसै समय ल्याएको कार्यक्रम पनि यिनै पहिलो चरणको सुधारका सर्तसँग जोडिएका थिए ।

पहिलो चरणको सुधारका प्रभाव

पहिलो चरणको सुधारले धेरै सकारात्मक प्रयास भएका छन् । जस्तो, व्यापारको क्षेत्रमा, करको क्षेत्रमा, बजेट प्रणालीमा, निजी क्षेत्रलाई प्रोत्साहन र लगानी प्रवर्द्धन गर्ने कुरा, बैंकिङ क्षेत्रलाई अगाडि बढाउने कुरामा सुधार आएको छ । निजी क्षेत्रलाई सुधार गर्दा सामाजिक क्षेत्रमा पनि धेरै सुधार भएका छन् । आर्थिक क्रियाकलापमा आज धेरै सुधार भएको छ, यो अर्थतन्त्रमा निजी क्षेत्रले पुऱ्याएको योगदान हो । हिजोको अवस्थामा जुन किसिमको विकृति र विसंगति थिए । गरिबी बढेको थियो, भुक्तानी सन्तुलनमा समस्या थियो । अर्थतन्त्र उत्पादन र उत्पादकत्वमा फड्को मारेर जान नसक्ने अवस्थामा थियो । यो अवस्थामा रूपान्तरण ल्याएर अगाडि जानुपर्ने अवस्था थियो । त्यो बेलामा व्यापार, लगानी, निजीकरण, श्रम बजारलगायतका क्षेत्रमा कानुनका कुरा, संस्थागत परिपाटीका व्यवस्था सुधारका कुरा अगाडि बढे ।

तर, यी सुधार जसरी हुनुपर्ने थियो, त्यसरी भएनन् । प्रतिस्पर्धात्मक, श्रेष्ठता र समृद्धितर्फ सुधार अघि बढ्न सकेन । निजीकरण विवादास्पद रह्यो । कतिपय सुविधा खारेज भए । व्यापारलाई धेरै उदार बनाइयो । व्यापारलाई उत्पादन गर्ने, औद्योगिकीकरण गर्ने र बढी उत्पादनलाई निर्यात गर्ने बनाउनुपर्ने थियो । आयात बढ्दा व्यापार घाटा बढ्ने तर, निर्यात नहुने स्थिति आयो । निर्यात नभएपछि औद्योगिकीकरण नहुने, औद्योगिकीकरण नहुँदा देशका प्रचुर सम्भावनाका स्रोतबाट फाइदा लिन सकिएन ।

औद्योगिकीकरण यस्तो क्षेत्र हो, जसले कच्चा पदार्थका लागि कृषिको व्यावसायिकता र माग बढाउँछ । सँगसँगै बजार, प्रविधि, लगानी गर्न

ऋणको आवश्यकतालाई बढाउँछ । यसमा औद्योगिकीकरण हुनुपर्छ । त्यसलाई हामीले बिर्सिएर अत्यधिक आयात गर्ने र बीचमा बसेर नाफा मात्र खाने काम भयो भने व्यापारको क्रमसँगै बैंकिङ क्षेत्रमा धेरै उदार अर्थनीति अपनाइयो । बैंकमा खराब कर्जा नराम्रोसँग बढ्यो । व्यापारकै लागि रियल स्टेटदेखि सहर केन्द्रित लगानीमा बैंक जान थाले ।

यस्तो लगानी व्यापक रूपमा रोजगारी सिर्जना हुने, औद्योगिकीकरण पनि हुने, व्यापारलाई पनि दीगो बनाएर लैजाने खालको हुनुपर्थ्यो तर त्यस्तो भएन । आमजनताको ठूलो हिस्सा त्यसमा सहभागी पनि हुने अनि त्यसको प्रतिफल पनि दिने अवस्था आउनुपर्ने थियो । कतिपय देशले अवलम्बन गरेको उदार अर्थव्यवस्था नीति अगाडि बढाउने क्रममा यस्ता काम गर्दै आएका थिए । तर, हाम्रोमा त्यो गर्नुभन्दा पनि नाफामुखी व्यापारको प्रवृत्ति हावी भयो, जुन अहिले पनि विद्यमान छ ।

अबको बहस : नयाँ ढंगको सुधार

पहिलो चरणको सुधारको अवधि कति समयावधिलाई मान्ने भन्नेमा पनि छलफल गर्न जरूरी छ । किनकि, सन् १९९७ मा पूर्वी एसियामा खासगरी थाइल्यान्डबाट आर्थिक संकट सुरू भयो । त्यो संकटसँगै गभर्नेन्समा, संस्थागत सुधारमा, समुदायको सहभागितामा, सामाजिक क्षेत्र र गरिबी निवारणमा प्राथमिकता दिनुपर्छ भन्ने हिसाबमा सन् १९९९ मा दोस्रो सुधारको एजेन्डालाई लिएर वासिङ्टनमा आइएमएफले एउटा कार्यक्रम आयोजना गरेको थियो ।

आइएमएफको दोस्रो चरणको सुधारको योजनाको आधारमा गरिबी न्यूनीकरण रणनीति (पीआरएसपी) आएको थियो । त्यसमा हामीले हेर्‍यौं भने सुशासनका कुरा, समुदायमा आधारित विकासका कुरा, सामाजिक क्षेत्रलाई प्राथमिकता दिने कुरा आए तर आधारभूत रूपमा संस्थागत सुशासनका कुरादेखि सन् १९९७ को संकटबाट सिकेर राज्य र बजारको असन्तुलनलाई सुधार गर्ने काम भएन । त्यो संकटलाई हेर्ने हो भने त्यो समय दीर्घकालीन लगानी ल्याउनुपर्नेमा अल्पकालीन प्रकृतिका लगानीलाई प्राथमिकता दिइयो । अल्पकालीन लगानीकर्ताले शीघ्र नाफाको अपेक्षा गर्छ । आइएमएफको सुधार योजनाले यसमा सुधार गर्नुपर्ने बताएको थियो । तर, हामी त्यो सुधारमा पनि गएनौं ।

त्यही कुरालाई समातेर अन्य मुलुक धेरै अगाडि पुगिसकेको अवस्था छ । त्यसपछि पनि सन् २००८/०९ मा वित्तीय संकटको अवस्था आयो । त्यसको आफ्नै सन्दर्भ छ । यस हिसाबले त हामी सन् २००८/०९ को एक प्रकारको संकटको एक वा अर्को ढंगले पूर्ण उदारवादमा जाँदा त्यसको नकारात्मक असरबाट पनि पाठ सिक्नुपर्ने थियो । तर, २००८/०९ को वित्तीय संकटपछिको अवस्थालाई लिएर नयाँ ढंगले जाने कुरामा प्रवेशै गरेनौं ।

हिजो विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले एक ढंगले कुरा गर्थे । अहिले उनीहरूका प्रतिवेदन हेर्ने हो भने धेरै कुरा फरक छ । समावेशिताको कुरा, दिगोपनाको कुरा सँगसँगै एउटा मान्छेको 'रेजिलेन्स' क्षमता कसरी बढ्न सक्छ भन्ने कुरामा प्राथमिकतामा पार्नुपर्नेछ । जुन अवस्थामा हिजो दोस्रो सुधारका कुरा आएका थिए, अहिलेको अवस्था पूर्ण रूपमा फेरिएको छ । नेपालको सन्दर्भमा पनि ठूलो परिवर्तन भयो । संविधानले नयाँ ढंगले जान दिशा निर्देश गरेको छ । राज्य र बजारको भूमिकालाई कसरी मिलाएर लैजाने, संघीय संरचनामा गएसँगै संघ, प्रदेश र स्थानीय तहको भूमिकालाई कसरी मिलाएर लैजाने भन्ने महत्वपूर्ण हो । तीन खम्बे अर्थनीति छ । त्यसलाई कसरी सन्तुलित रूपमा अगाडि बढाउने भन्ने कुराको बहस हुनुपर्छ । हामीले जुन समृद्धिको कुरा गरिरहेका छौं, त्यसलाई प्राप्तिको दिशामा नयाँ ढंगले जाँदा कसरी दोस्रो चरणको सुधारले यसलाई समेट्न सक्छ ?

दोस्रो चरणको सुधारको बहस सुरू भएको सन् १९९९ को सन्दर्भ र अहिलेको सन्दर्भ पूर्ण रूपमा फरक छ । अहिलेका मुद्दा नै फरक भइसके । यसबाट धेरै सिकाइ प्राप्त भए । कोभिडपछि समावेशिताको कुरा गर्दै कोही पनि सुधारको प्रक्रियामा नोक्सानीमा नपरून् भनेर सुनिश्चित गर्नुपर्छ । सँगै दिगोपना भन्नेबित्तिकै वातावरण सन्तुलन, आर्थिक हिसाबले पनि दिगो हुने हिसाबले अगाडि जानुपर्ने अवस्था छ ।

अब समानता, दिगो जलवायु संकट र नागरिकको सुरक्षा जोखिमलाई ध्यान दिनुपर्नेछ । अहिले कोभिड महामारीपछि नागरिक बाँच्नकै लागि जोखिम रहनुपर्ने स्थिति देखियो । यी अवस्थालाई विश्लेषण गरेर फरक किसिमले सोच्न जरूरी छ । अबको सुधारले यसअघि उपेक्षा गरिएका कुरालाई समेट्नुपर्छ । यी सबैलाई विश्लेषण गर्दा हामी किन अझै दोस्रो चरणमै अल्झिएर बस्ने भन्ने प्रश्न जन्माउँछ ।

दोस्रो चरणको सुधारको बहस सुरु भएको सन् १९९९ को सन्दर्भ र अहिलेको सन्दर्भ पूर्ण रूपमा फरक छ । अहिलेका मुद्दा नै फरक भइसके । यसबाट धेरै सिकाइ प्राप्त भए । कोभिडपछि समावेशिताको कुरा गर्दै कोही पनि सुधारको प्रक्रियामा नोक्सानीमा नपरून् भनेर सुनिश्चित गर्नुपर्छ ।

पहिलाका कमजोरी र अबको सुधार

विगतमा सुधारका निम्ति तय गरिएका कतिपय पूर्वसर्त जुन प्रभावकारी रूपमा कार्यान्वयन गरेर जानुपर्नेमा जे सजिलो हुन्छ, त्यही तरिका मात्र अवलम्बन गर्ने काम भयो । कतिपय सुधार विरोधाभासपूर्ण र एकाकी रहे ।

संघीयता आइसकेपछि स्रोत-साधनले नभ्याउने गरी जसरी खर्च गरिएको छ, यसले आर्थिक संकटको अवस्थामा पुऱ्याउने खतरा छ । अर्कोतिर वातावरणको कुरा गर्दा नेपाल त्यसै पनि जोखिममा छ । प्राकृतिक प्रकोप, हिमालबाट हिउँ पग्लिएर आउने खतरा सँगसँगै विकासमा नाममा हामीले वनजंगल फाँड्नेदेखि विश्वव्यापी जलवायुमा पर्दै गएको परिवर्तनमा सुधारका अवधारणा पनि आइरहेका छन् । यसलाई पनि हामीले सम्बोधन गर्नुपर्नेछ । बजार र राज्यको भूमिकालाई मिलाएर लैजाने र आर्थिक सुधारका नीतिलाई पनि समायोजन गरेर लैजानुपर्नेछ ।

नवउदारवादको नीति पूर्ण असफल भएको कुरा सन् २००८/०९ को आर्थिक संकट र अहिलेको कोभिडले पुष्टि गरेको छ । नेपालको सन्दर्भमा संविधानले नयाँ ढंगले अगाडि जान दिशा निर्देश गरेको छ । अब कसरी अगाडि जाने भनेर मुद्दा अगाडि आइरहेका छन् । हिजोको नवउदारवादका कारण र अन्य कारणले पनि विभिन्न समस्या आइरहेका छन् । यस्तो अवस्थामा नयाँ तरिकाबाट अगाडि बढ्नुपर्ने भएकाले अबको सुधारमा यी सबै परिप्रेक्ष्यमा हेर्नुपर्छ ।

त्यसो त समाजवाद उन्मुख, समृद्धि, आर्थिक, सामाजिक रूपान्तरणका कुरा संविधानमा स्पष्ट रूपमा गरेको छ । तर, नीति र व्यवहारको सन्तुलन मिल्न सकेन । कुरा पूर्व जाने छ तर व्यवहार पश्चिमतिर जानेछ । यो व्यवहार परिवर्तन गर्नुपर्छ । यसलाई जबसम्म सच्याएर अगाडि जान सकिँदैन, सुधार सम्भव छैन । उत्पादनमा आधारित अर्थतन्त्र बढाउँछौं भनेका छौं ।

अहिलेको अर्थतन्त्रलाई चलायमान गराउन मुख्य दुई कारकतत्व वित्तीय र व्यापारिक क्षेत्र छन् । यसले राजस्व पनि दिएको छ तर प्रकारान्तरमा परनिर्भरता बढायो, बेरोजगारी, हुने र नहुनेको खाडल बढायो, सुविधा र सहरी क्षेत्रको विस्तार भयो । आर्थिक, सामाजिक रूपान्तरण गर्न सकेन ।

आर्थिक र सामाजिक रूपान्तरणका ठूल्ठूला कुरा हुने गरेका छन् तर व्यवहार यथास्थितिमै छ । रूपान्तरणका लागि साहसिक निर्णय गरिनुपर्छ । आमरूपमा राजनीतिक, समाजका अन्य सरोकारवाला निकाय छन्, निजी क्षेत्र, औद्योगिक क्षेत्र छन् । न्यूनतम सहमति गरेर यसरी जानुपर्छ भनेर जाने हो भने केही होला । नत्र जनतालाई भ्रममा राख्ने, ढाँट्ने, भाषण एउटा भन्ने, व्यवहारमा पुरानै कुरा गर्ने क्रोनिक क्यापिटलतिर हामी जान्छौं ।

वित्तीय क्षेत्रले गर्ने लगानी निजी त्यसका पनि घरजग्गामा मात्र सीमित गर्नुभन्दा पनि उत्पादन, उत्पादकत्व, औद्योगिक क्षेत्रसहितको विविधीकरणमा समेट्नुपर्छ । अहिले कृषि, पर्यटन, ऊर्जालाई प्राथमिकता दिइएको छ । साना उद्योग व्यवसायदेखि लिएर पछाडि पारिएका समुदायलाई पनि प्राथमिकता दिने गरिएको भनिएको छ, त्यो देखिने र महसुस गर्ने गरी हुनुपर्‍यो । अहिलेका कानुनमा, संरचनामा, व्यवहारमा, शासन प्रणालीमा सुधार ल्याउनुपर्‍र्या । सुधारको लागि आएका प्रतिबद्धता लागू भएनन् भने को जवाफदेही हुने ?

अहिलेको बजेट प्रणाली खर्चमा आधारित छ । कार्यसम्पादनमा आधारित बजेट प्रणाली आवश्यक छ । बजेट पहिल्यै माग्नेभन्दा पनि यो काम यसरी गर्छु भन्ने विस्तृत योजनासहित जाने हो भने त्यसको अनुगमन, मूल्यांकनमा पनि सहयोग पुग्छ । बजेटका प्राथमिकता पनि साधारण खर्चका लागि भएका छन् र खर्च गर्ने कुरामा पनि लचकता छ । खर्च गर्ने परिपाटीमा पनि सुधार ल्याउनुपर्छ । वित्तीय अराजकता, बजेटमा अराजकता, स्रोत-साधनलाई ठीक ढंगले, ठीक ठाउँमा, ठीक समयमा खर्च गर्ने र त्यसको प्रभावकारिता बढाउने काम नगरूञ्जेल सुधार आउन सक्दैन ।

राज्यले निजी क्षेत्रलाई प्रोत्साहन गर्न सक्नुपर्छ । कतिपय नीति बने पनि त्यसलाई विकृत बनाउने र सरकारका मान्छेहरूले आफ्नो स्वार्थमा काम गर्ने गरेको देखियो । अहिलेको अवस्थामा वास्तविक औद्योगिकीकरणको प्रवर्द्धन गर्ने एवं वास्तविक रूपमा लगानी गर्न सक्ने र काम गर्ने निजी क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक छ । राज्यको नीतिले कृषिमा रूपान्तरणसँग उद्योग व्यवसायलाई के प्रवर्द्धन गर्छ, निजी क्षेत्रको लगानी कसरी विस्तार होला, आमकिसानलाई के फाइदा होला, औद्योगिकीकरणमा कसरी फाइदा पुग्ला, व्यापारमा रहेको परनिर्भरता कसरी कम गर्ला, युवा रोजगारी या व्यवसायमा संलग्नता हुन सक्छ भन्ने कुराको लेखाजोखा हुन आवश्यक छ । अर्थात्, गहिरो अध्ययन, विश्लेषण र सम्भावित परिणामको लेखाजोखाका आधारमा अर्थ राजनीतिक रूपले सुधार क्रमलाई ठोस र प्रभावकारी बनाउने गरी हरेक तहमा जवाफदेही परिपाटीको सुनिश्चितता गरी अघि बढ्नुपर्छ । अबको सुधार यथास्थितिमा घिस्रिएर होइन, साहसिक सुधार गरेर मात्रै सम्भव छ ।

संघीयता आइसकेपछि स्रोत-साधनले नभ्याउने गरी जसरी खर्च गरिएको छ, यसले आर्थिक संकटको अवस्थामा पुऱ्याउने खतरा छ । अर्कोतिर वातावरणको कुरा गर्दा नेपाल त्यसै पनि जोखिममा छ ।

नेपाल बङ्गलादेश बैंक लि.

THE BANK FOR EVERYONE

"A" Class Financial Institution Licensed by Nepal Rastra Bank.
(Joint Venture with IFIC Bank Limited, Bangladesh)

NEPAL BANGLADESH BANK

ONE CARD THAT **RULES ALL**

NBBL **DC CARD**

Avail credit limit upto Rs. 5 lakhs with the lowest premium.

Get it without separate account for loan or saving

EMV (Chip based) secure card

Head Office: Kamaladi, Kathmandu, P.O.Box: 9062, Toll-Free No. 16600179771 www.nbbl.com.np

विदेशी विनिमय र सुधार्नुपर्ने तीन खम्बे अवधारणा

हामीले पहिलो चरणको आर्थिक सुधारबाट थुप्रै आर्थिक एवं सामाजिक लाभ पाएका छौँ । चालू खाता परिवर्त्य गर्दा हाम्रो अन्तर्राष्ट्रिय व्यापार धेरै बढेको छ । रेमिट्यान्समा ठूलो सुधार भएर वित्तीय स्रोतको दायरा फराकिलो भएको छ ।

नरबहादुर थापा

पहिलो चरणको सुधार

पहिलो चरणको आर्थिक सुधारअन्तर्गत विदेशी विनिमयको सवालमा तीन वटा क्षेत्रमा महत्वपूर्ण सुधार गरिएको थियो । सुरूमा आयात निर्यातको व्यापार गर्न सरकारी लाइसेन्स लिनुपर्ने व्यवस्थालाई खारेज गरियो । त्यसअघि आयात निर्यात गर्न व्यापारीले पहिला लाइसेन्स लिनुपर्ने र त्यस्तो लाइसेन्स प्राप्त व्यापारीले मात्रै प्रतीतपत्र (एलसी) खोल्न पाइने व्यवस्था थियो । पहिलो सुधारले अन्तर्राष्ट्रिय व्यापारको लाइसेन्स राज हटायो । यसको सीधा असर विदेशी विनिमयमा पर्छ ।

यही कारणले हामीले अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुसूची ८ (आर्टिकल ८) बमोजिमको हैसियत प्राप्त गर्‍यौँ । आर्टिकल ८ ले चालू खाताका लागि विदेशी विनिमय नियन्त्रण गर्न नहुने व्यवस्था गरेको छ । अर्को अर्थमा भन्ने हो भने हामीले चालू खाता कारोबारका लागि नेपाली रूपैयाँलाई परिवर्त्य बनायौँ ।

दोस्रो, हामीले विदेशी विनिमय दरमा वैज्ञानिकीकरण गर्‍यौँ । भारूसँगको स्थिर विनिमय दरलाई यथावत राख्यौँ । अन्य परिवर्त्य विदेशी मुद्राको हकमा एउटा साङ्लो नीति बनायौँ । यो भनेको भारतीय बजारमा भारूसँग हुने विनिमय दरलाई आधार मानेर नेपालमा पनि डलरको विनिमय दर कायम गरियो । त्यसपछि बाँकी सबै परिवर्त्य विदेशी मुद्रालाई डलरको विद्यमान विनिमय दरका आधारमा मूल्य निर्धारण गर्ने व्यवस्था गर्‍यौँ । यो पनि विदेशी विनिमय सञ्चितिसँग सम्बन्धित महत्वपूर्ण सुधार हो ।

तेस्रो, हामीले वित्तीय क्षेत्र, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा विदेशी विनिमय (सटही) सुविधा दिने व्यवस्था गर्‍यौँ । यसले नेपालीहरू विदेशमा पढ्न, उपचार गर्न पाउने भए । विदेशी लगानी पनि विस्तारै आउन थाल्यो । विदेशी बैंकले नेपालमा आफ्नो पूर्ण स्वामित्वमा बैंक खोल्न पाउने व्यवस्था भयो । यसले नेपालमा करेस्पोडेन्ट बैंक खुले । अहिले नेपालमा स्ट्यान्डर्ड चार्टर्ड बैंकले यो काम गरिरहेको छ । त्यो बैंक नभइदिएको भए अहिले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीविरूद्धका गतिविधि (एएमएलसीएफटी) ले नेपाललाई अप्ठेरो परिसकेको हुन सक्थ्यो ।

सन् २००० पछि सम्पत्ति शुद्धीकरणको विषय उठ्न थालेपछि सारा विदेशी बैंकहरूले नेपाललाई 'करेस्पोन्डेन्ट बैंक'को सुविधा दिन बन्द गरिदिए । त्यसअघि थुप्रै बैंकबाट नेपालमा पैसा पठाउन सकिन्थ्यो । अहिले स्ट्यान्डर्ड चार्टर्डले मात्रै काम गरिरहेको छ ।

पहिलो चरणको सुधारका परिणाम

हामीले पहिलो चरणको आर्थिक सुधारबाट थुप्रै आर्थिक एवं सामाजिक लाभ पाएका छौँ । चालू खाता परिवर्त्य गर्दा हाम्रो अन्तर्राष्ट्रिय व्यापार धेरै बढेको छ । रेमिट्यान्समा ठूलो सुधार भएर वित्तीय स्रोतको दायरा फराकिलो भएको छ । राष्ट्रिय बचत अहिले कुल गार्हस्थ उत्पादन (जीडीपी) को ३२ प्रतिशत पुगेको छ ।

श्रम निर्यातको लाभ लिन पनि विदेशी विनिमय प्रणालीमा भएको सुधारले सम्भव भएको हो । अहिले हामीले वैदेशिक रोजगारबाट वार्षिक साढे ९ खर्बजति रेमिट्यान्स भित्र्याउँछौँ । यो भनेको हाम्रो पूरा अर्थतन्त्रको २२ प्रतिशतभन्दा बढी हो । थुप्रै नेपाली विदेश जाने मौका पाए । पैसा

कमाएर घर पठाउने सुविधा भयो । यसले ठूलो संख्यामा गरिबी घटायो । बेरोजगारीको समस्या हल गर्न ठूलो योगदान पुग्यो ।

विदेशी विनिमयको अवरोधलाई सहजीकरण गऱ्यौं । कुनै बेला हामी अर्थतन्त्रको ३० प्रतिशत बराबर रेमिट्यान्स भित्र्याउने अवस्थामा थियौं । यसले सामाजिक द्वन्द्व व्यवस्थापनमा पनि ठूलो योगदान गऱ्यो । ठूलो संख्यामा युवा जनशक्ति स्वदेशमै बेरोजगारीको सिकार बन्नुपरेको भए सम्भवतः अहिले हामी यत्तिको शान्ति सुरक्षामा बाँच्न पाउने थिएनौं ।

मानिसलाई उपभोगको अनगन्ती छनोट गर्ने सुविधा पनि यही नीतिगत सुधारबाट प्राप्त भएको हो । कम पैसामा छानीछानी आफ्ना आवश्यकता परिपूर्ति गर्ने हैसियत नेपालीमा विकास भएको छ । गरिबी निवारण भनेको यही हो । आफ्ना आधारभूत आवश्यकता सहजै परिपूर्ति गर्न सक्ने आर्थिक हैसियत बन्नु नै गरिबी निवारण हो ।

सँगसँगै समष्टिगत आर्थिक स्थायित्वमा ठूलो योगदान पुगेको छ । हामीलाई विदेशी विनिमयको कुनै समस्या छैन । अहिले पनि ७-८ महिनाको आयात थेग्न सक्ने विदेशी विनिमय हामीसँग सञ्चित छ । यो भनेको पर्याप्त हो ।

> मानिसलाई उपभोगको अनगन्ती छनोट गर्ने सुविधा पनि यही नीतिगत सुधारबाट प्राप्त भएको हो । कम पैसामा छानीछानी आफ्ना आवश्यकता परिपूर्ति गर्ने हैसियत नेपालीमा विकास भएको छ । गरिबी निवारण भनेको यही हो

पहिलो चरणको असफलता

पहिलो चरणमा भएका यी सुधारका बाबजुद हामीले केही काम गर्न सकेनौं । विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ र विदेशमा लगानी प्रतिबन्ध लगाउने ऐन, २०२१ लाई हामीले कुनै सुधार गरेनौं । त्यही कारण वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनलाई जतिसुकै क्रान्तिकारी बनाए पनि त्यो कार्यान्वयनमा आउन सकिरहेको छैन ।

भारतमा अहिले विदेशी विनिमय नियमित गर्ने ऐनलाई संशोधन गरेर 'विदेशी विनिमय व्यवस्थापन ऐन' बनाइएको छ । हामी अझै 'नियमित गर्ने' ऐनमै छौं । पहिलो चरणको सुधारको सबैभन्दा ठूलो असफलता त फराकिलो व्यापार घाटा हो । हामीसँग अहिले जीडीपीको ३२.७ प्रतिशत व्यापार घाटा छ । अहिले रेमिट्यान्सले थेगेको भए पनि यो दिगो हुनै सक्दैन ।

दोस्रो, हामीले निर्यातको आधार बढाउनै सकेनौं । हाम्रो निर्यात क्षेत्र अत्यन्तै नाजुक अवस्थामा रहिरह्यो । पहिलो चरणको सुधारको अर्को असर कृषि क्षेत्रले भोगिरहेको छ । हामीले भारतीय कृषिसँग प्रतिस्पर्धा गर्न सकिरहेका छैनौं । यसका धेरै कारण होलान्, त्यसमध्ये एउटा कारण स्थिर विनिमय दर प्रणाली हो । यसले हाम्रा कृषक मारमा परेका छन् ।

चौथो असफलताको कुरा गर्दा हाम्रो आर्थिक वृद्धि अपेक्षित रूपमा बढ्न सकेन । समष्टिगत आर्थिक स्थायित्व त भयो । सरकारलाई विदेशी विनिमय अभाव कहिल्यै भोग्नुपरेन तर विकास हुन सकेन । जुन गतिमा औद्योगिकीकरण हुनुपर्ने थियो, त्यसो हुन सकेन । उद्योगहरू पछि परे । कृषि पछाडि पऱ्यो । हामी प्रतिस्पर्धी हुनै सकेनौं ।

बजारमा आधारित विनिमय भएको भए सायद हाम्रो उत्पादन क्षमता र प्रतिस्पर्धा अझै अघि बढ्थ्यो । यसबाट अहिलेसम्म हामी खारिएर परिपक्व बनिसक्थ्यौं । नयाँ-नयाँ प्रविधि भित्र्याउन सहयोग पुग्थ्यो । यसरी कृषि, अन्तर्राष्ट्रिय व्यापार घाटा, निर्यातको कमजोर आधार, सुस्त आर्थिक वृद्धि र न्यून उत्पादनशील क्षमता हाम्रा कमजोरीका पक्ष हुन् । यसमा सुधार ल्याउन दोस्रो चरणको सुधार जरूरी भएको छ ।

दोस्रो चरणको सुधार

विदेशी विनिमयसम्बन्धी दोस्रो पुस्ताको सुधार गर्दा तीन खम्बे अवधारणामा जानुपर्छ । पहिलो, नेपाली मुद्रालाई पुँजी खातामा परिवर्त्य बनाउनुपर्छ । दोस्रो, विनिमय दरलाई लचक बनाउँदै लानुपर्छ । तेस्रो, वैकल्पिक मौद्रिक अंकुशको व्यवस्था गर्ने गर्नुपर्छ ।

पहिलो चरणको आर्थिक सुधारमा थाती रहेका ती दुई ऐन परिमार्जन गर्ने पहिलो कदम हुनुपर्छ । अब यी दुई ऐनलाई खारेज गरेर एकीकृत किसिमको नयाँ ऐन बनाउनुपर्छ । जसले विदेशी पुँजीलाई नेपालमा आउन दिने मात्र होइन, नेपालको पुँजीलाई पनि विदेशमा उद्यमशीलता गर्न दिने व्यवस्था गर्नुपर्छ । अर्थात्, उद्यमशीलताको निर्यात नेपालले पनि गर्न पाउनुपर्छ । हामीसँग आतिथ्य सेवालगायत विषयमा राम्रो अनुभव छ । यसमा हामीले उद्यमशीलता निर्यात गर्न सक्छौं । तिब्बत, भारत वा अन्य गन्तव्यमा यसो गर्न सकिन्छ ।

अबको दोस्रो चरणमा पुँजी खाता परिवर्त्य बनाउने बाटो खोज्नुपर्छ । हाम्रोजस्तो मुलुकले पूर्ण रूपमा पुँजी खाता परिवर्त्य गर्न सम्भव नभए पनि सीमित वा आंशिक रूपमा गर्न सकिन्छ । सीमित परिवर्त्यताले पनि नेपालीलाई विदेशमा पुँजी लगेर उद्यमी बन्न पाउने सुविधा सुनिश्चित गर्न सक्छ । यसले नेपालमा लाभांश आउन सक्छ । अहिले

एनसेलले ठूलो रकम लाभांश लग्यो भनेर हामी भनिरहेका छौँ । यस्तै, भोलि कुनै नेपाली कम्पनीले विदेशमा उद्यमशीलता गरेर लाभांश ल्याउन सक्छ ।

दोस्रो चरणको सुधारका लागि दुई वटा पाटालाई ध्यान दिइनुपर्छ । पहिलो, पुँजी खाता कारोबारका लागि नेपाली रूपैयाँलाई केही हदसम्म परिवर्त्य बनाउने हो । त्यसका लागि विदेशी विनिमय नियमित गर्ने ऐन र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐनको खारेजी वा संशोधनसहितको एकीकरण गरेर एउटा लचक खालको ऐन बनाउनुपर्छ । ताकि, यसका आधारमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनलगायतमा भएको थुप्रै सुधार कार्यान्वयनमा आउन सकुन् ।

विनिमय दर प्रणालीमा सुधार

दोस्रो महत्वपूर्ण कदम विदेशी विनिमय दर प्रणालीलाई सुधार गर्नुपर्छ । अहिले हामी भारूसँग स्थिर विनिमय दरमा बाँधिएका छौँ । यसबाट विस्तारै बाहिर निस्कनुपर्छ । यसका लागि हामीले तत्काललाई केही लचकता अपनाउन सक्छौँ । २०१७ देखि अहिलेसम्म हामीले स्थिर विनिमय दर लागू गरेका छौँ । यसलाई परिवर्तनशील बनाउँदै जानुपर्छ ।

एकै चरणमा पूर्ण परिवर्तनशील हुने गरी बजारको लगाम छाडिदिँदा समस्या आउन सक्छ । त्यसैले हामीले चरणबद्ध सुधार गर्न सक्छौँ । सुरूआती चरणमा 'ब्यान्ड' अर्थात् ' करिडोर' बनाउन सकिन्छ । यो भनेको अहिले भारू १०० बराबर नेपाली रूपैयाँ १६० छ । यसलाई हामीले १५५ देखि १६५ सम्म कारोबार गर्न पाइने व्यवस्था गरियो भने त्यो ब्यान्ड भयो । त्यसो भयो भने विनिमयदर यो करिडोरभित्र हलचल गर्छ । त्यसले माग र आपूर्तिका आधारमा विनिमय दर तय हुने परिपाटी बन्दै जान्छ ।

सुधारको अर्को उपाय भनेको मुद्रा डालो (बास्केट) प्रणाली हो । हामीले अन्तर्राष्ट्रिय व्यापारका आधारमा मुद्रा डालो बनाएर आईसी र डलरको विनिमय दर कायम गर्न सकिन्छ । हामीले २०४० साल जेठ १८ गते यस्तो प्रयास गरेका थियौँ । त्यसबेला नेपालले भारूलाई बाहिर राखेर मुद्रा डालो प्रणाली लागू गरिएकाले त्यति सफल भएन ।

वैकल्पिक मौद्रिक अंकुश

अर्को महत्वपूर्ण कदम भनेको वैकल्पिक मौद्रिक अंकुशको व्यवस्था गर्नुपर्ने हुन्छ । यसका लागि 'लक्षित मुद्रास्फीति प्रणाली' एउटा विकल्प हुन सक्छ । किनभने, विदेशी विनिमय प्रणाली र मौद्रिक प्रणालीबीच आपसमा अन्तरआबद्धता हुनुपर्छ । यसमा एउटा कुरालाई चलाउने हो भने त्योसँगै गाँसिएको दोस्रो पाटोलाई छाड्न मिल्दैन ।

यी तीन कुरालाई एकैसाथ लग्न सकियो भने हामी विदेशी विनिमय व्यवस्थामा फड्को मार्न सकिन्छ । कुनै एकलाई छाडेर हामी अर्को चरणमा पुग्नै सक्दैनौँ । यी काम रातारात हुन पनि सक्दैनन् । यसका लागि हामीले २-३ वर्षको समय दिएर चरणबद्ध रूपमा सुधार गर्नुपर्छ । रातारात गर्न खोजियो भने विध्वंश पनि हुन सक्छ ।

एउटा व्यवस्थाबाट अर्को व्यवस्थामा जाँदा संक्रमणकालीन व्यवस्था गरिनुपर्छ । यसका लागि कम्तीमा २-३ वर्ष लाग्छ । तीन खम्बे नीतिमा पनि हामीले पहिलो चरणमा कानुनी सुधार, दोस्रो चरणमा विदेशी विनिमय दरको संक्रमणकालीन व्यवस्था र तेस्रो चरणमा करिडोर (ब्यान्ड) हटाएर बजारमा आधारित पूर्ण परिवर्त्य विदेशी विनिमय निर्धारणमा पुग्न सकिन्छ । लक्षित मुद्रास्फीति प्रणालीमा पनि हामी तेस्रो चरणमा मात्रै पुग्न सक्छौँ ।

यस्ता सुधारले नेपालमा विदेशी लगानी बढ्छ । विदेशी पुँजीसँगै प्रविधि पनि भित्रिन्छ । नेपाली पनि बाहिरी विश्वमा पुग्छन् । उद्यमशीलताको विकास हुन्छ । यसबाट हामीले लाभ लिन सक्छौँ । नेपाली विदेशमा गएर उद्यमी बन्न थाले भने उनीहरूले लाभांश पठाउँछन् । त्यसले हाम्रो विदेशी मुद्राको ढुकुटीलाई बलियो बनाउन र व्यापार घाटाका कारण चालू खातामा पर्ने दबाब कम हुन्छ ।

दोस्रो महत्वपूर्ण कदम विदेशी विनिमय दर प्रणालीलाई सुधार गर्नुपर्छ । अहिले हामी भारुसँग स्थिर विनिमय दरमा बाँधिएका छौँ । यसबाट विस्तारै बाहिर निस्कनुपर्छ ।

अब बैंक धाउन नपर्ने, जुनसुकै स्थानबाट VIP कार्डको लागि Apply गर्न सकिने

Mega VIP Card VISA

PROCESS

STEP 1
Visit Mega Bank official webpage (www.megabanknepal.com)

STEP 2
Select Prepaid Int. Card Request on the main menu

STEP 3
Enter required information and select 'send' button to apply for the Mega Prepaid Int. Card

APPLY ONLINE NOW

eCommerce transaction up to USD **$500/-** per year

- Secure and Hassle Free
- Zero Top up Fee
- Zero Transaction Fee

शर्तहरू लागू हुनेछन् ।



The Banker
Bank of the Year 2019
NEPAL

ISO 9001:2015 Certified Bank

विश्वास जित्दै... अघि बढ्दै...

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड: राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ९७७-९८५१२०७७१५, टोल फ्री नं. १६६००१०००२५

विश्वव्यापी प्रवृत्तिको अवलम्बन र बदल्नुपर्ने व्यापार रणनीति

अब नेपाल अति कम विकसित मुलुकको सूचीबाट विकासशीलमा स्तरोन्नति हुँदै छ । नीतिको कुरा पनि आउँछ । अब अन्तर्राष्ट्रिय व्यापारिक साझेदारसँग के गर्ने भन्नेमा रणनीति बनाउन केन्द्रित हुनुपर्छ । त्यो गर्न सके आजको भोलि होइन, अबको ५/७ वर्षमा व्यापार घाटा कम गर्न सकिन्छ

डा. पोषराज पाण्डे

अहिले अन्तर्राष्ट्रिय व्यापारको अवस्था हेर्ने हो भने कुल गार्हस्थ उत्पादन (जीडीपी) मा निर्यात घट्दै गएको छ । स्वदेशमै उत्पादन गर्न सकिने कृषिजन्य वस्तुको आयात पनि बढेको देखिन्छ । दुई तिहाइको आयात/निर्यात व्यापार भारतसँग छ । अलिकति चीनबाहेक अन्य मुलुकसँग व्यापार बढाउन सकेका छैनौँ । व्यापार विविधीकरण गर्न सकेका छैनौँ ।

आयात-निर्यात र व्यापार घाटाको चुनौती

उत्पादन बढाउन नसक्ने, निर्यात पनि गर्न नसक्ने तर आयात भने बढ्ने हुँदा व्यापार घाटा बढ्यो । गत वर्षको तथ्यांक हेर्दा व्यापार घाटा १३ सय ९८ अर्ब रूपैयाँ छ । त्यो भनेको जीडीपीको ३२.७ प्रतिशत हो । भन्सार विभागको कात्तिक मसान्तसम्म (४ महिना) को तथ्यांक हेर्दा पनि निर्यात व्यापार ८२ अर्ब रूपैयाँ मात्रै छ । निर्यात भएका वस्तुमध्ये आधाभन्दा बढी आयातमा आधारित भटमास र पाम तेल छन् । गत वर्षको निर्यात भएको बस्तु हेर्दा पनि स्वदेशी उत्पादित वस्तु छैन । त्यो नहुँदा निर्यात बढेन । कच्चा पदार्थ आयात गरेर पुनः निर्यात हुने भटमास, पाम तेलले आयात व्यापारलाई नै बढाउँछ । सोही कारण गत वर्षको निर्यात व्यापार हेर्दा 'हेल्दी ट्रेड' होइन ।

चालू आर्थिक वर्षको ४ महिनामा ६ खर्ब ५० अर्बको आयात र ८२ अर्बको निर्यात भएको छ । ४ महिनामै ५ खर्ब ६८ अर्ब घाटा छ । यही गतिमा जाने हो भने अबको वर्ष १७/१८ सय अर्ब घाटा हुने देखिन्छ । त्यो भनेको जीडीपीको ४० प्रतिशत जति हो । हाम्रो अर्थतन्त्रलाई सबैभन्दा बढी चुनौती भनेको २/३ वटा वस्तु हो । मुलुकमा वार्षिक लगभग २ सय अर्ब रूपैयाँको इन्धन आयात हुन्छ । त्यसले गर्दा यो वर्षमा मात्रै १७/१८ सय अर्बको घाटा हुने देखिन्छ ।

अबको मुख्य चुनौती नै व्यापार घाटा कसरी घटाउने भन्ने हो । सरकाले त्यसतर्फ ध्यान दिनुपर्छ । घाटा कम गर्न एक त हामी डब्लुटिओको सदस्य, साफ्टामा पनि छौँ । त्यसले गर्दा हामीलाई द्विपक्षीय अवरोध पनि छ । घाटालाई नियन्त्रण गर्न आयात बन्द, परिमाणात्मक बन्देजभन्दा पनि सकारात्मक जितको रणनीतिमा जानुपर्छ । त्यो भनेको आयातलाई निरूत्साहित गर्नुपर्छ । एक मात्रै विकल्प कृषि क्षेत्रको उत्पादनमा जोड दिनुपर्छ । सरकारी तथ्यांकअनुसार दाल, चामल आयातमा मात्रै ५० अर्ब रूपैयाँ बाहिरिने गरेको छ । तरकारीको अवस्था पनि उस्तै छ । यी वस्तु हामी उत्पादन गर्न सक्छौ । त्यतातिर केन्द्रित हुन सके दुई/तीन वर्षमा आयात घटाउन सक्छौँ ।

अर्को पेट्रोलियम पदार्थको आयात २ खर्ब बढी छ । त्यसको विकल्प विद्युत् हुन सक्छ । घरायसी खपत बढाउन बिजुलीको उपयोग गर्न सके कम्तीमा वार्षिक ७०/८० अर्ब बचाउन सकिन्छ । हामीले इन्धनको खपतलाई बढावा नदिऊँ । त्यसलाई बढावा दिँदा अन्तत उपभोक्तालाई नै भार पर्छ । २५ प्रतिशत गैरकर लगाउने भनेको उपभोक्तालाई भार पर्ने हो । उपभोक्तालाई त्यति बोझ पनि दिनुहुँदैन । त्यस कारण पनि घाटा कम गर्न सकारात्मक हिसाबले सोच्नुपर्छ ।

अहिलेको अवस्था किन आयो ? त्यो पनि विचार गरौँ । हामी १९९० दशकको कुरा गर्ने हो भने गैरकरले आर्थिक वृद्धि हुन्छ । त्यसपछि गरिबीलाई घटाउँछ, आर्थिक गतिविधि बढ्नेबित्तिकै सरकारलाई पनि राजस्व संकलन हुन्छ । सामाजिक उत्तरदायित्व शिक्षा, स्वास्थ्य,

पूर्वाधारको पनि विकास हुन्छ भनेर सुधारका एजेन्डा आए । त्यसलाई हामीले उदारीकरण गऱ्यौं । लाइसेन्स, कोटा खारेज गऱ्यौं । कतिपय प्रोडक्ट बन्देज थियो, त्यसलाई खारेज गऱ्यौं । सुरक्षात्मक पर्खाल भत्काउँदै गयौं । त्यसपछि द्विपक्षीय स्तरमा व्यापार सम्झौता गऱ्यौं । डब्लुटिओको सदस्य बन्नुअगाडी १९ मुलुकसँग सम्झौता गऱ्यौं । त्यसको मुख्य उद्देश्य भनेको उपयोगमार्फत ग्लोबल अर्थतन्त्रमा एकीकरण गर्ने हो ।

२००४ मा डब्लुटिओ सदस्य भयौं । अर्थतन्त्रलाई हामीले उदारीकरण गऱ्यौं । ग्लोबल स्पमा सदस्य पनि बन्यौं । तर, हामी किन व्यापार घाटामा गयौं त ? हाम्रो निर्यात किन बढ्न सकेन ? आयात मात्रै किन बढ्यो ? प्रश्न उब्जेको छ । अहिले जति नीति छन्, उदारवादसँग सम्बन्धित नीति कार्यान्वयन सजिलो छैन । सिंहदरबारमा बसेर हस्ताक्षर गर्न सजिलो छ । तर, व्यवहारमा/कार्यान्वयन गर्न जटिल छ । नीतिमा मात्रै सुधार होइन, भौतिक पूर्वाधारमा पनि सुधार आवश्यक छ ।

कमजोर उत्पादन, पूर्वाधार र प्राथमिकता

भूपरिवेष्ठित मुलुकको नाताले कनेक्टिभिटीमा पनि जोड हुनुपर्थ्यो । कनेक्टिभिटी भनेको सडक, रेलमार्ग । त्यतातिर पनि जानुपर्थ्यो । अर्को महत्वपूर्ण कुरा, निर्यातयोग्य नाफा हुने नीति ल्याउनुपर्थ्यो, तर ल्याउन सकेनौं । उत्पादत्व क्षमता बढाउनुपर्थ्यो, त्यो हामीले गर्न सकेनौं ।

हामीले द्विपक्षीय, डब्लुटिओमा पनि गयौं, उत्पादन बजारसम्म पुऱ्याउने दायित्व हाम्रै हो । तर, उत्पादनै गर्न सकेनौं । यसको एउटा मुख्य कारक माओवादी र ट्रेड युनियन पनि हो । भौतिक पूर्वाधारको पनि सुधार हुनुपर्ने थियो । त्यो पनि गर्न सकेनौं । त्यसपछि ट्रेड लजिस्टिक पनि गर्न सकेनौं । व्यापार लागत उच्च भयो । उदाहरणका लागि फलफूल व्यवसायको राम्रो भविष्य छ । खाडी मुलुकमा निर्यात गर्न सकिन्छ । त्यसका लागि एयरपोर्ट/भन्सार, सीमा नाकामा सहजीकरण हुनुपऱ्यो । एजेन्सीहरूबीच समन्वयकारी भूमिका हुनुपऱ्यो । पारदर्शिता हुनुपऱ्यो । प्रविधिको पनि प्रयोग हुनुपऱ्यो, त्यो भनेको सेन्सर, जिपिएस हुनुपऱ्यो । तर, परम्परागत स्पमा मात्र काम भएको छ । व्यापारमा उदारीकरण गरेपछि सहजीकरणका लागि गर्नुपर्ने काम गर्न सकेनौं, गरेनौं । कनेक्टिभिटी, व्यापार सहजीकरणमा केन्द्रित हुनुपर्नेमा गरेनौं ।

अर्को, व्यापारको कुरा गर्नेबित्तिकै वाणिज्य मन्त्रालयको भूमिका भन्ने बुझिन्छ । अन्य निकाय वाणिज्य मन्त्रालय भनेर पन्छिने गरेका छन् । वाणिज्यले तुलनात्मक लाभका वस्तु बनायो । उदाहरणका लागि अलैंची, चियालाई लाभको वस्तुमा राखिएको छ । तर, त्यहाँसम्म जानलाई बाटो त चाहियो । बाटोको काम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्ने हो । पानी लगाउने काम सिँचाइ मन्त्रालयले बन्दोबस्त गरिदिनुपऱ्यो । त्यसै, वस्तुको प्रोसेसिङ गर्नुपर्दा त्यहाँ बिजुली चाहिन्छ । बिजुलीको काम ऊर्जा मन्त्रालयले गरिदिनुपऱ्यो । अन्य प्राविधीक कुरा पनि छन् । किरा लाग्न सक्छ, रोग लाग्छ । मलको समस्या हुन्छ । त्यसको व्यवस्थापन कृषि मन्त्रालयले गरिदिने हो ।

वाणिज्यले ग्लोबल बजारमा केही समस्या हुँदा सहजीकरण गरिदिने मात्रै हो । तर, यहाँ सोचाइदेखि सबै काम वाणिज्य मन्त्रालयले नै गरिदिने भन्ने छ । तसर्थ, मन्त्रालयबीच समन्वयकारी भूमिका हुनुपर्छ । त्यो भूमिका नहुँदा हामी फेल भएका छौं । फलस्वरूप व्यापार घाटा बढिरहेको छ । हामीले सोचेअनुसार घाटा घटाउन सकेका छैनौं ।

ज्ञानमा केन्द्रित अर्थव्यवस्था र व्यापार कूटनीति

अब के गर्नुपर्छ त ? हामीले के गर्न सक्छौं ? विश्वव्यापी परिप्रेक्ष्यमा व्यापारको ट्रेन्ड कस्तो छ, कतातिर गएको छ, त्यतातिर हेर्नुपर्छ । विगतका व्यापारलाई आर्थिक वृद्धिमा महत्वपूर्ण मान्ने गरिन्थ्यो । अहिले पनि आर्थिक वृद्धि, गरिबी निवारणका लागि हो । तर, कुल उत्पादनमा यसको योगदान घट्दै गएको छ । सम्भाव्यता हो, तर योगदान विस्तारै घट्दै गएको छ । कुल व्यापारमा सेवाको विस्तार बढ्दै गएको छ । योगदान बढ्दै गएको छ । अन्य वस्तुको व्यापार कहिले बढ्ने, कहिले घट्ने भयो । तर, सेवाको हकमा एकदमै बढिरहेको छ ।

अन्तर्राष्ट्रिय व्यापारमा गैरकर, अवरोध भइराखेको छ । डब्लुटिओ स्थापना भएपछि ६/७ प्रतिशत थियो । अहिले ३ प्रतिशत छ । तर, औसत ग्लोबल गैरकर १.५ प्रतिशत छ । एकातिर सेनिटरी फाइड्रो सेनिटरीको कुराबाट पनि होला, टेक्निक स्ट्यान्डर्डको कुराबाट पनि होला । त्यस्तै पऱ्यो भने एन्टी डम्पिङ ड्युटी लगाएर पनि होला । त्यसरी अवरोध सिर्जना भएको ट्रेन्ड हामी देख्छौं ।

त्यसपछि अर्को फ्याक्टर भनेको १५ वर्षलाई हेर्ने हो भने ग्लोबल ट्रेन्डलाई कसले डाइभर्ट गरेको छ ? नर्थ, साउथभन्दा पनि साउथ-साउथ मुलुकले ड्राइभ गरिरहेका छन् । साउथ-साउथको व्यापार वृद्धि अन्यको भन्दा

व्यापार घाटालाई नियन्त्रण गर्न आयात बन्द, परिमाणात्मक बन्देजभन्दा पनि सकारात्मक जितको रणनीतिमा जानुपर्छ । त्यो भनेको आयातलाई निरुत्साहित गर्नुपर्छ । एक मात्रै विकल्प कृषि क्षेत्रको उत्पादनमा जोड दिनुपर्छ

धेरै विस्तार भएको छ । त्यसले गर्दा ग्लोबल ट्रेडमा साउथ-साउथ ट्रेडको महत्व बढेको छ । अर्को ट्रेन्ड के छ भने इन्टरमेडियट गुड अथवा ट्रेन्ड एन्ड टास्क भएको छ । अब ट्रेड भनेको धेरै फाइनल गुडमा भन्दा पनि इन्टरमेडियटमा भएको छ । अर्थात्, भ्यालु चेनमा पार्टिसिपेट गरेको छ । कुल व्यापारमा ग्लोबल्ली हेर्ने हो भने पनि ५० प्रतिशतभन्दा बढी इन्टरमेडियटको ट्रेन्ड हामीले देखिरहेका छौँ । यदि हामीले ट्रेड बढाउने हो भने फाइनल प्रोडक्टमा भन्दा भ्यालु चेनमा जानुपर्‍यो । ग्लोबल भ्यालु चेनमा जाँदा रिजनल भ्यालु चेनलाई महत्व दिनुपर्‍यो ।

नेपालमा दोस्रो चरणका सुधार अथवा एजेन्डाको कुरा गर्ने हो भने यी कुरामा ध्यान दिनुपर्‍यो । परम्परागत रूपमा ९० दशकअनुसार नीति बनाउने होइन । इमर्जिन ट्रेन्डलाई हामीले ध्यान दिनुपर्‍यो । इमर्जिन ट्रेन्ड भनेको के हो त ? अब हामीले गुड्समा मात्रै होइन, सर्भिसमा पनि ध्यान दिनुपर्‍यो । फाइनल प्रोडक्टमा मात्रै होइन कि अब हामीले इन्टमेडियट टास्कको कुरा गर्नुपर्‍यो । विकासशील मुलुकको बजार पनि त्यत्तिकै महत्वपूर्ण हुन थालेको छ । अब अहिलेको व्यापारको फोकस भनेको ग्रिन प्रोसेर प्रोडक्ट वा ग्रिन प्रोडक्टमा हुनुपर्‍यो । अब यसको महत्व बढेको छ । भनेपछि अब हामीले ग्रिनलाई हेर्नुपर्‍यो । सेवालाई हेर्नुपर्‍यो । भ्यालु एडिसनलाई हेर्नुपर्‍यो । विकासशील मुलुकको बजारलाई हेर्नुपर्‍यो । नीति त्यतातिर केन्द्रित गनुपर्‍यो ।

हामीले चौथो औद्योगिक क्रान्तिका कुरा पनि गर्छौं । यसले पनि महत्वपूर्ण प्रभाव पारेको छ । उत्पादनलाई महत्वपूर्ण बनाएको छ । रोबर्ट, फाइभजी, ई-कमर्स, डिजिटल पेमेन्टका कुरा पनि छन् । यिनलाई विचार गरेर हाम्रो नीति अगाडि बढ्नुपर्छ ।

दोस्रो चरणको कुरा गर्दा अब हामी के गर्न सक्छौ त ? एउटा लेबल र भ्यालु चेनमा कसरी जान सक्छौ भन्न हेरौँ । समाजवादी अर्थतन्त्रमा कम्युनिस्ट कुरा आएका छन्, अब हामी ज्ञान अर्थव्यवस्थामा केन्द्रित हुनुपर्छ । युवा पुस्ता धेरै छन् । १२ कक्षा पढ्ने धेरै छन् । यिनको ज्ञान इकोनोमीकै कम्पोनेन्टमा हामी लिएर जान सक्छौँ । १२ कक्षा पास गरेकालाई तीन महिनाको तालिम दिने भनेको फोनको एसेम्बलमा सजिलै जान सक्छन् । यसका लागि चाहिने टेक्नोलोजीको सरकारले विकास गर्नुपर्छ । तसर्थ, अब हाम्रो ध्यान ज्ञानमा केन्द्रित अर्थव्यवस्थामा हुनुपर्छ । त्यसका लागि प्रविधिको प्रचार गर्नुपर्छ ।

अर्को, निर्यातमा हाम्रो अर्थतन्त्र प्रतिस्पर्धात्मक गर्नुपर्नेमा भारतसँग देखिएन । हामीले भारतलाई प्राथमिकता दिइराखेका छौँ । उदाहरणका लागि सन् २००० मा कुनै 'एरो' को सर्ट चाहियो । त्यही भारतमा पनि पाइन्थ्यो । बैंकमा पनि पाइन्थ्यो । भारतमा १५ सय पर्थ्यो । बैंककमा ३० डलर पर्थ्यो ।

त्यतिबेला एक्सचेन्ज रेट डलरको ६० को हाराहारी थियो । १५ सय भारू पर्ने भनेको २५ सय पर्‍यो । त्यही बैंककमा किने भने १८ सयमा पर्थ्यो । त्यो भनेको ७ सय रूपैयाँ सस्तो हुँदा बैंककमा किनेर ल्याउँथे । तर, आजको मितिमा मूल्य त्यही छ भने भारतमा गएर किन्दा २५ सय रूपैयाँ पर्छ भने बैंकक गएर किन्दा ३६ सय पर्छ । यसको मतलव हामीले नीतिमा केही परिवर्तन गरेका छैनौँ ।

पहिला भारतबाट आयात ३० प्रतिशत मात्रै हुन्थ्यो । बाँकी तेस्रो मुलुकबाट आयात हुन्थ्यो । अहिले एक्सचेन्ज रेटमार्फत भारतलाई बढी प्राथमिकता दिएका छौँ । यसले भार तसँगको प्रतिस्पर्धामै असर गरिदिएको छ । एकातिर निर्यात गर्न नसक्ने, अर्कोतर्फ भएको उद्योग पनि प्रतिस्पर्धा गर्न नसक्ने देखिएको छ । नेपाल र भारतको मूल्यवृद्धि दर हेर्दा भारतको भन्दा नेपालको सधैँ बढी छ । इकोनोमिक मोडलले त्यही देखाएको छ । विगतमा हामीले भारतमा निर्यात गर्ने कुरामा पहिलो १ सय रूपैयाँमा गर्थ्यो, भारतले उत्पादन गर्दा १ सय २० पर्थ्यो । त्यही भएर हामी प्रतिस्पर्धी थियौँ । अब मूल्यवृद्धि यसरी बढ्यो, भारतको १ सय ५० मा पुग्यो । हामीले गर्दा १ सय ८० रूपैयाँ पुग्यो । त्यसले यहाँ भएको उद्योगले पनि प्रतिस्पर्धा गर्न नसकेर मरिरहेका छन् । आयात बढिरहेको छ । अर्को निर्यातमा प्रतिस्प्रर्धा गर्न सकेका छैनौँ । त्यसलाई समीक्षा गर्नुपर्‍यो । यदि निर्यातमा जाने हो भने ज्ञानमा आधारित अर्थव्यवस्थामा जोड दिनुपर्छ ।

प्राकृतिक आधारमा सेवालाई प्रोत्साहन गर्नुपर्‍यो । आयातलाई निरूत्साहित गर्ने वस्तु के/के छन्, तिनलाई पनि प्रोत्साहन गर्नुपर्‍यो । हामीले सहयोग गर्न सक्छौँ । सेवालाई पनि हामीले विस्तार गर्दै लैजानुपर्छ । वस्तुको प्रि-प्रोडक्सन, पोस्ट प्रोडक्सनमा ज्ञानमा आाधारित अर्थव्यवस्था र प्रविधि प्रयोग गर्न सके फलदायी हुन्छ । गार्मेट नै किन डिजाइन नगर्ने ? विज्ञापन, ब्रान्डतर्फ पनि जानुपर्छ । त्यसका लागि नयाँ प्रविधिको पनि जरूरत हुन्छ । फाइनल प्रोडक्टमा पनि भ्यालु चेनमा सहभागिता जनाउनुपर्छ ।

भारतमा धेरै सवारीसाधन बनेका छन् । दुई र चारपांग्रे सवारीसाधनका लागि नेपालले टायर मात्रै बनाउन सके पुग्छ । बजार कहाँ छ, त्यसलाई खोजेर भ्यालु चेन गर्नुपर्‍यो । अहिले बंगलादेशले निर्यातको कुरा गरिरहेको छ । गार्मेन्टको निर्यात ३२ विलियन पुर्‍याएको छ । चीनपछिको दोस्रो बंगलादेश नै भएको छ । त्यसका लागि पनि हामीले टाँक मात्रै बनाउन सके पुग्छ । अहिले हामीले धागो निर्यात गरिरहेका छौँ । नेपालले उत्पादन गरेको धागो टर्कीसम्म पुगेको छ । बंगलादेशमा किन सकेनौँ, त्यता पनि वार्ता गर्नुपर्छ । अर्को, निर्यात बढाउने हो भने विदेशी लगानी (एफडीआई) बढाउनुपर्छ । विगत १० वर्षको हेर्दा हाम्रो जीडीपीको करिब ०.२ प्रतिशत मात्रै एफडीआई भित्रिएको छ । आयात/निर्यातमा एफडीआईको सकारात्मक भूमिका हुन्छ । त्यसैले निर्यात बढाउन पनि एफडीआई बढाउनुपर्छ । नेपालको जुस निर्यात गर्ने हैसियत होइन । तर, अर्बौं रूपैयाँको जुस निर्यात भएको छ । विगतमा टुथपेस्ट पनि निर्यात भएको थियो । त्यो हिन्दुस्तान लिभर आएर निर्यात भएको हो ।

वैदेशिक लगानी नेपालमा आयो, नेपालमा उत्पादन भयो र यहाँको वस्तु निर्यात भयो । डाबरको जुसको पनि त्यही हो । हाम्रो सबै भारत जान्छ । त्यसको मतलव एफडीआईले बजार निर्धारण गर्छ । एफडीआईले बजार खोज्छ । त्यसैले एफडीआई भित्र्याउन प्रोत्साहन गर्नुपर्छ । त्यसपछि पूर्वाधार, कनेक्टिभिटी, ट्रेड लजिस्टिकलाई विकास, व्यापारमा सहजीकरण गर्नुपर्‍यो । अब त्यता केन्द्रित हुनुपर्छ । सरकारी निकायबीच हुने समन्वयलाई महत्व दिनुपर्छ । त्यसलाई सम्बोधन गर्नुपर्‍यो । वाणिज्य मन्त्रालयले राखेका कार्यक्रममा सबै निकायले आफ्नो भूमिका निर्वाह गर्नुपर्‍यो । अनि मात्रै निर्यात बढ्छ । अर्को, व्यापार कूटनीति पनि भएन । अहिले भारतमा चिया जान सकेन । के कारणले जान सकेन ? वाणिज्यलाई पनि थाहा छैन । तालुक वाणिज्य मन्त्रालयले थाहा हुनुपर्छ । त्यही भएर व्यापार कूटनीतिलाई पनि विचार गर्नुपर्छ । अब नेपाल अति कम विकसित मुलुकको सूचीबाट विकासशीलमा स्तरोन्नति हुँदै छ । नीतिको कुरा पनि आउँछ । अब अन्तर्राष्ट्रिय व्यापारिक साझेदारसँग के गर्ने भन्नेमा रणनीति बनाउन केन्द्रित हुनुपर्छ । त्यो गर्न सके आजको भोलि होइन, अबको ५/७ वर्षमा व्यापार घाटा कम गर्न सकिन्छ । तर, यसरी नै जाने हो भने योसम्बन्धी नीति आएन भने अबको २४ देखि ३० महिनामा आन्तरिक संकट भोग्नुपर्ने हुन्छ ।

(लेखक पाण्डे सावतीका अध्यक्ष हुन्)

बचत र मुद्धति निक्षेपमा
आकर्षक ब्याज
साथै अनलाइन खाता खोल्ने सुविधा

मुद्धति निक्षेप
१०.०५
प्रतिशतसम्म

बचत खातामा
७.१०
प्रतिशतसम्म

रेमिट्यान्स मुद्धति निक्षेप
११.०५
प्रतिशत

C-asba Registration Number (CRN)
Mero Share
VISA Debit Card
Demat Account
Internet Banking

अनलाइन खाता खोल्दा पाइने सुविधा

ब्याजदरमा शर्तहरु लाग्न हुनेछन् ।

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक SWIFT: ADBLNPKA Toll Free: 16600111110

उदारीकरण र वित्तीय क्षेत्र

अहिले बैंकहरूको मुख्य काम आयातलाई प्रोत्साहन गर्ने मात्र देखिन्छ । बाहिरबाट रेमिट्यान्स ल्याउने र सम्बन्धित व्यक्तिलाई भुक्तानी गरिदिने काममा बैंकहरू तल्लीन छन् । यसो गर्दा धेरै दुःख नगरी बैंकहरूले शुल्क लिन पाउछन् । व्यापारीले केही मार्जिन थपेर सामान बिक्री गर्दा नाफा कमाउछन्

डा. प्रकाशचन्द्र लोहनी

२०४६ पूर्व र वित्तीय पूर्वाधार

२०४० मा म अर्थमन्त्री भएर आइसकेपछि नेपालको अर्थतन्त्रलाई कसरी गति दिने भन्नेबारे सोधखोज गरेँ । अर्थतन्त्रको विकासका लागि सरकारले सार्वजनिक नीति नियमसँगै पूर्वाधार बनाइदिनुपर्छ भन्ने मेरो धारणा थियो । तर, काम गर्ने जनताले हो भन्नेमा म ढुक्क थिएँ । काम गर्ने जनतालाई उत्साह प्रदान गर्न उनीहरूलाई सुविधा (इन्सेन्टिभ) को वातावरण प्रदान गर्नुपर्छ भन्ने पनि थियो । त्यति गरे अर्थतन्त्रमा स्वतः आर्थिक विकासले गति लिन्छ भन्ने मेरो धारणा थियो । आर्थिक विकासलाई गति दिने सबैभन्दा महत्वपूर्ण आधारशिला भौतिक र वित्तीय पूर्वाधार हो । अरु पूर्वाधार विकासमा मैले गर्न सक्ने अवस्था धेरै थिएन । अर्थमन्त्री भएकाले गर्न सक्ने भनेको वित्तीय क्षेत्रको सुधार नै थियो । वित्तीय क्षेत्रको पूर्वाधार निर्माणमा आमूल परिवर्तन त्यही बेलामै भएको हो । त्यतिबेला नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंक मात्र थिए । अरु बैंक आउन खोज्दा राष्ट्रिय सम्पत्ति बिग्रिइहाल्छ भन्ने मानसिकता धेरैमा थियो । विदेशी बैंक ल्याउँदा नेपाली बैंक प्रतिस्पर्धा गर्न नसक्ने भएकाले टिक्न सक्दैनन्, नेपालको राष्ट्रिय सम्पत्ति धरापमा जान्छ भन्ने चिन्तन थियो । त्यसो होइन, नेपालमा बैंकिङ क्षेत्रको विकास र विस्तार गर्न बाहिरको प्रविधि, सीप र पुँजी ल्याउनुपर्छ भनेर काम अघि बढाएँ । तर, त्यो बैंक नेपाली हुनुपर्छ भन्नेमा म ढुक्क थिएँ । त्यतिबेला 'थ्री इन वान मोडल' मा वित्तीय क्षेत्रको विकास र विस्तार सुरू भयो । जसअनुसार पहिलो नेपालमा बैंकिङ ऐनमा आमूल परिवर्तन गर्ने, त्यसअन्तर्गत विदेशी बैंकलाई पनि नेपालमा आउन दिने । तर, उनीहरूको लगानी बढीमा ३३ प्रतिशत मात्र हुने । उक्त संस्थामा नेपालका प्रवर्द्धक (संस्थापक) बाट ३३ प्रतिशत र ३३ प्रतिशत लगानी सर्वसाधारणलाई सेयर वितरण गरेर दोस्रो बजारबाट पुँजी जुटाउने सिद्धान्तका आधारमा कानुन बनाइएको हो । त्यही कानुनमा टेकेर नेपालमा स्वदेशी र विदेशी बैंकहरू स्थापना हुन बाटो खुला गरियो ।

सबैभन्दा पहिले नबिल बैंक आयो । त्यतिबेला नेपाल अरब बैंकका नाममा त्यो बैंक सञ्चालनमा आएको हो । ३३ प्रतिशत विदेशी लगानी, ३३ प्रतिशत नेपालका संस्थापक र ३३ प्रतिशत सर्वसाधारण सेयरधनीको लगानीमा त्यो बैंक स्थापना भएको थियो । नेपालको इतिहासमा निजी क्षेत्रबाट स्थापना भएको पहिलो बैंक थियो, त्यो । त्यसको उद्घाटन पनि म आफैंले गरेको हुँ । त्यही बैंकमार्फत नेपालमा पहिलो पटक विदेशी सीप, पुँजी र प्रविधि मात्र होइन व्यवस्थापन पनि भित्रियो । त्यसपछि 'नेपाल इन्डोसेज' बैंक (हालको इन्भेष्टमेन्ट बैंक) आयो । यसरी नेपालमा बैंकिङ क्षेत्रमा वित्तीय आधारशिला निर्माण गर्ने क्रममा विदेशी लगानीमा निजी क्षेत्रका बैंकहरू स्थापना भएका हुन् ।

नेपालमा हाउजिङ फाइनान्स कम्पनी त्यही बेला सुरू भएको हो । हाउजिङ फाइनान्सियल ऐन जारी भएपछि उक्त बाटो खुलेको हो । पेन्सन फण्ड ऐन पनि त्यतिबेलै ल्याइएको हो । यद्यपि यो अझै कार्यान्वयन भएको छैन । ऐनमा १२ लाख रूपैयाँभन्दा बढी पेन्सन जम्मा भएको अवस्थामा त्यसलाई इन्भेष्टमेन्ट बैंकको रूपमा उपयोग गर्न पाउने व्यवस्था थियो ।

नेपालमा लगानीका लागि बिमा क्षेत्र पनि २०४० कै दशकमा खुला भएको हो । यसरी पछिल्लो ३० वर्षमा नेपालमा वित्तीय पूर्वाधार

निर्माण र विस्तारका क्रममा जे-जति काम भएको छ, त्यसको सुरूआत त्यतिबेलै भएको हो ।

अहिले पनि सेयर बजारको कुल पुँजीकरणमा त्यही बेला स्थापना भएका बैंकहरूको हिस्सा ८० प्रतिशतभन्दा बढी छ । ती कम्पनीमा 'कर्पोरेट कल्चर' पनि राम्रो छ । अहिले बैंक चलाउनकै लागि बाहिरबाट जनशक्ति ल्याउनुपर्ने आवश्यकता छैन । नेपालका बैंकरहरु विदेशमा पनि सीप, सुझाव, परामर्श दिन सक्ने अवस्थामा पुगेका छन् । यसकारण पनि वित्तीय क्षेत्रको अहिलेको अवस्था देख्दा मलाई गर्व लाग्छ । त्यतिबेला मैले गर्न सक्ने जति गरेजस्तो लाग्छ । वित्तीय क्षेत्रको विकास तथा विस्तारका लागि नयाँ कानुन निर्माण गरेर तिनलाई कार्यान्वयनमा ल्याउन मैले निकै मिहिनेत गरेँ । निर्धक्क साथ भन्न सक्छु, त्यो बेला वित्तीय क्षेत्रमा काम नगरेको भए नेपाली वित्तीय क्षेत्र आजको अवस्थामा पुग्ने थिएन ।

त्यतिबेला अर्थतन्त्रका अन्य क्षेत्र शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, बिजुलीलगायत धेरै क्षेत्रमा पनि विकासको आधारशिला र पूर्वाधार निर्माण कमजोर थिए । तर, वित्तीय क्षेत्रको विकास भएको अवस्थामा मात्र अर्थतन्त्रका अन्य क्षेत्रको विकास गर्न सकिन्छ भन्नेमा म ढुक्क थिएँ । बैंकले छरिएर रहेको स-सानो पैसा एकीकृत गरेर पुँजी निर्माण गर्छ । त्यही पुँजी आवश्यकताअनुसार अर्थतन्त्रका अन्य क्षेत्रमा उपयोग गर्न सकिन्छ । अहिले बैंकहरूबीच प्रतिस्पर्धा बढेको छ । अहिले ग्राहक बैंक पुग्नुभन्दा पनि बैंक आफैं ग्राहक खोज्दै घरघर आउने अवस्था बनेको छ । सेवाको गुणस्तरमा व्यापक सुधार भएको छ । दिनदिनै नयाँ र आधुनिक प्रविधि भित्रिएको छ । अरु क्षेत्रको तुलनामा उत्पादन र उत्पादकत्व पनि राम्रो छ । हरेक गतिविधि पारदर्शी छ ।

युवा जनशक्ति कामका लागि बाहिरिनु नेपाली राजनीतिका लागि लाभदायक रह्यो । राजनीतिकर्मीकालागि त्यो सुनौलो अवसर बन्यो । राज्यको स्रोतमा मनपरी गर्न पाए । यो स्थितिले अहिले नेपालको अर्थतन्त्र सुकेको बाँसजस्तो भएको छ

वित्तीय क्षेत्र र अर्थतन्त्र

वित्तीय क्षेत्रले अपेक्षाअनुरूप अर्थतन्त्रमा योगदान दिन सकेको छैन । नेपालमा बन्ड, डिबेञ्चर मार्केट, विदेशी विनिमयसँग सम्बन्धित बजार अझै विकास हुन सकेका छैनन् । सुरूमा बैंकिङ क्षेत्रको विकासका क्रममा उनीहरूसँग रहेको धेरै पुँजी पूर्वाधार विकाससँगै उत्पादनमूलक क्षेत्रमा लगानी हुन्छ भन्ने थियो । तर, बैंकहरूले अपेक्षा विपरीत अनुत्पादक वा व्यापारजन्य (आयातमुखी) व्यापारमा लगानी गर्न थालेका छन् । यसमा बैंकहरूको मात्र दोष पनि छैन । नेपालको अर्थतन्त्रको संरचना नै व्यापारमुखी बन्दै गएको छ । परिणाम, अहिले पनि बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामध्ये करिब ६० प्रतिशत आयातजन्य गतिविधिसँग सम्बन्धित छ । यसकारण बैंकको लगानीले उत्पादनमूलक क्षेत्रको विकाससँगै समग्र अर्थतन्त्रमा आशातीत रूपमा योगदान गर्न सकेन । आयात भुक्तानीमा धेरै विदेशी मुद्रा बाहिरिन्छ । यसको असर अहिले अर्थतन्त्रमा परिरहेको छ । आयात निरन्तर बढिरहेको छ ।

सीधा अर्थमा भन्दा अहिले बैंकहरूको मुख्य काम आयातलाई प्रोत्साहन गर्ने मात्र देखिन्छ । बाहिरबाट रेमिट्यान्स ल्याउने र सम्बन्धित व्यक्तिलाई भुक्तानी गरिदिने काममा बैंकहरु तल्लीन छन् । यसो गर्दा धेरै दुःख नगरी बैंकहरूले शुल्क लिन पाउँछन् । व्यापारीहरूले केही मार्जिन थपेर सामान बिक्री गर्दा नाफा कमाउँछन् । तर, यस्ता गतिविधिले व्यापार बढे पनि अर्थतन्त्रको विकासका लागि रोजगारी, आयआर्जन वृद्धिमा ठूलो टेवा पुऱ्याउन सक्दैन । गत वर्षमा मात्र रेमिट्यान्समार्फत करिब ९ खर्ब रूपैयाँ बराबर रकम नेपाल भित्रिएको छ । त्यो रकममध्ये करिब २ खर्ब रूपैयाँ मात्र उत्पादनमूलक क्षेत्रमा लगानी हुन सके अर्थतन्त्रमा ठूलो टेवा पुग्ने देखिन्छ । वित्तीय निर्माताहरूले बैंकिङ क्षेत्रलाई राष्ट्रको उत्पादकत्व वृद्धि गर्ने काममा प्रयोग गर्न सकेका छैनन् । पछिल्लो समय बैंकहरूको व्यापारको संरचना नै आयातमुखी भएको छ । नाफामूलक संस्था भएकाले बैंकहरूले पनि मुनाफा आर्जन गर्नुपऱ्यो । त्यही क्रममा जहाँबाट छिटो र धेरै नाफा आउँछ, त्यही क्षेत्रमा बैंकहरूले लगानी विस्तार गर्दै गए । राज्यको आर्थिक नीति र व्यवहारले पनि आयात निरूत्साहित, निर्यात प्रोत्साहन र औद्योगिकीकरणमा टेवा पुग्ने खालका क्षेत्रमा बैंकहरूको लगानी केन्द्रित हुन सकेन ।

आयात भने निरन्तर बढिरहेको छ । चालू आर्थिक वर्षको तीन महिनामा मुलुकमा ४ खर्ब ७८ अर्ब रूपैयाँ बराबरको आयात भएको छ । गत आर्थिक वर्षको तुलनामा आयात करिब ६४ प्रतिशत बढेको देखिन्छ । स्वदेशी उत्पादन अपेक्षित रूपमा बढ्न नसक्दा हरेक महिना आयात उच्च दरले बढ्दो छ । निर्यात नगन्य छ । यही कारण हरेक महिना मुलुकको व्यापार घाटा चुलिँदै गएको छ । तीन महिनामै व्यापार घाटा ४ खर्ब १३ अर्ब रूपैयाँ पुग्नुले उक्त कुरा पुष्टि हुन्छ ।

आयात बढेपछि गत असारको तुलनामा गत असोजसम्म मुलुकको विदेशी मुद्राको सञ्चिति ८० अर्ब रूपैयाँ घटेको छ । गत असोजमा मुलुकको कुल विदेशी विनिमय सञ्चिति १३ खर्ब १९ अर्ब ३२ करोड रूपैयाँ छ । विदेशी मुद्रा आप्रवाह कम भए पनि उपभोग्य वस्तु

आयातका लागि निरन्तर विदेशी मुद्रा बाहिर पठाउनुपर्दा सञ्चिति घटेको हो । विदेशी मुद्रा सञ्चिति घटेपछि मुलुकको आयात गर्ने क्षमता स्वतः कमजोर भएको छ । असार मसान्तसम्मको सञ्चितिले ११.२ महिनासम्म वस्तु आयात र १०.२ महिनाको वस्तु तथा सेवा आयात धान्ने राष्ट्र बैंकले बताएको थियो । तर, असोजसम्मको सञ्चितिले ८.६ महिनाको वस्तु र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने राष्ट्र बैंकले बताएको छ । मुलुकबाट बाहिरिने र भित्रिने विदेशी मुद्राको अवस्था देखाउने सूचक शोधनान्तर स्थिति असोजमा ७६ अर्ब १४ करोड रूपैयाँले घाटामा छ । सरकारले पनि उत्पादनमूलक क्षेत्रमा लगानी केन्द्रित हुने खालको वातावरण बनाउन नसक्दा र बैंक तथा वित्तीय संस्थाले अनुत्पादक क्षेत्रमा लगानी केन्द्रित गरेकै कारण अहिले अर्थतन्त्रका सबैजसो सूचक नकारात्मक भएका हुन् ।

यसको प्रमुख कारण नेपालमा बैंकिङ क्षेत्रको आधारशिला निर्माण भइसकेपछि भित्रिएको वासिङटन कनसेन्सस् (न्यून लिबरलिज्मनवउदारवाद) ले यहाँका उद्योगधन्दालाई तहसनहस पारिदियो । सुन्दा अचम्म लाग्ला, सन् १९८६ को तुलनामा स्न २०१८ सम्म आइपुग्दा नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा उद्योग क्षेत्रको घटेको छ । कारण कृषि र उद्योगबीचको सम्बन्धलाई बन्द गरियो । कतिपय कुराहरू पञ्चायतमा पनि राम्रा थिए । जनकपुर चुरोट कारखाना खडा गरियो ।

त्यसलाई चाहिने सुर्ति पनि नेपालमै उत्पादन गरेर सुर्ति विकास कम्पनी स्थापना गरिएको थियो । यसरी चुरोट कारखानालाई उत्पादनदेखि किसानसम्म जोड्ने काम गरिएको थियो । नेपालगञ्जमा कपास खेती सुरू गरिएको थियो । भृकुटी कागज कारखानालाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादनको काम पनि सुरू भएको थियो । नवउदारवादको नाममा ती सबै सम्बन्ध छुटे । निजीकरणको नाममा सरकारी स्वामित्वका संस्थानहरू कौडीको भाउमा बिक्री भए । कतिपय संस्थानहरू अहिले पनि रूग्ण अवस्थामै छन् । न तिनको सम्पत्तिको जगेर्ना भएको छ, न त सञ्चालनमै आएका छन् । बेकारमा राष्ट्रको सम्पत्ति उपयोगविहीन भएको छ ।

नवउदारवादको भेलमा कतिपय संस्थालाई बिक्री गरियो । केही संस्था अंकित मूल्यभन्दा पनि कममा बिक्री भएका थिए । यसले भर्खर सुरू भएको आयात प्रतिबन्ध र निर्यात केन्द्रित अर्थतन्त्र विस्तारै रेमिट्यान्समा

युवा जनशक्ति कामका लागि बाहिरिनु नेपाली राजनीतिका लागि लाभदायक रह्यो । युवाले देश छाडेर गएपछि मुलुकमा विद्रोह गर्ने मानिस भएनन् । पैसा पठाइरहने तर विद्रोह नहुने अवस्था बन्यो । राजनीतिकर्मीका लागि त्यो सुनौलो अवसर बन्यो ।

आधारित आयातमुखीतर्फ केन्द्रित हुन पुग्यो । उद्योगको विकास नहुँदा रोजगारी भएन । रोजगारी नहुँदा मानिसहरू कामका लागि हुलका हुल बाहिर जान लागे । पहिले राणा शासनको पालामा मानिस खान नपाएर आसाम र मेगालय जाने गर्थे । अहिले मानिस मध्यपूर्वका खाडी मुलुक जान थाले । युवा जनशक्ति कामका लागि बाहिरिनु नेपाली राजनीतिका लागि लाभदायक रह्यो । युवाले देश छाडेर गएपछि मुलुकमा विद्रोह गर्ने मानिस भएनन् । पैसा पठाइरहने तर विद्रोह नहुने अवस्था बन्यो । राजनीतिकर्मीका लागि त्यो सुनौलो अवसर बन्यो । उनीहरूले राज्यको स्रोतमा मनपरी गर्न पाए । जति भ्रष्टाचार गरे पनि, साधारण खर्च अचाक्ली बढाए पनि कसैको रोकतोक नहुने भयो । यो स्थितिले गर्दा अहिले नेपालको अर्थतन्त्र सुकेको बाँसजस्तो भएको छ । बाहिरबाट हेर्दा सुन्दर तर भित्र खोक्रो ।

वित्तीय सुधारको आवश्यकता

नेपालमा विसं १९९४ मा नेपाल बैंकको स्थापनमपछि औपचारिक स्रमा बैंकिङ प्रणालीको सुरूआत भएको मानिन्छ । त्यसपछिका करिब पाँच दशक सरकारी स्वामित्वका वाणिज्य बैंक र एक विकास बैंक मात्र थिए । आर्थिक वर्ष ०४१/४२ देखि बैंकिङ प्रणालीमा निजी क्षेत्रले प्रवेश पाएपछि मात्र वित्तीय प्रणालीमा आधुनिकीकरणको सुरूहात भएको हो । त्यो नै वित्तीय प्रणालीमा पहिलो चरणको आधुनिकीकरण थियो । त्यो अवधिमा व्यापक स्रमा निजी बैंकको प्रवेशसँगै सरकारी स्वामित्वका बैंकमा पनि धेरै सुधार भएको थियो । आर्थिक वर्ष ०५६/५७ देखि दोस्रो चरणको सुधार प्रारम्भ भयो । यो आर्थिक वर्ष ०६७/६८ सम्म नै चल्यो । उदारीकरणको प्रारम्भ, प्रवर्द्धनात्मक नीति र सरकारबाट भएका विभिन्न प्रयास वित्तीय क्षेत्र सुधारका लागि पर्याप्त नभएको निष्कर्षका आधारमा दोस्रो चरणको सुधार सुरू भएको थियो । विश्वव्यापी स्रमा बैंकिङ क्षेत्रमा भित्रिएको आधुनिक प्रविधि, सेवाको गुणस्तर तथा विकासलगायत कारणले दोस्रो चरणको सुधार पनि पर्याप्त थिएन । यही कारण अन्य राष्ट्रमा जस्तै नेपालमा पनि तेस्रो चरणको वित्तीय सुधारको आवश्यकता देखिन थालेको हो ।

अहिले नेपालका अन्य धेरै क्षेत्रको तुलनामा वित्तीय क्षेत्र गुणस्तरीय, पारदर्शी र सबल छ । तर, यो नै पर्याप्त होइन । अन्य क्षेत्रमा जस्तै वित्तीय क्षेत्रमा पनि निरन्तर सुधारको खाँचो आवश्यक पर्छ । यसका लागि चरणबद्ध स्रमा योजना बनाएर अघि बढ्नुपर्छ । अबको विकास भनेकै मुख्य स्रमा डिजिटल बैंकिङको हो । नेपालमा पनि डिजिटल बैंकिङ व्यापक स्रमा विकास तथा विस्तार भएको छ ।

यद्यपि समयसान्दर्भिक स्रमा डिजिटल बैंकिङ प्रणालीको व्यापक विस्तार, मर्जरमार्फत सबल बैंकिङ प्रणालीको स्थापना, युनिभर्सल बैंकिङ अवधारणाअनुसार बैंकिङ विकास, देशको बृहत्तर विकास र आर्थिक समृद्धिका लागि उत्पादनमूलक क्षेत्रमा लगानी केन्द्रितलगायत व्यापक सुधार आवश्यक छ । मुलुक संघीय संरचनामा गएपनि ६० प्रतिशतभन्दा धेरै वित्तीय कारोबार बागमती प्रदेशमै केन्द्रित भएको छ । हरेक प्रदेश समान स्रमा विकास गर्न वित्तीय सेवा, पहुँच र वित्तीय कारोबार पनि विकेन्द्रित गर्नुपर्नेछ ।

यस्तै, विश्व बजार संरचना भएका बैंकिङ गतिविधि, वित्तीय प्रणालीमा आएको संरचनागत परिवर्तन, ०७२ को भूकम्प र कोभिड-१९ ले बैंकिङ प्रणालीमा सिर्जना गरेको चुनौतीलगायत विषय समेट्ने गरी वित्तीय सुधारको खाका बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ, जुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रमा आउने सक्ने सम्भावित आर्थिक तथा गैरआर्थिक जोखिम सामना गर्न सक्षम होस् । अबको बैंकिङ सुधार यी विषयमा केन्द्रित हुनुपर्छ ।

बैंकमा पैसा ट्रान्सफर हुन्छ, रकेटको स्पिडमा

#Fast #Secure #Reliable

IME International Money Express
Fast, Reliable And Secure Remittance

IME pay

+977 1 4217600, 4430600
4425800 (Fax)
info@imeremit.com.np
facebook/imeremit
www.imeremit.com.np

Toll Free
16600 151515
For NTC Users

Phone
+977 1 4217600, 4217601
For Other Users

उदार अर्थतन्त्रमा धमिलिँदो पत्रकारिता

आफ्नो पत्रिका भयो भने शक्ति केन्द्रमा सीधै सम्बन्ध स्थापित गर्न सकिन्छ र व्यावसायिक लाभ लिन पाइन्छ भन्ने समूहको पत्रकारितामा भएको प्रवेशले यो क्षेत्रलाई क्रमशः दूषित पार्दै लग्यो

प्रतीक प्रधान

करिब २० वर्षअघिको एउटा सम्झनाबाट विषयको सुरूआत गरौँ । २०५७ तिर हुनुपर्छ, म पोखरा विमानस्थलबाट काठमाडौं आउन एयरपोर्टमा बसिरहेको थिएँ । सोही समय त्यसबेलाका राष्ट्रिय योजना आयोगका एक सदस्य पनि काठमाडौं आउन विमानस्थल प्रवेश गरे र भिआईपी कक्षतर्फ सरासर छिरे । त्यसको केही छिनमा विमान उड्ने बेलामा त्यसबेलाका एक प्रतिष्ठित व्यवसायी हतारहतार एयरपोर्ट प्रवेश गरे । ती व्यवसायी किन अन्तिम समयमा आए भनेर एकछिन गर्मैं । व्यवसायीलाई भिआईपी कक्ष प्रयोग गर्न नदिने कारणले अन्तिममा आएर फटाफट विमान प्रवेश गरेका हुन् भनेर एक जनासँगै भएका व्यक्तिले कुरो खोले । अनि सोचैं, व्यवसायी पनि त देशका महत्वपूर्ण व्यक्ति हुन् । यिनले रोजगारी सिर्जना गरेर त धेरैको घरमा चुल्हो बलेको हुन्छ । यदि मनग्य धन कमाइसकेको व्यक्तिले थप कर्म गर्छ, थप रोजगारी सिर्जना गर्ने जाँगर देखाउँछ भने उसले कमाउनभन्दा समाजलाई अघि बढाउन सहयोग गरेको हुन्छ । म त्यतिबेला काठमाडौं पोस्ट दैनिकको रिपोर्टर थिएँ । फर्केर आएर मेरो साप्ताहिक कोलममा लेखैं, 'आर्थिक महत्वका व्यक्तिलाई किन राज्यले विशेष इज्जत नदिने ?' अर्थात्, 'कमर्सियल्ली इम्पोर्टेन्ट पिपल' सिपिआई घोषणा गरियोस् भनेर ।

उदारीकरण र पत्रकारिता

त्यसबेला आर्थिक उदारीकरण भर्खरै पंखा फिजाउँदै थियो । नेपाली पत्रकारिताले उदारीकरणको समर्थनमा निकै पृष्ठ खर्च गर्दै गयो । नेपालमा आर्थिक उदारीकरण जुन वेग र दिशा लिनुपर्ने थियो, त्यो हुन सकेन किनभने बीचबीचमा कम्युनिस्ट शासन आउँदा अर्थतन्त्रलाई गलत मोड दिने काम भए । कांग्रेसले पनि उदारीकरणका लागि सुरूमा देखाएको रूचि र गति कायम गर्न सकेन । तर, शासनमा एक, दुईपल्ट आएपछि भने एमालेले पनि आर्थिक उदारीकरणलाई उल्टाउन सकेन, भलै गति दिन अलिक सुस्त देखियो । परिणामतः ढिलै भए पनि नेपालमा निजी क्षेत्र विस्तारै बलियो भएर गयो । आजभन्दा दुई दशक पहिले व्यापारीहरु आफैंलाई दोस्रो दर्जाको नागरिक भएको महसुस गर्थे भने अहिले व्यापार-व्यवसायमा लाग्नुलाई प्रतिष्ठाको रूपमा हेर्न थालियो ।

यहाँ उठाउन खोजिएको विषय भने उदारीकरणले देशमा कस्तो प्रकारले आर्थिक परिवर्तन आयो वा उदारीकरणको अर्को चरणमा प्रवेश गर्ने क्रममा के-के गर्नुपर्छ भन्ने होइन । बजार उदारीकरणसँगै प्रेस स्वतन्त्रतामा यसको प्रभाव कस्तो भयो भन्ने विषयमा केही विषय उठान गर्ने प्रयास मात्र हो ।

नेपालमा प्रेस स्वतन्त्रताको युग सुरू भएको २०४७ को संविधान लागू भएपछि मात्र हो । निजी क्षेत्रमा ठूलो मिडियाको प्रवेशलाई पनि आर्थिक उदारीकरणको एक पाटोको रूपमा अंगीकार गर्नुपर्दछ । संविधानमा प्रेस स्वतन्त्रता हुने तर पत्रिका आर्थिक रूपमा सक्षम हुन नसक्ने हो भने फेरि पनि पत्रकारितामा कुनै न कुनै प्रकारको प्रत्यक्ष वा परोक्ष अंकुश लाग्ने सम्भावना हुन जान्थ्यो । त्यसैले ०५२ पछि नेपालको पत्रकारितामा प्रवेश गरेका धेरैजसो सञ्चार संस्थाले आफूलाई स्वतन्त्र पत्रकारिताको संवाहकको रूपमा उभ्याउन पाए किनभने निजी क्षेत्र व्यापार-व्यवसायमा खुलेर अगाडि आएको थियो र उसले आफ्नो वस्तु र सेवाको विज्ञापन गर्न सुरू गरेको थियो ।

सग्लिनुपर्ने पत्रकारिता र राजनीति

निजी क्षेत्र व्यापार-व्यवसायमा मात्र होइन, पत्रकारितामा पनि खुलेर आयो । प्रजातन्त्रपछिका केही वर्षभित्रै धेरै दैनिक पत्रिका आए । पत्रिका सँगसँगै टेलिभिजन र एफएम रेडियोको पनि बाढी नै आयो । पत्रकारिताको महत्व बुझेर, पत्रकारिता पेसाप्रति सम्मान भएर यो क्षेत्रमा आउनेहरू त छँदै थिए । तर, पत्रकारिताको शक्तिको गलत प्रयोगको प्रयोजन बुझेर पनि यो पेसामा प्रवेश गर्नेको लर्को लाग्यो ।

आफ्नो पत्रिका भयो भने शक्ति केन्द्रमा सीधै सम्बन्ध स्थापित गर्न सकिन्छ र व्यावसायिक लाभ लिन पाइन्छ भन्ने समूहको पत्रकारितामा भएको प्रवेशले यो क्षेत्रलाई क्रमशः दूषित पार्दै लग्यो । पत्रकारले आफ्नो प्रभाव र शक्तिलाई आफ्नै हितका लागि प्रयोग गर्नेबित्तिकै आवाजविहीनको आवाज, सरकारको चौथो अंग, जनताको प्रतिनिधि भन्नेजस्ता सम्पूर्ण ओजपूर्ण मानक भत्किन्छन् र पत्रकार केवल राजनीतिक दल र शक्ति केन्द्रको दलालका रूपमा परिणत हुन्छ । नेपालमा विस्तारै त्यही हुँदै गयो र भएको छ ।

पत्रकारका कारण पत्रकारिता कमजोर हुनुमा हामी आफैं पनि धेरै हदमा दोषी छौं । आपसी प्रतिस्पर्धामा अघि बढ्नका लागि हामीले नैतिकताका धेरै पर्खाल भत्काउँदै गयौं । नेपालका अधिकांश पत्रकारले आफूलाई भविष्यका प्रधानमन्त्री, मन्त्री, विभिन्न आयोगका अध्यक्ष-सदस्य आदिका रूपमा देख्न थाले अनि सोहीअनुरूप कुनै न कुनै राजनीतिक दलको झोला बोकेर नेताका महिमा गाउन थाले । कामदार पत्रकार मात्र होइन, पत्रिका सञ्चालकमा समेत राजनीतिक महत्वाकांक्षा बढेर गयो । कति जना पत्रकार वा सञ्चार उद्यमी पत्रिकामा रहँदारहँदै कुन-कुन पदमा पुगे र त्यसका लागि उनले पत्रकारिताको कति दुरूपयोग गरे भन्ने विषयमा एउटा ठूलै ग्रन्थ तयार हुन्छ । तर, अहिले यो विषयमा अघि नबढौं । यहाँ छलफल गर्न खोजेको विषय उदार अर्थतन्त्रले बढाएको आर्थिक गतिविधिबाट पत्रकारिता क्षेत्रमा कस्तो प्रभाव पर्न गयो भन्ने मात्र हो ।

नेपालमा जब अनलाइन पत्रकारिताको युग सुरू भयो, त्यसपछि पत्रकारिताको मानकका रूपमा रहेको अन्तिम पर्खाल पनि भत्किन पुगेको छ । करिब १० वर्षदेखि सुरू भएको अनलाइन पत्रकारिता अहिले अत्यन्त व्यापक भएको छ । कुनै बेला पत्रिकामा आफ्नो लेख छपाउन वा पत्रकार बन्न कुनै स्थापित मिडियामा गएर निकै मिहिनेत गर्नुपर्दथ्यो भने अब सो समस्या रहेन । हरेक पत्रकार आफैंले एक अनलाइन मिडिया सञ्चालन गर्न सक्ने अवस्था भयो । त्यसैले अहिले करिब ३ हजार अनलाइन मिडिया सञ्चालनमा आइसकेका छन् भने कुनै तात्विक परिवर्तन भएन भने केही वर्षमा यसको संख्यामा १० गुणा वृद्धि हुने सम्भावना देखिएको छ ।

> पत्रकारले आफ्नो प्रभाव र शक्तिलाई आफ्नै हितका लागि प्रयोग गर्नेबित्तिकै आवाजविहीनको आवाज, सरकारको चौथो अंग, जनताको प्रतिनिधि भन्नेजस्ता सम्पूर्ण ओजपूर्ण मानक भत्किन्छन्

एकातिर आर्थिक उदारीकरणले चाहेअनुसार वा अन्य देशमा आर्थिक सुधारले ल्याएको आर्थिक उत्थानअनुरूप नेपालको विकास भएन भने अर्कोतिर औद्योगिक र व्यापारिक क्षेत्रलाई नचाहिँदो ढंगले सुन्निएको मिडिया क्षेत्रसँग कुममा कुम मिलाएर हिँड्न गाह्रो भयो । कुनै वस्तु वा सेवाको विज्ञापन गर्नुपरेको खण्डमा धेरैभन्दा धेरै मिडियामा एकैपल्ट विज्ञापन गर्न नसक्ने संस्थाले विज्ञापनबाट हुने फाइदाभन्दा बढी पत्रिकाबाट हुने आलोचना खप्न तयार हुनुपर्ने भयो ।

कुनै एक संस्थामा विज्ञापन दिएको एक सातासम्म यति धेरै पत्रकार र पत्रिकाको मार्केटिङबाट फोन आउन थाल्यो कि धेरैले फोन नै बन्द गरेर बस्नुपर्ने अवस्था हुन थाल्यो । कुनै पनि वस्तु वा सेवाको विज्ञापन नेपाली मिडियामा दिनुभन्दा सीधै फेसबुक, गुगल वा इन्स्टाग्राममा पठाउनु फाइदाजनक हुने अवस्था आयो । जुन संस्थाले धेरै मिडियालाई विज्ञापन दिन सक्छ, उसले समेत सबैलाई समेट्न नसक्ने र सधैं पत्रिका सम्बद्ध व्यक्तिबाट गाली र धम्की खानुपर्ने अवस्था कसैबाट लुकेको छैन ।

हुँदाहुँदा अहिले के अवस्था आयो भने अब विज्ञापन गर्नुपर्ने वा नपर्ने दुवै प्रकारका संस्थाले पत्रकारलाई कुनै न कुनै माध्यमबाट पैसा नदिए आफू असुरक्षित हुने महसुस गरेर नयाँ तरिका अपनाउन थालेका छन् । अहिले कतिपय संस्था विज्ञापन दिनुको सट्टा आफूले चाहेको समाचार वा विचार छपाउने र त्यसका लागि निश्चित रकम मिडियालाई दिने रणनीति अपनाउन थालेका छन् । यो सर्वथा गलत र अनुचित कदम हो । यसरी कन्टेन्ट बेच्ने मिडिया वा कन्टेन्ट किन्न खोज्ने व्यावसायिक संस्था दुवैले अहिल्यै करिब-करिब जनताले पत्याउन छाडेको मिडियालाई आर्यघाटसम्म पुऱ्याउने काममा थप बल प्रदान गर्ने मात्र हो । यो प्रवृत्ति बढेर जाने हो भने सम्पादकीय अर्थात् 'एडिटोरिएल' नआएर हाम्रा मिडिया सम्पूर्ण रूपमा 'एडभरटोरिएल' मात्र आउनेछन् । कुनै पनि समाचार जनताका लागि लेखिएको हो भन्ने आस्था र विश्वासको मृत्यु हुनेछ ।

यस्तो अवस्था के केवल पत्रकारको कारणले मात्र आएको हो त ? अवश्य होइन । कानुनको शासन भएको अवस्था हुँदो हो, सबैले गलत तरिकाले कर छल्ने वा नीतिगत भ्रष्टाचार नगरेका थिए भने पत्रकारसँग यति डराउनुपर्ने वा कुनै एकलाई विज्ञापन दिँदैमा सबैसँग डराउनुपर्ने अवस्था हुने थिएन ।

व्यापार-व्यवसायमा पनि बदमासी नगरी, कर छली नगरी वा घुस नखुवाई कुनै काम नहुने भयो । यसका लागि सरकारी कर्मचारी जिम्मेवार देखिन्छन् । ती जिम्मेवार पनि हुन् तर तिनलाई भ्रष्टाचार गरेर आफू पनि बाँच्न र राजनीतिक नेतृत्वलाई बुझाउन सरकारमा बसेका राजनीतिक दलहरूले बाध्य पारेका हुन्छन् भन्ने विषयमा पनि सबैले मनन गर्नुपर्दछ ।

हामीले चाहेको परिवर्तन राजनीतिक नेतृत्वमा इमानदार समूहको प्रवेश भएको अवस्थामा मात्र हुन्छ । अहिलेको राजनीतिक नेतृत्व र भविष्यका पुस्ता हेर्दा अझै नेपालीले दुःख पाउने दिनको अन्त्य भइसकेको छ भन्ने अवस्था देखिँदैन । राजनीति नसग्लुन्जेल कुनै पनि प्रकारको उदारीकरणले सकारात्मकभन्दा नकारात्मक प्रभाव बढी पार्छ र त्यसले अन्तत्वगत्वा अधिनायकवादी शासकको उदय गराउँछ भन्ने तत्वबोध नेता र जनता दुवैमा हुनु आवश्यक देखिन्छ ।

Maximize Your Returns

Take Hold of Higher Interest Rates

10.25% p.a

For 3 months and above

Open your
Fixed Deposit
account **NOW**.

*Condition Applied

'प्रगतिको आधार, कामना सेवा सँग कारोबार'

www.kamanasewabank.com customercare@kamanasewabank.com

भविष्य आफ्नै हातमा

जिम्मेवार भई बचत गर्न **Orange Savings Plus,**
वार्षिक **५.५५%*** को ब्याजदर + अन्य थुप्रै सुविधाहरु*

बचत राम्रो हो ।

खातावाला व्यक्तिको लागी बीमा सुविधाहरु

- रु. १,०००,००० सम्मको व्यक्तिगत दुर्घटना बीमा
- वार्षिक रु. १,००,००० सम्मको स्वास्थ्य बीमा

कार्ड सुविधाहरु

- निःशुल्क भिजा डेबिट/क्रेडिट/ट्राभल कार्ड

e-Banking सुविधाहरु

- निःशुल्क मोबाइल बैंकिङ्ग
- निःशुल्क इन्टरनेट बैंकिङ्ग

खाता खोल्नको लागि QR Code लाई स्क्यान गर्नुहोस्।

*शर्तहरु लागू हुनेछन्

बीमा साझेदारः एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. Everest Insurance Company Ltd. | Shikhar Insurance

लक्ष्य छ, लक्ष्मी बैंक छ

01-5970684
www.laxmibank.com

Connect with us

लक्ष्मी बैंक

लोकतान्त्रिक गणतन्त्र र आर्थिक समृद्धिको बाटो

भारत चीनसँग दीर्घकालीन लगानी सम्झौता गरी अर्थतन्त्रलाई उनीहरूको भ्यालु चेनसँग जोड्नुपर्छ । तिनकै लगानी ल्याएर अर्थतन्त्रलाई दुवै देशमा विस्तार गर्ने नीति लिनुपर्छ

डा. बाबुराम भट्टराई

नेपाली अर्थतन्त्रले अहिले पनि पूर्वऔद्योगिक र पूर्वपुँजीवादी चरणबाट भर्खरै औद्योगिक र पुँजीवादी चरणमा संक्रमण गरिरहेको अवस्था छ । राजनीतिक उपरी संरचनामा आवश्यक परिवर्तनबिना अर्थतन्त्रको रूपान्तरण हुँदैन । विश्व इतिहासले यही देखाएको छ । २००७ ताका राजनीतिक आन्दोलन गर्ने क्रममा एकापट्टि निरंकुश राजतन्त्र र राज्यका अंग तद्नुरूप केन्द्रीकरण, त्यसमा सीमित व्यक्तिको हालीमुहाली अन्त्य गरेर लोकतन्त्रलाई पूर्ण बनाउने र सँगसँगै आर्थिक स्रोत-साधन बहुसंख्यक जनताको पहुँचमा पुऱ्याउने प्रयत्न भयो । पछि २०४६ र मुख्यतः माओवादी जनयुद्धपछि नेपालमा जुन राजनीतिक जागरण र पुरानो संरचनाविरूद्ध विद्रोह भयो, त्यसैको प्रतिफलस्वरूप २०६२/०६३ को आन्दोलनले लोकतन्त्रलाई एक खालको पूर्णतामा पुऱ्यायो । २०७२ मा संविधान जारी भएपछि राजनीतिक रूपमा त हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यौं, आर्थिक रूपमा जुन संरचनात्मक परिवर्तन हुनुपर्थ्यो, त्यो खासै गर्न सकेनौं ।

बलियो लोकतान्त्रिक गणतन्त्र र अर्थतन्त्र निर्माण

यतिबेलाको हाम्रो कार्यभार भनेको संघीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक उपरी संरचनालाई त्यस अनुकूलका नियम-कानुन बनाएर अर्थतन्त्र, सामाजिक र सांस्कृतिक संरचनाको रूपान्तरण गर्नु हो । हामी सोहीबमोजिम योजना बनाएर जानुपर्थ्यो । कृषिप्रधान हाम्रो अर्थतन्त्रमा निर्वाहमुखी कृषि र साना एवं मध्यम उद्यमी, व्यवसायी बढी छन् । बाह्य पुँजी क्रमशः प्रवेश भइरहेको छ । व्यापारिक रूपमा हामी भारतलगायत अन्य देशमा निर्भर रहने अवस्थाको अन्त्य गरेर अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्नु अहिलेको हाम्रो कार्यभार हो । त्यसअनुरूप के-कति प्रयत्न भए भन्दाखेरि पहिले त २०४६/४७ को परिवर्तनपछि अर्थतन्त्रलाई उदारीकरणमार्फत वा उदारवादी प्रजातन्त्रको ढाँचाअन्तर्गत पुँजीवादीकरण गर्ने, बाह्य अर्थतन्त्रसँग जोड्नेजस्ता केही काम भएको देखिन्छ । तर, त्यतिबेला राजनीतिक पुनर्संरचना पूरा नभईकन अंश, अंश मात्रै गरिएको सुधारले खासै प्रतिफल दिन सक्दैनथ्यो ।

०४६ पछि विदेशी लगानी अलिकति बढेको, निजी क्षेत्र अलिकति विस्तार भएको र आर्थिक सुधार भएको हो, तर त्यो दीर्घकालीन हुन सक्दैनथ्यो । किनकि त्यसका निम्ति आवश्यक लोकतान्त्रिक संस्थाहरू निर्माण भएकै थिएनन् । संस्थाहरू नभईकन विकास हुँदैन भन्ने धेरै जनाले भनेका छन् । 'ह्वाई नेसन्स फेल्ड' पुस्तकको मुख्य सार नै उपयुक्त संस्थाहरू नबनेसम्म आर्थिक विकास हुँदैन भन्ने छ ।

तैपनि थोरै प्रयासले केही परिणाम दिए, खासगरी निजी क्षेत्रको भूमिका बढ्यो । त्यो राजनीतिक अपूर्णताबीच माओवादी जनयुद्धको जगमा सम्पन्न ०६२/६३ को आन्दोलनको परिणामस्वरूप संघीय लोकतान्त्रिक संविधान जारी भइसकेपछि राजनीतिक परिवर्तनको जगमा उभिएर आर्थिक पुनसंरचनाको ठूला योजना हामीले अघि सार्नुपर्थ्यो । तर, दुर्भाग्य क्रान्ति गर्ने शक्ति सत्तामा रहन पाएन, पुरानो र नयाँ शक्तिबीचको खिचडी सरकारहरू त्यसयता बने । त्यसकारण न ती नयाँ भए न पुराना ! अनि आर्थिक विकासको नीतिले खासै गति लिन सकेन ।

०६५/६६ को बजेट हतारमा एक महिनाभित्रै

बनाइएको थियो । म भर्खरै विद्रोह गरेर आएको व्यक्ति पनि थिएँ । त्यतिबेला आमूल सुधारका निम्ति अनुकूल परिस्थिति थिएन । छोटो प्रधानमन्त्रीको कालमा मलाई बजेट प्रस्तुत गर्नसम्म दिइएन, तैपनि मैले झिल्को स्वरूप केही प्रयास गरेको थिएँ । नेपाली अर्थतन्त्रका बाधकका रूपमा रहेको पुरातन प्रकारको निर्वाहमुखी कृषि अर्थतन्त्रलाई नभत्काएसम्म आन्तरिक आर्थिक रूपान्तरणको आधार बन्दैनथ्यो । त्यस निम्ति असमान प्रकृतिको भूमि सम्बन्धमा रूपान्तरण जरूरी थियो । हिमाल, पहाड, तराईका आफ्नै विशेषता छन्, जसले श्रम गर्छ, त्योसँग जमिन पनि छैन, जोसँग जमिन छ, त्यसले श्रम गर्दैन । त्यस्तो अवस्था अन्त्य गर्न वैज्ञानिक भूमिसुधार हामीले सम्पन्न गर्नुपर्थ्यो । पूर्वी एसियाली देशहरूमा आर्थिक परिवर्तन तीव्र हुनुमा भूमिसुधारको पनि प्रमुख भूमिका छ । चाहे जापान, चाहे कोरिया वा भियतनाम, तिनको आर्थिक प्रगतिको जगमा वैज्ञानिक भूमिसुधार छ, नेपालमा हामीले त्यसो गर्न सकेनौँ ।

दोस्रो कुरा औद्योगिकीकरणका निम्ति ठूल्ठूला पूर्वाधार चाहिन्छ । आन्तरिक र बाह्य बजारसँग जोडिन ठूला पूर्वाधारहरू सडक सञ्जाल, रेल सञ्जाल, वायुसेवा सञ्जाल, पर्याप्त मात्रामा बिजुली उत्पादन, ठूला सिँचाइ सुविधा, सञ्चारको व्यापक सञ्जाल, आधुनिक पूर्वाधार हुनुपर्छ तर हामीकहाँ त्यो भइरहेको थिएन । त्यसकारण मैले राष्ट्रिय गौरवको योजनाभित्र केही दर्जन योजना छनोट गरेर त्यसलाई पूरा गर्न खोजेँ ।

नेपालको निर्वाहमुखी अर्थतन्त्र बजारसँग जोडिएको छैन । आन्तरिक र बाह्य बजारसँग जोडिन पूर्व-पश्चिम मध्यपहाडी लोकमार्ग र हुलाकी लोकमार्गलगायतको पूर्णता र कोसी, गण्डकी र कर्णाली करिडोरले आन्तरिक बजारलाई भारत र चीनसँग जोड्ने परिकल्पना गरियो । अर्कोतर्फ आन्तरिक रूपमा पर्याप्त मात्रामा बिजुली उत्पादन गर्न बूढीगण्डकीजस्ता ठूला परियोजना सुरू गर्ने र नेपालभित्रै पनि काठमाडौं केन्द्रित विकासलाई क्षेत्रीय रूपमा लैजान फास्ट ट्र्याक, कृषिको आधुनिकीकरणका लागि पहिलेदेखि रहेका सिक्टा रानीजमरालगायत योजना र सुनकोसी मरिन डाइभर्सनजस्ता ठूला पूर्वाधारको कुरा गरियो । तर, सरकारको निरन्तरताको अभावमा तिनीहरू प्राथमिकतामा परेर अघि बढ्न सकेनन् ।

दोस्रो आधुनिक प्राविधिक ज्ञानयुक्त शैक्षिक जनशक्ति उत्पादनका निम्ति शिक्षामा आमूल परिवर्तन गरेर जानुपर्थ्यो, त्यो हामीले अहिलेसम्म गर्न सकेका छैनौँ । परम्परागत प्रकारको शिक्षाले उत्पादनशील जनशक्ति तयार गरिरहेको छैन । शिक्षाको आमूल परिवर्तनबिना अर्थतन्त्रमा योगदान हुँदैन ।

त्यसरी नै हामीले पहिलो चरणमा साना र मझौला उद्यमलाई व्यापक ढंगले विस्तार गर्ने, तिनलाई पुँजीको पहुँच सहज बनाउने, बैंकिङ क्षेत्रलाई आमूल सुधार गरेर उत्पादनमूलक क्षेत्रमा पुँजी प्रवाह गर्न जुन सुधार गर्नुपर्थ्यो, त्यो पनि ठीक ढंगले हुन सकेन । हाम्रा बैंकहरूमा पूरै कुल गार्हस्थ उत्पादन (जीडीपी) बराबरको पैसा छ । तर, त्यो सीमित मानिस, केही सय परिवारले उपयोग गरिराखेका छन् । त्यो पैसा उद्योग र उत्पादनमूलक क्षेत्रभन्दा सेवामूलक तथा रियल स्टेटमा लगानी गर्ने ढंगले गइरहेको छ । अर्थात, वित्तीय क्षेत्रमा जुन किसिमले सुधार हुनुपर्थ्यो, त्यो हुन सकेन ।

चौथो कुरा, वैदेशिक रोजगारीमा आधारित अर्थतन्त्र जहाँ जीडीपीको एक चौथाइ बराबर रेमिट्यान्स आउँछ, त्यसलाई पनि उत्पादनमूलक ढंगले प्रयोग गर्ने नीति हामीले बनाउन सकेनौँ । उल्लिखित क्षेत्रमा सुधारबिना हाम्रो अर्थतन्त्रले फड्को मार्न सक्दैनथ्यो । सँगसँगै हामीले केही प्रशासनिक सुधार पनि गर्नुपर्थ्यो । हाम्रो 'गभर्नेन्स सिस्टम' आर्थिक विकासमैत्री छैन । अत्यन्त प्रक्रियामुखी कर्मचारीतन्त्रले लगानी भित्र्याउँदैन । बाह्य र आन्तरिक दुवै लगानी प्रवर्द्धन गर्न हाम्रो नोकरशाही संयन्त्र उपयुक्त छैन । त्यसो भएको हुनाले मैले लगानी बोर्ड गठन गरेर भित्री र बाहिरी ठूलो पुँजी परिचालन गर्ने वातावरण बनाउने प्रयत्न गरेँ । तर, त्यो जुन रूपले हुनुपर्थ्यो, भएन । तद्नुकूल ऐन नबन्दा त्यो पनि कर्मकाण्डी हिसाबले रह्यो र लगानीमैत्री राज्यका संरचना बन्न सकेनन् ।

हामीले आन्तरिक रूपमा धेरै सुधार गर्नुपर्थ्यो । चरम दलीयकरण र भ्रष्टीकरणका कारण घाटामा चलेका सार्वजनिक संस्थानलाई सुधार गर्न भनेर सार्वजनिक संस्थान बोर्ड बनाएर त्यसलाई नयाँ ढंगले अगाडि बढाउने जुन प्रयत्न मैले गरेको थिएँ, त्यो पनि अघि बढेन । वायुसेवा निगमजस्ता संस्थानहरू पूरै डुब्ने र महत्वपूर्ण संस्थान काम गर्न नसक्ने अवस्थामा छन् ।

सोपान क्रममा आधारित ब्युरोक्रेसीलाई एकै झट्कामा पूरै भत्काएर "एक्सन युनिट"को आधारमा यसलाई पुनर्संरचना गर्ने, ताकि लगानीलगायत कुनै पनि काम छिटो-छरितो ढंगले होस्, मुक्त खालको लगानी वातावरण बनोस् ।

गुमाएको अवसर र परनिर्भर अर्थतन्त्र

निजी क्षेत्रको प्रवर्द्धनका निम्ति केही प्रयत्न ९० को दशकतिर भए । म त्यतिबेला माओवादी हुँदाहुँदै पनि औद्योगिक अर्थतन्त्र निर्माण गरेर मात्रै समाजवादतिर जान सकिने मान्यता राख्थें, अबको हाम्रो बाटो त्यो हुनुपर्छ भन्थें । त्यस निम्ति निजी क्षेत्रलाई प्रश्रय नदिई हुँदैन भन्ने मान्यताअनुरूप केही सुधार गर्ने प्रयत्न भयो । त्यो पनि पूर्ण हुन सकेन । फलस्वरूप राज्यले आफ्नो भूमिका उपयुक्त हिसाबले निर्वाह गर्न सकेन । ती संस्थानहरू सेतो हात्तीजस्ता भएर भ्रष्टाचारको अखडाको रूपमा बसे । निजी क्षेत्रले पनि आफ्नो लगानी सुरक्षित गर्न उत्पादनमूलक क्षेत्रमा लगाउनुको साटो वित्तीय क्षेत्र सुधारको अभावमा जग्गा किनबेचजस्ता कुरामा बढी लगानी गर्ने, विलासी वस्तु आयात गर्ने गऱ्यो । हामी त्यसमा रूमल्लिएर बस्यौं । अर्थात्, निजी क्षेत्रले पनि राज्यको उपयुक्त नीतिको अभावमा खासै विकास गर्न सकेन । आन्तरिक रूपमा ठूलो मात्रामा सुधार गरेर निर्वाहमुखी कृषि अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्ने नीतिगत परिवर्तन हामीले गर्नुपर्थ्यो, संरचनात्मक परिवर्तन गर्नुपर्थ्यो, हामीले सकेनौं ।

सुगौली सन्धियता हाम्रो अर्थतन्त्र निरन्तर परनिर्भर छ । भारत आश्रित हाम्रो अर्थतन्त्रको एउटा सामान्य सूचकको रूपमा निर्यात-आयातको अनुपात हेर्ने हो भने सुगौली सन्धिअगाडि, महेशचन्द्र रेग्मीले उल्लेख गर्नुभएको तथ्यांकअनुसार आयातको तुलनामा पाँच गुणा बढी निर्यात थियो । त्यसपछि आयात बढ्दै जाने र निर्यात घट्दै जाने क्रममा अहिले हामी १३ देखि १५ गुणा बढी आयात गर्ने किसिमको परनिर्भर अर्थतन्त्रमा पुगेका छौं ।

हाम्रो अर्थतन्त्र मुख्य रूपमा भारतसँग परनिर्भर छ । हामीले निर्यात र आयातको प्रावधान हेऱ्यौं भने उद्योगधन्दा खोल्न र औद्योगिक वस्तु उत्पादन गर्न सकेनौं । पर्यटन र आइटीलगायत क्षेत्रको विकास गर्न सकेनौं । त्यो कारणले गर्दा हाम्रो निर्यात प्राथमिक वस्तु बढी हुने र आयात द्वितीय र तृतीय वस्तु हुने भयो । अर्थशास्त्रको भ्यालु क्रिएसनको, मूल्य उत्पादनको नियमअनुसार असमान विनिमयको स्थिति उत्पन्न भयो । परनिर्भरता अझ बढेर गयो ।

यसलाई सुधार गर्न मैले बाह्य रूपमा श्रम र प्राथमिक वस्तु निर्यात गर्ने तथा द्वितीय र तृतीय वस्तुको सट्टा पुँजी र प्रविधि आयात गरौं, वस्तु र सेवा निर्यात गरौं भनेर लगानी बोर्डको अवधारणा अघि सारें । भारत, चीनलगायतका ठूला अर्थतन्त्रसँग द्विपक्षीय लगानी प्रवर्द्धन र संरक्षण सम्झौता (बिप्पा) गरौं भनेर सुरू गरें । भारतसँग सम्झौता भयो, तर नेपालको संकीर्ण राजनीतिक सोचले गर्दा न लगानी बोर्ड ठीक ढंगले अघि बढ्न सक्यो, न त बिप्पा सम्झौता भएर पुँजी र प्रविधिको लगानी भित्र्याउन सक्यौं ।

रेमिट्यान्सबाट प्राप्त पैसालाई पुँजीकरण गरेर उत्पादनशील क्षेत्रमा लगाउने नीति हामीले बनाउन सकेनौं । विदेशी वस्तु आयात गरेर उपभोग गर्ने काममै त्यो पैसा लगानी भयो । त्यसले आन्तरिक पुँजी सञ्चय हुन सकेन । बाह्य पुँजी लगानीका निम्ति पनि लगानी बोर्ड र बिप्पालगायत सम्झौतामार्फत जसरी आकर्षित गर्नुपर्थ्यो, त्यो पनि हामीले गरेनौं । त्यसले गर्दा विगत केही समययता नगन्य मात्रामा कछुवा गतिमा विकास भए पनि तीव्र गतिमा विकास हुन सकेन । बाह्य अर्थतन्त्रसँगको सम्बन्धलाई हामीले सच्याउन नसक्दा यस्तो भएको हो ।

पछिल्लो दशकमा चीनको उदय भयो । ऊ पहिलो अर्थतन्त्र बन्नेतर्फ अग्रसर छ । ऊसँग पुँजी निर्यातको सम्भावना छ । भारतीय अर्थतन्त्र पनि पाँचौं/छैटौंबाट चौथो/तेस्रोतिर उक्लँदै छ । अमेरिकीहरू सामरिक स्वार्थकै कारण पनि नेपालमा लगानी र आर्थिक सहयोग गर्न तयार छन् । यस्तो अवस्थामा हामीले भारत, चीन, अमेरिकासँग सन्तुलित सम्बन्ध राखेर आर्थिक सहयोगको वातावरण बनाउनुपर्थ्यो, त्यो पनि सकेनौं । उल्टै भारतसँग गरेको बिप्पा सम्झौता पनि कार्यान्वयन नगरेर खासै लगानी प्रवर्द्धन गर्न सकेनौं । चीनले पछिल्लो चरणमा बिआरआई आदिमार्फत यहाँ पूर्वाधारलगायत अन्य क्षेत्रमा लगानी गर्ने नीति ल्यायो । त्यसमा पनि हामीले औपचारिक रूपमा बिआरआई सम्झौता त गऱ्यौं, तर त्यसलाई व्यावहारिक ढंगले अगाडि बढाएर चिनियाँ लगानी र चीनसँगको व्यापारबाट लाभ लिन सकैनौं ।

तेस्रो कुरा, हामीबाट टाढा भए पनि तेस्रो निर्यात साझेदार अमेरिकाले एमसिसीलगायत माध्यमबाट हामीलाई आर्थिक अनुदान दिने प्रयास गरेको छ । हामीले त्यसलाई स्वीकार गरेर अघि बढ्न सकेका छैनौं । यसबाट हामीले भारत, चीन र अमेरिका कसैसँग पनि आर्थिक कूटनीति ठीक ढंगले सञ्चालन नसकेको पुष्टि हुन्छ । सुगौली सन्धियता निरन्तर बढ्दै गएको आर्थिक पराधीनता उल्टाउनेतर्फ हाम्रो राष्ट्रिय सोच बन्दै बनेन । त्यसो हुनाले आन्तरिक रूपमा पनि हामीले आवश्यक सुधार गर्न सकेनौं र अर्थतन्त्रले निर्वाहमुखीबाट औद्योगिकमा फड्को मार्ने आधार बनाएन ।

बाह्य पुँजी र प्रविधि ल्याएर वस्तु र सेवाको उत्पादन गरी निर्यात बढाउने तथा आयात घटाउने कुरामा पनि हामीले आधार भूत परिवर्तन गर्न सकेनौं । यो कमजोरीको परिणामस्वरूप गत २/३ दशकयता अर्थतन्त्र मात्रात्मक रूपमा वृद्धि भए पनि गुणात्मक वृद्धि हुन सकेको छैन । जबकि यही ३०/४० वर्षको अवधिमा चीनले बर्सेनि २ अंकको वृद्धिदर हासिल गरेर तीव्र फड्को मारिरहेको छ । भारतले झन्डै दोहोरो अंकको वृद्धिदर निरन्तर हासिल गरिरहेको छ । हामीकहाँ ३०/४० वर्षको औसत वृद्धि ३/४ प्रतिशतभन्दा माथि जान सकेको छैन । हामीलाई डबल डिजिटको वृद्धि निरन्तर २/३ दशक चाहिने स्थिति छ । यो हिसाबले पनि हाम्रो अर्थतन्त्रको रूपान्तरण भएन । अब हामीले झिनामसिना कुरामा अल्झेर बस्नुभन्दा अर्थतन्त्रमा रहेको समग्र संरचनात्मक समस्यालाई बदलेर अर्थतन्त्र अत्यन्त विपन्नबाट मध्यम आयस्तरमा फड्को मार्ने र विश्वस्तरमा पुग्ने रणनीति अपनाउनैपर्छ । त्यसका निम्ति केही संरचनात्मक सुधार गर्नुपर्छ ।

सारमा : अब मार्नुपर्ने फड्को

पहिलो कुरा, भारतसँगको खुला सीमा आदि कारणले गर्दा हाम्रो अर्थतन्त्रको ठ्याक्कै आकार के हो भन्ने निश्चित छैन । आन्तरिक रूपमा पनि हाम्रो अभिलेखीकरण भएको छैन । त्यसले गर्दा मेरो प्रस्ताव एकचोटि राष्ट्रिय सहमति बनाएर हाम्रो देशको सम्पूर्ण सम्पत्तिको अभिलेखीकरण गर्नु आवश्यक छ । त्यसको निम्ति सेतो-कालो केही नभनी एकचोटिलाई सबैलाई आफ्नो सम्पत्ति घोषणा गर्न दिएर अभिलेखीकरण गर्ने र त्यसलाई वैधानिकता प्रदान गरेपछि कडा कानुन बनाउने । करलाई पनि समयानुकूल सुधार गरेर देशको सम्पूर्ण सम्पत्तिको सदुपयोग गर्ने वातावरण बनाउनुपर्छ । अब चल-अचल सबै सम्पत्तिको अभिलेखीकरण गरौं ।

दोस्रो, कृषि क्षेत्रको आमूल सुधारका लागि वैज्ञानिक भूमिसुधार गरेर कृषिको आधुनिकीकरण, वैज्ञानिकीकरण, सिंचाइ र उन्नत प्रकारका बिउ, बजारीकरण आदिका लागि केन्द्रीय स्तरकै योजना बनाएर यस क्षेत्रको रूपान्तरण गर्नुपर्छ । नत्र दुई तिहाइ जनसंख्या कृषिमा लागेर कुनै पनि देशको उन्नति हुँदैन ।

तेस्रो, तीव्र गतिमा पूर्वाधारको विकास

तस्बिर स्रोत : अनलाइनखबरडटकम

जरूरी छ । अन्तर्राष्ट्रिय स्तरको बाटो, रेल, हवाई मैदान, सिँचाइ योजना, जलस्रोतका योजना, सञ्चार साधनको उच्चस्तरको विकास गर्नुपर्छ । त्यसो भए मात्रै आन्तरिक रूपमा अर्थतन्त्रको रूपान्तरण हुन्छ र बाह्य पुँजीका लागि वातावरण बन्छ । त्यसपछि मुख्य रूपमा प्राथमिकतासहित जुन रष्ट्रिय गौरवका योजना घोषणा गरिएको छ, त्यसमा अरु पनि थपेर केही वर्षभित्र सम्पूर्ण शक्ति लगाएर सम्पन्न गर्नुपर्छ । सामाजिक पूर्वाधार मानिने शिक्षा क्षेत्रमा पनि प्रविधिमैत्री र गुणस्तरीय शिक्षा दिने गरी सुधारमा जानुपर्छ ।

चौथो, वित्तीय क्षेत्रको आमूल सुधार गरेर रेमिट्यान्सको पैसा उपयुक्त नीति बनाएर परिचालन गर्ने, बैंकिङ क्षेत्रको सुधारमार्फत ती लगानी उत्पादनमूलक क्षेत्रमा खासगरी साना र मध्यमखाले उद्यममा पर्याप्त पुँजी आपूर्ति हुने प्रकारको संरचनात्मक सुधार गर्नुपर्छ ।

पाँचौं, सोपान क्रममा आधारित ब्युरोक्रेसीलाई एकै झट्कामा पूरै भत्काएर 'एक्सन युनिट'को आधारमा यसलाई पुनर्संरचना गर्ने, ताकि लगानीलगायत कुनै पनि काम छिटो-छरितो ढंगले होस्, मुक्त खालको लगानी वातावरण बनोस् ।

छैटौं, भारत, चीन र अमेरिकासँगको आर्थिक कूटनीति बलियो बनाउने । भारत, चीनसँग लगानीका निम्ति दीर्घकालीन सम्झौता गरी अर्थतन्त्रलाई उनीहरूको भ्यालु चेनसँग जोड्ने । दुवै देशको लगानी ल्याएर अर्थतन्त्रलाई दुवै देशमा विस्तार गर्ने नीति हामीले लिनुपर्छ । हाम्रा छेउमा यति ठूला बजार छन्, यी बजारको भ्यालु चेनसँग जोडिएको अर्थनीति हामीले लियौँ भने तीव्र विकास गर्न सक्छौं । अमेरिकालगायतले एमसिसीलगायत जति अनुदान दिन्छन्, त्यसलाई स्वीकार गरेर अगाडि बढ्नुपर्छ । त्यसो हुन सक्यो भने देशले तीव्र फड्को मार्छ ।

सामाजिक सुरक्षाको हकमा एकीकृत सामाजिक सुरक्षा योजना हुनुपर्छ । शिक्षा र स्वास्थ्य क्षेत्रलगायतको सम्पूर्ण राज्यको दायित्वसँगै पेन्सन, वृद्धभत्ता, अपांग भत्तालाई एकीकृत ढंगले सञ्चालन गर्नुपर्छ । गरिबीको रेखामुनि रहेको जनसमुदायलाई आधारभूत आय (युनिभर्सल बेसिक इन्कम) बराबरको रकम उपलब्ध गराउनुपर्छ । एकीकृत ढाँचाले नै सामाजिक सुरक्षाको व्यवस्था, शिक्षा स्वास्थ्यमा सबैको पहुँचको व्यवस्था गर्नुपर्छ । त्यसो भएपछि आर्थिक वृद्धिसँगै वृद्धिको प्रतिफल सम्पूर्ण जनतामा पुग्छ र समतामूलक समृद्धिको ढोका खुल्छ ।

अर्थतन्त्रको स्वरूपको हकमा सबै कुरा बजारलाई छाड्ने पुँजीवाद वा सबै राज्यले नियन्त्रण गर्ने साम्यवादको जस्तो काम छैन । खास-खास क्षेत्र जस्तै, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सुरक्षा सञ्चारलगायत क्षेत्रको दायित्व राज्यले वहन गर्नुपर्छ भने कृषि, पर्यटन, उद्योग, सेवा पूर्ण रूपले निजी क्षेत्रलाई दिनुपर्छ । पछिल्लो समय सामुदायिकको कुरा आएको छ । तीन वटा पिलर भन्ने छ ।

यहाँ साना उद्यमी, व्यवसायी, कृषि, साना पुँजी, साना उत्पादनका साधन भएका व्यक्तिको बाहुल्य भएकाले सामुदायिक ढंगले वा सहकारी ढंगले तिनले पनि अर्थतन्त्रमा योगदान गर्ने प्रकारको नीति लिनुपर्छ । सबै बजारलाई छाड्ने पुँजीवादी वा सबै राज्यले नियन्त्रण गर्ने साम्यवादी बाटो हाम्रोजस्तो देशको अर्थतन्त्रका निम्ति र अहिलेको निम्ति उपयुक्त छैन ।

समयले हामीलाई पर्खिंदैन । २० र ३० को दशकमा छिमेकमा जुन किसिमको ठूलो आर्थिक उथलपुथल आइरहेको छ, त्यसको लाभ लिने खालको नीति लिएर अगाडि जानुपर्छ, नत्र ढिलो हुन्छ ।

यति ठूला बजार छन्, यी बजारको भ्यालु चेनसँग जोडिएको अर्थनीति हामीले लियौँ भने तीव्र विकास गर्न सक्छौं । अमेरिकालगायतले एमसिसीलगायत जति अनुदान दिन्छन्, त्यसलाई स्वीकार गरेर अगाडि बढ्नुपर्छ । त्यसो हुन सक्यो भने देशले तीव्र फड्को मार्छ ।

कर र राजस्व प्रणालीमा सुधार

अहिले विभिन्न दबाब समूहका कारण छुटसम्बन्धी धेरै योजना ल्याइएको छ । लगानीको स्रोत नखोजिनेदेखि ५/१० वर्षसम्म कर छुटका विषय आएका छन् । हिजो यस्तो गर्नुहुँदैन भनियो, आज फेरि त्यही कुरा दोहोरिएका छन्

विद्याधर मल्लिक

दक्षिण एसियाली देशमा आर्थिक उदारीकरण नीति अवलम्बन गर्ने मुलुक नेपाल हो । त्यतिबेलासम्म विश्वका धेरै मुलुकमा आर्थिक उदारीकरणको नीति अवलम्बन भइसकेको थियो । हाम्रो आवश्यकता पनि भएकाले त्यसमा सफलता प्राप्त गर्‍यौं ।

आर्थिक उदारीकरणअघिको समयमा वैदेशिक मुद्राको समस्या, राजस्व धेरै नउठ्ने, अर्थतन्त्रमा धेरै चाप बढ्दै गएको थियो । लामो समयदेखि सरकारी अर्थतन्त्र मात्रै होइन, निजी क्षेत्र पनि प्रोत्साहित नभएको अवस्था थियो । आर्थिक विकासका लागि निजी क्षेत्र फस्टाउनुपर्छ । त्यसकन लागि उपयुक्त वातावरण चाहिन्छ भन्ने मान्यताबाटै आर्थिक उदारीकरणको सुरूआत भएको थियो ।

उदारीकरणको अभ्यास र कर

उदारीकरणको नीतिमा केही नराम्रा पक्ष छन् । अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि यो नीतिले आर्थिक विकास ल्यायो तर आर्थिक असमानता हटाउन वा गरिबी घटाउन सोचेजस्तो भएन भनेको छ । धनीहरु धेरै धनी हुँदै गए, सामाजिक सुरक्षा पुगेन, सबैलाई समान वातावरण भएन भन्ने विषयहरु पनि आए । त्यस्तै, यसले धेरै भ्रष्टाचार जन्मायो, सबैले समान अवसर पाएनन्, केही सीमित धनाढ्यको मात्र अर्थतन्त्रमाथि पकड रह्यो । कसैले अवसरको धेरै दुरूपयोग गरे, कसैले त्यो अवसरबारे जानकारी नै पाएनन् । त्यसले गर्दा समग्र निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमतामा उत्रन सक्ने अवस्था भएन ।

आर्थिक उदारीकरणको समयअगाडि नियन्त्रित राजस्व प्रणाली थियो र त्यसको दायरा संकुचित थियो । आयकर ऐन, २०३१ थियो । त्यसमा कर लाग्ने विषय समेटिए पनि कतिपय आय करयोग्य मानिँदैनथ्यो । अर्थात्, कर लुकाउने लुप होलहारू धेरै थिए ।

त्यो बेला कर छुटको व्यवस्था धेरै ठूलो थियो । करको दर पनि धेरै थियो । आय करको दर नै ५० प्रतिशतभन्दा बढी थियो । ५५/६० प्रतिशतसम्म पुगेको थियो । करको दर बढी भएपछि आय लुकाउनेहरु बढी हुन्थे । त्यसैले आर्थिक उदारीकरण अवलम्बन गर्दा करको दायरा विस्तार गर्नुपर्छ, करको दर पनि लगानी गर्न प्रोत्साहित गर्ने खाले हुनुपर्छ भन्ने थियो । आन्तरिक वा बाह्य लगानी आकर्षित हुने किसिमको दर हुनुपर्छ भन्ने थियो ।

आर्थिक उदारीकरण अवलम्बन गरेपछि राजस्व नीतिले ल्याउने आर्थिक समानताको परिभाषा परिवर्तन हुँदै गयो । पहिले भर्टिकल (थोरै आए हुनेलाई सानो दरको र धेरै आय हुनेलाई उच्च दरको प्रगतिशील कर-ठाडो) लगाई समानता मात्र हेरिन्थ्यो भने यसपछि होरिजेन्टल (समानान्तर-समान आयमा समान दर-तेर्सो) अर्थात् समानतामा बढी जोड दिन थालियो । तेर्सो समानता भनेको उत्तिकै कमाइमा उत्तिकै कर लाग्नुपर्छ भन्ने हो ।

करका दरहरु थोरै राख्ने, कम राख्ने तर दायरा फराकिलो गर्ने संरचनात्मक सुधारको काम भयो । परिभाषा नै सबैलाई कर लाग्छ भन्ने गरियो । त्यसपछि मात्रै औद्योगिक सुरक्षाको हिसाबले करमा छुट दिने वा थोरै राख्ने भन्ने गरियो ।

त्यस्तै, प्रशासनमा पनि सुधार माग गरियो । भ्रष्टाचार धेरै भयो, हरेक ठाउँमा अधिकृतको

तजबिजी अधिकार हुने र उसैलाई भेट्नुपर्ने थियो । त्यो भन्दैमा अहिले भ्रष्टाचार नै छैन भन्न खोजेको होइन । तर, त्यो नीति कार्यान्वयनमा लगिँदा पारदर्शिताको सिद्धान्त पनि अवलम्बन गरिएको थियो ।

आय करमा स्वयं कर निर्धारण गर्नुपर्छ भन्ने भयो । जस्तो, अन्तःशुल्कमा राजस्व प्रशासनले नै हिसाब राख्दै जाने, उद्योगमा गएर उसैले ताल्वा खोल्ने थियो । तर, त्यसो गर्ने होइन, बरू उद्योगीलाई नै आफ्नो उद्योगको निकासीको हिसाब राख्न दिने, आयकर स्वघोषणा गर्न दिने, राजस्व प्रशासनको सूचना संरचनालाई निकै बलियो बनाउने भन्ने भयो । अर्थात्, सुरूको कर निर्धारण उद्योगीले नै गर्छ । तर, उसले कम कर तिऱ्यो, गलत गऱ्यो भने त्यसको जरिवाना निकै धेरै गर्ने भनियो । करको दर घटाएर राजस्व तिर्न प्रोत्साहन गरियो । यसरी पहिलो चरणको आर्थिक उदारीकरण अवलम्बन भयो । पछि आयकर ऐन, २०५८ आयो । मूल्य अभिवृद्धि कर (भ्याट) को व्यवस्था नै नयाँ आयो । त्यो बेला १० प्रतिशत थियो । अहिले १३ प्रतिशत छ । १० प्रतिशत दरको राजस्व उत्पादकमूलक हुन्छ भन्ने अनुमान पनि थियो । १० प्रतिशत कम पनि होइन, बढी पनि होइन भन्ने थियो ।

आर्थिक सुधारको अर्को मुख्य उद्देश्य भनेको 'कर योजना' नै हटोस् भन्ने पनि थियो । कर निर्धारण यति सामान्य होस् कि सामान्य करदाता आफैंले हिसाब गरेर कर तिरून् भन्ने उद्देश्य थियो । करको हिसाब गर्न कम समय र कम खर्च होस्,

निजी क्षेत्रलाई समय र लागतमा कटौती भई व्यवसायमा पनि सघाउ पुऱ्याओस् भन्ने पनि थियो ।

आर्थिक उदारीकरणले अन्य कानुनलाई पनि उदार बनायो । लगानीका लागि अन्य पूर्वाधार विषयहरू पनि लगानीकर्ताले सजिलै जानकारी पाउन सकुन् भन्ने उद्देश्यले पहिलो चरणको सुधार भयो । तर, यी सबै सोचेजस्तो भएन । विस्तारै पुरानै अवस्थामा फर्कंदै गयो ।

अबको सुधारमा राजस्व प्रणाली

दक्षिण एसियामा नेपालको राजस्व कुल गार्हस्थ उत्पादनको तुलनामा राजस्व अनुपात बढी छ । त्यो हाम्रो पहिलो चरणको आर्थिक सुधारले दिएको हो । राजस्व प्रणालीमा त्यो सुधार नगरेको भए अहिलेको राजस्वको स्वचालित वृद्धि (अटो ग्रोथ) हुनै सक्दैनथ्यो । त्यो बेला १/२ खर्बको बजेट हुन्थ्यो । अहिले १६ खर्ब रूपैयाँको पुगिसक्यो । यो त सरकारी बजेट मात्रै भयो । निजी क्षेत्रको लगानी छँदै छ । हाम्रो दक्ष जनशक्ति कम भएका देशमा प्रणालीलाई प्रभावकारी नबनाएको भए कति हेर्न सकिन्थ्यो होला ? यदि सुधार नगरेको भए झन् भ्रष्टाचार बढ्दै जाने थियो र सरकारको राजस्व पनि बिचौलियाले खाने थियो । त्यो अर्थमा आर्थिक उदारीकरणले राजस्व उत्पादकत्व दियो । तर, यसमा सकारात्मक पक्ष मात्रै छैनन् ।

यो नीति अवलम्बन गर्दै जाँदा विकृतिहरू पनि बढ्दै गए । जस्तो, आर्थिक ऐन प्रत्येक वर्ष ल्याइन्छ । त्यसमा हरेक वर्ष छुट दिन दबाब दिने र आर्थिक ऐनले कहीँ न कहीँ त्यसलाई समाहित गर्ने गऱ्यो । छुटहरू धेरै भए । फेरि पनि भ्याट ऐन मोटो भयो, आयकर ऐन त्यति मोटो नभए पनि अनुसूचीहरू थपिए, पहिले हटाइएका विभिन्न छुट पुनः थपियो । यसलाई दोस्रो चरणको आर्थिक सुधार आवश्यक छ । अर्थात्, पहिलो आर्थिक सुधारमा गरिएका व्यवस्थामा आएका विकृतिलाई एक पटक पुनः सफा गर्न आवश्यक छ ।

अब हरेक कारोबार सूचना प्रविधि, ई-कमर्स, विद्युतीय कारोबारमा आधारित बनाउनुपऱ्यो । क्रिप्टोकरेन्सी आइसक्यो । लेनदेन अरू मुद्रामा हुन सक्ने जमाना आइसक्यो । यो हाम्रो मात्रै चुनौती होइन, विश्वव्यापी कर प्रणालीले नै यो समस्या भोग्दै गएको छ ।

अर्को, सीधै करसँग सम्बन्धित नभए पनि कार्बन उत्सर्जन र व्यापार पनि आएको छ, कार्बन करको कुरा पनि आएको छ । पाउनुपर्नेले नपाउने र नपाउनु पर्नेले पाउने अवस्था विश्वव्यापी रूपमै आएको छ । यसमा नेपाल पनि अछुतो रहन सक्दैन । किनभने, हिमाल, जंगलको हिसाबले विश्वव्यापी रूपमै हामी अलग रहन सक्दैनौँ । त्यसले हामीलाई असर पार्छ भने हाम्रो कानुनले आन्तरिक रूपमा भए पनि समावेश गर्दै लैजानुपर्छ । भविष्यलाई हेरेर पनि हामीले अहिलेदेखि नै त्यस्तो कानुन बनाउनुपर्छ । भोलि हामीले यस्तै नयाँ प्रकृतिका कारोबारबाट पाउनुपर्ने राजस्व गुमाउन नपरोस्, यसमा हेक्का राख्नुपर्छ । कतिपय अवस्थामा हामीले कानुन नबनाउँदासम्म अन्तर्राष्ट्रिय सम्झौताले मात्रै त्यो राजस्व वा आय प्राप्त गर्न सकिँदैन । त्यसैले करका कानुन आधुनिक हुनुपर्छ ।

आर्थिक उदारीकरणको नीति अवलम्बन गर्दा प्रयोगमा ल्याइएका सबै कानुन विकृत हुँदै गए । सबै आयमा कर लाग्नुपर्छ, बराबर आयमा बराबर कर लाग्नुपर्छ भन्ने जुन मान्यता

आर्थिक सुधारको अर्को मुख्य उद्देश्य भनेको "कर योजना" नै हटोस् भन्ने पनि थियो । कर निर्धारण यति सामान्य होस् कि सामान्य करदाता आफैंले हिसाब गरेर कर तिरून् भन्ने उद्देश्य थियो । करको हिसाब गर्न कम समय र कम खर्च होस्,

अवलम्बन गरिएको थियो, अहिले त्यो नै छैन । सुधार गरी पुनः सो मान्यता कायम गर्न आवश्यक छ ।

अहिले विभिन्न दबाब समूहका कारण छुटसम्बन्धी धेरै योजना ल्याइएको छ । लगानीको स्रोत नखोजिनेदेखि ५/१० वर्षसम्म कर छुटका विषय आएका छन् । हिजो यस्तो गर्नुहुँदैन भनियो, आज फेरि त्यही कुरा दोहोरिएका छन् । तपाईंले कमाउनुभयो भने न कर तिर्ने हो । नकमाउनेले कर तिर्नुपर्दैन । तर, अहिले यति वर्षसम्म छुट दिन्छौं भनिएको छ । यो हुनु भएन । जस्तो, जलविद्युत् कम्पनी घाटामा गयो भने घाटालाई क्यारी फरवार्ड (आगामी वर्षहरूमा सार्न) गर्न दिन्छु भनियो भने त्यो सुधार हुन्छ । तर, करै लाग्दैन भन्ने हो भने यसले विकृति ल्याउँछ वा कर छल्न मद्दत गर्छ । त्यसमा पनि उसले फाइदा पाउँदैन । उदाहरणका लागि जलविद्युत् आयोजनाले सुरूको धेरै वर्षसम्म कर तिर्नैपर्दैन, लगानीको वर्ष हुन्छ । उत्पादन नै सुरू भएको हुँदैन, १० वर्षसम्म छुट दिए भन्नु झुक्याएको होइन ? १० वर्ष त उत्पादन गर्नै लाग्छ । उत्पादन भएको पहिलो वर्षदेखि नै नाफा हुन थाल्ने पनि होइन । करको सिद्धान्तले नोक्सानी सार्न दिनुपर्छ भन्छ । यस्ता कतिपय विषयमा बुझाउनै बाँकी छ ।

अर्कोतर्फ कर अधिकृतको घुस खाने बानी नै गएन । पहिलो चरणको सुधार निजी क्षेत्रलाई सजिलोका लागि मात्रै ल्याइएको होइन, बिचौलिया हटाउन पनि हो । बिचौलियामा कर अधिकृत, कर्मचारी, अधिवक्ता र अडिटर पनि पर्छन् ।

त्यो खर्च घटोस् र सरकारी राजस्व बढोस् भन्ने चाहना थियो तर त्यस्तो भएन । कर कार्यालयमा काम सजिलै हुन्छ र कर्मचारीले ठग्दैन भन्नेमै करदाता विश्वस्त छैनन् । हाम्रोमा मात्रै होइन, विश्वभरि नै यस्तो छ ।

सोही कारण स्वयं कर निर्धारणको व्यवस्था ल्याइएको थियो । सुरूमा आफ्नै घरमा आफैं बसेर बनाएको हिसाब कागजात पछि समातिएपछि यहाँ मिलेको थिएन, त्यहाँ मिलेको थिएन, माफी पाऊँ भन्न पाइएन नि ! त्यही भएर शतप्रतिशत जरिवाना तिर्नुपर्छ भनिएको थियो । तर, अहिले एक पटकलाई सच्याउन पाइने गराइएको छ । त्यो भनेको बिचौलियालाई तीन महिना खेल्न दिनु भयो । यो भएन ।

त्यो बेला सरकारको नियत के थियो भने स्वयं कर निर्धारण हुन्छ । हाम्रो कर परीक्षण संयन्त्र बलियो हुन्छ । एक जना होइन, तीन/चार जनाको टोलीले गरेको काम राम्रो हुन्छ भन्ने थियो तर त्यो प्रणालीले पनि काम गरेन ।

संघीय सरकारको करदाता नम्बर र स्थानीय सरकारको करदाता नम्बर नै फरक-फरक छ । यसमा कहीँ न कहीँ एकीकृत हुन पनि आवश्यक छ ।

समग्रमा हामीले चाहेको सुधारमा त्रुटिहरु आए, त्यो हटाउनुपर्छ । दोस्रो, आजको समय विश्वव्यापी प्रचलन जे छन्, त्यसलाई पनि समेट्नुपर्छ । २०४७ को संविधानजस्तो नबनाउन कर व्यवस्थाले समसामयिक सुधार खोज्छ । आवश्यकताअनुसार कानुनमा संशोधन हुनुपर्छ, त्यो भएन । आर्थिक ऐनमा प्रत्येक वर्ष संशोधन भएको छ । तर, अन्य ऐनहरूमा संशोधन भएका छैनन् । आर्थिक ऐन भनेको करको दर तोक्ने ऐन हो ।

करसँग सम्बन्धित कानुनमा सुधार हुनैपर्छ । मूल सिद्धान्त भने सबै आय वा सबै कारोबारमा कर लाग्नुपर्छ भन्ने नै हुनुपर्छ । करको दर कम नै हुनुपर्छ । अरु देशको भन्दा कम करको दर बनाएर विदेशी लगानी नेपालले तानोस् भन्न खोजेको पनि होइन । विश्वव्यापी दबाबले नै आज वा भोलि एउटै ठाउँमा आउनैपर्छ । आर्थिक कारोबारमा धाँधली धेरै दिन चल्दैन ।

विश्वव्यापी रूपमा करको दर संरचना आफैं घट्छ जस्तो लाग्छ । भर्खरै २० ठूला अर्थतन्त्र भएका राष्ट्रहरु (जी-२०) को समूहबीच विश्वभरि नै कर्पोरेट करको न्यूनतम दर १५ प्रतिशत राख्ने सहमति भएको छ ।

तर, आन्तरिक लगानीकर्ताका लागि वा आन्तरिक रूपमा कारोबार गर्नेहरूले पनि अनुमान गर्न पाउने हुनुपर्छ । आज जुन लगानी गर्छु, यसको पाँच वर्ष पछाडि पनि करले मलाई असर गर्दैन भन्ने अनुमान लगानीकर्ताले गर्न पाउनुपर्छ । त्यसैले अन्तःशुल्क ऐन, भन्सार ऐन, आयकर ऐन, भ्याट ऐनलगायतको सैद्धान्तिक धरातल त्यही नै राखेर यी ऐनमा भएका लुपहोल हटाएर र अन्तर्राष्ट्रिय रूपमा जुन करको व्यवस्था छ, यसलाई पनि समेटेर सुधार गर्नुपर्छ ।

मुलुक संघीयतामा गएको अवस्थामा वित्तीय संघीयतामा खर्च र आम्दानी पक्षलाई हेरेर त्यसमा पनि सुधार गर्न आवश्यक छ । संविधानमै गरिएको व्यवस्थामा कतिलाई चित्त बुझेको छ वा छैन, आफ्नो ठाउँमा छ । तर, एउटा वास्तविकता के हो भने संविधान बनाउने समय राजनीतिक एजेन्डा धेरै हावी भए । तर, आर्थिक एजेन्डाको विषयमा छलफल हुनै पाएन । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा कर र राजस्व हस्तान्तरणको कुरा छ तर, व्यवहारमा त्यति लागू हुन सकेको छैन । त्यसमा पनि समय-समय सुधार हुन आवश्यक छ ।

राजस्व प्रशासनमा पनि कहीँ न कहीँ एकीकरण आवश्यक छ । जस्तो, संघीय सरकारको स्थायी लेखा नम्बर (पान) वा भ्याटको रजिस्ट्रेसन छ । नगरपालिकाको आफ्नै करदाता दर्ताको व्यवस्था छ । उनीहरूले आ-आफ्नो राजस्व मोडल बनाएका छन् । यो भनेको संघीय सरकारको करदाता नम्बर र स्थानीय सरकारको करदाता नम्बर नै फरक-फरक छ । यसमा कहीँ न कहीँ एकीकृत हुन पनि आवश्यक छ । त्यसका लागि संघीय सरकारको जुन पान वा भ्याट नम्बर छ, त्यसलाई बृहत् गराउनुपर्छ । संघीय, स्थानीय र प्रादेशिक सरकारले दिने करदाता नम्बर संकेत प्रणालीमा सामान्जस्य हुन आवश्यक छ ।

राष्ट्रिय परिचय नम्बरमै यी विषय समावेश गर्न सकिए राम्रो हुन्छ । श्रीलंकाले पनि यो विधि अपनाएको छ । स्थानीय र प्रादेशिक सरकारलाई आवश्यक भएको करदाताको सूचना हेर्न मिल्ने, आवश्यक नभएको हेर्न नमिल्ने गरी कहीँ न कहीँ एकीकृत करदाता रजिस्ट्रेसन गराउनुपर्छ । यस्ता विषयलाई पनि अबको सुधारमा समावेश गर्न आवश्यक छ । तीनै तहका सरकारको कर प्रशासनमा दोहोरो कार्यबोझ नपर्ने गरी र एकअर्कालाई उपयोगी हुने गरी प्रणालीगत एकीकरण, तथ्यांक र सूचनाको उपयोगमा एकीकरण तथा समग्र कर प्रशासनमा आपसी समन्वय बढाउन उपयुक्त कदम चालिनुपर्दछ ।

NGM

CUSTOMER CARE
Toll Free No.: NTC: 16600122033
Ncell: 9801571023
customercare@ngmhero.com
www.facebook.com/ngmheromotocorp

साथै, हरेक खरिदमा पाउनुहोस् थप ५ फाइदा

- ३०% छूट इञ्जिन आयलमा
- ७% छूट स्पेयर पार्टसमा
- फ्री हेल्मेट
- ५ वर्षको वारेन्टी*

Corporate 9801902885 • **Kathmandu Valley** Balaju 4961786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Kantipath 5325377, 5366517 • Kumaripati 5408781 • Mitra Park 5241224, 5241033 • Ravibhavan 4670812

Outside of Valley Attaria 551244 • Baglung 520174 • Bardaghat 580727 • Bardibas 550552 • Bharatpur 526697 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 503095 • Birgunj 529667 • Birtamod 590195 • Butwal 542725 • Butwal 437909 • Chandranigahapur 540739 Damak580690 • Damauli 560477 • Dang 563442 • Dhangadi 417115 • Dhanushadham 414063 • Dharan 526522 • Gaidakot 502399 • Gaur 521109 • Gaushala, Mahottari 556186 • Golbazar 540327 • Gulariya 420099 • Gulmi 520142 • Hetauda 525386 • Inaruwa 566498 • Itahari 587580 • Jaleshwor 521095 • Janakpur 523644 Janakpur 527426 • Kalaiya 551526 • Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 • Lalbandi 501628 • Lamahi 540863 • Malangawa 521711 • Mahendranagar 520745 • Mirchaya 550803 • Narayanghat 532255 • Nepalgunj 551598 • Palpa 400639 • Parasi 520984 • Parsa 582862 • Parsa 561825 Pokhara 589389 • Pokhara 522905 • Pyuthan 460464 • Rajbiraj 523542 • Simara 521520 • Siraha 520442 • Surkhet 525196 • Surunga 551010 • Taulihawa 561330 • Tikapur 580426 • Tulsipur 522050 • Urlabari 540074 • Waling 440610

ज्ञानमा आधारित अर्थतन्त्र विकास र एसियाली अनुभव

नेपालले एसियाली राष्ट्रहरूको सफल अनुभवबाट पाठ सिकेर यसलाई अवलम्बन गर्दै आर्थिक विकासमा फड्को मार्नुपर्छ । यसका लागि विकासप्रतिको बुझाइ, सोचाइ र गराइमा परिवर्तन गर्नु आवश्यक छ ।

डा. बिन्दु लोहनी

सन् १९६० को दशकमा फिलिपिन्सको अर्थतन्त्रको आकार, कुल गार्हस्थ उत्पादन (जीडीपी) मा एसियाकै जापानपछिको दोस्रो थियो भने कोरियाभन्दा बढी थियो । ४० वर्षअघिसम्म नेपालको अवस्था धेरै फरक थिएन तर, अहिले धेरै फरक छ । कमजोर सुशासन, भ्रष्टाचार र गुटबन्दी यसको प्रमुख कारण देखिन्छ । एसियाली अरु राष्ट्रहरु ४० वर्षमा कसरी विकसित हुँदै गए र नेपालको अवस्था कमजोर किन भनेर विश्लेषण गर्नुपर्छ । नेपाल सरकार, प्राज्ञिक क्षेत्र र एसियाली विकास बैक (एडीबी) मा बसेर झन्डै ४५ वर्ष काम गर्दाको अनुभवले के भन्छ भने अब नेपाल ज्ञानमा आधारित अर्थतन्त्रको विकासमा जानैपर्छ । नेपालले एसियाली राष्ट्रहरूको सफल अनुभवबाट पाठ सिकेर यसलाई अवलम्बन गर्दै आर्थिक विकासमा फड्को मार्नुपर्छ । यसका लागि विकासप्रतिको बुझाइ, सोचाइ र गराइमा परिवर्तन गर्नु आवश्यक छ ।

एसियाको विकास र चरणहरू

पछिल्लो चार दशकको एसियाली राष्ट्रहरूको विकासलाई हेर्ने हो पाँच चरणलाई विश्लेषण गर्नुपर्ने हुन्छ । पहिलो चरणमा नेपाललगायतका देशहरूको कृषि क्षेत्रको विकास र विस्तारको अवस्था हेर्नुपर्ने हुन्छ । दोस्रो चरणमा कम्बोडियाजस्ता देशले सामान्य उत्पादनमूलक उद्योगमा गरेको विकासलाई हेर्नुपर्छ । तेस्रो चरणमा थाइल्यान्ड, भियतनामलगायतका देशले मूल्य शृंखला निर्माण, साना तथा मझौला उद्योगका साथै वैदेशिक लगानी (एफडीआई) मा गरेको प्रगतिको विश्लेषण गर्नुपर्ने हुन्छ । अर्को चरण भनेको उच्च प्राविधिक उद्योग र उत्पादन नै हो । जापान, कोरिया र अहिले चीनले यस क्षेत्रमा गरेको प्रगतिको गतिलाई पनि हेर्नुपर्ने हुन्छ । कोरिया, जापान, सिंगापुर, ताइवानजस्ता आर्थिक सहकार्य तथा विकास संगठन (ओईसीडी) देशहरूले प्रविधि, नवीनता र रचनात्मकता क्षेत्रमा गरेको विकासलाई हेर्नुपर्छ । विशेषगरी ज्ञानमा आधारित यस्तो अर्थतन्त्र विकासका लागि उनीहरूले राम्रो प्रगति गरिरहेका छन् । नेपालले जाने बाटो पनि यही हो । ज्ञानमा आधारित अर्थतन्त्र विकासका लागि अग्रसर हुनैपर्छ ।

विभिन्न देशहरूको अनुभव

एसियाली देशहरूको कुल गार्हस्थ उत्पादन (जीडीपी) को तथ्यांक हेर्ने हो भने सिंगापुर, कोरिया, फिलिपिन्सलगायतका देशहरूको धेरै फरक छैन तर आयको स्तर फरक र फराकिलो छ । विकासको मोडलमा श्रीलंका नमुना देश थियो तर दशकौंदेखिको आन्तरिक द्वन्द्वले आर्थिक विकासलाई निरन्तरता दिन बाधा पुऱ्यायो । नेपाल पनि द्वन्द्वबाट प्रभावित भएको हो । यसलाई फेरि दोहोऱ्याउनु हुँदैन ।

सिंगापुरको भने ठूलो सफलताको कथा छ । सिंगापुरले जनताद्वारा चुनिएका शासकद्वारा शासन गर्ने प्रणाली प्रवर्द्धन गऱ्यो । स्थानीय विज्ञ सीमित भएका बेला खुला नीतिमार्फत विज्ञहरूलाई ल्यायो । उच्चतम इमानदारी र सुशासन कायम गऱ्यो । कानुनी शासनको प्रवर्द्धन गऱ्यो, व्यावहारिक र खुलापन अंगीकार गऱ्यो । ज्ञानमा आधारित अर्थतन्त्र अवलम्बन गऱ्यो । त्यसैले अहिले आर्थिक विकासमा अग्रणी देशको रूपमा रहेको छ ।

दक्षिण कोरियामा तानाशाही शासन लामो

समय चलेको भए पनि देशको विकास र राष्ट्र निर्माणलाई प्राथमिकता दियो र व्यक्तिगत राजनीतिक एजेन्डालाई त्याग गर्ने नीति अवलम्बन गऱ्यो । यसले कोरियालाई विकसित बनायो । सिंगापुर र दक्षिण कोरियाबाट पनि नेपालले पाठ सिक्नुपर्छ, जुन देशहरु र नेपालको अवस्था ४० वर्षअघि लगभग उस्तै थियो ।

एसियाली अनुभवबाट नेपालले सोच र कार्यशैलीमा परिवर्तन गर्नु आवश्यक छ । नेपाल समृद्धिको मार्गका लागि विविधीकरण र निरन्तर औद्योगिक क्षेत्रको स्तरोन्नति ९धष्तज ायअगक यल ष्लतभचलबतष्यलबथि बअअभउतबदभि त्रगबष्तिथ बलम लभध झभचनष्लन तभअजलययिनष्भक० र श्रमिकको उत्पादकत्व वृद्धितर्फ लम्कनुपर्छ । नेपाल किन अझै गरिब छ भन्नेबारे बृहत्तर विश्लेषण हुनुपर्छ । यसलाई सूक्ष्म तरिकाले अध्ययनत गर्दा के देखिन्छ भने नेपाल अहिलेसम्म पनि कृषिबाट विविधीकरण भएको छैन । अब कृषिबाट ज्ञानमा आधारित अर्थतन्त्रमा नेपाल जानैपर्छ । रूपान्तरणको प्रक्रियामा क्षेत्रगत विकासका पक्षलाई आलोचनात्मक ढंगले विश्लेषण गरेर अब अघि बढ्नुपर्छ । यसका लागि देशको औद्योगिक नीति महत्वपूर्ण हुन्छ । धेरै देशहरु असफल हुनुको कारण गलत क्षेत्रलाई लक्षित गर्नु हो । यसकारण नेपालले प्रतिफल आउने क्षेत्रलाई प्राथमिकतामा राख्नैपर्छ । यसबाट मात्र नेपालले आर्थिक समृद्धिको यात्रा तय गर्न सक्छ ।

देशमा कति औद्योगिकीकरण गर्ने भन्ने कुरा जुनसुकै देशका लागि महत्वपूर्ण हुन्छ । एसियाको सफलताले के सुझाव दिन्छ भने उत्पादन महत्वपूर्ण हुन्छ । उच्च आयस्तर हासिल गर्न अर्थतन्त्रका लागि औद्योगिकीकरण महत्वपूर्ण हुन्छ । उत्पादन प्रतिफल हिस्सा र रोजगारीमा चिनियाँ अनुभव नेपालका लागि उपयोगी हुन सक्छ । नेपालको उद्योगको विकास सुस्त छ । यहाँ गुणस्तरीय औद्योगिक वृद्धि आवश्यक छ । गुणस्तर र प्रविधिमा केन्द्रित गर्नुपर्छ । यसका लागि देशको आवश्यकतामा मात्र केन्द्रित नभई निर्यातका लागि उपयुक्त देशहरूसँग साझेदारी गर्नुपर्छ । नेपालमा कुन वस्तुको उत्पादन सम्भावना बढी र यसको निर्यात कसरी हुन्छ भनेर विश्लेषण गर्नुपर्छ । उत्पादन वृद्धि, आन्तरिक खपत र निर्यातले अर्थतन्त्रलाई दरिलो बनाउँछ । हामीले अपनाउने, अनुकूल हुने र फड्को मार्ने सिद्धान्तलाई प्रयोग गर्नुपर्छ । छोटो अवधिको फाइदाका लागि सजिलो कुरामा सम्झौता गर्नुहुँदैन ।

सेवा क्षेत्रमा एसियाली देशबाट सिक्नुपर्ने पाठ पनि छन् । सेवा र उत्पादन एकअर्काका परिपूरक हुन् । सेवा क्षेत्रमा रोजगारी बढ्दो छ । जीडीपीमा प्रतिव्यक्ति आयको हिस्सा बढ्दो छ । बढ्दो सहरीकरणसँगै सेवा विस्तारको सम्भावना बढेको छ । नेपालले कमजोर र कम गुणस्तरको सेवा क्षेत्रको अवस्था अन्त्यका लागि सतर्क हुनुपर्छ । नेपालमा ठूला संख्यामा रहेको युवा जनसंख्या छ, उच्चस्तरको गुणस्तरीय सीप दिएर तिनलाई यस क्षेत्रमा संलग्न गराउनु आवश्यक छ ।

बदल्नुपर्ने सोच र स्तरोन्नति

१०२५ डलरभन्दा कम हुने देशलाई न्यून आय, १०२६ देखि ४०३५ डलर आय हुनेलाई कम मध्यम आय, ४०३६ देखि १२४७५ डलर आय भएको देशलाई उच्च मध्यम आय तथा १२४७५ डलरभन्दा माथि भएकालाई उच्च आय भएको देशको रूपमा लिइन्छ । नेपाल अतिकम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रको रूपमा स्तरोन्नतिको अभियानमा छ । अल्पविकसित राष्ट्रबाट मध्य आय भएको मुलुकको विकसित राष्ट्रमा स्तरोन्नति गर्न प्रतिव्यक्ति आम्दानी बढाउनुपर्छ । अहिले नेपाल न्यून आय भएको देशको रूपमा छ । उच्च आययुक्त भएको देश बनाउन सोच र प्रतिबद्धतामा परिवर्तन आवश्यक छ ।

धेरै राष्ट्रहरु मध्यम आयको जालमा फसेका छन् । मध्यम आय भएका देश र कम मध्यम आय भएका देशका लागि तुलनात्मक रूपमा स्तरोन्नति सहज हुनेछ । तर, उच्च मध्यम आय भएका देश बन्न ठूलो रूपान्तरणकारी परिवर्तन आवश्यक छ । अहिलेकै सोचमा उच्च आय भएको देश बन्ने सपना पूरा हुनु अनिश्चित छ । मध्यम आयको जाललाई तोडेर उच्च आय भएको बनाउन देशले ज्ञानमा आधारित अर्थतन्त्रमा जानुपर्छ ।

फड्को मार्ने आधार

आर्थिक विकासका लागि फड्को मार्ने एउटा क्षेत्र छ । त्यो भनेको ज्ञानमा आधारित अर्थतन्त्र हो । नेपालले कहाँ र कसरी फड्को मार्ने भनेर व्यापक छलफल आवश्यक छ । यो नेपालका लागि सुवर्ण अवसर पनि हो । अब ज्ञानमा आधारित अर्थतन्त्र निर्माणको विकल्प छैन । यसका लागि देशको

देशमा कति औद्योगिकीकरण गर्ने भन्ने कुरा जुनसुकै देशका लागि महत्वपूर्ण हुन्छ । एसियाको सफलताले के सुझाव दिन्छ भने उच्च आयस्तर हासिल गर्न अर्थतन्त्रका लागि औद्योगिकीकरण महत्वपूर्ण हुन्छ ।

आवश्यकता भनेको दीर्घकालीनमा आधारित प्रतिबद्धतासहितको रूपान्तरण सोचाइ र संरचनात्मक रूपान्तरण नै हो । आज विश्वमा विकसित राष्ट्रहरु प्रविधिगत ज्ञानमा आधारित अर्थतन्त्रमा गइसकेका छन् । ओईसीडी देशहरु जीडीपीको ५० प्रतिशतभन्दा बढी ज्ञानमा आधारित अर्थतन्त्रमा गइसकेका छन् । ज्ञानमा आधारित अर्थतन्त्रका खम्बाहरु भनेको गुणस्तरीय उच्च शिक्षा र सीप, आईसीटी र प्रविधि, अनुसन्धान एवं विकास अनि नवीनता र नीति, नियमन, संस्थागत लगानी हो । यी काम पूरा गर्न प्रतिबद्धताको आवश्यकता पर्छ । यसका लागि विशेषगरी सरकारको भूमिका हुन्छ ।

ज्ञानमा आधारित अर्थतन्त्रको बिउ कसरी रोप्न सकिन्छ भनेर सरकार केन्द्रित हुनुपर्छ । यसका लागि आर्थिक सुविधा र संस्थागत विकासका निम्ति सरकारले वातावरण बनाउनुपर्छ । प्रभावकारी तथा उपयुक्त उच्च शिक्षा एवं सीप, प्रभावकारी सूचना र आईसिटी, प्रभावकारी अनुसन्धान र विकास तथा नवीन क्षेत्रमा लगानी बढाउनुपर्छ । लगानीमा नेपाल झन् पछाडि छ । जीडीपीको अवस्था र गरिबीको स्तर कमजोर छ । अन्य देशहरूले भने यस्ता क्षेत्रमा लगानी बढाउँदै लगेका छन् ।

कोरियालाई नै हेर्ने हो भने सन् १९६५ मा अनुसन्धान र विकासमा जीडीपीको जम्मा ०.५ प्रतिशत लगानी थियो । १९९७ मा २.५ प्रतिशत, सन् २०१० मा ३.७ प्रतिशत रहेको अनुसन्धान र विकासको लगानी अहिले ५ प्रतिशत छ । कोरियाले विज्ञान, सूचना प्रविधि र भविष्यको योजना निर्माणमा जोड दिएको छ । कोरियाले यसका लागि प्राज्ञिक निकाय स्थापनाका साथै निजी क्षेत्रलाई प्रोत्साहन दिएको छ भने वित्तीय र व्यापारिक नीतिहरु सहज बनाएको छ । कोरियाले ज्ञानमा आधारित अर्थतन्त्र र विकासलाई जोड दिएर ३५ प्रतिशत प्राविधिक जनशक्ति उत्पादन गरिरहेको थियो ।

सिंगापुरले पनि श्रम, प्रविधि, सीप, ज्ञान र नवीनतामा केन्द्रित अर्थतन्त्र विकास गरेको छ । पहिला ०.५ प्रतिशत रहेकामा अहिले ३.५ प्रतिशतभन्दा बढी लगानी अनुसन्धान र विकासमा गरेको छ । उच्च स्तरको सेवा प्रदान र पूर्वाधार निर्माणमा पनि सिंगापुरले सहयोग गरिरहेको छ ।

व्यवहारिकतामा आधारित र सहभागितामूलक विकासमा सिंगापुरको जोड छ । सूचना प्रविधिको उपयोगमा आधारित सेवा, सूचना प्रविधिमा शिक्षा र मानव स्रोत व्यवस्थापन, प्रविधिका निकाय र अरु संस्थाहरूको विकास तथा अर्थतन्त्रका लागि प्रतिस्पर्धी क्षेत्रगत विकासमा आईसिटीलाई आधार बनाएर सिंगापुरले आफूलाई विकसित गरिरहेको छ ।

फिनल्यान्डमा सन् १९५० मा कृषिमा आधारित अर्थतन्त्र थियो तर अहिले नवीनतामा आधारित ज्ञान अर्थतन्त्रमा फड्को मारेको छ ।

केही वर्षअघि ज्ञानमा आधारित अर्थतन्त्रबारे अध्ययन भएको थियो । जापान, सिंगापुर, कोरिया, ताइवान, हङकङलगायतका देशहरु उच्च २५ प्रतिशतभित्र तथा नेपाललगायतका देशहरु तल्लो २५ प्रतिशतभित्र छन् । अर्थात् कमजोर अवस्थामा छन् । नेपाललगायतका धेरै एसियन देशहरूका लागि यो ठूलो अवसर हो ।

सरकारको बलियो सहायताबिना कुनै पनि देश उच्च अर्थतन्त्रमा जान सफल भएका छैनन् । हरेक संकटमा अवसर हुन्छ । मेरो जीवनकालमा एसियाली वित्तीय संकट, विश्वव्यापी वित्तीय संकट, एसियाली सुनामी, ज्वालामुखी विस्फोट, भूकम्प र कोभिडजस्ता धेरै संकट देखेँ । आर्थिक वृद्धिका लागि कोभिडपछिको अहिलेको समय भनेको फड्को मार्ने बेला हो । रूपान्तरणकारी सोचका साथ ज्ञानमा आधारित अर्थतन्त्रमा जानैपर्छ । नेपालको विकास र आगामी पुस्ताको सम्भावनालाई बलियो बनाउन गम्भीरतापूर्वक ज्ञानमा आधारित अर्थतन्त्रमा जानैपर्छ । यसका लागि सरकारले अहिलेको हाम्रो विकास मोडल तथा अर्थतन्त्रबारे बृहत् रूपमा विश्लेषण गर्नैपर्छ । जबसम्म हामीले कृषिमा आधारित अर्थतन्त्रलाई ज्ञानमा आधारित अर्थतन्त्र बनाउन सक्दैनौँ, तबसम्म हाम्रो समृद्धि असम्भव छ । यसका लागि कानुनी, नीतिगतदेखि योजना निर्माणसम्मलाई ध्यान दिनुपर्छ । ज्ञानमा आधारित अर्थतन्त्र विकासका लागि सूचना प्रविधिको उपयोगलाई विशेष जोड दिनुपर्छ । पछिल्लो समय नेपालमा सूचना प्रविधिको क्षेत्रले फड्को मार्दै छ तर यसको उपयोग अर्थतन्त्रको विकाससँग जोड्नुपर्छ । अर्थतन्त्रको विकासलाई सूचना प्रविधिसँग जोडेर उत्पादन र सेवा क्षेत्रमा फड्को मार्न सकिए यसले देशको विकास हुन सक्छ । विश्वका विकसित राष्ट्रहरु र सफल भएका एसियाली राष्ट्रहरूबाट नेपालले त्यो पाठ सिक्नुपर्छ ।

(लेखक : एसियाली विकास बैंकका पूर्वउपाध्यक्ष हुनुहुन्छ)

नेपालको विकास र आगामी पुस्ताको सम्भावनालाई बलियो बनाउन गम्भीरतापूर्वक ज्ञानमा आधारित अर्थतन्त्रमा जानैपर्छ । यसका लागि सरकारले अहिलेको हाम्रो विकास मोडल तथा अर्थतन्त्रबारे बृहत् रूपमा विश्लेषण गर्नैपर्छ ।

सिटिजन्स संरक्षित बचत खाता

बचत सँगै जिन्दगीको नाता...

सिटिजन्स
संरक्षित बचत खाता

बिशेषताहरु:

- न्यूनतम मौज्दात रू. १,०००/-
- निःशुल्क भिसा डेबिट कार्ड*
- निःशुल्क मोबाईल तथा इन्टरनेट बैंकिङ्ग*
- बैंकका विभिन्न सेवाहरूमा ५०% छुट*
- नेपाल भरीका जुनसुकै ATM बाट पैसा निकाल्दा शुल्क नलाग्ने

रू. ५०,००० सम्मको — स्वास्थ्य बिमा (अस्पताल भर्ना खर्च)

रू. ५,००,००० सम्मको — दुर्घटना मृत्यु बिमा

बिमा प्रदायक: नेपाल इन्स्योरेन्स कं. लि. बिमा शुल्क बैंकले नेपाल इन्स्योरेन्स कं. लि. लाई बुझाउने छ ।

थप जानकारीका लागि बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पूर्ण बैंकिङ्ग सुविधाका लागि TOLL FREE 1660-01-66667

*शर्तहरु लागू हुने छ ।

दोस्रो चरणको आर्थिक सुधार : समृद्ध नेपाल निर्माणको आधार

विश्व अर्थव्यवस्था सँगसँगै दौडिन सक्ने गरी हामीले आफ्नो सामर्थ्य विकास गर्नुपर्छ । कुनै पनि कारण देखाएर यो दौडमा पछाडि पर्नु भनेको हाम्रा सन्ततिको अधिकार र भविष्यमाथि न्याय गर्न नसक्नु हो

विनोद चौधरी

नेपालमा पहिलो चरणको आर्थिक सुधारका कार्यक्रम लागू भएको तीन दशक बितिसक्यो । २०४६ को राजनीतिक परिवर्तनपछि सुरू भएको पहिलो चरणको सुधारले मुलुकमा नयाँ सम्भावनाको ढोका खोलेको हो । २०४८ मा बनेको नेपाली कांग्रेसको सरकारले नेपालमा निजी क्षेत्रलाई संस्थागत गरेको हो । नेपाली अर्थतन्त्रमा व्यापक सुधार गरी आर्थिक उदारीकरण एवं खुला बजार अर्थतन्त्रमार्फत अर्थतन्त्रको जिम्मेवारी निजी क्षेत्रको काँधमा राखिदिने काम कांग्रेस सरकारले गरेको हो । त्यतिबेला गरिएको सुधारका कारण आज नेपालको अर्थतन्त्र विश्व अर्थव्यवस्थासँग जोडिन सकेको छ । २०४८ को नीतिगत परिवर्तनपछि व्यवसायमा प्रवेश गरेकाहरु अहिले ठूला कर्पोरेटमा रूपान्तरित भइसकेका छन् ।

२०४८ को आर्थिक सुधारअघि उद्योग, कलकारखाना सञ्चालन गर्न होस् वा कुनै पनि वस्तु तथा सेवाको व्यापार गर्न सजिलो थिएन । व्यापार व्यवसाय गर्न लाइसेन्स पाउन पनि सत्ताको निगाहा चाहिन्थ्यो । उद्योगधन्दा चलाउन खोज्दा बिनालगानी सत्तालाई साझेदार बनाउनुपर्थ्यो । त्यसैले पुराना घरानाहरूले लगानी बढाउने, बिजनेस फैलाउनेभन्दा पनि परम्परागत उद्यम व्यवसायमै अल्झिन्थे । उद्यम, व्यवसायमा नयाँपन आउन सकेको थिएन ।

पहिलो चरणको सुधारमा लाइसेन्स राजको अन्त्यसँगै सीमित व्यक्तिको हातमा रहेको अर्थतन्त्र खुला भएपछि मुलुकमा व्यापार व्यवसाय तथा उद्योगधन्दा सञ्चालन गर्ने वातावरण बनेको हो । देशमा आशा लाग्ने गरी कर्पोरेट कल्चरको विकास भइरहेको छ । पहिलो चरणको सुधारका कार्यक्रमले ठूला कर्पोरेटहरु मात्र जन्मिएनन्, वर्षौंदेखि परम्परागत व्यापार व्यवसायमा अल्झिँदै आइरहेका व्यवसायीलाई फैलिन पनि २०४८ को आर्थिक नीतिको परिवर्तन कुर्नुपर्‍यो । निजी क्षेत्रको नेतृत्वमा शिक्षा, स्वास्थ्य, हवाई, यातायात, बैंक तथा वित्तीय क्षेत्र, सञ्चार एवं सूचना प्रविधि, हस्पिटालिटीलगायत क्षेत्रले राम्रै फड्को मार्‍यो । यही समय ठूला बहुराष्ट्रिय कम्पनीहरु नेपाल भित्रिए । ०४८ मा बनेको कांग्रेस सरकारले गरेको आर्थिक सुधारका कार्यक्रमअन्तर्गत धेरै कानुनमा परिवर्तन भयो । नेपालको आर्थिक विकासमा त्यतिबेलाको सुधार 'माइलस्टोन' सावित भयो ।

आज २०७८ मा उभिएर हेर्दा समय धेरै अगाडि बढिसकेको छ । हामीले आर्थिक विकासमा फड्को मार्न ढिलाइ भइरहेको छ । दोस्रो चरणको आर्थिक सुधार कार्यान्वयनमा ल्याउनुपर्ने टड्कारो आवश्यकता छ । विगत ३० वर्षको समीक्षा गर्दा नेपालमा जति पनि आर्थिक सुधारका कामहरु भए, त्यसको नेतृत्व कांग्रेसको सरकारले लिएको छ । मलाई आशा छ, बृहत् स्मामा नयाँ आर्थिक सुधारको नेतृत्व पनि कांग्रेसकै सरकारले लिनेछ । किनभने, आर्थिक सुधार आफैंमा अमूर्त विषय होइन, यो राजनीतिक दर्शनसँग जोडिन्छ । नेपाललाई आर्थिक उदारीकरण र राजनीतिक स्वतन्त्रताको नेतृत्व लिने कांग्रेसले नै यो तहको निर्णय लिन सम्भव छ । जसले नेपालको आर्थिक एवं सामाजिक विकासको नयाँ ढोका खोल्ने विश्वास गर्न सकिन्छ ।

अन्तरदेशीय लगानी आदानप्रदान र निजी क्षेत्र

आजको विश्वमा कुनै पनि वहानामा विश्व अर्थव्यवस्थासँग 'आइसोलेटेड' भएर रहन सम्भव छैन । सूचना प्रविधिमा भएको विकासको रफ्तार

र त्यसले विश्वलाई पारेको प्रभावलाई आत्मसात् गरेर विश्व अर्थव्यवस्था सँगसँगै दौडिन सक्ने गरी हामीले आफ्नो सामर्थ्य विकास गर्नुपर्छ । कुनै पनि कारण देखाएर हामी यो दौडमा पछाडि पर्नु भनेको हाम्रा सन्ततिको अधिकार र भविष्यमाथि न्याय गर्न नसक्नु हो ।

आर्थिक सुधार निजी क्षेत्र, कुनै व्यवसाय वा कसैको पनि निजी स्वार्थको विषय होइन । यो त नेपालको आर्थिक विकासको गतिलाई कुन तह र कति गतिमा दौडाउने भन्ने महत्वपूर्ण सवाल हो । यसलाई हाम्रो वर्तमान विकासको अवस्थाको समीक्षा गरेर हामी कुन तहमा उक्लिन सक्छौं भनेर आत्मसात् गर्नुपर्ने बिषय पनि हो । अझ प्रस्ट पार्नुपर्दा हाम्रा नागरिकको जीवनस्तरका सूचकांकमा ल्याउनुपर्ने महत्वपूर्ण परिवर्तनका लागि मार्गचित्र कोर्नु पनि हो, जसले आमनागरिकको आर्थिक जीवनमा महसुस हुने गरी सकारात्मक परिवर्तन र तिनको मुहारमा खुसी भर्न सक्नुपर्छ ।

दशकौं अगाडिको राजनीतिक सोच र त्यो समयको अर्थव्यवस्थाका आधारमा निर्माण गरिएका कतिपय ऐन कानुनलाई अहिले पनि यथावस्थामै राखेर निजी क्षेत्रलाई अवरोध गर्ने काम भइरहेको छ । नेपालको निजी क्षेत्रले आजको दुनियामा पनि पाइला-पाइलामा समस्यासँग ठोक्किनु, जुधिरहनु परिरहेको छ । वास्तवमा यो निजी क्षेत्रलाई होइन, देशको विकासमाथि भइरहेको अवरोध हो । विश्वमा नयाँ-नयाँ सोच र प्रविधिले त्यहाँको अर्थव्यवस्था अर्कै तहमा पुगिसकेको छ । त्यसैले यो समयको मागलाई सम्बोधन गर्न हामी आर्थिक सुधारको अर्को चरणमा प्रवेश गर्नुको विकल्प छैन ।

२०४८ को आर्थिक सुधारले नेपालमा निजी क्षेत्रको विकास भएकै हो । तर, निजी क्षेत्र जुन तहमा पुग्नुपर्थ्यो, त्यो भने हुन सकेको छैन । निजी क्षेत्रको देशभित्र आन्तरिक ग्रोथ त भयो, तर विश्वभरि फैलिन पाएन । देशका ठूला कर्पोरेटहरूले बहुराष्ट्रिय कर्पोरेटसँग हात मिलाउन पाइरहेका छैनन् । हाम्रा कर्पोरेटहरूले बहुराष्ट्रिय कर्पोरेटसँग अन्तर्राष्ट्रिय स्तरमा पार्टनरसिप गर्न पाएका छैनन् । नेपाली ब्रान्ड स्वदेशमै खुम्चिएका छन् ।

तर, आजको विश्वको स्थापित मान्यता के भने कुनै पनि मानिसको बौद्धिक क्षमतालाई कुनै भौगोलिक सीमा रोकेर राख्न सम्भव छैन । हाम्रो नीतिले रोक्दारोक्दै पनि कतिपय नेपाली ब्रान्डले विदेशमा फैलिने कोसिस गरिरहेका छन् । गोल्डस्टार अमेरिका पुगेको छ । हिमालयन जाभाले अमेरिका, कोरियालगायत मुलुक फ्रेञ्चाइजी खोलेको देखिन्छ । बाजेको सेकुवा पनि अमेरिका पुगेको छ । जिम्बु थकाली रेस्टुरेन्टले भारतको दिल्लीमा आउलेट खोल्न लागेको सुनेको छु । यी लगानीकर्ताले त्यहाँ खाली रेस्टुरेन्ट मात्र खोल्दैनन्, नेपाली खानाका परिकार सँगसँगै यहाँको संस्कृतिको पनि प्रवर्द्धन गर्छन् । राजा महेन्द्रले लागू गरेको २०२१ को कानुन देखाएर नेपाली गरिखाने हातहरूलाई अवरूद्ध गर्नु भनेको देशलाई दशकौं पछाडि धकेल्नु मात्रै हो । हाम्रो युवा पुस्ता विश्वभर फैलिएर आफूलाई उद्यमशील नेपालीका रूपमा चिनाउँदै छ ।

बलियो आर्थिक कूटनीति र लगानी

नेपालमा लगानी प्रवर्द्धन गर्ने नारा दिएर हामीले लगानी सम्मेलनहरू आयोजना गर्दै आएका छौं । लगानी आकर्षित गर्न तामझामसहित लगानी सम्मेलन गरेर मात्र पुग्दैन । यदि लगानी सम्मेलन गरेर मात्र लगानी आइदिने भए नेपालमा लगानीको ओइरो लाग्नुपर्ने हो । जबसम्म हामीले नेपाली उद्यमशीलतालाई विदेशमा फैलिने वातावरण बनाउँदैनौं तबसम्म विदेशी लगानी पनि नेपालमा आउन गाह्रो पर्छ । नेपाली कम्पनीले विदेशमा र विदेशी कम्पनीले नेपालमा साझेदारी गर्ने वातावरण नबनाएसम्म वैदेशिक लगानीमा हामीले उल्लेख्य फड्को मार्न सकिँदैन भन्ने अनुभव हासिल भएको हुनुपर्छ । बाह्य लगानीकर्ता नेपालमा आउँदा स्थानीय साझेदारको माध्यमबाट आउन सहज हुन्छ । पहिलो चरणको सुधारपछि केही बहुराष्ट्रिय कम्पनीहरू नेपालमा आएका हुन् । पछिल्ला वर्षमा एकाधबाहेक विदेशी कम्पनीहरू नेपालमा आएका छैनन् ।

नेपाल लगानीकर्ताका लागि भर्जिन ल्यान्ड हो । प्राकृतिक स्रोत, पूर्वाधार, पर्यटन, सेवा क्षेत्रमा लगानीका अवसरै अवसर छन् । यो समय विदेशी तथा आन्तरिक लगानीकर्ता लगानी गर्न तछाँडमछाँड गरिरहेको हुनुपर्ने हो ।

द्वन्द्वपछिको राजनीतिक स्थिरतामा विश्वमा यही भएको छ । म्यानमारदेखि भियतनामसम्मको कथा हाम्रा अगाडि नै छन् । तर, नेपालमा किन यसो हुन सकिरहेको छैन ? हामीसँग केही न केही समस्या थाती छन् भन्ने यो परिदृश्यले देखाउँछ । यो समय नेपालमा लगानी गरिनँ भने मैले धेरै कुरा गुमाउनेछु भन्ने मानसिकता बाह्य लगानीकर्तामा छैन ।

हामी लगानी सेन्ट्रिक हुन सकेनौं । ट्याक्स सेन्ट्रिक बनेका छौं । नेपाल अहिले दक्षिण एसियाकै सबैभन्दा उच्च ट्याक्स भएको देशमध्येमा पर्छ । नेपालमा वैदेशिक लगानीकर्ताको चासो कम हुनुको कारण यो पनि हो । यदि लगानी सेन्ट्रिक भइदिएको भए निजी क्षेत्रको मनोबल उच्च हुने थियो । यसले अटोमेटिक रूपमा ट्याक्सको वृद्धिदर आफैंमा उच्च हुँदै जाने थियो । वर्तमान सरकारले यसबारे गृहकार्य गरेर विगतका सरकारले बिगारेको वातावरणमा सुधार ल्याउनेछ भन्ने मेरो विश्वास छ ।

हाम्रो अर्को महत्वपूर्ण प्राथमिकता आर्थिक कूटनीति हुनुपर्छ । हामीले आर्थिक कूटनीतिलाई नारा त बनायौं तर व्यवहारमा कार्यान्वयन गर्न सकेनौं । आज नेपालमा रहेका विदेशी राजदूतहरूले पनि आफ्ना देशको आर्थिक विकासका मामिलालाई गहिर ोसँग प्रवर्द्धन गरिरहेका हुन्छन् । तर, विश्वमा रहेका हाम्रा दूतावास यस मामिलामा अलिकति पनि प्रभावकारी बन्न सकिरहेका छैनन् । अबको कूटनीति नेपालको आर्थिक समृद्धिको अभियानसँग अभिन्न रूपमा जोडिनुपर्छ । विश्वमा रहेका हाम्रा कूटनीतिक नियोगहरूको परिचालन नेपालका आर्थिक विकासका एजेन्डासँग जोडिनुपर्छ ।

हामी हाम्रा मित्रराष्ट्र एवं दाताहरूबाट प्राप्त हुने सहयोग परिचालनमा पनि नराम्ररी चुकिरहेका छौं । सत्तामा रहँदा एउटा कुरा र सत्ताबाट बाहिरिनासाथ अर्को कुरा गर्ने प्रवृत्तिले हामीले अन्तर्राष्ट्रिय दाताहरूका बीचमा पनि विश्वास गुमाउने अवस्था सिर्जना भइरहेको छ ।

जलविद्युत् परियोजना होस् वा राष्ट्रिय सडक । एयरपोर्ट होस् वा प्रसारण लाइन निर्माण । कुनै पनि पूर्वाधार विदेशी सहायतामा निर्माण गर्ने भन्नेबित्तिकै हामी कहीँ न कहीँ 'अन्धो राष्ट्रवाद' मा फसिरहेका हुन्छौं । आजको दुनियामा विदेशी लगानी एवं सहयोगबिना आर्थिक विकासमा फड्को मार्छु भनेर सोच्नु सायद अपूर्ण हुनेछ ।

हामीले सन् १९९० को दशकमा अगाडि सारेको आर्थिक सुधारको गतिलाई समाप्त सकिरहेका छैनौं । नेपालको विकासको इन्जिन निजी क्षेत्र हो भनेर जबसम्म मन, वचन र कर्मले स्वीकार गरिँदैन, सोहीअनुसारका कानुनी सुधार गरिँदैन र सोहीअनुसार राजनीति र कर्मचारीतन्त्रले व्यवहार गर्दैन, आर्थिक विकासमा फड्को मार्ने हाम्रो चाहना गोलचक्करमै सीमित रहनेछ ।

BOK सहज बचत खाता

"सफलतालाई सहज बनाउँदै"

अब जीवन अझ सहज

मात्र रू. २५/- मा खाता खोल्न सकिने

विशेषताहरु

- आकर्षक व्याजदर
- न्यूनतम मौज्दात रू २५/-
- त्रैमासिक ब्याज भुक्तानी
- नि:शुल्क डेबिट कार्ड*
- नि:शुल्क मोबाइल बैंकिङ्ग*
- नि:शुल्क इन्टरनेट बैंकिङ्ग*

*सीमित अवधिकोलागि मात्र ।

*शर्तहरु लागू हुनेछन् ।

बैंक अफ काठमाण्डू लिमिटेड

BANK OF KATHMANDU LTD.

we make your life easier

बिगत ३ दशक देखि स्वास्थ्य सेवामा समर्पित

SEPTIDINE

Povidone Iodine Solution 5% & 10% ,
Gargle 1% (100ml) & Ointment 5% (15g)

सेप्टिडीन

चोटपटक, काटेको तथा
घाउ-खटिराको उपचारमा
अत्यन्त प्रभावकारी
एन्टिसेप्टिक औषधि

"अन्तराष्ट्रिय गुणस्तरको उत्पादन अब स्वदेशमै"

देउराली-जनता फर्मास्यूटिकल्स प्रा. लि.
६७९ बुढानीलकण्ठ सडक, वाँसवारी - ०३,
पोस्ट बक्स: ४२३९, फोन नं: ४०१८७७७
E-mail: info@deuralijanta.com, www.deuralijanta.com

WHO-GMP तथा ISO 9001 र
ISO 14001 को
प्रमाणिकृत नेपालकै पहिलो कम्पनी

स्वदेशी
हामी सामान, हामै स्वाभिमान

राजनीतिमुक्त सार्वजनिक संस्थान

आर्थिक वृद्धिदर बढाउने, आयात प्रतिस्थापन गर्ने, वस्तु तथा सेवा सुपथ मूल्यमा उपलब्ध गराउने, एकाधिकार हुन नदिने, रोजगारी सिर्जना गर्नेलगायत उद्देश्य राखेर नेपालमा सार्वजनिक संस्थान स्थापना भए पनि समष्टिगत कार्य सम्पादन दिनप्रतिदिन खस्कँदो छ

विमल वाग्ले

मुलुकको समग्र अर्थतन्त्रमा सरकारले आफ्नो हैसियतलाई कुन स्तरमा राख्न चाहेको छ । त्यसले नै सार्वजनिक संस्थानको हैसियत निर्धारण गर्छ । सरकार सानो र चुस्त हुन चाहन्छ; आफ्नो भूमिकालाई प्रत्यक्षकर्ताभन्दा बढी नियामक बनाउन चाहन्छ; निजी क्षेत्रलाई बढी सक्रिय बनाउन चाहन्छ भने सार्वजनिक संस्थानको भूमिका क्रमशः गौण हुँदै जान्छ ।

नेपालमा सार्वजनिक संस्थानको उपस्थिति मुलुकको आर्थिक, सामाजिक विकासको आवश्यकता र निजी क्षेत्रको विकासको प्रारम्भिक अवस्थाको परिणाम हो । खासगरी औद्योगिक क्षेत्रसँग सम्बन्धित सार्वजनिक संस्थानहरूको नाम लिने हो चीन र तत्कालीन सोभियत संघ रूसको योगदान सर्वोपरि छ ।

सार्वजनिक संस्थानको अवधारणा

सार्वजनिक संस्थानमा राज्यको भूमिका शून्य भएको अवस्था छैन । सार्वजनिक संस्थानको उपस्थिति जहाँ पनि हुन्छ । तर, आकार के कति भन्ने मुख्य कुरा हो । विश्वव्यापी मन्दीको बेलादेखि सार्वजनिक संस्थानमा राज्यको भूमिका देखिन थाल्यो । दोस्रो विश्वयुद्धपछि ध्वस्त बनेको अर्थतन्त्रलाई राज्यले भूमिका खेल्नुपर्ने अवस्थाले सार्वजनिक संस्थानको भूमिका देखिन गएको पाइन्छ । ७० को दशकपछि सार्वजनिक संस्थानहरूले मुलुकको अर्थतन्त्रलाई पुऱ्याएको योगदानको विषयमा विश्वव्यापी रूपमा विश्व बैंकले अध्ययन गऱ्यो । अध्ययनबाट अर्थतन्त्रमा सार्वजनिक संस्थानहरूको योगदान देखिए पनि दक्षता सिर्जना गर्न नसकेको र बढी लागतको अर्थतन्त्र सिर्जना गरेको निष्कर्ष निकाल्यो ।

कुनै पनि मुलुकले आफ्नो अर्थतन्त्रलाई विश्व अर्थतन्त्रबाट अलग्याउन सक्दैन । यसका लागि सञ्चालन दक्षतामा निर्भर गर्दछ । महँगो अर्थतन्त्र सिर्जना गरेर मुलुकलाई जीवन्त राख्न खोज्नु उपयुक्त हुँदैन । त्यस्तो अर्थतन्त्र दिगो हुन सक्ने सम्भावना क्षीण हुँदै गएको छ । यसैले सार्वजनिक वा निजी संस्थाभन्दा पनि त्यसको सञ्चालन दक्षता महत्वपूर्ण हो । जसले दक्षतापूर्वक सञ्चालन गर्छ, संस्थान त्यसैको हो । त्यो सरकारको होस् वा सार्वजनिक होस् वा निजी क्षेत्रको वा सार्वजनिक निजी दुवै क्षेत्रको ।

निजीकरण र यसको प्रभाव

सन् १९८० र १९९० को दशकमा विशेषतः युएसएआईडीजस्ता द्विपक्षीय दातृ निकाय र विश्व बैंक, मुद्रा कोष (आईएमएफ) जस्ता बवहुपक्षीय दातृ निकायबाट निजीकरण कार्यक्रमलाई प्राथमिकतामा राखेर प्रवर्द्धन गराइयो । निजी क्षेत्रको बाहुल्य रहेको स्वतन्त्र अर्थतन्त्रले ती मुलुकहरूको आर्थिक विकासमा पुऱ्याउन सकेका योगदानको सफल उदाहरणले अर्थतन्त्रमा निजी क्षेत्रको उपस्थितिलाई विशेष महत्व दिइयो । फलस्वरूप निजीकरण कार्यक्रमलाई अर्थनीतिको रणनीतिक अंगको रूपमा अगाडि ल्याउने काम भयो ।

१९८० मा बेलायतमा मार्गेट थ्याचरले सार्वजनिक संस्थान सरकारले चलाउनु हुँदैन, सरकारलाई धेरै बोझ बनायो भन्दै व्यवसाय निजी क्षेत्रले गर्छ भन्ने कुरा अगाडि सारिन् । संस्थानहरूको निजीकरण गर्ने कार्यको सुरूआत गरिन् । सार्वजनिक संस्थानहरूको सञ्चालन निजी क्षेत्रबाट भएपछि त्यसको दक्षता निकै उच्च

दरमा गयो । सरकारलाई बोझ बनेका संस्थाहरु निजी क्षेत्रले सञ्चालन गरेपछि नाफा कमाउन थाले । यो घटनाले बिजनेस भन्ने कुरा निजी क्षेत्रले गर्नुपर्छ भन्ने तरंग विश्व बजारमा सिर्जना गरिदियो ।

अमेरिकामा तत्कालीन राष्ट्रपति रोनाल्ड रेगनले अर्थतन्त्र जति खुल्ला गऱ्यो, त्यति सबल र दिगो हुन्छ भन्ने मान्यता अगाडि बढाए । बेलायत र अमेरिका मिलेर यही अवधारणा अगाडि बढाउन थालेपछि अन्य देशहरु पनि सहभागी बन्दै गए । सन् १९८० देखि १९९२ को बीचमा विश्वव्यापी रुपमा १५ हजारभन्दा बढी सार्वजनिक संस्थानहरु निजीकरण गरिएको तथ्यांक छ ।

उनीहरूले विकासोन्मुख देशलाई दिने सहयोगमा अर्थतन्त्रलाई उदारीकरण गर्नुपर्छ भन्ने नीति अगाडि बढाए । गरिब मुलुकहरु दाताको नीतिमा छिरेर सहयोग लिने गरिरहे । त्यही चलन अहिलेसम्म चलिरहेको छ ।

नेपालमा सार्वजनिक संस्थानहरु विदेशी दातृ निकायको सहयोगमा खडा भएका हुन् । किनभने, ८० दशकमा विश्वव्यापीकरणको लहर आयो । यस अगाडि विश्वमा आर्थिक रुपमा दुई ध्रुव थिए । खुला अर्थतन्त्रको नेतृत्व अमेरिकाले गरिरहेको थियो भने रसियाले केन्द्रीकृत अर्थव्यवस्थाको नेतृत्व गरेको थियो । कम्युनिस्ट मुलुकले कमोडिटी सपोर्ट गर्थे । अरूले टेक्निकल सहयोग गर्थे । वस्तु दिने क्रममा हामीलाई संस्थानहरु बनाउने काम गरिदिए । त्यसैले गर्दा विदेशी सहयोगमा हामीकहाँ उद्योगहरु खडा भए ।

आर्थिक वृद्धिदर बढाउने, आयात प्रतिस्थापन गर्ने, वस्तु तथा सेवा सुपथ मूल्यमा उपलब्ध गराउने, एकाधिकार हुन नदिने, रोजगारीका सिर्जना गर्नेलगायत उद्देश्य राखेर नेपालमा सार्वजनिक संस्थान स्थापना भएका हुन् । तर, समष्टिगत कार्य सम्पादन दिनप्रतिदिन खस्कँदो छ । औद्योगिक, व्यापारिक, सामाजिक क्षेत्रसँग सम्बन्धित संस्थानहरु क्षेत्रगत हिसाबमा सबै नोक्सानीमा छन् ।

अर्थ मन्त्रालयका अनुसार आर्थिक वर्ष ०७६/७७ सम्म अस्तित्वमा रहेका ४४ सार्वजनिक संस्थानमध्ये सरकारको पूर्ण स्वामित्वमा २३ मात्रै छन् । ०७८ को तथ्यांकअनुसार निजीकृत भएका १८ वटा संस्थानमध्ये ६ वटा बन्द छन् । १२ वटा संस्था निजीकरण भएपछि पनि खारेज गरिएको छ । निजीकृत भएका संस्थामध्ये ९ वटा नाफामा छन् भने ३ वटा घाटामा छन् । नेपालको जिडिपीमा सार्वजनिक संस्थानको योगदान १० दशमलव ९५ प्रतिशत मात्रै देखिन्छ । तर, पछिल्लो वर्षमा यो परिणाम घट्दो छ ।

आर्थिक वृद्धिदर बढाउने, आयात प्रतिस्थापन गर्ने, वस्तु तथा सेवा सुपथ मूल्यमा उपलब्ध गराउने, एकाधिकार हुन नदिने, रोजगारी सिर्जना गर्नेलगायत उद्देश्य राखेर नेपालमा सार्वजनिक संस्थान स्थापना भएका हुन् ।

राज्यका भार कि सहयोगी

नेपाल दूरसञ्चार कम्पनीको नाफाले पुऱ्याएको योगदानले समग्र सार्वजनिक संस्थानको वित्तीय अवस्थालाई उकासेको छ । हाल सञ्चालनमा रहेका कतिपय संस्थानहरूलाई यही अवस्थामा निरन्तरता दिने हो भने भोलिका दिनमा बन्दको अवस्थामा पुग्ने निश्चित छ । नेपालमा सार्वजनिक संस्थानहरु सरकारका लागि वित्तीय भार बनेका छन् ।

यसबाट अर्को प्रश्न उठ्छ के निजी क्षेत्रसँगै सार्वजनिक क्षेत्र बाँच्न सक्दैन ? त्यो पनि कदापि होइन तर, निजी क्षेत्रसँगै बाँच्न जुन तौरतरिकाले चल्नुपर्छ, त्यसरी चल्न पाउने वातावरण संस्थानलाई दिनुपर्छ । अहिले अत्यन्त चुनौतीपूर्ण अवस्थामा यी संस्थानहरु चल्नुपरेको छ ।

नेपालमा सार्वजनिक संस्थानहरु सक्षम र इमानदार व्यक्तिहरूको आकर्षण बन्न सक्ने अवस्था छैन । संस्थानले उपलब्ध गराउने सेवा-सुविधा, त्यहाँभित्रको संस्कृति, उपलब्ध वृत्ति विकासको अवसर र त्यसमाथिको पहुँचलाई विश्लेषण गर्ने हो भने योग्य र सक्षमका लागि आकर्षक विकल्प हो भन्न सकिँदैन । संस्थानहरु एक प्रकारको संरक्षित व्यवस्थामा स्थापित भए अनि लामो समयसम्म झन्डै नियन्त्रित अर्थव्यवस्थामा थिए ।

आजको स्वतन्त्र खुला अर्थतन्त्रमा निजी क्षेत्रको सहभागितालाई प्राथमिकतामा राखेर हेरिन्छ । निजी क्षेत्रको सहभागिताले समग्र बजार संयन्त्रलाई प्रतिस्पर्धी बनाउँदै लगेको छ । सार्वजनिक संस्थानहरु प्रतिस्पर्धी बजारमा आफ्नो उपस्थितिलाई देखाउने क्षमता राख्न सक्नुपर्छ । अन्यथा सरकारका लागि वित्तीय भार मात्रै हुनेछ ।

सुधारको पाइला

नेपालमा तत्कालीन अर्थमन्त्री प्रकाशचन्द्र लोहनीबाट ०४१/४२ तिरै निजीकरण गरी सार्वजनिक संस्थानहरूको सुधारको प्रयास गरिएको हो । वीरगञ्ज चिनी कारखाना, एनआइडिसी, हिमाल सिमेन्टको शेयर बेच्ने कार्यक्रम नै बनाएर सरकार अगाडि बढ्यो । महिनामा एउटा कम्पनीलाई निजीकरण गर्ने नीति बन्यो ।

०४६ पछि उदार अर्थतन्त्रलाई आत्मसात् गर्दै निजी क्षेत्रलाई पनि उद्योग खोल्ने अनुमति दिइयो । सार्वजनिक संस्थानहरु प्रतिस्पर्धाको बजारसँग जुध्नुपर्ने भयो । संस्थानहरु प्रतिस्पर्धामा जान थालेपछि उनीहरूको वास्तविक क्षमता देखिन थाल्यो । त्यसपछि भएका संस्थानलाई नै सुधार गर्ने नयाँ संस्थान नखोल्ने नीति बजेट वक्तव्यबाटै ल्याइयो । सुधारमा खासगरी व्यवस्थापकीय सुधार

गर्ने भन्ने कुरालाई प्राथमिकतामा राखियो ।

निजी क्षेत्रको चुनौतीको सामना गर्न सक्ने टिक्ने भए र नभएकाहरु क्रमशः हराउँदै जाने भए । यसैले विगतमा सर्वोत्कृष्ट कहलिएको जनकपुर चुरोट कारखाना क्रमशः कमजोर हुँदै आज पूर्ण बन्दको अवस्थामा पुग्यो ।

जनकपुर चुरोट कारखाना सबैभन्दा धेरै सरकारलाई राजस्व बुझाउने र नाफामा चलेको संस्था भए पनि सूर्य टोबाको चुरोट आएपछि प्रतिस्पर्धा गर्न सकेन । त्यस्तै, ०४६ पछि एकैपटक आधा दर्जन बढी चिनी कारखाना आएपछि वीरगञ्ज चिनी कारखाना, लुम्बिनी चिनी कारखाना पनि त्यस्तै भए । राम्रो गुणस्तरको सिमेन्ट उत्पादन गर्ने कारण उदयपुर सिमेन्ट कारखानामा सिमेन्ट लिन तीन महिना अगाडि पैसा बुझाएर पालो कुर्नुपर्ने थियो । अहिले त्यही सिमेन्ट उद्योगको बिजोग अवस्था छ ।

हेटौंडा कपडा उद्योगको कथा पनि रोचक छ । उद्योगले हरियो कपडा उत्पादन गर्दथ्यो । हस्पिटलका बेडसम्म पनि त्यही कपडा प्रयोग गरिन्थ्यो । त्यो कपडा किन्नलाई कारखानाका कामदारलाई रकम दिएर खुसी बनाउनुपर्दथ्यो । त्यसरी चलेको कारखाना पनि ०५६ तिर बन्दै हुन पुग्यो ।

प्रशासन सुधार आयोगले दिएको सुझावअनुसार सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत नियुक्ति प्रस्पिर्धाबाट गर्न सुझाइयो । तर, त्यो सुझाव कार्यान्वयन भएको थिएन । ०५१ मा उद्योग मन्त्रालयअन्तर्गत १०/१२ वटा संस्थानमा प्रतिस्पर्धाको आधारमा जीएमहरु नियुक्त गरी कार्यसम्पादन करारमार्फत काम गराउन बल्ल सुरू गरियो । तत्कालीन प्रशासन सुधारले दिएको सुझावमध्ये त्यो एउटा मात्रै कार्यान्वयनमा आउन सक्यो ।

यसरी बिग्रे संस्थानहरू

नेपालको सन्दर्भमा संस्थानहरु जानीजानी बिगारिएको हो । यसमा सबभन्दा पहिले त नेतृत्व नै खराब भयो । बोर्डको गठन नै ठीक भएन । बोर्डमा व्यावसायिक प्रवृत्तिको व्यक्ति राख्ने मापदण्ड नै भएन । आफ्नो मान्छे राख्ने प्रवृत्ति भयो । व्यक्तिको क्षमता जाँच्ने कामै भएन । धेरै व्यक्ति पैसै तिरेर त्यहाँ पुग्ने गरेको पाइन्छ । सिईओ पद नै किनबेच भइरहेको सार्वजनिक भएकै विषय हुन् । फाइदा वा पैसा लिएर नियुक्ति गर्ने भएपछि उसले संस्थामा आफ्नो लाभ मात्रै हेर्दै पैसा कमाउन खोज्ने प्रवृत्ति हावी बन्ने नै भयो । ०५१ पछि संस्थानहरु यही कारण ध्वस्त बन्दै गए ।

०४६ पछि एक डेढ वर्ष संस्थानहरु त्यस्तो खराब हालतमा पुगेका थिएनन् । निर्वाचन घोषणा भयो । राजनीतिक पार्टीले संस्थानबाट पैसा खान सुरू गरे । ०५१ को निर्वाचनबाट एमाले ठूलो पार्टी बन्यो । ९ महिना सरकारमा बसेपछि सुरूमा इमानदारीपूर्वक राम्रो काम पनि गऱ्यो । आफ्नो मान्छे केही जानेकै खोजेर भर्ना गऱ्यो । उक्त सरकारले जब निर्वाचन घोषणा गऱ्यो, त्यसपछि अनियमित गतिविधि थाल्यो । संस्थानहरु त्यसको सिकार बने । गठबन्धनका सरकारपछि नियुक्तिमा आ-आपनो मान्छे आफैं राख्ने बेथिति सुरू भयो । भ्रष्टाचारको साधन नै संस्थानलाई बनाइयो ।

यसमा सबैभन्दा राम्रो उदाहरण नेपाल वायुसेवा निगमलाई लिन सकिन्छ । खल्तीमा पैसा बोकेर पनि त्यहाँको नेतृत्वले हवाईजहाज किन्न सकिरहेको छैन । हवाईजहाज किन्दा काण्ड मच्चिन्छ । आयोग बन्छ । निगमलाई भ्रष्टाचार गर्ने अखडा बनाइएको छ । यस्तो दुर्भाग्यपूर्ण अवस्थामा हाम्रा संस्थान चलेका छन् ।

संस्थानहरूमा चौथो समस्याको रूपमा राजनीतिक व्यक्तिहरूलाई संगठनको कार्यकर्ता बनाइएको छ । संस्थानहरूमा सात/आठ वटा युनियन सक्रिय देखिन्छन् । जनताको करबाट तलब खाने अनि राजनीतिक कार्यकर्ता भएर काम गर्ने हावी भइरहेका छन् ।

विभिन्न अध्ययन र अनुसन्धानले संस्थान

प्रशासन सुधार आयोगले दिएको सुझावअनुसार सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत नियुक्ति प्रतिस्पर्धाबाट गर्न सुझाइयो । तर, त्यो सुझाव कार्यान्वयन भएन ।

बिग्रनुमा स्वतन्त्रपूर्वक काम गर्न नदिनु रहेको निष्कर्ष निस्केको छ । ०४७ को संविधान पहिले लोकसेवाको सामान्य सिद्धान्तअनुरूप भर्ना गर्नुपर्दथ्यो । संस्थानलाई जस्तो कर्मचारी चाहिन्छ, त्यही खालको कर्मचारी भर्ना गर्न त्यो प्रावधान हटाइयो । ०७२ को संविधानमा भने फेरि त्यही प्रावधान राखियो ।

हुलमुलमा मान्छे छिराएर संस्थानका कर्मचारी बनाउने काम भयो । तोककै भरमा जागिर खानेलाई दुग्ध विकास संस्थानमा स्वतः स्थायी पनि गरियो । विद्युत् प्राधिकरणमा त एकै पटक १२ सय बढीलाई स्थायी गरियो । मन्त्री र उच्चपदस्थ कर्मचारीको मोज गर्ने ठाउँ संस्थानलाई बनाइयो ।

उद्यमशीलताले वित्तीय प्रतिफलको अपेक्षा गर्छ भने सार्वजनिक जवाफदेहिताले वित्तीय प्रतिफललाई ओझेलमा पार्दछ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको व्यापार गर्छ । जुन व्यापार नितान्त निजी क्षेत्रसँग सम्बन्धित क्रियाकलाप हो । तर, निगमले जतिमा खरिद गर्छ, त्योभन्दा कम मूल्यमा बिक्री गरेर नोक्सानी सहनु बाध्यता भएको छ । फेरि नोक्सानी पुऱ्यायो भनेर गाली पनि खानु छ । यो सबै आयल निगमसँग दोहोरो व्यक्तित्व भएको कारण भइरहेको छ ।

सर्वसाधारण जनतालाई वस्तु तथा सेवा उपलब्ध गराउन स्वच्छ प्रतिस्पर्धा गर्ने निजी क्षेत्रलाई पनि संलग्न गराउँदा राम्रो हुन्छ । प्रतिस्पर्धा हुन नसक्ने वस्तु तथा सेवाका लागि निजी क्षेत्रलाई सुम्पिनु उपयुक्त हुँदैन । निजी क्षेत्रले नाफालाई प्राथमिक उद्देश्य बनाएको हुन्छ । एकाधिकारको व्यवसायमा नाफाको उद्देश्यबाट चल्दा त्यसको मार एकलौटी उपभोक्तामा पर्न जान्छ । त्यसैले त्यस्ता संस्थाहरु सामाजिक न्यायको सिद्धान्तअनुरूप राज्यद्वारा नै सञ्चालन गर्दा राम्रो हुन्छ ।

नेपाल टेलिकम र ऐनसेलको तुलना गर्दा ऐनसेलले कति फाइदा लिइसक्यो । उसको सुरूको लगानी निकै थोरै मात्रै हो । अहिले वर्षमै अर्बौं लाभांश कमाउँछ । अर्बौं रूपैयाँको लगानी भएको टेलिकमले मुस्किलले केही प्रतिशत नाफा कमाइरहेको छ । वातावरण परिर्वतन भइरहेकाले पनि त्यसैअनुरूप हामीले परिमार्जन गर्दै लैजाउनुपर्ने अत्यावश्यक छ ।

सार्वजनिक संस्थानका कर्मचारीको तलब सरकारी स्केलभन्दा बढाउन मिल्दैन । तलबबाहेकका सुविधा जोडेर हेर्ने हो भने तीन खण्ड तलब थपिदिए पनि नोक्सान हुँदैन । संस्थानको हाकिमले नेता, कर्मचारी रिझाउन जे पनि निर्णय गरिदिन्छन् । नेतृत्व जिम्मेवार र जवाफदेही छैनन् ।

हामीकहाँ संस्थान बेच्न सरकारले पैसा छुट्याउनुपर्दछ । अन्यत्र देशमा संस्थानबाट राजस्व उठाएर आम्दानी गरिरहेका छन् । हामीकहाँ कर्मचारीको सुविधाले दायित्व ' अनपेड' राखेको हुन्छ । कर्मचारीको दायित्वको कारण अर्बौं रूपैयाँ एउटा संस्थान बन्द वा निजीकरण गर्दा लाग्ने अवस्था छ । अरु दायित्व पनि हुन्छ तर कर्मचारीको दायित्व अझ बढी हुन्छ । यी सबै कारणले हाम्रा संस्थानहरु जानीजानी बिगारिएको हो ।

सार्वजनिक संस्थान निर्देशन बोर्ड गठन भयो । त्यसको मुख्य काम संस्थानका जीएमहरूको नियुक्तिका लागि सिफारिस गर्ने, सञ्चालक समितिका अध्यक्ष वा सदस्यको सिफारिस गर्ने, संस्थानहरूको व्यवस्थापकीय सुधार गर्ने थियो । ती कामअनुरूप संस्थानमा १०/ १२ वटामा जीएम नियुक्त भए । सचिवको तलब ३० हजार रहेको बखत जीएमको तलब कम्तीमा ७५ हजारदेखि १ लाख २५ हजार रूपैयाँसम्म दिई नियुक्तिको सिफारिस गरियो । राजनीतिक नेतृत्व र मन्त्रीबाटै यो मान्छे नियुक्त गरिदेऊ भन्दै दबाब आउन थाल्यो । बोर्डले अस्वीकार गरेपछि अधिकार खोसियो । अदालतमा जाने 'स्टे अर्डर' ल्याउने काम पनि भयो । अदालत पनि घुस्याहा देखियो । मुद्दाका कारण सबै सुधारका कार्ययोजनै भताभुंग भए ।

अबको सुधार

संस्थान सुधारको बाटो अहिलेको संरचनाबाट सम्भव छैन । संस्थानहरूलाई एउटा छातामा ल्याएर राख्ने नियामक निकायजस्तो एउटा स्वायत संगठन बनाउनुपर्छ । छाता संगठनको रिपोर्ट संसद्मै बुझाउने र संस्थानलाई तलमाथि परेको विषय संसद्का विभिन्न समितिमा उठाउने व्यवस्था गर्नुपर्छ । ती विषयमा संस्थालाई जिम्मेवार गराउनुपर्छ । यस्तो व्यवस्था गर्न सके बीचमा बसेर सञ्चालक नियुक्ति गरेबापत तरमारा खानेहरूले केही गर्न सक्ने अवस्था रहने थिएन ।

त्यस्तो संस्थाको काम, कर्तव्य र अधिकार ऐनको ड्राफट गरी अर्थ मन्त्रालयमा बोर्डले नै बुझायो । मन्त्रालयले मन्त्रिपरिषद्मा बुझाएर पास पनि भयो । तर, दुई वर्षयता कानुन मन्त्रालयमा उक्त ड्राफट अड्किएको छ । यस्तो व्यवहारले संस्थान सुधार गर्न चाहेको देखिन्न । संस्थान सुधार गर्दा राजनीतिक व्यक्तिले दोस्रो लाभ लिन सक्ने अवस्था रहन्न । त्यही कारण पनि उनीहरूले सुधार गर्न चाहेको देखिन्न । दलहरूले चुनावी खर्च निकाल्ने माध्यम पनि राजनीतिक दलबाट नियुक्ति पाएका संस्थानका नेतृत्वकर्तालाई बनाइरहेका छन् ।

संस्थानको दोस्रो चरणको सुधार गर्न सरकारले नै चाहेको देखिन्न । अधिकांश घिटीघिटीको अवस्थामा छन् । संस्थानको उपस्थिति उनीहरूको उत्पादनमा भर पर्छ । त्यही उत्पादन निजीले बनाउन हुन्छ कि हुँदैन । निजीले बनाउँदा त्यसको उद्देश्य हासिल हुन्छ कि हुँदैन । त्यसैले नेपालको सन्दर्भमा संस्थानको संख्या शून्य बनाउन सकिँदैन । जतिसुकै नोक्सान खाए पनि खानेपानी संस्थानलाई निजीकरण गर्न मिल्दैन ।

बजारमा जुन बिजनेस प्रतिस्पर्धात्मक छ, निजीलाई छाडिदिनुस् । प्रतिस्पर्धा गर्न नपर्ने क्षेत्र सरकारले लिने हो । समग्रमा तीन कुरा भए संस्थान सुधार हुन्छ । एउटा, छाता संस्था आवश्यक छ । सबै संस्थानलाई त्यस मातहतमा राखेर स्वयंलाई नै जिम्मेवार बनाउनुपर्छ । प्रतिस्पर्धामा चल्न सक्नेलाई निजी क्षेत्रलाई दिने अनि प्रतिस्पर्धामा जान नसक्नेलाई सुधारिएको व्यवस्थाअनुसार सार्वजनिक संस्थानमार्फत चल्न दिनुपर्छ । निजी क्षेत्रमा गएर बिजनेस गर्नेलाई नियमन गर्न नियामक पनि सक्षम हुनुपर्छ । निजी क्षेत्रको भूमिका पनि यहाँ देखिन्छ । संस्थानलाई लिइसकेपछि बिजनेस किन्नुपर्छ । सम्पत्ति मात्रै किन्नुभएन ।

सबै प्रकृतिका प्रत्येक सार्वजनिक संस्थानलाई अनुकूल कार्य वातावरण दिलाउन सक्ने क्षमता नेपालको सार्वजनिक संयन्त्रले राख्दैन ।

माथि भनिएझैं संस्थान सार्वजनिक होस् वा निजी होस् वा सार्वजनिक/निजी साझेदारीमा चलाउन सक्ने क्षमता जोसँग छ, जसले दक्षतापूर्वक चलाउन सक्छ, जसले राज्यलाई अनावश्यक भार पुऱ्याउँदैन, त्यसले चलाउनुपर्छ । अनुभवको आधारमा भन्नुपर्दा आजका दिनसम्म सार्वजनिक संस्थानलाई जिम्मेदार सरोकारवालाले जे-जसरी हेरेका छन्, जे-जस्तो गरेका छन् अनि जे-जस्तो गर्ने चाहना देखाएका छन्, त्यसको आधारमा नेपालमा सार्वजनिक संस्थानहरूको सुनिश्चित भविष्य कुनै पनि कोणबाट देखिँदैन ।

अर्थतन्त्र सुधारमा अबको नीति र योजना

एउटा उद्योग स्थापना गर्दा ९ वटा संघीय मन्त्रालय अनि प्रदेश र स्थानीय तहका सम्बन्धित निकाय धाउनुपर्छ । अझ राजनीतिक नेतृत्व, कर्मचारी र प्रशासनिक संयन्त्रमा फाइल सदर गरिदिएबापत व्यक्तिगत लाभ नभए अड्काइदिने प्रवृत्ति अझै हटेको छैन

डा. विमला राई पौड्याल

पृष्ठभूमि

एसियाका धेरै मुलुकले पछिल्लो तीन दशकमा तीव्र आर्थिक वृद्धि हासिल गरेका छन् । हाम्रै छिमेकी चीन र भारतमा केही दशकदेखि तीव्र आर्थिक वृद्धि भइरहेको छ । विश्व अर्थतन्त्रमा प्रस्ट देखिने गरी प्रतिस्पर्धा गर्दैछन् । तर, यिनको तुलनामा नेपाली अर्थतन्त्र भने गतिहीन देखिन्छ । आर्थिक वृद्धिदर सुस्त भएको मात्रै हैन, नीतिगत स्पमा, योजना निर्माण र कार्यान्वयन अनि आर्थिक क्रियाकलाप वृद्धि गर्ने कुरामा दिशाहीनजस्ता बनेका छौँ । नेपालको आर्थिक वृद्धिदर सन् १९९३ देखि सन् २०२० सम्म ५ प्रतिशत बिन्दुभन्दा मुनि (औसत ४.३५) रहिआएको छ । २०४६ को जनआन्दोलनपछि बनेको सरकारले पहिलो चरणको आर्थिक सुधार भन्दै उदारीकरणको नीति अवलम्बन गऱ्यो । सरकार नियन्त्रित अर्थतन्त्र खुला भएपछि एकैपटक बाह्य लगानी र देशकै निजी क्षेत्रको लगानी बढ्दा सन् १९९३-९४ ताका इतिहासकै उच्च आर्थिक वृद्धिदर (८%) भयो । बेलुन जसरी फुकेको यो वृद्धि टिकाउन राजनीतिक स्थिरता, व्यापार व्यवसायमा सहजीकरण, लगानी संरक्षणको सुनिश्चितता र सामाजिक न्यायका लागि राज्यको नियमन आवश्यक हुन्थ्यो । त्यसो गर्न नसक्दा बेलुन जसरी बढेको आर्थिक वृद्धि हामीले टिकाइराख्न सकेनौँ । उल्टै शिक्षा, स्वास्थ्यजस्ता मानव संसाधनका लागि आवश्यक सेवामा समेत व्यापारीकरण भयो । केही राम्रै गरिरहेका उद्योगधन्दा पनि निजीकरण भए, सरकारको लगानी ओरालो लाग्दै गएपछि सार्वजनिक विद्यालय, अस्पताल र उद्योगधन्दाको गुणस्तर खस्कँदै गयो ।

सन् १९९६ देखि २००६ सम्मको दशकमा देश तत्कालीन माओवादीले सुरू गरेको जनयुद्धमा फस्यो । जुन नेपालको आर्थिक विकासका लागि ग्रहण नै सावित भयो । निजी र सार्वजनिक लगानीमा बनेका संरचना, उद्योगधन्दा, बाटोघाटो, पुलपुलैया भत्किने र द्वन्द्वरत पक्षको भिडन्तमा मर्ने/मारिने डरले निजी क्षेत्र र स्वदेशी/विदेशी लगानीकर्ता लगानी गर्न डराए । आर्थिक क्रियाकलाप ठप्प बने र भर्खर उठ्दै गरेको अर्थतन्त्र तंग्रिन नपाउँदै थला पऱ्यो । विकास र आर्थिक उत्पादनमा गर्नुपर्ने राज्यको लगानी द्वन्द्वको व्यवस्थापन र पुनःस्थापनाका लागि खर्च गर्नुपऱ्यो । सन् २००६ मा जनयुद्ध विसर्जन भयो । त्यसपछिको १० वर्ष (२००६-२०१५) संविधान निर्माण र राजनीतिक खिचातानीमै बिते । बीचमा २०१५ मा भूकम्प र संविधान घोषणालगतै भारतले गरेको ६ महिने नाकाबन्दीले देशको आर्थिक क्रियाकलापलाई झनै संकुचित बनायो । संविधान निर्माणपछि देश संघीयतामा गएको छ । संघीयताले वर्षौंदेखि काठमाडौं र केही प्रमुख सहर केन्द्रित आर्थिक क्रियाकलापलाई ७५३ वटा स्थानीय तहसम्म पुऱ्याएको छ, जुन समावेशी र फराकिलो अर्थतन्त्र विकासका लागि सकारात्मक अवस्था हो ।

आर्थिक वृद्धिका आधार र वर्तमान अवस्था

कृषि, उद्योग, सेवा र वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण हाल हाम्रो कुल गार्हस्थ उत्पादन (जीडीपी) का मुख्य अंश हुन् । कृषि उत्पादन हाम्रो अर्थतन्त्रको मेरूदण्ड नै हो । तर, हाम्रो कृषिले देशमा खाद्य पदार्थको माग धान्न सकेको छैन । वैदेशिक रोजगारीमा युवाहरु जाने

क्रम बढ्दै जाँदा भएका घरखेत पनि बाँझै रहने गरेको छ । जलवायु परिवर्तन सँगसँगै बढेको सुक्खा, बाढी र रोगकिराको प्रकोपले खेतीपाती व्यवसाय पहिलेको तुलनामा धेरै महँगो हुँदै गएको छ । यी सबै कारणले खेतीपाती निर्वाहमुखीभन्दा माथि उठ्न सकेन । देशका झन्डै दुई तिहाइ जनशक्ति समेटेको कृषि क्षेत्रले जीडीपीमा एक तिहाइभन्दा कम मात्र योगदान गरेको छ ।

तीन दशकअघि सरकारको अपनत्वमा केही उद्योगहरु राम्रोसँग चलेका थिए । कागज फ्याक्ट्री, जुटमिल, कपडा कारखानादेखि जुत्ता फ्याक्ट्रीसम्म सरकारी स्वामित्वमा राम्रोसँग चलेका थिए । त्यस्तै, गार्मेन्ट कटन उद्योगहरु पनि चलेका थिए र निर्यात पनि गर्दथे । तर, उदारीकरणको नाममा सरकारी उद्योगहरु निजीकरण गरियो । द्वन्द्व, राजनीतिक अस्थिरता एवं प्रशासनिक जटिलताका कारण निजी क्षेत्र र वैदेशिक लगानीकर्ताले आवश्यक मात्रामा उद्योगमा लगानी गर्न हच्किए । केही स्थापित सीमित उद्योगहरु (खाद्य, निर्माण र ढाका कपडासमेत) पनि बाहिरबाट आउने कच्चा पदार्थमा आधारित छन् । जीडीपीमा हाल उद्योगको योगदान ११ प्रतिशत मात्रै छ, जुन द्रुत आर्थिक वृद्धि गर्न आवश्यक अपेक्षा गरेभन्दा धेरै कम हो । पछिल्लो समय भूमण्डलीकरणसँगै आएको सूचना प्रविधि र सेवा किनबेचका नयाँ प्रणालीको विकासका कारण सेवा क्षेत्र केही फस्टाएको हो । तर, कोभिड-१९ प्रकोपले यो क्षेत्र पनि नराम्ररी प्रभावित भएको छ ।

तीन दशकको अवधिमा अर्थतन्त्रमा देखिएको सबैभन्दा ठूलो परिवर्तन भनेको निर्यातयोग्यबाट आयातमुखी हुनुका साथै जीडीपीमा विप्रेषण (रेमिट्यान्स) को योगदान लगातार बढ्दै जानु हो । आयात र निर्यातमा पहिले यति ठूलो खाडल थिएन । कृषिका उत्पादन चामल, चिनी, जुट तथा अन्य नगदे बाली जुन पहिले हामीले निर्यात गर्दथ्यौं, हाल तिनै वस्तु अर्बौंको आयात गरिरहेका छौं । बढ्दो सहरीकरणसँगै पेट्रोलियम पदार्थमा अर्बौं रूपैया खर्च भइरहेको छ । यस्तै कारण वैदेशिक मुद्राको सञ्चिति घटिरहेको छ, जुन निकै चिन्ताजनक अवस्था हो ।

स्वदेशमा उद्योगधन्दा फस्टाउन नसक्दा र कृषिको व्यावसायिकीकरण हुन नसक्दा रोजगारीका अवसर बढ्न सकेनन् । अझ सन् १९९६ बाट सुरू भएको जनयुद्धले त बाँच्नकै लागि पनि युवाहरु विदेशिनुपर्ने बाध्यता आयो । सबैजसो नेपाली घरपरिवारको कुनै न कुनै उत्पादनशील उमेर समूहको सदस्य विदेशमा छन् । सन् २००० मा जीडीपीमा विप्रेषणको भाग जम्मा २% थियो भने अहिले एक तिहाइभन्दा बढी छ । विप्रेषणको यो बढ्दो प्रवाहले नै आर्थिक वृद्धि अति सुस्त हुँदाहुँदै पनि नेपालले गरिबी घटाउन र नेपालीको जीवनस्तर सुधार गर्ने काममा राम्रै प्रगति गरेको छ । तर, छोटो अवधिका लागि राम्रो देखिए पनि वैदेशिक रोजगारी र विप्रेषणबाट देशको अर्थतन्त्र सुधार गर्ने र जनताको जीवनस्तर सुधार गर्ने काम न दिगो हुन्छ, न त न्यायोचित नै । हाम्रो देशको उत्पादनको आधार भनेको प्राकृतिक स्रोत र मानव स्रोत हो । वैदेशिक रोजगारीमा जाने बढ्दो क्रमले एकातर्फ देशको मानव पुँजी पलायन हुने, अपार उत्पादन स्रोत ह्रास हुँदै जाने र अन्य देशबाट जनशक्ति ल्याएर कृषि, निर्माणको काम लगाउनुपर्दा देशको थोरै पुँजी पनि बाहिर जाने अवस्था छ । अर्कोतर्फ विप्रेषणबाट प्राप्त रकम पनि उत्पादनमूलक क्षेत्रमा नभएर खान र बाँच्नकै लागि खर्च भइरहेकाले विप्रेषण भित्रिन बन्द हुनासाथ पुनः गरिबी बढ्ने र जीवन स्तरमा ह्रास आउन सक्छ । वैदेशिक रोजगारीले ल्याएको परिवारको विखण्डन, द्वन्द्व एवं मानसिक स्वास्थ्यका क्षेत्रमा आएको सामाजिक र दूरगामी असर अझै धेरै छ । त्यसैले दिगो विकासका लागि रेमिट्यान्स अर्थतन्त्रको आधार होइन र हुनुहुँदैन ।

पहिलो चरणको सुधारको प्रभाव र अबको आवश्यकता

उदारीकरणको नीति आउनुअघि नेपालको अर्थतन्त्र राज्य नियन्त्रित थियो । तर, आर्थिक सुधारको नाममा उदारीकरणपछि निजी क्षेत्र र वैदेशिक लगानी बढ्यो । आर्थिक क्रियाकलाप पनि बढे र केही हदसम्म देशमा आर्थिक वृद्धि पनि भयो । तर, वैदेशिक लगानी सुनिचिश्तता र संरक्षण गर्न सकिएन । त्यसैले लगानी अपेक्षित रूपमा दिगो गरी बढ्न सकेन । यसमा राज्यले राम्रो सहजीकरण गर्नुपर्ने, उनीहरूको लगानी सुरक्षित गर्न नीति र कानुनले नियमन गर्नुपर्ने हुन्छ । यसो हुन नसक्दा देशमा लगानी वातावरण बन्न सकेको छैन । 'राज्यले राखेको मापदण्ड पूरा गरेर लगानी गर्न आउँछु' भन्ने लगानीकर्तालाई समेत सरकारले सहजीकरण गर्न सकेको छैन । एउटा उद्योग स्थापना गर्दा ९ वटा संघीय मन्त्रालय अनि प्रदेश र स्थानीय तहका सम्बन्धित निकाय धाउनुपर्छ । अझ भनौं राजनीतिक नेतृत्व, कर्मचारी र प्रशासनिक संयन्त्रमा रेन्ट सिकिङ विहेभियर (मैले फाइल सदर गरिदिएबापत के पाउछुँ भनी सोच्ने र यदि व्यक्तिगत लाभ नभए अड्काइ राख्ने प्रवृत्ति) देखिन्छ ।

सरकारले नियन्त्रित अर्थतन्त्र खुला गरेपछि एकैपटक बाह्य लगानी र देशकै निजी क्षेत्रको लगानी बढ्दा सन् १९९३-९४ ताका इतिहासकै उच्च आर्थिक वृद्धिदर (८%) भयो । तर, राजनीतिक स्थिरता र लगानी संरक्षण सुनिश्चित नहुँदा बढेको आर्थिक वृद्धि हामीले टिकाइराख्न सकेनौं

यस्तो हुँदा लगानी गर्नेले लगानीका लागि ल्याएको रकम, मानव स्रोत र समय सरकारबाट पाउने अनुमति र नियमन प्रक्रिया सदर गराउनमै खर्च हुन्छ । योजना र अनुमति प्रक्रिया पारदर्शी, सरल एवं सहज हुने, राजनीतिक नेतृत्व र प्रशासनका व्यवहार लगानीमैत्री हुने र आवश्यक सहयोग प्राप्त हुने नीतिगत एवं व्यवहारगत सुनिश्चितता भए मात्रै पहिलो चरणको सुधार फस्टाउँछ ।

नीतिगत सुधारका प्राथमिकता

नेपालको संविधानमै समाजवाद उन्मुख अर्थतन्त्र भनेर लेखिएको छ । तर, यो भनेको के हो ? अझै पनि राजनीतिक नेतृत्वमा स्पष्ट र समान बुझाइ भएको देखिँदैन । सरकार पक्ष (नेपाली कांग्रेस) ले बुझेको समाजवाद र प्रतिपक्ष (नेकपा एमाले) ले बुझेको समाजवाद नै फरक छ । समान बुझाइको अभावमा हामी दिशाहीन हुन सक्छौँ । समाजवादमा उत्पादनको स्रोत-साधनमा राज्यको नेतृत्वदायी भूमिका हुन्छ ।

पहिले विश्व राज्य वा निजी क्षेत्र (समाजवाद वा पुँजीवाद) भनेर विभाजित थियो । तर, अहिले आर्थिक वृद्धि र सामाजिक न्याय दुवैको सुनिश्चितता भएका विकसित मुलुकहरु हेर्ने हो भने मिश्रित अर्थप्रणाली नै अवलम्बन गरेको पाइन्छ । मिश्रित अर्थप्रणाली भएका देशमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र सरकारले नै नियन्त्रणमा राखेको छ । अरु उद्योगधन्दा स्थापना, बजारीकरण, रोजगार सिर्जनालगायतका क्षेत्र निजी क्षेत्रलाई दिएको छ । जहाँ मिश्रित अर्थव्यवस्था रहेको छ, त्यहाँ राज्यले नियमनकारी र सहजकर्ताको भूमिका राम्रोसँग खेलेको छ र सफल पनि भएका छन् ।

हामीले पनि विगत तीन दशकदेखि मिश्रित अर्थप्रणाली भन्दै आएका छौँ । हाम्रो संविधानले पनि तीनखम्बे अर्थनीति लिएको छ । अर्थतन्त्र र आर्थिक क्रियाकलापमा राज्य, निजी क्षेत्र र सहकारी (सामुदायिक क्षेत्र) को भूमिका स्पष्ट छ । यो एक प्रकारको मिश्रित अर्थप्रणाली नै हो । संविधान बनेको ६ वर्ष बितिसक्दा पनि राजनीतिक नेतृत्व र सरकारको संयन्त्रले अर्थनीति स्पष्ट पारिसकेका छैनन् । अर्थतन्त्रको दोस्रो चरणको सुधार गर्दा राज्यले निम्न प्राथमिकता अपनाउनु राम्रो हुन्छ :

क) लगानी आकर्षणका लागि नीतिगत, प्रक्रियागत, प्रशासनिक र व्यावहारिक अड्चन हटाउने

ख) योजना कार्यान्वयन र पुँजीगत खर्च गर्ने क्षमता बढाउने

ग) आर्थिक वृद्धिका लागि अति नै आवश्यक (क्रिटिकल) संरचना निर्माण र पहुँच बढाउने

घ) मानव पुँजी निर्माण र व्यवस्थापनमा राज्यको दायित्व बढाउने

ङ) पर्यावरणमैत्री, सामाजिक न्यायसहितको समावेशी आर्थिक विकासका लागि लगानी गर्ने

क्षेत्रगत सुधारका प्राथमिकता

नीतिगत सुधारका साथै राज्यले आर्थिक उत्पादन वृद्धि गर्न र अर्थतन्त्रलाई चलायमान बनाउन कृषि, पर्यटन र साना उद्योगजस्ता उत्पादनका क्षेत्रलाई पुनर्जागृत गर्नुपर्छ ।

कृषि : नेपालको भूबनावट र करिब ५०% कृषक साना किसान रहेको हालको अवस्थामा कृषिले तुरुन्तै ठूलो आर्थिक रूपान्तरण ल्याउने सम्भावना छैन । तर, देशलाई पुग्ने खाद्य उत्पादन, प्रशोधन र वितरण यहीको कृषि उत्पादनले धान्ने बनाउन सकिन्छ । यसो भयो आयात प्रतिस्थापन गरी व्यापार घाटा कम गर्न सकिन्छ । परम्परागत र निर्वाहमुखी खेतीमा देशको दुई तिहाइ जनसंख्या अल्झिनु न्यायोचित हैन । देशको भौगोलिक, प्राकृतिक अवस्था र माटो सुहाउँदो औजार, प्रविधि विकासमा राज्यको लगानी बढाएर सबै कृषकको पहुँचमा पुऱ्याए एक तिहाइभन्दा कम जनसंख्याले कृषि उत्पादनको जिम्मा लिन सक्छन् । बाँकी जनशक्तिलाई उपयुक्त सीप विकास गरेर गैरकृषि क्षेत्र (निर्माण, सेवा, साना उद्यम) मा लैजान सकिन्छ । तर, योजना र लगानी सोअनुरूप बनेका छैनन् । बनेका योजना, परियोजनाको कार्यान्वयन र अनुगमन पनि प्रभावकारी छैन । विगतका केही सरकारले भू-उपयोग नीति ल्याएर खाली जमिन नछाड्ने, स्थानीय तहमा भूमि बैंक स्थापना गर्ने र भूमिपतिबाट बाँझो रहेको जग्गा भूमिहीनले लिएर खेती गर्न सक्ने योजना बनाएको थियो । जुन सकारात्मक छ । यस्ता योजना बिनापूर्वाग्रह कार्यान्वयन हुनुपर्छ ।

अबको नीति पर्यावरणमैत्री खेती प्रविधि, प्रांगारिक मलको उत्पादन, वितरण र पहुँच बढाउने, जलवायुमैत्री खेती प्रणालीको विकास, प्रवर्द्धन पनि सँगसँगै लैजाने हुनुपर्छ । हिजो महिला पुरूष दुवै मिलेर गरिने पारिवारिक कृषि (फेमिली फार्म) आज महिलाले मात्रै गर्ने कार्यथलो बनेको छ । तर, सूचना, सेवा र प्रविधि अनि आवश्यक कृषि सामग्री महिला लक्षित छैनन् । त्यसले गर्दा एकातर्फ महिला कृषकमाथि कामको बोझ बढेको छ भने अर्कोतर्फ आवश्यक सेवा-सुविधामा पहुँच नहुँदा उत्पादकत्वमा नकारात्मक असर परेको छ । त्यसैले दोस्रो चरणको सुधारमा कृषिको आधुनिकीकरण, उत्पादकत्व बढाउन, पर्यावरणमैत्री बनाउने र कृषिमा लगानी महिलामैत्री बनाउने काम पहिलो प्राथमिकता बन्नुपर्छ ।

उद्यम : कृषि क्षेत्रबाट विस्थापित भएकालाई गैरकृषि क्षेत्र (पर्यटन, सेवा वा साना उद्यम) मा लगाउनुपर्छ । नेपालमा उपलब्ध कच्चा पदार्थको उपयोग गरेर नेपालमै

उत्पादन गर्न सकिने उद्योग पहिलो प्राथमिकता हुनुपर्छ । सरकारले प्रत्येक वर्ष उद्योग स्थापना गर्ने, नचलेका (रूग्ण) उद्योगलाई बन्द गर्ने वा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने नीति र योजना बनाउँछ, बजेट पनि छुट्याउँछ, तर कार्यान्वयन फितलो छ । गैरकृषि क्षेत्र तयार नहुँदा कृषिबाट फुर्सद पाएको युवा जनशक्ति कि विदेश पलायन हुन्छ, कि नेपालमा बेरोजगार बसेर अन्य सामाजिक विकृति फैलाउँछ । त्यसैले उद्योगधन्दा स्थापनाका लागि देखिएका सबै बाधा, अड्चन हटाएर स्वदेशी तथा वैदेशिक लगानी आकर्षण गर्न लचकता जरूरी छ ।

पर्यटन : पर्यटन क्षेत्रमा नेपालको ठूलो सम्भावना छ । यो क्षेत्रमा लगानीका लागि प्रोत्साहित गर्ने खालका नीतिहरु पनि छन् । तर, अब पर्यटन व्यवसायलाई फराकिलो र विविधीकरण गर्न जरूरी छ । नेपालमा भएको भौगोलिक र जैविक विविधता सबैभन्दा ठूलो धन हो । जलवायु परिवर्तन, स्वास्थ्य, आयुर्वेद क्षेत्रमा अनुसन्धान गर्न नेपाल आकर्षणको केन्द्र बन्न सक्छ । त्यस्तै, नेपाल शैक्षिक, धार्मिक र सांस्कृतिक पर्यटनको हब पनि बन्न सक्छ । ठूला-ठूला कम्पनीहरु अनुसन्धानकै लागि नेपाल आउन सक्छन्, त्यसका लागि पहल गर्नुपर्छ । *भौतिक संरचना निर्माण :* जलस्रोतले धनी हाम्रो देशमा अझै पनि बिजुलीको पहुँच सबै ठाउँमा सहज छैन । जनयुद्धका कारण जलविद्युत् उत्पादनमा हामी धेरै पछाडि पर्‍यौं । हाल यो क्षेत्रमा केही प्रगति भएको छ । विद्युत् उत्पादन, प्रसारण, वितरण, उपयोग र निर्यातको एउटा चेन निर्माण गर्नु जरूरी छ । जलवायु परिवर्तनले भविष्यमा जलविद्युत् उत्पादनलाई नकारात्मक असर पार्ने सम्भावना छ । त्यसैले बेलामै ऊर्जाका अन्य स्रोत (सौर्य, हाइड्रोजन, वायु) को सम्भावनाको समेत खोजी गरी लगानी बढाउनुपर्छ । विगत केही वर्षयता बाटोघाटो र सार्वजनिक यातायातमा राज्य, निजी क्षेत्र र सामुदायिक सबैको लगानी बढेको छ । तर, प्राविधिक र वातावरणीय जोखिमको राम्रो लेखाजोखा नगरी बन्ने यस्ता भौतिक संरचनाले वातावरण विनासको सम्भावना बढाएको छ । भौतिक संरचना निर्माण र पहुँच बढाउँदा पर्यावरणीय स्वास्थ्य र विपद्को सम्भावना न्यून बनाउने रणनीति सँगसँगै लैजानु आवश्यक छ ।

नेपालको जनसांख्यिक बनावटमा आर्थिक स्रमा सक्रिय उमेर समूहको संख्या बढी छ । यो युवा समूह कहिले रहरमा त कहिले जीविकोपार्जनका लागि ग्रामीण क्षेत्रबाट सहर र सहरबाट विदेशमा श्रम बेच्न जान्छन् । एकातर्फ नेपालमा सीपयुक्त कामदारको कमी छ, जसले गर्दा छिमेकी मुलुक भारत, बंगलादेशबाट सीपयुक्त जनशक्ति मगाएर काम गराउनुपर्ने बाध्यता छ । अर्कोतर्फ आफ्नो देशको जनशक्ति कामको खोजीमा विदेशिइरहेको छ । कामदार र उद्योगबीचमा तालमेल मिल्न नसक्दा नेपाली श्रमिकले सीप र रोजगारी पाएका छैनन् ।

जसलाई काम चाहिएको छ, उसले काम पाउनुपर्छ, जसलाई कामदार चाहिएको छ, उसले कामदार भेट्नुपर्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम कामदार र उद्योगधन्दाबीचको पुलको काम गर्ने गरी अगाडि ल्याएको हो तर त्यसले पनि मेलो समात्न सकेको छैन । सार्वजनिक क्षेत्र मात्रै हैन, निजी क्षेत्रले पनि कस्तो खालको दक्ष जनशक्ति चाहिन्छ, त्यो स्पष्ट स्रमा राज्यसँग राख्नुपर्छ । सरकारसँग मिलेर त्यस्तो दक्ष मानव संसाधन उत्पादन गरी खपत गर्नुपर्छ । त्यसका लागि श्रमिकमा लगानी र उनीहरुको संरक्षण पनि सरकारले गर्नुपर्छ ।

अनौपचारिक क्षेत्र र लैंगिक न्याय

नेपालमा औपचारिकभन्दा अनौपचारिक क्षेत्रमा महिलाको उपस्थिति बढी छ । अनौपचारिक क्षेत्रका कामदारले न्यूनतम ज्यालासमेत पाएका हुँदैनन् । अनौपचारिक क्षेत्रबाट सरकारले राजस्व पनि पाउँदैन । अर्थतन्त्रको ठूलो हिस्सा अनौपचारिक स्रमा क्रियाशील हुँदा एकातिर राजस्वबाट राज्य ठगिएको छ भने अर्कोतर्फ त्यस्तो क्षेत्रमा काम गर्नेहरु पनि जोखिममा छन् । राज्यको पहिलो र तत्काल काम भनेको अनौपचारिक क्षेत्रलाई इन्सेन्टिभ दिएर भए पनि औपचारिक क्षेत्रमा समेट्नुपर्छ ।

महिला पुरूषबीच समान कामको समान ज्याला अझै प्रभावकारी स्रमा लागू भएको छैन । राज्यले हस्तक्षेप गरेर नियमन गर्नुपर्छ । कार्यस्थल महिलामैत्री र हिंसारहित बनाउने दायित्व सार्वजनिक, निजी र सहकारी सबैको हो । नयाँ कार्यक्षेत्रमा नयाँ ज्ञान र सीपको आवश्यकता पर्छ । यसका लागि राज्य, निजी क्षेत्र र सहकारीले लगानी गर्नुपर्छ ।

सुधारमा अबको बाटो

संविधानले अर्थतन्त्रको विस्तार गर्न राज्य, निजी क्षेत्र र सहकारी (सामुदायिक क्षेत्र) तीनै पक्षलाई जिम्मेवार बनाएको छ । राज्यले नेतृत्व लिनुपर्ने ठाउँमा नेतृत्व लिन सकेको छैन । निजी क्षेत्रले नेतृत्व लिनुपर्ने ठाउँमा राज्यले सहजीकरणको भुमिका वहन गर्नुपर्ने हो, त्यसो पनि हुन सकेको छैन ।

निजी क्षेत्रलाई सहज वातावरण दिन नसक्दा यो क्षेत्रले पनि ढुक्क भएर लगानी गर्न सकेको छैन । यसका लागि आवश्यक कानुन र बातावरण बनाउनुपर्छ । अर्थतन्त्र निर्माण र विस्तारको अर्को खम्बा सहकारी हो । त्यहाँ पनि सुशासनको पाटो कमजोर छ । समावेशी आर्थिक क्रियाकलाप, आर्थिक सेवा-सुविधामा पहुँच वृद्धि गर्न र सामाजिक न्यायका लागि सहकारीको असाध्यै ठूलो भूमिका छ । तर, आर्थिक क्रियाकलापको आकारको हिसाबले सरकारी र निजी क्षेत्रको तुलनामा सहकारी सानो क्षेत्र हो । त्यसैले तीनै वटा खम्बामा सरकारले लगानी, सहजीकरण र नियमनको पाटो बलियो बनाउनुको विकल्प छैन ।

राज्यले कुन नीति अंगीकार गर्ने भन्ने कुरा स्पष्ट हुनुपर्छ । अहिले हामी नीतिमा स्पष्ट छैनौं । उदाहरणका लागि, अहिले पेट्रोलको भाउमा वृद्धि भएको छ, यही बेला बिजुलीको प्रयोगमा सहुलियत दिनुपर्छ । सरकारले पेट्रोलियम पदार्थमा अनुदान होइन, बिजुलीमा अनुदान दिनुपर्छ । पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा नेपालको नियन्त्रण छैन, किनकि यो हाम्रो देशमा उत्पादन हुँदैन । राज्यको उपस्थिति भनेको नेपालमा उत्पादन हुने कुरामा हुनुपर्छ । यदि संविधानलाई पछ्याएर समाजवादतर्फ जाने हो भने जनताको प्रत्यक्ष सरोकार राख्ने विषय सरकारले लिने र अन्य क्षेत्र निजी क्षेत्रको जिम्मामा छाड्नुपर्छ । उदाहरणका लागि, राज्यले शिक्षा स्वास्थ, प्राविधिक शिक्षामा आफ्नो भूमिका बढाउँदै लैजानुपर्छ । सामाजिक न्यायसँगै आर्थिक आत्मनिर्भरता नै समाजवादको मूल मन्त्र हो । सुधार गर्नु धेरै छ, अब ढिलो गर्नुहुँदैन ।

नेप्से अनलाइन ट्रेडिङ सिस्टम (नट्स) सम्बन्धी जानकारी

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) ले सञ्चालनमा ल्याएको अनलाइन ट्रेडिङ सिस्टम प्रयोग सम्बन्धमा सर्वसाधारणले निम्न अनुसार जानकारी राख्नुपर्छ :

- नेप्सेको सदस्यताप्राप्त धितोपत्र दलालहरु र उपत्यका बाहिर तिनीहरुका शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम र पासवर्ड प्राप्त गर्न सकिन्छ । धितोपत्र दलालहरुको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट www.nepalstock.com तथा www.nepalstock.com.np मा उपलब्ध छ । युजरनेम र पासवर्ड निःशुल्क प्राप्त हुन्छ ।

- लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो जसबाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्ट गराउन सक्छन् । प्रविष्ट गरिएको आदेशको हरेक अवस्थाको जानकारी Order Book मा गई प्राप्त गर्न सकिन्छ ।

- अनलाइन युजरले ब्रोकर मार्फत वा आफैले खरिद विक्री आदेश प्रविष्टि गरी कारोवार गर्न सक्छन् । लगानीकर्ताले जुनसुकै ब्रोकरमा खाता खोल्दा अफलाइन वा अनलाइन भनि जानकारी गराउनु पर्दछ ।

- लगानीकर्ताको एउटा हितग्राही खातालाई ब्रोकरसँग खोलिएको एउटा कारोबार खातासँग मात्र आवद्ध गरेपछि नट्समा कारोबार गर्न सकिन्छ । यसले कारोबार पछिको राफसाफ तथा फछ्र्यौटलाई सहज बनाउँछ ।

- कारोबार गर्नको लागि ग्राहकले आफ्नो ब्रोकरसँग धितो जम्मा गर्नुपर्छ । धितो जम्मा गरेको आधारमा ब्रोकरले लगानीकर्तालाई कारोबार सीमा प्रदान गर्छन । ब्रोकरले हरेक लगानीकर्तालाई आवश्यकता अनुसार कारोबार सीमा (Trading Limit) दिई कारोबारको जोखिम न्युनीकरण गरेका हुन्छन् ।

- कारोबार सीमा तथा धितोपत्र खरिद पछिको राफसाफ तथा फछ्र्यौट कार्यका लागि टिएमएसबाट क्लियरिङ बैंकको e-Banking Portal मा गई लगानीकर्ताले ब्रोकरको Account मा ँगलमरCollateral Transfer गर्न सक्छन् । नेपाल क्लियरिङ हाउस लिमिटेडसँग आवद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ ।

- धितोपत्र बिक्री गरेपछि www.meroshare.cdsc.com.np मा गई यिनष्ल गरी MY EDIS खोली Transfer share गर्नु पर्ने हुन्छ । यसरी Transfer share गरे पश्चात मात्र धितोपत्रको राफसाफ गर्न सम्भव हुन्छ ।

नेपाल स्टक एक्सचेञ्ज लि.

युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौं

www.machbank.com

माछापुच्छे बचत खाता

आजको बचत,
उज्वल भविष्यको सुरूवात...

सम्पन्न भविष्यको लागि आजै देखि बचतको सुरूवात गरौं।

*शर्तहरु लाग्नु हुनेछन ।

व्यक्तिगत तथा संस्थागत ग्राहक (एनजीओ/आईएनजीओ/ट्रस्ट/अन्य गैर सरकारी संस्था)

- आकर्षक ब्याजदर
- निःशुल्क चेकबुक तथा Account Statement on Demand
- निःशुल्क इन्टरनेट बैंकिङ्ग सुविधा*

व्यक्तिगत ग्राहकका लागि सुविधाहरू

- नेपालभर अवस्थित कुनै पनि ATM बाट निःशुल्क पैसा निकाल्न सकिने सुविधा
- ग्राहकहरूलाई लकर सुविधाको वार्षिक शुल्कमा ५०% छुट*
- निःशुल्क डेबिट र क्रेडिट कार्ड सुविधा*
- निःशुल्क MBL मोबाइल मनि (M3) सुविधा*

माछापुच्छे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

कोरोनापछिको उड्डयन क्षेत्र

कोरोनाअघि आन्तरिक हवाई उडानको हकमा सबै विमान कम्पनीले ६ हजारदेखि ८ हजार यात्रुलाई सेवा दिइरहेका थिए भने आजका दिनमा १४ हजारदेखि १५ हजार यात्रुले एकै दिन सेवा पाउने अवस्था छ । विदेशी पर्यटक नहुँदा पनि यो अवस्था आउनु भनेको उड्डयन क्षेत्रका लागि राम्रो अवसर हो

तस्बिर स्रोत : बुद्ध एयर

वीरेन्द्रबहादुर बस्नेत

कोरोना महामारीका कारण सबैभन्दा बढी प्रभावितमध्ये उड्डयन क्षेत्र पनि हो । हवाई उडानजस्तो अत्यावश्यक सेवा ८ महिनाभन्दा बढी समय पूर्ण रूपमा बन्द गरेर बस्नुको पीडा सायदै अन्य व्यवसायमा परेको होला । सरकारले कोरोना महामारी नियन्त्रण तथा रोकथामका लागि जसरी लकडाउनका माध्यमबाट लामो समयसम्म सबैखाले सेवा बन्द गऱ्यो, यसले हाम्रो अर्थतन्त्र र त्यसमा पनि पर्यटन क्षेत्रमा ठूलो असर गऱ्यो ।

लकडाउनले दिएको पीडाबाट अझै पनि कतिपय क्षेत्र मुक्त हुन नसकेको अवस्था छ । यद्यपि आन्तरिक हवाई उडानको हकमा भने त्यो अवस्था छैन भन्न सकिन्छ । सम्भवतः कोरोना महामारीका कारण सबैभन्दा प्रभावितमध्येको उड्डयन क्षेत्र यति छिटो रिभाइभ हुनु भनेको आफैंमा राम्रो संकेत पनि हो ।

होटल अझै पनि राम्रोसँग सञ्चालन हुन सकेका छैनन्, उद्योग कलकारखाना पूर्ण रूपले सञ्चालन हुन नसकेको अवस्थामा एभिएसन मात्रै यस्तो एउटा क्षेत्र हो। जसले अति प्रभावित भईकन पनि रिभाइभको चरण पार गरिरहेको छ ।

कोरोनाको पीडा

कोरोना महामारीका कारण सिर्जित लकडाउन तथा निषेधाज्ञाको समय विमान तथा विमानस्थलको पार्किङमा हेलिकोप्टर घामै तापेर बस्न बाध्य भए । एकाध हेलिकोप्टर उद्दार कार्यमा संलग्न भए पनि त्यसले सञ्चालन खर्चसमेत धान्न नसक्ने अवस्था थियो । विमानको हकमा त त्यो क्षण निकै पीडादायी भइदियो ।

अवस्था केही सहज हुँदा मानिस सडक मार्ग हुँदै १०औँ हजार रूपैयाँ तिरेर असुरक्षित यात्रा गरिरहेका बेला तुलनात्मक रूपमा सुरक्षित भनिएको हवाई उडानका लागि सरकारले चासो नदेखाउनु आफैंमा आश्चर्यको विषय थियो । हामीले बारम्बार

हवाई उडान खुला गर्नुपर्छ भन्दा समेत त्यसतर्फ सरकारले कत्ति पनि ध्यान दिएन । बरू ८ महिनाभन्दा बढी समयसम्म पूर्ण रूपमा बन्द गर्न बाध्य पारियो । तर, जब कोरोना महामारीको दोस्रो लहरमा लकडाउन/निषेधाज्ञा जारी भयो, त्यो बेलामा २ महिना मात्रै बन्द गर्दा पुग्ने भयो । यही सोच पहिलो चरणमै आइदिएको भए सायदै कोरोनाको पीडा यति धेरै हुने थिएन ।

यसबीच उड्डयन क्षेत्रले अर्बौं रूपैयाँ गुमाएको छ । बुद्ध एयरले मात्रै १ अर्ब रूपैयाँभन्दा बढी घाटा बेहोरेको छ । सेवा सञ्चालन हुन नसकेको अवस्थामा पनि १ हजारभन्दा बढी कर्मचारीलाई नियमित तलब दिएर टिकाइराख्नु आफैंमा चुनौतीपूर्ण अवस्था थियो । त्यसबाहेक विमान नचल्दा बढ्दै गएको खर्चले घाटा चुलिँदो थियो ।

कोरोनाको असर विदेशी मुलुकमा पनि भएकाले विदेशबाट मानिस यहाँ आउन नसक्दाको घाटा त छँदै थियो, त्यसमाथि आन्तरिक हवाई उडान बन्द हुँदाको असरले अझ मर्कामा पारेको थियो ।

पुनरूत्थानको चरण

जब हवाई उडान खुले, तब हामीसँग भविष्यलाई लिएर अनिश्चितता थियो । अब सहज रूपमा चल्छ भन्ने विषयमा विश्वस्त हुन सक्ने अवस्था थियो । अन्तर्राष्ट्रिय हवाई उडान बन्दजस्तै हुँदा आन्तरिक हवाई उडानले घाटा पूर्ति गर्न सक्छ भन्नेमा पूर्ण रूपमा विश्वास थिएन । यद्यपि आशा थियो । हामीले कोरोना महामारीको पहिलो लकडाउनपछि नै आक्रामक रूपमा व्यवसाय बढाउने योजना बनाएका थियौं । आन्तरिक पर्यटन प्रवर्द्धनका लागि प्रचार-प्रसार गरेका थियौं भने रकम पनि खर्चेका थियौं । तर, पहिलो लकडाउन सकिँदा नसकिँदै कोरोनाको दोस्रो लहरले व्यवसायलाई गति लिन दिएन । अवरोध गऱ्यो । यद्यपि आन्तरिक हवाई उडानमा यात्रुको चाप दिनप्रतिदिन बढ्दै गयो ।

अहिलेको अवस्था

कोरोनाले दिएको असरबाट आजका दिनमा एभिएसन क्षेत्र रिभाइभ भइसकेको अवस्था हो । बुद्ध एयरको हकमा भन्ने हो भने हामीले राम्रो पिकअप लिएका छौं । कोरोना महामारीभन्दा अघि हामीले औसतमा ४५ सय यात्रुलाई दैनिक सेवा दिइरहेका थियौं । जसमा एक तिहाइ यात्रु भारतीय वा अन्य मुलुकका हुन्थे । तेस्रो मुलुकका पर्यटकसँग लिइने डलरमा हुने आम्दानीको हिस्सा ठूलो थियो । कोरोना महामारीपछिको अवस्थामा विदेशी पर्यटक सहजरु पमा आउन सकेको अवस्था छैन । तर, अबको केही महिनापछि नेपाल आउने विदेशी पर्यटकको संख्या ठूलो हुनेमा पनि उत्तिकै आशा गर्न सकिने अवस्था छ ।

कोरोना महामारीभन्दा अघिको अवस्थाको तुलनामा आजका दिनमा करिब दोब्बर संख्यामा दैनिक यात्रुलाई सेवा दिन सक्ने अवस्थामा पुगेका छौं । हिजोका दिनमा आन्तरिक हवाई उडानको हकमा सबै विमान कम्पनीले ६ हजारदेखि ८ हजार यात्रुलाई सेवा दिइरहेका थिए भने आजका दिनमा १४ हजारदेखि १५ हजार यात्रुले एकै दिन सेवा पाउने अवस्था आएको छ । विदेशी पर्यटक नहुँदा पनि यो अवस्था आउनु भनेको यो क्षेत्रका लागि निकै राम्रो अवसर हो ।

हिजोका दिनमा बुद्ध एयरको हकमा मात्रै १ अर्ब रूपैयाँभन्दा बढी घाटा भइरहेको थियो भने त्यो घाटा पूर्ति नभए पनि अब हामी सहज अवस्थामा आइसकेका छौं । अर्थात्, रिभाइभको चरण पार गरिसकेका छौं । कोरोना महामारीपछि हामीले ३ सयभन्दा बढी जनशक्ति थप गरिसकेका छौं । हामीहरु अझ प्रादेशिक तहमा आक्रामक रूपमा जाने भनिरहँदा अझै जनशक्ति कम्पनीमा थपिन्छन् ।

अबको भविष्य

२०४६ पछि जब आन्तरिक हवाई उड्डयन क्षेत्रमा निजी क्षेत्रको प्रवेश भयो । त्यसयता जे-जति विकास भएको छ, त्यसमा निजी क्षेत्रको योगदान महत्वपूर्ण छ । निजी क्षेत्रको प्रवेशपछि नै कैयन स्थानमा विमानस्थल निर्माण हुन थालेका हुन् । यात्रुले सहज रूपमा सेवा पाउनुमा निजी क्षेत्रको योगदान निकै ठूलो छ ।

विभिन्न गन्तव्यमा निजी विमान कम्पनीले व्यावसायिक उडान गर्न सुरू गरे भने गन्तव्यको संख्या पनि बढ्दै गयो । पछिल्लो समय प्रादेशिक रूपमा पनि हवाई उडानको संख्या बढ्दै गएको छ । पर्यटकीय नगरी पोखरासँग भैरहवा, भरतपुर, नेपालगञ्जलगायतका गन्तव्यमा दैनिकजसो उडान भइरहेको अवस्था छ भने अन्य गन्तव्यमा पनि उडानको संख्या बढ्दो क्रममा छ ।

केही वर्षअघिसम्म विदेशी यात्रुकै भर पर्दै आए पनि अहिले आन्तरिक उडानमा त्यो समस्या छैन । हिजोका दिनमा आम्दानीको स्रोतमा विदेशी यात्रु पनि पर्दथे भने आजका दिनमा आइपुग्दा अब त्यो हाम्रा लागि बोनस हुनेछ ।

पछिल्लो समय जसरी आन्तरिक हवाई यात्रु बढिरहेका छन् । त्यसको कारण टिकट मूल्य सस्तो हुनु पनि एक हो । त्यसबाहेक नागरिकको आयस्तर बढ्नु, यात्रा सहज हुनु र पहुँच पनि बढ्नु हो । बुद्ध एयरको हकमा हेर्ने हो भने सन् १९९७ देखि सन् २०२१ सम्म आइपुग्दा हवाई भाडामा ६० प्रतिशतले मात्रै बढेको छ । यसबीचमा मुद्रास्फीति ३०० प्रतिशतले बढेको छ, तलबमान ६०० प्रतिशतले बढेको छ । डलरको भाउ १२० प्रतिशतले बढेको छ भने इन्धनको मूल्य १५० प्रतिशतले बढेको अवस्थामा पनि हामीले औसतमा १२ सय रूपैयाँले मात्रै भाडादर बढाएका छौं । यसको अर्थ हामीहरु घाटामा छौं भन्ने होइन, फाइदामै छौं । यो सबै निजी क्षेत्रको आक्रामक व्यवसायबाट सिर्जित प्रतिस्पर्धात्मक बजारका कारणले सम्भव भएको हो ।

कोरोनापछिको अवस्थालाई हेर्ने हो भने हामीले १५ महिनामध्ये ८ महिना पूर्ण रूपमा बन्द हुँदा पनि आजका दिनमा रिभाइभ हुन सक्नु निकै राम्रो हो । हामीले सुगम क्षेत्रमा एभिएसन क्षेत्रलाई पुनर्परिभाषित (रि-डिफाइन) गरेका छौं । बुद्ध एयरको मात्रै बजार हिस्सा ५७ प्रतिशत हाराहारी छ ।

बुद्ध एयरले अब सन् २०२६ सम्ममा १० वटा ट्विनअटर विमान थप गर्ने योजना बनाएको छ । त्यसबाहेक केही समयपछि नै २ वटा एटीआर ७२५०० विमान पनि खरिद गर्दै छौं । यस हिसाबले बुद्ध एयरसँग मात्रै १७ वटा एटीआर विमान हुनेछन् । यसको अर्थ अब बुद्ध एयरले मात्रै वार्षिक ३५ लाख यात्रुलाई सेवा दिन सक्नेछ । हाल बुद्ध एयरले वार्षिक २५ लाख यात्रुलाई सेवा दिइरहेको छ ।

AMBE GROUP

अम्बे स्टील

AMBE TMT

दीर्घायु भवः

नेपालकै सबैभन्दा ठूलो छड उत्पादक

CERTIFIED ISO 9001:2008 COMPANY

ने. गु. १९१

8mm देखि 32mm सम्मको Size मा नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।

Fe500 gradesteels

UTM TESTED

Tel: 01-5358128, Email: info@ambegroup.com, www.facebook.com/ambesteels, Web: https://ambegroup.com/

WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU & SILICON

Since 1760
Berger
Paint your imagination

व्रतबन्ध देखि विवाहसम्म
घाम-पानी छेक्छ १० वर्ष टिक्छ

चर्को घामबाट बचाउँछ

मुसलधारे वर्षाबाट जोगाउँछ

१० वर्ष वारेन्टी

राज्यको सम्पत्ति र लाभको उपयोग

शिक्षाको उद्देश्य गरिबलाई धनी बनाउन भन्याङको रूपमा काम गर्नु हो । विपन्नबाट सम्पन्न बनाउनु हो किनकि धनी बन्न लुट्न पाइन्न, चोर्न पाइन्न । सीप सिक्ने र सिकाउने संयन्त्रलाई राज्यले सम्पत्तिका रूपमा स्वीकार गरेर संरक्षण गर्नुपर्छ

डा. विश्व पौडेल

राज्यसँग सामान्यतया तीन प्रकारका सम्पत्ति/स्रोत उपलब्ध हुन्छन् । एउटा प्रत्यक्ष देखिने स्रोत हुन्छ । उदाहरणका लागि पानी, यस्तै प्रकारका अन्य प्राकृतिक स्रोत हुन सक्छन् । राज्यको स्रोतको रूपमा ढुंगा खानी, सल्फर, नाइट्रेट खानी हुन सक्छन् । वनजंगल पनि राज्यको सम्पत्ति हो ।

राज्यको सम्पत्ति र संरक्षण

जंगलमा जुन सिद्धान्त प्रयोग गरेर यसलाई हामीले बचाइरहेका छौं, त्यसले अधिकतम फाइदा दिएको छ कि छैन ? यो एउटा प्रश्न हो । जलविद्युत्को प्रयोग केही वर्षमा ह्वात्तै बढेको छ, सिमेन्टको पनि बढेको छ । यसबाट साधारण जनतामा राजस्व कति गएको छ ? त्यसको उत्तर अझै रोचक हुन्छ । हामी राज्यको राजस्वको स्रोत हेरौं । हाम्रोमा भएको प्राकृतिक स्रोतको उपयोग/ उपभोगबाट भन्दा राज्यले आयातमा आधारित भएर बढी राजस्व संकलन गरिरहेको छ । पछिल्लो समय आयकरको हिस्सा बढी छ ।

प्राकृतिक स्रोत : हामीले देखिने प्राकृतिक स्रोतको उपभोग गरेका छौं कि छैनौं, यो अहम् प्रश्न बनेर आएको छ । सरसर्ती हेर्दा उपयोग भएकै छैन जस्तो देखियो किनकि त्यहाँबाट कर उठिरहेको छैन । यदि राज्यले उपयोग गरेको छैन भने कसले फाइदा लिएको छ त ? हामी एउटा मात्र उदाहरण हेर्न सक्छौं, ढुंगा, बालुवा, गिटी । यसबाट राज्यले उठाउनुपर्ने फाइदा उठाउन सकेको छैन भने यसको फाइदा कसले उठाइरेको छ ? कसैले न कसैले त कमाइरहेको छ । हामी सबैलाई थाहा छ । त्यसो भए यस्तो खालको कमाइ कति न्यायसंगत छ त ? राज्यको स्रोतबाट केही व्यक्ति धनी हुने अवस्था रहनु वा भनौं उनीहरूको योगदानभन्दा बढी मुनाफा हुनु हुँदैन ।

प्राकृतिक स्रोतमा ढुंगा, गिटी, बालुवा, वन्यजन्तुजस्ता सबै विषयको प्रसंग आउँछ । पानीलाई कसरी बचाउने ? जलविद्युत आयोजना फर्केर सरकारको हातमा आएपछि कुन अवस्थामा आउँछन् ? ती राज्यलाई राजस्व तिर्न सक्ने अवस्थामा हुन्छन् कि राज्यलाई त्यो अप्ठेरो पार्ने गरी आउँछन् भन्ने मुख्य प्रश्न छ । चुनढुंगामा आधारित सिमेन्ट उद्योगको प्रश्न पनि यही नै हो ।

संस्थाः राज्यको दोस्रो महत्वपूर्ण स्रोत हो, संस्था । उदाहरणका लागि राष्ट्र बैंक, धितोपत्र बोर्ड, कानुनी संस्था । यी संस्था बनाउन वर्षौं लागेको छ । यी संस्थाको जगेर्ना गर्नु राज्यको दायित्व पनि हो । यी संस्थाले राम्रोसँग काम गरे भने जनतालाई फाइदा हुन्छ । यो संस्थाको फाइदा गरिब जनतासम्म पुऱ्याउन सकिन्छ । अहिले चर्चामा रहेको सेयर बजार र यसको नियामकारी संस्था धितोपत्र बोर्डकै कुरा गरौं । यो बोर्डको फाइदा गरिब/गुरूवासम्म बाँड्ने संयन्त्र छ भने त्यो राम्रो भयो । त्यो छैन र केही व्यक्ति मात्र त्यहाँबाट धनी भएका छन् भने त्यो खराब भयो । त्यसकारण यी र यस्ता संस्थालाई राज्यका सम्पत्ति मानिएको हो । यिनको जगेर्ना गर्नु राज्यको दायित्व हो ।

कहिलेकाहीँ सुन मात्र राज्यको सम्पत्ति हो कि भन्ने हामी सोच्छौं । त्यसो होइन । यस्ता संस्थाको पनि आर्थिक नै 'रिटर्न' छ । यी संस्थालाई बचाउँदा पैसा आएको नदेखिए पनि यी नहुँदा हाम्रो पैसा जान्छ । हाम्रो बजारको खोजी र विस्तारमा यी संस्थाले काम गरेका हुन्छन् ।

त्यसकारण यी संस्थालाई राज्यले आफ्नो सम्पत्ति मान्नुपर्छ ।

निर्वाचन आउँदै छ । निर्वाचन प्रक्रिया सस्तो, पारदर्शी बनायौँ भने भोलि द्वन्द्व निरूपणमा ठूलो सहयोग गर्छ । जातजातिबीचमा झगडा हुँदा होस् वा हतियार उठेको बेला होस् । हामीले निर्वाचनमा आऊ भन्ने गर्छौं । विगतमा माओवादीलाई यस्तै अवसर दिइएको हो । शान्ति प्रक्रिया भनेकै एक मानेमा निर्वाचनको निष्पक्षता र सत्तामा जान पाउने स्वपान हो भन्ने मान्यताका आधारमा उनीहरु यो व्यवस्थामा आएका हुन् । यदि हामीसँग निर्वाचन गर्ने प्रक्रिया नभएका भए द्वन्द्व निरूपणको एउटा मात्र उपाय युद्ध मात्र हुन्थ्यो । युद्ध त एक जना मात्र बाँकी रहँदासम्म पनि सकिँदैन । त्यसकारण यी संस्थाहरुको राज्यमा ठूलो महत्व रहन्छ ।

शिक्षाः तेस्रो स्रोत भनेको केही अमूर्त संयन्त्र हुन्छन्, जसले समाजलाई बचाउन ठूलो भूमिका खेल्छ । उदाहरणका लागि शिक्षा । शिक्षाको उद्देश्य गरिबलाई धनी बनाउन भन्याङको रूपमा काम गर्नु हो । विपन्नबाट सम्पन्न बनाउनु हो किनकि धनी बन्न लुट्न पाइन्न, चोर्न पाइन्न । सीप सिक्ने र सिकाउने संयन्त्रलाई राज्यले सम्पत्तिका रूपमा स्वीकार गरेर संरक्षण गर्नुपर्छ । साक्षरताले अस्थिरता रोक्छ । यी तीन खालका सम्पत्ति (प्रत्यक्ष देखिने, संस्था र अर्मूत वा सेवा क्षेत्र) बाटै आर्थिक रूपमा सबल बन्ने माध्यम हुन् ।

कस्तो परिवर्तनको आवश्यकता छ ?

सार्वजनिक सम्पत्तिको जगेर्ना राज्यले गर्नुपर्छ भन्नेमा दुईमत रहेन । साथमा अब राज्यले आफ्नो कर संरचनामा पनि केही न केही समीक्षा गर्नैपर्छ । आयातमा आधारित राजस्व, आम्दानीमा आधारित करमा पनि केही परिवर्तन ल्याउनुपर्छ । खास भन्ने हो भने कर राज्यको सम्पत्तिका माध्यमबाटै प्राप्त हुनुपर्छ । महाभारतमा उल्लेख भएजस्तै राज्यले कर उठाउने भनेको गाईको दूध दुहुनुजस्तै हो । यी सम्पत्तिलाई 'स्टक सम्पत्ति' का रूपमा लिने ताकि मुख्य संस्था नबिग्रियोस् । सम्पत्तिबाट हामीले कति प्रतिफल लिन चाहेको हो, निश्चित गरौं । धेरै दूध चाहियो भने अर्को गाई पाल्नुजस्तै । वा गाईलाई अधिकतम उत्पादक बनाउनु उसलाई पालनपोषणमा बढी मिहिनेत गर्नुपर्‍यो । तर, गाईलाई नै काटेर मासु खाएर दूधको सट्टा बढी प्रोटिन पाइन्छ भनियो भने अर्को दिन हामीसँगै केही बाँकी रहने छैन ।

निजी क्षेत्रको प्रवृत्ति र समस्या

निजी क्षेत्र लाइसेन्सप्रति बढी नै आसक्त छ । नेपालको निजी क्षेत्रमा आफैं आविष्कार गरेर वा अन्तर्राष्ट्रिय बजारमा निर्यात गरेर सम्पत्ति कमाउने मान्छे निकै कम छन् । आफूले लाइसेन्स हातमा लिएपछि अरूलाई निषेध गर्ने प्रवृत्ति निजी क्षेत्रमा छ । २०४८ पछिको आर्थिक सुधारको मुख्य विशेषता नै स्वतन्त्रता थियो । त्यसबेला मान्छेले चाहेका बेला स्कुल, बैंक, बिमा, विश्वविद्यालय, अस्पताल, विमानस्थल बनाउन सक्थे । हामी स्वतन्त्र नेपाली हौं, व्यवसाय गर्न पाउने हाम्रो नैसर्गिक अधिकार हो भन्ने मान्यतामा आधारित रहेर त्यो बेला सुधार भएको थियो । तर, आज अर्थतन्त्र लाइसेन्समा आधारित भएको छ । चाहेका बेला बैंक खोल्न पाइन्न । अस्पतालले लाइसेन्स पाउँदैनन् । बिमा कम्पनी खुल्न पाउँदैनन् ।

धेरै क्षेत्रमा लाइसेन्स राखिएको छ । आजको स्मार्ट जमानामा हरेक कामले असमानता बढाउनुहुँदैन भन्ने मान्यता राखिन्छ । त्यसकारण हाम्रा नीतिहरूले पनि असमानता बढाउनुहुँदैन । धनी र गरिबबीच खाडल निर्माण गर्नुहुँदैन । जहाँ यस्तो खाडल देखिन्छ, त्यहाँ राज्यले हेर्नुपर्छ । राज्यमा भएको स्रोतमाथि सबैको बराबर अधिकार रहन्छ । आफूले लगानी गरेभन्दा कसैले पनि बढी लाभ लिन पाइँदैन । कसैले लिएको छ भने त्यो 'अनफेयर' भयो । त्यस्ता खालका लाइसेन्सलाई हटाउनुपर्छ । कतिपय अवस्थामा त्यो अलोकप्रिय पनि लाग्न सक्छ । तर, मुलुक जहिले स्वतन्त्रतायुक्त र पारदर्शी हुनुपर्छ ।

KEDIA
GROUP

A must visit place in **Kathmandu**



Contact Details: Mob: 9802084007 | Email: info@chandragirihills.com
Chandragirihills Corporate Office: IME Complex Block B, Panipokhari, Kathmandu | www.chandragirihills.com

अब तपाईको मुद्दती खातामा

उच्चतम् प्रतिफल

ब्याजदर

Conditions Apply

व्यक्तिगत मुद्दती खातामा ३ महिना वा सो भन्दा माथी।

सांग्रिला डेभलपमेन्ट बैंक लि.

स्थानीय विकासको आधार

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

दोस्रो चरणको सुधार र निजी क्षेत्र

राज्यको नियमनकारी भूमिकालाई प्रभावकारी बनाई प्रतिस्पर्धी, कुशल र स्वचालित बजार प्रणाली स्थापित गरी निजी क्षेत्रको भूमिका विस्तार गर्न दोस्रो चरणको सुधार आवश्यक छ

विष्णुकुमार अग्रवाल

ऐतिहासिक पृष्ठभूमि

नेपालको आर्थिक सुधारको ऐतिहासिक पक्षलाई नियाल्दा ३० वर्ष अगाडिको परिवेशमा फर्कनुपर्ने हुन्छ । नियन्त्रणमुखी अर्थतन्त्रलाई खुला बजारमा परिणत गर्न २०४८ पछि जे-जस्ता नीतिगत व्यवस्था गरी तिनीहरूको कार्यान्वयन भयो, त्यसले नै पहिलो चरणको आर्थिक सुधारको जग निर्माण गऱ्यो । नियन्त्रित अर्थव्यवस्था खुला र प्रतिस्पर्धात्मक बजार व्यवस्थामा परिणत हुने आधार त्यतिबेला तयार भए । राज्यले उद्योग सञ्चालन गरी निरन्तर घाटा बेहोरेको र करदाताबाट संकलित रकमको ठूलो हिस्सा तिनै संस्थान सञ्चालनमा खर्च गरिरहनुपर्ने अवस्थाबाट मुक्ति खोज्दै नयाँ व्यवस्था अँगाल्यो । यसकै जगमा आजको आर्थिक अवस्थामा नेपाल आइपुगेको छ ।

अर्थव्यवस्थामा आर्थिक वृद्धि, लगानी विस्तार र रोजगारी सिर्जनामा निजी क्षेत्रको नेतृत्वदायी भूमिकालाई स्वीकार गरिएको छ । पहिलो चरणमा भएका आर्थिक सुधारका प्रयास निजी क्षेत्रको प्रोत्साहन र लगानीमैत्री वातावरण निर्माणमा केन्द्रित भए । नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा उत्पादनमूलक उद्योगको योगदान १४ प्रतिशतसम्म पुग्यो, जुन त्यही सुधारको परिणाम थियो । यद्यपि तीव्र राजनीतिक उतारचढाव र द्वन्द्वले धेरै प्रयासमा अपेक्षित नतिजा दिन सकेन ।

पहिलो चरणको सुधार र प्रभावकारिता

२०४६ को परिवर्तन र त्यसयता गरिएका आर्थिक सुधारका प्रयास प्रारम्भिक चरणका थिए । अर्थव्यवस्थामा निजी क्षेत्रको भूमिका विस्तार भएसँगै सरकारको आम्दानीको दायरा फराकिलो हुँदै गयो । घाटामा गइरहेका उद्योगमा गर्नुपर्ने सरकारको लगानी सामाजिक, आर्थिक पूर्वाधारमा हुने वातावरण बन्यो । त्यसैको जगमा सामाजिक सुरक्षाका कार्यक्रम कार्यान्वयन भए । ठूला पूर्वाधार सरकारले अघि बढाउन सक्ने आधार तयार भए ।

पहिलो चरणको सुधारले ज्याला, वस्तुको मूल्य र ब्याज बजारबाटै निर्देशित हुने आधार तयार गऱ्यो । राज्यको भूमिका सामाजिक विकासमा बढी केन्द्रित गर्ने र आर्थिक विकास एवं आमनागरिकको जीवनस्तर उकास्न सरकार र निजी क्षेत्र मिलेर अघि बढ्ने माहोल तयार गऱ्यो । आठौँ पञ्चवर्षीय योजना (०४९-०५४) मार्फत सार्वजनिक संस्थानको निजीकरण, वित्तीय क्षेत्रमा उदारीकरण, कर प्रणालीमा सुधार, सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थानमा गरिएका कामको परिणाम अहिलेसम्म देखिएका छन् । सरकारले व्यापार गर्ने सोचबाट बाहिरिँदै यसको जिम्मा निजी क्षेत्रलाई दिने र सरकार अभिभावकीय भूमिकामा रहने गरी दिगो प्रणालीको सुरूआतले नै आर्थिक सुधारका आधार मजबुत बनाउँदै लगे ।

निजी क्षेत्रलाई अर्थतन्त्रको मूल प्रवाहमा ल्याउने सरकारी नीति आफैंमा स्वागतयोग्य थियो । यो ३० वर्षमा निजी क्षेत्रलाई प्रोत्साहन गरिँदा नेपाल सिमेन्ट, पोल्ट्रीजस्ता क्षेत्रमा आत्मनिर्भर हुने अवस्थामा पुगेको छ । बजारमा प्रतिस्पर्धी आधार तयार गरी निजी क्षेत्रलाई बराबर प्रतिस्पर्धाको अवसर दिँदा नेपालको दूरसञ्चार क्षेत्रमा डेढ दशकमा कति परिवर्तन भयो, उदाहरणका रूपमा हेर्न सकिन्छ । आन्तरिक र बाह्य लगानी प्रवर्द्धनका प्रयासले बहुराष्ट्रिय कम्पनीलाई नेपाल प्रवेश गरायो, जसले स्वदेशी र विदेशी लगानीकर्ताका लागि नेपाल लगानीको उपयुक्त गन्तव्यको रूपमा परिचित गरायो । पहिलो चरणको सुधारले जति अवसर सिर्जना भयो,

त्यसको अधिकतम उपयोगको प्रयास निजी क्षेत्रले गरेको छ । यद्यपि, आन्तरिक उत्पादन र औद्योगिक क्षेत्रको प्रवर्द्धनमा सोचेअनुरूप काम हुन नसक्दा व्यापार घाटा नियन्त्रण, उत्पादन वृद्धि र निर्यात प्रवर्द्धन प्रभावकारी हुन सकेनन् ।

दोस्रो चरणको सुधारको आवश्यकता

दोस्रो चरणको आर्थिक सुधार मूलतः बजार अर्थव्यवस्थाको सुदृढीकरणमा केन्द्रित हुनुपर्छ । राज्यको नियमनकारी भूमिकालाई प्रभावकारी बनाई प्रतिस्पर्धी, कुशल र स्वचालित बजार प्रणाली स्थापित गरी निजी क्षेत्रको भूमिका विस्तार गर्न दोस्रो चरणको सुधार आवश्यक छ । नीतिगत र कानुनी सुधारमार्फत सबल बजार व्यवस्थाको निर्माणका लागि दोस्रो चरणको आर्थिक सुधारको बहस अघि सारिएको छ । आर्थिक सुधार आवश्यक छ भन्नेमा नेपाल सरकार पनि सहमत भएकाले छिट्टै आवश्यक नीतिगत प्रबन्धका कार्य प्रारम्भ हुने अपेक्षा गर्न सकिन्छ ।

पन्ध्रौं योजना (०७६/७७/०८०/८१ मा दिगो आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुनुपर्ने लगानीबारे उल्लेख छ । यसैगरी दिगो विकासका लक्ष्य हासिल गर्दै नेपाललाई मध्यम आय भएका मुलुकको सूचीमा स्तरोन्नतिका लागि निजी क्षेत्रबाट महत्वपूर्ण भूमिका निर्वाह हुनुपर्ने उल्लेख छ । यी सबै व्यवस्थालाई दृष्टिगत गरी निजी क्षेत्रको भूमिका विस्तार गर्दै बजारको प्रतिस्पर्धी क्षमता विकासका लागि कानुनी र नीतिगत सुधार जरूरी छ । सरकारले निजी क्षेत्रसँग सम्बन्धित कानुनमा समयानुकूल परिवर्तन गर्न जरूरी छ । अहिले पनि ५० वर्षभन्दा पुराना कानुनको आधारमा निजी क्षेत्रमाथि नियन्त्रणको प्रयास गर्नु दुर्भाग्यपूर्ण छ ।

संविधान जारी भइसकेपछि सरकारले बाध्यकारी रूपमा मौलिक हकसँग सम्बन्धित कानुन तर्जुमा गऱ्यो । तर, निजी क्षेत्रले वर्षौंदेखि माग गरिरहेका कानुन निर्माण र संशोधनमा पर्याप्त ध्यान पुग्न सकेन । यसले सुधारको गतिमा हाम्रो गाम्भीर्यतामा प्रश्न उठाएको छ । कानुनी सुधारमार्फत राज्यले आफूलाई सहजकर्ता र नियामकको भूमिकामा राखेर स्वदेशी एवं विदेशी लगानीकर्तालाई पुँजी विस्तारका लागि अवसर सिर्जना गराइदिनुपर्ने आजको आवश्यकता हो । अब बन्ने कानुन र सरकारले लिने नीति यसैतर्फ केन्द्रित हुनुपर्छ । नेपालको निजी क्षेत्रलाई आर्थिक विकासको नेतृत्व लिन सक्षम छ भन्ने प्रमाणित भइसकेको छ ।

> बदलिँदो प्रविधि र परिस्थिति एवं राज्यका आवश्यकताले नीतिगत परिवर्तनको माग गरिरहेका हुन्छन् । राज्यका संरचना व्यावसायिक क्रियाकलाप विस्तारमा सहयोगी बन्नुपर्छ ।

सुधारका नीतिगत र संरचनात्मक प्रबन्ध

आर्थिक सुधार नियमित र गतिशील प्रक्रिया हो । बदलिँदो प्रविधि र परिस्थिति एवं राज्यका आवश्यकताले नीतिगत परिवर्तनको माग गरिरहेका हुन्छन् । राज्यका संरचना व्यावसायिक क्रियाकलाप विस्तारमा सहयोगी बन्नुपर्छ । अहिले पनि निजी क्षेत्रलाई औद्योगिक क्रियाकलाप विस्तारमा धेरै बाधा छन् । ती अवरोध हटाउन सरकारी संरचनाले काम गर्नुपर्छ ।

उदाहरणका लागि उद्योग स्थापनाका लागि आवश्यक जग्गा लिने विषय हेरौं । सरकारले उद्योग स्थापनाका लागि जग्गामा हदबन्दी तोकेको छ । हदबन्दीभन्दा धेरै जग्गा भएको अवस्थामा वित्तीय प्रयोजनका लागिसमेत त्यसको प्रयोग गर्न पाइँदैन । कुनै कारणले उद्योग धराशयी भएको अवस्थामा जग्गा बेच्न वा उद्देश्य परिवर्तन गरी उद्योग सञ्चालन गर्नसमेत रोक लगाइएको छ । उद्योग बन्द हुने अवस्थामा बाहेक जग्गा बेच्न नपाइने व्यवस्थाले उद्योग सञ्चालनका लागि प्रोत्साहन गर्दै छ ।

नेपालको औद्योगिक विकासमा बाधा पुऱ्याइरहेका क्षेत्र धेरै छन् । अहिले श्रम सम्बन्धमा ठूलो समस्या छैन । तर, नीतिगत अस्थिरता र आकस्मिक रूपमा परिवर्तन हुने कतिपय कानुनी परिवर्तनले लगानी प्रभावित बनाइरहेको हुन्छ । सरकारले ०७५ बाट सामाजिक सुरक्षा ऐन कार्यान्वयन प्रारम्भ गरे पनि अझै त्यसमा द्विविधा कायमै छन् । औद्योगिक पूर्वाधार विकासमा नेपाल धेरै कमजोर छ । एकातिर उद्योगले विद्युत् नपाउने र डिजेलबाट ऊर्जा उत्पादन गर्नुपर्ने अवस्था छ, भने अर्कोतर्फ उत्पादित विद्युत् उद्योगसम्म पुऱ्याउने पहुँच मार्ग बनाउन नसक्दा खेर गइरहेको अवस्था छ । यस्तो विरोधाभासपूर्ण अवस्थाको अन्त्य हुन जरूरी छ ।

सरकार र निजी क्षेत्रको भूमिका

आर्थिक सुधारको विषयमा सरकार र निजी क्षेत्र एकआपसमा जोडिएका छन् । आर्थिक उदारीकरणको नीतिले नेपालको निजी क्षेत्रलाई अर्थतन्त्रको 'ड्राइभिङ सिट' ल्याइएको छ । यसलाई कुशलतापूर्वक सफलताको बाटोमा लैजान सरकारले सहजकर्ताको भूमिका खेल्नुपर्छ भन्ने निजी क्षेत्रले खुला एवं प्रतिस्पर्धात्मक वातावरणलाई स्वीकार गर्दै अघि बढ्नुपर्छ । निजी क्षेत्रलाई थप लगानीका लागि प्रोत्साहन गर्ने, लगानी सुरक्षा प्रत्याभूति दिने र नीतिगत व्यवस्थामार्फत समान प्रतिस्पर्धाको आधार तयार गर्ने दायित्व सरकारको हो । लगानीका सम्भाव्य क्षेत्र पहिचान गरी स्वदेशी र विदेशी लगानीकर्तालाई आह्वान गर्ने काम पनि सरकारले गर्नुपर्छ ।

सुधारका काम एक पटक गऱ्यो र सकियो भन्ने हुँदैनन् । निजी क्षेत्रको आवश्यकताअनुसार सरकारले सुधारका क्रियाकलाप अघि बढाउनुपर्छ । नेपाल उद्योग परिसंघले नेपाललाई उत्पादनमूलक अर्थतन्त्रमा रूपान्तरणका लागि ३४ वटा क्षेत्रमा नीतिगत मध्यस्थताको आवश्यकता पहिचान गरेको छ । ती विषय पनि सरकारले अघि बढाउनुपर्ने आर्थिक सुधारका विषयसँग नै सम्बन्धित छन् । नेपाललाई आर्थिक रूपमा सबल र सम्पन्न बनाउन बर्सेनि १ हजार उद्योग दर्ता गर्ने, कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान २५ प्रतिशत पुऱ्याउने, वार्षिक एक लाख औद्योगिक रोजगारी सिर्जना गर्ने र नेपालको निर्यात वार्षिक साढे ४ अर्ब डलर पुऱ्याउने लक्ष्य हासिल गर्न उल्लिखित नीतिगत मध्यस्थता आवश्यक छन् ।

लगानी विस्तार, औद्योगिक विकास र रोजगारी सिर्जनाको चालक निजी क्षेत्र हुन् । दरिलो इच्छाशक्तिसहित निरन्तरको सुधारले निजी क्षेत्रको प्रवर्द्धनमा सहयोग गर्छ । सरकार र सरकार सञ्चालन गर्ने राजनीतिक दल एवं कर्मचारीतन्त्रले निजी क्षेत्रलाई विश्वासमा लिएर नेपाललाई आर्थिक रूपमा विकसित र सम्पन्न मुलुक बनाउनेतर्फ योगदान गर्नुपर्छ ।

byanjanedibleoils

व्यञ्जनको उत्कृष्ट उत्पादनहरु

अब बैंक धाउन नपर्ने, जुनसुकै स्थानबाट VIP कार्डको लागि Apply गर्न सकिने

Mega VIP Card

PROCESS

STEP 1
Visit Mega Bank official webpage (www.megabanknepal.com)

STEP 2
Select Prepaid Int. Card Request on the main menu

STEP 3
Enter required information and select 'send' button to apply for the Mega Prepaid Int. Card

APPLY ONLINE NOW

eCommerce transaction up to USD **$500/-** per year

- Secure and Hassle Free
- Zero Top up Fee
- Zero Transaction Fee

शर्तहरु लाग्ने



The Banker
Bank of the Year 2019
NEPAL

ISO 9001:2015 Certified Bank

विश्वास जित्दै... अघि बढ्दै...

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड: राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ९७७-९८५१२०७७१५, टोल फ्री नं. १६६००१०००२५

दोस्रो चरणको सुधारअघि समीक्षा

वैदेशिक लगानीका विषयमा अहिले पनि राजनीतिक दलका फरक-फरक भनाइ छन् । लगानी अहिले नआएको त होइन तर अपेक्षा गरेबमोजिम ल्याउन सकिएन

भरतबहादुर थापा

नेपाल संसारका दुई ठूला अर्थव्यवस्था भएका मुलुकको बीचमा छ । उत्तरी क्षेत्रमा रहेको चीन अहिले विश्वमा पहिलो धनी देश बन्ने यात्रामा छ । र, अर्को छिमेकी मुलुक पनि दोस्रो ठूलो अर्थतन्त्र भएको मुलुक बन्ने गरी आफ्ना विकासका काम अघि बढाएको छ ।

समुद्रसगँको पहुँच नभएका कारण हाम्रो मुलुक भूपरिवेष्ठित छ । देशमा सबै किसिमका हावापानी भए पनि हामीले त्यसको उपयोग गर्न सकेका छैनौँ । संसार अहिले उत्पादन, व्यापार र लगानीका तीन क्षेत्रमा खुला भएको छ । यी तीनै क्षेत्र संसारभर प्रवाह हुन सक्ने स्थिति छ । त्यसैले सबैभन्दा पहिले अब हामीले आफ्नो के कुरामा क्षमता छ र केमा अन्य मुलुकसँग प्रतिस्पर्धा गर्न सक्छौँ भनेर थाहा पाउनुपर्छ ।

सन् १९९० पछि नेपालमा मात्रै होइन, संसारभर नै सुधारको लहर आयो । विश्वको अर्थतन्त्रसँग आबद्ध गराउने नै यसको मुख्य उद्देश्य थियो । जुन सुधार विश्वव्यापीकरण, उदारीकरण र निजीकरणमा केन्द्रित भएको थियो । १९९० पछिको सुधारले हाम्रो मुलुकलाई पनि निकै सकारात्मक अवस्थामा ल्यायो । उत्पादन, लगानी र विकासका हिसाबले मुलुक केही अघि पनि बढेको थियो ।

तर, सुधार एकैपटक सकिने प्रक्रिया होइन । संसारभर नै सुधारको लहर चलेकाले हाम्रो सुधारलाई मात्रै हेरेर होइन कि अरूको सुधारलाई हेरेर पनि त्यहीअनुसार हाम्रा नीति निर्माण गर्नुपर्थ्यो, त्यसमा हामी पछि पर्‍यौँ ।

अहिले हामी कुन अवस्था छौँ भनेर हेर्दा लगानी गर्ने वातावरणमा १ सय ९० वटा मुलुकमा ९४औँ स्थानमा हाम्रो मुलुकमा रहेको छ । मानव विकास परिसूचकांकमा हेर्ने हो भने १ सय ८९ वटा मुलुकमा १ सय ४२औँ स्थानमा छौँ । भ्रष्टाचार अवधारणा सूचकांकमा १ सय ८० मुलुकमध्ये हाम्रो स्थान १ सय १७औँमा छ । यसले भने हामीलाई भ्रष्ट मुलुकको रूपमा देखाएको छ ।

'समृद्ध नेपाल सुखी नेपाली' नारा लिएका छौँ । अब समृद्धिको परिसूचकांकमा हेर्ने हो भने हामी १ सय ६७औँ मुलुकमध्ये १ सय १४औँ नम्बरमा रहेका छौँ । त्यस्तै, खुसीको परिसूचकांकमा पनि हामी त्यति नराम्रो अवस्थामा देखिदैनौँ ।

१९९० पछि हामीले लगानीमा निजी क्षेत्रका लागि ढोका खुला गर्‍यौँ । यसपछि निजी क्षेत्रको सहभागिता अत्यन्त उत्साहजनक रह्यो । यसरी निजी क्षेत्रको प्रवेशले सरकारी सेवाभन्दा निजी क्षेत्रको सुविधा अझ राम्रो देखियो ।

१९९० पछि हाम्रो मुलुक विश्व व्यापार संगठनमा पनि प्रवेश गर्‍यो, जसले गर्दा मुलुक लगानी र व्यापारमा खुला भयो । तर, हामीले यो समयमा सुधारको गतिलाई राम्रोसँग अघि बढाउन सकेनौँ । अर्थात्, सुधार एक पटकले मात्रै पुग्दैन, नियमित सुधारको आवश्यकता थियो । तर, त्यसमा हामी चुक्यौँ ।

१९९० पछि हाम्रो मुलुक लगातार राजनीतिको चपेटामा रह्यो । २०४६ को राजनीतिक परिवर्तनपछि मुलुकले विकासको लय समाउँदै थियो । तर, मुलुक फेरि २०५२ देखि युद्धमा होमियो ।

विकासका हिसाबले हेर्ने हो भने ०४६ को राजनीतिक परिर्वतनपछि ०५२ सम्मको अवधि सुनौलो अवधि हो । तर, यसले निरन्तरता पाउन सकेन । २०५२ मा युद्ध सुरू भएसँगै लगानी वातावरण नै बिग्रियो, सुधारले पनि गति लिन

सकेन ।

सन् १९९६ मा भएको नेपाल-भारत सन्धिले लगानी भित्र्याउन सहज गरायो । नेपालमा उत्पादन भएका सम्पूर्ण वस्तु कर नलागी भारत पुग्ने स्थिति आयो । भारतले वस्तुमा लगाएको कर हाम्रोभन्दा उच्च रहेकाले हाम्रा उत्पादनले बजार पाए । जसका कारण हामी व्यापारमा घाटा होइन, नाफामै रहेको देखियो । भारतले हामीलाई व्यापारमा नाफामा पुगेको बताए पनि हामी भने अझै घाटामै छौं भन्यौं । किनभने, हामीले धेरै गर्नुपर्ने थियो तर राजनीतिक गतिविधिका कारण सुधारले गति लिन सकेन । यसपछि छिटपुट सुधार भए । तर, कर, लगानी र हाम्रो क्षमता केमा छ भन्ने पहिल्याएर पुन सुधारको आवश्यकता थियो, जुन समयमै हुन सकेन ।

मुखले हामी लगानी भित्र्याउने भनेर भन्यौं । तर त्यसका लागि आवश्यक काम अघि बढाउन सकेनौं । वैदेशिक लगानी भित्र्याउन हामीले लगानी सम्मेलन गर्छौं । तर, यो खास प्रभावकारी बनाउन सकेका छैनौं । यस्तो सम्मेलनमा हामीले लगानी आउन सक्छ कि सक्दैन भनेर समीक्षा गरेका छैनौं ।

लगानीमा तीन वटा चरण हुन्छन् । पहिलो प्रवेश दोस्रो सञ्चालन र तेस्रो निवेश । लगानी भित्र्याउन अहिले पनि प्रक्रियागत जटिलता यथावतै छन् । यसपछि सञ्चालनका क्रममा पनि समस्या देखिन्छन् । श्रमिक अभावको समस्या यथावतै छ । निवेश अर्थात् लगानी फिर्ता लाने क्रममा पनि सहज छैन । यी तीनै चरणमा अब समीक्षाको आवश्यकता छ ।

कर प्रशासनमा सुधारको आवश्यकता छ । अन्य मुलुकमा भन्दा नेपालमा लगानी गर्दा के फाइदा छ भनेर प्रस्ट पार्न जरूरी छ । त्यसैगरी कुनै पनि उद्योगधन्दा हामीले राष्ट्रियकरण गर्दैनौं भनेर लगानीकर्तासामु प्रस्टसँग भन्नुपर्ने अवस्था छ ।

सुरूमा हामीले लगानी भित्र्याउने कुनै पनि विदेशी कम्पनीलाई २१ दिनभित्र लगानी स्वीकृत गरिदिन्छौं भनेका थियौं । जसका कारण लगानीकर्तामा केही विश्वास पनि जागेको थियो । इन्टरनेसनल चेम्बर अफ कमर्ससँग मिलेर हामीले इन्भेष्टमेन्ट गाइड पनि बनायौं, जसमा नेपालमा किन लगानी गर्ने भनेर प्रस्टसँग राख्यौं । तर, पछि त्यसमा केहि प्रावधान थपेर लगानी अल्झ्याउने र आफू भने अख्तियारबाट बच्ने मात्रै प्रयास गरियो । २१ दिनभित्र लगानी स्वीकृत गर्ने प्रावधानमा विभिन्न कागजात पूरा गरे मात्रै लगानी स्वीकृत हुने प्रावधान थपियो ।

अहिले हामीले अन्तर्राष्ट्रिय लगानीकर्तालाई

लगानीमा तीन वटा चरण हुन्छन् । पहिलो प्रवेश दोस्रो सञ्चालन र तेस्रो निवेश । लगानी भित्र्याउन अहिले पनि प्रक्रियागत जटिलता यथावतै छन् । यसपछि सञ्चालनका क्रममा पनि समस्या देखिन्छन् ।

राष्ट्रिय स्रमा नेपालमा किन लगानी गर्ने भनेर प्रस्ट भन्नै सकेका छैनौं । केही दुई-चार जना नेताले भन्दैमा लगानीकर्ताले पत्याउने कुरा भएन । किनभने, वैदेशिक लगानीका विषयमा अहिले पनि राजनीतिक दलका फरक-फरक भनाइ छन् । लगानी अहिले नआएको त होइन तर अपेक्षा गरेबमोजिम ल्याउन सकिएन ।

हामी संघीयतामा त गयौं तर प्रदेश सरकारका अनुदान र सहुलियतले लगानीकर्ता आकर्षित गर्न सकेका छैनौं । भारतमा कुन प्रदेशमा जाँदा कस्तो खालको कर छुटको व्यवस्था छ ? के सहुलियत छ ? प्रस्टसँग व्यवस्था गरिएको छ । भारतमा विकासको आफ्नो अवस्थालाई मूल्यांकन गरेर सहुलियतका प्याकेज बनाइएको हुन्छ ।

यसरी मुलुक भित्रिएका वैदेशिक लगानीका उद्योगधन्दालाई प्रदेश सरकारले मात्रै होइन, केन्द्र सरकारले पनि सहुलियतका प्याकेज ल्याउँछ । तर, हामीले सात वटा प्रदेशमध्ये कुन प्रदेशमा कुन सुविधा छ भनेर प्रस्ट पारेका छैनौं ।

खुला सीमा हाम्रो अर्को समस्या हो । सीमा क्षेत्रलाई हामीले नियमनै गर्न सकेका छैनौं । सोही कारण विभिन्न नीति कार्यान्वयनमा खुला सीमा कठिनाइको स्रमा आउने गरेको छ । उत्तरी सीमाका कारण हामीलाई खास समस्या छैन । तर, भारततर्फको १८ सय किलोमिटर लामो सीमा खुला मात्रै होइन, अव्यवस्थित पनि छ ।

गणतन्त्रपछिको अवस्था हेर्ने हो भने जनताको यसमा खुबै चासो बढेको छ, जुन एकदमै सकारात्मक छ । विकासलाई हामीले राजनीतिक मुद्दा त बनायौं तर त्यसलाई कार्यान्वयन भने गर्न सकेनौं । नयाँ नेपाल के हो भन्ने प्रस्ट नपार्दै यो अलप भइसकेको छ । समृद्ध नेपाल सुखी नेपाली भनेका छौं । समृद्धि भनेको भौतिक र आर्थिक मात्रै होइन । समृद्धिका ९ वटा परिसूचक हुन्छन् ।

सुरूमा गुणस्तरीय अर्थव्यवस्था हुनपर्‍यो । दोस्रो, व्यवसाय गर्ने वातावरण हो । तेस्रो, सुशासन र चौथो व्यक्तिगत स्वतन्त्रता हो । पाँचौंमा सामाजिक पुँजी पर्छ भने सातौं सुरक्षा हो । यसपछि शिक्षा अर्को महत्वपूर्ण कुरा हो । शिक्षाले ज्ञान, सीप र संस्कार दिन सक्नुपर्छ । यी तीन वटै कुरा दिन हाम्रो शिक्षा चुकेको छ ।

यसपछि अर्को सूचकांक स्वास्थ्य हो । यसको अवस्थाबारे कोरोना महामारीका बेला हाम्रो अवस्थाले नै देखायो । यसपछि अर्को सूचकांक भनेको प्राकृतिक स्रोत हुन् ।

समृद्ध नेपाल भन्यौं, जसलाई पन्ध्रौं योजनाले केही उल्लेख गरे पनि त्यो अपुरो छ । समृद्धिमा सबैभन्दा ठूलो कुरा गुणस्तरीयता हो । अहिले संसारमा सडकको पहुँच छ कि छैन भनेर हेर्रिंदैन । बरू यसको साटो गुणस्तरीय सडक छ कि छैन भनेर हेरिन्छ । त्यसैगरी बिजुलीको उपलब्धता हैन, यसको गुणस्तरीयता हेरिन्छ । शिक्षाको उपलब्धता हैन, त्यसको पनि गुणस्तरीयता हेरिन्छ ।

समृद्धिको परिसूचकांकमा डेनमार्क एक नम्बरमा रहेको छ । तर, एक नम्बरमा रहेको मुलुक पनि सबै सूचकमा समृद्ध भने भइसकेको छैन । भारत अर्थतन्त्रको आकारको हिसाबले हेर्ने हो भने पाँचौं ठूलो अर्थतन्त्र भएको मुलुकमा पर्छ । तर, भारत समृद्धिको सूचकांकमा १ सय १ स्थानमा छ भने हामी १ सय १४औं स्थानमा रहेका छौं ।

अहिले खुला बजेटका चलन आइरहेका छन् । तर, हामी अहिले पनि वितरणमुखी बजेट निर्माण गरिरहेका छौं । आर्थिक सुधारमा विश्व जुन गतिमा अघि बढ्यो, हामीले त्यसलाई पछ्याउन सकेनौं ।

पन्ध्रौं योजनाले लामो समय र छोटो समयका दुवै खालका योजना राखेको छ । हामीले सन् २१ सयसम्म कहाँ पुग्ने भनेर योजना बनाएका छौं । जसमा ६ प्रतिशतको आर्थिक वृद्धिलाई १० प्रतिशतमा पुऱ्याउने र पन्ध्रौं योजना सार्वजनिक गर्ने बेलामा १ हजार हाराहारी रहेको प्रतिव्यक्ति आय १२ हजार डलर पुऱ्याउँछौं भनेर लक्ष्य राखेका छौं । तर, यस्तो लक्ष्य हासिल गर्न हामीले गर्नुपर्ने आवश्यक सुधारमा भने चुकेका छौं ।

हामीले अब कर प्रशासनमा मात्रै होइन,

सहुलियतका प्याकेजमा पनि सुधार गर्नुपर्ने आवश्यकता छ । दोस्रो चरणको सुधार भनेका छौं ।स अब काम गर्नेहरूले काम गर्न पाउनुपर्‍यो । साथै, काम गर्ने वातावरणको पनि सिर्जना हुनुपर्‍यो । शिक्षालाई कामसँग जोड्नुपर्‍यो ।

हरेक विकासका गतिविधिलाई राजनीतिक दलका नेताहरूले त्यसलाई कमाउने मौकामा हेर्ने गरेका छन् । त्यो प्रवृत्तिमा अहिले पनि कमी आएको छैन । समावेशिताको पनि आवश्यकता छ । सन् १९९२ पछिको विकास क्रममा केही अघि बढे भने कोही पछि छुटिरहेका छन् । पछाडि परेको वर्गलाई अब हामीले हेर्नुपर्ने अवस्था आएको छ । निजी क्षेत्रको लगानी खुला गर्‍यौं । तर, त्यसको नियमनमा चुक्यौं । यसको नियमनमा राजनीतिकरण भयो । निजी क्षेत्र खुला भनेको कर छली गर्नका लागि होइन । कर छलीमा पनि कारबाही गर्न सकेनौं । राजनीतिका कारण नियामक निकाय कमजोर हुँदा यस्तो परिणति भोग्नुपर्‍यो । यो अहिलेको चिन्ताको विषय हो । विकासलाई राजनीतिबाट अलग राख्नु अबको आवश्यकता हो ।

दोस्रो चरणको सुधारमा अब मन खोलेर गर्नुपर्ने स्थिति छ । काम गर्नेहरूलाई तत्कालका लागि के-के आवश्यकता छ मात्रै होइन, त्योभन्दा पर पनि गएर हेर्न जरूरी छ । अरु मुलुकको विकासमा कहाँ छन् भन्ने हेरेर उनीहरूको विकासको लय समात्ने गरी हामीले नीतिगत सुधार गर्नुपर्छ । नीतिगत स्थायित्वसँगै यसको समीक्षाको पनि जरूरी छ । अहिले पनि लगानी कतातिर गइरहेको छ भनेर हेर्ने हो भने अमेरिकामै केन्द्रित भएको देखिन्छ । मौरिसस, सिंगापुरमा पनि गएको छ । यहाँका लगानी पनि मौरिससमा गएका छन् । किन त्यहाँ लगानी गयो भनेर यसको समीक्षा गर्नुपर्दैन ? सन् १९९२ मा जसरी सुधारका लागि आँट गरियो, फेरि त्यस्तै सुधारका लागि अर्को आँट जरूरी छ ।

"श्रमबाट समृद्धि, समृद्धिबाट सुख" विदेश होइन, स्वदेशमा नै श्रम गरौं

"सुलभ कर्जा, युवालाई स्वरोजगार, उत्पादशील लगानी विकासको आधार"

युवा तथा साना व्यवसायी स्वरोजगार कोषले स्थानीय स्रोत साधनको प्रयोग हुने गरी मूलुकमा उपलब्ध जन शक्तिद्धारा स्वरोजगारमूलक व्यवसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीयस्तरमा सुलभ र सुरक्षित व्यवसायीक कर्जा उपलब्ध गराई उत्पादनशीलताको विकास मार्फत मूलुकभित्र स्वरोजगारका अवसरहरु सिर्जना गर्न विभिन्न कार्यक्रमहरु संचालनमा ल्याएको छ । मूलुकमा उपलब्ध जनशक्तिलाई आर्थिक रुपमा सक्षम, सामाजिक रुपमा जिम्मेवार, जागरुक एवम् सिर्जनशील बनाई स्वरोजगार कार्यक्रमहरुमा उनिहरुको सहज पहूच, प्रयोग र स्रोत परिचालन गर्न सक्ने अवस्था सिर्जना गरी अपनत्व र स्वामित्वको अनुभूति गराई कार्यक्रमलाई प्रभावकारी बनाउन युवा स्वरोजगार मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन भईरहेका छन ।

विस्तृत जानकारीका लागि

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार कोष, सचिवालय
अनामनगर काठमाडौं ।
फोन नं.०१-४१०२७८२, ०१-४१०२७८८, ०१-४१०२८११
Email: info@ysef.gov.np, Web: www.ysef.gov.np

जीवन सहज बनाई दिने आफ्नैले त हो नी !

विशेषताहरू:

- २० हजार देखी ५ लाख सम्मको Credit Limit
- नेपाल, भारत र भुटानमा चल्ने
- प्रतिष्पर्धी बजारमा सस्तो ब्याजदर
- आफ्नो खातामा पैसा नभए पनि Limit अनुसार आर्थिक कारोबार गर्न सकिने

आफ्नो भनेको आफ्नै हुन्छ

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौ
फोन: ९७७-१-४२५-२५९५ । फ्याक्स: ९७७-१-४२५-२९३१ । rbb.info@rbb.com.np । www.rbb.com.np

पर्यटनमा अबको रणनीतिक मार्गचित्र

आन्तरिक पर्यटकले पोखरा, चितवनलगायतका पर्यटकीय क्षेत्र भरिभराउ रहेको, मुस्ताङ, रारालगायतका हिमाली क्षेत्रमा जाने स्वदेशीको संख्या बढेको पाइन्छ । अबको दशकमा नेपाली पर्यटककै बलमा नेपालको पर्यटन अघि बढ्न सक्छ

भवानी राणा

कोभिड महामारीको दुष्प्रभावबाट अर्थतन्त्रका कुनै पनि क्षेत्र मुक्त हुन सकेनन् । निजी क्षेत्रले नेतृत्व लिएका व्यापार, व्यवसायका सबैजसो क्षेत्र प्रभावित बनिरहँदा सार्वजनिक निकायका सेवा पनि प्रभावित रहे । महामारीको यकिन क्षतिसमेत आकलन हुन नसकेको अवस्थामा कुन क्षेत्रमा कस्तो असर रह्यो र त्यसलाई कसरी पहिलेकै अवस्थामा फर्काउने भन्नेमा सरकार अलमलमै रह्यो । फलतः महामारीपछिको अर्थतन्त्र सरकारको प्रयासभन्दा पनि आफ्नै बलबुँतामा माथि उठ्न जुर्मुराएको अवस्था छ । एक दशक लामो माओवादी युद्धदेखि भूकम्प, नाकाबन्दी तथा संक्रमणकालीन राजनीतिको दुष्चक्र भोगेको नेपालको निजी क्षेत्रका लागि कोभिड महामारी अनपेक्षित भए पनि यसलाई सामना गर्ने सामर्थ्य रह्यो भन्न सकिन्छ । सम्भवतः यसैकारण अर्थतन्त्रमा ठूलो क्षति भएन ।

पर्यटन नेपालका लागि मात्र नभएर संसारभर 'ग्ल्यामर' भएको क्षेत्र मानिन्छ । पर्यटनकै अर्को अंग मानिने हवाई उद्योग क्षेत्रमा औद्योगिक तथा व्यावसायिक क्षेत्रका बादशाह जोडिने गरेका छन् । कतिपयले यसमा सफलता हात पारे पनि अधिकांशको नियति समान नै छ । पर्यटन उद्योग ठप्प भएका बेला हवाई उद्योग स्वतः धराशयी हुने भएकाले पनि यी दुवै उद्योगबीच नङ र मासुको जस्तै सम्बन्ध छ । नेपालकै अनुभव हेर्ने हो भने पनि पर्यटन र हवाई उद्योग दुवैमा निजी क्षेत्रका ठूला घराना नजोडिएको बिरलै इतिहास होला । आन्तरिक पर्यटनले त्यति रफ्तार लिन नसकिरहेका बेला समग्र पर्यटन उद्योग बाह्य पर्यटकमै भर पर्नुपर्ने अवस्थामा कोभिड महामारीजस्तो मानव सभ्यताको इतिहासमै बिरलै हुने घटनामा यस क्षेत्र प्रभावित हुनु स्वाभाविक थियो । यसैले कोभिडको असरबाट सबैभन्दा बढी प्रभावित क्षेत्र पर्यटन नै हो भन्नेमा सन्देह छैन ।

उदारीकरणपछिको फड्को

नेपालको पर्यटन क्षेत्रमा कोभिडको असर र पुनरूत्थानको सम्भावित मार्गचित्र प्रस्तुत गर्नुअघि यसको ऐतिहासिक पाटो केलाउनु पनि उत्तिकै उचित हुन्छ । विश्व पर्यटनको इतिहास झन्डै २ सय वर्ष पुरानो भए पनि नेपाली पर्यटन सन् १९५० पछि मात्र सुरू भएको हो । घुमफिर भनेको सम्भ्रान्तहरूले मात्र गर्ने त्यो बेलामा पर्यटनको विषयमा नवीन सोच अघि सार्न सम्भव पनि थिएन । यसरी विश्वमा औपचारिक रूपमा पर्यटन व्यवसाय सुरू भएको सय वर्षभन्दा लामो समयसम्म पनि नेपालमा पर्यटनलाई अर्थतन्त्रको हिस्सा मान्न नसक्नुका पछाडि हाम्रो राजनीतिक व्यवस्था मात्र नभई आर्थिक, सामाजिक अवस्था पनि कारण थियो । नेपालले २०४६ को राजनीतिक परिवर्तनपछि उदार अर्थनीति लागू गरेसँगै पर्यटन क्षेत्रले पनि फड्को मारेको देखिन्छ । सन् १९९८ को नेपाल भ्रमण वर्ष यस क्षेत्रको विकास र विस्तारका लागि 'बेञ्चमार्क' हो । यद्यपि पञ्चायतकालमै ठूला होटल निर्माण गरेर पर्यटनका लागि बलिया आधारशिला स्थापना गरिएका थिए । २०४६ पछि भने निजी एयरलाइन्सको स्थापनाले पर्यटन क्षेत्रलाई मुलुकको अर्थतन्त्रकै बलियो आधारशिलाका रूपमा स्थापित गरेको पाइन्छ । भिजिट नेपाल १९९८ ले नेपाल आउने विदेशी पर्यटकको संख्या ५ लाख पुऱ्याउने, उनीहरूले गर्ने दैनिक खर्च ४९ डलर पुऱ्याउनेजस्ता महत्वपूर्ण लक्ष्य राखेको थियो । सो वर्ष ४ लाख ६३ हजार ६ सय ६४ जना पर्यटक आए पनि त्यसपछिका

कयौँ वर्षसम्म यसको प्रभाव रहिरह्यो । तर, २०५२ मा माओवादी युद्ध सुरू भएयता पर्यटन उद्योग पुनः धराशयी भयो । युद्धका बेला पर्यटकलक्षित आक्रमण नभए पनि हामीले त्यसको प्रचार-प्रसार गर्न नसक्दा अन्तर्राष्ट्रिय बजारमा नेपालको ब्रान्ड इमेज सुधार हुन सकेन ।

माओवादी शान्ति प्रक्रियामा आएसँगै नेपालको पर्यटन क्षेत्र पुनः चलायमान भएको हो । सन् २०११ को नेपाल पर्यटन वर्षको सफलता र त्यसयता होटल क्षेत्रमा भएका लगानीको वहार हेर्ने हो भने कुल गार्हस्थ उत्पादन (जीडीपी) मा ३ प्रतिशत हाराहारी रहेको योगदान केही वर्षमै बढेर दोब्बर हुने अनुमान गर्न सकिन्छ । कोभिड महामारी सुरू भएकै वर्ष भिजिट नेपाल मनाइरहँदा हामीले २० लाख पर्यटकको लक्ष्य पूरा गर्न नसके पनि यसबाट नेपालको पर्यटन क्षेत्रमा जुन जागरण फैलिएको छ, त्यो निकै महत्वपूर्ण छ । पर्यटकीय सम्भावना बोकेका दूरदराजमा होटल क्षेत्रमा भइरहेको लगानीको उत्साहले यो क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण आधारशिला बन्नेमा द्विविधा छैन । विभिन्न जिल्लामा हामी जाँदा पहिले बस्ने ठाउँकै समस्या हुन्थ्यो भने अहिले जता पनि गुणस्तरीय र सुविधासम्पन्न होटल निर्माणले सहज भएको छ ।

कोभिडपछि बढ्दै स्वदेशी पर्यटक

कोभिड महामारीपछि यस वर्षको दसैं, तिहार, छठलगायत चाडवाड सिजनको अवस्था हेर्ने हो भने अब हाम्रो पर्यटनलाई पनि स्वदेशी पर्यटकबाट ठूलो आडभरोसा रहने देख्न सकिन्छ । आन्तरिक पर्यटकले पोखरा, चितवनलगायतका पर्यटकीय क्षेत्र भरिभराउ रहेको, मुस्ताङ, रारालगायतका हिमाली क्षेत्रमा जाने स्वदेशीको संख्या पनि बढेको पाइन्छ । काठमाडौं आसपासका क्षेत्रमा आन्तरिक पर्यटकको भीडभाडले पनि यस्तै संकेत गरेको छ । अबको दशकमा नेपाली पर्यटककै बलमा नेपालको पर्यटन अघि बढ्न सक्छ । यद्यपि हाम्रा विशाल छिमेकी भारत र चीनका नागरिकमा पनि घुमफिर संस्कृति बढिरहेका बेला हामीले उनीहरूलाई आकर्षित गर्नुपर्ने अवस्था छ । भारत र चीनका विभिन्न सहरमा सीधा उडान गरेर सस्तोमा प्याकेज ल्याउन सके हाम्रो पर्यटनले तीव्र विकास हासिल गर्न सक्छ । यससँगै नेपाललाई माया गर्ने युरोपेली, अमेरिकी, जापानी पर्यटक, जो खर्च गर्ने पर्यटकका रूपमा पनि चिनिन्छन् भने उनीहरूलाई पनि जोगाइराख्नु हाम्रो दायित्व हो ।

नेपालले कस्ता पर्यटक भित्र्याउने भन्ने बहसमा अब हामी रूमलिइरहनु जरूरी छैन । विगतमा संख्यात्मक पर्यटक कि गुणात्मक भित्र्याउने भन्ने बहस हुने गरे पनि नेपाल अब अर्को कोर्समा प्रवेश गरिसकेको छ । हामी गुणात्मकसँगै संख्यात्मक पर्यटनको युगमा प्रवेश गरिसकेका छौं । हामीले वार्षिक ३० लाखभन्दा बढी पर्यटकका लागि पूर्वाधार तयार गरिसकेका छौं र यही रफ्तारमा जाने हो भने चाँडै नै ५० लाख पर्यटकका लागि हाम्रा पूर्वाधार तयार हुनेछन् । त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थलको पूर्ण विकल्प नभए पनि भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अन्तिम चरणमा छन् भने होटल क्षेत्रमा विस्तार भइरहेको लगानीले हाम्रो पर्यटन क्षेत्र अब संख्यात्मक वृद्धि चाहन्छ भन्ने देखाउँछ । यसैले अब प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय सेवा दिनैपर्दछ र यसका लागि हामीले लागत कसरी कम गर्ने भन्ने विषयमा आफूलाई केन्द्रित गर्नु आवश्यक छ ।

चलायमान पर्यटन क्षेत्र र प्राथमिकता

सरकारले अन्य उद्योगसरह पर्यटन उद्योगलाई पनि मान्यता दिएर मात्र पुग्दैन, यसअनुसार विभिन्न सहुलियत, सेवा, सुविधालगायतका 'लोयल्टी' अपेक्षित छ । विश्व पर्यटन उद्योगमै एक किसिमले अस्वस्थ प्रतिस्पर्धा चलिरहेकाले पर्यटन उद्योगमा लागेका उद्योगी, व्यवसायीले पनि नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई सोहीअनुसारको प्याकेज दिएर आकर्षित गर्नुपर्ने अवस्थामा सरकारको सहयोग स्वाभाविक रूपमै अपेक्षित छ । त्यसो त, दुई वर्षयता पर्यटन पूर्वाधारको क्षमताअनुसार पर्यटक आगमन नहुँदा ट्रेकिङ, होटल, होमस्टे, पर्यटकीय मनोरञ्जनसहितका पर्यटकीय गतिविधि चलायमान हुन सकेका छैनन् । कोभिड-१९ पछिको पर्यटन पुनरूत्थान गर्न राहत प्याकेजदेखि सहुलियत कर्जासम्म ठूलो लगानीको पर्यटन क्षेत्रका लागि 'हात्तीको मुखमा जिरा' सरह भएको अवस्था छ । अर्कोतर्फ महामारीपीडित केही व्यवसायीले राष्ट्र बैंकबाट सहुलियत कर्जा पाए पनि समानुपातिक ढंगबाट सबैले पाउन नसकेको गुनासो सम्बोधन जरूरी छ । पर्यटनको आम्दानी तल्लो तहसम्म वितरण हुने भएकाले पनि यो क्षेत्रलाई राज्यले विशेष ढंगले सम्बोधन गर्नुपर्दछ । पर्यटन उद्योग चल्दा किसानले उत्पादन गरेको दूध तथा दुग्धजन्य पदार्थ, तरकारी, माछामासुलगायतका उत्पादनको बिक्री हुने र त्यसले समग्र अर्थतन्त्रमै टेवा पुऱ्याउने

अबको दशकमा नेपाली पर्यटककै बलमा नेपालको पर्यटन अघि बढ्न सक्छ । यद्यपि हाम्रा विशाल छिमेकी भारत र चीनका नागरिकमा पनि घुमफिर संस्कृति बढिरहेका बेला हामीले उनीहरूलाई आकर्षित गर्नुपर्ने अवस्था छ ।

भएकाले पनि यस क्षेत्रमा राज्यको उपस्थिति अन्य क्षेत्रभन्दा प्रभावकारी हुनुपर्छ ।

महामारीपछिको पर्यटन अब परम्परागत रूपमा अघि बढ्न सक्दैन भन्ने हामीले स्वीकारेका छौं । तर, हाम्रो पर्यटनको स्ट्रेन्थ हिजो जे थियो, भोलि पनि त्यही रहने भएकाले हाम्रो शैली फेरिए पनि प्रडक्ट फेरिन सक्दैन । यो तथ्यलाई बोध गरेर नै हामी अघि बढ्नु आवश्यक छ । नेपाल अनुपम प्राकृतिक सौन्दर्यको खानी हो । यहाँ प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेकाले यही नै हाम्रो पर्यटनको महत्वपूर्ण आधारशिला बन्न सक्छ । प्राचीन सम्पदामाथिको अतिक्रमण, असुरक्षित हवाई यात्राको सूची, बारम्बारको प्राकृतिक प्रकोपजस्ता संकटबाट पर्यटनलाई जोगाउनु चुनौतीपूर्ण छ ।

पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास बढ्दै गएको अवस्था तथा चीन र भारतबाट ठूलो संख्यामा पर्यटक ल्याउन सक्ने सम्भावनालाई नजरअन्दाज गर्न सकिँदैन । पर्यटन क्षेत्रमा निजी लगानीमा वृद्धि अर्को ठूलो उपलब्धि हो । स्थानीय तहबाटै पर्यटकीय उत्पादनमा जोड दिन थालिएको सन्दर्भलाई पनि यहाँनेर जोड्नु उचित हुन्छ । नेपालीमा बढ्दो आन्तरिक पर्यटन प्रवृत्ति मात्र नभई गैरआवासीय नेपालीमार्फत पनि यस क्षेत्रलाई माथि उठाउन सकिन्छ ।

कोभिडअघि नै नेपाल संघीय संरचनामा प्रवेश गरिसकेको अवस्था थियो । प्रादेशिक तहसम्मले पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिइरहेका छन् भने नयाँ संरचना निर्माण पनि धमाधम भइरहेका छन् । यसरी पर्यटनमा विविधीकरण गर्दै पर्यटकको बसाइँ अवधि लम्ब्याउनु स्वाभाविकै भए पनि एकीकृत कार्यक्रमको अभावमा हाम्रा संरचना भद्दा बन्ने जोखिम पनि उत्तिकै छ । यसका लागि तीन वटै तहका सरकारबीच समन्वय र नेपाल पर्यटन बोर्डको क्षमता विस्तार गरी दीर्घकालीन योजना तर्जुमा गरिनु आवश्यक छ । परम्परागत मौलिक संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने, व्यावसायिक, दक्ष जनशक्ति विकास गर्ने, गन्तव्यको पहिचान, प्रवर्द्धन तथा बजारीकरणमा जोड दिँदै जानुपर्ने आवश्यकता पनि उत्तिकै छ ।

नेपाली पर्यटनले अरु मुलुकको देखासिकी गर्नेभन्दा पनि नेपाल जस्तो छ, त्यसकै प्रवर्द्धन गर्ने र पर्यटकलाई अद्वितीय अनुभव प्रदान गर्ने लक्ष्य राख्नुपर्छ । पर्यटन क्षेत्रमा युनिक प्रडक्टको विशिष्ट महत्व हुन्छ र यो अमूल्यसमेत हुने भएकाले नेपालको जोड पनि यस्तैखाले कार्यक्रममा हुनुपर्छ ।

नेपालको पर्यटन क्षेत्र सुरुदेखि नै निजी क्षेत्रले नेतृत्व गर्दै आएको र सरकारले बाध्य भएर सहकार्य मात्र गरिरहेको अवस्थामा अझै पनि पर्यटनका दृष्टिले हामी छिमेकी भारतभन्दा अगाडि छौं भन्नुपर्दा गर्व महसुस हुन्छ । यसैले नेपालको मौलिकता बचाएर पर्यटन क्षेत्रलाई अघि बढाउन सकिने अवस्था छ ।

महामारीपछिको पर्यटन अब परम्परागत रूपमा अघि बढ्न सक्दैन भन्ने हामीले स्वीकारेका छौं । तर, हाम्रो पर्यटनको स्ट्रेन्थ हिजो जे थियो, भोलि पनि त्यही रहने भएकाले हाम्रो शैली फेरिए पनि प्रडक्ट फेरिन सक्दैन ।

SEND MONEY TO NEPAL FROM ANYWHERE AROUND THE WORLD WITH CITY EXPRESS MONEY TRANSFER.

- 12,000+ Cash Pick-Up Locations
- Transfer to Multiple Wallets
- Real Time Transfer with Validation
- Enhanced Customer Service
- SMS Alert
- Top-Up & Utility Payment

Follow us on:

ctxpress.com
/ctxpressmt
/ctxpressmt
/cityexpressmt

CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर

जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस

दोस्रो चरणको सुधारमा मिडियाले बदल्नुपर्ने रूप

०४६ पछिका केही वर्षसम्म राजधानी काठमाडौंमा सीमित पत्रकारिता देशैभर पुगेको छ भने क्षेत्रगत पत्रकारिता पनि सुरु भएको छ । आर्थिक, वातावरण, शिक्षा, स्वास्थ्यलगायतका बिट स्थापित हुँदै गएका छन् । यद्यपि मिडियाका सामग्रीमा विविधता आए पनि यसको प्राथमिकतामा भने अझै अन्योलै देखिन्छ

भीम गौतम

बहुदलीय प्रजातन्त्रपछि पहिलो चरणको सुधारको क्रममा नेपालमा उदारवादी नीति अवलम्बन गरियो । धेरै क्षेत्रमा निजी क्षेत्रको प्रवेश भयो । यसमध्ये मिडिया पनि एक हो । निजी क्षेत्रलाई खुला गर्नुअघि हेरे पनि, नहेरे पनि एउटै मात्र नेपाल टेलिभिजन थियो, सुने पनि, नसुने पनि एउटै मात्र रेडियो नेपाल अनि पढ्न गोरखापत्र दैनिक मात्र थियो । पञ्चायतकालमा भूमिगत रूपमा केही पत्रपत्रिका प्रकाशित थिए तर खुला रूपमा देशभर पुग्न कठिन थियो । अर्थात्, बहुदलीय प्रजातन्त्र अघिसम्म सरकारी मिडियाको बोलवाला थियो । यसपछि मिडियामा यति धेरै निजी क्षेत्रको प्रवेश भयो कि अहिले यो क्षेत्रमा मिडियाको हिस्सा ९९ प्रतिशतभन्दा बढी छ । पत्रपत्रिकाकै कुरा गर्ने हो भने ३६८५ दर्ता भएकामा सय वटा नियमित प्रकाशित भइरहेका छन् भने ७ सय एफएम रेडियो र ११७ टेलिभिजन प्रसारण भइरहेका छन् । पछिल्लो समय आधुनिक सूचना प्रविधिको विकाससँगै अनलाइनको संख्या ह्वात्तै बढेको छ । २५ सयभन्दा बढी अनलाइन सञ्चालनमा छन् । मास मिडियाको संख्या बढेसँगै यसमा विविधता पनि आएको छ । ०४६ पछिका केही वर्षसम्म राजधानी काठमाडौंमा सीमित पत्रकारिता देशैभर पुगेको छ भने क्षेत्रगत (बिट) पत्रकारिता पनि सुरु भएको छ । आर्थिक, वातावरण, शिक्षा, स्वास्थ्यलगायतका बिट स्थापित हुँदै गएका छन् । मिडियाका सामग्रीमा विविधता आए पनि यसको प्राथमिकतामा अझै पनि अन्योलै देखिन्छ । पस्किने सामग्रीमा परिपक्वता समस्या छ । धर्म, दायित्व र सिद्धान्तले भन्दा पनि पत्रकारिता बढ्दो राजनीतीकरण, व्यापारीकरण र स्वार्थीकरणको चपेटा पर्दै गएको छ । मिडिया बलियो भयो तर यिनले पस्किने सामग्रीभित्रको विश्वसनीयता कमजोर हुँदै जाँदा यसमाथि बारम्बार प्रश्न उठ्न थालेको छ ।

बलियो मिडिया र बढ्दो राजनीतीकरण

२०४६ पछि मिडिया क्षेत्र यति बलियो बन्यो कि सरकार, राजनीतिक पार्टी वा सरकारी निकाय आफूले गरेका गतिविधि कार्यान्वयन गर्न आफ्ना मातहतका निकायमा गर्नुपर्ने सर्कुलर, परिपत्रजस्ता सूचना प्रवाहका महत्वपूर्ण औजार लगभग समाप्त भए । सूचनाको एक मात्र स्रोत मास मिडिया बन्यो । सरकारी वा गैरसरकारी जुनसुकै निकायले गर्ने निर्णयको आलोचना वा स्वागत क्षणभरमै हुन थाल्यो । पछिल्लो समय बढ्दो सोसियल मिडियाको उपयोगले त यसलाई अझ फराकिलो बनायो । अहिले त मास मिडियामा आएका सामग्रीलाई पनि फेसबुक, ट्वीटर, युट् युबमार्फत सेयर गरेर व्यापक बनाउने गरिएको छ । मास मिडियाको पहुँचलाई यसले अझ उच्च बनाएको छ । पछिल्लो समय मिडिया यति धेरै बलियो भएको छ कि राजनीतिज्ञ, नीति निर्माता, कर्मचारीतन्त्रदेखि सबै व्यावसायिक संघ-संस्था र नागरिक समाजसम्मले यसमा आएका सामग्रीको आधारमा विचार बनाउँछन्, समर्थन र विरोध गर्छन । पत्रकारिता जगत्का लागि यो खुसीको कुरा हो । मिडियाप्रतिको यो विश्वासप्रति हामी नतमस्तक हुनुपर्छ तर के हामीले सत्य, तथ्य र निष्पक्ष रूपमा सूचना प्रवाह गर्न सकिरहेका छौं त ? यो प्रश्नको उत्तर त्यति सजिलो छैन । पत्रकारिता जति बलियो बन्दै गएको छ, विकृति पनि त्यति बढ्दै गएका छन् । हुन त सुधार हुँदै जाला तर जुन गति र प्रवृत्तिका साथ विकृति बढ्दै छन्, यो पत्रकारिताका लागि खतरनाक

संकेतको रूपमा देखिन थालेको छ । मिडियाका सामग्रीमा पनि राजनीतीकरण देखिन थालेको छ ।

बहुदलीय प्रजातन्त्रपछिको समय पत्रकारमा यति धेरै व्यावसायिक बन्नुपर्छ भन्ने थियो कि कतिपय त नेपाल पत्रकार महासंघको सदस्य बन्दा पनि निष्पक्ष र स्वायत्त हुँदैन कि भनेर डराउँथे । प्रेस युनियन, प्रेस चौतारी अर्थात् कुनै राजनीतिक पार्टीका शुभेच्छुक र भ्रातृ संस्थाको सदस्य त धेरै टाढाको कुरा थियो । तर, राज्य सञ्चालनमा रहेका नेताहरूबाट साझा नबनी पार्टीगत आबद्धताका आधारमा पत्रकारसँग व्यवहार गर्न थालियो । यही आधारमा अवसर प्रदान गर्न थालियो । यसले व्यावसायिक पत्रकारितालाई धमिलो बनाउँदै लग्यो । यो क्रम अहिले पनि जारी छ ।

प्रजातन्त्रपछि हामीले पूर्ण स्वतन्त्रतापूर्वक पत्रकारिताको अनुभव गरेको तीन दशक नाघ्यो । व्यावसायिक पत्रकारितामाथि अझै पनि प्रश्नचिह्न उठिरहेकै छन् । हाल नेपालका प्रमुख राजनीतिक पार्टी नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादीलगायतको आन्तरिक चुनाव भइरहेको छ । तर, यति धेरै पत्रकार प्रत्यक्ष रूपमा पार्टीको चुनावमा छन् कि त्यसको कल्पना पनि गर्न सकिँदैन । पत्रकारिता नछोडी उनीहरु पार्टीहरूबाट चुनाव लडिरहेका छन् र जितिरहेका छन् । यसले धेरै अप्ठेरा प्रश्न खडा गरिरहेको छ । कुनै पत्रकारले कुनै देशको चुनावको बेला कुनै पार्टीमा मतदान गर्नुलाई गलत भनिँदैन तर पार्टीकै राजनीतिमा होमिनु किमार्थ व्यावसायिक पत्रकारिताका लागि राम्रो होइन । उनीहरु पार्टीमा आबद्ध मात्र भएका छैनन्, तिनले सञ्चालन गर्ने मिडियाका सामग्रीमा प्रत्यक्ष रूपमै राजनीतिको गन्ध आउँछ । तथ्यमा आधारित होइन, राजनीतिक आबद्धताको आधारका बहसले समाजलाई दिगभ्रमित बनाउँदै छन् । २०४६ पछिका वर्षमा क्रमशः आर्थिक र सामाजिक क्षेत्रमा अनावश्यक राजनीतिक हस्तक्षेप कम भएर स्वतन्त्र, स्वायत्त र तथ्यमा आधारित बहस हुनुपर्ने हो । नेपालको समवृद्धिका लागि आधार मानिने ठूला-ठूला परियोजना समयमै सुरू भएर बेलैमा सकिनुपर्ने हो तर अहिले पनि अवरोध छन् । कानुन झन् बढी उदार र खुला हुनुपर्नेमा साँघुरो बन्दै गएका छन् । यसमा मिडियाले पनि प्रत्यक्ष, अप्रत्यक्ष साथ दिइरहेको छ । व्यावसायिक र संस्थागत पत्रकारिता गर्नेभन्दा आफैं कुनै पेसा, व्यवसाय वा राजनीतिमा लागेर कुनै स्वार्थी समूहको लगानीमा स्थापित मिडियाको संख्या धेरै भइसकेको छ ।

मिडियामा अनावश्यक बहस

चार दशक अघिसम्म सिंगापुर, कम्बोडियाजस्ता देश र नेपालको अवस्था उस्तै थियो । तर, उनीहरूको आर्थिक अवस्था धेरै माथि पुगेको छ भने हाम्रो अझै कमजोर छ । नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) आकार ५० खर्ब नाघ्न सकेको छैन । २०५१ मा अरूण तेस्रो जलविद्युत् आयोजनाको अवसान नभएको भए नेपालले कहिल्यै लोडसेडिङ भोग्नु पर्दैनथ्यो र मुलुकको अर्थतन्त्र धेरै माथि पुगिसक्दो हो भन्नेमा धेरै सहमत छन् । हिजो विरोध गर्नेहरूले पनि यसलाई स्वीकारेका छन् । हुन त, त्रिभुवन विमानस्थल र त्रिभुवन राजपथ निर्माण गर्दा पनि विरोध भएकै हो । राजनीतिक दल मतदाता र आफ्नो पार्टीको स्वार्थका लागि विरोधमा होमिएनै, समाजलाई स्पष्ट विचार दिनुपर्ने मिडिया पनि उनै राजनीतिक पार्टीका भुलभुलैयामा दैडिए । अहिले पनि अवस्था उही छ । राजनीति विरोधकै आधारमा अमेरिकी मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी), निजगढ विमानस्थल, बूढीगण्डकी जलाशययुक्त आयोजनालगायतमा विरोध भइरहेको छ ।

त्यसमा मिडियाले स्पष्ट पार्न सकेको देखिन्न । अमेरिकाले झन्डै ५६ अर्ब अनुदान दिएर ३१२ किलोमिटर लामो र ७७ किलोमिटर सडक स्तरोन्नति गर्दै छ । नीति, नियम अर्थात् सफ्ट वेयरमा सहयोग दिने देश वा विकास साझेदारले प्रतिफल दिने र अर्थतन्त्रमा योगदान दिने पूर्वाधारका आयोजना अर्थात् हार्डवेयरमा सहायता दिनु हाम्रा लागि सुखद हो । देशको विकास गर्ने हो भने बढ्दो सफ्टवेयर सहायताबाट हार्डवेयर सहायतामा जोड दिनैपर्छ । तर, संसद्बाट अनुमोदन हुने कुरालाई संविधानभन्दा माथि हुन्छ, सेना आउँछजस्ता राजनीतिक कुतर्कलाई बलियो बनाएर एमसीसीको अनुदानलाई अनिश्चिततातिर धकेल्दै छौं । निजगढमा नबनाए पनि पर्यटनमार्फत देशलाई समृद्धि गर्ने सपना पूरा गर्न त्रिभुवन विमानस्थलको विकल्पमा अर्को कुनै विमानस्थल बनाउनैपर्छ । निजगढ विमानस्थलको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) बनिसकेकाले अर्को ठाउँमा यसको अध्ययन गर्न कम्तीमा ४/५ वर्ष लाग्छ । आर्थिक समृद्धि चाहने हो भने निजगढ विमानस्थल बनाउनुको विकल्प छैन । जुनसुकै ठाउँमा बनाए पनि धेरै रूख काट्नैपर्छ । तर, हामीले वातावरण जोगाउन एक रूख काटिँदा २५ रूख रोप्नुपर्ने प्रावधान कडाइका साथ लागू हुनुपर्छ ।

बर्खामा त हामी बिजुलीमा आत्मनिर्भर हुने अवस्थामा पुगेका छौं तर हिउँदमा भारतबाट आयात गर्नैपर्छ । गत वर्ष ८ सय मेगावाट आयात गरेका थियौं । ४५६ मेगावाट माथिल्लो

नेतादेखि मन्त्रीसम्म एउटा सानो कुलोको बजेटका लागि दौडिने होइन, ठूला सिँचाइ र आत्मनिर्भर उत्पादनको खाकासहित नीति निर्माणमा केन्द्रित हुनुपर्छ । देशलाई आर्थिक रूपमा समृद्ध बनाउने ठूला विकासका काममा भोट र पार्टी स्वार्थका लागि विरोध गर्ने प्रवृत्ति हटाउनैपर्छ

तामाकोसीबाट उत्पादन भइसकेकाले अहिले ४ सय मेगावाट हाराहारीमा ल्याउनुपर्ने प्रक्षेपण नेपाल विद्युत् प्राधिकरणको छ । हामी बिजुलीमा आत्मनिर्भर बन्न जलाशययुक्त आयोजना बनाउनैपर्छ । तर, डीपीआर भएका ठूला जलाशययुक्त आयोजना भनेको बूढीगण्डकी र पश्चिम सेती नै हो । दुवै आयोजना अघि बढ्न सकेका छैनन् । यी आयोजना अघि नबढ्नुमा सरकारको कमजोरी त छँदै छ, मिडियामा आउने अनावश्यक बहसले पनि आयोजना निर्माण अघि बढाउनेभन्दा अड्काउने काम गरिरहेको छ । यी मात्र होइन, अधिकांश ठूला परियोजना समयमै बनेका छैनन्, सुरू भएकै छैनन् । यसको कारणमा सरकारको त कमजोरी छँदै छ, सरकार वा विरोधी पक्षलाई ओत दिने काम कतै न कतै मिडियाले पनि गरिरहेको छ ।

फोस्रो राष्ट्रवादभित्रको परनिर्भता

जब हामी पूर्वाधार, उत्पादनजस्ता कुरामा आत्मनिर्भर हुन्छौं अनि पो हाम्रो राष्ट्रवाद बलियो हुन्छ । अहिले त ठूला आयोजनाको विरोध गरेर राष्ट्रवादी देखिने प्रवृत्ति बढ्दो छ । झट्ट सुन्दा मीठा लाग्ने, हो जस्तो पनि लाग्ने तर यथार्थमा ठूला परियोजना बन्न नदिएर हामी परनिर्भर बन्नुपर्ने र विदेशीसामु झुक्नुपर्ने अवस्था छ । जलाशययुक्त बिजुली बनायौं भने पो हामीले आयात गर्ने देशलाई तेरो बिजुली चाहिँदैन भन्न सक्छौं । ठूला उद्योग स्थापना गरौं भने पो हामीले तेरो खाद्यान्न चाहिँदैन भन्न सक्छौं । तर, हामी चाहे ठूला उद्योग स्थापना गर्दा होस् वा ठूला परियोजना निर्माण गर्दा । विरोध गरिरहेकै हुन्छौं । अचम्म के भने यसको विरोध गर्नेहरूमा राजनीतिक नेताहरु मात्र छैनन्, जान्ने/बुझ्नेहरु पनि छन् । उनीहरूकै तर्कबितर्क मास मिडियामा छाउने गर्छ । यसकै आधारमा विरोध हुन्छ । मिडिया पनि यतैतिर कुदिरहेको छ । हामी यही फोस्रो राष्ट्रवादभित्रको परनिर्भताको चंगुलमा फसेका छौं । १४४ मेगावाटको कालीगण्डकी निर्माण गर्नुहुँदैन भनेर विरोध गर्नेहरूलाई स्थानीयले घास खुवाएर पठाए । पहिला उनीहरूले कालीगण्डकीबारे बुझेनन् र विरोध गरे । पछि बुझेपछि उल्टै विरोध गर्नेहरूलाई घाँस खुवाएर पठाए । कालीगण्डकी नबनेको भए हाम्रो बिजुली वितरणको अवस्था साह्रै दयनीय हुन्थ्यो । त्यो प्रवृत्ति अहिले बूढीगण्डकी, एमसीसी, निजगढ विमानस्थल जताततै बेलाबेलामा देखिन्छ । यसमा घ्यू थप्ने काम मिडियाले पनि गरिरहेको छ । मिडियाकै आधारमा विचार बन्ने भएकाले भविष्यको बलियो र समृद्ध नेपाल निर्माणका लागि अहिलेको रूप बदल्नैपर्छ । नत्र नेपालको विकास र आर्थिक अवस्थाले ठूलो फड्को मार्दैन । दोस्रो चरणको आर्थिक सुधारको कुरा गर्दा पत्रकार र पत्रकारिता दुवैले अहिलेको अवस्थाबाट आफूलाई बदल्नैपर्छ ।

सकारात्मक राजनीति र विकासमा वहार

जहाँ समस्या छ, त्यहीबाट सुधार सुरू हुनुपर्छ । अहिले पत्रकारितामा चरम राजनीतीकरण छ । त्यहीबाट यसको सुधारको काम पनि सुरू गर्नुपर्छ । चरम राजनीतीकरण सुधारका लागि राजनीतिक र पत्रकारिता दुवै क्षेत्रको मानसिकता परिवर्तन हुनुपर्छ । राजनीति नेता वा सरकारको नेतृत्व गर्नेहरूबाट हरेक दिन तथ्यमा आधारित विकासका खाका आउनुपर्छ नकि एउटा दल र अर्को नेताका नेताहरूबीचमा गालीगलौज । हामी कहाँ- कहाँ परनिर्भर छौं, कहाँ-कहाँ कमजोर छौं, त्यसमा यसरी र यति वर्षमा सुधार गर्दै छु भनेर स्पष्ट योजना र कार्यक्रम हरेक दिन जनताले नेताहरूबाट सुन्न पाउनुपर्छ । नेतादेखि मन्त्रीसम्म एउटा सानो कुलोको बजेटका लागि दौडिने होइन, ठूला सिँचाइ र आत्मनिर्भर उत्पादनको खाकासहित नीति निर्माणमा केन्द्रित हुनुपर्छ । आर्थिक समृद्धि बनाउने ठूला विकासका काममा मात्र भोट र पार्टी स्वार्थका लागि विरोध गर्ने अहिलेको प्रवृत्ति कहिल्यै देखिनुहुँदैन । जनतामा आशाको वहार जगाउने गरी नेताहरूको काम र भाषण हुनुपर्छ ।

यसरी नेपाललाई धनी बनाउँदै छु, यस्ता-यस्ता परियोजना निर्माण गर्दै छु भन्न सक्नुपर्छ । बरू ठूला परियोजना निर्माण गर्दा यसबाट जनतालाई पर्न सक्ने असर अर्थात् विस्थापन हुने अवस्था सिर्जना भए पहिलाको जीवनस्तरभन्दा अझ उच्च हुने गरी राज्यले राहत दिँदै छ भनेर प्रभावितका लागि नीति बनाउने, कार्यान्वयन गर्ने र विकासमा अपनत्व बढाउनेतिर राजनीति लाग्नुपर्छ । उद्योगधन्दादेखि ठूला परियोजनाको गुणस्तर, राजस्व लिन सक्ने फाइदामा राज्य संयन्त्र चुक्ने अवस्था देखिए त्यसको खबरदारी गर्नुपर्छ । यसमा सुधारका लागि तथ्यसहित उभिनुपर्छ । यसमा बारम्बार बहस पैरवी गर्नुपर्छ । राष्ट्रिय योजना आयोगले बनाएको दीर्घकालीन योजना र दिगो विकास लक्ष्य (एसडीजी) को अध्ययनले समेत विदेशी र निजी क्षेत्रको लगानी अपरिहार्य देखाएको छ ।

कृषिमा उत्पादन बढाउनुपर्ने, सम्भावना धेरै भएकाले स्वदेशभित्र खपत गरेर पनि बिजुली बेच्न सक्ने तथा बढीभन्दा बढी पर्यटक भित्र्याएर अर्थतन्त्र बलियो बनाउनुपर्ने कुरामा सबैको समान धारणा देखिन्छ । तर, यसका लागि कार्यक्रम र परियोजना अघि बढाउँदा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा राजनीतिज्ञ नै विरोधमा उत्रिएका प्रशस्त उदाहरण छन् । परियोजना अघि बढाउँदा राष्ट्रको अर्थतन्त्रलाई कसरी बलियो बनाउने भनेर राजनीतिज्ञले बहस, छलफल गर्नुपर्छ । तर, राजनीतिक लाभहानिका लागि कुतर्कतिर लाग्नुहुँदैन । अझ विशुद्ध आर्थिक वृद्धिसँग जोडिएका विकासका परियोजना र उद्योग, व्यवसाय सञ्चालन राजनीतिको जोडघटाउसँग अन्तरघुलित गराउनुहुँदैन । देशले फड्को मार्ने, अर्थतन्त्र बलियो र आत्मनिर्भर बनाउने तथा स्वाभिमानी नेपाल भएर बाँच्नका लागि एउटा सकारात्मक भूमिका राजनीतिज्ञले खेल्नैपर्छ । साँच्चिकै नेपालीलाई स्वाभिमानी र आत्मनिर्भर बनाउने हो भने नकारात्मक र विरोधी मानसिकताबाट भन्दा पनि सकारात्मक मानसिकताबाट देश बदल्नेतिर राजनीतिले भूमिका खेल्नुपर्छ । अबको युगले गालीगलौज र सीमित स्वार्थ केन्द्रित राजनीति खोजेको छैन, विश्वमै नेपाललाई स्थापित गराउने राजनीति र नेतृत्व खोजेको छ । पत्रकारिताले पनि राजनीतिलाई यही बाटोमा डोऱ्याउन पहरेदारीको काम गर्नुपर्छ ।

अब ठूला परियोजना निर्माण गर्नुहुन्, ठूलो उद्योग स्थापना गर्नुहुन्, विदेशी लगानी ल्याउनुहुन्, बिजुली बेच्नुहुन्, डलरमा विद्युत् खरिद सम्झौता गर्नुहुन्, सामूहिक खेती गर्नुहुन्, ठूला प्रसारण लाइन बनाउनुहुन्, ठूला सडक आवश्यक छैनन् जस्ता विषयमा पत्रकारितामा बहस हुन छाड्नुपर्छ । हुनुपर्छ, गर्नुपर्छ भन्नेमै पत्रकारिता केन्द्रित हुनुपर्छ । वातावरणीय र सामाजिक असरलाई न्यूनीकरण गर्ने, प्रभावितलाई पुरानै अवस्थामा फर्कने गरी सहुलियत दिने, असर न्यूनीकरणका लागि विश्वमा अपनाइएका असल अभ्यास अवलम्बन गर्नेजस्ता विषयमा बहस गराउनुपर्छ न कि ठूला उद्योग, व्यवसाय, परियोजना बनाउनु गलत हो भन्नेतिर । आर्थिक समृद्धि हुने, देशको राष्ट्रिय स्वार्थ र स्वाभिमानलाई उच्च बनाउने जुनसुकै परियोजना व्यवसायको विरोधमा होइन, समर्थनमा अबको पत्रकारिता हुनुपर्छ । यसले एक त देशलाई धनी बनाउँछ, अर्को देशलाई आत्मनिर्भर बनाएर परनिर्भता हटाउँछ ।

पत्रकारिताले बरू ठूला उद्योगले कति रोजगारी दिए, परियोजनाबाट नेपालको सीप र ज्ञान कति हस्तान्तरण भयो, ठूला उद्योगका उत्पादनले आयातलाई कति प्रतिस्थापन गरे, कति सस्तोमा उत्पादन भयो, यसले राजस्वमा कति योगदान दियो, अर्थतन्त्रको आकार बलियो बनाउन कति भूमिका खेल्यो, परियोजनाबाट प्रभावित र विस्थापितले कति

राहत पाए र पहिलाभन्दा जीवनस्तर बढी सुधार्ने काम भयो, कुन-कुन क्षेत्रमा नेपालले नयाँ आविष्कार गरेर विश्वमै नमुना काम गरेर देखायो, कसरी आयात घटायो र निर्यात बढायो, कति सूचना प्रविधि उपयोग गऱ्यो, कति विश्वभर पुग्ने दक्ष जनशक्ति उत्पादन गऱ्यो भन्ने विषय खोतलेर यी क्षेत्रमा उच्च विकासका लागि अभिप्रेरणा जगाउने सामग्री पस्कनुपर्छ । कुन राजनीति नेतृत्वको कस्तो उत्कृष्ट नीति र कार्यक्रमले देशलाई कुन अवस्थामा पुऱ्यायो भनेर खोजमूलक सामग्री पस्कनुपर्छ ताकि नीति र योजनाको नेतृत्व हेरेर जनताले भोट दिउन् ।

यसबाट राजनीतिज्ञरू सीमित व्यक्ति र पार्टीको स्वार्थका लागि होइन, विकास र आर्थिक समृद्धिका लागि के नीति र योजना ल्याउने भनेर अध्ययन अनुसन्धानमा लागून् । पार्टी र स्वार्थ केन्द्रित राजनीतिज्ञलाई जनताले सजाय दिने र राम्रो नीति ल्याउनेलाई भोट दिने संस्कार वृद्धि होस् । यसमा पत्रकारिताले उच्च भूमिका निर्वाह गर्न सक्छ । यसपछि अहिले धेरैले भन्दै आएको पत्रकारित नकारात्मक मात्र छ भनेर गर्ने आलोचनाको पनि अन्त्य हुन्छ । जब राजनीति सुधारिन्छ, नेताहरूले विकासका वहार ल्याउने, आर्थिक समृद्धिका कुरा र काम गर्न थाल्छन्, तब पत्रकारिता पनि सुधारिन्छ, पत्रकारिता पनि विकासको वहार ल्याउने सामग्री पस्कन विवश हुन्छ । हरेक विकासका काममा विरोध गर्ने अवस्था अन्त्य गरेर समृद्धिका विषयको अभियानमा मिडिया लाग्नुपर्छ ।

अहिले यथार्थभन्दा बाहिरको सूचना प्रवाह गरी नकारात्मक मानसिकता बढाउने तथा पत्रकारिता पनि त्यही दिशामा दौडिने प्रवृत्ति हाम्रो देशमा छ । त्यसको अन्त्य गरी अब मिडियाले समन्यायिक, समावेशी, समृद्धिका लागि तथ्य र व्यावहारिकतामा आधारित सामाग्री पस्किएर सकारात्मक अभियानको नेतृत्व गर्न सक्नुपर्छ । यसमा आधारित भएर पत्रकारिताले पस्किने सामग्री र यसको विश्लेषणले मात्र विकासमा धेरै पछि परेको अल्पविकसित राष्ट्र नेपालको अवस्था विकसित र समृद्ध हुन्छ ।

यसका लागि राजनीतिक पत्रकारिता होइन, आर्थिक, शिक्षा, विज्ञान, सूचना प्रविधिजस्ता विषयगत पत्रकारिता बलवान हुनुपर्छ । स्वार्थ राजनीतिले थिचिएको पत्रकारिता होइन, विकास, अर्थतन्त्र, आविष्कार, नवीनतामा केन्द्रित पत्रकारिता बलवान बन्नुपर्छ । जहाँ मास मिडिया पढ्दा, सुन्दा र हेर्दा हरेक पाठकले जताततै विकास र समृद्धिको कुरा मात्र देखोस् अनि विकासको सूचनासँगै उत्साहित पनि बनोस् । अबको पत्रकारिताले खबरदारी र पहरेदारी मात्र गरेर पुग्दैन, नेपालजस्तो मुलुकलाई बलियो बनाउन महत्वपूर्ण सामाजिक जिम्मेवारी पनि पूरा गर्नैपर्छ ।

उदारीकरणपछिको अर्थतन्त्र र सुधार्नुपर्ने पक्ष

हामीले सही समय सही निर्णय गर्न नसक्दा अवसर गुमाएका छौँ । अहिले पनि संसद्मा कतिपय ऐन अड्किरहेका छन् । हामी पुनः राजनीतिक माखेसाङ्लोमा फसेका छौँ । समयसापेक्ष आर्थिक सुधार त भए तर त्यसको पूर्ण फाइदा लिन सकेनौँ

मधुकुमार मरासिनी

सन् १९९० को दशकबाट सुरू गरिएको आर्थिक सुधारले मुलुकको अर्थतन्त्रलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेल्यो । बजारमुखी उदार अर्थनीतिअनुरूप कानुन परिमार्जन गरिए । अर्थतन्त्रका अधिकांश क्षेत्रमा निजी लगानी खुला गरियो । त्यसबाट देशको निजी क्षेत्र र सार्वजनिक क्षेत्रमा पनि समष्टिगत आर्थिक सुधार देखिए । आर्थिक सूचकमा पनि परिवर्तन आएका छन्, जुन सकारात्मक पक्ष हो ।

पहिलो चरणको सुधारको परिणाम

पहिलो चरणको सुधारकै परिणामस्वरूप सन् १९९४ मा नेपालको आर्थिक वृद्धिदर ८ प्रतिशतभन्दा माथि पुगेको थियो । त्यतिबेला धेरै पक्षलाई हामीले सुधार गऱ्यौँ । सुधार भनेको अझ धेरै सुधार गरेर जानुपर्छ भन्ने हो । त्यतिबेला हामीले जुन निजीकरण, आर्थिक उदारीकरणको काम गऱ्यौँ, निजी बैंकहरु खुले अरु सुशासनमा पनि धेरै सुधार भइरहेका छन् । पासपोर्ट जिल्ला जिल्लाबाट वितरण थालियो । विदेशिनु राम्रो हैन तर बाध्यता थियो । यदि नविदेशिएको भए अहिलेको रेमिट्यान्स पनि आउने थिएन । द्वन्द्वको अवस्थामा मुलुक गुज्रेका बेला र देशभित्र रोजगारी नभएका बेला विदेशमा रोजगारीका लागि जानुपर्ने अवस्था स्वाभाविक थियो । विदेशिनु सकारात्मक हो या नकारात्मक, त्यसको टिप्पणी गर्न चाहन्नँ ।

सन् २००० ताका आठौँ योजनामा गरिबी निवारणको विशेष कार्यक्रम ल्याएका थियौँ, जुन सुधारको निरन्तरता हो । त्यसपछि जति पनि ऐन-कानुन बनिरहेका छन्, तिनलाई विभिन्न समयमा कानुनी परिवर्तन गरिरहेका छौँ, पछिल्लो चाहे विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन होस् वा औद्योगिक व्यवसाय ऐन होस् अनि सेज अवधारणा । यसको पनि निरन्तर शृंखला कायम छ ।

समयसापेक्ष आर्थिक गतिविधिलाई चलायमान बनाउन ऐन, कानुन परिमार्जन भइरहेको छ । समयसापेक्ष परिवर्तनकै प्रतिफल अहिलेको अर्थतन्त्रको अवस्था हो । यो बीचमा त्यत्रो द्वन्द्व हुँदाखेरि पनि हाम्रो 'म्याक्रो इकोनोमिक इन्डिकेटर' सन्तोषजनक रहिरहेका छन् । सँगसँगै आर्थिक वृद्धिमा पनि केही फड्को मारेकै हो । जब द्वन्द्व सुरू भयो, तुलनात्मक रूपमा प्रगति भएन । दुर्भाग्य भन्नुपर्छ, देशमा कहिले भूकम्प, नाकाबन्दी, महामारी आदि कारणले सोचेअनुरूप आर्थिक वृद्धि हासिल गर्न सकिएन तर सँगसँगै सुधारको निरन्तरताको कार्यक्रमले गर्दा हामीले सामाजिक क्षेत्रमा धेरै सुधार गरेका छौँ । सामाजिक क्षेत्रमा मृत्युदर, बाल मृत्युदरदेखि लिएर विद्यालय जाने, शिक्षामा पनि धेरै सुधार आइरहेका छन् ।

देशमा गरिबी दर घटेको छ । हाल १८.४ प्रतिशतको गरिबी छ । निजी क्षेत्र फस्टाइरहेको छ । अहिले कुल गार्हस्थ उत्पादन (जीडीपी) पनि बढिरहेको छ । त्यो भनेको अर्थतन्त्रको आकार बढ्नु हो । निजी क्षेत्रको लगानी बढ्नु भनेको सरकारले सोही अनुकूलको वातावरण बनाएकै परिणाम हो । त्यसै कारणले आज निजी क्षेत्र धेरै अगाडि आएको छ ।

समग्रमा मुलुकको अर्थतन्त्र नकारात्मकभन्दा सुधारात्मक नै छ । तुलना गरेर हेर्दा दुई छिमेकी भारत र बंगलादेशले जुन खालको आर्थिक वृद्धि हासिल गरे, त्यो गतिमा नेपालले प्रगति गर्न सकेको छैन । केही अवसर हामीले गुमाएकाले

पनि आर्थिक उन्नतिमा समस्या आएको छ । नेपाल र बंगलादेशको गार्मेन्ट उद्योग एकैबेला एकै हिसाबले बढिरहेका थिए । अमेरिकाले 'मल्टिफाइबर एग्रिमेन्ट' अन्त्य गऱ्यो, त्यो बेला उद्योग बचाउन लागिएन । अहिले बंगलादेशले हाम्रो जीडीपीजति त गार्मेन्ट निर्यातबाटै कमाइदिन्छ । अरूण तेस्रो जलविद्युत् आयोजना २५ वर्षअघि नै बनेकत भए देशको अवस्था अर्कै हुने थियो । हामीले सही समयमा सही निर्णय गर्न नसक्दा अवसर गुमाएका छौं, अहिले पनि संसद्मा कतिपय ऐन अड्किरहेका छन् । हामी पुनः राजनीतिक माखेसाङ्लोमा फसेका छौं । समयसापेक्ष सुधार त भए तर त्यसको पूर्ण फाइदा लिन सकेनौं । हरेक वर्ष आयात बढ्ने, निर्यात घट्ने भइरहेको छ । आयात बढ्नु नराम्रो पनि हैन । खरिद गर्न सक्ने हैसियत भएकाले नै माग बढेको हो । त्यो भनेको क्रयशक्ति बढेको हो । त्यसैले यसलाई नराम्रो भन्न मिल्दैन । समस्या के भने हामीले उत्पादन बढाउन सक्नुपर्ने थियो, त्यो छैन ।

आर्थिक वृद्धिदर लक्ष्य र हालको अवस्था

अहिले मुलुकको समग्र अर्थतन्त्र सन्तुलित र स्थिर रहेको छ । अर्थतन्त्रको विकास र विस्तारका लागि सरकारले निरन्तर नीतिगत सुधार गरिरहेकाले यसको सकारात्मक प्रभाव अर्थतन्त्रमा देखिएको छ । नेपालमा विभिन्न चरणको आर्थिक सुधारमा खुला अर्थतन्त्रको नीतिले गति लिए पनि विभिन्न खाले अवरोधका कारण अपेक्षित लाभ लिन सकिएको छैन ।

बैक तथा वित्तीय संस्थामा निक्षेप संकलन न्यून रहेको र कर्जा प्रवाह बढिरहेकाले बैंकहरूमा तरलता अभाव आएको छ । नेपाल राष्ट्र बैंकले पनि बैंकिङ क्षेत्रलाई स्थिर र चलायमान बनाउन नीतिगत सुधारका काम अघि बढाएको छ । बैंकमा तरलता अभाव हुन नदिन र ब्याजदरमा एकरूपता कायम गर्न केही समयका लागि भए पनि राष्ट्र बैंकले हस्तक्षेप गरेको छ ।

सरकारले लिएको चालू आर्थिक वर्षमा ७ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य भेट्याउन समस्या छैन । अहिले एकातिर तरलता अभाव रहे पनि त्यसअनुरूप 'इकोनोमिक ग्रोथ' बढिरहेकाले अर्थतन्त्र चलायमान रहेको स्थिति हो । समष्टिगत अर्थतन्त्र स्थिर छ । गत वर्षको बेस नै सानो छ, त्यसैले ठूलो भोल्युममा पुग्न केही समस्या हुन्छ, तैपनि यसपालि सोचेको आर्थिक वृद्धिदर हासिल गर्न सक्छौं ।

सरकारले चालू आव ०७८/७९ को बजेटमार्फत ०७८ चैतभित्र कोभिड-१९ विरूद्धको खोप सबैलाई उपलब्ध भई आर्थिक क्रियाकलाप विस्तार हुने हुँदा ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने लक्ष्य लिएको छ । मुद्रास्फीति दर ६.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरिएको छ ।

करिब आठ महिनाको वस्तु तथा सेवा आयात धान्ने अवस्था छ । नयाँ वैदेशिक सहायताको नेगोसेसन पनि गर्दै छौं, त्यसबाट पनि केही पैसा आउला । बैंकले पनि विदेशी रकम ल्याउन पहल गरिरहेका छन् । हामीलाई समस्या भनेको पुँजीगत खर्च हुन नसक्नु हो । राजनीतिक अस्थिरता र मुलुकमा आइपरेका विभिन्न प्राकृतिक विपत्तिका घटनाले पनि आर्थिक बोझ बढेकामा पहिला बजेट र त्यसपछि प्रतिस्थापन बजेटले पनि पुँजीगत खर्च बढ्न नसकेको हो । कर्जा वृद्धिदर बढेकाले पनि ७ प्रतिशतको आर्थिक वृद्धिदर कायम गर्न समस्या नहुने देखिन्छ ।

अर्थतन्त्रमा सुधार्नुपर्ने पक्ष

सन् २००० मा जीडीपीमा उत्पादन (म्यानुफ्याक्चरिङ) को योगदान १४ प्रतिशत थियो । अहिले यसको योगदान ६ प्रतिशत हाराहारी छ । अब रेमिट्यान्सलाई पनि उत्पादनशील क्षेत्रमा लगाउनुपर्छ । मानिसलाई घर चाहिएला, उनीहरूलाई उत्पादनमा उत्प्रेरित गर्नुपर्नेछ । अलिकति प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) मा पछि छौं । राजनीतिक अस्थिरताले यी सबै कामलाई असर गरिरहेको हुन्छ । बीचमा ऊर्जा क्षेत्रमा पनि धेरै प्रगति गर्न सकेनौं तर अब सकारात्मक संकेत आइसकेका छन् । उद्योग सञ्चालनमा विद्युत् समस्या हुने देखिँदैन । देशका लागि गेमचेन्जर ऊर्जा क्षेत्र नै हो । यससँगै पर्यटन क्षेत्र पनि महत्वपूर्ण पाटो हो । तर, अहिले महामारीबाट पर्यटन क्षेत्र नराम्ररी थलिएकाले यसको पुनरूत्थान प्रभावकारी बनाउन जरूरी छ ।

अरूण तेस्रो आयोजना पनि दुई वर्षमा सकिँदै छ, तामाकोसी आयोजना पनि सञ्चालमा आइसकेको छ । अन्य ठूला आयोजना पनि सञ्चालनको अवस्थामा छन् । भारतसँग ऊर्जा व्यापार सुरू भइसकेको छ ।

बंगलादेशबाट १५ हजार मेगावाट माग आइसकेको छ । राजनीतिक अस्थिरता, कर्मचारीतन्त्रभित्रको समस्याले पनि केही अवरोध सिर्जना भएको होला । सुधारका प्राथमिकतालाई आधार मानेर निरन्तर सुधारका काम भइरहेका छन् । डेलिभरीमा समस्या छ, ऐन कानुन बने पनि कार्यान्वयन नहुने समस्या छ । हामीलाई के अनुभूति छ भने सुधारका कामलाई निरन्तर सुधार गर्ने ऐन, कानुन सुधार गर्दै जाने हो । राष्ट्रिय पुँजी निर्माण गरी समाजवादको दिशातिर जाने सबैजसो राजनीतिक दलहरूको अवधारणा छ । कोभिड महामारीले केही समस्या सिर्जना गरेको छ ।

अर्थतन्त्रमा तीव्रता र निजी क्षेत्र

महामारीले झन्डै दुई वर्ष अर्थतन्त्रमा नकारात्मक असर पऱ्यो । अहिले दुई वर्षको माग खुलेर आयो । ह्वात्तै कर्जाको माग बढेको छ । दुई वर्षसम्म सबैजसो आर्थिक गतिविधि थुनिएको थियो । एकैपटक उद्योग चलायमान हुँदा चाप बढेको छ । सरकारले कोभिडबाट थलिएका उद्योग, व्यवसाय सञ्चालनको निरन्तरताका लागि पुनर्कर्जाको व्यवस्था लियो । अहिले हेर्ने हो भने ३२ अर्बको बचत छ ।

करिब ३ खर्ब कर्जा प्रवाह भएको छ । निजी क्षेत्र 'इञ्जिन अफ ग्रोथ' हो । उनीहरूलाई लगानी गर्ने वातावरण सिर्जना गर्न सरकारले ऐन-कानुनको सुधार गरेर बढी लगानी गर्ने र रोजगारी सिर्जना गर्ने वातावरण बनाउने दिशातर्फ अघि बढेका छौं । समस्या ऐन, कानुन बने पनि सोको प्रभावकारी कार्यान्वयन नहुने स्थितिले प्रगति हासिल गर्न कठिनाइ भइरहेको छ ।

निजी क्षेत्र पनि अहिले आक्रामक रूपमा आइरहेको छ । नेपाल उद्योग वाणिज्य महासंघले भिजन २०३० र नेपाल उद्योग परिसंघ मेक इन नेपाल भन्ने अवधारणाका साथ आएका छन् । सरकार र निजी क्षेत्र देश विकासका लागि एकै रथका दुई पांग्रा हुन् ।

अझै पनि निजी क्षेत्रलाई विदेशी लगानी भ्रित्रयाउने वातावरण सिर्जना गर्न र उद्योग विस्तारमा सहज वातावरण निर्माण गरि नुपर्ने आवश्यकता छ ।

अब बैंक धाउन नपर्नं, जुनसुकै स्थानबाट VIP कार्डको लागि Apply गर्न सकिने

Mega VIP Card VISA

PROCESS

STEP 1
Visit Mega Bank official webpage (www.megabanknepal.com)

STEP 2
Select Prepaid Int. Card Request on the main menu

STEP 3
Enter required information and select 'send' button to apply for the Mega Prepaid Int. Card

APPLY ONLINE NOW

eCommerce transaction up to USD **$500/-** per year

- Secure and Hassle Free
- Zero Top up Fee
- Zero Transaction Fee

शर्तहरु लागू हुन्छन्



The Banker
Bank of the Year 2019
NEPAL

ISO 9001:2015 Certified Bank

विश्वास जित्दै... अघि बढ्दै...

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेडः राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोनः ९७७-९८५१२०७७१५, टोल फ्री नं. १६६००१०००२५

हाम्रो विश्वास

RHINO DUCTILITY

RHINO DUCTILITY किन ?

नेपाल जस्तो भूकम्पीय जोखिमयुक्त क्षेत्रकै लागि बनेको नेपालको पहिलो Fe 500D ग्रेड फलामे डण्डी RHINO 500D मा नै छ उच्च डक्टिलिटी र मजबुतीको सन्तुलित संयोजन जसले दिन्छ निर्माणलाई उच्च पकड शक्ति र भूकम्पको क्षतिबाट पूर्ण सुरक्षा।

- Lowest Carbon
- Less Impurities (S+P= 0.075)
- Min. Elongation 16 %

NS:191 IS : 1786

For full story scan the QR Code

RHINO GUARANTEED DUCTILITY Fe 500D

नेपालमा पहिलो पटक, नेपालकै लागि

: ९८५१०११६६६, ९८५१०९३९१५, ९८५११८८०८०, ९८५१०८२३०२ : rhino@jagdambasteels.com

JAGDAMBA STEEL®

तीव्र विकास, व्यापक सुधार र पुँजीको आवश्यकता

निजी क्षेत्रको निषेध प्रजातान्त्रिक समाजवाद होइन, यो क्षेत्रको संलग्नताबाट मासिक उत्पादन गर्ने र उत्पादनबाट प्राप्त राजस्वलाई राज्यले आफ्नो खर्च प्रणालीमार्फत समतामूलक वितरण गर्ने हो

महेश आचार्य

२०४६ को जनआन्दोलनबाट लोकतन्त्र विजयी भयो, ठूलो संरचनागत परिवर्तन भयो । यो समय अर्थतन्त्रको पृष्ठभूमि भने राज्यको बढी हस्तक्षेपमा थियो । औद्योगिक क्षेत्रमा लाइसेन्स प्रणाली र त्यसबाट सिर्जना भएको हस्तक्षेपले उद्योग, व्यापारलाई नियन्त्रण गरेको थियो ।

विदेशी मुद्रामा राज्यको नियन्त्रण हुँदा नेपालमा दोहोरो विनिमण प्रणालीजस्तो देखिन्थ्यो । ब्ल्याक मार्केट (कालो बजार) मा विदेशी विनिमय खरिद गर्नुपर्ने अवस्था थियो । समग्र क्षेत्रमा राज्यको जुन प्रकारको हस्तक्षेप थियो, त्यो लोकतन्त्रको आगमनसँग मिल्दो थिएन ।

केही उदाहरण नै हेरियो भने पनि सञ्चार क्षेत्र असाध्यै साँघुरो र राज्यको नियन्त्रणमा थियो । वित्तीय प्रणालीमा सरकारी स्वामित्वका बाहेक अन्य थिएनन् । उद्योगधन्दा, कलकारखाना खोल्न राजनीतिक दबाब हावी थियो ।

उदारवाद र अर्थतन्त्र

२०४६ को परिवर्तनपछि मिश्रित अर्थव्यवस्थाको ढाँचा अघि सारिएको थियो । तर, उदारवादको कुरा गर्नु भनेको राज्यको भूमिका हुँदै हुँदैन भन्ने ढंगले अघि बढेको होइन । २०४८ को बजेटबाटै हामीले स्पष्ट कुरा गरेका थियौँ । राज्यको भूमिका पनि हुन्छ । निजी क्षेत्रको भूमिका फराकिलो नपारी पुँजी निर्माण गर्ने, श्रमिकको दक्षता नबढाई आर्थिक विकास हुन सक्दैन थियो । त्यसैले निजी क्षत्रको भूमिकालाई विस्तार गर्ने र सबै क्षेत्रमा हात हालेको राज्यलाई केही सीमित क्षेत्र फोकस गराउने गरी अघि बढिएको थियो ।

जुन क्षेत्रमा निजी क्षेत्र नाफाको कारणले सहजै आउन सक्ने अवस्था रहँदैन, त्यहाँ राज्यका साधन-स्रोत केन्द्रित गर्दै समताको परिस्थिति निर्माण गर्ने वातावरण तय गरियो । त्यतिबेला ग्रामीण पूर्वाधार विकासमा राज्यको भूमिका तय गरियो । शिक्षा क्षेत्रमा हाई-स्कुलसम्मको शिक्षालाई निःशुल्क गर्ने र गाउँ-गाउँमा स्कुल खोल्न राज्यको लगानी खोजियो ।

विश्व अर्थव्यवस्थासँग नेपाललाई जोड्दै लैजाने परिस्थिति बनाउनुपर्ने थियो । यथार्थमा २०४६ भन्दा अगाडिदेखि नै नेपालमा विश्व बैंक, आइएमएफ, एडीबीहरूको संलग्नता थियो । बहुपक्षीय तथा दुईपक्षीय दाताहरु भएकाले विश्व बजारसँग कुनै न कुनै ढंगले जोडिने प्रयत्न गरिरहेका थियौँ ।

कम्युनिज्म असफल भएपछि विश्व व्यापार पूर्वाधार विकास प्रक्रिया पनि बढिरहेका बेला हामीलाई पनि विश्व बजारसँग जोड्ने, देशभित्र आन्तरिक प्रतिस्पर्धात्मक अर्थतन्त्र निर्माण गर्ने राज्यको भूमिकालाई गहन ढंगले परिभाषित गर्ने काम गर्‍यौँ । राज्यले व्यापार गर्न सक्दैन, उद्योगधन्दा चलाउने विषयमा निजी क्षेत्रको सीपलाई प्रयोग गर्न दिनुपर्छ, राज्यले पूर्वाधार निर्माण, शिक्षा र स्वास्थ्यमा आफूलाई केन्द्रित भनेर योजना अघि सारियो ।

शिक्षामा सुधार

हाईस्कुलको शिक्षा निःशुल्क गर्ने र स्कुल शिक्षालाई सहज बनाउन गाउँ-गाउँमा स्कुल निर्माण गरियो । प्राइमरी हेल्थ केयर सिस्टम हरेक निर्वाचन क्षेत्रमा एउटा स्वास्थ्य केन्द्र एवं हरेक गाविसमा एउटा स्वास्थ्य चौकी निर्माणमा जोड दिएर तल्लो तहमा शिक्षा र स्वास्थ्यको संरचना लैजाने काम

राज्यले गर्नुपर्छ भनेर अघि बढियो ।

पिउने पानीको अत्यन्तै धेरै समस्या थियो । अधिकांश मानिसले पानीबाट जन्मने रोगबाट अकालमा जीवन गुमाउनुपरेको थियो । नेपालको औसत आयु पनि त्यो बेला ५०/५२ वर्षको हाराहारी मात्रै थियो । केटाकेटीको बालमृत्युदर धेरै थियो । उनीहरूको मृत्युको कारण यही झाडापखालाजस्तो रोगको कारण थियो । यस्तो अवस्थामा जीवनको रक्षा गर्ने क्षेत्र पहिचान गरेर सुधारको काम गरियो । समाजवाद भनेको यही नै हो ।

गरिबीको सबैभन्दा ठूलो जोखिम ग्रामीण भेगमा थियो । ग्रामीण पूर्वाधारका निम्ति गाउँलाई सदरमुकाम जोड्ने बाटाहरू बनाउने योजना अघि सारियो । २०४६ पछिको लगानीको प्रवृत्ति हेरियो भने विकासका निम्ति यातायात क्षेत्रमा एउटा क्रान्ति नै थियो । त्यतिबेला कच्ची बाटा, पक्की बाटा गरेर ७/८ हजार किलोमिटरको मात्रै नेटवर्क थियो । अहिलेको अवस्थामा हेर्ने हो भने ९० हजारभन्दा बढी पुगेको छ । सबै सदमुकाममा बाटो पुगेको छ । हाम्रो फोकस त्यता गर्नुपर्ने थियो ।

राज्यको भूमिका पुनर्भाषित गर्नुपर्दछ, राज्यका साधन-स्रोत उत्पादनका लागि खर्च गर्नुपर्छ भन्ने मान्यताका साथ हामी अघि बढेका थियौँ । जस्तै, संस्थानहरूकै कुरा गर्ने हो भने ६२/६५ वटामध्ये अधिकांश संस्थान घाटामा थिए । जुन उद्देश्यले ती संस्थान खडा भएका थिए, तर, जनताको राहतका निम्ति ती आफ्नो उद्देश्यमा पनि सफल भएनन्, वित्तीय लगानीको हिसाबले पनि उपयुक्त देखिएनन् ।

यसका लागि कि त व्यापक रूपमा व्यवस्थापकीय सुधार गरेर राज्यले पूर्ण आफ्नो नियन्त्रणमा लिएर जानुपर्थ्यो, जुन मोडल नेपालमा असफलै भइसकेको थियो । कठोर सरकारको एकलौटी प्रणालीमा त ती संस्थानबाट दसौँ अर्बको लगानी भएर पनि पुँजीगत लाभ अत्यन्तै कम थियो । यसकारण यो समग्र प्याकेजमा राज्यको भूमिकालाई पुनर्भाषित गरेर अत्यन्तै आवश्यक पर्ने क्षेत्रमा ग्रामीण पूर्वाधार, शिक्षा, खानेपानी, स्वास्थ्य संरचनाका केन्द्रित बनाउनुपर्ने थियो । वित्तीय क्षेत्रमा पनि त्यही बेलामा ग्रामीण विकास बैंकको अवधारणा अघि सारेका थियौँ । बैंकिङ क्षेत्रमा खुलापन गरेसँगै निजी क्षेत्रलाई आउन दिनुपर्दछ, उद्योग र व्यापार क्षेत्रमा निजी क्षेत्रलाई संलग्न हुन दिनुपर्छ भन्ने सैद्धान्तिक परिवेश भयो ।

३० वर्षको पञ्चायती शासनले वित्तीय संकट निम्त्याएको थियो । आर्थिक वृद्धिदर अत्यन्तै झिनो औसत ३ प्रतिशत हाराहारी थियो । त्यस समयमा २.६६ जनसंख्याको वृद्धिदर थियो । यसले गर्दा राष्ट्रिय आयमा भएको वृद्धिले पनि जनसंख्यामा भएको वृद्धिका कारण तुलनायोग्य नभएको अवस्था थियो ।

प्रजातन्त्रको मर्मसँग मिल्ने व्यापक आर्थिक सुधार गर्नुपर्ने थियो । त्यसका लागि राज्यको पनि भूमिका अर्थतन्त्रलाई गति प्रदान गर्न तीन वटा प्लेयर हुन्छन् भनियो । जुन राज्य, निजी क्षेत्र र गैरसरकारी क्षेत्र (सामुदायिक क्षेत्रबाट अर्गनाइजेसन भएको शक्ति) पहिचान गरिएको थियो ।

राज्यले आफ्नो देशको निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न जरूरी छैन । निजी क्षेत्रलाई राम्रो वातावरण बनाउन बजार खुला गरियो । यसको अर्थ लाइसेन्सको युगलाई समाप्त गरियो । उद्योगधन्दा गर्न चाहनेले सजिलै उद्योग खोल्न सक्ने, व्यापार गर्न पाउने भए । मन्त्री र उच्च तहको मानिससँगको सम्बन्धका आधारमा तोक लगाएर व्यापार वा उद्योग गर्न पाइने युगबाट बाहिर निस्कियो ।

टेलिफोनका निम्ति मन्त्रीको तोक लगाउनुपर्ने युगको समाप्ति भयो । राज्य नियन्त्रण गरेको अखबार, रेडियो टेलिभिजनको क्षेत्रलाई खुला गरियो । सिडियोको सिफारसिमा ७/१० दिन पर्खिएर हवाई टिकट लिनुपर्ने अवस्था थियो । त्यसलाई हटाएर निजी क्षेत्रलाई लगानी गर्ने सहज वातावरण बनाइएको थियो ।

त्यतिबेला कतिपय सरकारी स्वामित्वका संस्था निजीकरण यही अवधारणामा आएको हो । सरकारको अर्बौंको सेयर लगानी छ, अर्बौंको ऋण लगानी पनि छ । लाभांश निकै कम मात्र आएको छ । यस हिसाबले त्यहाँ रोकिएको पुँजी र व्यवस्थापकीय बोझबाट मुक्त गरेर माथि उल्लिखित क्षेत्रमा लगानी गर्दा थोरै साधन-स्रोत भएका मुलुकको स्रोतको व्यवस्थापन वैज्ञानिक हुन्छ ।

निजी क्षेत्रले स्वाभाविक रूपमा पुँजी परिचालन र व्यवस्थापकीय सीप दक्षता भित्र्याउन भूमिका निर्वाह गर्छ । राज्यले आफ्ना स्रोत-साधनलाई दक्षतापूर्वक प्रयोग गरी तोकिएका क्षेत्रमा लगानी गरेर प्लेइङ फिल्ड बनाउँछ । विकासका लागि सबैभन्दा ठूलो मोडल हो, यो

अनुत्पादक बहस र बाधा

यो सिद्धान्त र कार्यक्रमको ढाँचा ०४६ पछि थियो । तर, अत्यन्तै अनुत्पादन बहस यसमा चल्न थाले । निजी क्षेत्रलाई महत्व दिनु भनेको पुँजीवादलाई प्रश्रय दिनु भनिन्थ्यो-नेपालमा त्यही पुँजीवाद र साम्यवादबीचको लडाइँ हो भन्ने जसरी । दुःखको कुरा, नेपालका कम्युनिस्ट पार्टीहरू यस्तै पुरानो सिद्धान्तले प्रशिक्षित थिए ।

संसद्मा यस्तै बहस पनि हुने गरेको थियो । म आफैंले संसद्मा भनेको स्मरण पनि छ, 'नेपालको विकासको बहस पुँजीवादको बाटो जाने कि समाजवाद वा साम्यवादको बाटोमा जाने,

त्यो बीचको छनोट होइन । हामी विकासोन्मुख मुलुक भएकाले राज्यको पनि भूमिका छ । हामीले बजार भनेर सबै मार्केट फोर्सले प्रयोग तय गर्ने वातावरण छैन ।

यसका लागि केही संरचनागत बाधा रहेका छन् । ग्रामीण क्षेत्रमा, खानेपानीमा लगानी गरेर निजी क्षेत्रलाई फाइदा हुँदैन नि । त्यसो भए कसले गर्ने त ? त्यहाँ मार्केट फोर्सले 'प्ले' गर्दैन । गाउँका सडक बनाउने काम कसले गर्ने ? ठूलो मात्रामा खर्च गर्ने नहरमा कसले खर्च गर्ने ? यो राज्यले गर्नुपर्ने हुन्छ । यद्यपि कृषितर्फ ९९.९ कृषि निजी क्षेत्रको हातमा छ । तर, पूर्वाधार निर्माणका निम्ति राज्यले जिम्मेवारी लिनुपर्ने हुन्छ । जहिले मिश्रित अर्थतन्त्रमा राज्यको पनि भूमिका, निजी क्षेत्रको पनि भूमिका भएका केही क्षेत्र हुन्छन्, जहाँ राज्यले भन्दा निजी क्षेत्रले बढी राम्रो काम गर्न सक्छ । जस्तो उद्योग, व्यापारको क्षेत्र, सञ्चारको क्षेत्र, बैंकिङ क्षेत्रमा अभूतपूर्व परिवर्तन भएको छ । गाउँ-गाउँमा बैंक पुगेको छ, हरेक गाउँपालिकामा बैंक पुगेको छ । यसले पुँजी निर्माण प्रक्रिया र बचत गर्ने प्रक्रियामा सहयोग पुऱ्याएको छ ।

पहिलो चरणको आर्थिक सुधारको क्रममा मुख्यतः सिद्धान्तको विषयमा अनुत्पादक धेरै बहस भयो । सबै बेचिदियो, बाँसबारी छाला जुत्ता कारखाना बेच्यो भनियो । त्यसका मेसिन जीर्ण भइसकेका थिए । त्यसको उत्पादन सीमित भएको थियो । टेक्निकल रिस्ट्रक्चर गर्न नसकिरहेको अवस्था थियो । त्यस्तै, वातावरणीय दृष्टिकोणले पनि त्यो रिलोकेट गर्नुपर्ने नै थियो । तर, बहस त्यतातर्फ जानुभन्दा पनि लौ बेच्यो, खायो भन्नेजस्तो भयो । एक प्रकारको बाधा यस्ता विषयले पनि सिर्जना गरेको थियो । जुन मेसिन चीन सरकारले एउटा चरणमा झन्डै २० वर्षअघि दिएको थियो, ती मेसिनरी औजार टेक्निकल्ली रिस्ट्रक्चरिङ भएन भने अप्राकृतिक रूपमा हामीले जुत्ताको मूल्यलाई निर्धारण गरेर हुँदैन । राज्यको दबाबमा एउटा मूल्यमा जुत्ता बेच्ने भन्छौं । त्यसले निजी क्षेत्रको लगानी आउन एउटा अवरोध सिर्जना गरेको हुन्छ ।

यहाँ इँटा कारखाना थियो । त्यो इँटा लिनका निम्ति महिनौं कुर्नुपर्ने थियो । त्यहाँ पनि सिफारिस चाहिने गरेको थियो । त्यो बेचिएको छैन भन्दा पनि नपत्याउने । अहिले पनि त्यो जमिन त्यही छ । त्यही ठाउँमा त्यति ठूलो हृदय रोग प्रतिष्ठान रहेको छ । कतिपय उद्योग रिलोकेटड गरिएको छ । कतिपय चल्नै सकेनन्, लगानी बढाएर उत्पादन पनि भयो तर अन्तर्राष्ट्रिय बजार अभावमा चल्न सकेनन् ।

मलाई स्मरण छ, जुन बिजनेसको प्रपोज थियो, त्यहाँभन्दा बाहेक प्रयोग गर्न पाइँदैन भनिएको थियो । बरू अघिल्लो सरकारको पालामा भूमिसम्बन्धी ऐन संशोधन गरेर बेचबिखन गर्न पाउने भनेको सुनिएको छ । त्यसो हो भने राम्रो भएन ।

निजी क्षेत्रको निषेध प्रजातान्त्रिक समाजवाद होइन, निजी क्षेत्रको संलग्नताबाट मासिक उत्पादन गर्ने र उत्पादनबाट प्राप्त भएको राजस्वलाई राज्यले आफ्नो खर्च प्रणालीबाट समतामुलक वितरण गर्न सक्ने गरी काम गर्ने हो ।

हाम्रो खर्चको रूपान्तरण ग्रामीण पूर्वाधार, शिक्षा, स्वास्थ्य, सडक निर्माण र ठूला पूर्वधार निर्माण क्षेत्रमा विस्तार गरियो । त्यतिबेला नै हामीले करिब टुंगोमा पुऱ्याएको थियौं, अरूण तेस्रो र कालीगण्डकी आयोजना । विश्व बैंकसँग बहस गरेर १९९० बाट सुरू भएर २००१ मा अरूण तेस्रो पूरा हुने योजना बनाइएको थियो । त्यो बीचको विद्युत् माग पूरा गर्न कालीगण्डकी पनि चाहिन्छ भनिएको थियो । विश्व बैंकका अधिकारीले नेपालको अर्थतन्त्रले थेग्न सक्दैन भनेर भनेका थिए । हामीले सक्छौं, त्यसका लागि राज्यको खर्च नियन्त्रण पनि गर्छौं भन्यौं । नेपालको विकास प्रक्रियालाई त्यसबाट सिर्जना हुने माइक्रो इकोनोमिक क्रियाकलापले थेग्छ भनियो । कालीगण्डकी ए पनि सुरू गर्न सक्छौं भनेर विश्व बैंकले नचाहँदा नचाहँदै एडिबी र अन्य बहुपक्षीय दाताहरूलाई भनेर त्यो प्रोजेक्ट ल्याइएको थियो । हामीले निजी क्षेत्रलाई विद्युत्मा लगानी गर्न प्रोत्साहित गऱ्यौं । त्यही बेला खिम्ती, भोटेकोसीजस्ता आयोजना आए ।

त्यही समयमै ग्रामीण विकासका लागि ग्रामीण बैंकको अवधारण ल्याइयो । प्रजातान्त्रिक समाजवादको सिद्धान्तअनुसार काम गरिए पनि पछि कम्युनिस्ट साथीहरूले ढोल बाजा, मजुरा लगाएर आफ्नो गाउँ आफैं बनाऔं भनेर प्रचार गर्नुभयो । तर, त्यसको आधार त्यही बेला बनाइएको थियो । केन्द्रबाट सोझै गाउँ विकास समितिमा पैसा जाने प्रक्रिया हामीले सुरू गरेका थियौं । यसबेला कांग्रेसले ठूलो लाभ लिने देखेपछि कम्युनिस्टहरूले नयाँ नामकरण पनि गरे, हामीले दिएभन्दा धेरै पैसा पनि पठाइयो । यो कार्यक्रमअन्तर्गतको बजेट हामीले हरेक वर्ष बढाउँदै आएका थियौं । १० हजारबाट प्रारम्भ गरिएको यो कार्यक्रम अन्तिम पटक म आफैंले बजेट पेस गर्दा प्रतिगाविस ५० हजार विनियोजन गरेको थिएँ । त्यतिबेलाको बजेट आकारअनुसार त्यो रकम राम्रै थियो । पहिलो पटक बजेट ल्याउँदा २६ अर्बको बजेट थियो । साढे १२ अर्बको मात्रै राजस्व उठ्ने गरेको थियो ।

२०४९ मा स्थानीय निकायका प्रतिनिधि निर्वाचित भएर आएपछि विकासका थुप्रै काम भए । ग्रामीण पूर्वाधार विकासको लहर नै चल्यो । त्यसले अनुकूल प्रभाव अर्थतन्त्रमा पाऱ्यो । विदेशी लगानी पनि त्यो बेला राम्रोसँग भित्रियो ।

पहिलो चरणको सुधारले थेग्यो संकट

०४९/५० मा अनावृष्टि र बाढीले गर्दा कृषि क्षेत्र अत्यन्तै कमजोर भए पनि गैरकृषि क्षेत्रमा भएको प्रगतिले वृद्धिदर राम्रो देखियो । हामीले सरकार छाड्ने बेला झन्डै साढे ८ प्रतिशत थियो । गठबन्धनको सरकार आएपछि जुन उद्देश्यका साथ सुधार गरिएको थियो, माओवादी द्वन्द्वले १०/११ वर्ष गाँज्यो । प्राथमिकतामा अरु परे । कसैले पनि आर्थिक सुधारका कार्यक्रममा त्यति धेरै रूचि देखाएनन् । अहिले फर्किएर हेर्दा पहिलो चरणमा गरिएको अर्थतन्त्रको सुधारले माओवादी द्वन्द्वकालीन १० वर्षको असहज परिस्थितिलाई पनि थेग्यो । राजनीतिक द्वन्द्वको अवस्थामा पनि नेपाल आर्थिक रूपमा टाट पल्टिने अवस्था आएन ।

राजनीतिक अस्थिरता सुधारमा बाधक

द्वन्द्व समाधानपछि पनि राजनीतिक अस्थिरताको फेज आयो । माओसेतुङले चीनमा प्रारम्भ गरेको, त्यसको परिवर्तनले ल्याएको झलक आइरहेको थियो । हामीले लगातार साथीहरूलाई भन्यौं । यो हामीले हाम्रै मुलुक र हामीजस्तै गरिब मुलुकबाट सिकेको अनुभवको आधारमा गरिएको हो ।

विकास मोडलको संकलनकर्ता नै हो, विश्व बैंक । संसारभरिका देशमा के-के अप्ठेरा भए, कुन-कुन बाटोबाट कस्तो-कस्तो सुधार प्रक्रिया अघि बढ्यो भन्ने अनुभवको केन्द्र पनि हो । केवल पैसा लिने ठाउँ मात्रै नभएर झन्डै २०० वटा मुलुकको अनुभव सेयर गर्ने ठाउँ पनि हो ।

हामी भन्यौं, अहिलेको एडम स्मिथले भनेजस्तो राज्यले कुनै पनि प्रकारको हस्तक्षेप नगर्ने युग पनि छैन । समस्या पर्दा राज्यले संरक्षण गर्ने कुरा अमेरिकाजस्तो पुँजीवादी देशमा पनि देखिएको छ ।

चीनमा पूर्वीय समुद्री तटमा अन्तर्राष्ट्रिय लगानीबाट आएका जापानका उद्योग छन् । जर्मन अटोमोबाइल चीनमा सस्तोमा उत्पादन

हुन्छ । कम्प्युटर सस्तोमा चीनमा उत्पादन हुन्छ ।

हामीले पनि प्रत्युत्पादक सैद्धान्तिक बहसभन्दा पनि राज्य, निजी क्षेत्र र गैरसरकारी क्षेत्रलाई आर्थिक साझेदारको रूपमा काम गर्ने वातावरण बनाइदिनुपर्छ । निजी क्षेत्रले स्वाभाविक रूपमा पुँजी परिचालन र व्यवस्थापकीय सीप दक्षता भित्र्याउन भूमिका निर्वाह गर्छ । अन्तर र्राष्ट्रिय लगानी पनि भित्र्याउनुपर्छ, राज्यले आफ्ना स्रोत-साधनलाई दक्षतापूर्वक प्रयोग गरी तोकिएका क्षेत्रमा लगानी गरेर प्लेइङ फिल्ड बनाउँछ । विकासका लागि सबैभन्दा ठूलो मोडल हो । करिब यो बाटोमा सबैको सहमति छ । सबै कम्युनिस्ट प्रधानमन्त्री र मन्त्रीहरूले यो बाटोबाट बाहिर जाने प्रयत्न गर्नुभएन ।

अबको बाटो

अहिलेको परिस्थितिलाई कोभिडसँग जोडेर पनि हेर्नुपर्ने हुन्छ । यति ठूलो राजनीतिक उतारचढाव र संविधान बनाइसकेपछि पछि पनि दरिलो बाटो देखाउने सरकार बन्न पाएको छैन । बनेको सरकार पनि टिकेको छैन । राजनीतिक वृत्तमा जुन मतभेद र अस्थिरता छ, त्यसमा कोभिड- १९ ले ल्याएको संकट मिसिएको छ ।

जलवायु परिवर्तन, राष्ट्रिय विपद् यसमा जोडिएर आएका छन् र आउनेवाला छन् । कोभिडपछि संसारका धेरै देशसँगै नेपालमा उद्योग, व्यापार अझ पर्यटन क्षेत्र कोल्याप्स नै हुने अवस्थामा पुग्यो । कोरोना कम भएपछि विस्तारै चलायमान हुने प्रक्रियामा छ । यतिबेला एउटा विस्तृत सुधारको प्याकेज जरूरी छ । यसका लागि केही क्षेत्र पहिचान आवश्यक छ ।

पर्यटन : पर्यटन क्षेत्रमा पूर्वधार सुधार तथा विस्तार गरेर प्राकृतिकप्रेमी टुरिस्टलाई संयोजन गरेर सामुदायिक क्षेत्रको संलग्नताका साथै 'खर्चिला पर्यटक' आउने गरी पूर्वाधार बनाउने र सामुदायिक क्षेत्रको संलग्नता बढाउनुपर्छ । रोजगारी सिर्जना गर्न विस्तृत गुरूयोजना आवश्यक छ ।

आयात-निर्यात : यो क्षेत्रमा धेरै ठूलो समस्या देखिएको छ । निर्यात क्षेत्र विस्तारै कमजोर बन्दै गएको छ । हाम्रा उद्योग, कलकारखाना प्रतिस्पर्धी हुने क्षमता विस्तारै खस्कँदै गएको छ । बढ्दै गएको व्यापार घाटा हाम्रा लागि बोझ हुन सक्छ ।

जबसम्म हामीले निर्यात क्षेत्रलाई नयाँ ढंगले अघि बढाउँदैनौँ, तबसम्म यस्तो जोखिम रहन्छ । पहिलो चरणको सुधार निर्यात क्षेत्रमा राम्रो भएको थियो । वस्तु तथा सेवा प्रवाहको बाटो नयाँ ढंगले डिजाइन गर्नुपर्ने हुन्छ । हाम्रा उद्योग, कलकारखानाको प्रतिस्पर्धा बढाएर प्रतिस्पर्धी उत्पादन बढाउनुपर्ने हुन्छ । यसका लागि सीप र दक्षता बढाउनुपर्ने हुन्छ ।

पूर्वाधार : पूर्वधार क्षेत्रमा व्यापक सुधार गरिएन भने हाम्रो वृद्धिदर प्रक्रियालाई अघि बढाउन समस्या हुन्छ । जस्तो, ऊर्जा उत्पादनको क्षेत्रमा सुधार गरियो, थुप्रै लगानी आयो, बैकले पनि ठूलो लगानी गरेका छन् । अहिले ट्रान्समिसन लाइनको संकट देखिन थाल्यो । भारतलाई बेच्ने बजारको समस्या हुन थाल्यो, विद्युत् खेर जान थाल्यो । तत्काल हामीले ऊर्जा क्षेत्रको पूर्वाधारमा न्यून मूल्यको ढुवानी लागत लाग्ने गरी सुधार गर्न आवश्यक छ ।

कृषि क्षेत्रको आधुनिकीकरण : खाद्यान्न नै हामीले आयात गर्न थाल्यौँ । कृषि क्षेत्रमा आधुनिकीकरणका लागि लगानी र प्रविधि बढाउनुपर्ने हुन्छ । उच्च मूल्यका उत्पादनमा पनि स्थिर सुधारका लागि सुधारको आवश्यकता हो ।

वनले अगटेको क्षेत्र नै ४५ प्रतिशत पुगेको छ । अहिले पनि काठ आयात गर्नुपर्ने अवस्था छ । वैज्ञानिक वन व्यवस्थापन गरेर यसको उपयोग बढाउनुपर्छ । ठूला रूख प्रयोग गर्ने बिरूवा रोप्ने प्रक्रिया अघि बढाउनुपर्छ । यसलाई कार्बन ट्रेडसँग जोडेर नै हरियो भने पनि पुराना र थोत्रा काठ राखेर कार्बनको प्रशोचन हुँदैन ।

हामीले ऊर्जा चाँडै बेच्न निजी क्षेत्रलाई लगानी गर्नुपर्ने हुन्छ । यसका लागि ट्रान्समिसनलाई तीव्र गतिले बनाउनुपर्ने हुन्छ । लगानी जहाँबाट ल्याउन सकिन्छ, ल्याउने हो । तर हाम्रो बहस एमसीसीमा अड्किएको छ । हामीलाई एमसीसी पनि चाहिन्छ, बिआरआई पनि चाहिन्छ । हाम्रो वृद्धिलाई मद्दत गर्न केरूङको बाटोबाट चीनको बजारमा पुग्न सकिन्छ भने बिआरआईको फन्डिङ ल्याउनुपर्‍यो । एमसीसीको फन्डिङ लिएर अघि बढ्नुपर्ने हुन्छ । तर, दुःखको कुरा अहिले पनि उसै गरी बहस अनुत्पादक ढंगले अघि बढेको छ । तीव्र वित्तीय व्यवस्थापन गर्न जति पुँजी चाहिन्छ, त्यसको उपयुक्त रूपमा खोजी गर्नुपर्‍यो ।

तीव्र पुँजी प्रयोग गर्न आन्तरिक लगानीका साथै विदेशी लगानी पनि चाहिन्छ । देशभित्र पुँजी आयो भने हामीले पर्यटन क्षेत्रलाई, निर्यात क्षेत्रलाई, ऊर्जा, पूर्वाधार, कृषि क्षेत्रमा तीव्र प्रविधि, सीप, दक्षता र प्रतिस्पर्धा बढाएर विश्व बजारमा पुग्न सक्छौँ । यो दीर्घकालीन हुनेछ । होइन भने एउटा साइकलमा हामी फसिरहनेछौँ ।

वनले अगटेको क्षेत्र नै ४५ प्रतिशत पुगेको छ । अहिले पनि काठ आयात गर्नुपर्ने अवस्था छ । वैज्ञानिक वन व्यवस्थापन गरेर यसको उपयोग बढाउनुपर्छ । ठूला रुख प्रयोग गर्ने बिरुवा रोप्ने प्रक्रिया अघि बढाउनुपर्छ ।

अबको बाटो: बजार नपुग्ने ठाउँमा मात्र सरकार

अर्थ राजनीतिक बहस हामीकहाँ सुरु नै भएन । सबै काम सरकारले गर्ने हो कि ? बजारले गर्ने हो कि ? दुवैको मिश्रणबाट हुने हो ? छलफल नै भएन । एकै पटक माथिबाट थोपरियो केन्द्रीय योजनाबाट चल्ने, जनताबाट धेरै टाढाको सरकारले चलाउने पद्धति

मुराहरि पराजुली

दोस्रो पुस्ताको उदारीकरणको कुरा गर्नुअघि 'उदारीकरण' के हो ? भन्ने पृष्ठभूमिमा जानु उचित हुन्छ । सुरू गरौँ, हाम्रो आर्थिक सोचबाट । यसपालि पनि आर्थिक संवाददाताले निम्न शीर्षकमा समाचार लेखे :

- 'चाडपर्वको मुखमा उपभोग्य वस्तुको अभाव'
- 'मूल्यमा मनपरी, सरकारले हेरेन'
- 'पसलैपिच्छे फरक मूल्य, सरकार मुकदर्शक'

यसैगरी हाम्रा संवाददाताले नियमितजस्तो लेख्ने समाचारको शीर्षक यस्तो हुन्छ :

- 'ब्याज निर्धारणमा बैंकहरूको मिलेमतो'
- 'निर्यातभन्दा आयात दस गुणा बढी'
- 'विदेशी विनिमय सञ्चिति घट्दो'

यी समाचारमा हाम्रो समाजको आर्थिक चेत प्रतिविम्बित हुन्छ । यी समाचारले हाम्रो आर्थिक व्यवहार र अपेक्षाको प्रतिनिधित्व गर्छन् । हाम्रो आर्थिक चेतमा रहेको विरोधाभासको खुलासा पनि यी समाचारको उठान, लेखन, प्रकाशन तथा प्रसारणले गर्छ । अब यी समाचारको पक्षधरतालाई केलाऔँ । यी समाचारले कहिले खुला बजार अर्थतन्त्रको माग गर्छन्, कहिले सरकारी हस्तक्षेपको वकालत गर्छन् ।

'पसलैपिच्छे फरक मूल्य, सरकार मुकदर्शक' भन्ने समाचारलाई हेरौँ । पसलैपिच्छे फरक मूल्य हुनु त राम्रो कुरा हो नि, होइन र ? एउटा बालिग उपभोक्ता आफूले भनेजस्तो समान जहाँ सस्तो पाउँछ, उहीँ किन्छ । के फरक पऱ्यो र ?

अर्को समाचारको शीर्षक हुन्छ, 'ब्याज निर्धारणमा बैंकहरूको मिलेमतो' । पहिले पसलैपिच्छे फरक मूल्य भयो भनेर आपत्ति जनाउने संवाददाता अब बैंकहरु मिलेर ब्याजदर निर्धारण गरेको कुरालाई लिएर गुनासो गरिरहेका हुन्छन् । ब्याजदर भनेको पैसाको मूल्य होइन र ? अरु सामानको मूल्यमा मनपरी हुँदा दुखी हुनेले त पैसाको मूल्य एउटै हुँदा खुसी हुनुपर्ने होइन र ?

अब कुरा गरौँ स्वतन्त्र समाजको । स्वतन्त्र समाजमा मान्छे निरन्तर परिवर्तनको पक्षमा हुन्छ, महँगीलाई जित्न चाहन्छ, न्याय खोज्छ, ऊ आफू र आफ्नो परिवारका लागि शिक्षा, स्वास्थ्य, मर्यादित रोजगारी चाहन्छ । स्वतन्त्र मान्छे शान्ति खोज्छ, सुखले खान र आरामले निदाउन चाहन्छ ।

के यस्ता कुराहरूको ग्यारेन्टी सरकारले गर्न सक्छ ? सरकार भनेको केही मान्छेको समूह होइन र ? हामी हाम्रो निर्णय क्षमतामाथि शंका गर्दै उनीहरूको निर्णयमा किन बाँच्ने ? कोभिड महामारीको बिमा गर्दा करदाताले १० अर्ब रूपैयाँभन्दा बढीको भार बोक्नुपऱ्यो । निर्णयकर्ताले गलत निर्णय गर्दा कुनै मूल्य चुकाउनु नपर्ने प्रणालीप्रति हाम्रो यत्रो विश्वास किन ? बैंकरहरूको समूहले ब्याजदर निर्धारण गर्न नपाउने तर सरकार नामका मान्छेको समूहले बजारमा वस्तु तथा सेवाको मूल्य तोक्न पाउने ?

के सरकारी कुर्सीमा बस्ने मान्छेसँग सर्वसाधारणसँग नभएको अलौकिक ज्ञान हुन्छ ? के सरकारी मान्छेको कुनै व्यक्तिगत स्वार्थ हुँदैन ? उनीहरूले गर्ने निर्णय पूर्वाग्रहरहित हुन्छ ?

निर्देशित अर्थतन्त्रको वकालत गर्नेहरु मूल्य तोक्ने निकायको पक्षमा हुन्छन् । जर्मन दार्शनिक कार्ल मार्क्स (१८१८-१८८३) आफ्नो सिद्धान्तलाई वैज्ञानिक समाजवाद भन्थे । अनुयायीका अनुसार

उनका कुरा सूर्य पूर्वबाट उदाउँछ, दुई र दुई जोड्दा चार हुन्छ भनेजत्तिकै अकाट्य सत्य थिए । अरूले भन्दा हामीले संसारलाई राम्ररी बुझेका छौं भन्ने दाबी उनका अनुयायीहरु अझै गर्छन् ।

उदारवादको इतिहास

आधुनिक अर्थतन्त्रको विकास हुनु अघि मान्छेको आर्थिक सोच सरल थियो । स्वाभाविकै हो, अर्थतन्त्र सरल थियो, अर्थतन्त्रको गति स्थिर थियो, प्राविधिक परिवर्तन लगभग शून्य थियो, व्यापार निश्चित भूगोल, वस्तु र सेवामा सीमित थियो, पुँजीको पर्याप्त विकास भएको थिएन, पुँजीको परिमाण कम थियो र विविधता थिएन । देशहरूका बीचमा लडाइँ भइरहन्थ्यो ।

आर्थिक वृद्धि शून्य हुँदा एउटाको आय वा सम्पत्तिमा वृद्धिका लागि अर्कोले गुमाउनैपर्थ्यो । लुटपाट धन प्राप्तिको निर्विकल्प उपायजस्तै थियो । तत्कालीन समाजमा सोहीअनुरूपको साँघुरो आर्थिक सोच व्याप्त थियो । तालिमे अर्थशास्त्री थिएनन् । आर्थिक व्यवहारका बारेमा विभिन्न तर्क गरिन्थे । कुनै विश्वविद्यालयमा अर्थशास्त्रलाई अध्ययनको अलग्गै विधा मानिएको थिएन ।

एकथरी व्यापार सबथोक हो भन्थे । मर्कन्टालिस्ट भनिने यो समूह स्वदेशी उद्योगको संरक्षण हुनुपर्छ भन्थ्यो, राज्यशक्तिको प्रयोग गरेर स्वदेश र विदेशको बजार कब्जा गर्न खोज्थ्यो, गर्थ्यो ।

कृषिले मात्रै अतिरिक्त मूल्य सिर्जना गर्छ भन्ने अर्काथरीको दाबी हुन्थ्यो । फिजियोक्र्याट्स भनिने फ्रान्सेली चिन्तकहरूको यो समूहले मुलुकको अर्थतन्त्रलाई रक्तसञ्चार प्रणालीको विम्ब बनाएर त्यसको मुटु कृषिलाई मान्थ्यो ।

पुँजी र श्रमको मिश्रणबाट अतिरिक्त मूल्य सिर्जना हुन्छ भन्ने चिन्तकहरूको अर्कै समूह थियो, जसलाई शास्त्रीय अर्थशास्त्री भनिन्छ । स्कटल्यान्डका दार्शनिक एडम स्मिथ (१७२३-१७९०) ले आकार दिएको आर्थिक चिन्तनको यो परम्परामा पछि फ्रान्सेली जेबी से (१७६५-१८३२), बेलायती डेभिड रिकार्डो (१७७२-१८२३), थोमस रबर्ट माल्थस (१७६४-१८३४) र जेएस मिल (१८०६-१८७३) जोडिन आइपुगेका थिए ।

यो समूहले श्रमको विशिष्टीकरणमा जोड दिएको थियो । सम्पत्तिको अधिकार, नाफा, खुला व्यापारलाई प्राथमिकतामा राख्ने यो समूह जटिलभन्दा जटिल अर्थतन्त्र पनि केन्द्रीय निर्देशनबिना चल्न सक्छ भन्ने कुरामा विश्वास गर्थ्यो । यो समूहले उदार अर्थराजनीतिक प्रणालीलाई चर्चामा ल्याएको थियो ।

कार्ल मार्क्सले पुँजी र श्रमबीच समन्वय हुन सक्दैन, द्वन्द्व मात्र हुन्छ भने । 'धनी गरिबलाई लुटेर बनिन्छ, मूल्य सिर्जना श्रमले मात्रै गर्छ, अर्थतन्त्र चलाउन केन्द्रीय निर्देशन आवश्यक हुन्छ, बजारले आर्थिक शक्तिलाई समायोजन र सन्तुलनमा राख्न सक्दैन, उत्पादनका साधन सामूहिक स्वामित्वमा रहनुपर्छ र उत्पादित वस्तुको न्यायोचित वितरण पनि समूहकै निर्देशनबाट गर्नुपर्छ', उनले भने ।

बेखबर नेपाल

यस किसिमको अर्थ राजनीतिक बहस हामीकहाँ सुरू नै भएन । सबै काम सरकारले गर्ने हो कि ? बजारले गर्ने हो कि ? दुवैको मिश्रणबाट हुने हो ? छलफल नै भएन । एकै पटक माथिबाट थोपरियो केन्द्रीय योजनाबाट चल्ने, जनताबाट धेरै टाढाको सरकारले चलाउने पद्धति ।

राणाकाल र त्यसअघि शासकले जनताको हितलाई केन्द्रमा राखेर सोच्ने वा काम गर्ने भन्ने थिएन । यद्यपि उनीहरु रैतीको हितमा यो वा त्यो काम गरेको जस लिन पछि पर्दैनथे । त्यो पनि आफ्नो महत्तो प्रदर्शन गर्नका लागि ।

राणा शासन अन्त्य भएपछि देश विकास गर्ने, सर्वसाधारणका दुःख निवारण गर्ने कुरा निकै चर्चामा आयो । भौतिक पूर्वाधार निर्माण गर्ने, उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, शिक्षा-स्वास्थ्य सुविधा उपलब्ध गराउने कुराहरु धेरै भए । मुलुक यति पिछडिएको अवस्थामा थियो कि जनसंख्याको ठूलो भागलाई दैनिक आवश्यकताका उपभोग्य वस्तुको प्रबन्ध पनि राज्यले नै गर्नुपर्थ्यो ।

मझौला किसिमको उद्योग व्यवसाय, कलकारखाना चलाउने गरी पनि निजी क्षेत्र विकसित भएको थिएन । दाताहरु (अमेरिका, रूस, भारत, चीन, जापान) बाट प्राप्त सहयोग अन्य क्षेत्रका अतिरिक्त उद्योगधन्दा स्थापनामा लगाइएको थियो ।

उद्योग स्थापना भएपछि त्यसले उत्पादन गर्छ, रोजगारी बढाउँछ, सर्वसाधारणको आम्दानी बढ्छ र समग्र समाजको आर्थिक उन्नति हुन्छ भन्ने सपाट सोच त्यतिबेला व्याप्त थियो । राणा शासनको अन्त्यपछि र पञ्चायतकालमा सरकारले स्थापना गरेका धेरै उद्योग व्यवसाय धराशयी भए वा राज्यका लागि ठूलो आर्थिक भार बनेर बसे । त्यति मात्रै होइन, सरकारी स्वामित्वका संस्था भ्रष्टाचार, अव्यवस्था, कुशासन, अकर्मण्यता र छुद्र राजनीतिको अखडा बने ।

एउटा उदाहरण हरिसिद्धि इँटा टायल कारखाना हो । इँटा उद्योग स्थापना गर्ने भनेर २०२०/२१ मा ललितपुर हरिसिद्धिका किसानको सात सय रोपनी जग्गा अधिग्रहण गरियो । २०२५ मा सञ्चालनमा आएको उक्त उद्योग दुई दशक बिन्दानबिन्दै सरकारले चलाउन हुँदैन भनियो । उद्योगले चर्चेको जमिन निजी क्षेत्रलाई बिक्री गर्ने निष्कर्ष निकालियो र बिक्री गरियो ।

जसले उद्योग हात पार्‍यो, उसले राम्ररी चलाएन । उद्योगले उत्पादन वृद्धि तथा रोजगारी सिर्जनामा खासै योगदान गरेन । नतिजा किसानको जग्गा ठूलाबडाको हातमा पुग्यो । औद्योगिक विकास गर्ने नाममा राज्यले किसानबाट जग्गा खोसेर व्यापारीलाई दियो, सरकार जग्गा व्यवसायी बन्यो । निजीकरणको अवधारणा बदनाम भयो ।

हरिसिद्धिजस्तै थुप्रै उदाहरण छन्, जसले उदार अर्थराजनीतिलाई विकृत बनाएको छ । उदारीकरणको मर्ममै प्रहार गरेको छ । आर्थिक क्षेत्रमा राज्यको भूमिका सीमित गर्दै, सर्वसाधारणको काबिलियतमा विश्वास गर्दै, मान्छेलाई आफ्नो मालिक आफैं बन्ने अधिकतम स्वतन्त्रता प्रदान गर्ने राजनीतिक दर्शन, आर्थिक अभ्यास, शासन पद्धति ओझेल परेको छ ।

फेरि पनि नागरिक होइन, राज्य प्रधान हुने, राज्यका नाममा सरकार र सरकारका नाममा सीमित राजनीतिकर्मी हावी हुने शासन शैलीको प्रचार-प्रसार बढेको छ । केन्द्रीय योजना र सामूहिकतावादी सरकारहरूले ल्याएका विपद्को इतिहास बिर्सिएजस्तो भएको छ ।

यहाँनेर हेक्का गर्नुपर्ने कुरा के भने अभ्यासमा भएको त्रुटि, शासक विशेषले जान अन्जानमा गरेको गल्ती/अपराधलाई आधार बनाएर समग्र उदारवाद वा उदारीकरणलाई गलत सिद्ध गर्न खोज्दा हानि हामीलाई नै हुन्छ ।

उदारवाद अर्थ र अभ्यास

एकफेर उदारवाद शब्लाई केलाऔं । प्रज्ञा प्रतिष्ठानको नेपाली शब्दकोशमा उदार शब्दको अर्थ दिंदा पहिलो प्रविष्टिमा दिन र खान सक्ने मन भएको, मनकारी, दाता, दिलदार भनिएको छ । दोस्रोमा उत्तम, श्रेष्ठ, विशिष्ट भनिएको छ । तेस्रोमा संकुचित विचारधारा र स्वार्थदेखि टाढा रहेर विचार गर्ने भनिएको छ ।

त्यसैगरी उक्त शब्दकोशमा उदारवाद शब्दको अर्थ आधुनिक राजनीतिक तथा

आर्थिक क्षेत्रमा प्रचलित सबै जनतामा समान सुविधा तथा स्वतन्त्रताको अधिकार मिल्नुपर्छ भन्ने सिद्धान्त भनिएको छ ।

नेपाली शब्दकोशमा दिइएको अर्थ र शास्त्रीय उदारवादीहरूले भनेको कुरामा मेल खाँदैन । अब अक्सफोर्ड डिक्सनरीले के भन्छ हेरौँ । यसमा लिबरलिज्मलाई व्यक्तिगत अधिकार, नागरिक स्वतन्त्रता र खुला उद्यमलाई प्रवर्द्धन गर्ने राजनीतिक तथा सामाजिक दर्शन भनिएको छ । यसलाई थप व्याख्या गर्दै डिक्सनरीले भनेको छ, 'कुनै निर्णयले आफैंलाई हानि किन नगरोस्, छिमेकीहरू किन नरिसाउन् शास्त्रीय उदारवादीहरू निर्णय गर्न सक्ने व्यक्तिको अधिकारमा जोड दिन्छन् ।'

अक्सफोर्ड डिक्सनरीले भनेझैं व्यक्तिगत स्वतन्त्रताको रक्षा र प्रवर्द्धन नै राजनीतिको केन्द्रीय मुद्दा हो भन्ने राजनीतिक सिद्धान्त उदारवाद हो । उदारवादीहरू एउटा व्यक्तिलाई अर्कोले गर्न सक्ने हानिबाट जोगाउनका लागि मात्र सरकार आवश्यक हुन्छ भन्ने मान्यता राख्छन् । सँगसँगै उनीहरू के पनि भन्छन् भने व्यक्तिगत स्वतन्त्रतामा हानि पुऱ्याउने सवालमा सरकार पनि उत्तिकै खतरनाक हुन्छ ।

यो विचारले पश्चिम युरोप र उत्तर अमेरिकामा स्थान पायो । आंशिक रूपमै भए पनि यो विचार प्रयोगमा आयो । तर, सन् १९३० दशकको आर्थिक महामन्दी र दोस्रो विश्वयुद्धका कारण निर्माण परिस्थितिले उदारवादको अधिल्तिर ठूलै प्रश्न खडा गऱ्यो ।

जर्मनी, इटाली र रूसमा सामूहिकतावादी सत्ता स्थापना भयो । सोभियत संघले पूर्वी युरोप, एसिया, अफ्रिका र दक्षिण अमेरिकामा आफ्नो प्रभाव विस्तार गऱ्यो । विश्वको झन्डै आधा जनसंख्या विभिन्न रूपको सामूहिकतावादी सत्ताको प्रभावमा पऱ्यो । पुँजीवादी भनेर कहलिएको अमेरिकाले समेत विभिन्न चरणमा राज्य प्रायोजित कल्याणकारी कार्यक्रम लागू गऱ्यो ।

सोभियत संघ विघटनपछि वादको विवाद सकियो, अबको समय उदारवादको मात्र हो भन्ने कथनले चर्चा पाएको थियो । त्यो कथन लामो समय टिकेन । प्रजातान्त्रिक उदारवादमाथि प्रहार रोकिएन । उदारवादलाई सर्वसाधारणको राजनीतिक, सामाजिक, आर्थिक उन्नतिको निर्विकल्प बाटो मानिएन ।

सरकारको भूमिकालाई जनताको जीवन र सम्पत्ति रक्षामा सीमित गरिनुपर्छ भन्ने तर्क हामी धेरैलाई पाच्य नहुन सक्छ । किनकि हामी कल्याणकारी राज्यको कुरा पत्याउँछौँ । यस्तो कल्याणकारी राज्य जसमा सरकारले जनतालाई कोक्रोदेखि कात्रोसम्म उपलब्ध गराउँछ । रोजगारी, शिक्षा, स्वास्थ्य सबै सरकारले व्यवस्था गर्छ ।

किनकि सरकारको भूमिकालाई 'रातीको चौकीदार' मा सीमित गर्दा धेरै राजनीतिकर्मी बेरोजगार हुन्छन्, धेरै राष्ट्रसेवकले चाकरीको अवसर गुमाउँछन् । अहिले जनप्रतिनिधिको नाममा हामीले चालीसौँ हजार मान्छे चुनेका छौँ । उनीहरू जनताको करमा मस्ती गर्छन् । कथित राष्ट्रसेवकका हकमा पनि यही लागू हुन्छ ।

वस्तु तथा सेवाको उत्पादनमा प्रत्यक्ष योगदान नहुने राजनीतिकर्मी र कर्मचारी वर्गले उपभोगमा भने आफ्नो हात माथि पारेको हुन्छ । हालको परिपाटीमा स्रोत संकलन र वितरणमा यही वर्गको हालीमुहाली हुन्छ । कसबाट कति उठाउने र कसलाई कति दिने भन्ने निर्णय राजनीतिकर्मीले गर्छन् । यो वर्ग आफ्नो भूमिकालाई सीमित बनाउने आत्मघाती कदम चाल्दैन ।

उदारवादको वकालत

ठुटे बुद्धीजीवी आदर्श राज्यको कल्पना गर्छन्, वकालत गर्छन् र भन्छन्, राजनीतिक तथा प्रशासनिक नियन्त्रणबिना समाज अघि बढ्न सक्दैन । राजनीतिकर्मी, कर्मचारी अपरिहार्य हुन् । सामान्य जनजीवनको व्यवस्थापन गर्ने एकल अधिकारी उनीहरू हुन् ।

होइन भने व्यक्तिगत स्वतन्त्रता, जनताको विवेक, लोकतन्त्र, प्रतिस्पर्धा, सहकार्य, समन्वयप्रति यत्रो अविश्वास किन ? तर्कको तहमा उदारीकरण भनेर चिनिएको सार्वजनिक खर्चको पुनःअभिमुखीकरण, वित्तीय अनुशासन, कर सुधार, बजार निर्धारित ब्याज दर, खुला अन्तर्राष्ट्रिय व्यापार, प्रत्यक्ष विदेशी लगानी, निजीकरण, सम्पत्ति अधिकार, लचिलो विनिमय दर र लाइसेन्स राजको अन्त्यमा खराबी के छ ?

२०४० दशकको पूर्वार्द्धदेखि सुरू गरिएका यी कार्यक्रमले हामीलाई कुनै आर्थिक दुर्घटनामा पुऱ्यायो । हामी पहिलेभन्दा खराब स्थितिमा पुग्यौँ ? पूरै विदेशी सहायतामा निर्भर हाम्रो विकास खर्चको जोहो हामी आफैं गर्न सक्ने भएनौँ ? अन्तर्राष्ट्रिय व्यापारको आकार बढेन ? बाँकी विश्वसँग अन्तर्क्रिया बढेन ? राजस्व संकलन बढेन ? प्रत्यक्ष विदेशी लगानी बढेन ? वित्तीय सेवाको विस्तार भएन ? सामाजिक विकास गतिहीन भयो ?

२०४० मा हाम्रो प्रतिव्यक्ति आम्दानी १६० डलर थियो, आधा जनसंख्या चरम गरिबीको रेखामुनि थियो, कुल गार्हस्थ उत्पादनमा कृषिको हिस्सा ७० प्रतिशत थियो, सरकारी स्वामित्वका दुई वटा वाणिज्य बैंक थिए, थोरै मान्छेको शिक्षा र स्वास्थ्यमा पहुँच थियो, साक्षरता दर २० प्रतिशत थियो, अपेक्षित आयु ४७ वर्ष थियो । यी सबै आँकडामा उल्लेख्य सुधार आएको छ ।

जे-जति सुधार भयो, त्यो अझ बढी हुन सक्थ्यो । राजनीतिक अस्थिरता, संस्थागत कमजोरी, आर्थिक व्यवस्थापनको अनुभवहीनता, नीतिगत तथा भौतिक पूर्वाधारको कमीलगायतका कारण यी सुधार तल्लो तहमा पुगेन, फैलिन पाएन । वञ्चित समूहलाई यसले असन्तुष्ट बनायो । त्यो असन्तुष्टिलाई पुँजीकृत गर्ने थुप्रै राजनीतिक समूह आए ।

अझै पनि उद्यमीलाई सम्मानको नजरले हेर्ने परिस्थिति निर्माण भएको छैन । किनकि हाम्रो समाजमा स्वस्थ उद्यम हुन सक्छ भन्ने विश्वास हामीलाई छैन । राजनीतिक कृपा नहुने हो भने व्यावसायिक सफलता प्राप्त गर्न सकिँदैन । हाम्रा राजनीतिकर्मी त्यति बलिया छन् ।

लाइसेन्स राज अन्त्य भएको छैन । सरकारसँग तपाईं कुनै व्यवसाय सुरू गर्ने अनुमति माग्न सक्नुहुन्छ तर तोकिएको समयमा, सजिलै र सस्तोमा इजाजत पाउने निश्चितता छैन ।

हामी प्रचलित परिपाटीभन्दा उन्नत व्यवस्थाको अधिकारी हौँ । तर, बहुसंख्यक जनतामा हाम्रा लागि उचित बाटो कुन हो भन्ने कल्पनामा आइसकेको छैन ।

राजनीतिकर्मी र कर्मचारीलाई हाम्रो जीवनको व्यवस्थापन तिमीहरू गरिदेओ भन्छौँ । हामीलाई गरिबीबाट मुक्त गर, हामीलाई राम्रो शिक्षा, स्वास्थ्य देऊ, व्यापारीको चंगुलबाट बचाऊ भन्ने आग्रह गर्छौँ ।

सरकार अझै बैंक चलाउँछ, जहाज उडाउँछ, नुन, चिनीको व्यापार गर्छ, सिमेन्ट उत्पादन गर्छ, तेल बेच्छ, टेलिफोन चलाउँछ, टिभी रेडियो पत्रपत्रिका चलाउँछ । यस्ता धेरै कुरा गर्छ, जुन सरकारले गर्नैपर्दैन । रेफ्री बनेर बस्नुपर्ने सरकार खेलाडी बनेर मैदानमा उत्रिन्छ ।

हामी सरकार र बजारको भूमिकाबारे प्रस्ट भयौँ भने अब बन्ने सार्वजनिक नीति सर्वसाधारण जनताको पक्षमा हुन्छन् । आफूलाई नादान बालक र सरकारलाई अभिभावकका रूपमा बुझ्यौँ भने गल्ती हुनेछ । सरकारले हामीलाई माया गर्दैन् । सरकारको भूमिका सीमित हुनुपर्छ, जनता आफ्नो मामिला सहकार्य, समन्वय र प्रतिस्पर्धाबाट सल्टाउँछन् । दोस्रो पुस्ताको उदारीकरणको मूल मन्त्र 'जहाँ पुग्दैन बजार, त्यहाँ मात्र सरकार' हुनुपर्छ ।

For more details: Tel: 01-4235888 Email: consumer.sales@subisu.net.np

SUBISU INTERNET
www.subisu.net.np

clear tv
www.cleartv.com.np

कृषिको आधुनिकीकरण र स्थानीयकरण

आयातीत प्रविधि र ज्ञानमा आधारित खेती प्रणाली जथाभावी रूपमा अपनाउँदा हरित क्रान्तिको असर विशेषतः महिला र साना किसानलाई पर्न गयो । यसले कृषिमा दूरगामी खाका, दिगो संरचना र सुशासनको पद्धति बस्नै सकेन

डा. यमुना घले

कृषि क्षेत्रको वर्तमान अवस्थालाई तीन तरिकाले हेरिनुपर्दछ । पहिलो, संवैधानिक हिसाबले खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता समेटिएर अग्रगामी प्रावधान आएको छ । यसले कृषि क्षेत्र र खाद्य सुरक्षा, कृषि क्षेत्रको स्थानीयकरण, कृषि तथा खाद्य सुरक्षाको प्रक्रियालाई स्थानीयकरण र प्रकृतिमैत्री खेती पद्धतिलाई महत्व दिएको छ । कृषिलाई जनजीविकाको आधार, उत्पादनको थलो र सांस्कृतिक पहिचानको सूचक हो भनेर जसरी पहिलादेखि लिइरहेको थियो, अहिले अझ बढी संवैधानिक मान्यता पाएको भनेर बुझिनुपर्छ ।

दोस्रो भनेको १० वर्षअघिको राष्ट्रिय जनगणनाअनुसार ६६ प्रतिशत परिवार कृषिमा आबद्ध छन् । यस क्षेत्रमा धेरै जनाको आबद्धता र श्रम परेको छ । विशेषगरी नेपाली कृषि प्रणाली साना र पारिवारिक खेती प्रणालीमा आधारित छ । यसले के इंगित गर्छ भने कृषि अधिकांश जनसंख्या जोडिएको क्षेत्र हो ।

तेस्रो पक्ष भनेको जब बजारमा उपभोक्ताको माग बढ्छ, तब आन्तरिक उत्पादन बढाउन, उत्पादनको विविधीकरण गर्न, प्रशोधन गरेर टाढाको बजारसम्म पुऱ्याउन र मूल्य अभिवृद्धि गरिएका उपजमार्फत राम्रो बजारभाउ लिन सकिन्छ । समग्रमा भन्नुपर्दा कृषि क्षेत्र नीतिगत, जनसांख्यिक संलग्नता, उत्पादन र बजार अनि उपभोक्ताको हिसाबले महत्वपूर्ण रहेको छ । नेपालमा रहेका १०३ भन्दा बढी जातजातिले विभिन्न खाले संस्कार र चाडपर्व मनाउने गर्छन् । ती चाडपर्व मनाउन कुनै न कुनै बाली, पशुपक्षी तथा परिकारको आवश्यकता पर्दछ । चाडपर्व मान्न र आफ्नो पहिचान कायम राख्न कृषिको महत्वपूर्ण भूमिका रहन्छ । कृषि उत्पादन नभईकन हाम्रा कुनै पनि चाडपर्व पुर्ण हुँदैनन् । यसले गर्दा पनि कृषिको स्थान विशेष र बृहत् रहेको छ ।

बहुदलीय प्रजातन्त्रपछिको कृषि क्षेत्र

२०४६ पछिको कृषि क्षेत्रमा सकारात्मक पक्ष र कमी-कमजोरीका पक्ष पनि छन् । सकारात्मक पक्ष भनेको कृषि खनीखोस्री गरेर खाने व्यवसाय मात्र नभएर बजारको एउटा हिस्साका रूपमा स्थापित हुँदै गयो । स्थानीय, क्षेत्रीय र अन्तर र्ाष्ट्रिय बजारमा कृषिका उत्पादन विनिमय र व्यापार गर्ने वातावरण बन्दै गयो । त्यसले गर्दा वैदेशिक मुद्रा पनि आर्जन गर्न सकिन्छ भन्ने हिसाबले अन्य क्षेत्रसँगै कृषि क्षेत्रलाई पनि खुला गरियो । कृषिलाई व्यावसायिकीकण गर्ने, व्यापारीकरण गर्ने भनेपछि प्रविधिका कुरा र यन्त्रीकरणको कुरा आए । बजार बढ्दै जाँदा युवा र निजी क्षेत्रले कृषिमा विस्तारै हात हाल्न थालो । सार्वजनिक/निजी साझेदारी गर्ने बाटा खुला भए । प्रजातन्त्र स्थापनापछि धेरै नागरिक एकआपसमा आवद्ध हुँदै सामूहिक उत्पादनका कार्यमा सक्रिय भए । किसानका समूह, महिला समूह, सहकारी स्थापना हुन थाले । नागरिक विषयगत रूपमा गोलबद्ध भएर सहकारीमा आबद्ध भई आफ्नो सीप र उत्पादनलाई बढाउँदै लैजाने र बजारीकरणमा पनि संलग्न हुने काम भयो । बजार विस्तार हुँदा जनशक्तिको संस्थागत विकास हुँदै गयो । कृषि क्षेत्रका नीति नियमन बनाउन निजी क्षेत्र, नागरिक समाज, कृषक समूहहरूसँग छलफल हुने प्रजातान्त्रिक र सहभागितामूलक प्रक्रियाको थालनी भयो ।

तर, समयक्रमसँगै यसमा चुकिएको पाटो भने एकैचोटि बजारमा निजी क्षेत्रको नियमन कम र हावी बढ्दै गयो । पर्याप्त र आवश्यक गृहकार्य

नगरीकन अन्तराष्ट्रिय सन्धि-सम्झौतामा सही गरेर आउने प्रचलन बढ्यो । सन्धिको नकारात्मक र सकारात्मक पक्ष विश्लेषण कम भयो । यसले हामीले लिन सक्ने फाइदा पनि लिन सकेनौं र त्यसबाट हुने नकारात्मक असरबाट बच्ने तयारी पनि पुगेन । बजारको हस्तक्षेपकारी उपस्थिति र नियमनकारी निकाय बलियो नहुँदा निजी क्षेत्र जबरदस्त रूपमा हावी भयो । यसले गर्दा स्थानीय बिउबिजनबाली, परिकार, मौलिक पहिचान भएका उत्पादन प्राथमिकतामा परेनन् । संस्कृतिसँग सम्बन्धित स्थानीय उत्पादनले बजार पाएनन् । आयातीत सामान बढ्दै गए । खानाका परिकारमा पनि आयातीत सामान बढी प्रयोग हुन थाले । होटल, रेस्टुराँ र घरका भान्छामा पनि नजाँनिदो रूपमा आयातीत सामान बढी प्रयोग हुन थाले । त्यसले गर्दा उत्पादन, माग र आपूर्तिमा सन्तुलन नभई स्थानीय उत्पादन प्राथमिकतामा नपर्ने प्रवृत्ति बढ्यो । आयातीत सामानको उपभोगले गर्दा युवा, बालबालिका र वृद्धवृद्धामा कुपोषण, मोटोपन र नसर्ने खालका रोग पनि बढ्दै जान थाले । गाउँघरमा पाइने उत्पादन प्राथमिकतामा नपर्दा मानिस गाउँबाट सहर सर्ने प्रचलन बढी भयो । यसरी प्रजातन्त्र स्थापनाभन्दा पहिले र पछिको अवस्थालाई नियाल्ने हो भने धेरै फरक पाइन्छ ।

कमजोर उत्पादन र आयात

सबै राजनीति पार्टीको घोषणापत्रमा कृषि क्षेत्रलाई प्राथमिकतामा राखिएको हुन्छ । ६६ प्रतिशत जनता कृषिमा आश्रित भएको मुलुकमा जुन पार्टीले कृषिलाई प्रस्ट र दूरगामी सोचका रूपमा अगाडि लैजान सक्छ, त्यही पार्टी बहुमतमा पुग्नुपर्ने हो । घोषणापत्रमा लेखिएका कुरालाई कार्यान्वयन गर्न कुनै पनि राजनीति दल तदारूकता साथ लागेको देखिएन । यसले गर्दा कृषि क्षेत्र जीवन्त तरिकाले अगाडि जान सकेन । अन्तर ाष्ट्रिय सन्धिहरु हावी भएर आएपछि हरित क्रान्तिजस्ता पक्षका चर्चा बढी मात्रामा आए । यसले गर्दा आयातमा आधारित सामान जस्तै, मल, बिउ, उपकरणको प्रयोग गरेर प्रतियुनिट जग्गामा उत्पादन र उत्पादकत्व बढाउनुपर्छ भन्ने मात्र हेरियो । यसले समेट्नुपर्ने मुल मुद्दा ओझेल परे । उदाहरणका लागि माटोमा चाहिनेभन्दा बढी रसायन राखेपछि माटो बिग्रियो । चाहिनेभन्दा बढी रसायन राखेपछि माटोबाट बगेर पानीका स्रोतमा पुग्दा पानीसमेत प्रदूषित हुन थाल्यो । उत्पादनमा जति रसायनको मात्र बढी प्रयोग गरियो, त्यसले वायुमण्डलमा असर पार्न थाल्यो । आयातीत प्रविधि र ज्ञानमा आधारित खेती प्रणाली जथाभावी रूपमा अपनाउँदा हरित क्रान्तिको असर विशेषतः महिला र साना किसानलाई पर्न गयो । यसले कृषिमा दूरगामी खालको खाका, दिगो खालको संरचना र सुशासनको पद्धति बस्नै सकेन । विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा हस्ताक्षर गरियो तर त्यसमा तयारीका साथ सौदाबाजी गर्न नसक्दा धेरै प्रकारका सुविधाबाट वञ्चित हुन पुग्यो । सन् १९८० दशकसम्म नेपाल धान निर्यात गर्दै आएको देश हो । सबै क्षेत्र निजीकरण गर्न थालेपछि बाहिरको आयातसँग प्रतिस्पर्धा गर्न नसकेर अहिले नेपाल खाद्यान्न आयात गर्ने अवस्थामा पुगेको छ ।

यदि देशभित्र राम्रो तयारी हुन सकेको भए विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा हस्ताक्षर गर्नु कृषि क्षेत्र सुधारका लागि पनि सकारात्मक पक्ष हुन सक्थ्यो । अन्तर ाष्ट्रिय स्तरमा गएर सदस्यता लिन सक्नु सकारात्मक पक्ष हो किनभने कुनै पनि सम्मेलनमा धनी र गरिब राष्ट्रको सदस्य सहभागिताको अर्थमा एउटै हैसियत हुन्छ । यदि दूरगामी सोचका साथ सहभागिता हुन सकेको भए, प्रविधिको हस्तान्तरण, नेपालमा आउने सहयोगको प्राथमिकता क्षेत्र निर्धारण, स्थानीय कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय, क्षेत्रीय बजारमा लैजान ससर्त छलफल गरेर कृषि क्षेत्रलाई रूपान्तरण गर्न सकिन्थ्यो । धनी राष्ट्रहरूले राम्रो तयारीका साथ बैठकमा आउने हुनाले अल्पविकसित राष्ट्रहरूले पनि विविध सर्त मान्ने/नमान्ने भन्ने विषयमा पनि तयारी गर्नुपर्छ । नेपाल अल्पविकसित मुलुक भएकाले ससर्त, निःसर्त अनुदान लिने, ऋण लिने लाभ लिने समूहमा पर्छ । उदाहरणका लागि सन् २००३ मा मेक्सिकोमा भएको विश्व व्यापार संगठन (डब्लुटिओ) को मन्त्रीस्तरीय सम्मेलनमा नेपाल पहिलो अल्पविकसित राष्ट्र भएको नाताले सदस्य भयो र सन् २००४ मा नेपालले सदस्यलाई अनुमोदन गऱ्यो । सदस्यता लिने प्रक्रियामा नेपालको तर्फबाट

गर्नुपर्ने तयारी संकुचित रूपमा अगाडि बढिरहेको थियो । यस विषयमा के-के सवाल उठिरहेको छ, के-के साझा सवाल उठाएर लैजाने भन्ने विषयमा सार्वजनिक छलफल भएन । नागरिक समाज, किसान संघ-संगठन, निजी क्षेत्रले त्यसबारे खोजीनीति गरिसकेपछि यो विषय विस्तारै छलफलमा आयो । त्यसपछि विशेषतः कृषि र कृषक अधिकारबारे सरकारका तर्फबाट गरिने द्विपक्षीय वार्तामा सारभूत रूपमा धेरै सहयोग पुगेको थियो ।

सुधारको खाँचो र अबको बाटो

समग्रमा कृषि सम्भावनै सम्भावना रहेको क्षेत्र हो । यसका लागि धेरै सुधार आवश्यक छ । संविधानले खाद्य सुरक्षा र खाद्य अधिकारका साथै खाद्य सम्प्रभुता पनि समेटेको छ । खाद्य सम्प्रभुतामा टेकेर कृषिलाई पूर्ण रूपमा रूपान्तरण गर्ने सम्भावना रहेको छ । खाद्य सम्प्रभुता भनेको जनकेन्द्रित खाद्य सुरक्षा र खाद्य अधिकारको कार्यदिशालाई अगाडि बढाउनु हो । जनकेन्द्रित भनेको आफ्ना राज्यको नागरिकको आवश्यकता, माग र प्राथमिकतालाई लक्षित गरेर कार्यक्रम ल्याउनु हो । यदि त्यसो गर्ने हो भने कृषिलाई स्थानीयकरण गरिनुपर्दछ । यसका लागि नेपालको संविधानको अनुसूची ८ ले स्थानीय सरकारलाई दिएको जिम्मेवारी महत्वपूर्ण छ । उदाहरणका लागि जुम्लामा हुने मार्सी धान अर्को तल्लो तटीय र भिन्न हावापानी भएको भेगमा लगाएर हुँदैन । स्थानीय स्तरमा जे उत्पादन हुन्छ, त्यही ठाउँमा ती वस्तुको उत्पादन बढाउने, त्यही सम्बद्ध कृषि उत्पादन, प्रसार, सिँचाइ, प्रविधि हस्तारन्तरणका कार्यक्रम सबै स्थानीय सरकारलाई जिम्मेवारी दिएको छ । स्थानीय स्तरमा जुन वस्तु उत्पादन गरेर स्थानीय स्तरमै खपत हुन सक्यो, परिकार पनि परिमार्जन र संस्कृति पनि चल्दै जान्छ, स्थानीय उत्पादनले बजार पाउँछन् । उत्पादनलाई स्थानीयकरण गरियो भने उत्पादन, बजारीकरण र खाद्य प्रणालीका सम्पूर्ण प्रक्रिया पनि स्थानीय निकायकै नियन्त्रणमा रहन्छ ।

यसले गर्दा खेतीपाती प्रक्रिया प्रकृतिमैत्री हुँदै जान्छ । यसरी कृषि क्षेत्रको रूपान्तरण र व्यावसायिकीकरण गर्दै जाँदा युवा आकर्षण पनि बढ्दै जान्छ । पहिलेजस्तो कृषि कर्म भनेको खेतमा हलो जोत्ने हो भन्ने बुझाइको रूपान्तरण भएर अहिले यान्त्रिकीकरण, प्रविधिमैत्री, बजार व्यवस्थापनको कुरा पनि रहेको छ, जहाँ युवाको भूमिका प्रमुख हुन्छ । उदाहरणका लागि जुम्लाको सिमी, मार्सी चामल अमेरिका, क्यानडा गइरहेको छ । पछिल्लो समय अनलाइन व्यापारले गर्दा पनि कृषि उत्पादनको बजारीकरण गर्न सहज भएको छ । कृषि उत्पादनको प्रशोधन, बजारीकरण, ब्रान्डिङ, प्याकेजिङको कुरा आएको छ । कृषिमा व्यावसायिकीकरण र आधुनिकीकरणले प्रविधिमैत्री गर्न सकिने, बजारको मागलाई आपूर्ति गर्न सकिने हुँदा यस क्षेत्रमा युवा परिचालन गर्न सकिने धेरै सम्भावना छ । कृषि क्षेत्र सुधारका लागि सरकारले तीन खम्बे नीति अवलम्बन गरेको छ ।

निजी क्षेत्रले पनि कृषि क्षेत्रसँग सम्बद्ध कार्यक्रम ल्याइरहेका छन् । तर, राज्यको तर्फबाट निजी क्षेत्रसँग गरिने व्यवहार र कार्यक्रमको सही तरिकाले मार्गदर्शन र नियमन गर्न सकिएको छैन । एकातिर निजी क्षेत्र कृषिको कुन-कुन पक्षमा र किन आउनुपर्छ भनेर राम्रो तरिकाले सरकारले मार्गदर्शन गर्न सकेको अवस्था छैन भने अर्कातर्फ निजी क्षेत्र कृषिमा जति पनि संलग्न भएका छन्, प्रायः उत्पादनमा संलग्न हुने, कृषि मेसिनरी उत्पादन र उपलब्ध गराउने, उत्पादनको प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ, बजारीकरण गर्नेभन्दा पनि कृषिजन्य सामान आयात तथा बजारीकरण गर्नेतर्फ बढी केन्द्रित भएको पाइन्छ ।

यसले गर्दा न आन्तरिक उत्पादनलाई टेवा पुगेको छ, न रोजगारीको सम्भावनालाई उजागर गरेको छ, न त कृषिमा आधारित उद्योगधन्दाको स्थापना र विकास हुन सकेको छ । तसर्थ निजी क्षेत्रलाई आयात गर्नेभन्दा पनि उत्पादनमा लाग्न प्रेरित गरिनुपर्दछ । अनि मात्र कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, उत्पादनका स्रोत-साधनको सही उपयोग गर्न, कृषि यान्त्रिकीकरणको विकास गर्न, कृषि क्षेत्रमा उद्यमीको विकास गर्न, स्वदेशमै रोजगारी सिर्जना गर्न र उपभोक्ता मागलाई सही तरिकाले सम्बोधन गर्न सकिन्छ ।

भविष्यको कृषि क्षेत्र विशेषतः राजनीति दलहरूको सोच र दूरदर्शितामा निर्भर गर्दछ । सम्भावनायुक्त नेपालको कृषि क्षेत्र कस्तो हुनुपर्ने भन्ने कुरा राजनीति मुद्दा बनाउनुपर्दछ । ६६ प्रतिशत जनता कृषिमा आबद्ध छन् भनेको धेरै समय भइसक्यो तर घरव्यवहार चलाउनकै लागि धेरै युवा वैदेशिक रोजगारीमा जानु परिरहेको यथार्थ छ । तसर्थ, भौगोलिक, जैविक, वातावरणीय, जातीय र सांस्कृतिक विविधता रहेका देशमा अनुसन्धानका लागि अधिकतम लगानी गर्नुपर्छ । सिर्जित ज्ञानलाई शैक्षिक पाठ्यक्रम र प्रसारसँग जोडिनुपर्छ । कृषि अनुसन्धान, शिक्षा, कृषि प्रसारबीचको त्रिकोण बलियो बनाउनुपर्छ ।

संविधानले दिएको खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुतालाई परिपूर्ति गर्न संघीय शासन पद्धतिअनुरूप सबै संरचनामा समावेशी र कार्यमूलक दक्षता बढाउनुपर्दछ । भौगोलिक बनाबट, हावापानीअनुसार स्थानीय स्तरमा युवा र महिलालाई लक्षित गरेर कृषिमा मूल्य अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरिनुपर्छ । निजी क्षेत्र, वैदेशिक सहयोग र विदेशस्थित कूटनीतिक निकायलाई प्रविधि विकास एवं बजार विस्तारका क्षेत्रमा परिचालन गरिनुपर्दछ । यसरी कृषि क्षेत्रको विकासमार्फत सामाजिक न्याय, वातावरणीय अनुकूलन, सांस्कृतिक जगेर्ना र अर्थतन्त्रलाई पनि टेवा पुऱ्याउन सकिन्छ ।

KNP Japan Pvt. Ltd.

A SUBSIDIARY OF KANSAI NEROLAC PAINTS

उदास जी ले

घरमा लगाएको Normal Paint
मा बढ्लिँदो मौसमको असरले
यसरी नै Crack आयो

तर

बिन्दास जी ले

घरमा KNP को Mica Marble Paint
लगाउनु भएको छ जसमा भएको
Elasto Tuff Technology ले
जुनसुकै मौसममा पनि
Crack आउन दिँदैन

*शर्तहरु लागू हुनेछन् ।

THE CRACK RESISTANT* PAINT

ESPECIALLY DESIGNED FOR NEPAL

WATER REPELLENCE

TOUGHNESS

ELASTO TUFF TECHNOLOGY

लगाउने हो 7 वर्षको बाजी

समाजवादको यात्रा र सुधारका रणनीतिहरू

गहिरो गरी सुधार गर्नुपर्ने भएकाले पहिलो वा दोस्रो सुधार होइन । पहिलो चरणमा गरिएका कामको परिणाम दीर्घकालसम्म राम्रो नआएपछि यसलाई नयाा सुधारका हिसाबले हेर्नुपर्छ भन्ने धारणाले स्थान पाएको हो

डा. युवराज खतिवडा

नेपालले सन् १९८० को दशकको मध्यदेखि नै आर्थिक सुधारका कार्यक्रमहरु अघि बढाएको थियो । खासगरी बढ्दो बजेट घाटा, व्यापार तथा भुक्तानी असन्तुलन, नियन्त्रित औद्योगिक, व्यापारिक तथा वित्तीय प्रणाली, स्थिर विनिमय दरका कारण उत्पन्न चुनौतीबीच यस्तो सुधार अघि बढाइएको थियो । यसलाई पहिलो चरणको सुधार भने पनि हुन्छ ।

पहिलो चरणको सुधारका विशेषता

सन् १९७० देखि १९९० सम्मको समयमा आर्थिक सुधारका कार्यक्रम अगाडि बढाइरहँदा ४/५ वटा कुरा प्रबल रूपमा अघि आएका थिए । कतिपय मुलुकमा विदेशी विनिमय दर पनि नियन्त्रित थियो । बैंक तथा वित्तीय क्षेत्रबाट प्रवाह हुने कर्जाको परिमाण र ब्याजदर नियन्त्रित थियो । वित्तीय संस्थाहरूको स्थापना इजाजत लिन निकै कठिन थियो । भन्सारका दर उच्च थिए, बहुदर पनि थिए । अतिरिक्त कर पनि थिए । आयकरका दर पनि उच्च र धेरै थिए । कर प्रणालीमा प्रशासकको अधिकार बढी हुने अर्थात् विधिसम्मत नहुने, स्वविवेक अधिकार बढी हुने अवस्था थियो । समग्र करका दर उच्च थिए । विश्वव्यापी रूपमै सरकार नियन्त्रित संस्थाहरूको बाहुल्य थियो, यस्ता धेरै संस्था घाटामा पनि थिए । तिनको घाटालाई अन्तबाट संकलित कर राजस्वले टिकाउने गरिन्थ्यो । सार्वजनिक वित्त विस्तारकारी थियो । यसैले बजेट घाटा धान्न नसकिने अवस्थामा थियो । बाह्य व्यापार गर्न इजाजत लिनुपर्थ्यो । इजाजतमा पनि कोटा निर्धारण गरिएको थियो । बाह्य भुक्तानी घाटा पनि बढी हुने मुलुक धेरै थिए । यसबाट विदेशी मुद्रा सञ्चितिमा दबाब परेको थियो । यी यावत् समस्याबाट ग्रस्त भएपछि कतिपय मुलुकमा दातृ संस्था र मुलुकको पहलमा कतिपय मुलुकमा आफ्नै प्रयासमा पहिलो चरणको सुधार सुरू भएको थियो ।

तर, खासमा पहिलो चरणको सुधारलाई आर्थिक स्थिरीकरण वा स्टेबलाइजेसन प्रोग्राम भनिन्थ्यो । यो सुधारको खाका धेरै विकासशील देश आफैंले सिर्जना गरेका थिएनन् । अर्थतन्त्र चौपट भएको अवस्थामा दातृ निकायहरूले यो-यो सुधार गऱ्यौ भने पैसा दिन्छौं भनेपछि धेरै मुलुकले त्यस्ता कार्यक्रम लागू गरेका हुन् । यी देशहरूमा बाह्य दबाब वा बाध्यताबाट पहिलो चरणको सुधारको सुरूआत भएको हो । यस क्रममा वित्तीय र व्यापार उदारीकरण भए । औद्योगिक क्षेत्र तथा सार्वजनिक प्रतिष्ठानको निजीकरण प्राथमिकताका साथ अघि बढाइए । उदारीकरण, निजीकरण र वजारकेन्द्रित सुधार एक डेढ दशक नै चल्यो ।

सन् १९९० बाट नेपालले पनि उदारीकरण र निजीकरण अगाडि बढायो । व्यापार गर्ने, उद्योग खोल्ने, वित्तीय संस्था खोल्ने तथा विदेशी विनिमय प्रणाली नियन्त्रित गर्ने अर्थव्यवस्था खुकुलो गरियो । सुरूमा आर्थिक वृद्धि पनि राम्रै हुँदै गयो । तर, त्यसको स्थायित्व देखिएन । खुलापनाको लाभ लिएर केही क्षेत्रमा राम्रो पनि भयो, त्यसका साथै विसंगति प्रशस्तै देखिन थाले । निजीकरणले अपेक्षित नतिजा दिएन । असमानता झन् बढ्न थाल्यो । सन् १९९० को पछिल्लो समय कतिपय देशमा वित्तीय संकटसमेत निम्त्यायो । १९९० को मध्यपछि त्यस प्रकारको सुधारको अब काम छैन भन्ने महसुस हुन थाल्यो ।

खासमा पहिलो चरणको सुधारलाई

बृहत् समष्टिगत सुधार वा 'म्याक्रो रिफर्म' भनिन्थ्यो । यसैअन्तर्गत संरचनात्मक सुधार अघि बढाइयो । यही कार्य हुँदाहुँदै १९९७ मा वित्तीय संकट आइलाग्यो । विश्वव्यापी असमानता झन् बढ्न थाल्यो । १९९६/९७ तिर गरिबी, असमानता, समावेशिताको मुद्दा विश्व बैंकले नै उठान गर्न थाल्यो । त्यसपछि सुधारको दिशा नै परिवर्तन हुँदै गयो । सन् १९९६ को कोपनहेगनको सामाजिक शिखर सम्मेलनले निरपेक्ष उदारीकरण सुधारको कमजोर पाटो औँल्यायो । यी सबै परिघटनाले दोस्रो चरणको सुधारलाई अघि बढाउन उत्प्रेरित गरेन ।

दोस्रो चरणको सुधारलाई 'सेक्टोरल रिफर्म' अर्थात् क्षेत्रगत सुधार वा 'मेसो, माइक्रो रिफर्म' भनिन्थ्यो । यो सुधार सुरू हुनासाथ विश्वमा देखिएका नयाँ चुनौती र विकासलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तनले देशहरू नयाँ सुधारतर्फ अघि बढे । सन् २००० को संयुक्त राष्ट्रसंघको सहस्राब्दी घोषणा र सहस्राब्दी विकास लक्ष्यको नयाँ कार्यक्रमले विकासशील राष्ट्रमा प्रश्रय पाउन थाल्यो । नेपालको पनि यस्तै अवस्था रह्यो ।

माओवादी जनयुद्ध, राजनीतिक अस्थिरता र विकासका पृथक अवधारणा अघि बढिरहँदा नेपाल दोस्रो चरणको सुधारभन्दा नयाँ सुधारतर्फ गएको हो । यसकारण अब अहिले दोस्रो चरणको सुधार भन्न मिल्दैन । गहिरो गरी सुधार गर्नुपर्ने भएकाले पहिलो वा दोस्रो सुधार होइन । पहिलो चरणमा गरिएका कामको परिणाम दीर्घकालसम्म राम्रो नआएपछि यसलाई नयाँ सुधारका हिसाबले हेर्नुपर्छ भन्ने धारणाले स्थान पाएको हो । किनभने, विश्वसामु वञ्चितीकरण, असमानता, गरिबी, वातावरण, जलवायु परिवर्तनका नयाँ मुद्दा अगाडि आएका छन् । सन् २००७ र २००८ को विश्व आर्थिक संकटपछि राज्यको भूमिका बढाउनुपर्ने आवश्यकता देखिँदै गर्दा अहिले सार्वजनिक स्वास्थ्यको मुद्दा प्राथमिकतामा छ । विकासका सबै समस्या बजारले हल नगर्ने रहेछ भन्ने बोध पनि भएको छ । नयाँ मुद्दा आएपछि सुधारका क्षेत्रलाई नयाँ प्रकारले हेर्नुपर्ने धारणा आएको छ । त्यसकारण अबको सुधारलाई नयाँ सुधार भन्नुपर्छ भन्ने कुरा हो ।

पहिलो चरणको सुधारसँगै धेरै ऋण लिनुहुँदो रहेनछ, बजेट घाटा बनाउनुहुँदो रहेनछ, वित्तीय क्षेत्रलाई धेरै नियमन पनि गर्नुहुँदो रहेनछ, बजारलाई मूल्यमा आधारित निर्णय हुन दिनुपर्दो रहेछ, न्यूनतम सेवाका लागि सरकारले नै मात्र अग्रसरता लिनुपर्छ भन्ने कुरा होइन रहेछ भन्ने एजेन्डा पहिलो चरणमा स्थापित भएको हो । तर, त्यसले ल्याएका विसंगति विषयमा चाँडै सोच्नुपर्छ भन्ने महसुस विश्वव्यापी रूपमै भएको छ । विश्वव्यापी सुधार र विकासका नाइके संस्थाहरूले समेत अब रणनीति परिवर्तन गरेका छन् । उनीहरूले पनि गरिबी निवारण रणनीति भन्न थालेका छन् । अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) लगायतले पनि रणनीति परिवर्तन गरेका छन् ।

उदारीकरण र सुधारको अवस्था

नेपालका सन्दर्भमा हामीले गरेको सुधारको पर्याप्त समीक्षा भएको छ । उदारीकरणले केही क्षेत्रमा राम्रो भएको छ । केही क्षेत्रमा मिश्रित अवस्था छ । केही क्षेत्रमा भने अप्ठेरो र नराम्रो पनि भएको छ । केही क्षेत्रमा विसंगति पनि निम्त्यायौँ । विश्वव्यापी रूपमा समावेशिता, समानताको विषय उठान भइरहँदा नेपालमा सशस्त्र माओवादी द्वन्द्व सुरू भएको थियो ।

हामीले नै सन् १९९८ को मानव विकास प्रतिवेदनमा राजनीतिक, सामाजिक तथा आर्थिक समावेशिता, समानताको विषयसँगै सुधार र पुनःअभिमुखीकरणको आवश्यकता उठान गरेका थियौँ । त्यो प्रतिवेदनमा मेरो पनि सहभागिता थियो । त्यतिबेला बजारसँग सम्बद्ध सुधार मात्र भइरहँदा हाम्रा मुद्दाको सम्बोधन हुनेवाला थिएन । बजार नीतिले समावेशिता खोज्दैन, प्रतिस्पर्धा र कुशलता खोज्छ । प्रतिस्पर्धामा जो उत्कृष्ट हुन्छ, उसैले व्यवसाय कब्जा गर्ने हो । तर, जबसम्म मान्छेहरू समान क्षमताका हुँदैनन्, त्यो बेलासम्म प्रतिस्पर्धा वा कुशलताको कुरा मात्र लागू हुँदैन । असमानता भइरहेका बेला हामीले प्रतिस्पर्धा मात्रै खोजिरहेकाले पूर्ण स्वतन्त्र बजार अर्थतन्त्र राम्रो हुन सकेन ।

अर्कोतर्फ सार्वजनिक वस्तु र सेवाहरू, जसको एउटाले प्रयोग गर्दा अर्कोले पनि त्यसको प्रयोग गर्ने अवसर पाउँछ, त्यस्ता वस्तु र सेवाहरू बजारबाट मात्रै पूरा गराउन खोज्यौँ भने त्यो प्राप्ति हुन सक्दैन । पछिल्लो उदाहरण लोककल्याण, वातावरण, जलवायु परिवर्तन, सार्वजनिक स्वास्थ्य हो । यसले बजारलाई पूरै छाड्ने होइन, सार्वजनिक वस्तु र सेवाहरूको सर्वसुलभ पहुँचका लागि राज्यको भूमिका हुनुपर्छ भन्ने देखायो । रक्षा, नागरिक सुरक्षाभन्दा अलि धेरै थप क्षेत्रमा पनि सरकारको दायित्व हुनुपर्छ । निजी क्षेत्रले सबै गर्छ भन्ने होइन, बलियो निजी क्षेत्र पनि चाहिन्छ, निजी क्षेत्रले गर्न सक्ने क्षेत्रमा सरकार संलग्न हुनुहुँदैन, तर सरकार आफ्ना आधारभूत भूमिका र दायित्वबाट पन्छिन पनि मिल्दैन । कतिपय क्षेत्रमा सरकारले निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्नुपर्छ तर, सरकारले व्यापार गर्नु जरूरी हुँदैन भन्ने धारणासँगै आर्थिक सुधारको खाकामा पनि परिवर्तन हुन थालेको हो ।

सन् १९९० को दशकमा उदारीकरण

हाम्रा उद्देश्य, राज्य सञ्चालन प्रणाली, जनताको जीवनशैली, पर्यावरणीय परिस्थिति अरू देशको तुलनामा फरक छन् । यस्तो अवस्थामा अरूले जे भनिदिन्छन्, त्यही सुधार गरेर राम्रो हुँदैन

र निजीकरणमा जोड दिने निकायहरूका प्राथमिकता पनि फेरिएका छन् । म २०५९ देखि राष्ट्रिय योजना आयोगलगायत केन्द्रीय बैंक र सरकारी क्षेत्रका सार्वजनिक नीति निर्माणमा संलग्न छु । पछिल्लो समय दातृ निकायले उदारीकरण तथा निजीकरणको विषयलाई अधिक दबाब दिन छाडेका छन् ।

हामीले वित्तीय क्षेत्रको सुधार पहिलो चरणमै धेरै गरिसकेका छौँ । अलिअलि सुदृढीकरणको काम गर्न बाँकी छ । तर, सार्वजनिक वित्तीय सुधारमा अलि बढी नै जोड गर्नुपरेको छ । त्यसमा पनि प्रमुख कुरा सार्वजनिक खर्चतर्फको सुधार गर्न खोजिएको हो । हामीले खर्चलाई प्राथमिकता दिने, परिणामसँग जोड्ने, नतिजा खोज्ने, आन्तरिक राजस्वका लागि आयकर र मूल्य अभिवृद्धिकर प्रणालीलाई बलियो बनाउने बाटोमा जान खोजिएको छ । यसमा केही काम भएका छन्, अझै धेरै गर्न बाँकी छ । म अर्थमन्त्री भएका बेला सुधारका केही प्रयास पनि अघि सारेको थिएँ । मुख्यगरी स्रोतको प्रतिफल वृद्धि गर्ने, बजेट निर्णयलाई उत्तरदायी बनाउनेलगायत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन ल्याइएको छ । हरेक आयोजनालाई कसरी प्राथमिकतामा राख्ने, त्यसमा समावेशिता सन्तुलन राख्ने, संघीयता र प्रादेशिक सन्तुलनका विषय सम्बोधन गरोस् भन्ने तहमा हामी अघि बढेका हौँ ।

त्यस्तै, नयाँ विदेशी सहायता नीति पनि ल्याइसकेका छौँ । विश्वव्यापी मान्यताअनुरूपको सार्वजनिक ऋण व्यवस्थापनको काम गर्न खोजेका छौँ । यसको प्रभावकारिता हेरेर मुलुकको प्राथमिकताअनुसार सहायता लिने र त्यसका आधारमा परिणाम ल्याउने प्रक्रिया नियमित रूपमा अघि बढाउनुपर्नेछ । हामी अहिले वैदेशिक ऋणको दुष्चक्रमा फसिसकेका छैनौँ तर, सहायता तथा ऋणको प्रशासनिक क्षेत्रमा खर्च गर्ने अनुपात बढी नै छ । मुख्यगरी परामर्श तथा अन्य शीर्षकमा हुने खर्च धेरै वा लागत महँगो छ । आन्तरिक ऋणलाई आयोजनासँग आबद्ध गर्ने कार्य पनि गरियो ।

बाह्य सहयोगका सन्दर्भमा त्यसको सुरूदेखि नै निर्णय प्रक्रियामा हामीले कति प्रभावकारी उपस्थिति जनाउन सक्यौँ भन्ने प्रश्न पनि आउँछ । हामी कमजोर रूपमा प्रस्तुत भयौँ भने दाताले भनेकै मान्नुपर्छ, बलियो भयौँ भने हामीले भनेअनुसार हुने हो । त्यसको एउटा उदाहरण वित्तीय क्षेत्रको सुधार आयोजना हो । मैले आत्मविश्वास साथ यो यो सुधारका काम गर्न सकिन्छ भने गरौँ, नभए हुन्न भनेपछि दाताहरूले स्वीकारे । अहिले त्यही सुधारको चौथो, पाँचौँ चरण चलिरहेको छ । तर, दातृ निकायमार्फत सुरू गरिएका अन्य कतिपय सुधार पहिलो चरणबाटै अघि बढ्न सकेनन् । किनभने, हामीले स्वामित्व लिएनौँ । त्यसकारण ऋण लिनेदेखि खर्च गर्नेसम्मको चक्रमा हामीले सुधार गर्न आवश्यक छ ।

यसबाहेक हाम्रा मुद्दामा हाम्रो अनुकूलताकै सुधार हुनुपर्छ । अरूले तयार पारिदिएको सुधारको फर्म्याटमा काम गरेर मुलुकलाई कहीँ पुऱ्याउँदैन । हाम्रा उद्देश्य, राज्य सञ्चालन प्रणाली, जनताको जीवनशैली, पर्यावरणीय परिस्थिति अरू देशको तुलनामा फरक छन् । यस्तो अवस्थामा अरूले जे भनिदिन्छन्, त्यही सुधार गरेर राम्रो हुँदैन ।

हामीले उच्च आर्थिक वृद्धि गर्नु छ । अन्तर्राष्ट्रिय व्यापारमा प्रतिस्पर्धी पनि हुनु छ । त्यसका आधारमा निर्यात बढाएर औद्योगिकीकरणको गति अघि बढाउनु पर्छ । त्यस्तै, विकास न्यायिक र समावेशी पनि हुनुछ । सामाजिक सुरक्षाका सबै प्रावधान गर्नुछ । श्रम बजारलाई संरक्षण पनि गर्नुछ ।

नेपाल अनुकूलको सुधार : आजको आवश्यकता

हाम्रो संविधानमा भएका व्यवस्थालाई कतिपय दातृ निकायका कार्यक्रमले चिन्दैनन् । सहायता दिनेले आफ्ना गतिविधिलाई आफ्नै नीतिअनुसार निरन्तरता दिऊँ भन्ने मात्रै सोच राख्छन् । हाम्रा लागि उत्पादन, वितरण र लाभको बाँडफाँटसम्म अनेकौँ परिवर्तन गर्नुछ । त्यसका लागि हाम्रो सार्वजनिक निकाय बलियो, ज्ञानी र शक्तिशाली बन्नुपर्छ । अहिलेका अर्थमन्त्री, भोलिका अर्थमन्त्री, आजका योजनाविद्, भोलिका योजनाविद्, आजका वामपन्थी राजनीति गर्नेहरूको चुनौती हेरौँ । बजारकेन्द्रित सुधार नगरी पनि नहुने, पुँजीवादी विश्वसँगको सहकार्य पनि कायम राख्नुपर्ने र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण नगरी पनि नहुने खालको चुनौती झेल्नुछ । अर्कोतर्फ खुला बजार अर्थतन्त्रका विभिन्न आयाममा सहभागी हुने, विश्व व्यापार संगठनको सदस्य हुने, बिमस्टेक सदस्य हुने, साफ्टाको सदस्य हुने, खुला व्यापार गर्ने अनि स्वाधीन वा आत्मनिर्भर अर्थतन्त्र पनि भन्नुपर्ने ? यो विरोधाभाषको अवस्था पुनः परिभाषित गर्नुपर्नेछ ।

यस्तो पुनः परिभाषित गर्नुपर्ने धेरै क्षेत्रमा छ । जस्तो, हामीले यो-यो उत्पादनमा आत्मनिर्भर हुने भनेर बजेटमा भनेका छौँ । त्यो वस्तुमा आत्मनिर्भर हुन के-केमा सुधार गर्नुपर्छ भन्ने कुराका लागि संस्थागत सुधार गरेर आउनुपर्छ । जस्तै, औद्योगिक संरक्षण, श्रम बजार र वातावरणमा सुधार, विद्युत् उपलब्धतामा सुधार, लगानी वातावरणमा अझै सुधार गर्नुपर्नेछ ।

हामीले उच्च आर्थिक वृद्धि गर्नु छ । अन्तर्राष्ट्रिय व्यापारमा प्रतिस्पर्धी पनि हुनु छ । त्यसका आधारमा निर्यात बढाएर औद्योगिकीकरणको गति अघि बढाउनुर्छ । त्यस्तै, विकास न्यायिक र समावेशी पनि हुनु छ । सामाजिक सुरक्षाका सबै प्रावधान गर्नुछ । श्रम बजारलाई संरक्षण पनि गर्नु छ । उत्पादक शक्तिको विकाससँगै वितरणलाई समन्यायिक तुल्याउनु छ । राष्ट्रिय पुँजीको विकाससँगै सामाजिक न्यायसहितको समृद्धिको जगमा समाजवादमा जानु छ । तर, नियन्त्रित आर्थिक प्रणाली अपनाउने अवस्था पनि छैन । खुला अर्थतन्त्रभित्रको समाजवादको निर्माण चरण नियन्त्रित आर्थिक प्रणालीको समाजवाद निर्माणभन्दा फरक हुन्छ । समग्रमा हाम्रो आर्थिक सुधारको यात्रा फरक मात्र होइन, कठिन पनि छ । अन्य देशहरूका सुधारलाई हुबहु लागू गर्न सक्ने अवस्था

छैन । त्यसकारण हामीले अब हाम्रा सुधारलाई हाम्रै राष्ट्रिय उद्देश्यसँग जोडेर लैजानुपर्छ ।

त्यसमा अब पछिल्लो समय जोडतोडका साथ उठान भइरहेको विषय आर्थिक, सामाजिक क्षेत्रका मौलिक हकको ग्यारेन्टी र त्यसमा पनि अहिले नागरिकको स्वास्थ्यसम्बन्धी हो । कोभिडपछि निजी क्षेत्रले प्रवाह गर्ने स्वास्थ्य सेवाले नागरिकलाई केही पनि गर्दो रहेनछ, समस्यामा हेर्दो रहेनछ भन्ने देखाइसकेको छ । त्यही भएर सार्वजनिक स्वास्थ्य सेवा बलियो हुनुपर्छ भनेर सुधारका कार्यक्रमलाई नयाँ प्रकारले नै सोच्नुपर्छ । अर्थात्, यो भनेको स्वास्थ्य क्षेत्रका रणनीति, नियमनकारी प्रणाली, नीति नियममाथिको सुधार हो । यसमा निजी क्षेत्रलाई कसरी उत्तरदायी बनाउने ?, सार्वजनिक स्वास्थ्य सेवालाई कति प्रभावकारी बनाउने ?, त्यसमा लगानी कसरी गर्ने भन्ने हो ? नागरिक स्वास्थ्यलाई प्रणालीमार्फत सुविधा दिन सकिन्छ कि ? कर प्रणालीबाट सम्बोधन गर्न नसक्ने हो भने बिमा प्रणालीमा के थप सुधार ल्याउनुपर्छ ? यी अहिले बहसका विषय छन् । खासगरी पब्लिक हेल्थका कुरामा राज्यले सुधार गर्नुपर्ने धेरै छन् । सरकारले कोरोना बिमा गरिदिने भन्यो । तर, निजी क्षेत्रले त्यसको दायित्व निर्वाह गर्न सकेन । यस्ता कुराले सरकारको छविमा आँच आउँछ । यहाँ निजी क्षेत्रलाई छाडेर हुँदैन, सरकारकै भूमिका आउँछ भन्ने प्रस्ट भयो ।

सरकारको भूमिका शिक्षा, सीप र रोजगारी सिर्जनाका क्षेत्रमा पनि आवश्यक छ । रोजगारीउन्मुख प्राविधिक शिक्षालाई पनि जोड दिनुपर्नेछ । आउँदो पुस्ताका लागिसमेत सोचेर हाम्रो शिक्षालाई विकास गर्नु छ । यो सुधार पनि मौलिक प्रकारकै हुनुपर्नेछ ।

अहिले गरिने गतिविधिबाट अर्को पुस्तालाई अन्याय हुने काम गर्नुभएन । यसमा महत्वपूर्ण भनेको वातावरण र जलवायु परिवर्तनका मुद्दा हुन् । त्यसमा पनि उद्योग, ऊर्जाको उपयोग, यातायात प्रणालीदेखि प्रकृति संरक्षणसम्म सरकारको उपस्थिति चाहिएको छ । मात्र मुनाफा उद्यत निजी क्षेत्रले गर्ने भनेको उद्योगमा प्रयोग भएको प्रदूषित पानी सकेसम्म सोझै खोलामा लगेर हालिदिने, प्रदूषित धुँवा प्रशोधन नगरी वायुमण्डलमा उडाइदिने, सेवाप्रदायक निजी क्षेत्रले पनि आफैं फोहोरमैला व्यवस्थापन नगर्ने मानसिकता हामीकहाँ छ ।

शिक्षा र स्वास्थ्यसँगै श्रम बजारमा पनि सम्बोधन गर्नुपर्ने दुई-तीन मुद्दा छन् । एउटा, ट्रेड युनियनलाई व्यवस्थित गर्ने हो । मजदुरलाई न्यूनतम पारिश्रमिकमार्फत गरिबीको रेखाभन्दा माथि बसेर जीवन निर्वाह गर्न सक्ने अवस्था सिर्जना गर्नुपर्छ । यसका लागि योगदानमा आधारित सामाजिक सुरक्षाले केही राम्रो गरेको छ । अझै पनि सीपयुक्त रोजगारी र श्रममार्फत उत्पादकत्व बढाउनेतर्फ सुधार गर्न बाँकी छ । श्रमलाई औपचारिकीकरण पनि गर्नु छ । गरिएन भने अनौपचारिक क्षेत्रबाट श्रम बजारमा शोषण भइरहन्छ । कसैले कसैलाई काम गराउँदा दर्ता हुनैपर्ने, उसको विवरण श्रम कार्यालयलाई दिनैपर्ने तथा न्यूनतम ज्याला दिनैपर्ने व्यवस्था हुनुपर्छ । अरु औद्योगिक मुलुकहरूमा यही अवलम्बन गरिएको छ । दैनिक ज्यालादारीमा काम लगाए पनि रिपोर्ट दिने, रेकर्ड राख्ने गरिएन भने कामको अवसर सिर्जना हुन्छ, खुला सिमाना भएकाले त्यसको लाभ अर्कैले लिन्छ । श्रमको उत्पादकत्वका लागि साधारण शिक्षाको धारलाई प्राविधिकतर्फ रूपान्तरण गर्न शिक्षा क्षेत्रमा धेरै सुधार गर्नु छ । यसका लागि शिक्षा नीति तथा प्रणालीमा आमूल परिवर्तन गर्नु छ ।

सामाजिक सुरक्षाका क्षेत्रमा चार/पाँच वटा सुधार नगरी भएको छैन । पहिलो, यसको दायरा वढाउँदै राज्यले सुरक्षा दिनुपर्ने सबै नागरिकले सो सुविधा पाउनुपर्ने, दोस्रो, यस्तो सुरक्षाको लागत कर प्रणालीले धान्न सक्ने वा पर्ने व्यवस्था गर्ने । तेस्रो, निजी क्षेत्रबाट हुने योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा असंगठित वा अनौपचारिक क्षेत्रमा विस्तार गर्ने । चौथो, दोहोरो सामाजिक सुरक्षा सुविधाको अन्त्य गर्ने तथा पाँचौं, सामाजिक सुरक्षाको आर्थिक दायित्व संघ, प्रदेश र स्थानीय तहबीच बाँड्ने र सबैभन्दा महत्वपूर्ण सामाजिक सुरक्षाको प्रबन्ध गर्ने प्राधिकरणको स्थापना गर्ने ।

अब हामीले निर्माण गर्ने नीति तथा रणनीति, कानुन, कार्यविधि, नियमावली संविधानले परिकल्पना गरेको राज्य प्रणाली निर्माणतर्फ एकीकृत रूपमा अघि बढाउनुपर्नेछ । कुन क्षेत्रमा हामीले के गर्न खोजेका छौं ? सबै क्षेत्रको एकीकृत सोच र सुधारको बाटोबाट अघि बढ्नुपर्छ । अहिलेको हाम्रो आर्थिक संरचना हाम्रा क्षेत्रलाई क्रमशः जिम्मेवार बनाउँदै, सुधारलाई प्रगतिशील ढंगले अघि बढाउँदै, असमानता घटाउँदै समानता उन्मुख र बजारलाई बढी जिम्मेवार बनाउँदै लैजाने हो । जुन नीतिले नागरिक र उपभोक्ताको हितमा प्रयोग गर्दै राज्यले आफ्नो भूमिकालाई अझै प्रभावकारी बनाउँदै लोककल्याणकारी राज्य स्थापना गर्ने र त्यसभन्दा अगाडि समाजवादतर्फ जाने मार्गप्रशस्त गर्नेछ, त्यो गर्ने हो । संघीय राज्य प्रणालीलाई समेत कानुनी तथा संस्थागत सुधारमार्फत त्यसतर्फ नै डोऱ्याउनुपर्नेछ ।

संघीय वित्तीय सुधार

संघीयताका सन्दर्भमा सार्वजनिक वित्त व्यवस्थापनको विधि बनाइसकेका छौं । वित्तीय संघीयता शून्यबाट सुरू गर्नु परेकाले

सामाजिक सुरक्षाका क्षेत्रमा चार/पाँच वटा सुधार नगरी भएको छैन । पहिलो, यसको दायरा बढाउँदै राज्यले सुरक्षा दिनुपर्ने सबै नागरिकलेसोसुविधा पाउनुपर्ने, दोस्रो, यस्तो सुरक्षाको लागत कर प्रणालीले धान्न सक्ने वा पर्ने व्यवस्था गर्ने ।

यो तीन/चार वर्षको अवधिमा पूर्ण उपलब्धि भइसकेको छैन । संघले आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन बनायो । प्रदेश र स्थानीय तहको छैन । यी कानुन निर्माण हुनुपर्‍यो । त्यसका आधारबाट वित्त व्यवस्थापन उत्तरदायित्वमुखी हुँदै जानुपर्‍यो । संघ र प्रदेशका सन्दर्भमा महालेखापरीक्षकको कार्यालयले तयार पारेको लेखापरीक्षणका कैफियतमा सुधार गर्ने अन्य निकाय छन् । तर, स्थानीय तहका हकमा जसले खर्च गर्ने हो, उसैले त्यो सुधार गर्नुपर्ने अपेक्षा गरिएको छ । उसले आफैंले नियमविपरीत गरेको खर्चको सुधार कसरी गर्छ ? अबको वित्त व्यवस्थापन सुधारमा यो पनि मिलाउनुपर्छ ।

आर्थिक सुधार दिगो विकास लक्ष्य प्राप्ति हुने गरी दीर्घकालीन सोच वा दूर दृष्टि (भिजन) का साथ अघि बढ्नुपर्छ । आवधिक निर्वाचनवाट आउने सरकारभन्दा पनि विकाससम्बन्धी राज्यका स्थायी निकायले यसलाई अघि बढाउनुपर्दछ । किनभने, निर्वाचन भइसकेको ५ वर्षपछि अर्को सरकार आउन सक्छ । ५ वर्षको साइकलमा मात्र सबै सरकार चल्ने हो भने अर्को आउने सरकारले नयाँ हिसाबले काम गर्न खोज्छ । सुधार एक निरन्तर प्रक्रिया हो तर, सरकारको निरन्तरता नहुँदा सुधार र विकासका हाम्रा दीर्घकालीन लक्ष्य प्राप्त हुन सक्दैनन् । त्यसैले दीर्घकालीन सोचसहित अघि बढ्ने संस्थागत संरचना तयार गर्ने विषयमा पनि निकै सोच्न जरूरी छ ।

वित्तीय प्रणालीमा सुधार

वित्तीयतर्फ बैंकिङ क्षेत्रको सुधारले एउटा आकार लिइसकेको छ । बैंकहरूको मर्जर नीतिपछि संख्या ठीक तहमा आएका छन् । संख्या विस्तारले मात्रै वित्तीय प्रगाढता बढ्दैन भन्ने हामीले पहिल्यै देखिसकेका थियौं । यसको उदाहरण, ग्रामीण विकास बैंक नै छ । ३/४ वटा यी बैंक बन्द हुने अवस्थामा थिए । एउटा मात्रै नाफामा थियो । मर्ज गरेपछि अहिले लाभांस बाँड्ने अवस्थामा पुगेको छ । नत्र राज्यले १ अर्ब जति थप लगानी गर्नुपर्थ्यो । त्यसकारण मर्जरको नीति नलिएको भए सम्भवतः अहिले ठूलो संकट आइपर्ने थियो । त्यस्तै, अस्वाभाविक रूपमा विस्तार भएका बैंकिङ तथा वित्तीय संस्थाहरु मर्जर नगरिएको भए वित्तीय प्रणाली अहिलेजस्तो हुने थिएनन् । नयाँ कानुन निर्माण नभएको भए वित्तीय सेवा भरपर्दो र पहुँचयोग्य हुने थिएन ।

यसको अर्थ यसमा पूरै सुधार भयो भन्ने होइन । दीर्घकालीन हिसाबले अझै दुई-तीन सुधार अगाडि बढाउनु छ । एउटा हो, वित्तीय सेवालाई प्रत्यक्ष उत्पादनसँग जोड्ने । दोस्रो हो, कानुनी प्रबन्धमा सुधार गर्दै जाने । दीर्घकालीन रूपमा मुद्रा तथा पुँजी बजारका औजारलाई अझै अन्तर्सम्बद्ध र समन्वय गरेर लैजानुपर्छ । स्टक एक्सचेन्जमा कारोबार गर्नेको संख्या धेरै तर वित्तीय उपकरण र सेवा सीमित छन् । राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, विदेशी विनिमय, धितोपत्र, बिमा, हेजिङ, भेञ्चर क्यापिटल, कमोडिटी मार्केटजस्ता क्षेत्रका कानुन परिमार्जन तथा निर्माण गर्नु छ । विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐनलाई पनि व्यवस्थित गर्नु छ । विदेशमा लगानी गर्न प्रतिबन्ध भनिएकामा लगानीचाहिँ कानुनी छिद्र खोजेर भइरहेको छ । यसमा व्यवस्थित ढंगले जानुपर्नेछ ।

सूचना प्रविधिको क्षेत्र सुधार

पछिल्लो समय सूचना प्रविधिका क्षेत्रमा भएको प्रगतिले उत्पादन प्रणाली, उत्पादन सम्बन्ध, उत्पादकत्व एवं व्यापार, वित्त, भुक्तानी, विनिमय, सञ्चार र शासकीय प्रणालीमा ठूलो परिवर्तन ल्याउँदै छ । यस क्षेत्रको पूर्वाधार विस्तार र पहुँच वृद्धि, विश्वसनीयता, सुरक्षा एवं स्वस्थ्य प्रतिस्पर्धा विकास गर्न कानुनी सुधार गर्नुपर्ने धेरै काम बाँकी नै छ । प्रविधिको विकासबाट हामी पनि भाग्न मिल्दैन । हाम्रा नीति स्पष्ट पार्नु छ । व्यवस्थित गर्ने स्पष्ट कानुन चाहिन्छ । यससँगै अहिले साइबर सुरक्षाका कुराहरु पनि अत्यन्त धेरै आएका छन् । त्यसमा पनि हामीले ठूलै सुधार गर्नुपर्नेछ ।

गैरसरकारी क्षेत्रमा सुधार

राज्यभन्दा बाहिरको एउटा ठूलो क्षेत्र निजी क्षेत्र हो, जुन मूलतः अनौपचारिक छ । अर्को सहकारी क्षेत्र पनि छ । यी निकाय तथा संस्थाको पनि सुधार मुख्य कुरा छ । कुनै पनि वित्तीय संकटका पछाडि स्याडो बैंकिङ सञ्चालन पनि कारण बनेको देखिन्छ । नियामक निकायबाट स्याडो बैंकिङ नदेखिने हुनुहुँदैन ।

यसकारण पनि वित्तीय कारोबार गर्ने सहकारीलगायत सामुदायिक क्षेत्रको सुधार र नियमन बलियो बनाउन आवश्यक छ । गैरसरकारी संस्था परिचालन गर्ने फण्डको अनुगमन गर्ने र उत्तरदायित्व निर्वाह गर्ने वातावरण बनाउनु छ । समाजकल्याण परिषद्ले यसमा बृहत् काम गर्न जरूरी छ । खासगरी गैरसरकारी संस्थालाई समाजवादमा जाने मुलुकहरूले कसरी हेर्ने ? गैरसरकारी क्षेत्र प्रबलता प्रभाव प्रमुखता हुँदै जाँदा सरकारले के गर्ने भन्ने पनि आउँछ । सबै क्षेत्रमा क्रमशः राज्यले आफ्नो दायित्व गैरसरकारी क्षेत्रलाई सुम्पिनुहुँदैन भने तिनलाई पनि काम गर्ने स्पेस दिनुपर्ने होला । त्यसैले कानुनी तथा नियमनको क्षेत्रमा धेरै सुधार हुनुपर्छ ।

नेपालमा ठूलो लगानी ल्याउन लगानी बोर्डलाई पनि सुधार गर्नुपर्नेछ । यसलाई अझै बढी स्वायत्त बनाउने गरी जानुपर्छ । होइन भने बोर्ड सरकारको एउटा स्याटलाइट संस्थाजस्तो मात्र हुन्छ । लगानी बोर्डको एकद्वार निकाय सञ्चालन गर्न धेरै प्रयास गरियो । अझै प्रभावकारी हुन सकेको छैन । निजी क्षेत्र पनि अब उत्पादनदेखि वितरण र निर्यातसम्मको भ्यालु चेनमा जानुपर्छ । व्यापार मात्र होइन, मूल्य अभिवृद्धि गर्ने गरी उत्पादमा गयो भने बल्ल निजी क्षेत्रको भूमिका देखिने हो । धेरै व्यापारमा मात्र जाने, उद्योग नआउने, मूल्य अभिवृद्धि हुने उद्योगमा नजाने, मूल्य अभिवृद्धि नगरे पनि कर सहुलियत बढी खोज्ने प्रवृत्तिलाई अन्त्य गर्न थप कानुनी सुधार नगरी हुँदैन । औद्योगिक व्यवसाय, विदेशी लगानी, कम्पनी सञ्चालन, बौद्धिक सम्पत्तिको संरक्षण, लिक्विडेसन तथा उपभोक्ता हक संरक्षणका कानुनमा थप सुधार तथा परिमार्जन गर्नु छ ।

भौतिक पूर्वाधार क्षेत्रमा सुधार

भौतिक पूर्वाधार विकासबिनाको दिगो आर्थिक वृद्धि र समृद्धिको यात्रा सम्भव हुँदैन । त्यसैले भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक/निजी साझेदारी, सार्वजनिक खरिद, निर्माण तथा हस्तान्तरण, वित्तीय प्रबन्ध, निर्माणको गुणस्तर, सेवाशुल्क, पूर्वाधारको बहुउपयोग, नवीन प्रविधि प्रयोग एवं उपभोक्ता समितिमार्फत गरिने विकास निर्माणसम्बन्धी धेरै कानुन निर्माण वा परिमार्जन गर्न बाँकी छ ।

अन्त्यमा, आर्थिक सुधारको बहसलाई पहिलो वा दोस्रो चरणको रूपमा वर्गीकरण गरेर कुनै खास समयको सुधारको खाकाभित्र ढाल्ने प्रयास गर्नुभन्दा देशको संविधानले परिकल्पना गरेको आर्थिक, सामाजिक प्रणाली निर्माण गर्न जे गर्नुपर्ने हो, त्यही सुधार अघि वढाउनु राज्यको कर्तव्य हुन आउँछ । राष्ट्रिय पुँजी निर्माण गर्ने, उत्पादकत्व बढाउने तथा सबैको जीवनस्तर उकास्ने आधुनिक, सबल तथा सुदृढ राष्ट्रिय अर्थतन्त्र निर्माण हुने जनमुखी, प्रगतिशील तथा न्यायपूर्ण सुधार जेसुकै नाम दिए पनि देशले अघि बढाउनैपर्ने हुन्छ ।

लक्ष्य नयाँ आर्थिक उचाईको

कुमारी धनवृद्धि मुद्दती खाता

१०.०५%

विशेषता

- १०.०५% वार्षिक ब्याज दर
- मासिक ब्याज भुक्तानी
- न्यूनतम रू. १०,०००/- मा खाता खोल्न सकिने

कुमारी धनवृद्धि वचत खाता

७.०५%

न्यूनतम मौज्दात

रू. १,००,०००/- मात्र

Credit Card सुविधा

- रू. ७५,०००/- limit को Credit Card
- निः शुल्क प्रवेश शुल्क

Kumari Sky Club सुविधा

- जुनसुकै खरिद भुक्तानीमा Sky Club को mileage नम्बर प्राप्त हुनेछ ।
- निः शुल्क हवाई उडान सुविधा प्राप्त हुनेछ ।*

*शर्तहरू लागु हुनेछन् ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

Corporate Office:
Phone: 01-4443075-79
Marketing Department: 9851190186
Email Id: marketing@kumaribank.com

यसकारण भित्रिएन वैदेशिक लगानी

कानुनी अप्ठेरा फुकाएर लगानी वातावरण बनाई उत्पादनमूलक वा रोजगारी सिर्जना गर्ने क्षेत्रमा स्वदेशी, विदेशी पुँजी भित्र्याउन सरकारी संयन्त्रलाई चलायमान बनाउनैपर्छ

राधेश पन्त

प्राकृतिक स्रोत र भौगोलिक अवस्थाले प्रचुर सम्भावना भएको नेपालमा लगानी गर्न चाहनेहरु धेरै छन् । तर, कामभन्दा धेरै कुरा भएका कारण अहिलेसम्मको अवस्था सन्तोष गर्न लायक छैन । यसको मूल कारण नेपालको आन्तरिक समस्या नै हो । नेपालमा कानुनको समस्याले भन्दा सोच र व्यवहारका कारण लगानी नआएको हो ।

राजनीतिक दल र सरकारसँग नेतृत्वदायी, व्यवस्थापन र अपनत्व सिर्जना गर्ने तथा सुशासन कायम गर्ने चार वटै गुण छैन । छोटो समयमा सरकार परिवर्तन हुँदा पनि लगानीकर्ता आकर्षित हुन सकेका छैनन् । सरकार छोटो समयमा परिवर्तन हुँदा नेताहरूले आफ्ना निर्वाचन क्षेत्रमा छोटो समयमा निर्माण हुने/देखिने योजना लैजाने र अर्को चुनाव जित्ने रणनीति मात्र बनाए । यस्तो संकुचित सोच परिवर्तन गर्ने दायित्व पनि नेतृत्वकर्ताकै हो । अरु कोही आएर यस्तो अवस्थामा सुधार गरिदिने होइन ।

मलेसिया, खाडी मुलुक होस् वा पश्चिमा मुलुक जहाँ गए पनि नेपालीहरूले अरूले अह्राएको काम गर्छन् । ती मुलुकमा नेपालीले राम्रो गर्नुको कारण पहिले नै नियम, कानुन बनिसकेकाले हो । तर, यहाँको अवस्था फरक छ । नेपालमा जसले जे गरे पनि हुने भएको छ । तर, आफ्नो दायित्व भने कोही पनि पूरा गर्दैनन् ।

वैदेशिक लगानी आवश्यकता र बुझाइ

नेपालमा वैदेशिक लगानीको आवश्यकताको विषयमा जनतालाई अझै बुझाउन सकिएको छैन । यथार्थ बुझ्नुभन्दा पनि लगानीको सवालमा राजनीति धेरै हुने गरेको छ । उदाहरणका लागि एमसिसीलाई लिन सकिन्छ । हामीलाई वैदेशिक लगानी चाहिँदैन भन्ने सन्देश प्रवाह हुँदा अन्य मुलुक र लगानीकर्तासमेत निरूत्साहित हुन्छन् । यसले गर्दा स्थिर विनिमय व्यवस्था भएको हाम्रोजस्तो मुलुकलाई अत्यावश्यक वैदेशिक मुद्राको जोहो गर्न निकै अप्ठेरो पर्न जान्छ ।

आयातमुखी अर्थतन्त्रमा वैदेशिक मुद्राको सञ्चिति घट्दा कस्तो भयावह अवस्था आउन सक्छ भन्नेबारे बुझ्न विद्यमान तरलताको समस्याले नै उजागर गर्छ । यस्ता नितान्त प्राविधिक तर राष्ट्रलाई प्रत्यक्ष असर गर्न सक्ने खालका वास्तविकताबारे जनतालाई बुझाउने प्रयासै भएको छैन ।

म लगानी बोर्डमा हुँदा ठूला परियोजनाबारे जनता, राजनीतिक दललगायतलाई बुझाउनुपर्छ भन्ने प्रयास भएको थियो । अहिले पनि सूचना एकदम महत्वपूर्ण हो भन्ने लाग्छ । जनताले वास्तविकता के हो भन्नेबारे बुझेमा धेरै समस्या समाधान गर्न निकै सहज हुन्छ ।

नेपालमा वैदेशिक लगानीको विषयमा विश्लेषण नगरी वा तथ्य, सत्य खोज्नतर्फ नलागेर अनावश्यक हल्ला गरेको पाइन्छ । जनतालाई बेवकुफ बनाउन एमसिसीको नाममा नेपालमा अमेरिकी सेना आउने भन्नेसम्मको हल्ला चलाइएको छ, जुन बिल्कुलै गलत हो । केही नेताहरूले नै विमानस्थल हुँदै अमेरिकी सेना नेपाल पस्छ भन्ने कुरा गरेको सुन्दा अचम्म लाग्छ ।

शक्तिराष्ट्र भएका नाताले अमेरिकाले आफ्नो प्रभुत्व कायम गर्न स्थलगत रूपमा सैनिक उपस्थिति जनाउन जरूरी छैन । ऊसँग जल, वायु सेनालगायत प्रशस्त आधुनिक प्रविधिका विकल्प छन् । तर, कुरो अमेरिकाको सैन्य शक्तिको हैन, नेपालको आवश्यकता र हितको हो ।

मित्रराष्ट्रका नाताले आवश्यक पूर्वाधार निर्माण गर्न सहयोग गर्ने हामीलाई नै आवश्यक अनुसन्धान गर्न दिएर कार्यान्वयन पनि पारदर्शी हिसाबले गर्न उत्प्रेरित गर्दा अविश्वास गर्नुपर्ने र अनावश्यक भ्रम पैदा गर्नुपर्ने अवस्था आउनु नकारात्मकताको पराकाष्ठा हो ।

नेपाल आउने नै हो भने अमेरिकाले अकासबाटै सेना फालिहाल्छ नि ! विश्वका ४५ भन्दा बढी राष्ट्रमा विभिन्न चरणमा एमसिसीका परियोजना स्वीकार भएका छन् । ती मुलुकले पक्कै पनि त्यत्तिकै एमसिसी स्वीकार गरेका होइनन् होला । एमसिसी कार्यान्वयन गर्न नेपालको परिप्रेक्ष्यमा केही कुरा मिलेका छैनन् भने वार्ताको माध्यमबाट समाधान गर्न सकिन्छ । तर, एमसिसी नै चाहिँदैन भन्ने तर्कले अन्ततः विकासमै बाधा पुग्छ ।

अधिकांश जनता आर्थिक समृद्धि होस् भन्ने चाहन्छन् । तर, हामी जनतालाई सही सूचना नदिएर राजनीतिको आडमा भुटको खेती गर्ने भयौं । कुनै पनि राम्रा कम्पनी पैसा बाँड्न/खर्च गर्न नेपाल आउँदैनन् । पैसा बाँड्न उनीहरूको कर्पोरेट नीतिले पनि मिल्दैन । त्यसैले हामीले पहिला राम्रा परियोजनाबाट कति फाइदा हुन्छ भन्नेबारे बुझ्नुपर्‍यो । त्यस्ता परियोजना नेपालमा आउँदा हुने प्रगतिको विश्लेषण गर्नुपर्‍यो । यसका लागि सोचमै परिवर्तन आउनुपर्छ ।

राजनीति सोच र सुधार

अहिलेका राजनीतिक दलको सोच र संयन्त्रले नेपालमा लगानी ल्याउन काम गर्लाजस्तो लाग्दैन । अहिलेकै वातावरणमा नेपाललाई सिंगापुर बनाउँछु, विकास गर्छु भन्ने कुरा जनतालाई ढाट्ने काम मात्र हो । नेपालमा लगानी भित्र्याउन सामान्य सुधार गरेर मात्र हुँदैन ।

देश विकासका लागि व्यावसायिक रूपमा काम गर्ने युवा पुस्तालाई अघि बढाउनुपर्छ । काम गर्नेलाई प्रोत्साहन हुने नीति चाहिन्छ । तर, अहिले ठीक उल्टो राजनीतिक दलका झोला बोकेकै भरमा जिम्मेवारी दिने चलन छ ।

विदेशमा रहेका कयौं नेपाली पनि स्वदेश फर्केर काम गर्न इच्छुक छन् । गलत राजनीतिका कारण समस्या सिर्जना भएको छ । सुधारको बाटो पनि राजनीति नै हो । कुनै पनि कुराको अन्तिम निर्णय राजनीतिसँग नै जोडिएको हुन्छ । त्यसैले पहिला राजनीतिमा सुधार हुन आवश्यक छ । नेपालमा विकास हुन नसक्नु वा वैदेशिक लगानी आउन नसक्नुको समस्या राजनीति गर्नेसँग बढी छ ।

लगानी भित्र्याउने हो भने स्वदेशमा केही न केही काम गर्नुपर्‍यो । लगानीका लागि दीर्घकालीन योजना बनाउनुपर्छ । जनताको विश्वास नजितेर कुनै पनि विकास हुन सक्दैन । जनताको सहमतिबेगर कुनै पनि परियोजना बन्दैनन् । त्यस्ता परियोजनामा लगानी पनि आउँदैन ।

विकासमा जनताको अपनत्व जगाउन नसक्नु नेपालको अर्को समस्या हो । नेपालमा लगानी आउनु भनेको फाइदा हो भनेर जनतालाई बुझाउनुपर्छ । आज अरूण तेस्रो आयोजना बनिसकेको भए देश र जनतालाई कति फाइदा हुन्थ्यो ? यतिका वर्ष आयोजनाको ढिलाइ हुनुमा को जिम्मेवार हुने ? जति ढिलो हुँदै गयो, उति नै हामीले नोक्सानी बेहोर्ने हो । यस्ता सवालमा कसैले पनि जनतालाई बुझाएनन् । जहिले पनि अनावश्यक कुरा निकालेर काम अघि बढ्न दिइएन ।

नेपालमा परियोजनाको तयारीलाई ख्याल नगर्नु पनि अर्को समस्या हो । पर्यटन, कृषि परियोजनाको कुरा गर्दा यसबाट हुने फाइदाबारे जनतालाई बुझाउनुपर्छ । कुनै परियोजना हावाबाट निकाल्ने भनेर कसैले भाषण गरिदिन्छ, हामी त्यसकै पछि कुद्छौं ।

परियोजना कुन मोडलमा बन्ने ? सरकारलाई फाइदा के ? इपिसी सम्झौता हो वा निजी क्षेत्रमध्ये लगानीको स्रोत के ? के-कस्ता जोखिम छन् ? कसले वहन गर्ने हो ? प्रस्टता हुँदैन । त्यत्तिकै लगानी मात्र भनेर हुँदैन । लगानी आउन सरकारले लगानीकर्तासँग हातेमालो गर्नुपर्छ । लगानीकर्ताले भोग्ने समस्यालाई सरकारले समाधान गरिदिनुपर्छ । बन्ने कुनै पनि परियोजना लगानीकर्ताको नभई सरकारका हुन् भन्ने सोचको विकास हुनुपर्छ । यसो हुन सक्यो भने लगानीकर्ताको विश्वास बढ्छ । कामले तीव्रता पाउँछ । सम्पत्तिको सुरक्षा हुन्छ ।

नेपालका परियोजनामा राजनीतिक नियुक्ति गरिनु पनि गलत अभ्यास हो । परियोजनाका लागि स्वदेश वा विदेश जहाँबाट भए पनि विज्ञ/सक्षम व्यक्ति ल्याउनुपर्छ । यस्तो परिवर्तन माथिल्लो तहबाटै हुनुपर्छ । राम्रो कामका लागि प्रधानमन्त्रीले जोखिम लिनुपर्छ । जेमा पनि भाषण गर्ने प्रवृत्ति रोक्नुपर्छ ।

२० वर्षदेखि एउटै संरचना, एउटै नेतृत्व हुँदा पनि समस्या भइरहेको छ । एउटै व्यक्ति किन दोहोरिएर पटक-पटक प्रधानमन्त्री, मन्त्री बन्ने ? त्यो पनि अधिकांश नेता ७० वर्ष नाघेका छन् । अहिलेको पुस्तासँग न उनीहरूको सोच मिल्छ, न त योजना नै । त्यस्तै ज्ञानमा पनि समस्या छ । देश कसरी विकसित हुन्छ भनेर नेतृत्वमा बस्नेहरूले बुझेनन् । नेताहरूको प्राथमिकतामा देश कहिलै परेन । हाम्रो संरचना पनि निकै भ्रष्टीकरण भइसकेको अवस्था छ ।

एउटा/दुईटाले केही गरौं भन्न खोज्यो भने विभिन्न आरोप लगाउने प्रचलन छ । काम गर्न खोज्ने र सक्षम व्यक्तिलाई न अधिकार न अवसर दिइन्छ । विकासका लागि सामाजिक संरचना पनि परिवर्तन हुनुपर्छ र यो काम नेतृत्व तहले गर्नुपर्छ । नेपालको युवा पुस्ताचाहिँ गर्व लायक र सम्भावना बोकेको छ । अब युवालाई अवसर दिनुपर्छ । लगानी आएपछि परियोजना वरिपरिका बासिन्दाको जीवनस्तर सुधार हुन्छ । रोजगारी बढ्छ । ठूला आयोजना दुर्गम बस्तीमै बन्छन् । परियोजना बन्दा ती स्थान पर्यटकका हब बन्छन् ।

दीर्घकालीन लगानी र वातावरण

अहिले कुनै अध्ययन, अनुसन्धानबिना भ्युटावरजस्ता पूर्वाधार बनाउने काममा तीव्रता दिइरहेको पाइन्छ । यसको साटो उत्पादनमूलक वा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न जोड दिनुपर्छ । मन्दिर, टावरजस्ता काम हुनुहुँदैन भनेको होइन ।

तर, हाम्रो यतिखेरको प्राथमिकता दीर्घकालीन रूपमा आफैंमा दिगो परियोजनाको सफल कार्यन्वयन गर्नु हो । अहिले देश संघीयतामा गएको छ । तीन तहका सरकार सञ्चालनमा भएकाले स्थानीय र प्रदेश सरकारले पनि स-साना परियोजना अघि बढाउन सक्छन् । सधैं ठूला परियोजनाको मात्र कुरा गरेर हुँदैन ।

नेपालमा लगानी आउन नसक्नुको अर्को कारण समन्वय अभाव हो । एउटा परियोजना बनाउनुपर्‍यो भने ३८/४० ठाउँ धान्नुपर्छ । कहिले मन्त्रालय, कहिले विभाग धाउँदैमा हैरान हुनुपर्छ । लगानीलाई सरलीकरण, गरी सहज वातावरण बनाइदिने प्रमुख दायित्व सरकारको हो । कुनै काम गर्न खोज्यो भने ऐन, नियमावलीले दिँदैन भन्ने गरिन्छ । यस्तो काम गर्न नमिल्ने ऐन, नियमावली संशोधन गर्न कसले रोकेको छ ? लगानी ल्याउन खोजेको हो भने काम गर्न नमिल्ने, ऐन, कानुन संशोधन गर्नुपर्छ ।

कानुन नेपालको हितका लागि हो । नेपाललाई परियोजना चाहिन्छ भने कानुन

संशोधन गर्न सक्नुपर्छ । लगानीकर्ताको सवालमा एक साता ढिला भयो भने ठूलो घाटा हुन्छ । तर, हामीकहाँ वर्षौंसम्म परियोजनामा ताल्वा मार्नुपर्ने अवस्था सिर्जना गरिन्छ ।

मेलम्ची खानेपानी आयोजना निकै ढिलाइ भयो । यसमा जिम्मेवारी कसको हो ? अहिलेसम्म पनि कसैले जिम्मेवारी लिएको पाइँदैन । आयोजना ढिलो हुनुको कारणसमेत विश्लेषण गरिएको छैन । यसो हेर्दा लाग्छ, यस्ता आयोजनामा कसैलाई चासो नै हुँदैन । आयोजना ढिलाइ हुनुमा खाली कम्पनीलाई गाली गरेर बसेका हुन्छौं । विदेशमा राम्रो काम गरेको कम्पनीले नेपालमा किन काम गर्न सकेन ? समस्या कम्पनी हो वा हामी ?

जनसहभागिता र सुशासन

नेपालमा जनतालाई थाहा नदिएर काम गर्ने चलन छ । हरेक परियोजना ढिलाइ हुनुको कारण यही हो । परियोजनाको सुरूदेखि नै सही सूचना नदिंदा जनता आक्रोशमा आउने गरेका छन् । त्यही आक्रोशमा मिसिएर राजनीति दलका कार्यकर्ताले अनावश्यक लाभ लिने धन्दा मौलाइरहेको छ । यथार्थमा जनता सधैं सकारात्मक छन् । तर, पार्टी कार्यकर्ताले झन्डा बोकेर एकातिर जनतालाई उकास्ने गरेका छन् भने अर्कोतर्फ नाजायज लाभ लिने गरेका छन् ।

लगानीका लागि हाइड्रोपावरदेखि, कृषि, पर्यटन, निर्यात नेपालका सम्भावना हुन् । तर, हामीले यी क्षेत्रको बजारीकरण गर्न सकेका छैनौं । बुद्ध जन्मेको ठाउँ हामीसँग छ तर खै लाभ लिन सकेको ? बुद्धकै नाममा पैसा खर्च गर्न गाह्रो हुँदैन । अहिले दुई/चार हजार पयर्टक आए भने राख्ने अभाव हुन्छ । सगरमाथाको अवस्था त्यही हो ।

त्यस्तै, हामीले लिने मूल्य पनि सन्तोषजनक छैन । पर्यटक गाइडलाई एक/दुई हजार रूपैयाँ दिएर काम लगाउन खोजिन्छ । त्यही गाइडलाई आम्दानीको ३० प्रतिशत दिने हो भने पक्कै पनि उसले काममा ध्यान दिन्छ । हाम्रो सोच कसरी धेरै कमाउने, राम्रो गर्ने होइन कि त्यो पयर्टक गाइडलाई न्यून पारिश्रमिक दिएर कसरी निचोर्ने भन्ने छ । हामीसँग थुप्रै स्रोत छन् तर उपयोग गर्न सकिएको छैन । भैरहवाकै सेजको अवस्था हेरौं । दुई/तीन पटक उदघाट्न भइसक्यो तर अझै सबै उपयोग हुन सकेको छैन ।

द्रुतमार्गमा पनि अनावश्यक विवाद निकालेका कारण निर्माणमा ढिलाइ भइरहेको छ । कृषिमा व्यापक सम्भावना भए पनि मूल्य शृखंलाको व्यवस्था नहुँदा सुधार हुन सकेको छैन । कृषि क्षेत्रको अर्को समस्या निर्यात गर्दा खरिदकर्ताको विश्वास कसरी जित्ने भन्ने छ । कमर्सियल फार्मिङ अबको आवश्यकता हो । कृषिमा प्रविधि र उपकरणको प्रयोग गर्नुपर्छ । विगतको तुलनामा धान आयात निकै बढेको छ । कृषिको विकासका लागि सरकारले प्रोत्साहनको नीति लिनुपर्छ ।

कृषिमा अहिले स्वदेशकै माग पुग्ने गरी उत्पादन गरे पनि हुन्छ । थोरै मिहिनेत गर्ने हो भने नेपालको कृषि क्षेत्रले अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्छ । संसारभरि अर्गानिक उत्पादनमा जोड दिइएको छ । हामीकहाँ अर्गानिक उत्पादन त्यति गाह्रो छैन । यसका लागि पनि सरकारले सिँचाइजस्ता सुविधाको जोहो गर्नुपर्छ । विदेशमा बजारीकरण गर्ने तरिका पनि जान्नुपर्ने अवस्था छ ।

पर्यटन क्षेत्रको विकास सन्तोषजनक छैन । पर्यटकीय क्षेत्रको प्रचार गर्ने भन्दै विदेशी मिडियामा ३० सेकेन्डको विज्ञापन गरिन्छ । अहिलेको जमानामा यस्ता कार्यको कुनै मतलब छैन । के गर्दा लगानीकर्तालाई आकर्षण गर्न सकिन्छ भन्नेबारे अनुसन्धान गर्नुपर्छ । कुनै पनि परियोजना बनाउनुअघि लगानीकर्तासँग सोध्नुपर्छ ।

लगानीकर्तालाई सोध्दै नसोधी नियम, कानुन बनाइन्छ । स्थानीय तहमा के आवश्यकता छ, कुनै मतलब गरिँदैन । विदेशको नक्कल मात्र गरेर नेपालमा काम लाग्छ कि लाग्दैन ? त्यसबारे ख्याल नगरी फलानो देशमा यस्तो भयो भन्दै नक्कल गर्न खोजिन्छ । विदेशको अनुभवसम्म लिन खोज्नु ठीकै हो । तर, सबै नक्कल गर्न खोज्दा सफल हुन कठिन हुन्छ । अलिकति सही बाटो पहिल्याउन खोज्ने हो भने काम गर्न त्यति कठिन छैन । लगानी हामीलाई चाहिने हो कि होइन ? त्यसमा प्रस्ट हुनुपर्छ ।

आवश्यकता र लगानीको विविधीकरण

कोही मन्त्रीले विदेशी लगानी चाहिन्छ भन्छन् । कोही मन्त्री परियोजनामा जनताको लगानी गर्नुपर्छ भन्छन् । मेरो विचारमा यसरी मनपर्दी सेयर वितरण गर्दा जनता डुब्छन् । सबै परियोजना सफल हुँदैनन् भन्ने कुरा बुझ्नुपर्छ । हाइड्रोपावरका आयोजना त झनै जोखिम छन् । जनताले हावाहावैमा लगानी गरेको पाइन्छ ।

हामीले लगानीकर्तालाई विविधीकरण गर्नुपर्छ । कुनै एउटा देशलाई मात्र लक्षित गर्नुहुँदैन । सबै देशबाट लगानी आउने वातावरण बनाउनुपर्छ । तर, नेताहरू नेपालको निकै महत्व बढेको भन्दै अमेरिका, चीन यहाँ आउन खोजेको भाषण गर्छन् ।

अब लगानीकर्तालाई विश्वस्त दिलाउन काम गरेर देखाउन जरूरी छ । नत्र प्रधानमन्त्री, मन्त्रीले भाषण गरेर मात्रै केही हुनेवाला छैन । लगानीकर्ता यस्ता भाषणलाई पत्याउँदैनन् । आन्तरिक लगानीले मात्र पुग्ने वाला छैन । त्यसैले वैदेशिक लगानी भित्र्याउन जरूरी छ । राजनीतिको नाममा जनतालाई उफारेर मात्र अब हुँदैन ।

HYUNDAI VENUE 1.2 S+

Exquisite **FEATURES** for Elegant Driving

Leather Wrapped Steering Wheel

Shark Fin Antenna

Height Adjustable Driver Seat

8" Touchscreen Display Audio with Apple Car Play & Android Auto with Voice Recognition

LED Taillamps with Crystal Effects

Automatic A/C with Digital Display

Electrically Adjustable & Foldable Outside Mirror with Turn Indicators

Rear Camera with Dynamic Guidelines

Projector Headlamps with LED DRL & Cornering Light

R15 Diamond Cut Alloy Wheels

Projection Fog Lamps

6 YEARS FREE SERVICE

3 YEARS WARRANTY

HYUNDAI परिवार

HYUNDAI

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

Hyundai Call Center No: 01-5970226
Dealership: Naxal: 01-4413934, 4413942, 9801201027, **Thapathali:** 01-4101553, 4101554, 4101556, 4101557, 9801201011
Bhairahawa: 071-525428, 525429, 9802608801, **Bharatpur:** 056-522776, 526276, 9801353761, **Biratnagar:** 021-460609, 9802763770, 9802763896, **Birgunj:** 051-527507, 527467, 9801019177, 9801087477, **Birtamod:** 023-541495, 9802672044, 9802672041, **Butwal:** 071-415278, 415279, 9857036396, **Dang:** 082-563634, 9801347967, 9801347966, **Dhangadi:** 091-524492, 9802540110, 9802540105, **Hetauda:** 057-520200, 9855027295, **Itahari:** 025-587502, 9802736982, 9802727966, **Nepalgunj:** 081-550427, 9802546482, 9802546481, **Pokhara:** 061-537426, 9801201010, 9801240155

VENUE

तजबिजी अधिकारबिनाको उदारवादी कानुन निर्माण

सबै कुरा सरकारले मात्र गरेर सम्भव छैन । फेरि त्यसमा बहुलवादी सोच राजनीतिमा मात्र नभई रोजाइमा पनि हुनुपर्छ । त्यो रोजाइको अधिकार अर्थतन्त्र, सामाजिक क्षेत्र, संसदीय क्षेत्रले दिएन भने यसले हाम्रो विविधतालाई पनि सम्बोधन गर्दैन

राधेश्याम अधिकारी

२०४६ को परिवर्तनपछि अर्थतन्त्रमा एक किसिमको उदारीकरण गऱ्यौं । त्यसपछि आफ्नो रोजाइअनुसार व्यवसाय गर्ने वातावरण सिर्जना भयो । यसले गर्दा निजी क्षेत्रले पनि प्रतिस्पर्धा गर्न पाउने अधिकार पाए । उदारीकरणको पक्षमा हामी असफल भयौं भन्ने ठाउँ छैन किनभने स-साना पुल निर्माण पनि विदेशीमै भर पर्दै आएका थियौं । तर, अहिले ठूला पुल हाम्रै इन्जिनयरले डिजाइन गर्दै आएका छन् । चाहे त्यो बिल्डिङ होस् या सडक या पुल होस् । अहिले नेपाली नै सक्षम भइसकेका छन् । अहिलेको समस्या भनेको टाइम बाउन्ड (समयमै सम्पन्न) भएन भन्ने मात्र हो । हाम्रो सबैभन्दा नोक्सान भनेको तोकिएको समयभित्र अधिकांश योजना सम्पन्न भएका छैनन् । यो भनेको हरेको दिन समय, पुँजी र थप पुँजीको घाटा बेहोर्नु हो । समयबद्ध कार्यक्रम नहुनु एउटा समस्या छ ।

उदारीकरणको फाइदा छ । सबै कुरा सरकारले मात्र गरेर सम्भव छैन । फेरि त्यसमा बहुलवादी सोच राजनीतिमा मात्र नभई रोजाइमा पनि हुनुपर्छ । त्यो रोजाइको अधिकार अर्थतन्त्र, सामाजिक क्षेत्र, संसदीय क्षेत्रले दिएन भने यसले हाम्रो विविधतालाई पनि सम्बोधन गर्दैन । निजी क्षेत्रलाई उपेक्षा गरेर हिँड्न सक्ने अवस्था पनि छैन । दिएको लाइन ठीक छ तर कानुन, संरचनात्मक, टाइम बाउन्डलगायतमा सुधार गर्न आवश्यक छ ।

कानुनमा व्यवधान र समस्या

काम किन समयमा भएन भन्दा जुन किसिमले सार्वजनिक खरिद ऐनअनुसार ठेक्का पट्टा लगाउँछौं, त्यसमा भएको व्यवस्था नै व्यवधान बनेको छ । पहिला हामीले यो ठीक छ भनेर सोच्यौं । अहिले आएर सार्वजनिक खरिद ऐनमा पुनर्सुधार हुनुपऱ्यो ।

यो हामीले बनाएको संरचनामा जोडिएको छ । कि पैसा समयमा आउँदैन, कि कानुनमा निर्णय गर्नै ढिलाइ नहुने बुँदा लेखिदिएको हुन्छ । अर्को भनेको भेरिएसनबारे प्रस्टसँग सम्झौता गर्दैनौं । ऐनले आमनेपालीमा कस्तो प्रभाव पर्छ भन्ने कुरामा ध्यान कम गएको देखिन्छ । यसले विकासमा असर पर्छ । आर्थिक, सामाजिक क्षेत्रमा बढ्ता असर पर्छ । स्वार्थको टकराव (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) बोकेर हिँड्ने व्यक्तिले ऐनलाई नै छिद्र बनाइरहेका हुन्छन् । उनीहरु यसैका लागि सक्रिय देखिन्छन् । त्यो कन्फ्लिक्ट अफ इन्ट्रेस्टलाई कसरी रोक्न आवश्यक छ । नियमावलीको पालना भयो कि भएन निरीक्षण गर्न आवश्यक छ ।

केन्द्रीकृत संघीयताको मानसिकता

संघीयतामा गएपछि अधिकारका पक्ष तल जानुपर्छ भन्ने मान्यता छ । तर, सिंहदरबारले त्यसलाई एकदम च्यापेको च्यापै छ । यो दूर दृष्टिको अभाव हो । यो एउटा मात्र ऐन होइन, जति पनि आर्थिक ऐन आउँछन्, सुधारका निम्ति सबैमा लागू हुनुपर्नेछ । त्यसपछि मात्र सम्भावना छ । काम सानो छैन । बाटो पनि ठीक छ । कानुनमा निजी क्षेत्रलाई अगाडि बढाउने कुरा ठीक छ । सरकारले मात्र हुँदैन सबैलाई अगाडि बढाउनुपर्छ भनेर सेन्ट्रल रूल भएको चीनले देखाइसक्यो ।

कर्मचारीले आफ्नो अधिकार छाड्ने गरी कहिले पनि ऐन ल्याउँदैन । त्यसलाई राजनीतिक हस्तक्षेप, सरोकारवालाको मद्दत चाहिन्छ । अहिले

विद्युत् विधेयक राष्ट्रिय सभामा छलफलको चरणमा छ तर सरोकारवाला निकायबाट यसबारे प्रतिक्रिया खासै पाइएको छैन । निजी क्षेत्रलाई जलविद्युत् दिएपछिको कानुनी अवस्था र यसको प्रभावबारे हामीले विश्लेषण गर्नैपर्छ ।

जलविद्युत् विकास र कानुन

बहुलदीय प्रजातन्त्र अघिसम्म विद्युत्मा निजी क्षेत्रले लगानी गर्ने कुरै थिएन । कसैले पनि यसमा ध्यान दिएको थिएन । जब निजी क्षेत्रले जलविद्युत् निर्माण गर्न थाल्यो, त्यसपछि जनशक्ति तयार हुन थाले । विश्वविद्यालयमा प्राविधिक जनशक्ति उत्पादन हुन थाले । आवश्यक जति इन्जिनियर तयार हुन थाले ।

त्योभन्दा अगाडि एउटा कर्णाली चिसापानी परियोजनाबारे मलाई सम्झना छ । सो परियोजना बनाउन २ सय ५० जनालाई रूङ्गी विश्वविद्यालयमा छात्रवृत्ति दिएर अध्ययन गर्न पठाइएको थियो । तर, उनीहरू फर्केर आए पनि परियोजना सुरू भएन, ८० प्रतिशत त विदेशतिरै लागे । अब त्यो अवस्था छैन । धेरै आयोजना बन्न थालेका छन् ।

अहिले प्रतिवर्ष ६ हजार इन्जिनियर तयार हुन थालेका छन् । त्यसमध्ये विद्युत् क्षेत्रका लागि काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयमा वर्षको चार हजार इन्जिनियर तयार हुन थालेका छन् । पहिला काम गर्ने जनशक्ति थिएनन् । जति पढेर आउँथे, विदेशमै पलायन हुन्थे । पहिला त काम गर्ने मान्छे चाहियो नि । त्यो बेसलाइन थिएन । अहिले जनशक्ति पाएनौं भन्ने अवस्थै छैन । ठूला डिजाइनिङका लागि विदेशी परामर्शदाता नै चाहिन्छ । तर, अरु तहको जनशक्ति हामीसँग तयार छन् । पहिला जनशक्ति सँगसँगै तयार भइदिएको हुनाले नसोचेको प्रगति भएको छ ।

२०२०/२१ को कुरा हो । फर्पिङ र सुन्दरीजलपछि पनौतीमा २.४ मेगावाट आयोजना विदेशीको लगानीमा बनेर बिजुली आउने भएपछि अब नेपालमा बिजुलीको छेलोखेलो हुने हल्ला चलेको थियो । त्यो सम्झँदा के लाग्छ भने आजको दिनमा २.४ मेगावाटको बिजुली कसैले उत्पादन गर्छु भनेर आउँछन् त ? हामीले सबैभन्दा ठूला सफलता कहाँ पायौं भने २० मेगाटको चिलिमे आयोजना स्वदेशी लगानीमै सम्पन्न गऱ्यौं । त्यो हाम्रो ठूलो ब्रेक थ्रु थियो ।

दुर्भाग्यवश खिम्ती, भोटेकोसीलगायत आयोजना विदेशीलाई दिइयो । यसबाट हामीले के पाठ सिक्यौं भने डलरमा भुक्तानी गर्दा के हुने रहेछ ? आफैं बिजुली उत्पादन गर्न नसक्दा पनि महँगो बिजुली पर्न आएको अनुभव गऱ्यौं । उच्चतम नमुना अपर तामाकोसी विदेशीलाई दिने र नदिने विषयमा ठूलो बहस चल्यो । अपर तामाकोसी नेपालीले नै बनाउँछन् भनेर तय गरेको दिन जलविद्युत् क्षेत्रका लागि अर्को युग सुरू भएको थियो । ४ सय ५६ मेगावाटको यो आयोजनाबाट एउटा विश्वास जागेको हो ।

बीचमा भूकम्प र कोभिडले गर्दा पछि परे पनि आखिर नेपाली पैसा, नेपाली जनशक्तिबाटै सम्पन्न भयो । यो भयो, सार्वजनिक क्षेत्रमा भएको विकास क्रम । तर, त्यो सँगसँगै समग्र योगदान हेर्ने हो भने अहिले हाम्रो झन्डै २ हजार ४० मेगावट क्षमता छ । यसमध्ये निजी क्षेत्रको झन्डै १ हजार मेगावाट क्षमता रहेको छ । निजी क्षेत्र पछि आए पनि उनीहरूको उल्लेख्य योगदान रहेको छ ।

निजी क्षेत्रले उत्पादन गर्न सक्छौं भन्ने विश्वास जागृत गरायो । तर, निजी क्षेत्रले भोग्दै आएको हन्डरको विचार गर्न आवश्यक छ । विशेषगरी ट्रान्समिटर लाइन तान्ने काम उसले गर्न सक्दैन । उत्पादन निजी क्षेत्रले गरेपछि त्यो बिजुलीलाई बजारसम्म पुऱ्याउने र खरिद गरिदिने काम त सरकारको हो ।

अन्तर्राष्ट्रिय बजारमा विद्युत् बिक्री खुला गर्नुपऱ्यो भनेर भर्खर ऐन ल्याउँदै छौं । यसमा हामीले मात्र चाहेर नहोला । विद्युत् बिक्री गर्ने भन्नेबित्तिकै भारतसँग सम्बन्धित छ । भारत हुँदै बिक्री गर्ने हो । तर, अहिले एउटा अर्को सोचको विकास भएको छ । भारतले विद्युत् खरिद गरे पनि, नगरे पनि विकास हामी गर्दै जाने र त्यो बिजुली नेपालमै खपत गर्ने सोच सराहनीय छ । राजनीतिक तहमा पनि यो सोच आइसकेको छ ।

कुन-कुन क्षेत्रमा प्रयोग गर्न सकिन्छ भनेर अहिले अध्ययन सुरू भइरहेको छ । जस्तै, हाइड्रोजन बनाउने । यसमा बिजुलीको अधिकतम प्रयोग गर्न सकिने रहेछ । हाइड्रोजनले इन्धन अभाव सहजै पूर्ति गर्छ । यसका लागि अहिले नेपाल आयल निगमले काठमाडौं विश्वविद्यालयसँग सहकार्य सुरू गरिसकेको छ ।

निजी क्षेत्रलाई पनि सँगसँगै लग्ने हो भने यो क्षेत्रले भोग्दै आएको समस्याको समाधान ऐनमार्फत गर्नुपर्छ । अहिले विद्युत् विधेयकबारे राष्ट्रिय सभामा छलफल भइरहेको छ । आज आएको ऐनले हिजो निजी क्षेत्रले भोग्दै आएको समस्यालाई समाधान गर्नुपर्छ ।

यो विद्युत् ऐनसँग प्रत्यक्ष सरोकार राख्ने निकायमध्ये एउटा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान) छ, तर हामीसँग कहिले कुराकानी भएको छैन । एउटा लघु जलविद्युत्सम्बन्धी संस्था आएको छ । अनुमतिपत्रको व्यवस्थाको कुरा छ, बढीमा ५० वर्ष भनिएको छ । हामीले अहिले बढीमा वा घटीमा भन्दा पनि निश्चित राख्नुपर्छ । सरोकारवाला निकायले कस्तो कानुन

नियमावलीमा सरकारी निकायले गर्नेछ र निजी क्षेत्रका लागि भने गर्न सकिनेछ भनेर लेखिएको छ । अधिकांश नियम, कानुनमा यस्तै अनावश्यक तजबिजीको अधिकार सरकारी निकायलाई दिइएको छ । यसले अघि बढेको निजी क्षेत्रलाई झन् पछाडि धकेल्छ

भन्नेबारे लबिइङ गर्नुपर्छ । हामीकहाँ आएर लबिइङ गरेको छैन । लबिइङ खराब होइन नि ।

आफूलाई मर्का परेको कुराको सूचना सरोकारवाला निकायले सम्बन्धित निकायमा दिनैपर्छ । तर, अहिले प्राविधिक क्षेत्रमा कस्तो काम भइरहेको छ, के सुधार गर्नुपर्छ भन्ने कुरामा जानी नजानीकन सरकारी निकायबाट हस्तक्षेप गर्न कोसिस गरिरहेका छौँ । सबै कुरामा जानकार कर्मचारीतन्त्र हुँदैन । सरोकारावालासँग समन्वय र छलफल गर्नैपर्छ । कतिपय सरोकारवाला त समग्र क्षेत्रभन्दा पनि आफ्नो काम गराइहाल्छु भन्ने मानसिकतामा छन् । त्यसरी हुँदैन । यदि मुलुकलाई संरचनागत रूपमा दह्रो नबनाउने हो भने समग्र विकास हुँदैन । बुटवल पावर कम्पनी होला, अरू कुनै होलान् । उनीहरूको आफ्नै काम गर्ने शैली होला ।

आर्थिक कानुन र तजबिजी अधिकार

आर्थिक क्षेत्र चलायमान बनाउन आर्थिक कानुनको सबैभन्दा महत्वपूर्ण भूमिका हुन्छ । जति पनि आर्थिक विकाससम्बन्धी ऐन, कानुन आउँछन्, तिनबाट देशलाई हुने फाइदाको प्रक्षेपणसहित आउनु आवश्यक छ । सरोकारवालाले पहिल्यै यसबारे जानकारी पाउनुपर्छ । अर्को, समयबद्ध कार्यक्रम हुनुपर्‍यो । यसका निम्ति बाधा-अड्चन सिर्जना गर्ने कुरालाई ऐनले बाटो खोल्नुपर्‍यो । सरकारले आश्वासन मात्र दिएर भएन, सार्वजनिक गरेको निर्णय पनि पूरा गर्नुपर्छ ।

म किनिदिन्छु भनेर विद्युत् खरिद सम्झौता (पीपीए) गर्ने तर प्रसारण लाइनै नतानिदिने, नजोडिदिने भएपछि लगानीकर्ता मारमा पर्छन् । बिजुली उत्पादन भयो तर करोडौँ रूपैयाँ बगेर गइरहेको देखिन्छ । वास्तवमा दुई-तीन क्षेत्रमा सुधार गर्नैपर्ने देखिन्छ । आयोजना प्रमुख पाँच वर्षका लागि नियुक्त भए पनि बीचमै फेरिन्छ । गलत गर्ने व्यक्ति मुद्दा मामिला भएर फेरिहालिन्छ नि, त्यो प्रणाली पो बनाउनुपर्‍यो । जिम्मेवारी दिनु अगाडि ठीक मान्छे छान्नुपर्‍यो ।

कर्मचारीतन्त्रबाट नियमावली बनाउने अधिकारअन्तर्गत असाध्यै तजबिजी अधिकार बढ्यो । यो हटाउन आवश्यक छ । उदाहरणको रूपमा प्रस्तावित विद्युत् विधेयक हेर्ने हो भने ६३ बुँदामा ४३ वटा तजबिजी अधिकार दिइएको छ । सरकारी निकायले गर्नेछ र निजी क्षेत्रका लागि भने गर्न सकिनेछ भनेर लेखिएको छ । यसले त सरकारी निकायलाई

> कर्मचारीतन्त्रबाट नियमावली बनाउने अधिकारअन्तर्गत असाध्यै तजबिजी अधिकार बढ्यो । यो हटाउन आवश्यक छ । उदाहरणको रूपमा प्रस्तावित विद्युत् विधेयक हेर्ने हो भने ६३ बुँदामा ४३ वटा तजबिजी अधिकार दिइएको छ ।

अनावश्यक रूपमा तजबिजी अधिकार दिइयो । यसले प्रक्रियामा ठूलो असर गर्छ । विद्युत् विधेयकमार्फत होइन, अधिकांश नियम, कानुनमा यस्तै तजबिजीको अधिकार दिइएको छ । यसले अघि बढेको निजी क्षेत्रलाई झन पछाडि धकेल्छ । उदारवाद र निजीकरण कमजोर बनाउँछ । सार्वजनिक खरिद ऐन एकदम नमिल्ने भइसकेको छ । १ अर्ब लागतको आयोजनामा ५० करोड रूपैयाँको बिड गरिएको हुन्छ । यदि १ अर्ब लागत पर्ने हो भने लागत अनुमान गर्नेलाई कारबाही गर्नुपर्‍यो । कि त ५० करोड रूपैयाँमा काम नगर्न लिएको भनेर बुझ्नुपर्छ । यसमा पारदर्शिता हुनुपर्‍यो । त्यसकारण बिडिङ घटाघट गर्दा पनि १० प्रतिशतभन्दा कममा आउन पाउँदैन । इँटा, बालुवा, सिमेन्ट, छड, किला, जनशक्ति सबैको हिसाब निकालिएको लागतभन्दा ४० प्रतिशतमै काम गर्छु भनेर कोही आयो भने कस्तो होला काम ? यो कुरामा नयाँ किसिमले सोच्नैपर्छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालय नै कमजोर बनेको छ । कोही पनि बस्न चाहँदैन । प्रधानमन्त्री कार्यालयअन्तर्गत विशिष्ट श्रेणीको कर्मचारी राखिएको छ । नियमन गर्ने संस्थामा कोही बस्न नचाहने भनेको के हो ? यसको गुणस्तर नियन्त्रण, समयबद्ध रूपमा आयोजना निर्माणको काम हेर्ने कसले ?

ऐन नै दाताको परामर्शमा बनाएको सुनेको छु । दाताले बनाएर देश बन्ने होइन । हामीले बनाएर बन्ने हो देश । कतिपय कुरामा क्षेत्रगत सरोकारवाला र संसद्लाई कसरी जोड्ने भन्ने छ । क्षेत्रगत स्तरमा आर्थिक रूपमा भएका जति पनि ऐन आउँछन्, त्यो आउन दबाब दिने ठाउँ संसद् हो । कानुनले हुने असरबारे त सरोकारवालाले जति हामीले बुझेका छैनौँ, हुँदैनौँ पनि । एउटा कानुनको विद्यार्थी भएको नाताले मैले प्रक्षेपण गर्न सक्छु । अरू माननीय सबैले पनि सक्छन् भन्ने छैन नि । यसका लागि सरोकारवाला आएर बुझाउने हो ।

समाजवाद कि उदारवाद ?

संविधानमा लेखिएको कुरालाई हामीले स्पष्ट रूपमा व्याख्या गर्न सकेका छैनौँ । समावादउन्मुख अर्थतन्त्र भनिएको छ । लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहने भनिएको छ । समाजवाद भनिएपछि राज्य नियन्त्रणको मात्र कुरो छैन । बहुलवादी समाजको कुरा छ । जहाँ नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली भनिएको छ ।

आर्थिक वृद्धिको सम्बन्धमा आर्थिक विकास गर्न तीन खम्बे नीति छ । सार्वजनिक/निजी र सहकारी क्षेत्रको सहभागिता एवं स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गरिने भनिएको छ । निजीलाई छाडिएको छैन । यी तीनै कुरालाई एकै ठाउँ राखियो भने सही ठाउँमा पुग्छौँ ।

उदारीकरणको सम्बन्धमा जेले देशलाई अघि बढाउँछ, त्यही गर्ने हो । समाजवादउन्मुख शिक्षा र स्वास्थ्यमा लग्न खोजेको थियो । तर, यहाँ कम्युनिस्ट सरकार शासनमा प्रभावी भयो भने समाजवादउन्मुख भनिन्छ, कांग्रेस प्रभावी भयो भने आफ्नै अनुकूलको व्याख्या गर्छौँ । संविधानले भनेको ठीक व्याख्या के हो भने शिक्षा र स्वास्थ्यको आधारभूत तह सबैले पढ्न र स्वास्थ्य सेवा लिन पाउनुपर्‍यो भन्ने हो । लोकतान्त्रिक मर्म विपरीत आयो भने कांग्रेसले त्यसको विरोध गरेर सच्याएको छ । संसद्मा आएको विधेयकलाई हामीले धेरै ठाउँमा हस्तक्षेप गरेर सुधार गरेका छौँ । गुठी विधेयक फिर्ता लग्यो । राहदानी विधेयक झन्डै २०४६ मै फर्काउन लागिएको थियो । विरोध गर्‍यौँ र फिर्ता भयो । हामीले नेपाली जनतालाई दिइएको एक मात्र सुविधा राहदानी निःशुल्क पनि हो ।

1st CPVC MANUFACTURER OF NEPAL

नेपालकै उत्कृष्ट
गुणस्तरमा नम्बर एक
लाखौंको विश्वाश जितेको

मंगलम् पाइप्स

1ST CPVC MANUFACTURER OF NEPAL

1ST BLOW TANK MANUFACTURER OF NEPAL

LARGEST PRODUCT TESTING LAB IN NEPAL

lead-free

www.mangalamindustries.com

Corporate Office -Teku , Kathmandu, Nepal | Unit I - Siddharthanagar, Rupandehi / Unit II - Dhakdhai, Rupandehi
T: +977 01-4226882 / E: contact@mangalamindustries.com

Mangalam PIPES
टुक्क जिन्दगी भर

BST

Steeling Our Tomorrow...

MS GROUP

LEADING NEPAL
COMPETING THE WORLD



NS:141

नेपाल गुणस्तर प्रमाण चिन्ह

प्राप्त गर्ने नेपालको पहिलो

बि एस टि.

कर्कट जस्ता पाता

अरू किन खोज्ने ?

बि एस टि.

नै रोज्ने ।

अन्य उत्पादनहरू :
स्टिल फेब्रिकेटेड ट्रक्चर,
एमएस सिट/स्लिट्स,
सटर आइटम्स, फलामे झ्यालढोका,
झोलुङ्गे पुल,
मोटरेबल पुलहरू

G.I. PIPES

RANGE
15MM NB
TO '150MM' NB

RECTANGLE & SQUARE PIPES

RANGE : 20 MMX20 TO 90MMX90MM
&
12MMX25MM TO 50MMX90MM



M.S. ERW

Black Pipes
Size:1/2" to 8"

Sutter profiles & Guides



BHAGAWATI STEEL INDUSTRIES PVT. LTD.

Kathmandu Office
Siva Arcade, Jhochhen Tole, Layakusal,
Basantapur Kathmandu, Nepal
Ph: +977-1-4241504, 4212379, Fax: +977-1-4225538
Email: bstktm@msgroup.com.np

Birgunj Office
Prabhu Bank Building, Adarshnagar
birgunj, Nepal
Ph: +977-51-524894, Fax: +977-51-525439
Email: bst@msgroup.com.np

Factory
Chhattapipra, Nitanpur
Bara Nepal
Ph: +977-51-580154Fax: +977-51-580417
Email: bstproduction@msgroup.com.np

उदारवादको सफलतापछि अब दिगो र गुणात्मक विकास

राजस्व असुली क्षमता बढेर बजेटमा वैदेशिक सहायतामाथिको निर्भरता घटेपछि दाता मुलुक तथा संस्थाहरूबीच नेपालको हैसियत माथि पुगेको छ । आफ्नै स्रोतबाट ठूल्ठूला आयोजना सञ्चालन गर्न सक्ने र सडक, खानेपानी, बिजुलीबत्तीलगायत ठूला पूर्वाधार विकासका परियोजनालाई जनताको घरदैलोमा पुऱ्याउन सक्ने नेपालको सामर्थ्य बनेको छ

डा. रामशरण महत

२०४६ को राजनीतिक परिवर्तनपछि र पहिलेको अवस्था फरक थियो । राजनीतिक व्यवस्थाअनुसारकै आर्थिक नीति थियो । आर्थिक सामाजिक क्षेत्र पनि नियन्त्रित थिए । सबैले समान सहभागिताको अवसर पाउने अवस्था थिएन ।

उदारवाद र सफलता

२०४८ मा नेपाली कांग्रेसले बहुमत प्राप्त गरेपछि गिरिजाबाबुको नेतृत्वमा गठित सरकारले उदार आर्थिक नीति अवलम्बन गरी नेपाली अर्थतन्त्र आधुनिकीकरणको अभियान प्रारम्भ गरेको थियो । नयाँ प्रजातान्त्रिक सरकारले घोषणा गरेको उदार आर्थिक नीतिअन्तर्गत निजी तथा गैरसरकारी क्षेत्रको भूमिकालाई उच्च महत्व दिएर आर्थिक तथा सामाजिक क्षेत्रमा रहेका राज्य निर्देशित र नियन्त्रणात्मक पुराना अनुदार नीतिलाई विस्थापित गरिएको थियो ।

राजनीतिक परिवर्तनपछि जनताका उर्लंदा चाहनालाई सम्बोधन गर्नुपर्ने तर साधन-स्रोत न्यून थियो । उद्योगधन्दाको स्थापनामा स्वदेशी तथा विदेशी पुँजीलाई आकर्षित गर्न एवं गैरसरकारी क्षेत्र, निजी क्षेत्र, स्थानीय तह, सामुदायिक तथा सहकारीलगायत बृहत्तर निजी क्षेत्रसँग रहेको ज्ञान, सीप, स्रोत साधनको उपयोग गरी विकास अभियानलाई तीव्रता दिने उद्देश्यले उदारीकरणको नीति अवलम्बन गरिएको थियो । यी बृहत् सुधार कार्यक्रमको लक्ष्य समाज कल्याण तथा सामाजिक सुरक्षाका कार्यक्रममार्फत सामाजिक क्षेत्रमा लगानी बढाउने र गरिबी घटाउने रहेको थियो ।

निजी क्षेत्रले गर्न सक्ने काममा उसैलाई प्रोत्साहित गरी सरकारलाई शान्ति- सुरक्षाका साथै शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण, सडक तथा अन्य पूर्वाधार निर्माण र गरिबी निवारणजस्ता काममा केन्द्रित गरियो । शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रमा सरकारको बजेट लगानी नै दोब्बरभन्दा बढीले वृद्धि गरियो । आठौँ योजनामा सबैभन्दा बढी लगानी अर्थात् कुल सरकारी लगानीको ३२ प्रतिशत शिक्षा, स्वास्थ्यलगायतका सामाजिक क्षेत्रमा प्रवाहित गर्ने घोषित नीति तय गरियो । आर्थिक सुधार र लगानी प्राथमिकताका कारण त्यसपछि नेपालको आर्थिक विकासले ठूलो फड्को मार्न सक्यो । अझ सामाजिक क्षेत्रमा भएको प्रगति त हामीजस्तै अर्थतन्त्र भएका अन्य मुलुकको तुलनामा निकै उल्लेख्य भएको भनेर नेपाललाई अन्तर्राष्ट्रिय प्रतिष्ठा र सम्मानसमेत मिलेको छ ।

क्रान्तिकारी आर्थिक सुधार

कांग्रेसले सरकारको नेतृत्व लिएपछि हरेक क्षेत्रमा रहेको लाइसेन्स राजको अन्त्य गरियो । उद्योगधन्दाको तीव्र विकासका लागि २०४९ को औद्योगिक व्यवसाय ऐनमार्फत राष्ट्रिय सुरक्षा, जनस्वास्थ्य, वातावरण तथा पर्यावरणमा नकारात्मक प्रभाव पार्नेबाहेक अन्य उद्योगमा लाइसेन्स नचाहिने व्यवस्था गरियो ।

त्यस्तै, २०४७ पछि सुरू गरिएको व्यापक आर्थिक सुधारपछि स्वदेशी निजी लगानीमा बैंक तथा वित्तीय संस्थाहरूका साथै अन्य वित्तीय संस्था र सामूहिक सहभागितामा सहकारी संस्थाहरूको स्थापना र विस्तार भयो । २०५० मा चालू खाता परिवर्त्य कायम गरी त्यो बेलासम्म अभ्यासमा रहेको द्वैध विनिमय दर प्रणालीको अन्त्य गरियो । विदेशी मुद्रामाथि सरकारको एकाधिकारपूर्ण नियन्त्रणलाई खुकुलो बनाइयो । नेपालको कर प्रणालीमा

साहसिक सुधार गरियो । व्यापारीको व्यापक विरोध, सडक आन्दोलन, बन्द हडतालका बाबजुद विश्वभर अत्यन्त वैज्ञानिक मानिएको मूल्य अभिवृद्धि कर प्रणालीको कार्यान्वयन यस दिशामा एउटा कोसेढुंगाको रूपमा रहेको छ । २०५४ देखि कार्यान्वयनमा ल्याइएको यो कर प्रणालीले कुल राजस्वमा अहिले करिब ३० प्रतिशत योगदान दिएर राष्ट्रिय राजस्वको मेरूदण्डको रूपमा स्थापित भएको छ ।

वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ औद्योगिक विकासमा अर्को उल्लेखनीय फड्को मानिएको छ । यस ऐनले राष्ट्रियकरण नगर्ने तथा लगानीको प्रतिफलका साथै नेपालमा लगानी गरिएको सम्पत्ति बिक्रीबाट प्राप्त रकमलाई फिर्ता लैजानका लागि पनि सहज व्यवस्थासहित शतप्रतिशत विदेशी लगानीलाई खुला गरेको थियो । त्यस्तै, नेपालको जलस्रोतमा पनि स्वदेशी तथा विदेशी लगानीलाई खुला गरियो । लगानीसम्बन्धी कानुनलाई २०५१ मा संशोधन गरी केही निषेधित क्षेत्रमा बाहेक सेवालगायत अन्य सम्पूर्ण क्षेत्रमा खुला गरियो । निजी क्षेत्रमा थुप्रै लगानी आएपछि आन्तरिक माग पूरा गरी अब हामी विद्युत् निर्यात गर्ने अवस्थामा पुगिसकेका छौं ।

यी आर्थिक सुधारका साथै सरकारलाई ठूलो सञ्चित नोक्सानी गराइरहेका उद्योग प्रतिष्ठानहरूको निजीकरणका साथै प्रशासनिक, सार्वजनिक खर्च र विकेन्द्रीकरणलगायत सुशासनसँग सम्वन्धित अन्य सुधारका नीति पनि कार्यान्वयनमा ल्याइएको थियो । प्रशासनिक क्षेत्रमा रहेका कमी-कमजोरी हटाई चुस्त, प्रतिस्पर्धी र क्षमतावान कर्मचारी प्रशासन निर्माणका लागि २०४९ मा उच्चस्तरीय प्रशासनिक सुधार सुझाव आयोग गठन गरिएको थियो । कर्मचारीको संख्या १ लाख २ हजार ७ सय ४४ बाट २५ प्रतिशतले घटाई ७७ हजारमा सीमित गर्नुपर्ने सिफारिस गरिएको थियो । कर्मचारीको संख्या कटौतीले उनीहरूको उत्पादकत्व र कार्यकुशलता अझ बढेको थियो ।

सुधारका सकारात्मक उपलब्धिहरू

सुधार कार्यक्रमको कार्यान्वयनका कारण २०४७ पछिको दशकको अवधिमा औसत ५ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि हुन सक्यो । विशेषगरी निजी लगानीमा भएको वृद्धिका कारण अघिल्ला दशकहरूमा भएको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा लगानीको अनुपात २० बाट बढेर २३ प्रतिशतसम्म पुग्यो । जीडीपीमा कृषिको

उच्च प्रतिफलका लागि तुलनात्मक लाभ भएका क्षेत्रमा लगानी बढाउनुपर्ने हुन्छ । जैविक तथा भौगोलिक विविधता नेपालको प्राकृतिक वरदानको रूपमा रहेको ठूलो सम्पत्ति छ । यही कारण कृषि, जलस्रोत र पर्यटनको विकासमा ठूलो उन्नति गर्न सक्छौं । यसका लागि सरकारले ठोस काम भने गर्नैपर्छ

हिस्सा घट्दै जानु र औद्योगिक क्षेत्रको हिस्सा बढ्दै जानुलाई आधुनिकीकरण र विकासको संकेतको रूपमा लिइन्छ । २०४७ पछि प्रत्यक्ष विदेशी लगानीलगायत उद्योग विभागमा दर्ता भएका अन्य उद्योगधन्दाको संख्या उल्लेख्य मात्रामा बढेको थियो । औद्योगिक उत्पादन तथा प्रशोधन क्षेत्रको हिस्सा बढेर जीडीपीको १० प्रतिशतसम्म पुग्यो । उक्त समय उद्योगको स्थापना, रोजगारी सिर्जना र आर्थिक वृद्धि विगत दशकको तुलनामा सबैभन्दा बढी भएको थियो । कुल गार्हस्थ्य उत्पादनको तुलनामा निर्यातको अनुपात दोब्बरले बढेर २४ प्रतिशत पुग्यो । सुधारको यस दशकको अवधिमा निर्यात/आयात अनुपात ३० प्रतिशतबाट बढेर ५० प्रतिशत माथि पुगेको थियो । कुल आन्तरिक बचत पहिलाभन्दा २०५८ मा ५० प्रतिशतले बढेको थियो । कृषिमा निर्भर जनसंख्या ८१ प्रतिशतबाट २०५८ मा आइपुग्दा घटेर ६६ प्रतिशतमा आइपुग्यो ।

त्यसैगरी कर प्रणालीमा गरिएको साहसिक सुधारका कारण जीडीपीमा राजस्वको अनुपात अभूतपूर्व रूपमा बढेको छ । २०४८ मा नेपालको राजस्वको जीडीपीसँगको अनुपात ९ प्रतिशत थियो भने अहिले यस्तो अनुपात दक्षिण एसियाकै सबैभन्दा बढी अर्थात् २४ प्रतिशत पुगेको छ । आन्तरिक स्रोत परिचालनको क्षमता बढेपछि नेपालको वार्षिक बजेटमा वैदेशिक लगानीको हिस्सा पनि उल्लेख्य रूपमा घटेको छ । २०४७ अघि नेपालको वार्षिक बजेटमा विदेशी सहायताको हिस्सा झन्डै एक तिहाइ रहेको थियो भने अहिले यो १२ प्रतिशतमा झरेको छ । राजस्व असुली क्षमता बढेर बजेटमा वैदेशिक सहायतामाथिको निर्भरता घटेपछि दाता मुलुक तथा संस्थाहरूबीच नेपालको हैसियत माथि पुगेको छ । आफ्नै स्रोतबाट नेपालले ठूल्ठूला आयोजना सञ्चालन गर्न सक्ने र सडक, खानेपानी, बिजुलीबत्तीलगायत ठूला पूर्वाधार विकासका परियोजनालाई जनताको घरदैलोमा पुऱ्याउन सक्ने सामर्थ्य बनेको छ । निजी क्षेत्रलाई अगाडि बढाइएपछि सरकार कमजोर हुँदैन, अझ बलियो हुन्छ भन्ने यो एउटा जल्दोबल्दो उदाहरण हो ।

त्यस्तै वित्तीय क्षेत्रमा गरिएको सुधारका कारण जनताको पहुँच बढेर गएको छ । पहिला पोर्टफोलियो र पहुँचको आधारमा ७० प्रतिशत हिस्सा सरकारी बैंकको रहेकामा अहिले निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूको हिस्सा ८५ प्रतिशत पुगिसकेको छ । बैंक, वित्तीय संस्था र सहकारीसमेत गरी अहिले झन्डै ६० प्रतिशत नेपालीको पहुँचमा वित्तीय सेवा पुगिसकेको छ ।

२०५२ मा सुरू माओवादीको हिंसात्मक द्वन्द्वका कारण मुलुकभर शान्ति-सुरक्षाको स्थिति अत्यन्त कमजोर बन्न पुग्यो । नेपाल आधुनिक इतिहासमै सर्वाधिक अस्थिर र अशान्त अवस्थामा पुग्यो । राजनीतिक अस्थिरता बढ्दै गएपछि लामो समयसम्म छोटो छोटो अवधिका सरकारहरु बनिरहे । राजनीतिक अस्थिरता र हिंसात्मक द्वन्द्वमात्र होइन, राजाको शासन, प्रलयकारी भूकम्प, नाकाबन्दीसमेत नेपालले झेल्नुपरेको थियो ।

२०५७ पछि आर्थिक वृद्धिमा सुस्तता आए पनि गरिबी न्यूनीकरण र सामाजिक क्षेत्रको विकासमा भने उल्लेखनीय प्रगति हासिल भएका छन् । शिक्षा क्षेत्रको विकास हेर्ने हो भने २०४७ मा प्राथमिक विद्यालयको संख्या १७ हजार ८ सय ४२ रहेकामा २०७४ मा आइपुग्दा ३५ हजार २ सय ११ पुगेको छ । यसैगरी माध्यमिक विद्यालयको संख्या १ हजार ९ सय ५९ बाट ९ हजार १ सय ७१ पुगेको छ । २०७४ सम्ममा प्राथमिक विद्यालयमा प्रवेश गर्ने उमेरका बालबालिकाको भर्ना दर ९७ प्रतिशत

पुगेको छ र छात्र तथा छात्राको भर्ना दर पनि समान स्तरमा छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति हासिल भएको छ । मातृ मृत्युदर प्रतिदस हजारमा ५३.९ जनाबाट घटेर २३.९ जनामा आइपुगेको छ । ५ वर्षमुनिको बाल मृत्युदर प्रति हजारमा १५८ जनाबाट ३० जनामा झरेको छ भने कुल प्रजनन दर २०४८ देखि २०७४ को अवधिमा ५.३ बाट २.१ मा झरेको छ । विगत दशकमा ५ वर्षमुनिको बाल मृत्युदरमा नेपालमा भएको सुधार पनि उल्लेखनीय मान्नुपर्छ ।

उत्पादन तथा प्रशोधन क्षेत्रमा न्यून लगानीका बाबजुद शिक्षा, स्वास्थ्य, पर्यटन, दूरसञ्चार, जलविद्युत्, उड्डयन क्षेत्रमा निजी क्षेत्रको लगानी बढेको छ । मुलुकको विद्युत् उत्पादन र दूरसञ्चारको सेवा क्षेत्रमा निजी क्षेत्रको हिस्सा करिब ५० प्रतिशत पुगिसकेको छ । हवाई उडड्यन क्षेत्रमा झन्डै डेढ दर्जन निजी विमान कम्पनीहरु सञ्चालनमा रहेका छन् र आन्तरिक उड्डयनमा तिनको हिस्सा ९५ प्रतिशतभन्दा बढी छ ।

त्यसैगरी एक समय सखाप हुँदै गएको वनजंगलको संरक्षण र प्रवर्द्धनका क्षेत्रमा अभूतपूर्व विकास भएको छ । विशेषगरी सामुदायिक वनको विकास र विस्तारमा भएको महत्वपूर्ण प्रगतिले यस क्षेत्रको रूपान्तरण भएको छ । आर्थिक वर्ष ०७४/७५ को असारसम्म स्थानीय समुदायबाट व्यवस्थित गरिएका वनको संख्या करिव २० हजार रहेको छ र कुल वनजंगलले ढाकेको क्षेत्रफल १९ लाख हेक्टर रहेको छ । वनजंगलको संरक्षणमा संलग्न घरपरिवारको संख्या २५ लाख रहेको छ ।

नेपालले निर्धारित समयअघि नै लगभग सबै सहस्राब्दी विकास लक्ष्य (एमडीजी) हासिल गर्न सफल भएको थियो । विश्व आर्थिक मञ्चको २०७५ सूचकांकअनुसार समावेशी विकासको परिसूचकमा नेपाल ७७ विकासोन्मुख मुलुकमध्ये २२औँ स्थानमा पर्छ । अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान संस्थाको २०७४ को विश्व भोक सूचकांकमा बालबालिकाको मृत्युदर, कुपोषण तथा असमान विकासलाई हवात्तै घटाएका कारण नेपालको स्थान भोक न्यूनीकरण गर्ने सूचकांकमा दक्षिण एसियाली मुलुकमध्ये सबैभन्दा उच्च स्थानमा पर्दछ । २०६७ (सन् २०१०) को संयुक्त राष्ट्रसंघ मानव विकास प्रतिवेदनले आर्थिक वृद्धि सामान्य भए पनि शिक्षा र स्वास्थ्य क्षेत्रमा हासिल उल्लेखनीय प्रगतिका कारण नेपाललाई गैर-आय मानव विकास सूचकांकमा उत्कृष्ट १० मुलुकमध्येमा राखेको छ ।

२५ वर्ष अगाडि ४९ प्रतिशतमा रहेको उपभोगमा आधारित नेपालको गरिबी उल्लेखनीय स्र्पमा घटेर अहिले २१ प्रतिशतमा आइपुगेको छ । २०५३ देखि २०६८ सम्मको संख्यात्मक गरिबी वार्षिक २.२ प्रतिशतले घटेको छ र यो दक्षिण एसियाली मुलुकमै तीव्र स्र्पमा घट्नेमा पर्छ । बहुआयामिक गरिबी पनि २०६३ देखि २०७१ सम्ममा आधाले घटेको छ । तीन दशकको निरन्तरको सरकारी लगानीका साथै सामान्य दरको आर्थिक वृद्धि तर गरिबी निवारण तथा जीवनस्तरमा उल्लेख्य सुधारको कारण वैदेशिक रोजगारीमा जानेको बढ्दो स्वस्र्प र विप्रेषण हो । २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि कांग्रेस सरकारले राहदानी वितरणमा उदार र खुकुलो नीति अवलम्बन गरेको थियो । त्यसअघि नियन्त्रित राहदानी वितरण प्रणाली भएकाले सामान्य नागरिकले विदेश जान पाउने र रोजगारी प्राप्त गर्ने विषय निकै दुर्लभ सपनाको स्र्पमा थियो ।

सरकारी लगानी बढाइएका कारण सडक निर्माण, सिँचाइ, खानेपानी तथा सरसफाइका क्षेत्रमा पनि उल्लेखनीय प्रगति हासिल भएका छन् । २०४८ मा करिब ७ हजार किलोमिटर सडक निर्माण भएको थियो भने हाल करिब ८८ हजार किलोमिटर सडक निर्माण भइसकेको छ । निर्मित उक्त सडकमध्ये दुई तिहाइ जति राज्यले स्रोत उपलब्ध गराई स्थानीय निकायले बनाएका र अनुकूल मौसममा मात्र सञ्चालन हुन सक्ने अवस्थामा रहेका छन् । सिँचाइ सुविधा उपयोग भएको कुल खेतीयोग्य जमिन तेब्बरले बढेर १५ लाख हेक्टर पुगेको छ । त्यस्तै, विगत अढाई दशकको अवधिमा शुद्ध तथा गुणस्तरीय खानेपानीमा पहुँच भएका घरपरिवारको संख्या दोब्बरभन्दा बढीले वृद्धि भई ८५ प्रतिशतको पहुँचमा पुगेको छ ।

विगत अढाई दशकको अवधिमा दूरसञ्चारको क्षेत्रमा ठूलो रूपान्तरण भएको छ । यस क्षेत्रमा नयाँ लगानी भित्र्याइएको र पुरानो टेलिग्राफबाट अहिले मोबाइल प्रविधिको आधुनिक आविष्कारले गर्दा यो रूपान्तरण सम्भव हुन सकेको हो । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार २०७४ मा टेलिफोन घनत्व १३०.३ प्रतिशत तथा कुल टेलिफोन तथा मोबाइल प्रयोगकर्ता ३ करोड ७३ लाख पुगेका छन्, जुन कुल जनसंख्याभन्दा पनि बढी हो ।

अर्थतन्त्रका यी सकारात्मक उपलब्धिका बीच आगामी दिनमा निजी तथा सरकारी लगानी बढाई उच्च आर्थिक वृद्धि हासिल गर्ने ठूलो चुनौती छ । अनियमित र छिटपुट टुक्रे नीति कार्यक्रमले विकासको वृद्धिदर कहिलेकाहीँ बढी त देखिन सक्छ तर त्यो दिगो हुन सक्दैन । त्यसैले शान्ति प्रक्रिया सुरू भई हिंसात्मक द्वन्द्वको अन्त्यपछि विगतका सुधार अभियानलाई पुनः निरन्तरता दिन विशेष आर्थिक क्षेत्र, वित्तीय क्षेत्र सुधार तथा श्रम नीतिका क्षेत्रमा नयाँ ऐन पारित गरिएका थिए ।

कमजोरी, विकृति र विसंगति

पछिल्लो समयका गतिविधिले दिगो विकास, आर्थिक वृद्धि तथा रोजगारी सिर्जनाजस्ता बृहत्तर विषयमा सरकार गम्भीर भएको देखिँदैन । श्रम बजारमा प्रवेश गर्नेहरूको संख्या बढिरहेको वर्तमान अवस्थामा तिनलाई रोजगारी सिर्जना गर्न आर्थिक सुधार कार्यक्रमलाई अगाडि बढाएर ठूलो स्तरमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्नुपर्ने हुन्छ । तर, आर्थिक सुधार कार्यक्रमलाई अगाडि बढाउन सरकारको सक्रियता देखिँदैन । यस्ता गम्भीर मुद्दामा भन्दा पनि सरकार सस्तो लोकप्रियता कमाउने राजनीतिक स्वार्थप्रेरित कार्यक्रम ल्याउनेमै रमाएर बसेको देखिन्छ । सम्भाव्यता अध्ययन नै नभएका आयोजनामा खर्च गरेर सार्वजनिक स्रोतको चरम दुरूपयोग गर्ने काम पछिल्ला वर्षमा ठूलो रोगको स्र्पमा विकसित हुँदै गएको छ ।

प्रशासनिक खर्च तीव्र स्र्पमा बढिरहेको छ । सम्भाव्यता अध्ययन नभएका आयोजनामा समेत बजेट राख्ने क्रम बढेकोले विकास बजेट खर्च कम हुने गरेको छ । अझ प्रशासनिकको तुलनामा पुँजीगत खर्च कम देखिन्छ । कुल बजेटमा पुँजीगत खर्च २२ प्रतिशतभन्दा धेरै छैन । त्यसमध्ये पनि खर्च झन् कम हुने गरेको छ । कुल सार्वजनिक खर्चको १५ प्रतिशतमात्र पुँजीगत खर्च भएको छ । जति खर्च भएको छ, त्यो पनि दक्षतापूर्ण र पारदर्शी छैन । योजना छान्दा पनि आफ्ना पार्टीका नेताको नाममा राख्ने मोह बढेको छ । मध्यपहाडी राजमार्ग कांग्रेसको सरकारले सुरू गरेको हो तर पछि एमालेले पुष्पलाल राजमार्ग भनिदियो । नाम राखेर छिटो काम भएको त छैन । त्यस्तै, समयमा आयोजना कार्यान्वयन नहुँदा लागत बढ्ने गरेको छ । माथिल्लो तामाकोसी म अर्थमन्त्री हुँदा नै सुरू भएको थियो । त्यतिबेला ३५ अर्ब मात्र हुने भनिएको उक्त आयोजनाको लागत बढेर अहिले ८० अर्ब रूपैयाँ बढी भइसक्यो । समयमा आयोजनाका काम सम्पन्न गर्न नसक्दा र कतिपय अवस्थामा विकृति बढेका कारण आयोजनाको लागत बढेका यी केही उदाहरण हुन् ।

यसअघिको एमाले सरकारले कुनै

सम्भाव्यता अध्ययनबिनै रेल, पानीजहाजजस्ता ठूला आयोजना निर्माण गर्ने घोषणा गरेको थियो । यसको आर्थिक पक्षको कुनै अध्ययन भएको छैन । देशको तत्काल आवश्यकता के हो, जनताका आधारभूत आवश्यकता पूरा भए कि भएनन्, पहिला त्यतातर्फ हाम्रो ध्यान पुग्नुपर्छ । यातायातकै विकास गर्ने हो भने सबै ठाउँमा सदावहार सडक सेवा पुग्नुपर्छ । राजमार्गको स्तरोन्नति गर्न सके यातायात लागत घट्छ । कृषिको विकास तथा अरु विकासमा पूर्वाधारले सहयोग गर्छ । ठूला योजना ल्याउँदा प्राविधिक र आर्थिक अध्ययन गरेर मात्र अगाडि बढाउनुपर्छ । त्यसले मात्र देशलाई सही ट्र्याकमा अगाडि बढाउन मद्दत पुऱ्याउँछ ।

अर्को विसंगति के भने जथाभावी ऋण लिएर प्रशासनिक खर्च बढाउने काममा सरकार तल्लीन देखिन्छ । २०४८ तिर देशको सार्वजनिक ऋण जीडीपीको ६० प्रतिशत थियो । म पछिल्लो पटक अर्थमन्त्री हुँदा त्यसलाई २५ प्रतिशतमा झारिएको थियो । अहिले फेरि बढेर ३७ प्रतिशतसम्म पुगेको छ । जथाभावी ऋण थप्नुहुँदैन र लिइएको ऋणका साथै अन्य स्रोतको परिचालन दक्षताका साथ हुनुपर्छ । त्यस्तै, राजनीतिक हस्तक्षेपका कारण कर्मचारीतन्त्र जर्जर भइसकेको छ । सम्बन्धित क्षेत्रको विज्ञलाई सो कामको जिम्मा दिने संस्कृति लोप भइसकेको छ । यसले गर्दा नै बजेट कार्यान्वयनमा लक्ष्य भेटिन छाडेको हो । दक्षतापूर्ण ढंगले काम गर्न पेसागत र व्यावसायिक रूपले निपूर्ण जनशक्तिको उपयोग गर्ने संस्कृति र परिपाटीको विकास गर्नुपर्ने टड्कारो खाँचो छ । आफ्नो मान्छे, नभए आफ्नो गुटको र त्यो पनि नभए पार्टीको मान्छेलाई बिनापेसागत दक्षता काम र जिम्मेवारी दिनु सार्वजनिक प्रशासनभित्रको ठूलो विकृति हो र यसमा आगामी दिनमा सुधार गर्नैपर्छ ।

सन् १९९० को दशकमा गिरिजाबाबु प्रधानमन्त्री हुँदा प्रसाशनिक सुधार गरी ठूलो संख्यामा कर्मचारीको दरबन्दी घटाउँदा पनि प्रशासन चुस्त भई उत्पादकत्व बढेको थियो । त्यतिबेला निकै विरोध पनि भएको थियो । तर, सरकारले असल इच्छा राखेर गरेको काम अघि बढेरै छाड्यो । अहिले मुलुक संघीयतामा गएपछि केन्द्र स्तरमा कतिपय कार्यालय र कर्मचारी आवश्यक थिएनन् । अझ सूचना प्रविधिको तीव्र विकास भएको सन्दर्भमा कर्मचारी कटौतीको प्रचुर सम्भावना थियो । अघिल्लो सरकारले पनि सार्वजनिक खर्च पुनरावलोकन आयोग गठेको गरेको थियो र उक्त आयोगले कर्मचारीका साथै खर्च कटौतीका अन्य राम्रा सुझाव सिफारिस गरेको थियो । तर, सरकारले कार्यान्वयनमा ल्याएन । बरू आफ्ना मान्छे भर्ती गर्नतिर अघि बढे । यस्तो संकुचित मानसिकताले मुलुकको सही नेतृत्व गरेको ठहर्दैन र विकास पनि हुँदैन ।

अबको बाटो : नीतिगत सुधार

हामीले त्यसबेला सुरू गरेको र सरकारमा गएका बखत निरन्तर सुधार गरी कार्यान्वयनमा ल्याएका नीतिले सकारात्मक र उल्लेखनीय नतिजा दिएका छन् । सुधार कार्यक्रमले राम्रो नतिजा दिएकै कारण जस्तासुकै घोर वामपन्थी हुन् वा दक्षिणपन्थी, सबैले सरकारमा रहेका बखत उदार नीतिलाई परिवर्तन गर्ने आँट गर्न सकेका छैनन् । बेलाबखत सुधार कार्यक्रमलाई बेवास्ता गरिएको र प्राथमिकतामा नाराखिएकाले अपेक्षित उपलब्धि हासिल गर्न नसकिएको मात्र हो । त्यसैले विगतमा हासिल अर्थतन्त्रका यी सकारात्मक उपलब्धिको रक्षा गर्दै आगामी दिनमा निजी तथा सरकारी लगानी बढाई उच्च आर्थिक वृद्धि हासिल गर्नुपर्ने खाँचो छ । त्यतिबेलाको सुधारले देशमा धेरै परिवर्तन गरे पनि अब दिगो, नियमित विकास र गुणात्मक परिणामका लागि राज्य लागिरहनुपर्छ ।

पछिल्लो समय नेपालमा सरकारी पुँजीगत खर्च अत्यन्तै न्यून अर्थात् जीडीपीको ५ प्रतिशत मात्र रहेको र त्यो पनि दक्षतापूर्ण ढंगले सीमान्त पुँजी प्रतिफल अनुपात उच्च रहेको तथ्यबाट स्पष्ट हुन्छ । विगतको अस्थिर राजनीति र लामो संक्रमणकालका कारण सार्वजनिक प्रशासन र व्यवस्थापन सर्वाधिक कमजोर बन्न पुगेको देखिन्छ । आगामी दिनमा सुशासनमा देखिएको यो खाडल पुर्नु अत्यावश्यक छ । यसका लागि सार्वजनिक सेवाका कर्मचारीको मुख्य जिम्मेवारी पार्टीगत तथा व्यक्तिगत स्वार्थबाट माथि उठेर कमजोर अवस्थामा पुगेको सुशासन र सरकारी खर्चको अव्यवस्थापनलाई सुधार गर्नैपर्ने हुन्छ ।

अहिलेको फरक परिस्थितिमा तत्कालको आवश्यकता कोरोना प्रभाव न्यूनीकरण नै हो । अर्थतन्त्रमा यसको व्यापक नकारात्मक असर छ । तत्कालीन रूपमा पुनरूत्थान भए पनि यसले दीर्घकालीन जिम्मेवारी पनि थप गरेको छ ।

नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने निर्णय भइसकेको छ । सन् २०१५ को भूकम्प तथा अहिले संसारभर फैलिएको कोभिड-१९ को महामारीका कारण सन् २०२६ सम्म अल्पविकसितकै सुविधा पाउने गरी तयारीको समय हामीले पाएका छौं । स्तरोन्नतिका लागि आवश्यक तीनमध्ये दुई पूर्वसर्त हामीले पूरा गरेका छौं । मानव विकास र उत्थानशीलतामा मापदण्ड पूरा गरे पनि प्रतिव्यक्ति आम्दानीको लक्ष्य भेट्याउन सकेका छैनौं । यो आम्दानीको लक्ष्य पूरा नहुँदा पनि स्तरोन्नति सम्भव थियो । तर, हामीले प्राप्त भइरहेका सुविधामा अकस्मात कटौती नहुन् भन्ने उद्देश्यले यसलाई अलि पर सारेका छौं । त्यस्तै, सन् २०३० सम्म दिगो विकासका लक्ष्य पूरा गर्नुपर्ने हुन्छ । यी अन्तर्राष्ट्रिय समुदायमा गरिएका प्रतिबद्धतासँगै हाम्रो आफ्नै मागका लागि पनि अबका आर्थिक कार्यक्रम दिगो आर्थिक विकास लक्षित हुनुपर्छ ।

गरिबी निवारण गर्न सामाजिक क्षेत्रको सुधार आवश्यक छ र यसका लागि ठूलो स्तरमा लगानी चाहिन्छ । नीतिगत सुधार गरी लगानी बढाउने, राष्ट्रको आम्दानी बढाएर गरिबी घटाउने तथा रोजगारी सिर्जना गर्नेतर्फ लाग्नुपर्छ ।

उच्च प्रतिफलका लागि तुलनात्मक लाभ भएका क्षेत्रमा लगानी बढाउनुपर्ने हुन्छ । जैविक तथा भौगोलिक विविधता नेपालको प्राकृतिक वरदानको रूपमा रहेको ठूलो सम्पत्ति छ । यही कारण कृषि, जलस्रोत र पर्यटनको विकासमा ठूलो उन्नति गर्न सक्छौं । मानव निर्मित तथा प्राकृतिक सुन्दरता र सम्पदाका साथै जातीय विविधता र खानपान रहनसहन एवं सांस्कृतिक विविधताका कारणले पर्यटन क्षेत्रको विकासको प्रचुर सम्भावना छ । यसका लागि सरकारले ठोस काम गर्नुपर्छ । ठूल्ठूला तिलस्मी गफ गरेर मात्र हुँदैन । परिणामुखी काम गर्न सक्ने हाम्रो क्षमता, सोच र सीप हुनुपर्छ । आर्थिक तथा सामाजिक सुधारको अबको दायित्व भनेकै यी काम गर्नका लागि चाहिने नीति नियम, कानुन तथा संरचनाको आवश्यकता हो ।

आगामी दिनको मुख्य चुनौती भनेको विगतको आर्थिक सुधारको जगमा नयाँ चरणको आर्थिक सुधार कार्यक्रम कार्यान्वयनको आवश्यकता हो । सन् १९९० को दशकमा जुन सोच, जोस र जाँगरका साथ उद्देश्यमूलक र व्यापक रूपमा सुधार अगाडि बढाइएका थिए, तिनलाई त्यही सोच, जोस, जाँगर र उत्साहका साथ थप अगाडि बढाउनुपर्छ ।

goodlife®

Digestive

WHEAT BISCUITS

Let's get healthy

0g TRANSFAT

RICH SOURCE OF FIBER

NO FLAVOR & ARTIFICIAL COLOR

दोस्रो चरणको आर्थिक सुधारको उपादेयता

सरकारले निजी क्षेत्रलाई सीमित दायित्व निर्वाह गर्ने गरी नीतिगत व्यवस्थाद्वारा जोखिमसँग खेल्न प्रोत्साहन गर्नुपर्छ । साथै, स्वास्थ्य सेवालगायतमा स्तर र मापदण्ड तोकिनुपर्छ भने स्थानीय उत्पादनलाई अनिवार्य सूचीकृत गर्ने व्यवस्था गरिनुपर्छ

रामेश्वर खनाल

वर्तमान आर्थिक परिदृश्य

कोरोना महामारीका कारण नेपालमा गरिबीको रेखामुनि रहेका जनसंख्यामा पनि वृद्धि भएको राष्ट्रिय योजना आयोगको एक अध्ययनले देखाएको छ । केही वर्षअघिदेखि क्रमशः घट्दो क्रममा रहेको बहुआयामिक गरिबीको संख्या विगत डेढ वर्ष महामारीसँगै सुस्ताएको आर्थिक वृद्धिका कारण पनि बढ्न गएको अनुमान छ ।

खोपको व्यवस्थासँगै कोरोनाको दोस्रो लहरको प्रभाव मत्थर हुँदै गएपछि यस आर्थिक वर्षको सुरूआतसँगै मन्दीमा रहेको आन्तरिक पर्यटनलगायत आर्थिक गतिविधिमा देखिएको सुधार उत्साहजनक रहेको छ । यसकारण यस आर्थिक वर्षमा सरकारले घोषणा गरेअनुरूप ७.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न कठिन देखिए पनि ४ प्रतिशतदेखि ४.५ प्रतिशतका बीचमा रहन सक्ने देखिन्छ ।

कोरोनाको तेस्रो लहर नआई हालकै स्थिति रहिरहे मुख्यतया ऊर्जाको आपूर्ति सुधार तथा आन्तरिक पर्यटनको वृद्धिका कारण पनि गरिबी निवारणमा उल्लेखनीय सहयोग पुग्ने देखिन्छ । बाह्य पर्यटकको आगमनले उच्च तहमा आर्थिक गतिविधि वृद्धिमा सघाउ पुऱ्याउँछ भने आन्तरिक पर्यटनले तल्लो तहको गतिविधिमा प्रोत्साहन गर्दछ ।

चालू आर्थिक वर्षको पहिलो दुई महिनामा देखिएको मूल्यवृद्धि, बैंक कर्जा उत्पादनशील क्षेत्रभन्दा आयातमा बढी प्रवाह हुनु, लामो समयसम्म तरलता अभाव रहनु, बैंक तथा वित्तीय संस्थाको पोर्टफोलियोमा सुधार हुन नसक्नु र विदेशी मुद्रा सञ्चितिमा देखिएको बढ्दो चापजस्ता परिसूचकले केही चिन्तित तुल्याउने परिस्थिति सिर्जना भएको छ । अब निर्माणलगायत गतिविधिमा हुने वृद्धिसँगै निर्माण सामग्रीको आयातमा उच्च वृद्धि हुन सक्ने जोखिम उत्तिकै छ । तर, यसको अर्को पाटोमा नेपालको निर्यात वृद्धिको सम्भावना भने न्यून हुँदै गएको छ । गत वर्ष खानेतेल भारततर्फ भएको निकासी वृद्धिले देशलाई वैदेशिक व्यापारबाट केही राहत पुगे पनि यस वर्ष भारतले तेस्रो मुलुकबाट आयातीत खानेतेलको भन्सार दरमा पुनवरालोकन गरेकाले नेपालले उक्त वस्तु व्यापारबाट पाउने लाभमा गिरावट निश्चितप्रायः छ । हालको यस अवस्थामा संकुचित मौद्रिक नीति अवलम्बन गर्नुपर्ने देखिन्छ, तर साथसाथै उक्त नीतिले धितोपत्र बजारलगायत क्षेत्रमा पर्न सक्ने नकारात्मक प्रभावप्रति भने सचेत रहनुपर्ने हुन्छ ।

प्रथम आर्थिक सुधार र त्यसको प्रभावकारिता

प्रथम आर्थिक सुधारको थालनी आर्थिक वर्ष ०४८/४९ देखि भएको हो । राजनीतिक परिवर्तनसँगै आन्तरिकभन्दा बाह्य परिवेशको प्रभावका कारण यो कार्यान्वयनमा आएको थियो । सन् १९८९ मा वासिङ्गटन सन्धिअनुरूप सर्वस्वीकार्य रूपमा बनेको १० वटा आधारभूत विशेषतालाई अंगीकार गर्दै अघि बढाइएको कार्यक्रम हो । जसअन्तर्गत सरकारले जथाभावी ऋण नलिने, उच्च आर्थिक वृद्धिका आधार तयार पार्न स्वास्थ्य र शिक्षालगायत पूर्वाधारमा लगानी बढाउनुपर्ने, कर प्रणालीमा सुधार, बजारमुखी ब्याजदर प्रणालीको कार्यान्वयन, बजारमा आधारित विदेशी विनिमय दर प्रणाली, प्रत्यक्ष वैदेशिक लगानीलाई खुला गर्ने नीति, सरकारले व्यापार क्षेत्रमा गरेका लगानी क्रमशः घटाउँदै निजीकरणलाई प्रोत्साहन गर्ने, आर्थिक वृद्धिका अवरोध न्यूनीकरण तथा निजी सम्पत्तिको

हक प्रत्याभूति गर्नेजस्ता बुँदा समावेश गरिएका छन् ।

नेपालले प्रथम आर्थिक सुधारको थालनीपछि गैरनियमनकारी नीति अंगीकार गर्दै बैंक र बिमा क्षेत्रलाई खुला गऱ्यो । कर प्रणालीमा सुधारको थालनीका साथै चिनी, नुन र मलमाथि दिँदै आएको अनुदान बन्द गरियो । तर, विश्लेषकहरूको भनाइलाई मान्ने हो भने माथि उल्लिखित कार्यबाट नकारात्मक प्रभावस्वरूप निजी क्षेत्रको उल्टै प्रतिस्पर्धी क्षमता घट्न गई औद्योगिक क्षेत्रको विस्तार प्रायः ठप्प हुन पुग्यो । फलस्वरूप मुलुकको आत्मनिर्भर क्षमतामा ह्रास आउनुका साथै असमानता पनि वृद्धि भयो ।

प्रथम चरणको सुरूआती अवस्था २०४८ देखि २०५३ सम्मको परिणाम हेर्ने हो भने फलदायी नै रहेको देखिन्छ । उक्त समयसम्म भारतमा अत्यधिक निर्भर रहेको नेपालको वैदेशिक व्यापारमा विविधीकरण हुनुका साथै अन्य प्रतिफल आउँदै गर्दा माओवादी द्वन्द्व सुरू भयो । यस क्रममा गरिबी निवारण लक्ष्यमा अवरोध आउनुका साथै ऊर्जा आपूर्ति न्यून हुन पुग्यो । यसका बाबजुद पनि आर्थिक संकट भने भएन । एकाध वर्षमा आर्थिक वृद्धिदर त्यति सकारात्मक नरहे पनि नयाँ उद्यमीहरू बजारमा आए । अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूको प्रभुत्व रहेको अर्थतन्त्रलाई स्थानीय सञ्चार साधनहरूले विस्थापन गर्दै गए । तर, ०५३/५४ पछि भने विकृति बढ्दै गए । एकातिर त्यसताकाका निजीकरणको सफलतामाथि लाग्ने गरेको प्रश्नचिह्न त छँदै छ, त्यसबाहेक सीमित व्यक्तिको प्रभावमा बजार एकाधिकार प्रणाली उन्मुख हुन पुग्यो । बजारको प्रतिस्पर्धी क्षमता गुम्यो । उक्त अवस्थाको सिर्जनापछि दोस्रो चरणको आर्थिक सुधारको चर्चा उठ्न सुरू भएको हो ।

प्रथम आर्थिक सुधारमा विसंगतिका कारण

प्रथम चरणको आर्थिक सुधारका कार्यक्रममा अपेक्षाकृत नतिजा प्राप्त हुन नसकेका कारणहरूः

क)वासिङ्गटन सन्धिअनुरूप सर्वस्वीकार्य रूपमा बनेको १० वटा आधारभूत विशेषता सही तरिकाले कार्यान्वयन हुन सकेन । विभिन्न राजनीतिक धार र सोहीअनुरूपका हस्तक्षेपका कारण संस्थागत कमजोरी रहन गई कार्यान्वयन पक्ष अत्यन्तै फितलो रहन गयो ।

ख) नेपालको परिप्रेक्ष्यमा वासिङ्गटन सन्धिका १० वटै बुँदा नै सामयिक थिएनन् भन्ने पनि एकथरी विश्लेषकको बुझाइ छ । यी बुँदामा सामाजिक विभेद न्यून गर्ने, विपन्न वर्गको सम्पत्ति र वित्तीय संसाधनमाथिको हक एवं पहुँच सुनिश्चित गर्नेलगायत गरिबी निवारणका विधि तोकिएका छैनन् । पुँजी, सीप र शिक्षाको अभावमा बजारको प्रतिस्पर्धी क्षमता नभएका कारण बजारले अर्थतन्त्रका स्रोत-साधनलाई उचित ढंगले परिचालित गर्न सकेन र बजार वितरणमुखी बन्न सकेन ।

ग) प्रथम चरणको आर्थिक सुधारका कार्यक्रम सहजै ग्रहण गर्न सक्ने क्षेत्रमा भने छिट्टै परिणाममुखी बन्न पुग्यो । जुन क्षेत्रमा तुलनात्मक रूपमा कठिन थियो, त्यतातिर प्रभावकारी भएन । उदाहरणका लागि बैंकिङ, बिमा, उड्डयनलगायत क्षेत्रमा तीव्र विस्तार सम्भव भयो तर शिक्षा र स्वास्थ्यजस्ता कठिनता भएका र वृद्धि गर्न नसकेका क्षेत्रलाई भने त्यत्तिकै छाडियो ।

दोस्रो चरणको आर्थिक सुधार

मुख्यतयाः ०५३/५४ पछि नै दोस्रो चरणको आर्थिक सुधारको आवश्यकताका सम्बन्धमा चर्चा चल्न थाले पनि हालसम्म यसलाई उचित तरिकाले परिभाषित गरिएको पाइँदैन । आमरूपको बुझाइमा प्रथम चरणको सुधारका कार्यक्रमका विकृति न्यूनीकरण गरेर सबै वर्गमा यसको लाभ वितरण गर्ने र गरिबी निवारणलाई सघाउ पुऱ्याउने नै दोस्रो चरणको आर्थिक सुधार हो भन्ने छ । तर, समग्रमा यसलाई चार वर्गमा वर्गीकृत गर्न सकिन्छ ।

क) पहिलो सुधार कार्यक्रममा बाटो बिराएका वा सुधार हुन नसकेका क्षेत्रलाई उचित दिशामा गतिशील बनाउनेः विगतमा सीमित स्रोत परिचालन गर्न सकिने र सीमित अनुमतिपत्र दिइएका सञ्चार, जलविद्युत् र खानीलगायत क्षेत्रमा नियन्त्रणमुखी नीति अख्तियार गर्दा कतिपयमा कार्टेलजस्ता समस्या देखा पर्न गए । कतिपय खुद्रे नीतिका कारण अफ ट्र्याक भएका उत्पादनका क्षेत्रलाई दोस्रो चरणको आर्थिक सुधार कार्यक्रममार्फत मूल धारमा ल्याउन सकिन्छ । उदाहरणका लागि सार्वजनिक खरिद ऐनको मर्म विपरीत गएर सीमित व्यक्तिको स्वार्थ पूर्ति गर्न नियमावलीमा गर्ने गरिएको कैयौँ पटकको संशोधनजस्ता कार्यलाई निरूत्साहित गर्नुपर्ने आवश्यकता छ ।

ख) बजारको व्यवहार सुधार गर्ने तथा नियमन प्रभावकारी बनाउन नियामक निकायको संरचना र कार्यप्रणालीमा सुधार ल्याउनुपर्नेः प्रथम चरणको सुधारमार्फत बैंक, बिमा र उड्डयनजस्ता सीमित क्षेत्रमा मात्र नियमनको पाटो प्रभावकारी रह्यो भने निजी विद्यालय, अस्पताल, सहकारी, उपभोक्ता अधिकार र कृषकको

बैंक कर्जा उत्पादनशील क्षेत्रभन्दा आयातमा बढी प्रवाह हुनु, लामो समयसम्म तरलता अभाव रहनु, बैंक तथा वित्तीय संस्थाको पोर्टफोलियोमा सुधार हुन नसक्नु र विदेशी मुद्रा सञ्चितिमा देखिएको बढ्दो चापजस्ता परिसूचकले केही चिन्तित तुल्याउने परिस्थिति सिर्जना भएको छ

जीवनयापनसँग सम्बन्धितलगायत अन्य धेरै क्षेत्रका नियमन सुधार अपूरा रहे । यी क्षेत्रमा धेरै आवश्यक संयन्त्र बनाउन बाँकी छ ।

ग) सार्वजनिक संस्थानलगायतका सरकारी निकायका क्षमता अभिवृद्धि नभई बजार विस्तार हुन नसक्नेः

विश्वका अन्य मुलुकको उदाहरणलाई दृष्टिगत गर्दा जुन मुलुकमा सरकारी संस्थाको क्षमता सुधार भएको छ, त्यहाँका विकास कार्यक्रम पनि उचित तबरले अघि बढेका छन् । उदाहरणका लागि लाइबेरिया र सुडानजस्ता मुलुकमा स्रोतको उपलब्धि राम्रो रहे पनि सार्वजनिक निकायको संस्थागत क्षमता राम्रो नहुँदा विकास गतिविधि सही ढंगबाट अघि बढ्न सकेको छैन । यसको ठीक विपरीत सिंगापुरलगायत मुलुकमा सार्वजनिक निकायको संस्थागत विकास भएका कारण आर्थिक विकासको प्रतिफल उचित ढंगबाट प्राप्त भएको छ । मुख्यतयाः खानेपानी, स्वास्थ्य र शिक्षाजस्ता आधारभूत वस्तु तथा सेवा सर्वसुलभ ढंगले न्यूनतम लागतमा उपलब्ध हुनुपर्दछ ।

घ) सबैका लागि सुधार कार्यक्रम लागू हुनुपर्नेः अन्य विविध कुरालाई प्रविष्ट गरे पनि प्रथम चरणको कार्यक्रमले आर्थिक एवं सामाजिक असमानता र विभेदलाई अन्त्य गर्ने कुरालाई उचित सम्बोधन गर्न सकेन । हाल सहरी क्षेत्र र ग्रामीण भेगबीच अवसरको समान वितरण छैन । उदाहरणका लागि सहरी क्षेत्रमा सस्तो ब्याजदर एवं वित्तीय स्रोत-साधनमा सजिलै पहुँच रहेको छ भने ग्रामीण क्षेत्रमा यो अवस्था छैन । यसैगरी वस्तु विनिमय बजारसम्मको पहुँचको हकमा पनि यी दुई क्षेत्रका बीच धेरै असमानता छ । यसको समाधानका लागि अलग-अलग प्याकेजमार्फत वर्ग लक्षित कार्यक्रमलाई अघि बढाएर सबैका लागि सुधारको अवधारणालाई साकार तुल्याउनुपर्छ ।

निजी क्षेत्रलाई यसमा प्रोत्साहन गर्न सरकारको नीतिगत स्पष्टता चाहिन्छ । यसैगरी सरकारलाई संसद्को सहयोग चाहिन्छ । संसद्ले पुराना कानुन संशोधन र नयाँ कानुन निर्माण गर्न अनि सक्रिय भूमिका खेल्नुपर्छ । सरकारले निजी क्षेत्रलाई सीमित दायित्व निर्वाह गर्ने गरी नीतिगत व्यवस्थाद्वारा जोखिमसँग खेल्न प्रोत्साहन गर्नुपर्छ । उदाहरणका लागि व्यावसायिक संस्थाहरूले सुरूमै पुँजी प्रस्तुत गर्नुपर्ने र बैंकबाट कर्जा लिन पनि अचल सम्पत्ति मात्र धितोको रूपमा सकार्ने अवस्थाबाट सहजीकरण गर्नुपर्छ ।

यसका साथै स्वास्थ्य सेवालगायतमा स्तर र मापदण्ड तोकिने व्यवस्था हुनुपर्छ । स्थानीय उत्पादनलाई अनिवार्य सूचीकृत गर्ने व्यवस्था गरिनुपर्छ । हाल प्रविधिको तीव्र विकास एवं विस्तारका कारण कतिपय प्रविधिमा आधारित व्यवसाय कानुन निर्माणभन्दा पनि पहिल्यै बजारमा आइसकेका हुन्छन् । यस्ता व्यवसायलाई सरकारले समुचित स्थान दिनुपर्छ । उदाहरणका लागि पठाओ र अनलाइन व्यापारले सम्बन्धित कानुन निर्माणभन्दा पहिल्यै नेपालमा आफ्नो बजार विस्तार गर्न सफल भएका हुन् । यस्ता प्रकारका व्यवसायलाई कानुन अभावको नाममा सरकारी तबरबाट दुरूत्साहन गरिनुहुन्न ।

कतिपय कानुन बने पनि कार्यान्वयनमा आउन सकेका छैनन् । बजारमा स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन गर्न प्रतिस्पर्धी परिषद्को अवधारणा तयार भएको छ, तर कार्यान्वयनमा आउन सकेको छैन । त्यसैगरी कार्टेल, डम्पिङलगायत प्रतिस्पर्धा विरोधी गतिविधिलाई नियन्त्रण गर्नुपर्ने आवश्यकता छ । सार्वजनिक खर्च व्यवस्थापनमा केही सुधार त भएको छ तर पुँजीगत खर्चको अनुपात बढ्न सकेको छैन ।

दोस्रो चरणको आर्थिक सुधार कार्यक्रमको सुरूआती अवस्थामा करिब ३२ वटा ऐन संसद्मा प्रस्तुत हुने क्रममा अधिकतम स्वीकृत हुन नसकी फिर्ता आए । कानुनकै अभावमा कार्यक्रम कार्यान्वयन हुन नसक्ने र प्रतिफल पनि प्राप्त गर्न नसकिने कारण सुधारको पूरा प्याकेजको रूपमा दोस्रो चरणको कार्यान्वयन गरिनु आवश्यक छ ।

दोस्रो चरणको सुधारमा समेट्नुपर्ने कार्यक्रम

संक्षेपमा भन्नुपर्दा आर्थिक न्याय सुदृढीकरणका लागि दोस्रो चरणको कार्यक्रमको आवश्यकता छ । प्रथम चरणका कार्यक्रममार्फत आर्थिक गतिविधिको संख्यात्मक वृद्धि हुन गई आर्थिक वृद्धिलाई स्थिर त बनायो । तर, अबको अवस्थामा आय वितरण प्रणाली समतामूलक बनाउने र आय असमानता घटाउने नीतिगत व्यवस्थाको खाँचो छ ।

दोस्रो चरणको आर्थिक सुधार र निजी क्षेत्र

दोस्रो चरणको आर्थिक सुधारलाई व्यक्तिगत नभई राष्ट्रिय स्वार्थको रूपमा पहिचान गर्नुपर्ने आवश्यकता छ । निजी क्षेत्रले पेसागत चरित्र ग्रहण गर्न सक्नुपर्छ । व्यक्तिगत नभई समष्टिगत लाभलाई परिस्कृत गर्न सक्नुपर्दछ । समष्टिगत लाभ प्राप्त भए आफ्नो लाभ स्वतः हुन्छ भन्ने तथ्यलाई अंगीकार गरी अघि बढ्न सक्नुपर्दछ ।

निजी क्षेत्रलाई यसमा प्रोत्साहन गर्न सरकारको नीतिगत स्पष्टता चाहिन्छ । यसैगरी सरकारलाई संसद्को सहयोग चाहिन्छ । संसद्ले पुराना कानुन संशोधन र नयाँ कानुन निर्माण गर्न अनि सक्रिय भूमिका खेल्नुपर्छ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

४. खाना पकाउदा सधै भ्न्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।

२. भ्न्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।

३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

सीता राम

गोकुल मिल्कस् काठमाडौं प्रा. लि. का
दुध तथा दुग्धजन्य उत्पादनहरू

स्वस्थ रहन... सीता राम दूध

१००% शुद्ध १००% पौष्टिक

यस उद्योगबाट उत्पादित दूध तथा दूधजन्य पदार्थहरू
तल उल्लेखित स्थानहरूमा उपलब्ध छ।

- भाटभटेनी सुपरस्टोर, महाराजगञ्ज
- भाटभटेनी सुपरस्टोर, नक्साल

सिताराम आउटलेट, कुलेश्वर
फोन नं.: ९८६४४७७१८५, ९८०३०४३९८४

अब दोस्रो चरणको कर सुधार

पारिश्रमिकको पहिलो स्ल्यावमा लाग्ने १ प्रतिशतको सामाजिक सुरक्षा कर व्यक्तिगत आयकरकै अर्को रूप भएको र कुनै छुट नदिई आयको पहिलो स्ल्यावमा कर लगाउने व्यवस्था आयकरको सामान्य सिद्धान्त विपरीत छ । हाल योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था लागू भइसकेको परिप्रेक्ष्यमा सामाजिक सुरक्षा करको औचित्य नभएकाले यसलाई खारेज गरिनुपर्छ

रुप खड्का

भूमिका :

सन् १९९० को दशकमा सुरू भएको आर्थिक उदारीकरणको कार्यक्रमसँगै प्रथम चरणको व्यापक कर सुधार कार्यक्रम पनि लागू गरियो ।

मूल्य अभिवृद्धि कर

प्रथम चरणको कर सुधार कार्यक्रमको मूल तत्वको रूपमा मूल्य अभिवृद्धि कर (मूअक) लागू गरिएको थियो । आन्तरिक स्रोत परिचालनमा दिगोपन ल्याउन नेपाल सरकारले आठौँ पञ्चवर्षीय योजनाभित्र विद्यमान वस्तुगत करलाई समाहित गरी मूअक लगाउने नीति अपनाएको थियो । त्यसपछि आव ०५०/५१ र त्यसपछिका आवहरूमा मूअक लागू गर्ने घोषणा गरिएको थियो । नेपालले २०५४ मंसिर १ गते लागू गरी विश्वमा मूअक लगाउने ११०औँ मुलुक बनेको थियो ।

नेपालमा मूअकलाई आथिक दृष्टिकोणले सक्षम, प्रशासनिक हिसाबले सरल, एकल दर लगाउने, उपयुक्त थ्रेसहोल्डद्वारा साना व्यापारीलाई करको दायरा बाहिर राख्ने र अन्तर्राष्ट्रिय असल अभ्यासअनुसारको कर कट्टी तथा कर फिर्ता व्यवस्था लागू गर्ने नीति अपनाइएको थियो । तर, मूअक लागू गरिएको केही वर्षपछि केही विचलन ल्याइयो । जस्तै, कर छुटको संख्या बढाइयो, सरकारी तथा शान्ति-सुरक्षासम्बन्धी निकायको पैठारी तथा खरिदमा कर छुट दिने व्यवस्था गरियो र मोबाइल फोनलगायतका केही वस्तुमा उठेको मूअक राजस्वको केही हिस्सा सम्बन्धित बिक्रेतालाई फिर्ता दिने व्यवस्थासमेत गरियो ।

दोस्रो चरणको कर सुधार

दोस्रो चरणको कर सुधारअन्तर्गत मूअकअन्तर्गत दिइएका विभिन्न छुटको समीक्षा गरी छुटको संख्या घटाउँदै जानुपर्दछ । मूअक छुट दिने व्यवस्थाले करदाताले विभिन्न निकाय धाउनुपर्ने, अनावश्यक रूपमा समय र साधन खर्चिने, मिलोमतो हुने र राजस्व घट्ने हुन्छ । यदि छुट दिनैपर्ने भए त्यसलाई कर छुटको सूचीमा समावेश गरी स्वतः छुट हुने व्यवस्था गरिनुपर्दछ ।

यसैगरी सरकारी तथा सुरक्षा निकायको पैठारी वा खरिदमा मूअक छुट दिने व्यवस्था सार्वजनिक क्षेत्रको आय र व्ययको यथार्थ जानकारी दिनुपर्ने मान्यता विपरीत भएकाले तिनको पैठारी वा खरिदमा मूअक तिर्न आवश्यक बजेटको व्यवस्था गरी कर छुट दिने व्यवस्था अन्त्य गर्नुपर्दछ ।

विदेशी सहायताअन्तर्गत संचालित आयोजनाले पैठारी गर्ने मेसिनरी, उपकरण तथा अन्य सामग्रीमा मूअक छुट हुने र स्थानीय खरिदमा परियोजनाले पहिले कर तिर्नुपर्ने र पछि आन्तरिक राजस्व विभागबाट कर फिर्ता माग गर्नुपर्ने व्यवस्था छ । यसले पैठारी र स्थानीय खरिदबीच असमानता भएको छ र कर छुट भई पैठारी गरिएका सामान प्रयोगको प्रभावकारी निगरानी (मनिटरिङ) को अभावमा स्थानीय बजारमा विचलन हुने सम्भावना छ । यस्तो अवस्थामा स्वदेशी उद्योगले अस्वस्थ प्रतिस्पर्धाको सामना गर्नुपरेको छ । यसैले परियोजनाको स्थानीय खरिदमा भँ पैठारीमा पनि मूअक लगाउने र सो कर सहज रूपमा समयमै फिर्ता गर्ने व्यवस्था गरिनुपर्दछ ।

यसैगरी करदाताको खरिद तथा पैठारीमा

तिरेको कर कुनै सर्तबिना सहज रूपमा कटाउन पाउने व्यवस्था हुनुपर्छ । साथै, निकासीकर्ताबाहेक अन्य करदाताले तिरेको कर बिक्रीमा असुल गरेको करभन्दा बढी भए बढी भएको रकम आगामी महिनाको कर दायित्वमा मिलान गर्ने र करदाता लगातार चार महिनासम्म कर कट्टीको अवस्थामा रहेमा मात्र बढी भएको कर कट्टी रकम फिर्ता माग गर्न सक्ने व्यवस्थालाई पुनरावलोकन गर्नुपर्छ ।

मूअकको १३ प्रतिशतको एकल दरको निरन्तरता यस करको सबभन्दा सुन्दर पक्ष हो । एकल दरका कारणले लाखौँ लाख साना करदातालाई बिल जारी गर्न, लेखा राख्न, मूअक विवरण तयार गर्न र कर कट्टीको हिसाब गर्न सहज भएको छ । यसका साथै एकल दर भएका कारणले बहुदरमा जस्तो व्यापारीले बढी दर लगाइएको वस्तुमा कम दर लगाई राजस्व चुहावट गर्ने सम्भावना रहेको छैन । मूअकको एकल दरका अनगन्ती फाइदा भएकाले यसलाई चलाउनु हुँदैन ।

अन्तःशुल्क

स्वास्थ्यका लागि हानिकारक, वातावरण बिगार्ने, उपभोक्ताबाहेक अरूमाथि पनि नकारात्मक प्रभाव (नेगेटिभ इक्टरनालिटी) पार्ने तथा सामाजिक लागत बढाउने सूर्तिजन्य वस्तु, मादक पदार्थ, पेट्रोल, डिजेल, सवारीसाधन तथा हल्का पेय पदार्थजस्ता सीमित वस्तु तथा सेवामा लाग्ने अन्तर र्राष्ट्रिय अभ्यासअनुसार नेपालमा पनि प्रथम चरणको कर सुधारको क्रममा अन्तःशुल्क लाग्ने वस्तुको संख्या ५० भन्दा बढीबाट घटाई एक दर्जनभन्दा कम गरिएको थियो । तर, केही वर्षयता कुनै वस्तुमा भन्सारको दर हटाएमा वा घटाएमा त्यसमा अन्तःशुल्क लगाउने वा थप्ने गरिएकाले अन्तःशुल्क नीतिमा विचलन आएको छ । यसरी अहिले अन्तःशुल्क सयौँ वस्तुमा लगाइएको छ । यसो भए पनि अन्तःशुल्क राजस्वको ९० प्रतिशतभन्दा बढी हिस्सा परम्परागत रूपमा अन्तःशुल्कका लागि आएका सीमित वस्तुबाट प्राप्त हुन्छ । हाल अन्तःशुल्कको दायराभित्र रहेका सयौँ वस्तुबाट न उल्लेख्य राजस्व संकलन हुन्छ, न त तिनबाट राजस्व संकलनबाहेकका अन्य कुनै उद्देश्य नै पूर्ति हुन्छन् । अर्कोतर्फ ती वस्तुमा अन्तःशुल्क लागेका कारणले अनावश्यक रूपमा करदाताले कर परिपालन लागत र कर प्रशासनले कर संकलन खर्च बेहोर्नुपर्दछ । यसैले दोस्रो चरणको कर सुधारअन्तर्गत त्यस्ता वस्तुमा लागेको अन्तःशुल्क खारेज गरेर सीमित वस्तु तथा सेवामा मात्र लगाइनुपर्छ ।

हाल पेट्रोल तथा डिजेल आयातमा लागेको सडक मर्मत तथा सुधार दस्तुर र नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा लागेको प्रदूषण नियन्त्रण शुल्कको सट्टा अन्तःशुल्क लगाइनुपर्छ । दूरसञ्चार सेवा दस्तुरलाई अन्तःशुल्कमा परिणत गरिनुपर्छ ।

परम्परागत अन्तःशुल्क प्रशासन भौतिक नियन्त्रणमा आधारित हुन्थ्यो भने आधुनिक अन्तःशुल्क स्वयं निष्कासन प्रणालीमा आधारित हुन्छ । अन्तःशुल्क नियन्त्रण कागजी, विद्युतीय तथा तरल स्टिकरद्वारा कायम गरिन्छ । यस क्रममा उत्पादन/पैठारीदेखि अन्तिम बिक्री बिन्दुसम्म अनुगमन गर्न सकिने स्वचालित सुरक्षा छापसहितको स्टिकर र ट्र्याक एन्ड ट्रेस गर्न सक्ने प्रविधिको प्रयोग बढ्दो छ । पेट्रोलियम पदार्थमा मार्किङको व्यवस्थाले अन्तःशुल्क चुहावट नियन्त्रण मात्र नभई मिसावटको समस्या पनि कम हुने भएकाले यसलाई प्रयोग गर्नेतर्फ पनि विचार गरिनुपर्दछ ।

भन्सार महसुल

परम्परागत रूपमा भन्सार महसुल राजस्व संकलन तथा स्वदेशी उद्योगलाई संरक्षण गर्न लगाइने कर भए पनि हाल यी दुवै मान्यतामा ठूलो परिवर्तन आएको छ । भन्सार महसुल वितरण प्रक्रियाको प्रारम्भमै लगाइन्छ । यसले चोरी निकासी पैठारी, न्यून बिजकीकरण, भन्सार महसुलसमेतको खरिद मूल्यमा व्यापारीले मुनाफा प्रतिशत लगाउने हुँदा भन्सारस्वरूप सरकारले प्राप्त गर्ने राजस्वभन्दा उपभोक्ता मूल्यमा हुने वृद्धि बढी हुने भएकाले आयकर तथा मूल्य अभिवृद्धि करजस्ता बढी सक्षम करको विकास भएपछि राजस्वको दृष्टिकोणले भन्सारमाथिको निर्भरता कम गर्दै जानुपर्ने मान्यता विश्वभर स्थापित भएको छ । सन् १९९० को दशकदेखि विश्वमा उदारीकरण तथा भूमण्डलीकरणको अवधारण फैलिएपछि भन्सारलाई संरक्षणकारीभन्दा पनि व्यापार सहजीकरण गर्ने संयन्त्रको रूपमा प्रयोग गरिन्छ ।

नेपालले पनि प्रथम चरणको कर सुधारअन्तर्गत भन्सार महसुलमा सुधार गरेको थियो । विगतमा भन्सार महसुलको संरचना निकै जटिल थियो । उदाहरणका लागि आर्थिक वर्ष ०४३/४४ सम्म भन्सार महसुलका १ देखि ४६७ प्रतिशतसम्मका ३०० भन्दा बढी दर कायम गरिएका थिए । यी दर वस्तुअनुसार मात्र फरक नभई एउटै वस्तुमा पनि पैठारी गरिने देशको आधारमा भिन्दाभिन्दै दर कायम गरिएका थिए । आर्थिक वर्ष ०४४/४५ देखि भन्सार महसुलको संरचना सुधार गर्ने प्रयास सुरू भयो । त्यस क्रममा भन्सार महसुलका दरको संख्या तथा तह कम गरियो, जसको परिणामस्वरूप आव ०६०/६१ सम्म आइपुग्दा पैठारी महसुलका पाँच दर (५, १०, १५, २५, ४० र ८०) कायम गरिए । तर, आव ०७८/७९ मा सार्क मुलुकबाट हुने पैठारीमा १५ वटा दर र अन्य मुलुकबाट हुने पैठारी महसुलका ८ दर कायम गरिएको छ ।

२०६० मा नेपाल विश्व व्यापार संगठनको १४८औँ सदस्य भएपछि र भन्सार ऐन, २०६४ लागू भएपछि भन्सार मूल्यांकनलगायतका प्रक्रियागत कुरामा थप सुधार गरिएका थिए । भन्सार सुधारको उद्देश्य सिंगो कर प्रणालीलाई पारदर्शी रूपमा लागू गर्ने आधार तयार गर्ने र व्यापार सहजीकरण गरी लागत घटाउने हुनुपर्छ । भन्सारले परम्परागत नियन्त्रणकारी भूमिकाभन्दा सहजकर्ताको रूपमा स्थापित हुँदै जानुपर्छ ।

व्यक्तिगत आयकर

व्यक्तिगत आयकर राजस्व परिचालन तथा सामाजिक न्याय कायम गर्ने उद्देश्यले लगाइने हुँदा विभिन्न स्ल्यावमा विभाजन गरेर पहिलो स्ल्यावलाई कर छुट दिई माथिल्लो तहका आयमा प्रगतिशील दरले कर लगाइन्छ । यही मान्यताअनुरूप सन् १९७० को दशकसम्म विभिन्न देशमा यस करका दरको संख्या धेरै र तह निकै उच्च थियो । नेपालमा व्यक्तिगत आयकरको अधिकतम दर आव ०३२/३३ मा ६० प्रतिशत थियो भने यो करका दरको संख्या सबभन्दा धेरै (१२ वटा दर) आव ०२१/२२ मा थियो ।

व्यक्तिगत आयकरको दर उच्च र संख्या धेरै भएका कारण करदाता कर छल्न खोज्ने तथा कर संकलन खर्च बढी हुने अनुभवले देखायो । बढी दरले काम गर्ने तथा लगानी गर्ने प्रवृत्तिलाई हतोत्साहित गरेको सन् १९८० को दशकदेखि यस करका दरको संख्या तथा तहमा कटौती गर्ने लहर विश्वभर फैलियो ।

नेपालमा पनि आव ०४९/५० मा व्यक्तिगत आयकरको अधिकतम सीमान्त दर ४० प्रतिशत कायम गरियो । आव ०५५/५६ देखि आयकरका दरको संख्याका साथै तहमा पनि ठूलो कटौती गरी करका १५ र २५ प्रतिशतका दुई दर मात्र कायम गरिए ।

तर, दुई/तीन वर्षमा व्यक्तिगत आयकर सुधारको गति उल्टियो र यो करका दरको संख्या तथा तह दुवैमा वृद्धि गरियो । यसको

परिणामस्वरूप हाल नेपालमा व्यक्तिगत आयकरका १०, २०, ३० र ३६ प्रतिशत गरी ४ दर छन् । पारिश्रमिक आयको पहिलो स्ल्याव ४ लाखमा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर लाग्छ ।

यस किसिमको दरको संरचनाका केही सीमितता छन् । उदाहरणका लागि पारिश्रमिकको पहिलो स्ल्यावमा लाग्ने १ प्रतिशतको सामाजिक सुरक्षा कर व्यक्तिगत आयकरकै अर्को रूप भएको र कुनै छुट नदिई आयको पहिलो स्ल्यावमा कर लगाउने व्यवस्था आयकरको सामान्य सिद्धान्त विपरीत छ । यसका साथै हाल योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था लागू भइसकेको परिप्रेक्ष्यमा सामाजिक सुरक्षा करको औचित्य नभएकाले यसलाई खारेज गरिनुपर्दछ ।

व्यक्तिगत आयकरको वास्तविक भार कति छ भन्ने कुरा यस करका सीमान्त दरले मात्र नभई करको प्रयोजनका लागि दिइएको आधारभूत छुट, आयका ब्राकेटको संख्या तथा मात्रा, छुट वा सुविधा र सरचार्ज भए त्यसको प्रतिशतमा पनि निर्भर रहन्छ । यी विभिन्न तत्वको आधारमा व्यक्तिगत आयकरको प्रभावकारी दरको हिसाब गर्दा दक्षिण एसियामै व्यक्तिगत आयकरको भार सबभन्दा उच्च नेपालमा छ ।

भारत, पाकिस्तान, बंगलादेशजस्ता ठूला अर्थतन्त्रको तुलनामा भूपरिवेष्ठित मुलुक नेपालको सानो तथा बढी लागतिलो अर्थतन्त्रमा आयकरको बढी भार हुनु समृद्धि उन्मुख कर प्रणाली स्थापना गर्न उपयुक्त छैन । नेपालको व्यक्तिगत आयकरको भार छिमकी मुलुकको तुलनामा बढी नहुने गरेर कायम गर्नुपर्छ ।

संस्थागत आयकर

संस्थागत आयकर कम्पनी, संस्थान, साझेदारीजस्ता कानुनी व्यक्तिमा लाग्ने कर हो र यस करलाई समदरले लगाउने सामान्य प्रचलन छ । सन् १९८० को दशकको मध्यान्तरपछि संस्थागत आयकरमा विभिन्न किसिमका छुट तथा सुविधा कटाएर करको आधार विस्तार गरी करका दरमा व्यापक कटौती गर्ने प्रचलन विश्वभर फैलिएको थियो ।

नेपालले पनि प्रथम चरणको कर सुधार लागू गरेसँगै संस्थागत आयकरलाई पूर्ण रूपमा स्वयंकर निर्धारणको सिद्धान्तअन्तर्गत सञ्चालन गर्ने नीति अपनाएको थियो । आयकर ऐन, २०५८ ले आयकर व्यवस्थामा अन्तर्राष्ट्रिय जगत्मा विकसित भएका नवीनतम अवधारणालाई समेटेको थियो । यसले गर्दा एनसेलको जस्तो विवादित कारोबारमा कर लगाउन सकिने कानुनी आधार सिर्जना भएको थियो ।

संस्थागत आय करको दरमा कटौती गर्ने क्रममा बैंक तथा वित्तीय संस्थाका लागि ३० प्रतिशत र अन्यका लागि २५ प्रतिशतको कायम गरिएको थियो । तर, हालैका वर्षमा संस्थागत आयकरको ३० प्रतिशतको दर बैंक तथा वित्तीय संस्थाका अतिरिक्त सामान्य बिमा व्यवसाय, पुँजी बजार, दूरसञ्चार र इन्टरनेट सेवा, सूर्तिजन्य वस्तु, मदिरा तथा पेट्रोलियम व्यवसायमा विस्तार गरियो । यो कर सुधारको क्रममा आयकरका दरको तह घटाउँदै जानुपर्ने नीतिको विपरीत थियो ।

अर्कोतर्फ सहकारी संस्थाको आयमा स्थानानुसार ५ देखि १० प्रतिशत र सार्वजनिक गुठीअन्तर्गत दर्ता भई सञ्चालित विद्यालय, महाविद्यालयको आयमा २० प्रतिशतले संस्थागत आयकर लगाउने व्यवस्था छ ।

संस्थागत आय करलाई लगानीमैत्री तथा समृद्ध मुलुक बनाउन खर्च कट्टी गर्ने, ह्रास कट्टी तथा घाटा समायोजन गर्ने व्यवस्थालाई बढी उदार बनाइनुपर्दछ । यस सन्दर्भमा मिलमेसिनरी आदिमा गरिएको लगानी तुरून्त कट्टी गर्ने, अनुसन्धान तथा विकासमा गरिएको खर्चको १५० प्रतिशतसम्मको रकम कट्टी गर्ने र घाटा समायोजन गर्न पाउने अवधि लम्ब्याउनेजस्ता उपाय अपनाउनुपर्छ । बहुराष्ट्रिय कम्पनीले विभिन्न देशको कर कानुनमा रहेका छिद्र प्रयोग गरी ठूलो मात्रामा राजस्व चुहावट गर्ने प्रवृत्तिलाई रोक्न तिनको डिजिटल कारोबारमा कर लगाउने, कर छल्ने किसिमले गरिने ब्याज कटौतीको सीमा निर्धारण गर्ने, दोहोरो कर मुक्ति सम्झौताका सुविधो दुरूपयोग रोक्ने, विदेशी स्थायी संस्थापन, नियन्त्रित विदेशी निकायहरु र ट्रान्सफर प्राइसिङसम्बन्धी प्रावधानलाई बलियो बनाउनेजस्ता प्रावधान प्रयोग गरी संस्थागत कर र राजस्व परिचालन बढाउने नीति अपनाउनुपर्छ ।

कर खर्च

मुलुकको आर्थिक तथा सामाजिक विकास गर्न प्रत्यक्ष सार्वजनिक खर्चको सट्टा कर छुट तथा सुविधा दिइन्छ । यसबाट सरकारले राजस्व गुमाउने हुँदा त्यसलाई कर खर्च भन्ने गरिन्छ । राम्रो वित्त व्यवस्थापनको हिसाबले विभिन्न मुलुकमा प्रत्यक्ष खर्चझैँ कर खर्चलाई बजेट प्रक्रियामा समावेश गरिन्छ ।

तर, नेपालमा अनगन्ती कर सुविधा प्रदान गरिए पनि त्यसबाट गुमेको राजस्वको आँकलन गरेर सार्वजनिक गर्ने व्यवस्था छैन । यसले गर्दा राजनीतिज्ञ, प्रशासक, व्यापारी वा बिचौलियाको मिलेमतोमा कर सुविधाको दुरूपयोग हुने सम्भावना छ । यस्तो स्थिति हटाउन कर सुविधाबाट गुमेको राजस्व आँकलन गरेर बजेटसँगै संसद्मा पेस गर्नुपर्ने व्यवस्था लागू गरिनुपर्छ ।

प्रादेशिक तथा स्थानीय कर

मुलुक संघीयतामा रूपान्तरित भएपछि संघ, प्रदेश तथा स्थानीय तीनै तहका सरकारलाई विभिन्न कर लगाउने अधिकार प्राप्त भएको छ । संघले भन्सार महसुल, मूअक, अन्तःशुल्क, व्यक्तिगत आयकर र संस्थागत आयकरजस्ता कर लगाउने अधिकार पाएको छ । प्रदेशलाई कृषिमा आयकर, घर-जग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर तथा विज्ञापन कर र स्थानीय तहलाई सम्पत्ति कर, भूमि कर (मालपोत), घर-जग्गा रजिस्ट्रेसन शुल्क, घर वहाल कर, सवारीसाधन कर, मनोरञ्जन कर, व्यवसाय कर तथा विज्ञापन कर लगाउने अधिकार दिइएको छ ।

स्थानीय तहका लागि छुट्याइएका करमध्ये घरजग्गाजस्तो अचल सम्पत्तिमा लाग्ने सम्पत्ति कर र भूमि कर (मालपोत) सैद्धान्तिक तथा अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा स्थानीय तहका लागि अति उत्तम कर हुन् । यी कराई स्थानीय सरकारको राजस्वको मूल स्रोतको रूपमा विकसित गर्दै जानुपर्दछ ।

अचल सम्पत्तिको स्वामित्व हस्तान्तरण भएबापत लगाइने घरजग्गा रजिस्ट्रेसन दस्तुरको चर्को दरका कारण घरजग्गाको मूल्य कम देखाई कम कर तिर्ने स्थिति छ । अर्कोतर्फ चर्को दरले अचल सम्पत्तिको खरिद बिक्रीलाई निरूत्साहित गरेर साधनको उच्चतम प्रयोग हुन नदिई बजारमा आर्थिक अक्षमता निम्त्याउँछ । यसैले यस्ता करको दरलाई घटाउनुपर्छ ।

नेपालको संविधानले घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, तथा विज्ञापन कर लगाउने अधिकार प्रदेश तथा स्थानीय तह दुवैलाई दिएको छ । यसरी एउटै आधारमा विभिन्न तहले विभिन्न कर लगाउँदा करको भार धेरै हुने, कर परिपालन लागत बढ्ने, स्थानीय तह र प्रदेशको कर संकलन खर्च धेरै हुनेजस्ता समस्या आउँछन् । त्यसैले करको सैद्धान्तिक मान्यता तथा अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार कुन कर कुन तहमा लगाउँदा आर्थिक तथा प्रशासनिक सक्षमताको हिसाबले उपयुक्त हुन्छ भनेर यकिन गरी एउटा आधारमा एउटा कर मात्र लगाउने व्यवस्था गरिनुपर्छ ।

कर कानुनी

प्रथम चरणको कर सुधारअनुसार अपनाइएका कर नीतिलाई कानुनी भाषमा उतार्न मुलुकमा मूअक ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तःशुल्क ऐन, २०५८ र भन्सार ऐन, २०६४ लागू गरिएका थिए । मूअक, अन्तःशुल्क तथा आयकरसम्बन्धी दर्ता हुनेदेखि बक्यौता असुलीसम्मका मूल प्रावधान र ब्याज, दण्ड, जरिवाना, प्रशासकीय पुनरावलोकन तथा पुनरावेदनजस्ता सहायक प्रावधान उस्तै-उस्तै हुने भएकाले ती प्रावधानलाई करअनुसारका विभिन्न ऐनमा छरिएर राख्नुको सट्टा दोस्रो चरणको कर सुधारअन्तर्गत एकल कर संहितामा समाहित गरिनुपर्दछ । यस सन्दर्भमा एकल कर संहिताको प्रारम्भिक मस्यौदा तयार भइरहेको छ ।

राजस्व प्रशासन

कर नीतिलाई सरल र स्पष्ट कानुनी भाषामा ढालिसकेपछि त्यसलाई सही किसिमले रूपान्तरण गर्न सक्ने सक्षम, सबल तथा सकारात्मक कर्मचारीतन्त्रको विकास गर्नुपर्छ । सूचना प्रविधि क्षेत्रमा भएको विकासको उच्चतम प्रयोग गरी सबै तहका करदाता करमा दर्ता हुने, कर विवरण पेस गर्ने, कर तिर्नेजस्ता करसम्बन्धी सबै काम पूर्ण रूपमा विद्युतीय माध्यमबाट गर्ने व्यवस्था गरिनुपर्छ ।

आगामी बाटो

प्रथम चरणको कर सुधारका क्रममा नेपालमा स्थापित भएको कर प्रणाली विश्वकै विकासशील मुलुकको कर प्रणालीको दाँजोमा राम्रो मानिन्छ । अन्तर्राष्ट्रिय जगत्मा हाम्रो कर सुधार प्रयासलाई 'नेपाली आफैंले गरेको कर सुधार' (होमग्रोन रिफर्म) भन्ने गरिन्छ । करको तर्जुमा राम्रो भएको मात्र होइन, कार्यान्वयन पनि प्रभावकारी भएको छ । यो तथ्य विगत दुई दशकमा लामो जनयुद्ध, महाभूकम्प तथा कोरोना कहर हुँदा पनि राजस्व परिचालन औसतमा वार्षिक १५-२० प्रतिशतले वृद्धि हुनुले स्पष्ट पार्छ ।

दोस्रो चरणको कर सुधारले कर प्रिमियम क्षेत्रमा करको भार थप गर्नुको सट्टा कर छुट क्षेत्रलाई कर प्रिमियम क्षेत्रमा रूपान्तरित गर्ने कुरामा जोड दिनुपर्दछ । यदि कुनै क्षेत्रबाट प्राप्त हुने राजस्वको कुल राजस्वसँगको अनुपात त्यस क्षेत्रको मूल्य अभिवृद्धिको कुल गार्हस्थ उत्पादनसँगको अनुपातभन्दा बढी छ भने त्यस्तो क्षेत्र कर प्रिमियम क्षेत्र हो । कुनै क्षेत्रबाट प्राप्त हुने राजस्वको कुल राजस्वसँगको अनुपात त्यस क्षेत्रको मूल्य अभिवृद्धिको कुल गार्हस्थ उत्पादनसँगको अनुपातभन्दा कम छ भने त्यस्तो क्षेत्र कर छुट क्षेत्र हो । यतिखेर कर छुट क्षेत्रलाई कर प्रिमियम क्षेत्रमा रूपान्तरित गर्ने प्रयास हुनुपर्दछ र कुल राजस्वमा आन्तरिक आर्थिक क्रियाकलापबाट संकलन हुने राजस्वको सापेक्षित महत्व बढाउँदै जानुपर्दछ ।

Best wishes from

QUEST
PHARMACEUTICALS PVT. LTD.

Paving a way for a healthier nation with

CARDIAC | ANTI-DIABETIC | DERMA | GENERAL MEDICINES

Our Vision

Self sufficiency, Innovating for a healthier future, Committed to cater to the growing healthcare needs of the nation with excellence in quality & economy.

Corporate Office:
P.O. Box No. 89, Adarshnagar, Birgunj, Nepal
Tel. : +977-51- 418235, 418177
E-mail: quest.brj@quest.com.np

Marketing Office:
Daan Sadan, Teku, Kathmandu, Nepal
Tel. : +977-1-4240304, 5339296
E-mail: quest.ktm@quest.com.np

Factory:
Chhatapipara, Bara, Nepal
Tel. : +977-51-580172, 580186
E-mail: quest.factory@quest.com.np

Visit us at : www.quest.com.np

Authorised Sole Distributor

JAGDAMBA MOTORS

TOLL FREE NO. 1660 013 1337 Hotline No.: 9802071103

Jagdamba Motors-TVS www.tvsnepal.com

For Enquiry: 9802071348, 9802071020, 9802071016, 9802071011, 9802071019, 9802071118, 9802071144, 9802071206, 9802072942, 9802310401, 9802311200, 9802071133, 9802071122, 9802071279, 9802072046

TVS साथ छ हामो

आर्थिक सुधारका लागि आगामी कदम

कृषि तथा पूर्वाधारको विकास नहुनु र नियामक संयन्त्र राम्ररी नचल्दा हामीले पहिलो चरणको सुधारमा अपेक्षित उपलब्धि हासिल गर्न नसकेकै हौँ

डा. शंकरप्रसाद शर्मा

सन् १९९० ताका संसारभरि नै आर्थिक सुधारको लहर चलेको थियो । त्यो भनेको अर्थतन्त्रलाई उदार बनाउनुपर्‍यो, सरकारले धान्न नसक्ने सार्वजनिक संस्थानलाई निजीकरण गर्नुपर्‍यो र निजी क्षेत्रको सहभागिता र लगानी बढाउनुपर्‍यो भन्ने हो । देश पञ्चायतबाट विस्तारै बहुदलीय व्यवस्थामा रूपान्तरण हुँदै थियो । यही समय विकास साझेदार निकायको सहयोगमा ' आर्थिक उदारीकरण' परियोजना पनि सुरू भयो । सँगसँगै नयाँ सरकार आयो र आठौँ पञ्चवर्षीय योजना कार्यान्वयनमा गयो । यी गतिविधिले आर्थिक उदारीकरणलाई अगाडि बढाएको थियो ।

उदारीकरणको सुरूआत र अभ्यास

नियन्त्रण भइरहेको ठाउँमा लगानी सीमित हुन्छ । मान्छेहरूले आफ्ना नयाँ-नयाँ आइडिया तथा विचार अगाडि ल्याउन सक्दैनन् । अलिकति खुलापन गरिदियो भने मान्छेहरूले आफूसँग भएको रकम लगानी गर्न पाउँछन् । नयाँ विचारको प्रस्फुटन हुन्छ भनेरै उदारीकरण अगाडि आएको हो । नेपालको सन्दर्भमा त विदेशी लगानी आउला भन्ने अपेक्षा थियो ।

त्यो चरणको सुधारको कुरा गर्दा लाइसेन्स (अनुमतिपत्र) को एकाधिकार खारेज भयो । मूल्य अभिवृद्धि कर (भ्याट), अन्य करलगायत वित्तीय उपकरणमा सुधार भयो । भन्सार महसुल कम गरियो । यसबाट आयातीत वस्तु तथा कच्चा पदार्थ सस्तो होस्, उद्योगलाई समेत सहयोग पुगोस् भन्ने थियो ।

यसैगरी आयात-निर्यातका लागि चाहिने वैदेशिक मुद्रालाई खुला गरिएको थियो । यी सबै कारणले देशमा विदेशी लगानी भित्रियो । निर्यात पनि बढ्यो । गैरकृषि क्षेत्रको वृद्धिदर बढेर गयो । कृषिमा भने अपेक्षित भएन । कारण के थियो भने १९७०-८० को दशकमा जंगल फँडानी गरेर उत्पादन बढी भएको थियो । सन् ९० पछि जंगल फँडानी गर्ने कुरा इतिहास भयो । त्यो बन्द नै भयो । त्यतिबेलाकै दरमा जंगल फँडानी हुने हो भने नेपालमा कुनै पनि रूख बाँकी रहँदैनन् भन्ने अध्ययन पनि आयो । यद्यपि गैरकृषि क्षेत्रमा द्रुत गतिको वृद्धि भएको हो ।

३० वटा जति सार्वजनिक संस्थान निजीकरण गरियो । सार्वजनिक संस्थान सरकारसँग हुँदा राजनीतिक हस्तक्षेप भइरहने, लगानी बढ्न नसक्ने र निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न नसक्नेजस्ता कारणले निजीकरण गरियो । यसबाट यस्ता संस्थानले खुला प्रतिस्पर्धा गर्न सक्ने र बजार मूल्य बढाउन सक्ने अवस्था सिर्जना हुन्छ । यी कारणले पहिलो चरणको आर्थिक सुधारको काम निकै सफल भयो । त्यतिबेलाको भ्याट प्रणाली अहिलेसम्म लागू भइरहेको छ । यसले नै राजस्वको एउटा ठूलो आधार तयार गरेको मान्नुपर्छ । हुन त, त्यसको कार्यान्वयनमा अझै समस्या छ ।

विकसित देशहरूको अध्ययन गर्‍यौँ भने अर्थव्यवस्था नयाँ ढाँचामा गइसके पनि ६-७ वर्षसम्म पुरानै असर देखिँदो रहेछ । यसलाई 'ट्र्याक' मा ल्याउन नियामक संयन्त्र बनाउन अलि बढी प्रयत्न गर्नुपर्छ । निजीकरणको कुरा गर्दा अस्वस्थ प्रतिस्पर्धाले गुणस्तरमा कमी ल्याउँछ । हामीले नियामक क्षेत्रमा राम्रोसँग काम गर्न सकेनौँ । निजी क्षेत्र र उसको उत्पादनको गुणस्तर जाँच्नैपर्छ । जस्तै, अहिले नेपाल टेलिकम र एनसेल टेलिकम क्षेत्रमा मुख्य प्रतिस्पर्धी छन् । ती मिलेर काम गरे भने यहाँ जे पनि गर्न सक्छन् । तर, तिनलाई

नियमन गर्ने दरिलो स्वतन्त्र र सबल निकाय अहिलेसम्म बन्न सकेको छैन । पहिलो चरणको सुधारमा पर्याप्त पूर्वाधार निर्माण हुन सकेनन् । त्यतिबेलै पूर्वाधारमा ३-४ वटा कुरा गरिएको थियो । उदाहरणका लागि द्रुतमार्ग (फास्ट ट्र्याक) जस्ता ठूलो परियोजना निर्माण । भारतको कोलकाता बन्दरगाहालाई पनि सुधार गर्नुपर्छ भनेर विश्व बैंकलगायतको कुरा आएको थियो ।

हामीले गर्न सक्ने, एकीकृत चेक प्वाइन्ट, भन्सार प्रक्रिया, सुक्खा बन्दरगाहा थिए, जुन अहिले बल्ल सुरू भएका छन् । यी काम भए पनि व्यापारको लागत घट्छ भन्ने थियो । केही लागू भए तर फास्ट ट्र्याक, औद्योगिक हब कुनै पनि बन्न सकेनन् । हाम्रो कच्चा पदार्थ कृषिसँग सम्बन्धित उत्पादन हुन् । यीसँग सम्बन्धित कुरामा हामीले कहीँ सुधार गर्न सकेनौँ । दीर्घकालीन कृषि योजना' आयो, लागू हुन सकेन । अहिले 'कृषि विकास रणनीति' आएको छ । त्यो पनि त्यति सफलताका साथ लागू भइरहेको छैन ।

अहिले पनि २१ प्रतिशत खेतीयोग्य जमिनमा मात्र वर्षैभरि सिँचाइ पुग्छ । बिउबिजनको सन्दर्भमा ९ देखि १८ प्रतिशतसम्म नयाँ बिउ राख्न सकेका छौँ । बजारीकणको कुरा गर्दा अझै पर्याप्त पूर्वाधार बनेका छैनन् । क्वारेन्टाइन सर्टिफिकेसन क्वालिटीमा पनि समस्या छ । उत्पादित वस्तु भारत वा तेस्रो मुलुकमा पठाउनुपर्दा प्रमाणपत्र खोजिन्छ । तर, यसमा हामी चुकिरहेका छौँ । विशेष आर्थिक क्षेत्र (सेज) मा पनि अगाडि बढ्न सकेनौँ । यसका लागि जग्गा खोजियो, भवन निर्माण गरियो । नीति नियम पनि बनाइयो । तर, लगानीकर्तालाई आकर्षित गर्न सकिएन ।

यसको अर्थ ऐन-कानुन, नियम त्यति लगानीमैत्री रहेनछ भन्ने देखियो । हामी भारतसँग प्रतिस्पर्धा गर्न सक्दा रहेनछौँ भन्ने देखिएको छ । अर्कोतर्फ प्रशासनिक झन्झट अझै पनि हटेन । प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) सम्बन्धी नीति आयो तर प्रशासनिक झन्झटमा सुधार आएन ।

सरकारले उद्योगलाई बत्ती, बाटो दिन्छु भनेको दिन सकेन । बल्ल अलिअलि सुरू भएको छ, लामो समयपछि होड्सी सिमेन्टले ग्रिडको बिजुली पायो । कृषि तथा पूर्वाधारको विकास नहुनु, नियामक संयन्त्र राम्रो नहुनुले हामीले पहिलो चरणको सुधारमा अपेक्षित उपलब्धि हासिल गर्न सकेनौँ ।

हामी चार/पाँच वटा क्षेत्रमा अलि बढी नै चुक्यौँ । बंगलादेशसँग तुलना गरेर हेर्दा उसले ५० प्रतिशत खेतीयोग्य भूमिमा वर्षैभरि सिँचाइ

भारतमा विदेशी लगानीका लागि एउटा "अटोमेटिक रुट" छ । धेरै कुराहरू गर्न अहिले त्यहाँको रिजर्भ बैंकमा जानुपर्दैन । त्यो अटोमेटिक रुटमा दर्ता गरेपछि कुनै पनि निकायले विदेशी लगानी सञ्चालन गर्न पाउँछ ।

पुऱ्याएको छ । तयारी पोसाक अर्थात् गार्मेन्ट उद्योगमा विदेशी लगानी ल्याएर उत्पादन धेरै नै माथि लग्यो । तयारी पोसाकमा त उसले क्रान्ति नै गऱ्यो । औषधीजन्य उत्पादनमा आफू आत्मनिर्भर भएर निर्यात गर्न थाल्यो । सूचना प्रविधिमा नेपालभन्दा धेरै पछि भन्ने सोचिएको थियो तर यसमा क्रान्ति नै गरेर लग्यो ।

हामीले गर्न सक्ने भनेको पर्यटनमा थियो । यसमा पनि पूर्वाधार र प्रचार-प्रचार पुगेन । लुम्बिनीमै देवदह, रामग्राम, तिलौराकोटजस्ता क्षेत्रमा ३/४ दिन घुमाउन सक्ने बनाउन सक्थ्यौँ । राराजस्तो लोकप्रिय ठाउँमा पुग्ने गतिलो बाटो नै छैन । जबकि कम्बोडियाको एंकरबाट हेर्नलाई वर्षमा २७ लाख मान्छे जान्छन् । त्यस्ता चीज त हाम्रा कति छन् कति ।

ऊर्जा तथा जलविद्युत्मा हाम्रो आन्तरिक माग पुगेको थिएन । बल्ल-बल्ल लोडसेडिङ समाप्त भयो । अब निर्यातको सुरूआत गरेका छौँ । निर्यात राम्रोसँग गर्न सकियो भने व्यापार घाटा कम गर्न सहयोग गर्छ । अरु क्षेत्र त विकास गर्न सकेनौँ । यसो हुनुमा राजनीतिक अस्थिरता, दृष्टिकोणको कमी र प्राथमिकता कम देखियो ।

पहिलो चरणका कमजोरी

पहिलो त, पूर्वाधार निर्माण हो । जुन-जुन हाम्रा औद्योगिक हब हुन्, तिनलाई भन्सारसम्म र उत्पादनको क्षेत्रसम्म जोड्न सक्नुपर्ने हो । उद्योगधन्दालाई बाटोघाटो, पानी, बत्तीको सुविधा दिनुपर्ने । त्यसमा हामी चुकेकै छौँ । दोस्रो, प्रशासनतन्त्रको अवरोध नै हो । उदारीकरणले मुख्य-मुख्य कुरामा बोल्यो । कर, भन्सार महसुल घटाइदियो । भ्याट लगाइदियो, लाइसेन्स चाहिँदैन भनिदियो । तर, कर्मचारीतन्त्रको अवरोध उस्तै रह्यो ।

उदाहरणका लागि प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) मा लगानीकर्ताले तीन वटा कुरालाई मुख्य समस्या मानेका छन् । पहिलो, दर्ता प्रक्रिया (प्रवेश), दोस्रो, नाफा फिर्ता लैजाने र तेस्रो, मजदुर समस्या । नियामक संयन्त्र पनि सहजीकरण गर्नेभन्दा दुःख दिने भइरहेको छ । कर्मचारी फाइलमा हस्ताक्षर गर्ने हुँदा सुरक्षित हुन खोज्ने नै भए । जोखिम नलिने भए । राजनीतिज्ञले त्यो बुझ्न सकेनन् ।

भारतमा विदेशी लगानीका लागि एउटा 'अटोमेटिक रूट' छ । धेरै कुराहरू गर्न अहिले त्यहाँको रिजर्भ बैंकमा जानुपर्दैन । त्यो अटोमेटिक रूटमा दर्ता गरेपछि कुनै पनि निकायले विदेशी लगानी सञ्चालन गर्न पाउँछ । नेपालमा त्यस्तो छैन । हुन त, ७ दिन वा १५ दिनभित्र काम गर्ने भनेर लेखिएको त हुन्छ । तर, त्यहाँभित्र पसेपछि १० वटा प्रमाण र कागज माग्न थालिन्छ ।

विद्युत् ऐनकै कुरा गरौँ । दशकौँपछि अहिले बल्ल राष्ट्रिय सभामा पुगेको छ । यसअघि तीन पटकसम्म संविधानसभामा पुगेर फर्क्यो । हो, कर्मचारीले काम गरेर त्यहाँसम्म पुऱ्याए तर उनीहरूले पनि राजनीतिज्ञलाई राम्रोसँग बुझाउन सकेनन् । यही कारण, लामो समयसम्म यो ऐन आउन सकेन । ऊर्जामन्त्रीले यो ऐन ल्याउन नेतृत्व लिनुपर्छ ।

कर्मचारीतन्त्रीय अवरोधको निकास

कर्मचारीतन्त्रभित्रको अवरोध हटाउन राजनीति गर्ने व्यक्तिले वैकल्पिक क्षेत्रको कुरा सुन्नुपर्छ । सरकारभन्दा बाहिरको संयन्त्र वा विषयविज्ञ वा अर्थशास्त्रीका विचारलाई मनन गर्नुपर्छ ।

भनौँ न, ९० को दशकतिर एक खालको डर थियो । महसुल घटाएपछि राजस्व नै आउँदैन कि ? तलब खान दिनै सकिँदैन भन्ने थियो । तर, त्यस्तो भएन । राजनीतिज्ञले निर्णय गर्नुपऱ्यो । जिम्मेवार र उत्तरदायी भएपछि गरेको मिलेन भने पद छाड्न पनि सक्नुपऱ्यो । त्यस्तो खालको प्रवृत्ति हामीमा विकास हुनै सकेन ।

सुधारको अपरिहार्यता

दोस्रो चरणको सुधार अब ढिलो भइसक्यो । यो भनेको हाम्रो औद्योगिक करिडोर वा हब कहाँ हो ? तिनलाई दिनुपर्ने सुविधा र पूर्वाधार विकास के हो ? यदि हामीले औद्योगिक हब बनायौँ भने त्यहाँ वातावरणका कुरा, १३ वटा सरकारी निकायमा पुग्नुपर्ने कुराको निकास के हुने हो ? ती १३ वटाको सट्टा त्यहीँ एकै ठाउँबाट सेवा प्रदान हुने किन बनाउन नसक्ने ?

एफडिआईका लागि एक दर्जनभन्दा बढी ठाउँमा जानैपर्छ । ५ करोड रूपैयाँसम्मको लगानीका लागि उद्योग विभाग, केही भूमिका औद्योगिक प्रवर्द्धन बोर्डको छ । लगानी बोर्डमा त जानैपर्‍यो । प्रदेशहरूले पनि आफ्नो भूमिका खोजिरहेका छन् । यदि प्रदेशसँग जोडिएन भने विदेशी लगानीकर्ताले दुःख पाउँछन् । यस खालको संयन्त्रको विकास भएकै छैन । स्वीकृति लिनुपर्ने निकाय धेरै भए । यसो हुँदा लगानीकर्ता अल्मलिएका छन् ।

राजनीतिज्ञको विकल्प हामीले दिन सक्दैनौँ । यद्यपि विज्ञ, परामर्श वा अर्थविद् वा अनुभवी पक्षको विचार सुन्ने परिपाटीको विकास हुनुपर्छ । अहिले एफडिआईको कुरा गरियो भने चीन र भियतनामको उदाहरण दिइन्छ । त्यो हो पनि । हामीभन्दा भारत पनि धेरै माथि गइसक्यो । यसैले राम्रो देशका उदाहरण ल्याएर काम गर्नुपर्छ ।

अर्को कुरा, लेबर (मजदुर) हो । हामीले धेरै वर्ष लगाएर मजदुरसम्बन्धी ऐन नियम परिवर्तन गर्‍यौँ । तर, मजदुरले दुःख दिइरहने परिपाटी कम हुन सकेन । तिनीहरू ट्रेड युनियनबाट संरक्षित भइरहे । मजदुरकै कारण धेरै कम्पनी बन्द भए ।

अर्को महत्वपूर्ण कुरा, हामीले सीप विकास गर्न सकेनौँ । तराईका अधिकांश उद्योगमा ६० प्रतिशत मजदुर भारतबाटै ल्याउनुपरेको छ । हामीले प्राथमिकता दिन नसकेको एउटा मुख्य कारण विप्रेषण (रेमिट्यान्स) मा निर्भर हुनु हो । यसैले दोस्रो चरणको सुधारका लागि अलि बढी ध्यान दिन जरूरी छ ।

सुधारका उपकरणहरू

दोस्रो चरणको आर्थिक सुधारमा गइरहँदा मुख्यतः कृषि, पर्यटन र ऊर्जालाई छाड्नुहुँदैन । कृषिमा वर्षभरि सिँचाइ हुने खेतीयोग्य भूमिलाई ५० प्रतिशत पुऱ्याउनुपर्‍यो । पाँच वर्षमा पुऱ्याउन नसकिने होइन । दोस्रो, नयाँ बिउबिजन । यसलाई ४० देखि ५० प्रतिशतसम्म पुऱ्याउनुपर्‍यो । तेस्रो प्रमाणीकरण । कृषि उपज अर्थात् तरकारीजन्य उत्पादनलाई प्रमाणीकरण गर्ने ल्याब चाहियो । यी काम गर्न सकियो भने कृषिमा अगाडि जान सकिन्छ ।

पहाडमा धेरै जमिन बाँझै हुन थालेका छन् । उब्जाउयुक्त जमिन कम हुँदै छन् । यद्यपि, सिँचाइ सुविधा र बिउबिजन राम्रो भयो भने भएकै जमिनबाट तीनदेखि चार गुणा उत्पादन बढाउन सकिन्छ ।

बाँझो जमिन उपयोग गर्न 'कन्ट्र्याक्ट फार्मिङ' लाई सजिलो बनाउनुपर्छ । यसपालिको बजेटमा भनिएको छ, तर त्यो कहिल्यै लागू भएको छैन ।

पर्यटनमा धेरै गर्नुपर्दैन । पूर्वाधार निर्माण र यसको प्रचार-प्रसार नै हो । रारा एउटा बलियो उदाहरण हो । त्यहाँ चार लेनको राजमार्ग हुने हो भने झनै राम्रो । हुन त पहाडी क्षेत्रमा गाह्रो छ । दुई लेनको मात्रै भए पनि बन्यो भने रारामा वर्षमा लाखौँ मान्छे लैजान सकिन्छ ।

कम्बोडियाको एंकरबाट एउटा फ्रेन्च कम्पनीले व्यवस्थापन गरेको छ । हामीले यसरी नै व्यवस्थापन गरेर यस्तै पर्यटकीय स्थल बनाउन सक्छौँ । रारा राष्ट्रिय निकुञ्जभित्र पर्छ तर त्योभन्दा बाहिर व्यावसायिक बनाउन सकिन्छ ।

फेरि पनि मुख्य विषय पूर्वाधार नै हो । हामीसँग चित्त सानो छ । जेमा पनि 'पैसा छैन वा बजेट पुगेन' भन्छौँ । अहिले लुम्बिनीमा वर्षको १५ लाख मान्छे आउँछन् तर अधिकांशले एक रात पनि बिताउँदैनन् । त्यहाँ २-३ दिन बस्ने वातावरण बनाउन सकिन्छ । हामीले पशुपतिनाथ, मुक्तिनाथजस्ता धार्मिक महत्वका क्षेत्रमा आकर्षण बढाउन सक्ने हो भने लाखौँ पर्यटक ल्याउन सकिन्छ ।

पूर्वाधारभित्र अर्को कुरा ऊर्जालाई सस्तो बनाउनुपर्‍यो । भारतसँग प्रतिस्पर्धी हुनुपर्छ । धमाधम अनुमतिपत्र दिइरहँदा कम मूल्यमा विद्युत् उत्पादन गर्ने कम्पनी वा त्यस्तो अध्ययन भएको आयोजना छनोट गरेर दिँदा राम्रो हुन्छ कि ! पहिला पनि यो अभ्यास थियो ।

जलविद्युत् विकासमा अनुदान नै दिनुपर्छ भन्ने लाग्दैन । बाटो र प्रसारण लाइन बनाइदिनुपर्‍यो । उपकरण आयातमा भन्सार छुट दिने तथा जग्गा अधिग्रहणमा पनि सहुलियत गरिदिन सकिन्छ । यसो गरेर हाम्रो बिजुली सस्तो बनाउन सकियो भने देशभित्र र बाहिर खपतयोग्य हुन्छ । प्रतिस्पर्धी बजारमा जान सक्छ ।

विद्युत् व्यापार भारत र बंगलादेशमा गर्नैपर्छ तर एउटा मात्र खरिदकर्ता वा बिक्रीकर्ता भएर हुँदैन । यो जहिले पनि जोखिमपूर्ण हुन्छ । यसैले बिक्रीकर्ता दुई वटा हुँदा राम्रो हुन्छ । विद्युत् व्यापारको सन्दर्भमा भारतसँग सरकारी तहमै वार्ता गरेर जानुपर्छ । सानातिना विषय भए भने त्यो कर्मचारीतन्त्र वा कूटनीतिक तहबाट समाधान होलान् । भोलि बंगलादेशसँग व्यापार गर्ने वा भारतीय बजारमा खुला रूपमा प्रवेश पाउने विषयमा सरकारी तहबाटै जानुपर्छ ।

समय हेरेर मन्त्रीस्तरीय वा प्रधानमन्त्रीस्तरीय वार्ता हुनैपर्छ । भारतले पनि कोप-२६ मा प्रतिबद्धता व्यक्त गरेको छ, कार्बन उत्सर्जन घटाउने भनेर । भारतमा अझै ६० प्रतिशत बिजुली कोइलाबाट उत्पादन भइरहेको छ । यसलाई घटाउन नेपालको जलविद्युत् प्रयोग गर्दै कार्बन उत्सर्जन गर्न र आफ्नो माग पूरा गर्न भारत हामीसँग जोडिनुपर्छ । यद्यपि हामी एउटै मात्र विकल्प हेरेर बस्नुहुँदैन । यसैले आन्तरिक बजारमा हामीले व्यापक रूपमा खपत बढाउनुपर्छ । त्यो बढाउन पर्यटन, सिमेन्ट वा छड उद्योग र पर्यटनसम्बन्धी उद्योगमा जानुपर्छ । विद्युत् सस्तो बनाउनुपर्छ ।

अबको बाटो

पानी र उन्नत बिउबिजनको उपलब्धता तथा प्रमाणीकरणको व्यवस्था भए कृषिमा क्रान्ति ल्याउन सक्छौँ । अनि, विशेष आर्थिक क्षेत्रमा हामीलाई चाहिने उद्योग ल्याएर औद्योगिक क्षेत्रलाई 'बुस्ट' गर्नुपर्‍यो ।

अहिले हामीकहाँ भएको बिजुली, पर्यटन र सूचना प्रविधि हो । यी तीन वटै क्षेत्रको सम्भावना प्रचुर छ । बिजुली निर्यात र आन्तरिक खपतका दृष्टिले पनि महत्वपूर्ण हुने भइहाल्यो । यसको रणनीति अहिले बन्न सकेन भने प्रवर्द्धकले उत्पादन गर्ने र खपत बढाउन नसक्ने हो भने विद्युत् प्राधिकरण टाट पल्टिने हुन्छ । यसैले खपत बढाउन जानुपर्छ ।

पर्यटनमा हरेक प्रदेशमा एक-एक वटा त्यस्ता आकर्षक क्षेत्र बनाउन सकिन्छ । यसमा वैदेशिक लगानी र इन्जिनियरको पनि सहयोग लिनुपर्छ । अब सूचना प्रविधिमा त नेपाल धेरै माथि गइसकेको छ । तर, निजी स्तरबाट भइरहेको छ । त्यो सरकारी तथ्यांकमा कम छ । अब ल्याउनुपर्छ । केही हदसम्म नियमन गरेर व्यवस्थापन पनि गर्न सक्छौँ । यसो गर्‍यौँ भने आउने २/३ वर्ष दोहोरो अंकको आर्थिक वृद्धि असम्भव छैन । यसलाई राजनीति तहदेखि नीति निर्मातासम्मले अवलम्बन गर्नुपर्छ ।

"We are committed to contribute for building modern and sustainable infrastructure in Nepal."

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि

for **INFRA DEVELOPMENT**

Krishna Tower, Baneshwor, Kathmandu, Nepal
Tel: 01-4780203/818, 4784002/197, www.nifrabank.com, Email: info@nifrabank.com

राष्ट्रिय आर्थिक रूपान्तरण २०३० : तीव्र सुधारको मार्गचित्र

हामी 'सम्मानित निजी क्षेत्र र समुन्नत नेपाल' को नारा लिएर अगाडि बढेका छौँ । सम्मान माग्ने होइन, आर्जन गर्ने हो भन्ने कुराको हामीलाई राम्रै हेक्का छ । सोही कारण आगामी १० वर्षमा मुलुकलाई कहाँ पुऱ्याउने भन्ने दृष्टिकोणसहितको 'राष्ट्रिय आर्थिक रूपान्तरण २०३०' महासंघले तयार पारेको हो

शेखर गोल्छा

नेपालले उदारीकरण सुरू गरेको तीन बर्षमै २०५१ मा आर्थिक वृद्धि करिब ८ प्रतिशत थियो । जुन त्यतिबेलासम्मको सबैभन्दा उच्च वृद्धि थियो । सँगै त्यो निजी क्षेत्रले डोऱ्याएको वृद्धि थियो । २०४६ को राजनीतिक परिवर्तनपछि अवलम्बन गरिएको उदार अर्थव्यवस्थाको नतिजा सकारात्मक थियो । बजारमुखी उदार अर्थनीतिअनुरूप कानुन परिमार्जन गरिए, अर्थतन्त्रका अधिकांश क्षेत्रमा निजी लगानी खुला गरियो, जसले निजी क्षेत्रको विकास तीव्र बन्यो । यसले निजी क्षेत्र आर्थिक वृद्धिको संवाहक हो भनेरै पुष्टि गऱ्यो । त्यसपछि सोही गतिले अर्थतन्त्रमा विस्तार हुन दुई दशक नै कुर्नुपऱ्यो ।

त्यतिबेला दक्षिण एसियामै नेपाल उल्लेख्य फड्को मार्ने मुलुक बनेको थियो । भारत र दक्षिण एसियाका अन्य देशसँग तुलना गर्दा धेरै क्षेत्रमा अग्रणी रूपमा नेपालले निजी क्षेत्रलाई बढी अवसर दिएको थियो । तर, त्यसपछि त्यही उच्च अंकको आर्थिक वृद्धि हासिल गर्न दुई दशक नै कुर्नुपऱ्यो । किनभने, त्यसपछिको अवधिमा मुलुक राजनीतिक अस्थिरतामा प्रवेश गऱ्यो र सँगसँगै निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण पनि परिवर्तन भयो । राजनीतिक लाभहानि र आस्थाका आधारमा निजी क्षेत्रलाई हेर्न थालियो ।

राजनीतिक परिवर्तन

त्यतिबेलाको उदारतालाई कायम राख्न सकिएन । अर्थतन्त्रमा विभिन्न किसिमका ठूलादेखि साना चुनौती तीन दशकमा आए । सबैभन्दा पहिले त राजनीतिक परिवर्तन सुरू भयो । अस्थिरता र श्रम सम्बन्ध बिग्रेर गयो । राजनीतिक परिवर्तन सकिएपछि पनि सुधारको थप प्रयास हुन सकेन । अहिले पनि अर्थतन्त्रलाई तीन दशकअघिकै उदारीकरणले डोऱ्याइरहेको छ । अर्थात्, त्यसको राप र शक्तिले हामीले धेरै चुनौती पार लगाउन पाउन सफल भयौँ ।

औसतमा पछिल्लो तीन दशकको आर्थिक वृद्धि ४ प्रतिशत हाराहारी हो । कृषिमा अलि राम्रो हुनेबित्तिकै यतिको वृद्धि सम्भव हुन्छ । त्यसैल त्यसयता निजी क्षेत्र अझ भनुँ उद्यम व्यवसाय विस्तार औसत गतिमा मात्रै विस्तार भएको देखिन्छ । लोडसेडिङ र श्रम समस्या बढ्दै गए । ती राजनीतिक अस्थिरताको वाइप्रडक्ट भन्न सकिन्छ ।

भूकम्प, नाकाबन्दी र कोभिड

भूकम्पले करिब ७ खर्ब रूपैयाँ बराबरको क्षति गऱ्यो । ७ लाख मानिस गरिबीको रेखामुनि धकेलिए । करिब ९ हजारले ज्यान गुमाए । त्यसलगत्तै गैरकानुनी नाकाबन्दी झेल्नुपऱ्यो । अहिले नेपालले पहिले कहिल्यै नभोगेको विश्वव्यापी महामारी झेल्नु परेको छ । यसले आर्थिक वर्ष ०७६/७७ मा अर्थतन्त्र २.०९ प्रतिशतले ऋणात्मक रह्यो भने गत वर्ष पनि २ प्रतिशतभन्दा बढी वृद्धि भएको देखिँदैन । तर, अपेक्षा गरेभन्दा तीव्र गतिले अहिले अर्थतन्त्रमा सुधार देखिएको छ । आशा फेरि जुर्मुराएको छ । अवसर देखिन थालेका छन । अब पनि हामीले तीव्र गतिमा अर्थतन्त्रको विस्तार गर्न सकेनौँ भने विडम्बना हुनेछ । एसियाको चरम गरिब मुलुकबाट माथि उठने अवसर अझै छ ।

त्यही अवस्थालाई महसुस गरी नेपाल उद्योग वाणिज्य महासंघले राष्ट्रिय आर्थिक रूपान्तरण २०३० सार्वजनिक गरेको छ । यसमा हामीले एक सय काम पहिचान गरेका छौँ । यी काम

निजी क्षेत्रसँग सम्बद्ध मात्रै छैनन्, यसले दोस्रो चरणको सुधारको परिकल्पना पनि गरेको छ । वास्तवमा यो नयाँ सुरूआत र सुधार गर्न सकिने सम्भावना देखाएको दस्तावेज हो ।

हामीले यी सय पहल कार्यान्वयन गर्न सक्यौँ भने अहिले ३८ अर्ब डलर हाराहारी रहेको अर्थतन्त्रको आकार १० वर्षमा १ खर्ब नाघ्नेछ । कुल गार्हस्थ उत्पादन (जीडीपी) र व्यापार घाटाबीचको अनुपात आधा घट्नेछ र औपचारिक निजी क्षेत्रले मात्रै २२ लाखलाई रोजगारी प्रदान गर्नेछ । वास्तवमा महासंघले तयार पारेको राष्ट्रिय आर्थिक रूपान्तरण २०३० दोस्रो चरणको सुधारको मार्गचित्र हो । नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले अहिले दोस्रो चरणको सुधारमा केन्द्रित भएर स्मारिका नै निकाल्न लागेकामा म निकै हर्षित भएको छु ।

पहिलो चरणको सिकाइ

जुन सुधारको जोस, जाँगर र नतिजा ९० को दशकमा थियो, त्यो पछि कायम रहन सकेन । त्यही तरिकाले अहिले पनि गर्ने हो भने धेरै ठूलो फड्को मार्न सकिन्छ ? गर्न त सकिन्छ तर कसरी, कसले र कुन समयमा गर्ने अन्योल सधैँ रहने गरेको छ । सोही तथ्यलाई मनन् गरी महासंघले भिजन पेपर 'राष्ट्रिय आर्थिक रूपान्तरण २०३०' बनाएको हो । यसले २०३० सम्म कसरी हाम्रो अर्थतन्त्रलाई सही दिशामा लैजान सकिन्छ भन्ने आधार लिएर र यसमा व्यापार घाटा कसरी कम गर्न सकिन्छ, देशमा रोजगारी कसरी सिर्जना गर्न सकिन्छ, सबै लक्ष्य लिएको छ । भिजन पेपरमा हरेक क्षेत्रको प्राथमिकता के-के हुनुपर्छ । के रिफर्म हुनुपर्‍यो । त्यो कुरालाई यसले प्रस्टसँग भनेको छ ।

अब मैले मुख्य दुई कुरामा केन्द्रित गर्न खोजेँ । एउटा 'इज अफ डुइङ बिजनेस' र अर्को 'कस्ट अफ डुइङ बिजनेस' । भन्नाले बिजनेस गर्न कति सजिलो हुन्छ भनेर । इज अफ डुइङ बिजनेसमा विभिन्न पक्ष छन् । प्रशासनिक अवरोधदेखि अन्य पनि कुरा छन् । सन ९० को दशकपछि २००० तिर पुग्दा हाम्रो अर्थतन्त्रमा एउटा ठूलो परिवर्तन के भयो भने हामीले विश्व व्यापार संगठन (डब्लुटीओ) मा हस्ताक्षर गर्‍यौँ । डब्लुटीओमा हस्ताक्षर गरेपछि जुन परम्परागत तरिकाले नेपालको धन्दा चलेका थिए, त्यसरी नै चल्न सक्ने अवस्था रहेन । स्वदेशी उद्योगमा दिइँदै आएको संरक्षण हट्दै गयो भने प्रतिस्पर्धी उत्पादनको वातावरण पनि बिग्रिँदै गयो ।

त्यसबेलाका नीति निर्माताले सायद के सोचे भने खुला बजार अर्थतन्त्र भइसकेपछि पूरै विश्व हाम्रो बजार हुनेछ । हामी अल्पविकसित राष्ट्र (एलडिसी) को फाइदा पनि धेरै लिनेछौँ । विश्व हाम्रो बजार भइसकेपछि हाम्रो अर्थतन्त्र पनि भाइब्रेन्ट हुनेछ भनेर उनीहरूले सोच राखे । राजनीतिक परिवर्तन, ऊर्जा समस्या, भूकम्पलगायत चुनौती त्यही समय आयो । यसले कस्ट अफ डुइङ बिजनेस बढ्यो । डब्लुटीओको कुनै पनि फाइदा हामीले लिन सकेनौँ । एलडिसीको फाइदा लिएर बंगलादेश आज एकदमै विकसित अर्थतन्त्रतिर जाँदै छ । हामी एकातिर च्याम्पियन राष्ट्र भनेर डब्लुटीओमा गएर आफूलाई घोषित पनि गर्‍यौँ । आफ्ना उद्योग जुन चुनौतीबाट गुज्रिरहेका थिए, त्यसका लागि बेफाइदा मात्रै सिर्जना गर्‍यौँ ।

अब लागतकै कुरा गरौँ । हामी धेरै पटक लगानी सम्मेलन पनि गर्छौँ । हामी विदेशी लगानी पनि भित्र्याउने प्रयास गर्दै छौँ । स्वदेशमा पनि एउटा कुरा के भनेका छौँ भने लगानी बढ्नुपर्‍यो, ट्रेडिङ घट्नुपर्‍यो । हामी आयातमुखी मात्रै भएका छौँ, उत्पादनतर्फ बढी जानुपर्छ भनेर कुरा गरिरहेका छौँ । तर, हाम्रा नीति निर्माताले के कुरा बिर्सेका छन् ? यी चुनौतीले गर्दा उद्यम व्यवसाय निकै कठिन भइसकेको छ । त्यसैले अब केही विषयमा विशेष ध्यान दिनु जरूरी छ ।

ऊर्जामा तुलनात्मक लाभ

मैले केही कस्ट अफ डुइङ बिजनेशको कुरा गर्दा सबैभन्दा पहिला ऊर्जा आउँछ । ऊर्जा हाम्रो तुलनात्मक लाभ हुन सक्थ्यो । ऊर्जा हामीकहाँ सस्तो भएको भए धेरै उद्योग व्यवसाय फस्टाउन सक्थे । आयात प्रतिस्थापन पनि हुन सक्छ । त्यो गर्न हामी एकदमै संकुचित छौँ । जुन मूल्यमा उद्योगले मागेको छ, त्यही मूल्यमा अन्य देशलाई बिक्री गर्न तयार छौँ । अहिले हालत कस्तो भइरहेको छ भने हामीले उत्पादन गरेको विद्युत् खेर गइरहेको छ । तर, उद्योगलाई सस्तोमा दिन तयार छैनौँ ।

मूलतः ऊर्जासँग जोडिएको एमसीसीलाई पनि टुंगो लगाइएको छैन । एमसीसीले कमसेकम यो समस्या समाधान त गर्थ्यो । यसले बाहिरी विश्वमा नेपालबारे नकारात्मक धारणा बन्दै गएको छ । लगानीका लागि उपयुक्त वातावरण नभएको सन्देश गएको छ । सित्तैमा पाएको रकम लिन त राष्ट्रवाद देखाउने मुलुकमा लगानीको सुरक्षा हुनेमा लगानीकर्ता सशंकित हुँदै छन । यो कस्तो

सरकार र निजी क्षेत्रको बीचमा विश्वासको वातावरण बन्नैपर्छ । निजी क्षेत्रलाई सरकारले गाली गर्ने र निजी क्षेत्रले सरकारलाई गाली गर्ने कुराले आर्थिक विकास हुनै सक्दैन । यी दुवैको सहकार्य हुनैपर्छ

राष्ट्रवाद हो !

विद्युत्लाई राष्ट्रिय उद्योगमा बढीभन्दा बढी सदुपयोग गर्ने र यसलाई निर्यातसमेत गर्न सकिने सम्भावनामा सोच्नु जरूरी छ ।

उच्च मूल्य अभिवृद्धि

हाम्रो देशको अर्को ठूलो चुनौती के छ भने हामी भन्डै शतप्रतिशत कच्चा पदार्थ बाहिरबाट आयात गर्नुपर्ने अवस्थामा छौं । आयात गर्दा लजिस्टिक कस्ट एकदमै बढी हुने भएकाले उद्योग वाणिज्य महासंघले धेरै लामो समयसम्म प्राइभेट रेल अपरेटर्सहरूलाई हाम्रो ड्राइपोर्टसम्म सञ्चालन गर्न दिऊ भनेका थियौ । धेरै लामो समयदेखि हामीले उठाइरहेको विषय हो । यो अनुमोदन भइसकेपछि एकै पटक ४० देखि ५० प्रतिशत लागत घटेको उदाहरण पनि छन् । किनकि, प्रतिस्पर्धा जहाँ हुन्छ, लागत पनि घटेर जान्छ ।

हामीले के भनेका छौं भने हाम्रा सबै आइसिडीमा रेल लिंक हुनुपर्छ । रेल भयो भने लागत स्वाइ्रै घट्छ । हाम्रो कच्चा पदार्थ आयात गर्दाखेरि त्यसको लागत घट्ने हो भने हामीले त्यसलाई आफ्नो देशमा उत्पादन गर्न सक्छौं । त्यो आधारमा हामीले रेल वे लिंकको पनि कुरा गरिरहेका छौं । जस्तै, भैरहवा, विराटनगर, काँकडभिट्टा, रसुवाको कुरा गर्दै छौं । सबैमा रेल लिंक हुन सक्यो भने यसले नाटकीय रूपमा लागत घटाउन सक्छ ।

तेस्रो, हामीले के भनेका छौं भने श्रम, जसका तीन वटा पक्ष छन् । हरेक वर्ष सात/आठ लाख युवाहरू जब मार्केटमा आउँछन्, तिनलाई व्यवस्थापन गर्ने क्षमता हाम्रा उद्योगसँग छैन । उनीहरूलाई देशमा रोजगारी दिन एक त उत्पादकत्व बढ्नुपर्‍यो । आईएलओको रिपोर्ट हेर्ने हो भने सबैभन्दा न्यून उत्पादकत्व दक्षिण एसियामा हाम्रै छ ।

मिहिनेत गर्ने वातावरण

हामी त्यही नेपाली बाहिर गएर एकदमै मिहिनेत गर्छौं, काम गर्छौं । हामीलाई जापान, इजरायल, दक्षिण कोरियालगायतका धेरै मुलुकमा बोलाइरहेका छन् । हामीकहाँबाट जानेले एकदमै प्रभावकारी काम गर्छन् । तर, नेपालमा नगर्नुको कारण धेरै होला । हुन सक्छ, यहाँ श्रम सम्मान नभएर हो कि । अन्य समस्याले गर्दा हामी नेपालमा काम गर्न चाहँदैनौं । त्यसैले हाम्रो उत्पादकत्व अत्यन्तै न्यून छ । त्यसैले हामीले उत्पादकत्वमा आधारित ज्यालाको व्यवस्था गर्नुपर्छ ।

यो हुन सक्यो भने जसले जति मिहिनेत गर्छ, त्यसले त्यति पैसा कमाउँछ । त्यसले गर्दा स्वतःस्फूर्त मिहिनेत गर्न प्रेरित गर्छ । मिहिनेत गर्ने स्वभाव हाम्रो डीएनएमै छ तर गर्न चाहँदैनौं किनकि हामीकहाँ मिहिनेत गर्ने वातावरण नै छैन । त्यो वातावरण सुधार गर्ने एउटा पक्ष छ । न्यूनतम पारिश्रमिक र बाँकी उत्पादकत्वमा आधारित पारिश्रमिक नै हुन्छ । अनि, त्यसका लागि कानुन आउनुपर्‍यो भन्ने कुरा हामीले पहल गरेका छौं ।

प्रतिस्पर्धी ब्याजदर

छोटो अवधिमै ४० प्रतिशतसम्म ब्याजदर फरक भएका उदाहरण हामीले देखेका छौं । कुनै पनि स्थिर अर्थतन्त्रमा यस्तो हुँदैन । अन्यत्र ब्याजदर बढी भयो भने त्यसले सेयर मार्केट, उद्योगमा लगानीलगायत सबैमा प्रभाव पर्नेतर्फ सचेतता अपनाइएको हुन्छ । खासगरी केन्द्रीय बैंकले ब्याजदर आफ्नो आर्थिक नीतिअनुसार कुनै न कुनै रूपमा व्यवस्थापन गरेको हुन्छ ।

हामीकहाँ एक महिनामा ४० प्रतिशत बढ्ने हो भने कुनै पनि विदेशी दीर्घकालीन लगानीकर्ता आउँछ भने यो बढिरहेको ब्याजदर देखेर उसको बुझाइ के बन्छ । त्यो आधारमा हामी यसलाई स्थिर बनाउने पहल राष्ट्र बैंकबाट खोजिरहेका थियौं । केही भएको पनि छ ।

ठूलो प्रतिबद्धता, न्यून लगानी

हामी विदेशी लगानी चाहन्छौं । अहिले भएको हाम्रो पुँजीले हामीलाई ४ देखि ५ प्रतिशतसम्मको वृद्धि दर दिन सक्दैन । किनकि योभन्दा बढी जानेबित्तिकै हाम्रो तरलता सकिन्छ । तरलता सकिनेबित्तिकै हामी हात बाँधेर बस्नुपर्ने अवस्था छ । त्यसैले गर्दा विदेशी लगानी अत्यन्तै आवश्यक छ । हामी विदेशी लगानी मात्रै होइन, अन्तर्राष्ट्रिय सहयोग पनि खोजिरहेका छौं । यो हुन सक्यो भने हाम्रो वृद्धि दर पनि बढाउन सक्छौं । यसमा एमसीसी पनि एउटा उदाहरण रहेको छ किनकि यो एउटा बृहत् परियोजना हो । यस्तोले सीधै जीडीपीमा फरक पार्छ । एमसीसीलगायतका परियोजनालाई हामीले आकर्षित गर्न सक्नुपर्छ र सफलतापूर्वक कार्यान्वयन पनि गर्न सक्नुपर्छ । तर, हामी विदेशी लगानी गर्दा दुई-तीन वटा कुरा बिर्सिरहेका छौं । सबैभन्दा पहिले त विदेशी लगानी आउँदा ऊ यहाँ केही फाइदा खोजिरहेको हुन्छ । यहाँ उसलाई फाइदा दिन सकियो भने आउन सक्छ । के फाइदा खोजेको हुन्छ भने उसको लगानीको प्रतिफल तुलनात्मक रूपमा अरू देशमा भन्दा बढी हुनुपर्‍यो या यस्तो क्षेत्र हुनुपर्‍यो, जुन क्षेत्र नेपालमा विशेष छ । त्यो स्रोत हुन सक्छ । तुलनात्मक रूपमा बढी हुनुपर्‍यो । हामीले त्यो प्रतिफल दिन सकिरहेका छैनौं । त्यसैले गर्दा विदेशी लगानीलाई आकर्षित गर्न सकिरहेका छैनौं ।

हामीकहाँ अर्बौंको प्रतिबद्धता आउँछ । लगानी आइरहेको छैन किनकि यहाँ लगानीको प्रतिफल दिन सकेका छैनौं । यसको अर्को पक्ष के छ भने विदेशी लगानीमा कुनै पनि बैंकले नेपालमा लगानी गर्ने हो भने कन्ट्री रेटिङ खोजेको हुन्छ । हामीले त्योसमेत गराउन सकिरहेका छैनौं । गराउन चाहँदैनौं । हुन त नेपालको इतिहास छ । हामीले कुनै पनि ऋण नतिरेको छैन । तर, यो भन्दै गर्दा कन्ट्री रेटिङ हामीले गराउन सक्नुपर्थ्यो । कन्ट्री रेटिङ नभएसम्म विदेशी बैंकहरूले नेपालमा लगानी गर्न मिल्दैन । कोही पनि दीर्घकालीन लगानीका लागि उनीहरूले कन्ट्री रिस्क रेटिङ खोजेका हुन्छन् । अरू देशमा जहाँ-जहाँ भ्यालु एडिसन बढी भएको हुन्छ र जहाँ धेरै रोजगारी सिर्जना गरेको हुन्छ, त्यस्ता उद्योगमा सरकारले विशेष सहुलियत दिएको हुन्छ ।

महँगिदो जग्गा

पूर्वाधारको कुरा गर्दा नेपालमा जग्गा प्राप्ति एकदमै महँगो भइसक्यो । हामी आफ्नो सम्पत्तिको परिसूचक जग्गालाई नै सम्झन्छौं, जुन उत्पादक भएन । जग्गाको सदुपयोग पनि हुन सकेको छैन । जग्गामा हामी खेतीबारी गर्न चाहँदैनौं । हामी त्यो जग्गालाई राखिरहेका मात्र छौं, मूल्य बढ्छ भनेर । यो सोचले अर्थतन्त्र बढ्दैन ।र जग्गाको उपयोग हुनुपर्‍यो । या खेतीमा उपयोग हुनुपर्‍यो । या त्यसको कुनै उत्पादकत्वको उद्देश्य हुनुपर्‍यो । किनभने, जुन हिसाबले जग्गाको भाउ बढेको छ, यस्तो अवस्थामा उद्योगहरू आउन सक्दैनन् । जहाँ उद्योग राख्न पनि एकदमै गाह्रो हुन्छ । यस्तै कारणले नेपालमा लगानी वातावरण बन्न सकेको छैन । दोस्रो चरणको आर्थिक सुधारमा हामीले यो सबै कुरामा सम्बोधन गर्नैपर्छ र इज अफ डुइङ बिजनेस हुनुपर्‍यो ।

कमजोर निर्यातको आधार

निजी क्षेत्रसँगको छलफलबिनै हतारमा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने निर्णय गरियो । यसले युरोपमा मात्रै हाम्रो २० प्रतिशत निर्यात प्रभावित हुने देखिएको छ, जुन हाम्रो दोस्रो ठूलो बजार हो । अब निर्णय भइसकेपछि त्यसको नकारात्मक प्रभाव कसरी कम गर्न सकिन्छ भनेर हामीले अध्ययन गरेका

छौं । छिट्टै सार्वजनिक गर्नेछौं ।

सन् १९९० दशकको मध्यताका जीडीपी र निर्यात अनुपात २६ प्रतिशत थियो । अहिले ३ प्रतिशत हाराहारी छ । सन् २००४ मा व्यापार घाटा ८२ अर्ब थियो । अहिले १४ खर्ब रूपैयाँ पुगेको छ । यसो हुनुमा तुलनात्मक लाभका वस्तुको पहिचान र प्रवर्द्धन हुन सकेन । त्यसैले हामी चाहन्छौं, नेपाल ट्रेड इन्टिग्रेसन स्ट्राटेजीलाई परिमार्जन गरौं । हामी त्यसको नेतृत्व लिन्छौं । निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनमार्फत व्यापार घाटामा उल्लेख्य सुधार गर्न सकिन्छ । भुटानले व्यापार घाटा अनुपात आधा घटाएर देखाइदिएको छ । त्यसैले सम्भव छ ।

नीतिगत सुधार

हामीले भिजन पेपरमा १४ वटा कानुनमा सुधारको आवश्यकता पहिल्याएका छौं । यसलाई अन्तिम रूप दिन समितिहरूमा छलफल भइरहेको छ । यसमा औद्योगिक व्यवसाय ऐन, उपभोक्ता संरक्षण ऐन, कालाबजारी ऐनलगायतका छन् ।

हामीले मुख्यतया खुला बजार अर्थव्यवस्थालाई नियन्त्रण गरिने कानुनमा सुधार होस् भन्ने चाहेका छौं । एउटा ऐनले दिएको सुविधा अर्कोले काटेको अवस्थामा त्यसको सामञ्जस्य खोजेका छौं । कतिपय अहिलेको नयाँ चुनौतीलाई सामना गर्ने प्रवाधान आवश्यक भएको देखेका छौं ।

निजी क्षेत्रलाई सम्मान र सहकार्य

हामीले जबसम्म निजी क्षेत्रलाई सम्मान गर्न सक्दैनौं, नाफालाई सम्मान गर्न सक्दैनौं भने लगानी आउन सक्दैन । किनभने, हामीकहाँ अहिले पनि नाफा भनेको एउटा नराम्रो शब्द हो । तर, नाफा नभएसम्म न लगानी बढ्छ, न रोजगारी सिर्जना गर्न सकिन्छ, न त राजस्व कर तिर्न सक्छौं । त्यसैले नाफा गलत शब्द हुनै सक्दैन । नाफा मर्यादित हुनुपर्छ, देशको कानुनी दायराभित्र रहेर हुनुपर्छ । त्यसैले नाफालाई कहिल्यै पनि नकारात्मक रूपमा नसोचौं र निजी क्षेत्रलाई सम्मान गर्ने संस्कार आउन जरूरी छ । हामी पक्कै पनि नाफामूलक छौं । यसमा दुईमत छैन । तर, हामी मर्यादित रूपमा नाफा गर्न चाहन्छौं । हामीले सम्मान खोजेका छौं किनभने आज ७७ प्रतिशत पुँजीगत लगानी निजी क्षेत्रले गरेको छ । रोजगारीमा औपचारिक र अनौपचारिक क्षेत्रको समेत जोड्ने हो भने झन्डै ८० देखि ९० प्रतिशत निजी क्षेत्रले नै गरेको छ । सरकार र निजी क्षेत्रको बीचमा विश्वासको वातावरण बन्नैपर्छ । निजी क्षेत्रलाई सरकारले गाली गर्ने र निजी क्षेत्रले सरकारलाई गाली गर्ने कुराले आर्थिक विकास हुने सक्दैन । यी दुवैको सहकार्य हुनैपर्छ ।

दक्षिण एसियामै जीडीपीमा राजस्वको योगदान नेपालमा सबैभन्दा बढी छ । यस क्षेत्रको औसत ११ प्रतिशत हाराहारी छ । हाम्रोमा २१ प्रतिशत छ । मुख्यतः हामीले खोजेको सम्मान हो । जुन-जुन देशमा निजी क्षेत्रलाई सम्मान गरिएको छ, त्यहाँ लगानी वातावरण सुध्रेको छ, अर्थतन्त्रले पनि एकदमै गति लिएको छ । जुन-जुन देशमा निजी क्षेत्र या नाफालाई हेलाको दृष्टिले हेरिएको छ, त्यसको अवस्था नेपालजस्तै छ ।

हामी 'सम्मानित निजी क्षेत्र र समुन्नत नेपाल' को नारा लिएर अगाडि बढेका छौं । सम्मान माग्ने होइन, आर्जन गर्ने हो भन्ने कुराको हामीलाई राम्रै हेक्का छ । त्यही भएर आगामी १० वर्षमा मुलुकलाई कहाँ पुऱ्याउने भन्ने दृष्टिकोणसहितको 'राष्ट्रिय आर्थिक रूपान्तरण २०३०' महासंघले तयार पारेको हो । यसमा निजी क्षेत्रको योगदान कस्तो रहने र आफ्नो आचरण कसरी सुधार गर्ने भन्ने विषयमा हामी संवेदनशील छौं ।

हामीले अब औद्योगिक लागत न्यूनीकरण कार्ययोजना बनाएर काम सुरू गर्न थालेका छौं । यसमा औद्योगिकीकरणमा अत्यधिक लागतका रूपमा रहेको बिजुलीको महसुल, बैंकको ब्याज, प्रशासनिक झमेला, जग्गाको मूल्यलाई कसरी व्यवस्थापन गरिन्छ भनेर काम हुनेछ । नेट २०३० को प्रतिस्पर्धी व्यावसायिक लागत पहलअन्तर्गत उक्त कार्ययोजनामा काम सुरू भइसकेको छ ।

हामीलाई सरकारको सहयोग चाहिएको छ । सरकार अहिले तीन तहको छ । हामी तीनै तहको सरकारसँग सहकार्य गर्न चाहिरहेका छौं । धेरै हदसम्म भइरहेको छ । निजी क्षेत्र आफैं पनि जिम्मेवार बन्दै गएको छ ।

Kedia
ORGANISATION
PASSION BRINGS PROGRESS
गुणस्तर र मजबुतीमा उत्कृष्ट
एक्सपर्टहरुको
एक मात्र विश्वसनीय रोजाइ
वृज
सिमेन्ट
EXPERT'S CHOICE
वृज सिमेन्ट
ओ.पि.सि.
सुपर प्रिमियम
पि.पि.सि. ५०
पोर्टल्याण्ड पोज्जोलना सिमेन्ट
पि.एस.सि.
सुपर पावर
OPC | PPC | PSC
वृज सिमेन्ट इण्डष्ट्रिज प्रा. लि.
मायादेवी गाउँपालिका – ५, रुपन्देही – ३२९००, लुम्बिनी प्रदेश, नेपाल
फोनः ९७७–७१–५२१५७०, ५२०९०४
फ्याक्ट्रीः ९७७–७१–४१२०४९, ४१२०५०, ४१२०५२
ईमेलः info@brijcement.com
वेवः www.brijcement.com
ISO 9001:2015

Gharipatan (nearby Airport), Pokhara 061-466652, 9851054404
info@jalmahalpokhara.com | facebook.com/jalmahalpokhara

क्रोनी-क्यापिटालिजम र सुध्रिनुपर्ने अर्थराजनीति

अवसर सिर्जना हुँदा अरू देशहरू जुन रफ्तारमा अघि बढे, नेपालले ती अवसरलाई छोप्न सकेन । यद्यपि अब अर्थतन्त्रको संरचनामा परिवर्तन आएको छ । हाम्रो अर्थतन्त्रलाई केही दशकभित्रै आधुनिकीकरण गर्न सकिने आधार तयार भएका छन्

डा. स्वर्णिम वाग्ले

दक्षिण एसियामा हामी सबैभन्दा पुरानो र प्रत्यक्ष उपनिवेशबाट जोगिएको राष्ट्र हौँ । ब्रिटिस-इन्डियाकालीन समयमा हामीले बेलायतसँग युद्ध लड्यौँ । त्यसपछि नै बेलायतलाई अत्यन्त सस्तोमा सैन्य योद्धाहरू पठाउन थाल्यौँ र एकखाले मित्रवत सम्बन्ध कायम गऱ्यौँ ।

नेपालको भूपरिवेष्ठित अवस्थितिले पनि हाम्रो स्वतन्त्रतालाई रक्षा गरेको थियो । अर्कोतर्फ हाम्रो भूबनोटले व्यापारमा हाम्रो ढुवानी लागत उच्च थियो । अनि, बाँकी विश्वसँगको अन्तरसम्बन्ध तथा मानिस, ज्ञान तथा पुँजी निर्माण गर्ने वस्तुको प्रवाह कम हुन्थ्यो । यसले गर्दा नेपालको आर्थिक वृद्धिदर पूर्ण रूपमा गतिहीन भएर रहिरह्यो । आर्थिक वृद्धिदर कमजोर रहिरहनुको मुख्य कारण हामीसँग अवसर नै कम थिए । आज पनि हामी दक्षिण एसियामा अफगानिस्तानपछि दोस्रो गरिब देश हौँ ।

अर्थतन्त्रको आधुनिकीकरण र रोजगारी

सन् १७६९ देखि सन् १९९० सम्म नेपाल पूर्णतः राजतन्त्र र बीचमा राणाहरूको शासनमा रह्यो । यद्यपि सन् १९५१ देखि १९६० सम्म नेपालले प्रजातन्त्रको अभ्यास गर्न पाएको थियो । २०औँ शताब्दीमा नेपालमा तीन पटक व्यवस्था परिवर्तनका ठूला आन्दोलन भएका छन् । यसले नेपाललाई खुला, गतिशील र प्रजातान्त्रिक देशमा रूपान्तरण गरेको छ ।

अवसर सिर्जना हुँदा अरू देशहरू जुन रफ्तारमा अघि बढे, नेपालले ती अवसरलाई छोप्न सकेन । यद्यपि अब अर्थतन्त्रको संरचनामा परिवर्तन आएको छ । हाम्रो अर्थतन्त्रलाई आगामी केही दशकभित्र आधुनिकीकरण गर्न सकिने आधार तयार भएका छन् ।

सन् १९९० को दशकसम्म हामी मूलतः कृषिमा आधारित अर्थतन्त्र थियौँ । हामीसँग अरू अवसर अत्यन्त सीमित थिए र कुल गार्हस्थ उत्पादन (जीडीपी) को आधाजसो हिस्सामा कृषि क्षेत्रले योगदान गर्दथ्यो । यसबीचमा कृषिको योगदान घटेर २४ प्रतिशतमा झरेको छ ।

हिजो जो न्यून उत्पादकत्व भएको निर्वाहमुखी कृषि पेसामा आबद्ध श्रमिकहरू थिए, उनीहरू आर्थिक कठिनाइको सामना गरिरहेका थिए । तिनीहरू आज सेवा क्षेत्रमा काम गर्न थालेका छन् । यद्यपि नेपालमा सेवा क्षेत्र त्यति श्रम-सघन क्षेत्र मानिँदैन । सेवा क्षेत्रका अलावा उनीहरू प्रविधि र म्यानुफ्याक्चरिङ उद्योगमा काम गरिरहेका छन् । यसले नेपाली अर्थतन्त्रलाई दीर्घकालीन लाभ दिने अपेक्षा गर्न सकिन्छ ।

मुलुकमा रोजगारीको उपलब्धतामा न्यूनताका कारण धेरै नेपाली खाडी राष्ट्र र मलेसियालगायत श्रम गन्तव्यमा कामको खोजीमा विदेशिएका छन् । नेपालले सन् १९९० को दशकमा गरेका सुधारमध्येको एक 'पासपोर्ट रिफर्म' थियो, जुन मूलतः एउटा निर्णयका आधारमा हुने सुधार (स्ट्रोक अफ पेन रिफर्म) थियो । पहिले राहदानी सहजै पाइँदैनथ्यो ।

विदेशमा छात्रवृत्ति पाएर पनि राहदानीका लागि तत्कालीन प्रशासनबाट सिफारिस नपाएको अनुभव हामीले पूर्वअर्थमन्त्री डा. रामशरण महतलगायतबाट सुन्दै आएका हौँ । तर, २०५४ साल फागुन १ बाट स्थानीय प्रशासनसमेतले राहदानी जारी गर्न सक्ने महत्वपूर्ण व्यवस्था भयो । फलस्वरूप वैदेशिक रोजगारीको लाभ नेपाली अर्थतन्त्रले लिइरहेको छ ।

राजनीतिमा विकृति र कानुनी शासन

नेपालमा अझै पनि भ्रष्टाचार र अयोग्यता/अदक्षताले सरकारलाई गाँजिरहेको छ, जसका कारण पूर्ण सम्भावनाको उपयोग हुन पाएको छैन । नेपालमा क्रान्तिबाट स्थापित भएका अर्थात् जनताको बलबाट सत्तामा आएका नेताहरु शक्ति केन्द्रीकरण गर्दै भ्रष्टाचारमा निर्लिप्त भएका छन् । सरकारभित्र निश्चित कार्यकालसम्बन्धी सीमालगायत नियन्त्रण र सन्तुलन संयन्त्रको अभावका कारण यस्ता राजनीतिज्ञहरु आफ्नो शक्ति सुदृढीकरण गर्दै सरकारमा बारम्बार दोहोरिरहन चाहेको देखिन्छ । इमानदार र निष्ठावान भएर आकांक्षी नेताहरूले कार्यालय धान्न स्रोत जुटाउन गाह्रो छ । यसखाले भ्रष्टाचारले गर्दा निजी क्षेत्र र सरकारबीच मिलिभगत सिर्जना भएको छ । पुँजीवादी व्यवस्थाको कुरूप अवस्था 'क्रोनी-क्यापिटालिजम' को अभ्यास नेपालमा खुलेआम भइरहेको छ । नेता-व्यापारी सम्बन्धले सिर्जना गरेका स्वार्थले राजनीतिक दलहरूभित्रै पनि तीव्र ध्रुवीकरण देखिन्छ । यी सबै कारणले प्रतिस्पर्धाको वातावरण समाप्त हुनेतर्फ उन्मुख छ ।

नेपाली राजनीतिमा जरा गाडेर बसेको यस किसिमको विकृत समस्या समाधानका लागि प्रबुद्ध मतदाता आफैं सजग हुनुपर्छ । कुशासन र मन्द आर्थिक विकासको चक्रव्यूहलाई तोडेर मुलुकमा सुशासन र आर्थिक सम्भावनालाई सम्पूर्ण रूपमा उजागर गर्न मतदाताको विवेक र सजगता नै प्रजातान्त्रिक व्यवस्थामा महत्वपूर्ण औजार हुन्छ । फेरि खराब नेताहरूले कम शिक्षित, कम चेतना भएको समूहका मतदातालाई सुदृढ गर्छन् (चुनाव जित्ने हतियार बनाउँछन्) भने असल र विवेकी नेताहरूले प्रबुद्ध, जागरूक र सही विचार, दृष्टिकोण तथा चिन्तन गर्नेहरूको मतदाताको आधारलाई सुदृढ गराउँछन् । हामीलाई असल र विकेकी नेता अनि प्रबुद्ध नागरिक समाज चाहिएको छ । यदि मतदाताको सहभागिता नै प्रबुद्ध हुँदैन, जनस्तरबाट सुधारको मागै हुँदैन, जवाफदेहिता खोजिँदैन भने हामी खराब शासन प्रणालीमा बाँच्न अभिशप्त छौं भन्ठान्नुपर्छ ।

सुशासन, जवाफदेहिता, कानुनी शासन हुनेबित्तिकै सुधारले स्वतः गति लिन थाल्छन् । त्यी सुधारले आर्थिक विस्तारलाई बढावा दिन्छन् । जब मतदाताबीचबाटै कस्तो नीति अवलम्बन गरेर कुन-कुन उपलब्धि हासिल गर्न सकिन्छ भन्ने मानक तयार हुन्छ, यसले शासन-प्रशासन सञ्चालन गर्नेलाई उनीहरूप्रति जवाफदेही, प्रतिबद्ध र परिणाममुखी बनाउन मद्दत गर्छ ।

> नेपालमा क्रान्तिबाट स्थापित भएका अर्थात् जनताको बलबाट सत्तामा आएका नेताहरु शक्ति केन्द्रीकरण गर्दै भ्रष्टाचारमा निर्लिप्त भएका छन् । यस्ता राजनीतिज्ञहरु आफ्नो शक्ति सुदृढीकरण गर्दै सरकारमा बारम्बार दोहोरिरहन चाहेको देखिन्छ । इमानदार र निष्ठावान नेताहरूले कार्यालय धान्न स्रोत जुटाउनै गाह्रो छ

नेपाल यतिबेला दुई परस्पर विरोधी अभ्यासलाई सन्तुलन गर्न नसकिने गरी उत्कर्षमा आइपुगेको छ- एकातिर मुलुक भ्रष्टाचारको विकराल अवस्थामा छ, अर्कोतर्फ नेपाली लोकतन्त्रले सुदृढीकरण खोजिरहेको छ । भ्रष्टाचारको चपेटामा परेको मुलुकमा हरदम लोकतन्त्रमाथि खतरा सिर्जना भइरहन्छ । लोकतन्त्र सुदृढ हुनु भनेको जनउत्तरदायी, जवाफदेही, पारदर्शी र प्रतिस्पर्धामा आधारित व्यवस्थाको बलियो आधार तयार हुनु हो ।

विद्यमान अवस्थाबाट मुलुकको भविष्य नियाल्दा एकातर्फ त्रास सिर्जना हुन्छ भने अर्कोतर्फ आशाका किरणहरु पनि देखिन्छन् । मुलुकको विकासका लागि नयाँ-नयाँ चुनौती थपिएका छन् । सन् २०१५ को विनासकारी भूकम्पले जस्तै प्राकृतिक विपद्ले हाम्रो दशकौंदेखिका विकासका उपलब्धिलाई निमेषभरमा खत्तम पारिदिने जोखिम पनि त्यत्तिकै छ ।

जोखिम र समृद्धिको अवसर

जलवायु परिवर्तनले नेपालमा प्राकृतिक विपद्को जोखिम थपेको छ । विश्वव्यापी तापमान वृद्धिसँगै विश्वभर अग्ला स्थानतर्फ बढिरहेको तापक्रमले हाम्रा हिमाललाई जोखिममा पारेको छ । जलवायु परिवर्तनले सिर्जना गर्ने अनेकन चुनौती सँगसँगै नेपालको विकासका लागि क्रमशः जनसांख्यिक चुनौती पनि थपिँदै छ । आगामी दशकदेखि हाम्रो समुच्च (एजिङ) जनसंख्या बाँकी जनसंख्याको तुलनमा धेरै हुन्छ भने सन् २०५४ पछि नेपाल प्रौढ समाजमा रूपान्तरण हुनेछ । यसले हाम्रो सामाजिक सुरक्षा, स्वास्थ्यलगायत क्षेत्रमा लागत बढाउँछ भने काम गर्न सक्ने अर्थात् उत्पादक जनसंख्याको आकार सानो हुनेछ ।

पाँच दशकपछि नेपाल अल्पविकसित मुलुकबाट विकासशील नेपालको खुड्किलो चढ्दै छ । विकासशील राष्ट्रमा रूपान्तरणका लागि मुख्य तीन सूचक- प्रतिव्यक्ति कुल राष्ट्रिय आय, मानव पुँजी सूचकांक र आर्थिक जोखिम सूचकांकमध्ये प्रतिव्यक्ति आयसम्बन्धी मापदण्ड नपुगे पनि अन्य दुई सूचकका उपलब्धिबाट स्तरोन्नति हुने भएको छ । सम्भावनाका बाबजुद विकासको सुस्त रफ्तारले नेपाल विकसित नहुँदै प्रौढ समाजमा रूपान्तरण हुने जोखिम उत्तिकै छ ।

नेपालको विकास र समृद्धिका लागि अवसर अहिले पनि उपलब्ध छन् तर हामीले ती अवसरको सदुपयोग गर्न सक्नुपर्छ । यसका लागि सरकारमा स्पष्ट दृष्टिकोण, सुशासन, पारदर्शिता, मजबुत बाह्य सम्बन्ध र सहकार्य आवश्यक हुन्छ । सरकारले उच्च आर्थिक विस्तार हासिल गर्न उपलब्ध अवसरसँगै आफ्ना कदम चाल्न नसक्दा हामीले अत्यन्त महत्वपूर्ण अवसर गुमाउँछौं कि भन्ने चिन्ता नेपालीमाझ व्याप्त छ ।

मुलुकको नेतृत्व गर्दै आएका दलहरूको नेतृत्वमा प्रबुद्ध युवा नेतृत्वको उदय, नेपालको डिजिटाइजेसनतर्फको यात्रा साथै स्वच्छ र नवीकरणीय ऊर्जा-जलविद्युत्को प्रचुर सम्भावनाले भने व्याप्त निराशाका बीच केही हदसम्म आशाको सञ्चार गराएको छ ।

बढिरहेका हरेक कदममा
हाम्रो साथ छ

आफू पनि बचौं, अरुलाई पनि बचाऊ

आजै नेपाल लाइफमा जीवन बीमा गरौं

NEPALLIFE
सुरक्षा र समृद्धि

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

किनकि जीवन अमूल्य छ...

NEEK®

TRANSFORMING NEPAL FOR
28 YEARS THROUGH POWER

INTRODUCING NATURAL ESTER FLUID FILLED TRANSFORMER

- ENHANCED FIRE SAFETY
- READILY BIODEGRADABLE, BIO-BASED & CARBON NEUTRAL FOOTPRINT
- ADDITIONAL LOADING CAPACITY
- COMPACT TRANSFORMER DESIGN
- INCREASES TRANSFORMER RELIABILITY & RESILIENCE

• THANK YOU TO VALUABLE PARTNERS •

NS No. 166 | ISO 9001 CERTIFICATE ISO 9001:2015 | MGMT. SYS. RvA C 048

NEPAL EKARAT ENGINEERING CO. PVT. LTD.
Jaycees Marg, Thapathali, Kathmandu, Nepal
P.O. Box: 1939, Ph: +977 1 4243436, 4244857, 4252169
Fax: +977 1 4253612 | E-maiil: info@neek-transformer.com

वैदेशिक लगानी र नेपालको आवश्यकता

सार्वजनिक/निजी साझेदारी परियोजनाको विकासमा सरकार र विकासकर्ता दुवैको साझेदार दायित्व र जोखिम बराबर हुने हुँदा नेपालमा ठूला परियोजनाको विकासमार्फत समृद्धि हासिल गर्न सबै पक्षबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक छ

सुशील भट्ट

पृष्ठभूमि

नेपाल सरकारको समृद्ध नेपाल निर्माण गर्ने आकांक्षालाई परिणाममुखी बनाउन १५औँ योजनाले पाँच वर्षमा कुल ९ हजार २२९ अर्ब रूपैयाँ लगानी गर्ने लक्ष्य लिएको छ । यसमध्ये ५५.६ प्रतिशत निजी, ३९ प्रतिशत सरकारी र ५.४ प्रतिशत सहकारी क्षेत्रबाट जुटाउने योजना छ ।

यसैगरी २०८७ सम्म उच्च मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ । यसका साथै सन् २०३० सम्म दिगो विकास लक्ष्य (एसडीजी) हासिल गर्न हामीले वार्षिक २ हजार २५ अर्ब रूपैयाँ लगानी गर्नुपर्ने हुन्छ । यस परिप्रेक्ष्यमा करिब ४५ प्रतिशत निजी क्षेत्र तथा सहकारीबाट परिचालित हुने अपेक्षा गरिएको छ । यी सबै योजनाले सरकारको समृद्धिको दिगो लक्ष्य हासिल गर्न निजी क्षेत्रको भूमिकालाई महत्वका साथ स्वीकारेको छ । मुलुकको आर्थिक समृद्धिका लागि निजी क्षेत्रको सहकार्य र सहभागितालाई अपरिहार्य मानेको छ ।

नेपालले लिएको दिगो विकास लक्ष्यलाई पूरा गर्न ठूला तथा रूपान्तरणकारी परियोजनाको विकास गर्नु आवश्यक छ । सरकारले शिक्षा, स्वास्थ्यजस्ता जनताका प्रत्यक्ष सरोकारका विषयमा लगानी गर्नुपर्ने हुनाले यस्ता रूपान्तरणकारी परियोजनाको विकास गर्न निजी लगानीलाई प्रोत्साहित गर्नुपर्छ । कोरोना महामारीका कारण वैदेशिक लगानीमा अन्तर्राष्ट्रिय स्तरमै कमी आएको छ । त्यस्तै, हरेक लगानी गर्ने मुलुकले कोरोनाका कारण आफ्नो अर्थव्यवस्थालाई अनुकूल हुने गरी आन्तरिक लगानीमा जोड दिएकाले निजी लगानी आकर्षित गर्ने काम चुनौतीपूर्ण हुँदै गइरहेको छ ।

लगानी बोर्डको विगत र वर्तमान

१० वर्षका मुख्य उपलब्धि : नेपालमा ठूला लगानी आकर्षित गरी रूपान्तरणकारी परियोजनाको विकास गर्दै मुलुकको अर्थतन्त्रमा गुणात्मक वृद्धि गर्ने उद्देश्यले २०६८ मा लगानी बोर्ड ऐन, २०६८ अनुसार लगानी बोर्ड गठन भएको हो । यसले १० वर्षको अवधि पार गरिसकेको छ । वर्तमान अवस्थामा सार्वजनिक/निजी साझेदारी तथा लगानी ऐन, २०७५ ले लगानी बोर्डको कार्यक्षेत्र तथा अधिकार थप बढाएको छ । ५ अर्ब रूपैयाँभन्दा बढीको लगानीको स्वीकृति र २ सय मेगावाट क्षमता वा सोभन्दा बढीको ऊर्जा परियोजनाको कार्यान्वयन लगानी बोर्डले गर्दछ ।

ठूला पूर्वाधार परियोजनामा निजी क्षेत्रलाई सहभागी गराउँदै सार्वजनिक/निजी साझेदारीको मूल उद्देश्यलाई समेत पूरा गर्ने गरी लगानी बोर्डले निजी क्षेत्रसँगको सहकार्यलाई सक्रिय रूपमा अघि बढाइरहेको छ । ऊर्जा, उद्योगजस्ता ठूला रूपान्तरणकारी परियोजनाको विकासमा उल्लेख्य सफलतासमेत हासिल भइरहेको छ । राष्ट्रिय अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पार्ने ठूला पूर्वाधार परियोजनाको सहजीकरण र व्यवस्थापन गरेसँगै हालसम्म लगानी बोर्डले ८ खर्ब रूपैयाँभन्दा बढीको लगानी स्वीकृत गरिसकेको छ । करिब ९०० मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत् परियोजना, ६००० मेट्रिक टन दैनिक उत्पादन क्षमताको होड्सी शिवम् सिमेन्टजस्ता केही ठूला उद्योग लगानी बोर्डको सक्रिय सहजीकरणका परिणाम हुन् ।

लगानी बोर्डले सहजीकरण गरिरहेका परियोजनामध्ये केही निर्माण सम्पन्न भएर व्यावसायिक उत्पादनको चरणमा छन् भने

केही निर्माण चरण र निर्माण उन्मुख छन् । करिब ३ खर्ब रूपैयाँ लगानी बराबरका परियोजना निर्माणको चरणमा छन्, जसलाई समयमै सम्पन्न गर्न बोर्डले सहजीकरण गरिरहेको छ । करिब ३६ अर्ब रूपैयाँ लगानीको होङ्सी शिवम सिमेन्टले सन् २०१९ देखि नै व्यवसायिक उत्पादन सुरू गरिसकेको छ । करिब ९०० मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत् परियोजनाको ४० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ भने करिब १४ अर्ब रूपैयाँ लगानीको ह्वासिन नारायणी सिमेन्ट उद्योग निर्माण सम्पन्न भई चाँडै व्यावसायिक उत्पादनको तयारीमा छ ।

लगानी बोर्डमार्फत सहजीकरण भइरहेका परियोजना विवरण

परियोजनाको चरण	ऊर्जा	गैरऊर्जा	कुल
निर्माण सम्पन्न भएका परियोजना	-	१	१
निर्माणको क्रममा रहेका परियोजना	२	१	३
कार्यान्वयनको प्रारम्भिक चरणमा रहेका परियोजना	१		१
सम्झौताको चरणमा रहेका परियोजना	१	२	५
खरिदको चरणमा रहेको परियोजना	१	२	३
अध्ययन मुल्यांकनको चरणमा रहेका परियोजना	-	३	३
सम्भाव्यता अध्ययनको चरणमा रहेका परियोजनाहरू	३	२	५
पूर्वसम्भाव्यता अध्ययन हुन लागेका परियोजनाहरू	-	८	८
कुल	८	१९	२७

नेपाललाई आकर्षक लगानी गन्तव्यको रूपमा विश्वसामु परिचित गराउन सन् २०१७ र २०१९ मा लगानी बोर्डले अन्य निकायसँगको समन्वयमा दुई वटा लगानी सम्मेलन आयोजना गरिसकेको छ । उक्त सम्मेलनमा लगानीकर्ताबाट उत्साहजनक प्रतिबद्धता प्राप्त भएको थियो । तीमध्ये केही ठूला परियोजना हाल कार्यान्वयनको विभिन्न चरणमा छन् ।

बोर्डले सुरू गरेका नवीनतम कार्य

परियोजना बैंक : लगानी बोर्डले ठूला लगानीकर्ता आकर्षित गर्न भरपर्दो तथा लगानीयोग्य परियोजनाको आवश्यक हुने कुराको महसुस गरी परियोजना बैंकको तयारी गरिरहेको छ । सार्वजनिक तथा निजी लगानीमा परिचालन हुने परियोजनाको आइडिया नोट र कन्सेप्ट नोट हुँदै सम्भाव्यता अध्ययनसहितको समग्रमा परियोजना चक्र व्यवस्थापनका लागि परियोजना बैंक स्थापना गर्ने दिशामा कार्य भइरहेको छ । यसबाट परियोजनाको विश्वसनीयतामा बढी लगानीकर्ता आकर्षित हुने अपेक्षा गरिएको छ ।

ज्ञान व्यवस्थापन : परियोजनाको यथार्थ विवरण र स्थितिको वैज्ञानिक भण्डारण गरी तथ्यमा आधारित निर्णय प्रक्रियामा सहयोग गर्न 'नलेज म्यानेजमेन्ट पोर्टल' प्रणालीको विकास भएको छ । बोर्डले कुनै पनि आयोजनाको अवस्था एकै क्लिकमा हेर्न सकिने गरी यो पोर्टल विकास गरिएको छ । हालसम्म दुइटा परियोजना अरूण-३ जलविद्युत् परियोजना र होङ्सी शिवम् सिमेन्टको तथ्यांक र विवरण उक्त प्रणालीमा समाविष्ट गर्ने कार्य सम्पन्न भइसकेको छ ।

वेबमा आधारित एकल बिन्दु सेवा : लगानी बोर्ड तथा सम्बन्धित सरकारी निकायबाट प्रवाह हुने सम्पूर्ण सेवालाई एकीकृत रूपमा प्रवाह गर्ने उद्देश्यले ऐनमा व्यवस्था भएबमोजिम वेबमा आधारित एकल बिन्दु सेवा केन्द्र स्थापनाका लागि आवश्यक गृहकार्य अगाडि बढेको छ । यस सम्बन्धमा आवश्यक आधार र प्रारूप तयार भइसकेको हुँदा चालू आर्थिक वर्षभित्र वेबमा आधारित एकल बिन्दु सेवा सञ्चालन गर्ने तयारीमा कार्यालय अगाडि बढेको छ । यसले सेवा प्रभावकारिता वृद्धि हुनुका साथै लगानीकर्ताको सन्तुष्टि बढाउने अपेक्षा गरिएको छ ।

लगानी प्रवर्द्धन : लगानी प्रवर्द्धन गर्नु लगानी बोर्डको प्रमुख कार्यमध्ये एक हो । विगत एक वर्षमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था, विदेशस्थित कूटनीतिक नियोगहरू, नेपालस्थित विदेशी दूतावासहरू, निजी क्षेत्रका संगठित संस्थासँगको सहकार्यमा लगानी प्रवर्द्धनका दुई दर्जनभन्दा बढी कार्यक्रम आयोजना सम्पन्न गरिएको छ । त्यसैगरी विभिन्न प्रदेश सरकारलाई लगानी सम्मेलन आयोजना गर्दा पूर्वतयारीमा गर्नुपर्ने विषयका सम्बन्धमा परामर्श उपलब्ध गराइएको छ ।

गत २३ भदौमा लगानी बोर्ड स्थापनाको १० औं वार्षिकोत्सव अवसरमा मिनी लगानी सम्मेलनका रूपमा भव्य कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवासहित सरकारका उच्चपदस्थ पदाधिकारीका साथै विभिन्न

सार्वजनिक तथा निजी लगानीमा परिचालन हुने परियोजनाको आइडिया नोट र कन्सेप्ट नोट हुँदै सम्भाव्यता अध्ययनसहितको समग्रमा परियोजना चक्र व्यवस्थापनका लागि परियोजना बैंक स्थापना गर्ने दिशामा कार्य भइरहेको छ ।

मुलुकका २०० भन्दा बढी लगानीकर्ता, प्रवर्द्धक, विकासकर्ता, द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार र विदेशस्थित कूटनीतिक नियोगका पदाधिकारीको भौतिक तथा भर्चुअल माध्यमबाट उपस्थिति भएको थियो ।

आरएसीआईक्यूको विकास : लगानी बोर्डको स्वीकृत वार्षिक कार्यक्रम तथा बोर्डका अन्य कार्यलाई समयमै सम्पन्न गरी नतिजा प्राप्त गर्न जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्ट किटान गरी जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले आरएसीआईक्यू (Responsibility, Accountability, Consultation, Informed and Quality Assurance) को कार्यान्वयन सुरू भएको छ । उक्त संयन्त्रअनुसार परियोजना पहिचान, परियोजना अध्ययन तथा विकास, लगानी प्रवर्द्धन, परियोजना खरिद, परियोजना सम्झौता तथा कार्यान्वयनका कार्य समयमै अघि बढिरहेका छन् ।

भावी कार्यदिशा : लगानी बोर्डले पहिलो पटक व्यावसायिक योजनासहितको रणनीतिक योजना स्वीकृत गरेको छ । यसले लगानी बोर्डको भावी रणनीतिक क्रियाकलापलाई मार्गदर्शन गरेको छ । उक्त रणनीतिक योजनाले परियोजना विकास तथा व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकास तथा समन्वय, सहकार्य र साझेदारी गरी चारखम्बे रणनीतिलाई अँगीकार गरेको छ ।

उक्त योजनाले सन् २०२६ सम्म प्राप्त गर्ने गरी पाँच वटा मुख्य लक्ष्य तय गरेको छ । यसले आगामी पाँच वर्षमा करिब १० खर्ब रूपैयाँ विदेशी लगानी स्वीकृत गर्ने, ६ अर्ब अमेरिकी डलर बराबरको सार्वजनिक/निजी साझेदारीका परियोजना व्यवस्थापन गर्ने, कम्तीमा १ लाख रोजगारी सिर्जना गर्न सहयोग पुऱ्याउने, प्रभावकारी लगानी प्रवर्द्धनद्वारा लगानीको वातावरण सुधार गर्न योगदान पुऱ्याउने तथा लगानी बोर्डलाई सार्वजनिक/निजी साझेदारीको उत्कृष्ट केन्द्रको रूपमा विकास गर्ने मूल लक्ष्य लिएको छ ।

उक्त रणनीतिक योजनाअनुसार लगानी बोर्डले लगानी योग्य परियोजना तयार गर्ने सम्बन्धमा सरकारी तथा निजी क्षेत्रका विभिन्न निकायसँग छलफल गरिरहेको छ । परियोजना विकासका लागि विभिन्न ९ वटा परियोजना अध्ययनको काम अगाडि बढेको छ ।

लगानी प्रवर्द्धनका सम्बन्धमा थ्री आरको रणनीतिबमोजिम सम्भाव्य लगानीकर्तामाझ पुग्ने, लगानीकर्तालाई टिकाइराख्ने र तिनलाई पुनः आकर्षित गर्ने गरी कार्यक्रम अगाडि बढाइएको छ । यसका लागि नेपालमा लगानी गर्न भित्रिइसकेका लगानीकर्तालाई यही राख्न र पुनर्लगानी गर्न उपयुक्त वातावरण बनाउन आवश्यक देखिएको छ । यसका लागि लगानी बोर्डले हालै लगानी सम्बन्धमा नेपालमा नीतिगत तथा अन्य समस्याबारे एउटा अध्ययनसमेत गरिसकेको छ । उक्त अध्ययनमा निजी क्षेत्र, साना-ठूला लगानीकर्ता र नेपाल सरकारका निकायको धारणा समेटिएको छ । यो अध्ययनले केही गहन विषयसमेत उठाएको छ । नेपालमा लगानीको वातावरणलाई थप सुधार गर्न यो अध्ययनले उजागर गरेका विषयका सम्बन्धमा लगानी बोर्डले निजी क्षेत्र रसरकारका सरोकारवाला निकायसँग संवाद थालिसकेको छ । हामी सबै निकाय एकबद्ध भएर अघि बढेको खण्डमा नेपाललाई विश्वको एक उत्कृष्ट लगानी गन्तव्यको रूपमा विकास गर्न सकिन्छ ।

यसैगरी लगानी बोर्डलाई पीपीपीको उत्कृष्ट केन्द्रको रूपमा विकास गर्न यस सम्बन्धमा आवश्यक नीति, नियमको अध्ययन भइरहेको छ । पीपीपीको नोडल एजेन्सीको रूपमा लगानी बोर्ड यस सम्बन्धमा केन्द्रदेखि प्रदेश र स्थानीय स्तरसम्मका सरकारी निकाय र निजी क्षेत्रसँग समन्वय एवं सहकार्य गरी अघि बढ्ने योजनामा रहेको छ । सार्वजनिक/निजी साझेदारी परियोजनाको विकासमा सरकार र विकासकर्ता दुवैको साझेदार दायित्व र जोखिम हुने हुँदा नेपालमा ठूला परियोजनाको विकासमार्फत समृद्धि हासिल गर्न सरकार, निजी क्षेत्र एवं समुदायबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक छ ।

दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !

यस नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी दूरसञ्चार सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरुले प्रदान गरेको दूरसञ्चार सेवाका सम्बन्धमा समस्या भएमा दूरसञ्चार उपभोक्ताहरुले सम्बन्धित सेवा प्रदायकहरुलाई गुनासो गर्दा पनि समस्या समाधान नभएको खण्डमा यस प्राधिकरणको कार्यालयको सम्पर्क नम्बर तथा कार्यालयको इमेल मार्फत गुनासो व्यवस्थापन गरिदै आएको छ । हाल दूरसञ्चार सेवाका सम्बन्धमा उपभोक्ताहरुको गुनासोलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि कार्यालयको सम्पर्क नम्बर तथा इमेलको अतिरिक्त गुनासो ब्यबस्थापन प्रणाली (Complaint Handling System) समेत तयार गरी सोझै प्राधिकरणको Website मा राखिएको **"गुनासो ब्यबस्थापन प्रणाली (Complaint Handling System)"** मा समेत गुनासो दर्ता गराउन सक्ने व्यवस्था गरेको ब्यहोरा सम्पूर्ण दूरसञ्चार उपभोक्ता तथा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।

नेपाल दूरसञ्चार प्रधिकरण, उपभोक्ता हित संरक्षण शाखा,
जमल, काठमाडौं, नेपाल ।
पो.ब.नं.: ९७५४
फोनः +९७७-१-५३५५४७४, ५३५४७१७, ५३५५६४९
फ्याक्सः +९७७-१-५३५५२५०
इमेलः ntra@nta.gov.np, वेबसाइटः www.nta.gov.np

Coca-Cola
TASTE THE FEELING™
ORIGINAL TASTE
Coca-Cola
SINCE 1886
खाना जे होला
स्वाद बढाउन Coca-Cola
"COCA-COLA" and "COKE" are the registered trademarks of The Coca-Cola Company. Carbonated Beverage.

मिश्रित अर्थव्यवस्था र समाजवाद

कम्युनिस्ट र गैरकम्युनिस्टमा समाजवादको परिभाषा फरक छ, एउटाले राज्य नियन्त्रित कुरा गर्छ भने अर्कोले राजनीतिक स्वतन्त्रतासहित सामाजिक न्यायको कुरा गर्छ । हाम्रो अर्थतन्त्रको स्वरूप प्रजातान्त्रिक समाजवाद उन्मुख हो वा होइन भन्नेमा पनि प्रस्ट हुन सकेकै छैनौँ



सुरेन्द्र पाण्डे

संविधान बनाउँदा नै हामी हाम्रो आर्थिक नीति खुला, उदार रहने कुरामा सहमत भएका छौँ । हामी राज्य नियन्त्रित अर्थव्यवस्थाको पक्षमा छैनौँ । साथै, सबै कुरा बजारलाई छाड्नुपर्छ भन्नेमा पनि छैनौँ । एक समय बजारको मुद्दालाई बजारमै छोड्नुपर्छ भन्ने थियो । अहिले त्यो अवस्था छैन ।

सन् २००८ को विश्व संकटपछि राज्यहरूलाई बढी सक्रिय बनाइएको छ । आर्थिक रूपमा टाट पल्टिन लागेका संस्थाहरूलाई सरकारले नै पैसा हालेर बचाउने गरेको छ । अब पूर्ण रूपले खुला अर्थतन्त्र अस्तित्वमा देखिँदैन र पूर्ण रूपले राज्य नियन्त्रित अर्थतन्त्र पनि अस्तित्वमा देखिँदैन । हामीले पनि हाम्रो देशको अर्थव्यवस्था मिश्रित हुने भनेका छौँ ।

मिश्रित अर्थव्यवस्था र अभ्यास

हामीले तीन खम्बे अर्थनीतिको पनि कुरा गरेका छौँ । जसमा राज्य, निजी क्षेत्र र सहकारी रहेको छ । तीनै क्षेत्रको उपयुक्त संयोजनमा हाम्रो अर्थव्यवस्था अघि बढ्नेछ । हाम्रो संविधानले समाजवाद उन्मुख अर्थव्यवस्थाको परिकल्पना गरेको छ, तर यसमा समाजवादको व्याख्या गरेको छैन ।

कम्युनिस्ट र गैरकम्युनिस्टमा समाजवादको परिभाषा फरक रहेको छ । एउटाले राज्य नियन्त्रित कुरा गर्छ भने अर्कोले राजनीतिक स्वतन्त्रतासहित सामाजिक न्यायको कुरा गर्छ । हाम्रोमा वैज्ञानिक र प्रजातान्त्रिक समाजवाद भनिएको छ । तर, हामीले हाम्रो अर्थतन्त्रको स्वरूप प्रजातान्त्रिक समाजवाद उन्मुख हो वा होइन भन्नेमा छलफल गरेर प्रस्ट हुन सकेका छैनौँ । हामीले अर्थव्यवस्थाको ढाँचामा समाजवादको विशेषता, सामाजिक क्षेत्र वा पछि परेका समुदायमा लगानी गरेर धनी र गरिबको खाडल बढेर समाजमा कलह निम्तिन दिनुहुँदैन । त्यसलाई हटाए मात्रै स्थिरता कायम भएर विकास सहज हुनेछ भनिएको छ ।

हाम्रो अर्थतन्त्र राजनीतिक अर्थतन्त्र हो । हामीले राजनीतिलाई समावेशी बनाएका छौँ । सबै जाति, क्षेत्रलाई समान रूपमा सहभागी गराएका छौँ । हामीले गरिबलाई गरिब नै हुन नदिने र धनीलाई धनी हुन नरोक्ने भनेका छौँ । यहीअनुसार सरकारी नीतिको ठोस र प्रभावकारी कार्यान्वयन हुन आवश्यक छ ।

सम्भावना कृषिको

पहिला कम्युनिसष्टहरूले कृषि भनेपछि जग्गा बाँड्ने कुरा गरे । ३०/४० वर्षअघि मानिस खेती गर्न जग्गाको किनबेच गर्थे । अहिले खेती गर्न जग्गाको किनबेच हुन छाडेको छ र तत्कालै मुनाफा आर्जन गर्न किनबेच हुने गरेको छ । अन्यत्र लगानी गर्ने ठाउँ नभएको र जग्गामा लगानी गरे बढी मुनाफा आउँछ भनेर किनबेच हुने गरेको छ ।

पहिला जमिनदारको हातमा जग्गा हुने गरेको थियो । अहिले प्लटिङ गर्ने व्यापारीको हातमा जग्गा छ । यो अवस्थालाई परिवर्तन गर्न आवश्यक छ । देशमा आवश्यक पर्ने उत्पादनलाई सुनिश्चित गर्ने गरी कृषिलाई कसरी बढी उत्पादनमूलक बनाउने भन्नेमा ध्यान दिनु जरूरी छ । अब पनि टुक्रे खेती गरेर उत्पादन बढ्दैन । यसले उत्पादनको लागत मात्रै बढाउँछ । अहिले कृषकसँग भएको जग्गामा गोरू वा ट्र्याक्टर लगाएर गरेको खेतीबाट लागत पनि उठ्ने सम्भावना छैन । थोरै जग्गा हुनेले

गोरू किन्नसम्म सक्दैनन्, ट्र्याक्टर किन्ने धेरै परको विषय हो । ट्र्याक्टर किन्नेको पनि खेतीमा मात्रै गरेर लागत उठ्दैन । ठूलो प्लटमा खेती गर्न ठाउँ छैन । हाम्रो उत्पादन लागत धेरै छ । लागत बढी भएपछि हामी कुनै पनि सामान सस्तोमा बिक्री गर्न सक्दैनौँ ।

धेरै जमिनमा खेती नगर्ने हो भने त्यसबाट प्रतिफल आउँदैन, कृषिप्रति मान्छेको रूचि पनि हुँदैन । विभिन्न देशमा जमिन राज्यको हुन्छ । राज्यले खेती गर्न जमिन दिन्छ । अमेरिकामा सबै जमिन राज्यको छ । यो वर्ष यो खेती गर्नू भनेर राज्यले तोक्छ । इजरायलमा पनि सबै जमिन राज्यको छ । चीनमा जग्गा राज्यले भाडामा दिन्छ । विश्वका विभिन्न देशमा मेसिनले काम गर्छन् । परिश्रम थोरै, उत्पादन धेरै हुन्छ । नेपालमा परिश्रम धेरै, उत्पादन थोरै छ । अब नेपालमा राज्यले जग्गा खोस्दा विद्रोह हुन्छ । मानिसले यसलाई सम्पत्तिको रूपमा बुझेका छन् । जमिन बाँझो राख्छन् तर खेती गर्दैनन् ।

यसका लागि नयाँ नीति आवश्यक छ । जस्तै, ताप्लेजुङ, इलाम, पाँचथर, संखुवासभालगायत जिल्लामा अलैंची लगाउन दिने । त्यहाँका किसानले अरु बाली लगाउन पनि पाउने । तर, राज्यले तोकेको बाली लगाउने हो भने राज्यले सहुलियतपूर्ण कर्जा दिने, अलैंची प्रशोधनका लागि आवश्यक भौतिक पूर्वाधार तयार पार्ने, प्राविधिक पठाउनेलगायत काम गर्नुपर्छ । त्यसबाट हुने उत्पादनका लागि कारखाना बनाउन सहयोग दिन सकिन्छ । निर्यातका लागि बजार खोजिदिन सकिन्छ ।

यस्तै, सिराहा, सप्तरीमा आँप लगाउन सकिन्छ । आँपको जुस खरिद नगरी यही उत्पादन गर्न सकिन्छ । कतिपय जिल्लामा माछापालन गर्न सकिन्छ । राजधानी वरिपरिका जिल्लामा तरकारी खेतीलाई प्रोत्साहन गरौँ । त्यसका लागि सहुलियत दिऔँ । जुम्ला, मुस्ताङमा स्याउ, जडीबुटी, गुल्मीमा कफी लगाउन त्यहाँका कृषकलाई प्रोत्साहत गरौँ । तराईका केही जिल्ला धानका लागि छुट्याऔँ । अब हामीले नयाँ ढंगको खेती सुरू नगरी हुँदैन । यसका लागि कानुन, कर वा अन्य विधि पनि प्रयोग गर्न सकिन्छ । हामीले किसानबाट जग्गा खोस्ने हो भने पुरानाको तरिका अपनाएर हुँदैन । यसका लागि तरिका नयाँ चाहिन्छ । अबको समयमा हामीले कृषिमा रूपान्तरण गर्न आवश्यक छ । त्यो भएन भने हामी धेरै पछि पर्नेछौँ ।

> विश्वका विभिन्न देशमा मेसिनले काम गर्छन् । परिश्रम थोरै, उत्पादन धेरै हुन्छ । नेपालमा परिश्रम धेरै, उत्पादन थोरै छ । नेपालमा राज्यले जग्गा खोस्दा विद्रोह हुन्छ । मानिसले यसलाई सम्पत्तिको रूपमा बुझेका छन् । जमिन बाँझो राख्छन् तर खेती गर्दैनन्

उद्योगमा रूपान्तरण र रोजगारी

उद्योग क्षेत्रको जीडीपी (कुल गार्हस्थ उत्पादन) मा ५ प्रतिशत योगदान छ । त्यो पनि अहिले घटिरहेको छ । सेवा क्षेत्र बढेको छ । बैंकलगायतका क्षेत्रको योगदान जीडीपीमा बढिरहेको छ । रिटेल ट्रेडले १३, १४ प्रतिशत योगदान गरिरहेका छन् । यो भनेको क्रय बिक्रयमा भयो । हामीले उद्योगको भूमिका बढाउन नसक्ने हो भने औद्योगिकीकरणमा जान सक्दैनौँ । औद्योगिकीकरण नगरेसम्म रोजगारी सिर्जना हुँदैन । नेपालमा रोजगारी नभएका कारण युवाहरु बिदेसिएका छन् । आन्तरिक रोजगारी बढाउन भए पनि उद्योगमा लगानी आवश्यक छ ।

नेपालमा अहिले जग्गाको भाउ निकै बढेको छ । अहिलेको अवस्थामा जग्गा किनेर उद्योग खोल्न सकिँदैन । औद्योगिकीकरणका लागि सरकारले सस्तोमा जग्गा उपलब्ध गराउनुपर्छ । त्यो जग्गामा अन्य खालको व्यवसाय गर्न नपाउने व्यवस्था गर्नुपर्छ । व्यापार र अन्य क्षेत्रमा लिने ब्याजदर फरक हुनुपर्छ । व्यापारले सीमित व्यक्तिलाई रोजगारी दिन्छ । उद्योगले धेरैलाई रोजगारी दिन्छ । अब हामीले नयाँ औद्योगिकीकरणको सोच गर्न आवश्यक छ ।

युरोप, अमेरिका जाने मानिस नेपालमा फर्केर केही गर्ने सम्भावना कम हुन्छ । तर, जापान, इजरायल, खाडी मुलुक जाने नेपाली ढिलो चाँडो आउने नेपालमै हो । उनीहरूले पैसा र सीप दुवै लिएर आउँछन् ।

त्यसैले मलेसिया, खाडी मुलुकमा गएर आउने नेपालीलाई उत्पादनमा लगाउने र उत्पादनको बजारीकरणमा सहजीकरण गर्ने, जापान, इजरायल र दक्षिण कोरिया जानेबाट पैसा तथा सीपको सदुपयोग गर्ने तथा युरोप, अस्ट्रेलिया जानेहरु नआए पनि प्राप्त पैसाबाट लाभ लिने खालको नीतिबाट हामी अघि बढ्नुपर्छ ।

सहकारीको भूमिका

विश्वका कैयौँ देशमा सहकारीको भूमिका निकै राम्रो छ । हाम्रो देशमा सहकारीको भूमिका पृथक खालको छ । नेपालमा सहकारी समाजवाद उन्मुख पनि छ । पुँजीवाद उन्मुख पनि छ । सहकारी आफैंमा छुट्टै अर्थव्यवस्था होइन ।

कतिपय समाजवादी देशमा क्रान्ति भए पनि जमिन सहकारीको अधीनमा रहे । नेपालको सहकारी बढी बचत तथा ऋणमा केन्द्रित छ । सामान्य किसानको जमिन धरौटी राखेर बैंकले जस्तै काम गरिरहेका छन् । नेपालमा सहकारी नयाँ खालको बैंकको रूपमा आएका छन् । सहकारीले उत्पादनको क्षेत्रलाई बढाउने नभएर नयाँ बैंकको रूपमा काम गरिरहेका छन् ।

सहकारीले सजिलै ऋण दिने, असुल नभएको खण्डमा बैंकले जस्तो धितो लिलाम गर्ने गरेका छन् । यसै कारण सहकारीमा बचत तथा ऋणको फैलावट भएको हो । सहकारी कृषिमा केन्द्रित भएको भए यसको प्रभावकारिता बढ्ने थियो । रोजगारी बढाउन सक्ने थियो । तर, सहकारी दोस्रो बैंकको भूमिकामा रहेको छ । सहकारी उत्पादनमा केन्द्रित हुन सकेको छैन । उत्पादन केन्द्रित सहकारी आवश्यक छ । राज्यले पनि त्यसतर्फ नीति बनाउन आवश्यक छ । साना तथा घरेलु उद्योग बनाउने हो भने औद्योगिकीकरणमा सहयोग गर्नेछ । तर, अहिले त सहकारीबाट फाइनान्स कम्पनी, फाइनान्स कम्पनीबाट लघुवित्त हुँदै बैंक बनाउनेतर्फ लागेका छन् । यसलाई उत्पादनमा जोड दिन आवश्यक छ । त्यसबाट अर्थतन्त्र निर्माण र रोजगारी सिर्जनामा लाग्नु छ ।

कर्मचारीतन्त्रमा सुधार र प्रविधि विस्तार

अर्थतन्त्र सुधार गर्न पहिला कर्मचारीतन्त्रमा सुधार गर्न आवश्यक छ ।

अहिलेको कर्मचारीतन्त्रले म परिवर्तन गर्छु, म परिवर्तनको संवाहक हुँ भन्ने विश्वास दिन सक्दैन ।

१९औँ शताब्दीको पुँजीवादको चरित्र वस्तु बनाएर वस्तु बिक्री गर्ने र मुनाफा लिने खालको थियो । त्यो बेला श्रमिकले धेरै समय काम गर्नुपर्ने थियो । २०औँ शताब्दीमा युरोपबाट बनाएर ल्याएको सामान भारतमा बिक्री गरेर पैसा लिएर जानुभन्दा बेलायतबाट पैसा ल्याएर भारतमा उद्योग खोल्ने, त्यहाँको कच्चा पदार्थ किन्ने, त्यहाँका मजदुरलाई रोजगारी दिने, त्यही बिक्री गर्ने र पैसा मात्रै लैजाने गरियो ।

२१औँ शताब्दी नलेज क्यापिटालिमतिर गएको छ । यसले ठूलो परिवर्तन ल्याउँदै छ । अबको समय भनेको इन्टरनेटको जमाना पनि हो । मानवरहित कार, स्क्रिप्ट करेन्सी, डिजिटल करेन्सी, एआई, थ्री डी प्रिन्टिङलगायत छन् । यो कुरा हाम्रोमा कसैले पनि बुझेका छैनन् । अब यता लगानी हुन आवश्यक छ ।

अघिल्लो पुँजीवादले प्रकृतिबाट लाभ लिने गरेको थियो । अहिलेको पुँजीवादले मानवको भावनामाथि अध्ययन गरेर मानिसलाई नै सामान बिक्री गरेर नाफा कमाउन थालेको छ ।

मोबाइलमा प्रयोग भएका डाटा लिएर तपाईं कस्तो मान्छे हो, थाहा पाएर तपाईंलाई चाहिने कुरा मात्रै अर्डर गर्छ । तपाईंले चाहेको कुरा तपाईंको मोबाइलमा विज्ञापनको रूपमा आउन थालेको छ । सन् २०३० सम्म पुग्दा एआईले मात्रै १६ ट्रिलियन डलर नयाँ इकोनोमी थप्दै छ । त्यसको प्रभाव कस्तो होला ? यसले कस्तो प्रभाव पार्ला ? त्यसको अध्ययन गर्न आवश्यक छ । हिजो जमिन, तेलमाथि कब्जा गर्ने रणनीति थियो । त्यो नै सबैभन्दा ठूलो धन थियो । अबको समय भनेको प्रविधिको हो । हामी अब यता अग्रसर हुन सकेनौँ भने नेपाल धेरै पछि पर्नेछ ।

अब लगानी कहाँ ?

अब केही क्षेत्रमा सरकारले लगानी गर्न आवश्यक छ । पहिलो भनेको शिक्षा नै हो । अब राज्यले १२ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गर्न आवश्यक छ । समाजको सबैभन्दा ठूलो रूपान्तरण शिक्षाले गर्छ । जग्गा बाँडेर समस्या समाधान हुँदैन । जग्गा सीमित छ । मान्छे बढिरहन्छ । नबढ्ने जग्गा दिन सकिँदैन । आवास दिनुपर्छ । दोस्रो भनेको स्वास्थ्य हो । हामीले सबै नागरिकको उपचारको सुनिश्चितता गर्न आवश्यक छ । आधारभूत शिक्षाको व्यवस्था सरकारले गर्नुपर्छ । तेस्रो, सबैलाई आवासको सुनिश्चितता गर्नुपर्छ । चौथो भनेको सामाजिक सुरक्षा हो भने पाँचौँमा कृषिको सुधार । यसले देशमा नै रोजगारी सिर्जना गर्न मद्दत गर्छ । उत्पादनमा औजार प्रयोग गरेपछि जनशक्ति कम भए पनि हुन्छ । यसले उत्पादन बढ्छ । छैटौँ भनेको औद्योगिकीकरणमा नयाँ नीति अवलम्बन गर्नु हो । त्यसका लागि ब्याजदरमा सहुलियत दिन सकिन्छ । यसरी आवश्यक ठाउँमा संरक्षण गर्दै नेपालको राष्ट्रिय उद्योग निर्माण गर्ने समाजवादको आधार हो । यसले हामी आत्मनिर्भर हुँदै जाने र कतिपय सामान निर्यात गर्न पनि सक्छौँ । हामीले नीति बनाउँदा निर्यातमा जोड दिनैपर्छ । निर्यात गर्न थालेपछि सामानको गुणस्तर राम्रो हुन्छ । यसले आयात प्रतिस्थापन हुन्छ । त्यसले हामीलाई विदेशका उद्योगधन्दासँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्छ । अबको दिनमा मुलुकले यस्तो नीतिमा तीव्र रूपमा अघि बढ्न आवश्यक छ ।

नेपालमा सरकारी वा निजी क्षेत्रले लगानी बढाउने पहिलो ठाउँ भनेको कृषि नै हो । संसारका जति देश औद्योगिकीकरणमा गएका छन्, ती सबै कृषिबाटै आएका हुन् । कृषि प्रणालीलाई ती देशले औद्योगिक वातावरण सिर्जना गरेर विकसित भएका हुन् ।

कृषि कार्य गर्ने देशमा पूर्ण रूपमा मेसिनबाट काम हुन्छ । हाम्रोमा त्यो हुन सकेको छैन । नेपालमा परम्परागत खेती मात्रै छ । जीडीपीमा २७ प्रतिशत योगदान गरेको, करिब ६५ प्रतिशत मानिस आश्रित रहेको कृषि क्षेत्रमा रूपान्तरण आवश्यक छ । यसमा सबै निकायको लगानी आवश्यक छ ।

शिक्षाले धेरै अवसरको सिर्जना गर्छ । हामीले अब फरक ढंगले सोच्न आवश्यक छ । विश्वका विभिन्न देशले शिक्षामा धेरै लगानी गरेका छन् । नेपालमा विद्यालय खोल्न रोक लगाउने गरेको छ । नेपालमा पढ्न नपाएपछि पैसा त विदेश जाने भयो । त्यो पैसा रोक्न नेपालमै शिक्षा क्षेत्रमा लगानी आवश्यक छ । नेपालमा अन्य लगानी गर्न दिने तर विद्यालय खोल्न लगानी ल्याउने सहजीकरण गर्ने गरेका छैनौँ । अब शिक्षा क्षेत्रमा पनि लगानी भित्र्याउनुपर्छ । राज्यले पनि लगानी गर्नुपर्छ ।

२०४६ पछिको अर्थतन्त्रका सबल र दुर्बल पक्ष

२०४६ पछि नेपालको अर्थतन्त्रमा धेरै विकास भएको छ । त्यो बेला हाम्रो अर्थतन्त्रको आकार सानो थियो । त्यो बेला हामी विदेशी ऋण र सहायतामा आश्रित थियौँ । त्यो बेला राजस्व असुली कमजोर थियो । तर, अहिले अवस्था त्यो छैन । हामी धेरै सुधार हुँदै गएका छौँ । सेयर बजारको पनि सुधार हुँदै छ । बजार पुँजीकरण करिब ४२ खर्बसम्म पुग्यो । यो हेर्दा हाम्रो अर्थतन्त्र विकास भइरहेको छ । तर, हाम्रोमा सुरूदेखि अहिलेसम्म रोजगारीको समस्या कायमै छ । रोजगारीको चुनौती हटेको छैन । वैदेशिक रोजगारीमा जाने बढिरहेका छन् । १९९० पछि हामी उदारीकरणमा गयौँ । सरकारले चलाएका उद्योग घाटामा गए । नेपालमा उद्योग खुल्छन् । रोजगारी बढ्ला भनेको उद्योगको योगदान घट्न थाल्यो । वैदेशिक रोजगारीमा जानेको संख्या बढ्न थाल्यो । हामीले जे गर्ने भनेका थियौँ, त्यो भएन । त्यसमा हामीले समीक्षा गर्नैपर्छ ।

विदेशमा जाने मात्रै नभएर नेपालमा भएकालाई पनि रोजगारी दिन सकिएको छैन । नेपालमा पनि अर्धबेरोजगार धेरै छन् । पूर्ण रूपले काम पाएका छैनन् । आन्तरिक रोजगारीको समस्या अन्त्य गर्न, विदेशमा रहेका नेपालीलाई नेपालमा रोजगारी दिने सबैभन्दा ठूलो चुनौती छ ।

नेपालमा जनशक्ति अभावका कारण स्वदेशी उत्पादन बढ्न सकेको छैन । कृषि कार्य नगर्ने, विप्रेषणको पैसा दैनिक उपभोगमा खर्च हुने, आयात बढ्ने गर्दा व्यापार घाटा बढेको छ । अहिलेको अवस्था रहने हो भने कुन दिन विदेशी विनियम सञ्चितमा चाप पर्छ । त्यो भन्न सकिँदैन ।

यो चुनौती कायम छ । यो चुनौती अर्थतन्त्रका आधारभूत समस्या हुन् । यो समस्यामा प्रवेश नगरी कुनै पनि उपलब्धि हासिल गर्न सकिँदैन । यो समस्या समाधान गर्न कर्मचारी प्रशासन परिवर्तन हुन आवश्यक छ । कर्मचारी प्रशासन परिवर्तन हुनै चाहँदैन । काम ढिला हुने, जवाफदेही नहुने समस्या छ । यसले गर्दा नेपालमा बसेर केही काम गरौँ भन्ने लाग्ने अवस्था छैन । नेपालमा प्रणालीले काम गरेको छैन । भनसुनले मात्रै काम गर्दा देश अघि बढ्न सक्दैन । यो काम हामीले गर्न आवश्यक छ ।

हामी दोस्रो चरणको आर्थिक सुधारतर्फ लागेका छौँ । यसमा अस्थिर राजनीतिले पनि धेरै असर पारेको छ । आर्थिक प्रगतिमा फड्को मार्न असर पारेको छ । विश्वका कयौँ देशमा राजनीतिक अस्थिरता भए पनि प्रणालीमा हस्तक्षेप गर्दैनन् । इजरायलमा २ वर्षको अवधिमा ५ पटक चुनाव भयो । तर, त्यहाँको प्रणालीमा कुनै असर पारेको छैन । यस्तो विषय हामीले पनि अनुसरण गर्नुपर्छ ।

UNITED INSURANCE

ESTD. 1993

"All your general insurance needs, under one roof."

- Property Insurance
- Motor Insurance
- Marine Insurance
- Health Insurance
- Engineering Insurance
- Travel Medical Insurance
- Agriculture Insurance
- Micro Insurance
- Aviation Insurance
- Third Party Insurance
- Personal Accident Insurance
- Bankers Indemnity Insurance

UNITED INSURANCE
United Insurance Co. (Nepal) Limited

Thapathali, Kathmandu, Nepal
P.O. Box: 9075, Kathmandu, Nepal
+977-1-5111111/2
info@unitedinsurance.com.np

नेपालमा सुधार : कानुनी दृष्टिकोण

गतिशील ढाँचाको सुशासनतर्फको पहिलो पाइला भनेकै शासकीय कानुनहरू संक्षिप्त र सटिक हुनुपर्छ । कानुनले तब मात्र विवेकसम्मत ढंगले काम गर्न सक्छ जब यसमा भनिएका विषयको व्याख्या सटिक र स्पष्ट हुन्छ

सेमन्त दाहाल

सुश्रेय नेपाल

परिचय

संघीयता लागू भएसँगै नेपाल राष्ट्रिय अर्थतन्त्रमा निजी क्षेत्रको योगदान विस्तार गर्ने चौबाटोमा उभिएको छ । निजी क्षेत्रको उत्साहित भूमिकासँगै नेपालको आर्थिक सुधार सन् १९९० को दशकमा प्रजातन्त्र पुनर्स्थापनासँगै तीव्रता पाएको हो । यद्यपि तृणमूल (ग्रासरूट)मा यसको लाभ अझै विस्तार हुन बाँकी छ किनकि मानव विकास सूचकांक हेर्ने हो भने नेपाल १८९ देशमध्ये १४२ औं स्थानमा छ । नेपालीको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा प्रतिव्यक्ति आय महामारीपछि ओरालो लागेको छ । मुलुकको समग्र विकासको वातावरणलाई सुधार गर्न राष्ट्रले सशक्त कानुनी संयन्त्र अवलम्बन गर्नुपर्छ । जसले निजी क्षेत्रका उद्यमीहरूको प्रयासलाई सराहनीय गरोस् ।

नेपाल आर्थिक उदारीकरण र बजारमुखी अर्थव्यवस्थाप्रति प्रतिवद्ध रहँदै आएको छ । संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले सन् २०१५ मा अबलम्बन गरेको दीगो विकास लक्ष्य (एसडीजी) का सिद्धान्तहरूको स्थायित्वका लागि औद्योगिक वातावरण तयार गर्नु अनिवार्य छ । खासगरी यसका दुई लक्ष्य (सभ्य/उचित काम र आर्थिक वृद्धि तथा उद्योग, नवप्रवर्तन र पूर्वाधार)ले वाणिज्य क्षेत्रमा प्रत्यक्ष सरोकार राख्छन् । राज्यले निजी क्षेत्र अत्याधिक रोजगारीका अवसर सिर्जनाका लागि मुख्य साझेदार हो भन्ने स्वीकार गर्नुपर्छ । त्यस्तै, विश्वव्यापीकरण र उदारीकरणसँगै निजी क्षेत्र औद्योगिक विकासका लागि सुदृढ स्तम्भका रूपमा रहँदै आएको छ ।

मुख्य चुनौतीहरू

संघीय ढाँचासँग साक्षात्कार : संघीयताको प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण पक्ष भनेको यसको मौद्रिक संरचना हो; जसमा राम्ररी काम गर्ने वित्तीय संघीयताको ढाँचासहित न्यायोचित ढंगले स्रोत (सम्पत्ति)को विनियोजन आवश्यक हुन्छ । सन् २०१७ मा सम्पन्न सातै प्रदेशको निर्वाचनसँगै नेपाल औपचारिक रूपमा संघीय संरचनामा समायोजित भएको हो । तैपनि नीतिगत तहको कार्यान्वयनका लागि पर्याप्त संस्थागत क्षमताको अभावमा नव गठित प्रादेशिक र स्थानीय सरकारहरूबाट सम्भाव्य आर्थिक सुधार निकै सुस्त गतिमा अघि बढीरहेको छ । तीनै तहको सरकारमा स्पष्ट कार्य विभाजनको अभावमा अधिकार र कार्यक्षेत्रको दोहोरोपना परिणाममुखी वित्तीय संघीयताको अभ्यासका लागि मुख्य अवरोधक हो ।

कानुनी व्यवस्थामा संक्षिप्तता र सटिकता :

गतिशील ढाँचाको सुशासनतर्फको पहिलो पाइला भनेकै शासकीय कानुनहरू संक्षिप्त र सटिक हुनुपर्छ । कानुनले तब मात्र विवेकसम्मत ढंगले काम गर्न सक्छ जब यसमा भनिएका विषयको व्याख्या सटिक र स्पष्ट हुन्छ । उदाहरणका लागि, मूल्य अभिवृद्धि कर (२०५२) ले 'कुनै पनि कर अधिकृतले यदि कर न्यून देखाइएको छ वा गलत छ भन्ने लाग्यो भने वा यदि कर अधिकृतले आपूर्ति गरिएको वस्तु वा सेवाको मूल्य न्यून बिजकीकरण गरिएको भन्ने विश्वसनीय कारण भएमा उसले कर मूल्यांकन गर्नसक्छ ।' भनिएको छ । जहाँसम्म कानुनमा 'विश्वास गर्ने आधार भएमा...' भनिएको छ तर विधिको शासनको हितमा कर मूल्यांकन निष्पक्ष र वस्तुनिष्ठ ढंगले गरिनुपर्छ न कि कर अधिकृतको स्वविवेक वा तजबिजीबाट

यो न्यायोचित हुनसक्छ । यसप्रकारको कानुन निर्माणले कार्यान्वयन गर्ने निकायले यस्तो अस्पष्ट वाक्यांशलाई आधार बनाएर आफ्नो अधिकार क्षेत्र नमिच्ला भन्ने कुनै सुनिश्चितता छैन ।

यसबाहेक, नेपालका धेरै कानुनहरूमा 'अन्यत्र तोकिए अनुसार' भनेर लेखिएको छ । यसले सरोकारवालाहरूलाई कानुन अनुपालनाका लागि अन्य प्रावधानहरूलाई उल्लेख गर्नुपर्ने हुन्छ । यसले गर्दा कानुनको सावधानीपूर्ण कार्यान्वयन हुनेमा गर्ने गरिएको शंकालाई मलजल गर्ने ठाउँ प्रदान गर्छ । 'अन्यत्र तोकिए अनुसार' भन्ने प्रावधानले अस्पष्टता सिर्जना गर्छ र तजबिजीमा प्रयोग हुन सक्ने भएकाले उचित रूपमा संशोधन गर्नुपर्छ । न्यायको सिद्धान्तलाई बचाइराख्न र कानुनको सतर्कतापूर्ण कार्यान्वयनका लागि यस्ता कानुनमा संशोधन आवश्यक छ ।

यसका अतिरिक्त एउटा आदर्श कानुनी प्रणाली त्यो हो जसमा कानुनी संरचनाले विविध समूहका विषयलाई नियमानुसार अघि बढाइरहेको हुन्छ; एउटै विषयलाई शासित गर्ने धेरै कानुनहरु हुँदैन । जब एकभन्दा धेरै कानुनले समान कदमलाई पहिचान गर्छ, परिभाषित गर्छ र दण्ड गर्छ भने यस्तो परिस्थितिमा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको लहड र रूचि अनुसार उक्त कानुनको प्रयोग हुन्छ । उदाहरणका लागि 'कालाबजारी तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन (२०३२)' र अन्य कानुनहरु बजार स्वच्छताका विभिन्न आयामहरूमा आकर्षित हुन्छन् । यस्तै, 'राष्ट्रिय अपराध (संहिता) ऐन, (२०७४)' मा पनि यस्तै आयाम दोहारिन्छ, उक्त कानुनका व्यवस्थाहरु अन्य विभिन्न कानुनसँग मिल्दाजुल्दा छन् र यसले अनुचित अभ्यासलाई बढावा दिन्छ । साथै 'उपभोक्ता संरक्षण ऐन, २०७५' जस्त कानुनले उपभोक्ता हितसँग सम्बन्धित वस्तु र सेवा आपूर्तिका विविध पक्षहरु, जस्तैः उत्पादक, आयातकर्ता, ओसारपसार गर्ने (वाहक), जम्माखोर, बिक्रेतालाई समेटेको छ । यसैगरी, 'प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन (२०६३) ले पनि बजारमा गैर-प्रतिस्पर्धी अभ्यासहरूको अनुमान गर्दै त्यसलाई निरूत्साहीत गर्ने प्रावधानहरु राखेको छ, जस्तैः प्रतिस्पर्धा विरोधी सम्झौताहरु, बजारमा प्रभुत्वको दुरूपयोग, प्रतिस्पर्धात्मक वातावरण नियन्त्रणको उद्देश्यले गरिने मर्जर (गाभ्ने/गाभिने कार्य), बोलपत्रमा धाँधली, अविभाज्य नियन्त्रण, बजारमा वस्तु तथा सेवाको उत्पादन र वितरणमा अवरोध, असम्बन्धित कुराहरूलाई पनि आपसमा जोडेर (एकसाथ संलग्न) गरेर बिक्रीमा संलग्न तथा भ्रामक विज्ञापन ।

लगानीका क्षेत्रको सम्भावनाबारे आश्वस्त गर्नुः यतिबेला नेपालको आवश्यकता भनेको निजी क्षेत्र र उद्यमीहरूलाई उनीहरूको क्षमताप्रति आत्मविश्वास जगाउनु हो । यसका लागि राज्यले समग्र अर्थतन्त्रको स्वास्थ्यका लागि हानि पुऱ्याइरहेको ठानेमा उदयमान क्षेत्रहरूमा कानुनी भारहरु न्यूनीकरण गर्न सक्छ । उदाहरणका लागि ऋणीहरूलाई निरूत्साहीत गर्ने कठोर प्रावधानलाई केही खुकुलो पार्न सकिन्छ । बैंकिङ्ग अपराध तथा सजाय ऐन, २०६४ मा व्यवस्था गरिएको 'कुनै पनि तरिकाले त्यस्ता सम्पत्तिहरूमा स्वामित्व तथा भोगाधिकार आर्जन गर्न...' मा विवेकपूर्ण व्याख्या प्रदान नगरेसम्म अन्यथा व्याख्या हुने सम्भावना रहिरहन्छ । ऋणीलाई उक्त सम्पत्तिको स्वामित्व र भोगाधिकारबाट अलग गरेपछिमात्र बाँकी बक्यौता रकमको भुक्तानीमा उत्पन्न हुनसक्ने कठिनाइको अन्त्य हुन्छ । ऋणीलाई ऋण तिर्नका लागि प्रोत्साहीत गर्ने सवालमा राज्यका लागि कानुनमा समावेश यो व्यवस्था प्रत्युत्पादक पनि हुनसक्छ किनकी यो व्यवस्थाले ऋणीहरूलाई ऋण भुक्तानीका लागि सक्षम हुनबाट निरूत्साहीत गर्नसक्छ ।

यसका अतिरिक्त, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन (२०७५)ले वैदेशिक लगानीमा सञ्चालित उद्योगलाई कुनै पनि विदेशी वित्तीय संस्थासँग परियोजना लगानी सम्झौता पश्चात परियोजनामा आधारित ऋण लिनसक्ने सुविधा दिएको छ । यो व्यवस्थालाई संशोधन गरेर यस्ता वैदेशिक लगानीका कम्पनीले उनीहरूका धनाढ्य मूल कम्पनीबाट ऋण लिने व्यवस्थाले उक्त उद्योगको वित्तीय स्वास्थ्यलाई नियन्त्रणमा राख्न सकिन्छ ।

नियतवश गलत कार्य नगरेकलाई जेल सजाय निरूत्साहन :

खासगरी वित्तीय कारोबारमा गलत नियत नहुँदा-नहुँदै हुन गएका गलत कार्यमा जेल सजाय निरूत्साहीत गर्न कानुनमा संशोधन खोजिनुपर्छ । यसमा जेल सजायको सट्टा उचित जरिवाना गराउने व्यवस्था राख्न सकिन्छ । नियतवश नगरेको गल्तीमा पनि जेल बस्नुपर्ने कानुनी उपचारले उद्योगीहरूलाई लगानी गर्न प्रोत्साहनभन्दा निरूत्साहीत गर्छ । जसले औद्योगिक विकासलाई कमजोर बनाउँछ र अर्थतन्त्रमा प्रतिकूल प्रभाव सिर्जन गर्छ । उदाहरणका लागि, कुनै कार्य अपराधका रूपमा पहिचान गरिएमा उपभोक्ता संरक्षण ऐन (२०७५)ले जरिवाना र तीन महिनादेखि पाँच वर्षसम्मको जेल सजाय तोकेको छ ।

कानुनहरूको व्यवहारिक संशोधनद्वारा यस्ता जेलसजायसम्बन्धी प्रावधानहरूलाई सीमित गरिनुपर्छ र नियतवश गरिएका अपराधमा मात्र जेल सजायको व्यवस्था हुनुपर्छ । न्याय प्रशासनले प्रतिशोधलाई नियन्त्रण गरेर रोकथाम र सुधारलाई प्रतिध्वनित गर्छ । नियतवश गरिने अपराध र कुनै खोटपूर्ण नियत नहुँदानहुँदै पनि भूलवश हुनसक्ने गल्तीलाई स्पष्ट पहिचान गर्ने सूचीबद्ध विभाजन सम्बन्धित कानुनमा हुनुपर्छ । जेल सजायसम्बन्धी अनुचित व्यवस्था उद्यमीहरूसँग प्रतिसोध साँध्ने हतियार बन्न सक्छ । गतल नियतले नभइ भूलवश भएका गल्तीमा जेल सजायको सट्टा जरिवानाको व्यवस्था उचित हुन्छ, अन्यथा कानुन कार्यान्वयनमा कतिपय तजबिजी अधिकार पाएका अधिकारीहरूले प्रतिशोध साँधेर सामान्य गल्तीमा उद्यमीहरूलाई पक्राउ गर्न र जेल सजाय तोक्न सक्छन् ।

अबको गन्तव्य

आर्थिक समृद्धि हासिल गर्न र राष्ट्रिय विकासमा निजी क्षेत्रको भूमिका बढाउनका लागि सरकारले उद्यमीहरु र खासगरी निजी क्षेत्रको क्षमतामा भरोसा गर्नुपर्छ र औचित्यपूर्ण निर्णय लिनुपर्छ । विधायक (सांसद)हरूले देशमा लगानी आकर्षण गर्नका लागि औद्योगिक वातावरण अनुकुल रहेको सुनिश्चितता दिनका लागि कानुनी संरचनाको सुदृढीकरणमार्फत् देशमा उत्पादन, रोजगारीका अवसर सिर्जनाका लागि आकर्षक/लाभप्रद आधार तयार गर्नुपर्छ ।

राज्यले बुझ्नुपर्ने महत्वपूर्ण सवाल के हो भने कानुन मौलिकमात्र होइन । यसमा समय अनुसारका सुधारहरु आवश्यक हुन्छन् । यदि कानुनमा संगतिको अभाव रह्यो भने यसको कार्यान्वयनले उद्यमशीलताका क्षेत्रमा नकारात्मक प्रभाव फैलदै जान्छ र मुलुकको सिंगो अर्थतन्त्रमा प्रतिकुल प्रभाव देखापर्छ । विश्व बजारमा खुला अर्थतन्त्रका रूपमा अघि बढीरहेको नेपालले सरोकारवालाले उठाएका मागहरूका आधारमा शासकीय कानुनहरूमा विवेकसम्मत ढंगले संशोधन गर्नुपर्छ । महत्वपूर्ण कानुनहरु समयमा संशोधन/अद्यावधिक नभए यसले दीगो व्यवसायिक विस्तारमा असर पार्न सक्छ र निजी क्षेत्रको विकासका लागि कानुनी व्यवस्थाहरु समयअनुसार सुधार हुनुपर्छ भन्नेमा विधायकहरु सचेत रहनुपर्छ ।

त्यस्तै, नेपालको संविधानले आर्थिक समानता र समृद्धि हासिल गर्नका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको स्वतन्त्र भूमिकामार्फत्

उपलब्ध साधन र स्रोतको उच्चतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई बढावा दिने व्यवस्था गरेको छ । अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकामाथि जोड दिदै संविधानले सम्पत्ति आर्जन गर्न, स्वामित्व ग्रहण गर्न, बेच्न वा अन्य ढंगले व्यवस्थापन गर्ने अधिकारका साथै, रोजगारीको अधिकार, उचित श्रम, सामाजिक सुरक्षा तथा व्यवसायको अधिकारलाई नागरिकको मौलिक हकका रूपमा प्रबन्ध गरेको छ ।

कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई दिएको तजबिजी (स्वविवेक प्रयोग गर्न पाउने) अधिकार हटाएर वा कानुन कार्यान्वयन अधिकारीको तजबिजी नै अन्तिम निर्णय नहुने साथै अन्य प्रशासनिक जटिलता, प्रक्रियागत व्यवस्थाहरु तथा कानुनको दोहोरोपनाले स्वच्छ व्यवसायिक वातावरणलाई अवरोध गरिरहेकाले उल्लेखित समस्याहरूको निरूपण गरेमा नेपालमा व्यवसायिक वातावरण सुधार भइ व्यवसायिक गतिविधि विस्तार हुन्छ ।

नेपाली अर्थतन्त्रलाई थप विस्तार गर्न तथा पूर्वाधारको सुदृढीकरणमार्फत् बजारको प्रतिस्पर्धा र दक्षता बढाउन सान्दर्भिक कानुनहरूमा संशोधन, सुधार तथा अद्यावधिक र खारेज गरी नेपालको निजी क्षेत्रले बोकेको सम्भावना उजागर गर्न अनुकुल हुने कानुनी संरचनाले प्रतिस्थापित गर्नुपर्छ ।

शुभारम्भ...शिवम्‌सँग

शिवम् सिमेन्ट

५३ ग्रेड OPC

४३ ग्रेड OPC

भरोसा अटुट सम्बन्धको

NS Quality Award - 2019 प्रथमबाट पुरस्कृत

नेपालकै पहिलो ४३ ग्रेड को ओपिसि सिमेन्ट

उच्च गुणस्तरको पहिचान बनाउँदै अब ५३ ग्रेडमा

Standard Chartered

Rated Nepal's strongly capitalised and safest bank for the second year in a row.

ICRA Nepal has reaffirmed the rating of ICRANP-IR AAA to Standard Chartered Nepal as the Bank with highest degree of financial safety.

ICRA's proved rating methodology validates our effort and commitment to our client and the country at large.

We thank all our stakeholders for your support and belief in us.

sc.com/np

Here for good

PARAMOUNT MOTORS

PARAMOUNT MOTORS PVT. LTD. **(Authorized Importer & Distributor for Nepal)**

Naxal, Kathmandu. Tel: 01- 4543233/4545433, Mobile: 9801155082/9801155179/69, URL: www.mgmotors.com.np, Email: sales@paramountmotors.com.np

Butwal: 9857030252 | Birtamode: 9842716688 | Narayangarh: 9857025085 | Biratnagar: 9852024807 | Pokhara: 9856088007 | Janakpur: 9801656450

For dealer enquiry please contact: 9801155653

SCAN & DOWNLOAD
YAMAHA X CONNECT APP

The New FZ-S FI BS-VI from Yamaha, is equipped with the latest Bluetooth technology.

ANSWER BACK
Upon engaging this feature, the bike indicators start blinking and the horn starts beeping.

LOCATE MY BIKE
Upon clicking this feature, the bike indicators will illuminate for 10 seconds continuously.

PARKING RECORD
Shows a route map from your current location to where you have parked your bike.

HAZARD
Get an alert when your bike is in distress.

RIDING HISTORY
You can view individual trip details of every ride.

E-LOCK
You can lock your bike and prevent theft, using the E-Lock Feature.

50% Downpayment | **0% Interest Rate** | **18 Installments**

*Above price is for BS IV variant

Finance Powered by: **MAW INVESTMENT PVT. LTD.**

MAW BUILDING TRUST THROUGH SERVICE

AUTHORISED DISTRIBUTOR
M.A.W Enterprises, Tripureshwor
4268252, 4261160

Customer Care: 16600111044 | yamaha.customercare@mawnepal.com | www.yamaha.com.np | Yamaha Nepal

Why SRL

SRL Diagnostics is one of the leading diagnostic chains in Asia, providing quality diagnostics service via an efficient network of 400+ labs and 1500+ customer touch points spread across 600+ Cities, 30 States and Union Territories. Rooted in our 25-year legacy of Accuracy, Transparency, Empathy and Innovation, we take pride in helping our customers on their path to better health through accurate diagnostics. The company has the largest number of NABL and CAP-accredited labs in the country, serving close to 13 million customers and conducting more than 30 million tests annually. SRL Diagnostics is at the forefront of diagnostics technology and expertise servicing customers through a physical network of labs coupled with digital capabilities and home collection facilities. The company caters to international markets like South Asia, Africa, Dubai and other parts of the Middle East.

UNITED REGISTRAR OF SYSTEMS CERTIFICATION URS UKAS MANAGEMENT SYSTEMS 0043

ISO 9001: 2015 CERTIFIED ORGANISATION
CERTIFICATE NO.: 109958/A/0001/UK/En

SRL Diagnostics

SRL Diagnostics, Brings to You

HOME SAMPLE COLLECTION

At Your Doorstep

Affordable Rate | Accurate Reports | Value for Money | Time Saving

For Booking, Please Call +977 1 4721417/4721286

नेपाल एसबिआई बैंक लिमिटेड

NEPAL SBI BANK LTD.

THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

Nepal SBI Bank
मा खाता खोली
तुरुन्तै
NSBL Insta Debit Card
प्राप्त गर्नुहोस् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) सदस्यहरूको नामावली संस्था, फोन नम्बर र इमेल			
नाम	संस्था	फोन नम्वर	इमेल
अखिल सिटौला	हाम्राकुरा डट कम	९८५११३५५१९	akhilsitoula@gmail.com
अच्युत पौडल	एपीवान टिभी	९८५१०७४९७४	achyootp@gmail.com
अच्यूत पुरी	अनलाइन खबर डटकम	९८४९२१६३२३	achyutp@gmail.com
अजयबाबु सिवाकोटी	हाम्राकुरा डट कम	९८५१०९३६९३	ajayashiwakoti@gmail.com
अजित अधिकारी	नयाँ पत्रिका दैनिक	९८४९७१९९३७	news.ajitkumar@gmail.com
अनिताबिन्दु पोखरेल	नेपाल टि.भी	९८५१०५५६१७	Anupa_bin@yahoo.com
अनिता शिवाकोटी		९८४९८३५४८५	shiwakoti66@gmail.com
अनिल परियार	कान्तिपुर एफ एम	९८४१५६४३५१	anilpariyar5@gmail.com
अनुजराज ढुंगेल	चाणक्य मासिक	९८४१६८८७३६	anujraj.mail@gmail.com
अनुरागसिंह बर्मा	द हिमालयन टाइम्स	९८४१२६३७१०	anuragverma20@gmail.com
अमर बडवाल	विजमाण्डु डट कम	९८५१२०६१९८	amarbaduwal@gmail.com
अमित ढकाल	सेतोपाटी डटकम		ameetdhakal@gmail.com
अरूण सापकोटा	इन्स्योरेन्स खवर	९८४९३४७४४६	arunodayabela@gmail.com
अर्जुन तामाङ्ग	टुरिजम मिडिया	९८५१०६४१४६	Pakhrin.arjun@gmail.com
अर्जुन पोखरेल	उज्यालो एफएम	९८५१२७२५९९	gyaniarjun@gmail.com
अर्जुन विष्ट	मिडिया होम	९८५१०३६११६	bistaarjun2008@yahoo.com
अर्पणा आले मगर	टेकपाना डटकम	९८६०१२४६४७	Arpanamagar59@gmail.com
आनन्द अधिकारी	ग्यालेक्सी फोर के	९८४१५१७०६८	anandadh@gmail.com
आनन्द श्रेष्ठ	नयाँ पत्रिका दैनिक	९८५१०७०६६८	charikotkoananda@gmail.com
आशिष ज्ञवाली	क्लिकमाण्डु डट कम	९८४१९४६७०२	gyawali.nba@gmail.com
इशारा कोईराला	नेपाली पैसा डट कम	९८४१०९२७७८	isharakoirala@gmail.com
उत्तम काप्री	बिजनेश न्युज डटकम	९८४११९०५५९	kapriuttam559@gmail.com
उत्तम सिलवाल	राष्ट्रिय समाचार समिति	९८४१२१२५८४	uttamsilwal@gmail.com
उद्धव थापा	लोकान्तर	९८५१०६२५१७	utmediapoint@gmail.com
उद्धव सिलवाल	राजधानी दैनिक	९८४१२७८३००	uddabsilwal@gmail.com
उमेश पौडेल	फिसकल नेपाल डटकम	९८४१६७४७७२	p.umesh8@gmail.com
एकराज पाठक	राष्ट्रिय समाचार समिति	९८५१०३८७०७	pathakyekraj@gmail.com
एलिजा उप्रेती	नेपाल टेलिभिजन	९८४९६५४९७६	eliupnews@gmail.com
ओजस्वी गौतम	द भास्कर	९८५१०८२२६५	ojaswijournalist@gmail.com
ओम थापा	बिजमाण्डु डट कम		
ओमप्रकाश घिमिरे	वाचडग मिडिया	९८५१०९८५११	prakashdocument@gmail.com
कञ्चन अधिकारी	इ कान्तिपुर डट कम	९८५१०९५१७७	kanchanenator@gmal.com
कमल अर्याल	नागरिक दैनिक	९८४१२६३५६२	aryalkamal244@gmail.com
कमला अर्याल	लोकपथ अनलाइन	९८४९९०३६०४	aryal.kamala989@gmail.com
कल्पना खनाल	ग्लोबल मिडिया	९८५११०९००२	kalpanakhanal15@gmail.com
काजी श्रेष्ठ	सहकारी डटकम	९८५११८२३१३	newskaji@gmail.com
किरण अधिकारी	रेडियो शार्दुल	९८५११२१५७२	voicekfm@gmail.com
किरण आचार्य	टक्सार म्यागजिन	९८५१०८२१०२	kiran.rolpa@gmail.com

किरण नेपाल	पूर्वअध्यक्ष	९८५१०३४३४९	kirannepal@gmail.com
कुवेर चालिसे	कारोबार दैनिक	९८५१०७६३०४	kuber25@gmail.com
कृष्ण अधिकारी	राष्ट्रिय समाचार समिति	९८५११९७४००	
कृष्ण आचार्य	कान्तिपुर दैनिक	९८५११४१७१७	kpahara@gmail.com
कृष्ण रिजाल	नयाँ पत्रिका दैनिक	९८५१००८८६९	mekrijal@gmail.com
कृष्ण विष्ट		९८४१२९७००६	economicpost@gmail.com
केदार दाहाल	नयाँ पत्रिका दैनिक	९८४१६४५८४६	kedar.apuro@gmail.com
केदार भट्टराई	गोरखापत्र दैनिक	९८४१२९५५२९	kaushaltar@gmail.com
केशव लामिछाने	अन्नपूर्ण पोष्ट् दैनिक	९८५६०२६१५०	keshavsharanlc@gmail.com
गजेन्द्र बुढाथोकी	टक्सार म्यागजिन	९८५१०५७९६६	gbudhathoki@gmail.com
गजेन्द्र विष्ट	पूर्वअध्यक्ष	९८५१०७०४९१	gajendrabista@gmail.com
गोकर्ण अवस्थी	पूर्वअध्यक्ष	९८४१३५०८००	gokarna.awasthi@gmail.com
गोकुल अर्याल	अभियान दैनिक	९८४१३२९९५१	aryalgokul@gmail.com
गोपाल तिवारी	पूर्वअध्यक्ष	९८५१११३६९८	kajutiwari@gmail.com
गोपालचन्द्र सुवेदी	नागरिक दैनिक	९८५११८७९६८	gopalsubedi@gmail.com
गोपाल संग्रौला	कारोवार दैनिक	९८४१६१३१२१	gopal.sangroula2035@gmail.com
गोपाल साउद	टेकपाना डटकम	९८५१२१३३१४	saud.gopal@gmail.com
गोविन्द लुईटेल	देशसञ्चार	९८४९८७३६२५	govindag121@gmail.com
गोविन्दप्रसाद चिमोरिया	रेडियो नेपाल	९८४१३२२७५१	chimouriag@yahoo.com
चेत ब. अधिकारी (सीवि)	राष्ट्रिय समाचार समिति	९८५१०८४५८३	adhikarirss@gmail.com
चिरञ्जिवी पौडेल	नेपाल प्रेस	९८४१३३५३३८	chiranjivi010@gmail.com
जनार्दन बराल	नयाँ पत्रिका दैनिक	९८५१०३८९९८	janardanbaral@gmail.com
जीवनकुमार बस्नेत	नयाँ पत्रिका दैनिक	९८४१२९०४३९	jbasnetji@gmail.com
जुनारबाबु बस्नेत	गोरखापत्र दैनिक	९८४१२९५५९७	junarb92@gmail.com
टिपी भुसाल	एनआरएन एफ एम	९८५१०९०८०८	tpbhusalpress@gmail.com
डम्बरजंग डाँगी	गोरखापत्र दैनिक	९८४१२९५५२६	djdangi@hotmail.com
डिल्लीप्रसाद सापकोटा	अर्थ बजार डटकम	९८४९१५९५४१	newsdilli@gmail.com
डुन्डुराज आचार्य	न्यूज कारोबार डटकम	९८५११५०८३२	dracharya22@gmail.com
तपस वरसिंहँ थापा	रिपब्लीका दैनिक		
तुलसीराम सुवेदी	अन्नपूर्ण पोष्ट दैनिक	९८४९७५४३४७	tulsi953@gmail.com
तुला तिमिल्सिना	कान्तिपुर दैनिक	९८४१३०७६३४	tulatimilsina@gmail.com
दिनेश आचार्य	सेयर वजार	९८५१०९१०३८	dineshac@gmail.com
दिनेश रेग्मी	कान्तिपुर दैनिक	९८५११४८०८२	regmidinesh@gmail.com
दिपेन्द्र थापा	कारोबार दैनिक	९८५१०७२०३९	thapad97@gmail.com
दिपेन्द्र वान्तवा	एपिवान टिभी	९८५१००६६०३	bantawadipendra@gmail.com
दिलिप पौडेल	नागरिक दैनिक	९८५७६२२०८२	dilippaudel45@gmail.com
दिवाकर पन्त	रेडियो कान्तिपुर	९८४१५२७५१०	diwakarpanta@gmail.com
दीक्षा रेग्मी	अर्थको अर्थ	९८४११८४६२२	dikshayaregmi@yahoo.com
धनवहादुर राउत	बजार पत्रिका	९८४१६३१८०४	roshan_bazar@yahoo.com
नन्दलाल अम्गाई	क्यापिटल म्यागजीन	९८४१३९२६८८	nandaamgai@yahoo.com

नवराज अधिकारी	नागरिक दैनिक	९८४१३१९९२५	journalist.n@gmail.com
नवराज चालिसे	न्यूज २४ टिभी	९८५१०८८०६६	navastar@gmail.com
नवराज ढकाल	नेपाली पैसा डट कम	९८४१३४२२८७	nabarajd@gmail.com
नवराज पोखरेल	मेगा टेलिभिजन	९८४१३४३३१२	
नविन अर्याल	नयाँ पत्रिका दैनिक	९८५१०५२७५२	nabinarjyal@gmail.com
नविना निरौला	इमेज च्यानल	९८४१८००५५७	niraula.nabina@gmail.com
नारायण सापकोटा	पूर्वअध्यक्ष	९८४१२५६६७०	
नितु पण्डित	सञ्चारिका समुह	९८५११८२८६५	panditnitum@gmail.com
निरू अर्याल		९८५१०३१४८७	anjanniru@gmail.com
पदम न्यौपाने	नेपाली रेडियो नेटवर्क	९८५१०६०७७०	pdmneupane@gmail.com
परमेश्वर अधिकारी	नोटबजार डट कम	९८४१४२४२७१	pmhrad@gmail.com
पुष्प दुलाल	क्लिकमाण्डु डट कम	९८४९३६५१३५	dulalpuspa@gmail.com
पुष्पराज आचार्य	पूर्व अध्यक्ष	९८५१०३८४७२	pracharyap@gmail.com
पुष्पराज कोइराला	मकालुखबर डटकम	९८५११९६६४५	pushpkoirala@gmail.com
पूर्णभक्त दुवाल	राजधानी दैनिक	९८४१३५८५५६	purnaduwal@gmail.com
पृथ्वीमान श्रेष्ठ	काठमाडौं पोस्ट	९८४१३६२९१३	shrestha.prithvi6@gmail.com
पेशल आचार्य	इडेलेश्वर अनलाईन	९८५१०२५३२०	peshal.acharya@gmail.com
प्रकटकुमार शिशिर	क्यापिटल म्यागजीन	९८४७६२०१०६	prakat.kumar@gmail.com
प्रकाश अधिकारी		९८५१११२५३	prakashdocument@gmail.com
प्रतिक प्रधान	संस्थापकअध्यक्ष	९८५१०३२४७५	prateekp@gmail.com
प्रतिक्षा खनाल	कान्तिपुर एफएम	९८४१३५५६९९	khanalpratiksha@gmail.com
प्रदीप चापागाईं	नेपाल टिभी/पूर्वअध्यक्ष	९८५१०४०१०१	chapagainpradeep@gmail.com
प्रमोद गिरी	अन्नपूर्ण पोस्ट दैनिक	९८४१३८२१०८	giripramod90@gmail.com
प्रविण अधिकारी	बाह्रखरी डट कम	९८५१०७५६३०	Meprabin.pokharel@gmail.com
प्रशान्त अर्याल	ग्यालेक्सी फोर के	९८५१०३५८९७	
प्रसन्ना चित्रकार	द हिमालय टाइम्स	९८५१०००६७२	prashannaa@tht.com.np
प्राञ्जली बस्नेत	सत्यखबर डट कम	९८५१२०००४१	pranassbk@gmail.com
प्रेम खनाल		९८५२०२३३६०	premkhanal@gmail.com
प्रविण पोखरेल	रेडीयो नेपाल	९८५१०५६१८१	Meprabin.pokharel@gmail.com
बद्रीकुमार गौतम	नेपाल टिभी	९८४१२२४५२५	ntvnewsbadri@gmail.com
बलराम पाण्डे	बाह्र खरि डट कम	९८४१७३१०२२	pandey.balaram@gmail.com
बाबुकृष्ण महर्जन	अर्थको अर्थ	९८४१३६६८७९	bk.maharjan@gmail.com
बाबुराम खड्का	क्यापिटल अनलाइनडटकम	९८५१०९३९११	khadka.baburam@gmail.com
बाबुराम ढकाल	हिपात मासिक	९८५१०८१२८१	hipatmashik@gmail.com
बालकृष्ण ज्ञवाली	नागरिक दैनिक	९८५११९२९२८	bgyawali9@gmail.com
बिनोदराज खनाल	वाचडग मिडिया	९८५१०४५७८२	watchdogmedia2000@gmail.com
भगवान खनाल	कारोवार दैनिक	९८४६१२४७१९	bhagawankhanal@gmail.com
भागवत भट्टराई	शिलापत्र डटकम	९८४९३८९६०४	bhagwat2068@gmail.com
भीमप्रसाद गौतम	निवर्तमान अध्यक्ष	९८४१३०२६२७	journalistbhim@gmail.com
भुपेन्द्र खड्का	विजनेस प्लस	९८५१०५४७६३	bhupendrakhadka@hotmail.com

भुवन पौडेल		९८४१९५८२३६	uniquepoudel@gmail.com
भुवन प्रसाद आचार्य	रेडियो नेपाल	९८४१९३६९४८	bhuban_acharya@yahoo.com
भूमिश्वर पौडेल	कान्तिपुर दैनिक	९८४९१०४२४३	sirishbhumi@gmail.com
भेषराज पोखरेल			
भेषराज बेल्वासे	गोरखापत्र दैनिक	९८४१४२१९००	belbase_bheshraj@yahoo.com
मणी लोहनी	कान्तिपुर टिभी	९८४१९५३६८४	manilohani@hotmail.com
मदन लम्साल	आर्थिक अभियान दैनिक	९८५१०४१६५२	madanlamsal@gmail.com
मदन लामिछाने	मनग्य मिडिया प्रा.ली	९८४१८९७२८१	lamichhanemadan45@gmail.com
मधुकर दाहाल	बिजमाण्डू	९८५११४०९७६	madhukar.nba@gmail.com
मधुजंग पाण्डे	राजधानी दैनिक	९८४१७२६२७२	madhujung.pandey@gmail.com
मनबहादुर बस्नेत	शिलापत्र	९८५११०११०६	mb.basnet@gmail.com
ममता थापा	अन्नपूर्ण दैनिक	९८४१५५३६१८	thapamamata22@gmail.com
मातृका दाहाल	कान्तिपुर दैनिक	९८४१६६९७००/९८६०१८१८००	matrikadahal@gmail.com
माधव ढुंगेल	काठमाडौ प्रेस डटकम	९८४१३४२१५७	mpdhungel@gmail.com
माधव दुलाल	पहिचान डटकम	९८५१०७८७९६	madhav009@gmail.com
मिलन खड्का	बजार पत्रिका	९८५२०७२८३६	mln.khadka@2910@gmail.com
मुकुल हुमागाई		९८०१०३१३१४	mukul.humagain@gmail.com
मुना कुँवर	नया पत्रिका दैनकि	९८५११०१८५४ ९८५१२३५६४२	munakunwar012@gmail.com
मोहन बास्तोला		९८४१८८५६७५	mbastola9@gmail.com
यज्ञ वन्जाडे	कान्तिपूर दैनिक	९८५११६९६४९	banjade.yagya@gmail.com
यादव हुमागाईं	कारोबार दैनिक	९८५११६०४९८	j.yadav2006@gmail.com
योगेश पोखरेल	द राइजिङ नेपाल	९८५१०४८३३९	yogesh.pokharel@gmail.com
रक्षा रेग्मी	क्लाउड डट कम	९८५११५६६७०	ojesbi@gmail.com
रञ्जित तामाङ	स्थानियखबर डट कम	९७४१०३२०५६	ranjittamang1@gmail.com
रञ्जु काफ्ले	द राइाजङ नेपाल	९८४१७८०४६५	kafleranju@gmail.com
रमेश केसी	अर्थको अर्थ	९८४१२०२११८	rameshkc2032@gmail.com
रमेश ढकाल	इमेज च्यानल	९८४१३७३५५२	rameshdhakal29@yahoo.com
रमेश लम्साल	द राइजिङ नेपाल	९८५१०१०४६२	lamsalrames@gmail.com
रमेश लम्साल	राष्ट्रिय समाचार समिति	९८४१५०४०९८	rameshlamsal@gmail.com
रमेशकुमार न्यौपाने	हिमालखबर पत्रिका	९८४१८३१६५२	aswikrit46@gmail.com
रविचन्द्र पराजुली	नेपाल टेलिभिजन	९८४१४६४९७१	rcparajuli@yahoo.com
रविन्द्र कुमार शाही	बिजनेश न्युज डटकम	९८६०५६८१०४	shahisamir9@gmail.com
राजु चौधरी	कान्तिपुर दैनिक	९८४१७३३२१२	rajp20097@gmail.com
राजु बास्कोटा	कर्पोरेट नेपाल	९८४१५०१००७	news4raju@gmail.com
राजेश खनाल	काठमाडौं पोस्ट दैनिक	९८४१३२९५२९	khanalrajesh1@gmail.com
राधा चालिसे	गोरखापत्र दैनिक	९८४१२२१६२४	radha.chalise79@gmail.com
राम प्रसाद दाहाल	द राइजिङ नेपाल	९८४१२७३२४१	rpd9841@gmail.com
रामकृष्ण गजुरेल	चाणक्य मासिक	९८५१०३६५४२	sagar.gajurel@gmail.com
रामकृष्ण पौडेल	देशविकास साप्ताहिक	९८५१०३०४५४	rkpbikas@gmail.com
रामप्रसाद पुडासैनी	आर्थिक दैनिक	९८५१०२३६१५	pudasainirp@gmail.com

रामराजा श्रेष्ठ	विजखवर डटकम	९८५१००८७९१	rrshrestha365@gmail.com
रामेश्वर बोहोरा	नेपाल लाइभ	९८५१०३६५५५	rambohora@gmail.com
रूद्र खड्का	नागरिक दैनिक	९८५८०२०७२२	rudrakhadka1@gmail.com
रूद्र पंगेनी		९८५११९१३६३	rudra.pangeni@gmail.com
रूपक डी शर्मा		९८१३७५५५०२	rupak.dee@gmail.com
रोशनकार्की (कुल)	तिब्र खबर डट कम	९८४१४७५९८२	karkirimn@gmail.com
रोशन रेग्मी	सिटिजन एफएम	९८५१०१७१२५	rcregmi2006@gmail.com
रोशन शर्मा नेपाल	द हिमालयन टाईम्स	९८५११३८४४०	roshansnepal@gmail.com
लक्ष्मण काफ्ले	द राइजिङ नेपाल	९८४१५५७७६७	laxman.kafle@yahoo.com
लक्ष्मण वियोगी	उर्जा खबर डट कम	९८५१०१०६१४	biyogi2@gmail.com
लक्ष्मण हुमागाई	जनता टिभी	९८५१०४०२०८	laxmanhumagain@gmail.com
लक्ष्मी सापकोटा	कारोबार दैनिक	९८४१८५०११४	sapkotalaxmi10@gmail.com
लक्ष्मीप्रसाद उपाध्याय	गोरखापत्र दैनिक	९८४१५००९५९	upa.laxmi07@gmail.com
लक्ष्मीप्रसाद खतिवडा	कारोबार दैनिक	९८४१३०६८०७	khatiwadalp@gmail.com
लवेश प्याकुरेल	लोकपथ अनलाइन	९८४१९३५६३४	lavesh11@gmail.com
लिलानाथ घिमिरे	यूवा पोष्ट डटकम	९८४१२८२१००	lnghimire@gmail.com
लेखनाथ पोखरेल	हिमालय टाइम्स	९८४१२१६७९२	lekhnathpokhrel87@gmail.com
लोकबहादुर चापागाईं	क्यापिटल म्यागजीन	९८४१३८३३८६	chapagailb@gmail.com
विजयकुमार तिमल्सीना	टेकपाना डट कम	९८५१०९८२५५	teamkantipur@gmail.com
विजय घिमिरे	पूर्वअध्यक्ष		
विजय देवकोटा	कारोबार दैनिक	९८४९५६४३२५	devkotavijaya@gmail.com
विजयराज खनाल	नयाँ प्रत्रिका दैनिक	९८४१८९९९१९	vjkhanal05@gmail.com
विज्ञान अधिकारी	पूर्वअध्यक्ष	९८४१४९०७०६	badhikari2010@gmail.com
विदुर खतिवडा	केन्द्र बिन्दु डटकम		bidur.khatiwada@gmail.com
विद्या बज्राचार्य	संस्थापक	९८४१२०९१०२	
विनय बज्जरा	अर्थपथ डटकम	९८५११४९४९६	binay.sabisagar@gmail.com
विपेन्द्र कार्की	जीडीपी नेपाल	९८५१०९०९१४	karkibipendra@gmail.com
विश्वास रेग्मी	गोरखापत्र दैनिक	९८५१२७७७००	bishwasregmi51@gmail.com
विष्णु तामाङ्ग	नेपाललाईभ	९८५१०१०४९२	tmgbishnu@gmail.com
विष्णु पोखरेल	नागरिक दैनिक	९८४११५८३७८	bppbiratnagar@gmail.com
विष्णु पोखरेल	न्यूज सेवा डट कम	९८४९४८५३८०	pokhrel24@gmail.com
विष्णु प्रसाद जमकट्टेल	शेयर बजार साप्ताहिक	९८५१०९९८००	taruke.journalist@gmail.com
विष्णु भट्टराई	बिजोनोमी डटकम	९८५१२३०७९२	jollybishnu@gmail.com
विष्णु वेल्बासे	मेरो लगानी	९८५१००९७३१	bb.belbase@gmail.com
वीरेन्द्र ओली	नेपाल लाइभ	९८४३५७०३५७	olibirendra19@gmail.com
शंकर प्रसाद पण्डीत	हिमालय टिभी	९८४१२२७४०१	panditshankar110@gmail.com
शरद ओझा		९८४९६२३१२५	snepalmail@gmail.com
शरद भण्डारी	राष्ट्रिय समाचार समिति	९८४९३२५७१४	sarachchandra@gmail.com
शर्मिला ठकुरी	नेपाल समय	९८४१६०१८२०	payareesharmi@gmail.com

शिरोमणी ढुगांना	नेपाल लाइभ टुडे	९८४१४३५३७४	meshiromani@gmail.com
शालिकराम गजुरेल	चाणक्य मासिक	९८४१०७२६४३	sharagajurel@gmail.com
शालिकराम सुवेदी	नेपाल टेलिभिजन	९८५१०६६७११	subedi.salik@yahoo.com
शिक्षा रिसाल		९८४११९३०७८	risal.shiksha@gmail.com
शिव दुवाडी	सुनाखरी न्यूजडट कम	९८५१०२२८११	shiva397@gmail.com
शिव बोहोरा	बिजनेश न्युज डटकम	९८४९३५३३७५	brother.bohara@gmail.com
शिवप्रसाद सत्याल	बिकाश न्यूज डटकम	९८५११३६८५४	satyalshiva@gmail.com
श्रीकृष्ण न्यौपाने	बिएफबिएस रेडियो	९८५१०५०२८४	shanketz76@gmail.com
संगम प्रसाई	काठमाडौ पोस्ट दैनिक	९८४१४६६९००	prasaisangam@hotmail.com
सञ्जय पन्थी		९८४१४३४९४३	kanchu42@gmail.com
सञ्जिव गिरी	बिबिसी नेपाली सेवा	९८४१७७०१६२	sanjeev1974ad@gmail.com
सञ्जीवकुमार पौडेल	न्यू विजनेश एजमासिक	९८४१२३३५५५	sanjeev_doom@hotmail.com
सन्तगाहा मगर	अनलाइन खबर डटकम	९८५१०३५५३०	santagaha@gmail.com
सन्तोष न्यौपाने	क्लिकमाण्डु	९८५११२७३५४	santyneupane@gmail.com
सन्तोष पोखरेल	बिजखबर	९८५१०४१८९८	masantosh9@gmail.com
सरस्वती ढकाल	कारोबार दैनिक	९८५१०६७५०९	sarudhakal.2009@gmail.com
सरोज अधिकारी	गोरखापत्र दैनिक	९८४१२२४२००	adhikr26@gmail.com
सरोज खनाल	न्यूज अर्थ डटकम	९८४१३१११६६	khanal.saroj@gmail.com
सविन मिश्र		९८५१००६९०३	mishrasabin45@gmail.com
सागर घिमिरे	न्यू विजनेश एजमासिक	९८५१००६६१३	sagar.use@gmail.com
सिताराम विलासी	कर्पोरेट नेपाल	९८४१३२०८८०	sitarambilashi@gmail.com
सुजन ओली	क्यापिटल नेपाल डटकम	९८५११९८६४७	journalist.sujan@gmail.com
सुजन ढुंगाना	फिसकल नेपाल डटकम	९८४९१६२९०६	mesujan888@gmail.com
सुजित महत	नयाँ प्रत्रिका दैनिक	९८५१०९२२७६	sujit.mahat@gmail.com
सुदर्शन सापकोटा	बिजमाण्डु डटकम	९८४१८३६९२३	darshanme08@gmail.com
सुदिप श्रेष्ठ	सेतोपाटी डटकम	९८५१००९७१९	shrestha.sudeep@gmail.com
सुदिल पोखरेल	कान्तिपुर टिभी	९८५१२४९५८३	sudil.pokharel@gmail.com
सुदीपकुमार ढुंगाना	नयाँपत्रिका दैनिक	९७४१००७७७७	aabrity@gmail.com
सुधा सापकोटा	अर्थको अर्थ	९८४१४०९५४६	knowme14@gmail.com
सुनिता कार्की	अन्नपूर्ण पोष्ट	९८४३७०८०४९	peacesunita@gmail.com
सुमन पन्थ	कान्तिपुर टेलिभिजन	९८४९०९७९००	sumanpantha6@gmail.com
सुरज कुँबर	कान्तिपुर दैनिक	९८५११६४०००	sanukarnali@gmail.com
सुरेन्द्रबहादुर थापा	नोट बजार डटकम	९८५१२२७३७८	thapasurendra032@gmail.com
सुवास योञ्जन	क्यापिटल नेपाल डटकम	९८५११९३५८७	yonjansubash2018@gmail.com
सुशील भट्टराई	आयोमेल डटकम	९८४१३४३४४५	bhattarais007@hotmail.com
सुस्मिता लाल	रेडीयो शार्दुल	९८०३३७३३०४	sushmita2047@gmail.com
सेन्छेलुङ पलङ्वा (लिम्बू)	बिएफबिएस रेडियो	९८४१६८१२३४	senchhelung@gmail.com
सोभीत थपलीया	क्लिकमाण्डु डटकम	९८४९८६५९२९	sovit.news@gmail.com
हरि लामिछाने	राष्ट्रिय समाचार समिति	९८४१८४०४११	hlamichhane@gmail.com
हरिशरण न्यौपाने	प्राइम टिभी	९८४१८६९८६६	harisharan99@yahoo.com

हिमा बिक	आर्थिक अभियान दैनिक	९८४१३४१७०४	himashruti117@gmail.com
हिमाल पौडेल	बाह्रखरी डट कम	९८४१८६२७२२	himalpoudel24@gmail.com
हृदय गौतम	अर्थको अर्थ	९८५१०४३४३२	hridaygautam@gmail.com
होमबहादुर कार्की	कान्तिपुर दैनिक	९८४११७९४२६	hom@kantipur.com.np
कमलकुमार बस्नेत	क्लिकमाण्डु डटकम	९८५११४७८८४	kamalbasnet98@gmail.com
सुरेन्द्र पोखरेल	नेपाली पैसा	९८४११४०००४	surendrapokhrel56@gmail.com
दुर्गा लामिछाने	अभियान दैनिक	९८४५५७४०९६	lamichhanedurga@gmail.com
गीता भुजेल	चाणक्य पोष्ट	९८४३११५३७९	geeta.host@gmail.com
सुजन सुवेदी	चाणक्य पोष्ट	९८४३४९५६६५	sujansubebedi4u@gmail.com
कौशिला कुँवर	राजधानी दैनिक	९८४९□८५१७८	kunwarkaushila48@gmail.com
हिमाल लम्शाल	नागरिक दैनिक	९८४६२९१७१९	himallamsal@gmail.com
केसु लामिछाने	रेडियो कान्तिपुर	९८४५५१७२८४	journalistkeshu@gmail.com
कमल नेपाल	कान्तिपुर दैनिक	९८४९७२९३८८	kamal.nepal2@gmail.com
लक्ष्मण दर्नाल	गोरखापत्र दैनिक	९८४१४६०८४९	journalist.laxman@gmail.com
बिनोद आचार्य		९८६०३४२३६३	abinod975@gmail.com
मिनराज भण्डारी	नागरिक दैनिक	९८६९८४६३९०	bhandariminmahesh@gmail.com
राजेश बर्मा	सुनौलो नेपाल	९८४९०१७४०१	raj.annapurna@gmail.com
सुमनराज गिरी	अर्थ र रोजगार	९८५१०९२६९६	suman.rojgarmanch@gmail.com
राजेन्द्र खनाल	मेरो लगानी	९८५१०६३०५५	ghritakausik@gmail.com
शिब बस्नेत	टेकपाना डट कम	९८४९७९१८६९	shivabasnet20@gmail.com
पूर्णप्रसाद मिश्र	रासस	९८४१४६३३८५	puranrss85@gmail.com
भोजराज भण्डारी	नयाँ पत्रिका दैनिक	९८६४०१२१२९	bhojrajb@gmail.com
छबिलाल सापकोटा	हिमालयन टिभी	९८५१०८१९४३	thisis.chhabi@gmail.com
प्रेम पुनाथोकी	नागरिक दैनिक	९८४७१६३३०३	prempunthoki@gmail.com
दिनेश खड्का	बिजमाण्डु डटकम	९८४३७०७०६०	dineshkhadka885@gmail.com
उजिरमान कार्की	नेपाल खबर	९८४२२९३३१९९	ukeshk47@gmail.com
अशिम न्यौपाने	नेपाललाइभ टुडे	९८४३५४८५९४	neupaneyashim@gmail.com
मुना सुनुवार	रिपब्लिका दैनिक	९८४९०८९२१७	themunasun@gmail.com
रञ्जनहरी कोइराला	टेकपाना डटकम	९८५१०८६८९७	ranjan@techpana.com
भरतबहादुर रावल	एपीवान टिभी	९८५१११४०१०	bharatbrawal1990@gmail.com
किशोर दाहाल	नेपाल प्रेस डटकम	९८१६००५९३०	dahal.kishor@hotmail.com
पवन तिमिल्सीना	ग्यालेक्सी फोर के	९८४१५९१५६०	timilsina.pawan@gmail.com
प्रेम बहादुर चन्द	नेपाल समय	९८४३८२०६७६	bdrprem889@gmail.com
बसन्तराज उप्रेती	बिजमाण्डू डटकम	९८४११६२४६३	upretibasantraj@gmail.com
धना ढकाल	उर्जा खबर डट कम	९८४१६९६५६३	sharma.dhanu@gmail.com
हेमन्तराज जोशी	कान्तिपूर दैनिक	९८५१०८०५७०	aviyan.hrjoshi@gmail.com
चोलाकान्त खनाल	दि राइजिङ नेपाल	९८५१०५१०३३	newscknal@gmail.com
जिपि भण्डारी	नागरिक दैनिक	९८६६३३२४८८	journo.ganesh@gmail.com

पूर्वअध्यक्ष

प्रतिक प्रधान
(२०५४-२०५७)

गजेन्द्र विष्ट
(२०५७-२०५९)

गोपाल तिवारी
(२०५९-२०६०)

विजय घिमिरे
(२०६०-२०६४)

किरण नेपाल
(२०६४-२०६६)

नारायण सापकोटा
(२०६६-२०६८)

प्रदीप चापागाइँ
(२०६८-२०७०)

विज्ञानविभु अधिकारी
(२०७०-२०७२)

गोकर्ण अवस्थी
(२०७२-२०७४)

पुष्पराज आचार्य
(२०७४-२०७६)

भीमप्रसाद गौतम
(२०७६-२०७८)

कार्यसमिति

जनार्दन बराल
अध्यक्ष

सुजन ओली
उपाध्यक्ष

भागवत भट्टराई
महासचिव

हिमाल पौडेल
सचिव

लक्ष्मी सापकोटा
कोषाध्यक्ष

सदस्यहरू

सोभित थपलिया

अच्युत पुरी

इशारा कोइराला

अमर बडुवाल

चेतबहादुर अधिकारी
(सिबी)

पृथ्वीमान श्रेष्ठ

उत्तमप्रसाद काप्री

सबैको लागि सधैं तत्पर, सेलपेले ल्याएको छ यो अफर

१०% Loyalty Points*
पहिलो मर्चेन्ट भुक्तानीमा

रू.१००
FREE TOPUP
(बैंक खाता LINK गरे पश्चात्)

३% सम्म Loyalty Points*
(NT, Ncell, Smartcell, NT Landline/ADSL/ Wimax/CDMA, Cable/DTH, Internet Services)
सबै TOPUP मा

*शर्तहरु लागु हुनेछन् ।

विशेषताहरू :

- वालेट बनाउन नपर्ने, आफ्नो पैसा आफ्नै बैंक खातामा सुरक्षित रही ब्याज आम्दानी भईरहने
- शतप्रतिशत स्वदेशी भुक्तानी सेवा प्रदायक - सेवा शुल्क वापतको रकम स्वदेशमा नै रही मुलुकको विदेशी मुद्रा संचयमा योगदान गर्न सकिने

निम्न बैंक तथा वित्तिय संस्थाका ग्राहकहरूले यो सेवा उपभोग गर्न सक्नुहुनेछ:

Century Bank | Citizens Bank | एभरेष्ट बैंक Everest Bank | HBL Himalayan Bank Ltd. | कुमारी बैंक लिमिटेड Kumari Bank Limited | Mega Bank Nepal | Nepal Bangladesh Bank | नेपाल इन्भेष्टमेण्ट बैंक लि. Nepal Investment Bank Ltd. | NIC Asia | देव: विकास बैंक लिमिटेड Deva Bikas Bank Limited | कामना सेवा विकास बैंक लि. Kamana Sewa Bikas Bank Ltd. | मुक्तिनाथ विकास बैंक लि. Muktinath Bikas Bank Ltd. | ICFC

अन्य बैंक तथा वित्तिय संस्थाहरूसंग पनि आवद्ध हुने क्रममा रहेको

नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक

Available on the App Store | GET IT ON Google Play

CELLCOM Private Limited
फोन: ०१-४२६६४१०, ४२६६४०६, ४२६६४०७, ४२६५२७५, ४२६५३६१
जे.डि.ए. कम्प्लेक्स, सुन्धारा, काठमाडौं, नेपाल
ईमेल: info@cellcom.net.np | वेबसाइट: www.cellpay.com.np

Yeti Airlines
You come first

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सदैका लागि, सधैंका लागि

SWIPE & FLY

OUR NEW CO-BRAND SKY CLUB CARD

EARN 1 POINT IN EVERY RS.100 EXPENSE

We reward your spending...

*T & C apply


The Best Way to Visit Nepal
Nepal Airlines
Nepal Airlines
For Safe, Reliable and Quality Service
Follow Us @ nepalairlinesRA
www.nepalairlines.com.np

ITALIAN DESIGN & TECHNOLOGY

aprilia®

LIVE MORE vespa®

RIDE ITALIAN

#GoPremium

Branches:

Naxal: 01-4423191, 9801353657 | Teku: 01-4260615, 9801351507 | Bhaktapur: 01-5708015, | 9801353649 | Balaju: 9801353638 | Bouddha: 9801351489 | Kupondole: 01-5010697, | 9801353655 | Satungal: 9801367268 | Ekantakuna: 9801353661 | Maharajgunj : 9801367293 | Banepa: 9801364243 | Birgunj: 9801558696

Dealers:

Phidim: Phidim Motor parts: 024-521073/ 9815086575, Birtamode: Planet Auto Pvt.Ltd : 9804958095, Damak: AV Lifestyle: 023-584921/ 9815069100, Dharan: Kumar & Sons Auto Traders: 025-521806/ 9852056302, Itahari: Akuda Automobiles: 9805351331/ 9816370052, Biratnagar: Superior Motors: , 021-503455/ 9852086129, Gaighat: Pankaj Suppliers: 035-421757/ 9801550355, Hetauda: RS Lifestyle: 057-522996/ 9802988760 , Parsa: 4G Auto Link:, 056-583199 / 9855062601, Narayanghat: Delight Lifestyles: 056-526919/ 9855051437, Pokhara: Sitaz Lifestyle: 061-530300/ 9860772266, Gorkha: Niluv, Auto Traders: 9803180538, Aanbu Khaireni: Niluv Auto Traders : 9803180538, Damauli: Sitaz Lifestyle: 9802818468/ 9846242394 , Kawasoti: Manakamana Mata Enterprises: 078-540609 /9857040309, Butwal: Zemini Lifestyles: 071-438975/ 9802622262, Bardaghat: Zemini Lifestyles: , 071-438975/ 9802622262, Palpa: Zemini Lifestyles: 075-590030/ 9802622262, Bhirahawa: Zemini Lifestyles: 071-526969/ 9802622270, Jeetpur/ Kapilvastu : MBS Automobiles: 9857077667 /9802625243, Dhading : 9861817287, Ghorahi Dang: Puspa Enterprises: 082-563739/ 9860637890, Tulsipur Dang: A.V Auto Traders: 9812828999/ 9829506772, Nepalgunj: VS Motors: 081-527834/ 9858027860, Surkhet/ Birendranagar: Shreenath Suppliers: 9801323810/ 9858051550, Dhangadi: HSB Enterprises: 091-410441/ 9865663838, Mahendranagar: Himal Automotives: 099-521488/ 9858750157

www.kldugargroup.com

WEAVING CULTURE THROUGH THE NATION

140 YEARS OF CONTINUOUS BRILLIANCE

Diversified Business Activities:

Refining | Cement | Hydropower | Real Estate | Packaging Materials | Electrical Items | Hardware | Beverages | Paper | Home Appliances | Rice Milling Herbal Extraction | Distillation | Nutritional Food Processing | Food Grains | Banking & Finance | Insurance | Agri Warehousing | Tours & Travels | Mining | Import | Export |

Corporate Office:

P.O.Box: 1991, Charkhal, Dillibazar, Kathmandu, Nepal | Tel: +977-1-4437991 (5 Lines) | Mobile: 9802060600 | Fax: +977-1-4437990 | Email: trading@kldugargroup.com

WITH BEST COMPLIMENTS

SURYA NEPAL

PRIVATE LIMITED

ENDURING VALUE FOR ALL STAKEHOLDERS

सानिमा
रिकरिङ्ग खाता

विशेषताहरू:

- इच्छा अनुसारको मासिक किस्ता रकम रू. १० हजारको गुणामा जम्मा गर्न सकिने ।
- १ देखि ५ वर्ष सम्मको अवधि

*शर्तहरू लाग्न सक्नेछ ।

सानिमा बैंक

Connect with us

थप जानकारीको लागि ९८०११९०११९ मा सम्पर्क वा www.sanimabank.com मा लगइन गर्नुहोला ।

सानिमा बैंक

Ncell
for Business

Stay ahead of your business.

Get more with biz+ plans.
Free Business Hour, Free CUG,
Free Digital Services and
a lot more.

For more information, dial

9007



biz+
Corporate